𑐣𑐰 𑐳𑐹𑐟𑑂𑐬 𑐳𑑄𑐐𑑂𑐬𑐴

नव सूत्र संग्रह


समाधिराज
तथागत गुह्यक
ललितविस्तर
दशभूमि
प्रज्ञापारमिता
लङ्कावतार
सद्धर्मपुण्डरीक
सुवर्ण प्रभास
गण्डव्यूह

— पं. दिव्य वज्र वज्राचार्य

नव सूत्र संग्रह



प्रज्ञापारमिताको मूर्तरूप

प्रज्ञापारमितां नमामि सततं गण्डादिव्यूहं दश ।
भूमीराज समाधिराज सहितं लङ्कावताराभिधम् ।।
सद्धर्मस्य च पुण्डरीक सदृशं ताथागतं गुह्यकं ।
लालित्यस्य च विस्तरं हि मनसा सौवर्ण भासाभिधम् ।।

नव सूत्र संग्रह

(बौद्धधर्म दर्शन अन्तर्गतका नौओटा ग्रन्थको सार संक्षेप)

लेखक:
पंडित दिव्य वज्र वज्राचार्य

प्रकाशक:
बोधि प्रकाशन केन्द्र
गावहाल, ललितपुर, नेपाल

पुनर्मुद्रण:
द करपोरेट बदि अफ द बुद्ध एजुकेशन फाउण्डेशन
११औं तल्ला ५५, हाङ चाउ एस,रोड सेक्सन १,
ताइपेइ, ताइवान आर. ओ. सी.

प्रथम संस्करण, २०४७
मुद्रण:
शारदा प्रिन्टिङ्ग प्रेश
धर्मपथ काठमाण्डौ, नेपाल

दोश्रो संस्करण, २०५६
ताइवानमा मुद्रित
१९९९, अगष्ट, ५००० प्रति

वितरक:
हिमाली बौद्ध शिक्षण संस्था
चाकुपाट, ललितपुर, नेपाल

यो पुस्तक निःशुल्क वितरणको लागि हो, विक्रीको लागि होइन

NAVA SUTRA SAMGRAHA

(A Synopsis of Nine Mahayana Buddhist Sutras)

✍*Written by:*
Pandit Divya Vajra Bajracharya

Published by:
Bodhi Prakashan Kendra
Gabahal, Lalitpur, Nepal

Reprinted by:
THE CORPORATE BODY OF THE BUDDHA EDUCATION FOUNDATION
11th Floor, 55, Hang Chow S. Rd. Sec 1, Taipei, Taiwan
Tel:886-2-23951198 , Fax:886-2-23913415

First Edition, 1990
Printed at:
Sarada Printing Press
Dharmapath, Kathmandu, Nepal

Second Edition 1999
Printed in Taiwan
1999, August, 5000 Copies

COPYRIGHT © 1990
This book may be copied or reprinted for free distribution without permission from the publisher. Otherwise all rights reserved

Distributed by:
Himalayan Buddhist Education Foundation
Chakupat, Lalitpur, Nepal

This book is for free distribution, not to be sold

हसना मैयाँ श्रेष्ठको पुण्य स्मृतिमा
अभिलिखित

Inscribed to the memory of
HASANA MAIYA SHRESTHA

विषय–सूची

प्रकाशकीय दुइ शब्द 1
हसना मैयाँ श्रेष्ठ–एक संस्मरण 3
उनैका स्मृतिमा 8
भूमिका–नव सूत्र संग्रह 10
Introducing Nava Sutra Sangraha 22
नेपालको वौद्ध धर्ममा नवसूत्रको आफ्नै महत्त्व 38
नवसूत्र संग्रह– एउटा सिङ्गो उपलब्धि 50

(१) अष्टसाहस्रिका प्रज्ञापारमिता सूत्र

सर्वाकारज्ञताचर्या प्रथम परिवर्तः १
शक्र परिवर्तः ११
अप्रमेयगुण धारण पारमिता स्तूप सत्कार परिवर्तः १५
गुणपरिकीर्तन परिवर्तः २१
पुण्य पर्याय परिवर्तः २३
अनुमोदना परिणामना परिवर्तः २५
निरय परिवर्तः ३१
विशुद्धि परिवर्तः ३५
स्तुति परिवर्तः ३८
धारणगुणपरिकीर्तन परिवर्तः ३९
मारकर्म परिवर्तः ४२
लोकसंदर्शन परिवर्तः ४३
अचिन्त्य परिवर्तः ४५
औपम्य परिवर्तः ४७
देव परिवर्तः ४८
तथता परिवर्तः ५०
अविनिवर्तनीयाकार लिङ्ग निमित्त परिवर्तः ५३
शून्यता परिवर्तः ५५

गङ्गादेवी भगिनी परिवर्तः ५७
उपाय कौशल्य मींमांशा परिवर्तः ५९
मारकर्म परिवर्तः ६२
कल्याणमित्र परिवर्तः ६३
शक्र परिवर्तः ६५
अभिमान परिवर्तः ६७
शिक्षा परिवर्तः ६८
मायोपम परिवर्तः ६९
सार परिवर्तः ७१
अविकीर्ण कुसुम परिवर्तः ७४
अनुगमन परिवर्तः ७७
सदाप्ररुदित परिवर्तः ८०
धर्मोद्गत परिवर्तः ८४
परीन्दना परिवर्तः ८७

(२) गण्डव्यूहसूत्रम्

निदान परिवर्तः ८९
समन्तभद्र ९३
कल्याणमित्र मञ्जुश्री ९५
कल्याणमित्र मेघश्री १००
कल्याणमित्र सागरमेघ १०१
कल्याणमित्र सुप्रतिष्ठित १०३
कल्याणमित्र मेघ १०४
कल्याणमित्र मुक्तक श्रेष्ठी १०६
कल्याणमित्र सागरध्वज १०९
कल्याणमित्र आशा उपासिका १११
कल्याणमित्र भीष्मोत्तरनिर्घोष ११३
कल्याणमित्र जयोष्मायतन ११४
कल्याणमित्र मैत्रायणी ११६
कल्याणमित्र सुदर्शनभिक्षु ११७

कल्याणमित्र इन्द्रियेश्वर	११८
कल्याणमित्र प्रभूता	११९
कल्याणमित्र विद्वान् गृहपति	१२०
कल्याणमित्र रत्नचूड धर्मश्रेष्ठी	१२१
कल्याणमित्र समन्तनेत्र	१२३
कल्याणमित्र अनल	१२४
कल्याणमित्र महाप्रभ	१२६
कल्याणमित्र अचल उपासिका	१२८
कल्याणमित्र सर्वगामी	१३२
कल्याणमित्र उत्पलभूती	१३३
कल्याणमित्र वैरदास	१३५
कल्याणमित्र जयोत्तम श्रेष्ठी	१३६
कल्याणमित्र सिंहवृजिम्भृता	१३७
कल्याणमित्र वसुमित्रा	१३९
कल्याणमित्र वेष्ठील श्रेष्ठी	१४१
कल्याणमित्र अनन्यगामोवोधिसत्त्व	१४३
कल्याणमित्र महादेव	१४४
कल्याणमित्र स्थावरा	१४६
कल्याणमित्र वासन्ती	१४७
कल्याणमित्र समन्तगम्भीर श्रीविमलप्रभा	१५०
कल्याणमित्र प्रमुदित नयनजगतविरोचन	१५२
कल्याणमित्र समन्तसत्त्वत्राणोजश्री	१५३
कल्याणमित्र प्रशन्तरूतसागरवती	१५७
कल्याणमित्र सर्वनगररक्षासंभवतेजःश्री	१५९
कल्याणमित्र सर्ववृक्षप्रफूल्लनसुखसंवासा	१६१
कल्याणमित्र सर्वजगतरक्षाप्रणिधानवीर्यप्रभा	१६५
कल्याणमित्र सुतेजोमण्डल रतिश्री	१६९
कल्याणमित्र गोपाशाक्यकन्या	१७१
कल्याणमित्र मायादेवी	१७६

कल्याणमित्र सुरेन्द्राभा १७९
कल्याणमित्र विश्वामित्र १७९
कल्याणमित्र शिल्पाभिज्ञ १८०
कल्याणमित्र भद्रोत्तमा १८०
कल्याणमित्र मुक्तासार १८१
कल्याणमित्र सुचन्द्र १८१
कल्याणमित्र अजितसेन १८२
कल्याणमित्र शिवराग्र १८२
कल्याणमित्र श्रीसंभवः दारक र श्रीमती दारिका १८३
कल्याणमित्र मैत्रेय १८५
कल्याणमित्र मञ्जुश्री १८८
कल्याणमित्र समन्तभद्रः १८९

(३) दशभूमिक सूत्रम्

प्रमुदिता नाम प्रथमा भूमिः १९९
विमला नाम द्वितीय भूमिः २०६
प्रभाकरी नाम तृतीया भूमिः २०९
अर्चिष्मती नाम चतुर्थी भूमिः २११
सुदुर्जया नाम पञ्चमी भूमिः २१२
अभिमुखी नाम षष्ठी भूमिः २१४
दुरङ्गमा नाम सप्तमी भूमिः २१८
अचला नाम अष्टमी भूमिः २२०
साधुमती नाम नवमी भूमिः २२२
धर्ममेघा नाम दशमी भूमिः २२४
परीन्दना परिवर्तः २२७

(४) समाधिराज सूत्रम्

निदान परिवर्तः २२९
शालेन्द्रराज पूर्वयोग परिवर्तः २३०
भूतगुण वर्णं प्रकाशन परिवर्तः २३१

बुद्धानुस्मृति परिवर्तः	२३३
घोषदत्त परिवर्तः	२३४
समाधि परिवर्तः	२३५
त्रिक्षान्त्यवतार परिवर्तः	२३७
अभावसमुद्गत परिवर्तः	२३८
गम्भीर धर्म क्षान्ति परिवर्तः	२३९
पुरप्रवेश परिवर्तः	२४१
सूत्रधारण परिवर्तः	२४२
समाध्यनु शिक्षा परिवर्तः	२४३
समाधिनिर्देश परिवर्तः	२४४
स्मितसंदर्शन परिवर्तः	२४५
स्मित व्याकरण परिवर्तः	२४५
पूर्वयोग परिवर्तः	२४६
वहुबुद्ध निरहार समाधि परिवर्तः	२४७
समाध्यनु परिन्दन परिवर्तः	२५०
अचिन्त्य बुद्धधर्म निर्देश परिवर्तः	२५२
इन्द्रकेतुध्वजराज परिवर्तः	२५३
पूर्वयोग परिवर्तः	२५४
तथागत कायनिर्देश परिवर्तः	२५५
तथागताचिन्त्यनिर्देश परिवर्तः	२५६
प्रतिसंविदवतार परिवर्तः	२५७
अनुमोदना परिवर्तः	२५९
दानानुशंसा परिवर्तः	२६०
शीलनिर्देश परिवर्तः	२६०
दशानुशंसा परिवर्तः	२६१
वीर्यपारमिता परिवर्तः	२६१
ध्यानपारमिता परिवर्तः	२६१
प्रज्ञापारमिता परिवर्तः	२६२

वहुश्रुतको दश गुण २६२
धर्मदान गर्नेको दश गुण २६३
शून्यता भावना गर्ने वोधिसत्त्वको दश गुण २६३
प्रतिसंलयनमा लाग्ने वोधिसत्त्वको दश गुण २६४
आरण्यक वोधिसत्त्वको दश गुण २६४
पिण्डचारिक वोधिसत्त्वको दश गुण २६४
तेजगुणराज परिवर्तः २६५
अनुशसा परिवर्तः २६७
सर्वधर्म स्वभाव निर्देश परिवर्तः २६७
सूत्रधारणानुशंसा परिवर्तः २६८
क्षेमदत्त परिवर्तः २७०
ज्ञानावती पाविर्तः २७२
सुपुष्पचन्द्र परिवर्तः २७५
शीलस्कन्ध निर्देश परिवर्तः २७८
यशः प्रभ परिवर्तः २८०
काय वाङ्मनः संवर परिवर्तः २८२
पर्दत्रिशत निर्देश परिवर्तः २८५
परीन्दना परिवर्तः २८६

(५) सद्धर्मलङ्कावतार सूत्रम्

रावणाध्येषण परिवर्त प्रथम् २८७
षट् त्रिशत्साहस्र सर्वधर्म समुच्चय परिवर्तः २९०
इति द्वितीय परिवर्तः ३१०
अभिसमय परिवर्तः ३२२
तथागत नित्यानित्य प्रसङ्ग परिवर्तः ३२४
क्षणिक परिवर्त नाम पष्ठ ३२५
नर्माणिक परिवर्तन नाम सप्तमः ३२९
मांसभक्षण परिवर्त नाम अष्ठमः ३३०
धारणी परिवर्त नाम नवमः ३३२
सगाथक ३३३

(६) सद्धर्मपुण्डरीक सूत्रम्

निदान परिवर्तः	३३७
उपायकौशल परिवर्तः	३४०
औपम्य परिवर्त	३४४
अधिमुक्ति परिवर्तः	३४७
औषधि परिवर्तः	३४९
याकरण परिवर्तः	३५३
पूर्वयोग परिवर्तः	३५४
पञ्चभिक्षु शत व्याकरण परिवर्तः	३५९
आनन्दादि व्याकरण परिवर्तः	३६१
धर्मभानक परिवर्तः	३६२
स्तूपसंदर्शन परिवर्तः	३६४
उत्साह परिवर्तः	३६९
सुखविहार परिवर्तः	३७१
वोधिसत्व पृथ्वीविवर समुद्गत परिवर्तः	३७३
तथागत आयुप्रमाण परिवर्तः	३७४
पुण्यपर्याय परिवर्तः	३७६
अनुमोदनापुण्यनिर्देश परिवर्तः	३७८
धर्मभानक अनुशंसा परिवर्तः	३७९
सदापरिभूत परिवर्तः	३८०
तथागत ऋध्यभिसंस्कार परिवर्तः	३८२
धारणी परिबर्तः	३८३
भैषज्यराजपूर्वयोग परिवर्तः	३८४
गद्गद्स्वर परिवर्तः	३८७
समन्तमुख परिवर्तः	३९०
शूभव्यूहराजपूर्वयोग परिवर्तः	३९२
समन्तभद्रोत्साहन परिवर्तः	३९६
अनुपरीन्दना परिवर्तः	३९८

(७) श्री गुह्यसमाज तन्त्र

ॐ नमः श्रीवज्रसत्त्वाय प्रथम पटल ३९९
द्वितीय पटल ४०१
तृतीय पटल ४०३
चतुर्थ पटल ४०३
पञ्चम पटल ४०४
षष्ठ पटल ४०५
सप्तम पटल ४०६
अष्टम पटल ४०७
नवम पटल ४०७
दशमं पटल ४०९
एकादश पटल ४०९
द्वादश पटल ४१०
त्रयोदश पटल ४११
चतुर्दश पटल ४१२
पञ्चदश पटल ४१३
षोडश पटल ४१३
सप्तदश पटल ४१४
अष्टादश पटल ४१६

(८) ललितविस्तरः सूत्रम्

निदान परिवर्तः प्रथमः ४१९
समुत्साहपरिबर्तो द्वितियः ४२१
कुलपरिशुद्धिपपिवर्तस्तृतीयः ४२१
धर्मालोकमुखपरिवर्तश्चतुर्थः ४२३
प्रचल परिवर्तः पञ्चमः ४२४
गर्भावक्रान्ति परिवर्तः षष्ठः ४२६
जन्म परिवर्तः सप्तमः ४३०
देबकुलोपनयन परिवर्तोऽष्टमः ४३४

आवर्ण परिवर्तो नवमः ४३५
लिपिशाला संदर्शनपरिवर्तो दशमः ४३६
कृषिग्राम परिवर्तः एकादशः ४३७
शिल्पसंदर्शन परिवर्तः द्वादशः ४३८
संचोदन परिवर्तः त्रयोदशः ४४२
स्वप्न परिवर्तः चतुर्दशः ४४३
अभिनिष्क्रमण परिवर्तः पञ्चदशः ४४६
विम्वसारोपसंक्रमण परिवर्तः षोडषः ४५०
दुष्करचर्या परिवर्तः सप्तदशः ४५१
नैरञ्जना परिवर्तः अष्टदशः ४५४
वोधिमण्डल गमन परिवर्तः एकोनविंशः ४५७
वोधिमण्डव्यूह परिवर्तो विंशतितम ४५९
मारघर्षण परिवर्तः ४६०
अभिसंवोघन परिवर्तः ४६५
संस्तव परिवर्तः ४६९
त्रपुष भल्लिक परिवर्तश्चतुर्विंशः ४६९
अध्यैषणा परिवर्तः पञ्चविंशति ४७३
धर्मचक्र प्रवर्तन षडविंश ४७४
निगम परिवर्त सप्तविंशति ४८०

(९) सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराज

निदान परिवर्तः ४८३
तथागत आयुः प्रमाणनिर्देश परिवर्तः ४८४
स्वप्नपरिवर्तः ४८७
देशना परिवर्तः ४८७
कमलाकर सर्वतथागतस्तव परिवर्तः ४८९
शून्यता परिवर्तः ४९०
चतुर्महाराज परिवर्तः ४९२
सरस्वती देवी परिवर्तः ४९४

श्री महादेवी परिवर्तः ४९५
सर्वबुद्ध सम्बोधिनाम धारणी परिवर्तः ४९६
दृढा पृथ्वी देवता परिवर्तः ४९६
संज्ञेय सेनापति परिवर्तः ४९७
देवेन्द्रसमय राजशास्त्र परिवर्तः ४९७
सुसभव परिवर्तः ४९९
यक्षाश्रयरक्षा परिवर्तः ५०१
दशदेवपुत्रसहस्र व्याकरण परिवर्तः ५०२
व्याधिप्रसमन परिवर्तः ५०३
जलवाहनस्य मत्स्यवैनेय परिवर्तः ५०४
व्याघ्रीं परिवर्तः ५०७
सर्व तथागत स्तव परिवर्तः ५१०
निगम परिवर्तः ५१०

परिशिष्ट

शिलापत्रको प्रतिलिपि ५१३

प्रकाशकीय दुइ शब्द

काठमाडौं उपत्यकाभित्र महायानी बौद्ध सम्प्रदाय अन्तर्गतको नवग्रन्थ (ललितविस्तर, अष्टसाहस्रिका प्रज्ञापारमिता, समाधिराजसूत्र, लङ्कावतारसूत्र, गण्डव्यूहसूत्र, सद्धर्मपुण्डरीकसूत्र, दशभूमिकसूत्र, सुवर्णप्रभाससूत्र र तथागत गुह्य) ले प्रवेश गरेको कैय्यन् वर्ष वितिसके तापनि यस नव ग्रन्थको वैज्ञानिक अध्ययन र रसास्वादन भने व्यापक रूपमा हुन सकेन। यसो हुन नसक्नुको एउटा मूल कारण चाहिं यो नवग्रन्थ संस्कृत भाषामा गहन रूपमा लेखिएको छ। यसैले यो नव ग्रन्थ पवित्र पुस्तकको रूपमा सश्रद्धाले पूजिन्छ, सभक्तिले पाठ गरिन्छ तर यसभित्रको दर्शनको व्याख्या एक किसिमले शून्य प्रायः नै भैरहेको पाइन्छ।

यसै परिप्रेक्ष्यमा काठमाडौं नःघल टोल (हाल लाजिम्पाट) निवासी साहु भक्तिदास श्रेष्ठज्यूले वौद्ध धर्मका आधारभूत शिक्षा दीक्षा र दर्शनले ओतप्रोत भएको नवग्रन्थलाई प्रकाशमा ल्याई यसभित्रको प्रज्ञा ज्ञान सवैका लागि सुलभ पार्न एउटा परिकल्पना गर्नुभयो। अनि उहाँले गर्नु भएको यस परिकल्पनालाई काठमाडौं मासंगल्ली निवासी प्रकाण्ड बौद्ध विद्वान आचार्य पं. दिव्यवज्र वज्राचार्यज्यूले उक्त नवग्रन्थबाट सरस शैलीमा सुबोध तरीकाले राष्ट्रभाषा नेपालीमा ''नवसूत्र संग्रह'' नामको यो ग्रन्थ-रत्न साकार पारिदिनुभयो। अनि कल्याणमित्र साहु भक्तिदास श्रेष्ठज्यूले दिवंगत भएकी आफ्नी श्रीमती हसना मैयाँ श्रेष्ठको पुण्य स्मृतिमा निजी तवरले सम्पूर्ण व्ययभार बेहोरेर ''नव सूत्र संग्रह'' को प्रकाशन गराउने विचार गर्नुभयो र यसको जिम्मा

बोधि प्रकाशन केन्द्रलाई सुम्पिदिनुभयो । बोधि प्रकाशन केन्द्रले पनि यस पुस्तकको विक्रीबाट प्राप्त हुने रकम दाताकै इच्छानुसार बौद्ध धर्म दर्शन संस्कृतिसम्वन्धी आधारभूत पठनीय पुस्तकहरू छपाउने कार्यमा प्रयोग गर्ने निधो गरेको छ ।

अन्त्यमा नव सूत्र संग्रहको प्रेस कापी तयार गर्नमा अथक परिश्रम गरिदिनु हुने श्रीमती सुमती बज्राचार्य र प्रूफ हेर्नमा मेहनत गरिदिनु हुने स्वास्तीमान शाक्यज्यू प्रति बोधि प्रकाशन केन्द्र हार्दिक आभार व्यक्त गर्दछ । पुस्तकलाई यो रूपमा ल्याउनमा एक न एक प्रकारले सघाउ गर्नुहुने धर्मप्रेमी सम्पूर्ण शुभचिन्तक वन्धु र उपासक उपासिकाहरू तथा शारदा प्रिन्टिङ्ग प्रेसका कर्मठ कार्यकर्ताहरू प्रति पनि बोधि प्रकाशन केन्द्र हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

कल्याणमित्र भक्तिदास श्रेष्ठज्यूको दानपारमिताको आदर्श प्राणी मात्रको लागि मङ्गलमय होस्, हिमचुचुरो झैं सदा स्वच्छ र उच्च भैरहोस् ।

ललितपुर —बोधि प्रकाशन केन्द्र
वि. सं. २०४७ वैशाख पूर्णिमा

हसना मैयाँ श्रेष्ठ

एक संस्मरण

वि. सं. १९८१ फागुन सुदि षष्ठीको दिन काठमाडौंको सुप्रसिद्ध वौद्धविहार (केशचन्द्र महाविहार) को सामीप्यमा यटखा नाँसिमाक्व टोलमा स्वनामधन्य सरदार श्री गुन्जमान सिंह र श्रीमती तुलसीमाया श्रेष्ठका ज्येष्ठ सुपुत्रीको रूपमा हसना मैयाँको शुभ जन्म भयो । 'हुने बिरूवाको चिल्लो पात' भने झैं, हसना मैयाँको पालन पोषणमा कुनै कमी हुन पाएन । बाल्यावस्थादेखिनै हसना मैयाँ आफ्नो परिवारमा हसीनाको फूल झैं नै मगमगाइन् ।

उनको प्रारम्भिक शिक्षा घरमै शुरू भयो । एक त त्यस बेला सम्म पनि कन्या स्कूलहरूको अभाव खट्किएकै थियो । अतः उनको पढाइका लागि आवश्यक व्यवस्था सबै मिल्न गएकोले नेपाली भाषा, संस्कृत भाषा र अंग्रेजी भाषा सम्बन्धी व्यावहारिक ज्ञान उनले यथेष्ट मात्रामा हासिल गरिन् । उनको विशेष अभिरूचि भने धार्मिक पुस्तकहरूको पठन पाठनमा नै ढल्कँदै गयो । उनको जीवन शैली पनि धर्मपरायणतामा, दयामायामा ओतप्रोत हुँदै गयो ।

वि स. २००० वैशाखमा काठमाडौं नःघल टोल ग्वाःमरी टोलमा एक कुलीन परिवार (पुख्यौंली घर ठँहिटी) का युवक श्री भक्तिदास श्रेष्ठसंग हसना मैयाँको शुभ विवाह सुसम्पन्न भयो । त्यसबेला उनका श्रीमान् त्रिचन्द्र कलेजमा आफ्नो पढाइ समाप्त गरी भारतका वनारस हिन्दू विश्वविद्यालयमा दर्शन शास्त्रमा अध्ययनरत प्रतिभाशाली विद्यार्थी हुनुहुन्थ्यो । जोडी मिलेकोले हसना मैयाँको पारिवारिक जीवन सुखमय नै थियो । पछि, उनी

तीन छोरा र चार छोरीका आमा पनि बनिन् र उनले आफ्ना केटाकेटीहरूको पालन पोषण र पढाइमा कुनै प्रकारको कमी हुन दिइनन् । उनी एक आदर्श गृहिणीको रूपमा आफ्ना श्रीमान्का लागि हरेक कुरामा सघाउ पुऱ्याएर टेवा नै वनिन् ।

हसना मैयाँका श्रीमान्को वंशानुगत कुल ह्मयपीथकू खलक हुनाको नाताले वौद्ध धर्म संरक्षण र वौद्ध धर्म परम्परामा एउटा उत्तरदायित्व रहिआएको थियो र जुन आजसम्म पनि रहिआएकै छ, सो अनुसार काठमाडौं स्थित म्हयपी जोगाम्वर र त्यससंग सम्वन्धित कतिपय बौद्ध विहारहरूमा धार्मिक परम्पराका पाठ पूजा, चूडाकर्म आदि कर्मकाण्ड र पर्व उत्सवहरूको सञ्चालनमा विशेष रूपले आमन्त्रित भई भाग लिनु पर्ने अनिवार्यता पनि हुन्थ्यो । यस किसिमका कार्यक्रमहरूमा हसना मैयाँ कुलभार्याको हैसियतले आफ्ना श्रीमान्का लागि प्रेरणा बन्नमा कहिल्यै पनि चुक्दैनथिइन् । त्यसैले उनको घरमा धार्मिक परम्परा र सांस्कृतिक जगेर्नाको कार्यमा कुनै कमी हुन पाउँदैनथ्यो ।

पछि, हसना मैयाँको झुकाउ आफ्ना श्रीमान्को दार्शनिक विचारवाट निकै प्रभावित भई आध्यात्मिक चिन्तन, मनन र दर्शनमा बढ्दै गयो । उनी आफ्ना धार्मिक जीवनमा धर्मगुरू पण्डित वज्राचार्यहरूबाट समय समयमा आफ्नो लाजिम्पाटको निवासस्थानमा स्वयम्भू पुराण महात्म्य, गुणकारण्डव्यूह महिमा आदि ग्रन्थरत्नहरूको श्रवण गर्न लागिन् । विशेषतः पण्डित गुरू जोगमुनि वज्राचार्यज्यूबाट हुने नवग्रन्थ अन्तर्गतको अष्टसाहस्रिका प्रज्ञापारमिता सम्वन्धी दार्शनिक प्रवचनको श्रवणमा उनको अगाध अभिरूचि थियो । पाञ्चायन देवदेवताका पूजा आजा र व्रतोत्सवमा पनि उनको उत्तिकै श्रद्धा थियो ।

एकताका ल्हासाबाट बौद्ध तीर्थ दर्शनको क्रममा स्वयम्भू पर्वत स्थानमा धर्मचक्र महाविहारमा आउनुभएका श्रद्धेय लामा गुरु धुबथो रिम्पोछेबाट पनि उनले शिक्षा दीक्षा ग्रहण गरिन्

र श्री आर्यावलोकितेश्वरको उपासना कार्यमा १६ दिनसम्मको कठोर नियम पालना गरी न्यूने व्रतमा वसेर अनेक अनुभव प्राप्त गरिन् । उपोशथ व्रत बस्न र षडाक्षरी मन्त्र "ॐ मणिपद्मेहुं" जप्नमा पनि उनको ठूलो आस्था थियो ।

फेरि एकचोटि ल्हासाबाट नै बौद्ध तीर्थ दर्शनको क्रममा स्वयम्भू मैत्री गुम्बामा आउनु भएका एकजना धर्मदूत लामा लुभूं रिम्पोछेबाट भएको धर्मदेशना श्रवण गरेपछि, हसना मैयाँमा चर्या क्रियाको निकै प्रभाव पऱ्यो । उनले निज लामा गुरुलाई आफ्नो निवासस्थान लाजिम्पाटमै निम्त्याइन् र उनले ५ दिनसम्म बज्रजोगिनी मण्डलको पूजा आजा सम्पन्न गराई लामा गुरुबाट धर्मदेशना सम्पन्न गराइन् । उनले सो अवसरमा निज लामा गुरुवाट "वाङ" (दीक्षा) पनि ग्रहण गरिन् ।

पछि काठमाडौंमा विपश्यनाका आचार्य गुरु सत्यनारायण गोयन्काज्यूको ध्यान शिविर श्री स्वयम्भू पर्वत स्थानमा आनन्दकुटी विहारमा प्रथम पटक खुलेको बेलामा आफ्ना श्रीमानका साथमा हसना मैयाँले पनि विपश्यना ध्यान भावनामा भाग लिइन् र त्यसै वेलादेखि उनको जीवनको अन्तिम घडीसम्म पनि विपश्यना ध्यान भावना उनका लागि नियमित रूपले एउटा अभिन्न अङ्ग नै बनिरह्यो ।

हसना मैयाँले आफ्ना श्रीमान्को साथमा स्वदेश भित्र र स्वदेश वाहिरका अनेकन् बौद्ध एवं हिन्दु तीर्थस्थलहरूको धर्म यात्रा गरिन् । बौद्ध तीर्थस्थलहरूमा उनी लुम्बिनी, सारनाथ, कुशीनगर, राजगृह गृध्दकूट पर्वत, नालन्दा आदि पुण्य भूमिमा पुगिन् भने हिन्दू तीर्थस्थलहरूमा मथुरा, वृन्दावन, काशी विश्वनाथ, द्वारिका आदि प्रसिद्ध पुण्यभूमिमा पनि दर्शनार्थ पुगिन् । यी निरीक्षण भ्रमणहरूवाट उनले यथेष्ट मात्रामा धार्मिक सहिष्णुता र समन्वयको भावनालाई आत्मसात् गर्नुको साथै अनेकन् ज्ञानगुणका अनुभवहरू पनि बटुलिन् ।

उनले आफ्ना श्रीमान्‌को साथमा संयुक्त राज्य अमेरिकाका विविध दर्शनीय स्थलहरूमा (विशेषतः न्यूजर्सीमा) तथा त्यहाँ बौद्ध धर्मको प्रचार प्रसार कार्यमा संलग्न लामा गुरु र अमेरिकी बौद्ध उपासक उपासिकाहरुद्वारा निर्मित बौद्ध गुम्बाहरूमा आध्यात्मिक क्रियाकलापहरूको अनुभव गर्ने सौभाग्य पनि पाइन् ।

अन्त्यमा उनी आफ्ना सात जना छोराछोरीहरूको वैवाहिक कार्य सुसम्पन्न गरीसकेपछि १० जना नाति नातिनाहरूको मुख हेरेर वि. स २०४४ आश्विन शुक्ल तृतीयाका दिन आफ्नो नश्वर देह त्यागी दिवंगत भइन् । उनका लागि सबै किसिमका धार्मिक संस्कार विधिवत् सुसम्पन्न भयो । उनको अस्थि काठमाडौं उपत्यकाका १२ पवित्र तीर्थस्थलहरूमा (१. पुण्यतीर्थ गोकर्ण, २ शान्ततीर्थ गुह्य श्वरी, ३ शङ्करतीर्थ शङ्खमूल, ४ राजतीर्थ धंतिल. ५ मनोरथ तीर्थ खुसिख्यः, ६ निर्मल तीर्थ भचाखुसि, ७. निधान तीर्थ लखतीर्थ, ८ ज्ञानतीर्थ करखुसि, ९ चिन्तामणि तीर्थ तेकुदुवान, १० प्रमोद तीर्थ दानिगाः, ११. सुलक्षण तीर्थ भाजंगाः र १२ जयतीर्थ न्यखु) विधिबत् धार्मिक क्रिया गरी बगाइयो । त्यस्तै उनको अस्थि चूर्ण सांखु मणिचूड डाँडा र नागार्जुनको जामाचों डाँडाको शिखरबाट अनन्तमा प्रसारण गरियो ।

यसरी एकजना सुयोग्य पतिका सुयोग्य पत्नी बनेकी हसना मैयाँको जीवन लीला समाप्त हुन्छ । सर्व सत्व प्राणी मात्रमा लागू हुने प्रकृतिको नियम उनमा पनि कार्यान्वित भयो ।

आज यिनै हसना मैयाँ श्रेष्ठको पुण्य स्मृतिमा उनका श्रीमान् (भक्तिदास श्रेष्ठ) ले वीरगञ्ज नगरी (जहाँको सेरोफेरोमा हसना मैयाँले उद्योग व्यवसायमा लागेका आफ्ना श्रीमान्‌का साथमा जीवनका धेरै अंश बिताएकी थिइन्) को भिक्षुवाको थुम्कोमा अक्षोभ्य बुद्धको एउटा भव्य कलात्मक प्रस्तर मूर्ति

शिलापत्र सहित卐 स्थापना गरिदिनुभएको छ, त्यो चाहिं पर्सा जिल्लाकै अझ नेपाल राष्ट्रकै बौद्ध कलाकृतिको गौरवमय प्रतीक बन्न पुगेको छ। पुनश्च: उनकै पुण्य स्मृतिमा प्रकाशित हुन सौभाग्य पाएको राष्ट्रभाषा नेपालीमा लेखिएको यो ''नव सूत्र संग्रह'' ग्रन्थरत्न नेपालको बौद्ध धर्म दर्शन र साहित्यको क्षेत्रमा एक अमूल्य उपलब्धि सिध्द हुन आएको छ। अस्तु।

卐 यस शिलापत्रको पूर्ण विवरण सहितको प्रतिलिपि परिशिष्टमा संलग्न छ।

उनैका स्मृतिमा

अन्तत: उनैका स्मृतिमा卐 एउटा चिरस्थायी वस्तुको कल्पना जुन मैले गरेको थिएँ त्यो आज पूर्णत: साकार हुनआयो- ''नव सूत्र संग्रह'' ग्रन्थरत्नको रूपमा ।

महायानी बौध्द धर्म दर्शनमा नवसूत्र (यसलाई नवग्रन्थ, नव धर्मा, नव वैपुल्यसूत्र पनि भन्दछन् किनभने यसभित्र नौ ओटा ग्रन्थरत्नहरू छन् (१) ललितविस्तर (२) अष्टसाहस्रिका प्रज्ञापारमिता (३) समाधिराज (४) लङ्कावतार (५) गण्डव्यूह (६) सद्धर्मपुण्डरीक (७) दशभूमि (८) सुवर्णप्रभास (९) तथागत गुह्य) को एउटा ज्यादै ठूलो मर्यादित स्थान छ । अतीत कालमा यसको पठन पाठन पूजन र व्याख्यान यथेष्ट मात्रामा हुने गर्दथ्यो, धार्मिक र आध्यात्मिक जनजीवनमा यसले प्रभावकारी भूमिका निर्वाह गरेको थियो । अझ एशिया महाद्वीपकै अधिकांश भूभाग (नेपाल, भारत, तिब्बत, चीन, मंगोलिया, कोरिया, जापान आदि) मा आध्यात्मिक एकताको सूत्रमा संस्कृति र सभ्यता फलाउन फुलाउनमा समेत यसको प्रशंसनीय योगदान रहेको थियो ।

वर्तमान कालमा भने यो नवसूत्र अनेकन् कारणले गर्दा अधूरो र अपूरा अवस्थामा मात्र प्राप्त हुने गर्दछ । फेरि यो नव सूत्र संस्कृत भाषामा भएकोले अति दुर्बोध पनि बन्न पुगेको छ ।

उक्त परिप्रेक्ष्यमा वौध्दधर्म दर्शनका आधिकारिक विद्वान प. दिव्यवज्र वज्राचार्यज्यूले अति कठिन परिश्रम गर्नु भई एकै ठाउँमा एकत्रित गरो नव सूत्रको सार संक्षेपलाई आफ्नै मौलिक शैलीद्वारा सरल र सुबोध नेपाली भाषामा प्रस्तुतीकरण

卐 वि.सं. २०४४ आश्विन शुक्ल तृतीयाका दिन दिवंगत भएकी मेरी श्रीमती हसना मैयाँ

गरिदिनुभयो । यसबाट नेपालको महायानी सम्प्रदायको दार्शनिक क्षेत्रमा नेपाली वाङ्मयको गौरवपूर्ण प्रतिष्ठा समेत हुने गरी एउटा सिङ्गो उपलब्धि हासिल भएको मैले महसूस गर्न पाएँ ।

आज हाम्रो देश नेपालमा फेरि नयाँ विहानी शुरू भएको छ । राष्ट्रको नव निर्माण कार्यमा आध्यात्मिक जागरण र सांस्कृतिक एकताको सूत्रले पनि ठूलै भूमिका समेट्न सक्ने कुरो निर्विवाद छ । अनि यो नवसूत्र भन्नु नै "बहुजन हिताय, बहुजन सुखाय" का मार्गदर्शक शान्तिनायक भगवान् बुद्धबाट प्रतिपादित बौद्ध धर्म दर्शनमा आधारित ज्योतिर्मय प्रज्ञा–पुञ्ज हो । अतः यस ग्रन्थ रत्नको प्रकाशन समयोचित हुन आएको जस्तो मलाई लाग्यो । किनभने अतीत कालमा हासिल गर्न सकिएको कुरा वर्तमान समयमा हासिल गर्न नसकिने भन्ने छैन ।

अन्त्यमा नवसूत्रलाई यस रूपमा प्रस्तुत गरिदिनु हुने श्रध्देय पं० दिव्यवज्र वज्राचार्यज्यूप्रति म मुरी मुरी कृतज्ञता ज्ञापन गर्दछु, साथै यस ग्रन्थरत्नको प्रकाशन कार्यमा प्रेरणा र सहयोग दिनु हुने सकल कल्याणमित्रजनहरू प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

अनि उनैका स्मृतिमा प्रकाशित यो 'नबसूत्र संग्रह' सम्बन्धित विषयवस्तुमा अभिरूचि राख्ने 'सबैका लागि' उपयुक्त हुन सकोस् तथा यसबाट प्राप्त पुण्य लाभ सकल सत्त्व प्राणीको हित कल्याण खातिर 'सागरमा एक थोपा जल विन्दु' झैं दिन सकोस्, यही मेरो कामना छ ।

काठमाडौं, लाजिम्पाट — भक्तिदास श्रेष्ठ

वि. सं. २०४७ वैशाख पूर्णिमा

भूमिका – नव सूत्र संग्रह

श्रीभगवान् बुद्धले चतुरार्यसत्यको महत्व बुझ्नु भई दुःख सत्यको ब्याख्यान गर्नुभयो । जसले दुःख देख्छ त्यो व्यक्ति संसारदेखि विरक्त हुनु स्वाभाविक हो । श्री भक्तिदास साहुलाई पनि आफ्नो प्रियतमा हसना मैयाँको वियोगले ब्याकुल पारेको थियो । वज्राचार्यहरूको परम्पराअनुसार गोकर्ण तीर्थ आदि वाह्र महिनामा बाह्र तीर्थमा गई मासिक श्राद्ध गर्ने परम्पराअनुसार श्राद्ध गर्न जाँदा वज्राचार्यज्यूले प्रत्येक तीर्थमा नवब्याकरण आदि एक एक धर्मसूत्र पाठ गर्नुपर्ने बताउनु हुँदा वहाँलाई नव सद्धर्म ग्रन्थ (नव खण्ड, नवब्याकरण) हरूको सारांश प्रकाश गर्ने इच्छा उत्पन्न भयो । सोही इच्छा मलाई ब्यक्त गर्नु भयो र मैले पनि छोरी सुमति वज्राचार्यलाई नव सद्धर्म ग्रन्थको पाण्डुलिपि तयार गर्न लगाएँ ।

प्रज्ञापारमिता

यी नव ग्रन्थहरूमध्ये प्रज्ञापारमिता नै प्रधानसूत्र ग्रन्थ हो । यस ग्रन्थको मुख्य उद्देश्य व्यक्त गर्न धेरै विद्वान्हरू लागेका देखिन्छन् । यसको मूल बिषय शून्यता भएको हुँदा शून्यता शब्दको ब्याख्यान दुई किसिमले गरेको पाइन्छ । ती दुईमध्ये विज्ञानवादीहरूको केही सिद्धान्त बुझ्नु आवश्यक छ ।

स्थविरवादमा पञ्चस्कन्धको वर्णन पाइन्छ । उनीहरूले पञ्चस्कन्ध र निर्वाणलाई परमार्थ सत्य मान्दछन् । परन्तु विज्ञानवादमा आई केवल आलय विज्ञान मात्र छ, अरू रुपस्कन्ध आदि पञ्चस्कन्ध पनि छैनन् भन्ने विचारधारा उत्पन्न हुन थाले ।

अर्थात् आलयविज्ञानको परिणाम भएर रुपस्कन्ध आदि पञ्चस्कन्ध उत्पन्न हुन्छ भन्ने धारणा उत्पन्न भयो । विज्ञानवादीहरूको यस सिद्धान्तलाई मन्त्रयान तथा वज्रयानको साधनामा प्रसस्त उपयोग गरेको पाइन्छ । तैपनि यो साधारण विचारकले बुझ्न नसकिने कुरो हो । किनभने वाह्य वस्तु अर्थात् रुपस्कन्ध पनि आलयविज्ञानकै अर्थात् मनकै परिणाम हो, मन नै हो, भन्दा विश्वास गर्न नसकिने हुन्छ । तैपनि विज्ञानवादीहरूले यो सिद्धान्तलाई शून्यता सिद्ध गर्न उपयोग गरेका छन् । वाह्य वस्तु पनि मनकै एउटा परिवर्तित रूप हो भन्ने भावना गर्दै जाँदा बाहिरका वस्तु अर्थात् ज्ञेयवस्तु विषय, आलम्वनहरू हराएर जान्छन् । यसरी वाह्य ज्ञेयविषय नभएपछि आलयविज्ञानले कसैको आलम्वन नपाई स्वतः शून्यताको रूप लिन्छ भन्ने वहाँहरूको धारणा देखिन्छ । यसरी प्रज्ञापारमिताको प्रत्येक वाक्यलाई यही सिद्धान्तले सिद्ध गर्न प्रयत्न गरेको पाइन्छ यो कुरो भावना र ध्यानगम्य भएको हुँदा विज्ञानवादलाई योगाचार पनि भनेको हुनु पर्दछ । यसैले ''ग्राह्याभावे ग्राहका भाव'' भन्ने सूत्रलाई अंगाली प्रज्ञापारमिताको व्याख्यान गरेको देखिन्छ । असंगले प्रज्ञापारमिताको व्याख्या गर्न अभिसमयालंकार नामको सूचीपत्र उल्लेख गरेको छ, अर्थात् शतसाहस्रिका प्रज्ञापारमिता तथा पञ्चविंशतिका प्रज्ञापारमिता, अष्ट साहस्रिका प्रज्ञापारमिता यी तीन ग्रन्थको सूचीपत्रको रूपमा अभिसमयालंकार लेखेको देखिन्छ । यही कुरा सिद्ध गर्न हरिभद्रले अष्टसाहस्रिका प्रज्ञापारमिताको व्याख्यामा प्रकरण प्रकरणमा सम्पूर्ण अभिसमयालंकार उद्धरण गरेको छ । साथै प्रज्ञापारमिताको स्वटीकाको नाम पनि अभिसमयालंकारालोक नै राखेको छ । तथता परिवर्तको व्याख्यानको प्रसंगमा ''ततश्च युक्त्यागमाभ्यां परिविदित मायोपमाद्वयचित्तास्तत्वातत्वाववोधाभ्युद्यतमतयोऽद्वयं मायोपमंचित्तं तथ्यसंवृतिरूपमेव श्रुतचिन्तामयेन ज्ञानेन व्यवस्थाय'' (४६८ पृ. अष्ट साहस्रिका टीका)

अर्थात् युक्ति र शास्त्रबाट थाहापाइने मायोपम र अद्वयचित्त भएका तत्त्व र अतत्त्व बुझ्नाले बुद्धिशुद्ध भएकाहरूले अद्वय मायोपम चित्तलाई तत्त्वसंवृत्तिरूप नै भनेर श्रुतचिन्तामयज्ञानले निर्णय गर्छ भन्ने वाक्यबाट चित्त अर्थात् आलय विज्ञानलाई नै हरिभद्रले पनि स्वीकार गरेको देखिन्छ। असंगको अभिसमयालंकारलाई उद्धरण गरेको हुनाले पनि उनलाई असंग अर्थात् विज्ञानवादीको अनुयायी रहेछ भन्ने स्पष्ट हुन्छ। असंगले आफ्नो महायान सूत्रालंकार ग्रन्थमा भगवान् बुद्धले प्रत्तीत्यसमुत्पाद ब्याख्यान गर्नुहुँदा संस्कारले विज्ञान उत्पन्न हुन्छ, विज्ञानले नामरूप उत्पन्न हुन्छ भन्नु भएको छ। यहाँ नामरूप भन्नु र पञ्चस्कन्ध भन्नु एउटै कुरो हो। अतः संस्कार स्कन्धले विज्ञान उत्पन्न भयो भन्नु हुँदा सो विज्ञान आलय विज्ञान नै हो भन्ने असंगको विचार छ। यदि यसो होइन भने सस्कारस्कन्धबाट सोझै नामरूप उत्पन्न हुन्छ भनी आज्ञा हुनु पर्ने हो। अतः पञ्चस्कन्धको अर्थात् नामरूपको विज्ञान र संस्कारस्कन्धले उत्पन्न गरेको विज्ञान भिन्नै रहेछ भन्ने स्पष्ट हुन आउँछ। यति मात्र होइन "मनोपुवङ्गमा धम्मा" भन्ने धम्मपदको प्रथम श्लोकमा पनि सबै वस्तुहरू मन अगाडि सारी उत्पन्न हुने हुन्छ भन्नुबाट पनि आलय विज्ञान नामको मनबाट सबै वस्तु उत्पन्न भएको भन्ने तथ्य ब्यक्त हुन्छ भनी असंगले आफ्नो मत ब्यक्त गरेका छन्।

असंगका अनुयायी वसुबन्धुले पनि आफ्नो ग्रन्थ मध्यान्तविभागमा शून्यताको स्वरूप वर्णन गर्दै परिकल्पित, परतन्त्र, परिनिष्पन्न स्वभावको रूपमा शून्यताको परिचय दिएको र विज्ञप्तिमात्रतासिद्धिले पनि आलय विज्ञानको सिद्धान्तलाई बुझाउन प्रयत्न गरेको देखिन्छ। यस्तै गरी आचार्य दिङनागले प्रज्ञापारमिता पिण्डार्थ नामको ४८ श्लोकको संक्षिप्त ग्रन्थद्वारा पनि प्रज्ञापारमिताको ब्याख्यान गरेको पाइन्छ। वहाँले पनि बिज्ञानवादलाई नै अंगालेको देखिन्छ।

माध्यामिक संप्रदायका आचार्य नागार्जुनले पनि शून्यताको प्रतिपादन गर्दा भन्नु भएको छ–"य प्रतीत्यसमुत्पादः शून्यतासैव ते मता।" अर्थात् प्रतीत्यसमुत्पाद भन्नु नै शून्यता हो। यहाँ कुनै दुई वा धेरै वस्तु मिली कुनै वस्तु वन्नुलाई प्रतीत्यसमुत्पाद भनिन्छ। यसरी दुई वस्तु मिली वनेको वस्तु आपेक्षिक हुने भएकोले जति पनि आपेक्षिक वस्तु छन् ती सबै काल्पनिक हुन्, सच्चा होइनन्। अतः त्यस्तो काल्पनिक वस्तु शून्य हुन् भन्ने नागर्जुनको विचार छ। यसैको आधारमा संस्कारबाट बनेको आलय विज्ञान पनि शून्य हो भन्ने माध्यामिकहरूको विचार छ। यसरी सबै वस्तुहरू शून्य हुन् भनी माध्यमिक विचारधाराका ब्यक्तिहरू ध्यान भावना गर्दछन्। योगाचारको सिद्धान्तलाई जस्तै माध्यामिकको सिद्धान्तलाई पनि वज्रयानीहरू समान रूपले मान्दछन्। माध्यमिक अनुयायीहरुमा हाल पाइने शान्तिदेव आचार्यको बोधिचर्यावतार महत्त्वपूर्ण र लोकप्रिय ग्रन्थ हो। यस सिद्धान्तले पनि प्रज्ञापारमिताको व्याख्यान गरेको छ।

गण्डब्यूह सूत्र

यो गण्डब्यूह सूत्रमा कल्याणमित्र (सद्गुरु) को खोजीमा साधुहरू कसरी लाग्दछन् भन्ने कुरो व्यक्त गरिएको छ। प्रत्येक कल्याण मित्रहरूबाट विभिन्न ज्ञान संग्रह गर्दै मैत्रेय बोधिसत्त्व सम्म पुग्दा मैत्रेय बोधिसत्त्वले आफ्नो परिषदहरूलाई सम्बोधन गर्दै भन्नु भयो-यो सुधन श्रेष्ठीदारक कल्याण मित्रहरूको उपासना गर्दै बोधिचर्याका ज्ञानहरू बटुल्दै मसम्म आइपुग्दा एक सय दश जना कल्याण मित्रहरूको सेवा गर्दै आइसकेको छ। यसरी आज्ञा हुनुबाट गण्डब्यूहमा धेरै प्रकरणहरू टुटेको देखिन्छ। किनभने मैत्रेय सम्म पुग्दा हाल प्राप्त भएका कल्याणमित्रहरुको संख्या छपन्न प्रकरणमात्र प्रकाशित भएको पाइन्छ। हुन पनि हो ग्रन्थको समाप्तिमा "आर्य गण्डव्यूहात् महाधर्मपर्यायात् यथालब्ध सुधन कल्याण मित्र पर्युपासन चर्यैक देश" भन्ने वाक्यबाट धेरै काल

अघिदेखिनै केही मात्र दुर्लभ भएको देखिन्छ । यस ग्रन्थमा उल्लेख भएको भद्रचरी प्रणिधान हालसम्म पनि सबै महायानी मतावलम्वीहरूको श्रद्धेय पाठ गर्ने वस्तु वनेको छ । यसमा शून्यता, तथता आदि शव्दहरू प्रचूर मात्रमा प्रयोग भएता पनि यिनीहरूको व्याख्या कुन सिद्धान्तद्वारा प्रतिपादन गरेको छ भन्ने कुरो अनुसन्धान गर्नु बाँकी नै छ । अर्थात योगाचार सिद्धान्तका हुन् वा माध्यमिक सिद्धान्तका हुन् विचारणीय छ । परन्तु गहिरिएर हेर्दा तीन सय त्रिपन्न पृष्ठमा शिलपाभिज्ञा वोधिसत्त्व विमोक्षको प्रकरणमा "अकार अक्षर परिकीर्तयतो ....रकारं परिकीर्तयतो .... पकारं परिकीर्तयतो..... चकारं परिकीर्तयतो" भन्दै जाँदा अरपचनको नाम दैव संयोगले वन्न गएको हो वा गुप्त रूपमा वर्णन गरेको हो भन्ने निधो गर्न गाह्रो भएतापनि अरपचन शव्दले अरपचन मञ्जुश्रीको स्मृति हुन्छ । वहाँ एउटा वज्रयानको देवता हो । अतः त्यो विषय पनि विचारणीय छ ।

दशभूमिक सूत्र

यो सूत्रको प्रत्येक भूमिमा दशशील, दश पारमिताहरूको वर्णन छ । अर्थात् प्रमुदिता भूमिमा दान पारमिता, विमला भूमिमा शीलपारमिता, प्रभाकरी भूमिमा अनित्य, दुःख, अनात्म, भावनाको साथं क्षान्तिपारमिताको भावना गर्ने आदि कुरा वर्णन गरेको पाइन्छ । अर्चिस्मति भूमिमा वीर्य पारमिता तथा सम्यक् व्यायाम आदिको वर्णन गरेको पाइन्छ । सुदुर्जया भूमिमा चतुरार्य सत्यको भावनाको साथै विविध प्रकारका शिल्प शास्त्रको साथै ध्यानपारमिता पूर्ण गर्ने हुन्छ । अभिमुखी भूमिमा अनात्म ज्ञानको साथै द्वादशाङ्ग प्रतीत्यसमुत्पादको ध्यान र प्रज्ञापारमिता पूर्ण गर्ने हुन्छ । दुरङ्गमा भूमिमा शून्यता अनिमित्त, अप्रणिहित समाधिको वढी भावना गर्दै उपाय कौशल्य पारमिता पूर्ण गर्ने हुन्छ । अचला भूमिमा अनुत्पाद ज्ञान लाभ गर्दै प्रणिधान पारमिता पूर्ण गर्ने हुन्छ । साधुमति भूमिमा चतुप्रतिसंविद ज्ञान लाभ गर्दै बल पारमिता पूर्ण गर्ने प्रयत्न गर्छ । धर्ममेघा भूमिमा सर्वज्ञज्ञान लाभ गर्नुको

साथै ज्ञान पारमिता परिपूर्ण गरा बुद्धत्व लाभ गर्न प्रयत्न गर्छ ।

यी उपर्युक्त कुरासंगै बोधिसत्त्वहरूको चार ध्यान, चार आरूप्यसमापत्ति निरोधसमापत्तिहरूको पनि क्रमशः अभ्यास गर्ने क्रम देखाइएको छ ।

समाधिराज सूत्र

यो सूत्रमा चन्द्रप्रभ कुमारलाई जसले सर्वधर्म स्वभाव-विपंचितनाम समाधि लाभ गर्छ उसको चित्त, समचित्त, हित-चित्त, अप्रतिहत चित्त, अविसम चित्त हुन्छ भनी भगवान्ले उपदेश दिनुभएको छ । अनि सर्वधर्मसमताविपंचित समाधि कस्तो हुन्छ भन्ने व्याख्याको प्रसंगमा कायसंवर हुनु, वाक्संवर हुनु, मनसंवर हुनु, कर्म परिशुद्ध हुनु, आलम्बनलाई समतिक्रमण गर्नु तथा स्कन्धका कुरा जान्नु धातु आयतनका कुरा जान्नु, तृष्णा प्रहाण गर्नु, अनुत्पाद ज्ञान साक्षात्कार गर्नु आदि करिब ३०० वटा जति विषयलाई सर्वधर्मस्वभावसमता भनिन्छ भनेर व्याख्या गरिएको छ । यस ग्रन्थमा सुखावती भूमि, अमिताभ तथागत आदिको पनि नाम उल्लेख गरेको पाइन्छ । बीचबीचमा व्यवहारोपयोगी उपदेशहरू पनि वर्णन गरिएको छ । शून्यता भावना गर्नाले हुने लाभको पनि वर्णन छ ।

समाधिपरिवर्तमा समाधि लाभ गर्न चाहनेले बुद्धलाई चीवर पीण्ड पात्र आदि तथा पुष्प धूप चढाएर यो पुण्यले समाधिलाभ होस् भनी परिणामना गर्दै त्रिमण्डल परिशुद्धको पूजा अर्थात् पूजा गर्ने पूजक, पूजा गर्नु पर्ने पूज्य, पूजा गर्ने सामान पूजन वस्तु यी तीनै कुरा शून्य भावना गरी पूजा गर्दा चाँडै समाधि लाभ हुन्छ भनी वर्णन गरिएको छ । अतः यसमा ग्राह्य ग्राहक भाव पनि शून्य भाबना गर्ने विचारधाराले बढी प्रश्रय पाएको छ ।

यस सूत्रमा रहेका हितोपदेशहरू विश्लेषण गरी अलग्ग प्रकाशन गर्नु उपयुक्त देखिन्छ जस्तै—

तस्मात्छ्रुणित्वा इम वर आनुशंसान्
दृष्टा च भिक्षून् परम सुशीलवत्ता ।
निःशाठियेनो विदु सद् सेवितब्या
समाधिप्राप्ता भविष्यथ नोचिरेण ।।

अर्थात् गुणका कुरा संझेर शीलवान् भिक्षुहरू कहाँ गई विना कपटले सेवा गरेमा चाँडैनै समाधि लाभ हुन्छ । यसकारण ज्ञान प्राप्तिको निमित्त कपट गर्नु हुँदैन भन्ने उपदेश यसबाट पाइन्छ ।

यो ग्रन्थ ठाउँ ठाउँमा टुटेको छ भन्ने कुरो यस सूत्रको अन्तिम वाक्य, "इत्यार्यं सध्दर्मस्वभावसमताविपंचिता समात्रे यथालब्धम् समाधिराजम्" भन्नुवाट स्पष्ट हुन्छ । यो विद्वान्हरूको लागि अनुसन्धेय विषय हो ।

लङ्कावतार सूत्र

यो सूत्र पनि अत्यन्त महत्वपूर्ण ग्रन्थ हो । यसमा आलय विज्ञान १, क्लिष्ट मनोविज्ञान १, प्रवृत्ति विज्ञान ६, वटा गरी जम्मा आठ वटा विज्ञानहरुको वर्णन र समाधि गर्ने विधि विभिन्न ठाउँमा बताइएको छ । यस ग्रन्थको सगाथक प्रकरणमा नागार्जुनको नाउँ पनि पाइन्छ । अतः विद्वानहरू यो ग्रन्थ नागार्जुन भन्दा पछिका ब्यक्तिले रचेको मान्दछन् । सो प्रकरणमा यसरी पनि लेखिएको छ–

सिध्दार्थ शाक्य तनयोविष्णुर्व्यासो महेश्वरः ।
एवमाद्यानि तीर्थ्यानि निर्वृत्ते मे भविष्यति ।।

अर्थात् म निर्वाण भई सके पछि शाक्यमुनि, विष्णु ब्यास, महेश्वर आदि धर्मका उपदेशकहरू हुनेछन् । अनि साथै यस्तो पनि लेखिएको छ–

माता मे वसुमतिः पिता विप्र प्रजापतिः ।
कात्यायनसगोत्रोऽहं नाम्ना वै विरजो जिनः ।।

चम्पायां हं समुत्पन्नः पितापि च पितामह ।
सोमगुप्तेति नाम्ना सौ सोमवंश समुद्भवः ।।
चीर्णव्रतः प्रवजितः सहस्र देशितं नयम् ।।
व्याकृत्य परिर्निर्वास्ये अभिषिच्य महापतिम् ।।

अर्थात् मेरा आमा वसुमति, मेरा पिता ब्राम्हण प्रजापति कात्यायन गोत्रका हुनुहुन्छ । म विरज नामको तथागत हुँ । मेरो पितामह सोमगुप्त, वहाँ चम्पामा बस्नुहुन्छ । प्रव्रजित भई चर्या चलाई महामतिलाई अभिषेक दिई हजारौं धर्मदेशना गरी म निर्वाण हुने छुँ इत्यादि कुरा पनि लेखिएको हुनाले विरज मुनि को हुन् ? भन्ने शंका उत्पन्न हुन्छ ।

यसमा चित्तले चित्तलाई कसरी देख्न सकिन्छ भन्ने प्रश्नको उदाहरण दिन यहाँ रावणलाई उल्लेख गरेको पाइन्छ । रावणले दायाँ टाउकाको मुखले बायाँ टाउकाको मुख हेर्दा जुन अनुभूति हुन्छ त्यस्तै चित्तले चित्तलाई ज्ञान गरी अनुभव गरिरहेको हुन्छ । "अन्योन्य वक्त्र मुख निरीक्षणं चकरिष्यति" भन्ने वाक्यबाट उही चित्तले उही चित्तलाई देख्न सकिन्छ भन्ने विचार स्पष्ट पारिएको छ । विभिन्न सिद्धान्तका कुराहरू खण्डन गर्न नयाँ नयाँ विचार र तर्कहरू पनि प्रस्तुत गरिएको छ । यसमा प्रयोग गरिएका आलय विज्ञान, तथागत गर्भ, संकला आदि शव्दहरू विचारणीय छन् । यस सिध्दान्तमा लाग्नेहरूले मांस, मद्य, प्याज, छ्यापी, लसुन खान बर्जित गरिएको छ । यस्तो सेवन गर्नाले ध्यान लाभ हुँदैन, अभिमान मात्र उत्पन्न गर्छ भनेर यस्तो पनि लेखिएको छ–

आहाराज्जायते दर्प संकल्पो दर्प संभवः ।
संकल्पजनितो रागस्तस्मादपि नभक्षयेत् ।।

अर्थात् आहारबाट अहंकार, ममकार नामको दर्प उत्पन्न हुन्छ । त्यही दर्पबाट संकल्प (तर्क, वितर्क) उत्पन्न हुन्छ, संकल्पबाट नै राग उत्पन्न हुन्छ । यसकारण उपर्युक्त कुरा सेवन नगर्नु भनी उपदेश दिइएको बुझिन्छ ।

सद्धर्मपूण्डरिका सूत्रः

यो सूत्र एक यान वादी सिध्दान्त हो । अर्थात्

एकं हि यान द्वितीयं नविद्यते तृतीयं हि नैवास्ती कदाचिल्लोके ।
अन्योत्रुपाया पुरुषोतमानां यद्याननानात्वुपदर्शयन्ति ।।

भन्ने यो गाथाबाट यान एउटै तथ्य मात्र हो भन्ने तथ्य स्पष्ट हुन्छ । प्रत्येक प्रकरणमा स्थविरवादीका सारीपुत्र आदि अर्हत्व प्राप्त स्थविरहरू पनि भविष्यमा बुध्द हुनेछन् भनेर लेखिनुबाट बुद्ध हुने यान बुध्दयान नै हो भन्ने बिचार व्यक्त गरिएको छ। परन्तु विनेयजन हेरी उपदेश मात्रै भिन्ना भिन्नै दिएको हो भन्ने यस ग्रन्थको उद्देश्य हो । यो सन्धाभाषा अर्थात् मेल मिलापको कुरा साधारण मान्छेहरू बुझ्दैनन् । जुन सन्धाभाषा एउटा उपाय कौशल्य हो, यसलाई साधारण मानिसहरू बुझ्दैनन् भन्न व्यक्त गर्न यस्तो पनि लेखिएको छ ।

एतादृशी देशन नायकाना-
मुपायकौशल्यमिदं वरिष्ठम् ।
बहूहि संधावचनेहि चोक्तं
दुर्बोध्यमेत हि अशिक्षितेहि ।।

अर्थात् भगवानले देशना गर्नु भएको यो उत्तम खालको उपाय कौशल्यरूपी सन्धाभाषालाई अशिक्षित व्यक्तिहरूले बुझ्न सक्दैनन् । यसलाई बुझी मेलमिलाप बढाउनु पर्छ भन्ने उद्देश्यले गर्दा सध्दर्मपूण्डरिकाको प्रचार भएको देखिन्छ ।

तथागत गुहचक सूत्र

यो सूत्र पनि नवब्याकरणको एउटा प्रमुख ग्रन्थ हो । यो ग्रन्थ हाल दुर्लभ देखिन्छ । हुनत यसका धेरै भागहरू वोधिचर्यावतार तथा शिक्षा समुच्चयमा उध्दरण गरेको पाइन्छ । यी उध्दरणलाई मात्र अलगग प्रकाशन गरिएमा तथागत गुह्यकको केही विचार थाहा पाउन सकिन्छ । यसमा गुह्यकले तथागतसंग प्रश्न

गरेको बुझिन्छ। हाल यस पुस्तकको प्रतिनिधिको रूपमा गुह्य समाजलाई नवसूत्र ग्रन्थमा समावेश गरिएको छ। यो ग्रन्थ (गुह्य समाज) महायानको नभई बज्रयानको हुनुपर्छ। किनभने यसमा बज्राचार्यको मूरि मूरि प्रशंसा गरिएको पाइन्छ। यस ग्रन्थले बिशेष गरेर देव देवताहरू समाधिबाट कसरी उत्पन्न भए भन्ने कुरो व्यक्त गर्दछ। बज्रयानका मन्त्रहरू पनि कसरी उत्पन्न भए भन्ने कुरो पनि समावेश गरिएको छ। जस्तै कि भगवान् वज्रधरले समन्तसंभवबज्र नामको समाधि गरेर समयसत्त्वहरू मध्ये अग्र हुनु भएका अमोघसिध्दिका भार्याका रूपमा कायवाक् चित्त वज्रवाट यस्तो निस्के "ॐ तारे तुतारे तुरे स्वाहा" अर्थात् यो मन्त्र उपर्युक्त ध्यानबाट उत्पन्न भयो भन्ने कुरा व्यक्त हुन्छ। साथै यस मन्त्रका प्रशंसाहरू यसरी वर्णन गरिएको पनि पाइन्छ –

बुद्धबज्र महा सैन्यम् सत्व घातु समन्ततः।
करोति दासवत्सर्वं निश्चेष्टम् वशकृतक्षणात्॥

अर्थात् बुद्धबज्रको महाशैन्य र सबै प्राणीहरूलाई यस मन्त्रको प्रभावले एक क्षणमै निश्चेष्ट पारी दास झैं वसमा पार्ने हुन्छ। गुह्य समाजको यस विचारधाराअनुसार अरू पनि धेरै मन्त्रहरू आविष्कार भइसकेको देखिन्छ। हाल यस गुह्य समाजको पूर्वार्द्ध मात्र प्रकाश भएको पाइन्छ। उत्तरार्द्ध पनि प्रकाश भएमा सम्पूर्ण गुह्य समाज पाठकहरूले अध्ययन गर्न पाउने थियो।

ललितविस्तर

यस सूत्रमा भगवान् बुद्ध बोधिसत्वको रूपमा तुषिता भुवनमा रहनु हुँदा देवताहरूले जगत उद्धार गर्न मनुष्य लोकमा आउनु होस् भनी अनुरोध गरेपछि कूल आदि विचार गरी मायादेवीको गर्भमा प्रवेश गरेको लुम्बिनी वनको प्लक्ष वृक्ष मुनि जन्मेको, कृषीग्राममा समाधि लाभ गरेको, शिल्प आदि सिकेको, शिल्प प्रदर्शन गरेको, गृहत्याग गर्नु अघि वृद्ध पुरुष आदि बाटोमा देखेको तथा महाअभिनिष्क्रमण गरेको कुरा पनि उल्लेख गरेको

छ। बुद्धत्व लाभ गरेको, धर्मचक्र प्रवर्तन गरेको कुरा पनि वर्णन गरिएको छ। यसरी बाल्यावस्थादेखि युवावस्थासम्म आनन्दपूर्वक समय बिताई बुद्धत्व लाभ गरेको कुरा वर्णन गर्नु नै राम्रो हो भन्ने ललित शब्दले व्यक्त गरेको जस्तो देखिन्छ। यस सूत्रमा पनि तथता भूतकोटी, शून्यता आदि महायान सम्बन्धी शब्दहरूको प्रचूर मात्रामा प्रयोग गरेको पाइन्छ। यस ग्रन्थको विशेष कुरा तुषिता भुवनमा रहनु हुँदा भगवानको नाम श्वेतकेतु वोधिसत्व हो तथा तुषिता भुवनको वर्णन गर्नु हो।

सुवर्ण प्रभास सूत्र

यो सूत्र नव ग्रन्थका अरू सूत्रहरूभन्दा भिन्नै किसिमको देखिन्छ। यसमा अक्षोभ्य, रत्नकेतु, अमितायु र दुन्दुभिस्वर तथागतहरूको वर्णन गरेको पाइन्छ। परन्तु अमोघसिद्धिको सट्टा दुन्दुभिश्वरको नाम यसमा समावेश गरिएको छ। दुन्दुभिश्वर तथागतको वर्णन बज्रयान तथा महायानमा त्यति प्रचारमा आएको देखिँदैन। यस किताबको शून्यता परिवर्तमा शून्यताको वर्णन गरिएका पाइन्छ तथा अविद्याको वर्णन गर्दा नभएका कुरा कहिल्यै पनि हुन सक्दैन परन्तु भएको जस्तो देखिने हुन्छ भनिएको छ। यसैलाई अविद्या भनिन्छ। अविद्या पनि शून्यता नै हो भनी वर्णन गरिएको पाइन्छ। यस ग्रन्थमा धेरै प्रकारका जातकहरू र पञ्चरक्षा संग समानता राख्ने धारणी मन्त्रहरू पनि उल्लेख गरिएको पाइन्छ। देवेन्द्रसमयराजशास्त्रवरिबर्त प्रकरणमा राजाले पालना गर्नु पर्ने केही नियमहरू पनि बताइएको पाइन्छ। स्थविरवादीहरूको जातकमा नपाइने महासत्वजातकको बर्णन पनि यसमा गरेको हुनाले यो जातक नेपालमा धेरै प्रचार भएको देखिन्छ। यस्तै अरू जातकहरू पनि उल्लेख गरेको पाइन्छ।

दिवंगत भएकी आफ्नी धर्म पत्नी हसना मैयाँको सुगति कामना गरी श्री भक्तिदास साहुले नवसूत्र ग्रन्थको पाण्डुलिपि तयार गर्न तथा प्रकाश गर्न सबै खर्चको अभिभारा लिनु भएकोमा

वहाँलाई सम्पूर्ण नेपालका महायानीहरू वज्राचार्य, शाक्य, तुलाधर, मानन्धर, नकर्मी, तण्डुकार आदिले पनि साभार प्रशंसा व्यक्त गर्ने छन् भनी कामना गर्दछु ।

दिबंगत श्रीमती हसना मैयाँ श्रेष्ठ बुद्ध धर्मका श्रध्दालु अनुयायी हुनुहुन्थ्यो । महायान र स्थविरवादमा भेदभाव नराखिकन समय समयमा लामागुरुहरूको ज्ञान सुन्ने, न्यूने नामको उपवास वस्ने, विपश्यनाको शिविरमा पनि ध्यान भावनाको निमित्त जाने बहाँको प्रकृति थियो । वहाँ स्वभावैले मधुरभाषी, मिलनसार आफ्ना छोराछोरी तथा इष्टमित्रहरूलाई राम्रो व्यवहार गर्ने आदर्शनारी हुनुहुन्थ्यो । यो नव सूत्र ग्रन्थ प्रकाशनको पुण्यले वहाँको सुगति लाभ होस् भनी कामना गर्दछु ।

मिति २०४७।१।८ लेखक दिव्यवज्र

Introducing the Nava Sutra Sangraha

It is very difficult to ascertain when the Mahayana sutras were introduced into Kathmandu valley. Controversies abound about the authenticity of the sutras as being the word of Lord Buddha.

When the Mahayana sutras were introduced into China by the missionaries of India and Central Asia it was already regarded as the authentic word of Lord Buddha. As the sutras were translated into Chinese, the first of which appeared in 68 A. D., they profoundly awakened the Chinese and then the Japanese mind, stirring their religious consciousness to its very depth.

Same is the case of the Newar Buddhists who preserved these sutras from generation to generation and preserved their Mahayanic ideal as the basis of their culture.

Historically, although the record of scriptures during the Kaniska's period is the earliest evidence of non-Sthaviravada tradition, the custom of copying scriptures had existed before that time in Northwest India. Dr. R. L. Mitra states: "the discovery of the Chinese translation of original Buddhist records from Sanskrit dating as early as first century A. D. clearly proves the existence of some original Sanskrit texts long before the date of the Pali translation of Sri Lanka"

Among the manuscripts discovered by Mr. Brian Hodgson in 1824 A. D. in Kathmandu valley there were dozens of sets of 'Nine Dharmas' or Navakhanda or collection of Nine sutras as the translator of these texts suggests.

These Nine sutras are recited very often by the pious devotees of Nepal and are maintained as holy texts in the altars of their mind.

The characteristics of Mahayana sutras

There are generally two types of Mahayana sutras–Vaipulya and Samanya sutras.

Mr. Brian Hodgson defines Mahavaipulya as a treatise containing several means of acquiring goods of the world (artha) and of the world to come (dharma).

Vaipulya sutras were meant to be memorised, so the method of treatment in each sutra is exhaustive and contain lengthy repetitions, stereotyped phrases and piling of synonymns. In general, the Vaipulya sutras begin with the introduction of Lord Buddha as seated in Jetavana garden or sometimes in Gridhkuta a hill surrounded by a host of bhikshus, Bodhisattvas, devas, kings, laymen and women. The Buddha sits on deep meditation and a ray of light springs forth from his forehead illuminating all the worlds and inspires gods to sing praises of the Buddha. The gods then come to salute him and pray him to reveal the excellent sutra. The Buddha then accepts their prayer by maintaining silence.

Although the introduction of Mahayana sutras into Kathmandu valley cannot be definitely ascertained presumably from the available sources some of these Mahayana sutras which had attained great popularity in Nepalese Buddhism had appeared as early as 4th century A. D. The most important Mahayana texts that moved the religious feelings of the Nepalese Buddhists for centuries and still continuing to do so are given below.

1. Lalitavistara sutra

Lalitavistara sutra in a biographical account of Lord Buddha which ennumerates the twelve principal deeds. The sutra was translated into Chinese four times in A.D.221-63,308,420–79 and in 683.Its oldest parts may be assigned to the third century B. C. and its final redaction was assigned to the sixth century A. D. whereas, according to M. Winternitz, it was assigned to the second century. We also find a Tibetan translation in Vol 95, mDo-sDe of Kanjur, folio 1-216, it is called Arya Lalitavistara nama Mahayana sutram" The translators were Jinamitra, Danashila, Muni Varma and Ye-ses-sDe. This Tibetan translation was edited and translated into French by Fou caux, Paris 1847–48.

Lalitavistara gives us a picture of Lord Buddha as being more superhuman than human and yet it is far from the conception of the Trikaya Doctrine of Nirmanakaya, Sambhogakaya and Dharmakaya. It says that Lord Buddha appeared in the samsaric existence for the benefit of sentient beings and he behaved as such and followed the ways of the world. This was his lokanuvartana-carya. At one instance Lord Buddha explained to Ananda that unlike ordinary human beings he did not stay in the filth of the mother's womb but in a jewel casket (ratnavyuha). In one of the chapters Prince Siddhartha exhibited excellence in all the arts and skills prevalent in those days to show his cultured nature. In the last chapter there are some epithets ascribed to Lord Buddha showing his knowledge of Dharmakayajnana. Of course it was a treatise of the Sarvastivada who viewed Buddha as a human being with superhuman attributes.

2 Saddharmapundarika sutra

This sutra was translated into Chinese in 255 A. D. According to Har Dayal, the earliest part of the text (chapters I–XX) may belong to the first century B. C., while the supplementary chapters (xxi—xxvi) date from the third century. A. D. The answer to such questions as why Lord Buddha preached two or three religious systems—Hinayana, Mahayana or in other words conventional truths or ultimate truths–is given in this text by a parable of a burning house. It is clearly stated that Lord Buddha preached one system, not three i.e. Buddhayana, and the presentation of the three yanas was an example of his skill in the employment of the means. The concept of Triyana, Upayakausalya (skill in means) and Mahakaruna is thus explained. In regard to the concept of Lord Buddha as a human being who is both transient and mortal as ourselves according to Sravakayana literature, Lord Buddha is shown as an eternal principal who has long before attained enlightenment and his great compassion is substantiated by repeated rebirths and preaching activities. Again the place has been shifted from Bodhgaya to Gridhkuta hill where most of Mahayana sutras were preached.

3. Suvarnaprabhasa sutra

The sutra in its original form was translated into Chinese in A. D. 397–439; and again in an expanded version in the seventh century. It contains the discourses of Lord Buddha delivered for the benefit of goddesses like Laxmi, Saraswati and others. It also contains an interesting discussion on the doubts raised by Bodhisattva Ruchiraketu on the life span of Lord Buddha. A story relating to the Namo Buddha hill near Kathmandu valley is mentioned therein.

4. Samadhiraja sutra

This sutra, also known as Chandrapradeepa Samadhi sutra, was translated into Chinese in 450 A. D. Chandrakirti uses the name Samadhiraja while the Tibetan translators have preserved the full title in Sanskrit viz: "Sarvadharmasvabhaya Samatavipancita Samadhiraja." It seems that Chandrapradeepa sutra, in its original form, was very voluminous and only a portion of it is preserved in what is now called Samadhiraja. According to Dr. P. L. Vaidya, the earliest Chinese translation, no longer extant, is said to be dated 148 A D.

In this sutra the principal interlocutors are Lord Buddha and Chandraprabha and the scene is liad on the Gridhkuta hill. The subject matter of this sutra is different types of Samadhi based on Equanimity, Sunyata and Bodhichitta to be acquired by a Bodhisattva in course of his career. Samadhiraja sutra relates a very interesting story called Supuspachandra. Ananda asked Lord Buddha why the Bodhisattvas feel no pain even when their limbs are torn asunder. Lord Buddha replied, just as a worldly-minded man, every part of whose body is burning with the fire of sin, yet feels pleasure without the fire being extinguished and he knows no pleasure but in the pursuit of gain so does a Bodhisattva, who is desirous of escaping from the burning fires of grief, birth and decrepitude and longs to obtain Nirvana, feels no pain from such trifling matters as the amputation of a hand or a foot.

The story runs as this: At the time when Ratnapadma Chandra Visuddhabhyudgataraja attained Nirvana, there lived a king named Suradutta, who reigned over the whole of Jambudwipa. His cipatal was at Ratnavati and he had eighty thousand wives, one thousand sons and five hundred daughters. At that time, the false faith in mantras and sacrifice of the Tirthikas prevailed. The Bodhisattvas, under the leadership of their great preacher Supuspachandra, were staying in a forest named Samantakhanda. Due to his divine vision he foresaw the liberation of these beings in case he preached them but his disciples requested him not to go to the city dwellers because his death was sure if he preached to them. But this great Bodhisattva did not listen to them; he convinced them by saying that even at the risk of their life the Bodhisattvas should not forsake the benefit of other sentient beings.

So Puspachandra went to the city and imparted Bodhi knowledge to millions at Ratnavati. He also converted the queens and the princes. At last when he presented himself before the king, the servants fell prostrate at his feet. The king was surprised to find a stranger so honoured in his presence. The Bodhisattva's comely appearance before the inmates of the harem roused a deep suspicion in the king and without any investigation he ordered the Bhikshu to be killed by mutilation. His hands and feet were cut and his eyes plucked out. A week later, the king happened to pass by the place where the murder had taken place and he found the Bhikhu's corpse had not decomposed but remained fresh. The king realized his folly and became a prey to remorse.

"One who desires the great Samadhi, Ananda" added Lord Buddha, "should preach this religion of Tathagata even at the risk of his life."

5. Lankavatara sutra

Lankavatara was translated into Chinese in A. D. 443,513,700 and 704. In this an attempt has been made to explain such terms as Tathagatagarbha, Alayavijnana, Citta matra, Tathata, Trisvabhava, Two Truths, Transformation etc. It begins with the dramatic introduction of Lord Buddha in the island of Sri Lanka ruled by Ravana. But it is to be noted that this Ravana has nothing to do with the Ravana of Ramayana. In chapter Eight, a discourse on the prohibition of eating meat by the Bodhisattvas is given in great detail, perhaps because of excessive consumption of meat in those days.

6. Gandavyuha sutra

Gandavyuha sutra is a part of an encyclopedic sutra called the Avatamsaka sutra. It contains the story of the quest of Sudhana, the merchant's son to learn the ways of the Bodhisattva for the attainment of Buddhahood. Sudhana searched for several benevolent friends, thereby gradually learning from them the qualities of Buddhahood.

Another profound effect produced by this sutra is the conception of the Bodhisattva Samantabhadra's ten great vows and the practice of sevenfold worship in Nepalese Buddhist society. The last section of the work called 'Samantabhadracharya pranidhan' has been a favourite theme for all seekers of the Bodhisattva path. The Bodhisattva's energetic compassionate attitude is echoed in this verse:

As long as the earth exists,
As long as all beings exist,

As long as acts and afflictions exist,
So long will my vow remain.

7. Dasabhumika sutra

Dasabhumika sutra was translated into Chinese in A. D. 265-316. It is also regarded as a part of Avatamsaka sutra. It contains the ten spiritual spheres or stages called 'Bhumi' of Bodhisattava viz: 1) Pramudita 2) Vimala 3) Prabhakari 4) Arcismati 5) Sudurjaya 6) Abhimukhi 7) Durangama 8) Acala 9) Sadhumati and 10) Dharmamegha. It opens with the introduction of Lord Buddha amidst the gods and Bodhisattvas in the heaven of Indra. Here the Bodhisattva Vajragarbha prays to Lord Buddha to explain the ways to attain Buddhahood. Lord Buddha then addressed the assembly and explained the ten stages of the Bodhisattva path.

It is befitting to describe at least the first "Bhumi" of the Bodhisattva path for each of which nine special preparations are required.

a) The special name of the first "Bhumi" is Pramudita, or "the joyful one".
b) The special significance is that there is joy, because with the attainment of this level,we are near enlightenment and the welfare of other sentient beings is secured.
c) The special preparation involves ten preparatory actions such as never having deceitful intentions.
d) The special attention means devotion most of the time on perfection of liberality and aspiration of satisfying all sentient beings.

e) The special purification is described in the sutra itself as–

On the level of 'The Joyful One', by virtue of a broad outlook and a strong determination, tens of millions of Lord Buddhas appear. Having seen them, the Bodhisattva venerates and honours them as well as their followers. The foundation on which the good and wholesome rest is dedicated to the unsurpassable enlightenment. The Bodhisattva hears the Dharma from the Lord Buddhas, takes it to heart, holds it and attends assiduously to it. Gathering sentient beings about him with the four methods, he brings them to maturity.

f) The special understanding is the realisation of the sameness of self and others.

g) The special rejection means an abandonment of 82 types of conflicing emotions and freedom from five types of fear i. e.

1) not making a living, 2) bad reputation, 3) death, 4) evil lives and 5) subjection to anxiety while in this Samsara.

h) The special place of birth is to become the Universal Monarch in Jambudvipa and to remove the reproach of miserliness from sentient beings.

i) The special power means that
A Bodhisattva on the level of 'The Joyful One' willingly strives hard. Since he has renounced life as a householder, he experiences

in a fraction of a moment a hundred meditative absorptions and sees a hundred Lord Buddhas and recognizes their sustaining power. He shakes a hundred world systems, walks over a hundred Buddha-realms and illumines a hundred world systems. He brings a hundred beings to spiritual maturity, lives for a hundred aeons and knows them from the beginning to end. He opens a hundred doors to the Dharma and manifests a hundred times, on each occasion, a gathering of a hundred Bodhisattva followers.

A similar description is given for each level. When he reaches the tenth level he mounts upon the summit. This stage is called the path of Fulfilment. He removes two veils of conflicting emotions (kleshavarana) and obstruction to Omniscience (Jneyavarana) completely. Thus, after attaining the tenth level and completing the path of fulfilment he is ready to attain Buddhahood.

8. Astasahasrika Prajnaparamita

There is a large body of literature in the name of Prajnaparamita. Prof. Rhuso Hikata gives as many 27 works under this title. All of them are not available in the original Sanskrit. Some of them are also known from Tibetan and Chinese translations. They are as follows:

1. Satasahasrika
2. Pamcavimsati Sahasrika
3. Astasahasrika
4. Sardhadvi Sahasrika
5. Saptasatika
6. Trisatika
7. Adhyardha Satika
8. Prajnaparmita Hridaya Sutra

9. Kausikaprajnaparamita
10. Svalpakshara
11. Ratnagunasamcayagatha
12. Astadasa sahasrika
13. Pancaparamita Nirdesh
14. Pancasatka Prajnaparamita
15. Devarajapravara Prajnaparamita
16. Dasasahasrika
17 Nagasri
18. Prajnaparamita Nama Astasataka
19. Ekaksarimata
20. Suryagarbha
21. Chandragarbha
22. Samantabhadra
23. Vajrapani
24. Vajraketu and four other texts from Chinese sources

Recently we have found a 'Advayasatika Prajnaparamita' in Nepal and published in 'Buddhist Himalaya', Vol I. No. 2, 1988, Kathmandu.

In viewing the above literature it is quite difficult for us to decide which of these texts is original and whether the texts got enlarged or abridged in course of time to suit the varying degrees or capacity of devotees. The traditional view seems to take Satasahasrika as the original whereas in the modern view it is Astasahasrika because most of the authors from Nagarjuna down to Haribhadra have taken 'Asta' as the basis for their commentaries.

Contents of Astasahasrika

The text has 32 chapters and it is a mixture of narration, philosophical treatment, merits of the work, difficulties and obstacles in acquiring the knowledge of Prajnaparamita. A lengthy account is given about the difficulty of finding a worthy Kalyanamitra. Practice of five paramitas is emphasised for acquiring the knowledge of Prajna. The importance of the practice of Bodhicitta is stressed. Philosophical concepts of Five aggregates, twelve sense spheres and eighteen elements of existence are described. The concept of Sunyata is described in detail. An interesting story of Bodhisattva Sadaprarudita's quest for Prajnaparamita and his meeting with the teacher Bodhisattva Dharmodgata is described in Chapters 31 and 32.

The Astasahasrika was translated into Chinese in 659 A D. and was assigned to the first Century.

The recitation of Astasahasrika Prajnaparamita is a common practice among Nepalese Buddhists in the monasteries of Patan and Kathmandu. Hiranyavarna Mahavihara of Patan has a copy of Astasahasrika Prajnaparamita written in gold which commands special worship and ceremony before recitation by the Vajracharyas even today.

9. Tathagataguhyaka sutra

Tathagata Guhya sutra also known as Guhyasamaja Tantra is one of the earliest Buddhist Tantras containing an exposition of the leading topic on Vajrayana, viz Mandala, Nyasa, Japa, Abhiseka, Guhya, Samaja, Bodhicitta, Mudra, Jnanacakra, Panchamrita, etc. It gives an interesting account of the origin of the mandala of five Dhyani Buddhas, viz. Vairocana, Akshyobhya, Ratna Sambhava, Amitabha and Amoghsiddhi. It is stated in Guhyasamaja that Buddhahood may be attained within the shortest possible time and even in one lifetime if one practices under a perfect Vajrayana Guru. The life of the 84 Siddhas and biographical acconnts of a number of Buddhist masters from four Tibetan sects testify this claim.

Guhyasamaja Tantra is composed in Sangiti form and the description of the assembly is fairly elaborate as in the early Sangiti as Gandavyuha and Manjusrimulakalpa. In later Sangiti literature the description of assembly is somewhat short and concise. Thus these Tantras also find a place in the Kangyur collection as the words of the Buddha.

Guhyasamaja was translated into Chinese in 930–1000 A. D.

The special feature of this text is that it gives the concept of the origin of Five Dhyani Buddhas so popular in Nepal. The Dhyani Buddhas are also associated with their counterpart consorts. So from the first chapter the text gives instruction on the five Dhyani Buddhas and use of female consorts to realize Mahamudra. Guhyasamaja also devotes a special chapter on the practice of Bodhicitta which is the basis of all Mahayana theme. To Tantric Buddhists Bodhicitta is the most important factor for the accumulation of merits and Siddhis. Guhyasamaja mentions many important deities, namely Locana, Mamaki, Tara, Pandara, and Samaya Tara. There is also a mention of four guardian deities represented by Prajnantaka, Padmantaka, Yamantaka and Vighnantaka. These are all familiar figures to the students of the Buddhist pantheon and they are very often represented in sculptures and in the paintings of mandala coming in Nepal and Tibet.

According to Dr. Benoytosh Bhattacharya, this text is probably the product of the third century or a little latter as Asanga is presumed to belong to the 3rd or 4th century A. D.

All these sutras deal with many aspects of Mahayana the Great Vehicle tradition such as the doctrine of emptiness in Prajnaparamita literature; Theory of Tathagatagarbha and Cittamatra doctrine in Lankavatara; innumerable kinds of samadhi such as exchange of Self with others, a kind of Bodhicitta practice and virtues of Kalyanamitra in Gandavyuha, and Samadhiraja sutras, stages of the Bodhisattva in Dasabhumika sutra, twelve principal deeds of Lord Buddha in Lalitavistara, etc. etc. Another profound effect produced by Gandavyuha Sutra is the conception of the Boddhisattva Samantabhadra with his Ten Exhaustive Vows. It has a deep effect on Nepalese Buddhist minds.

Our learned translator has fully utilised his wisdom in presenting a summary of all the nine texts which have not appeared before in English with the exception as follows:

a) Lalitavistara by R. L. Mitra, Calcutta
   Lalitavistara by Dharma Publishing, California
b) Lankavatara by D. T. Suzuki, 1932
c) Dasabhumika Sutra in Flower Ornament Scripture by Thomas Cleary, Sambhala Publication, 1987

d) Gandavyuha Sutra in Flower Ornament Scripture by Thomas Cleary, Sambhala Publication, 1987

e) Saddharmapundarika by H. Kern in S. B. East, 1884

f) Astasahasrika Prajnaparamita by Edward Conze, Asiatic Society 1958

In Sanskrit Buddhist Literature of Nepal Dr. R. L. Mitra has given a short analytic survey of these texts which Readers may wish to consult.

The Sanskrit texts of the Nine Sutras are unintelligible to the majority of Nepalese readers. The present Nepalese translation by the renowned Pandit Dibya Vajra Vajracharya of Nepal has rendered a yeoman's service to Buddhism and its development in Nepal.

May all beings attain Buddhahood !

Min Bahadur Shakya
Director
Nagarjuna Institute of Buddhist Studies
Patan (Lalitpur)

नेपालको बौद्ध धर्ममा नव सूत्रको आफ्नै महत्व

नेपालको प्रतिष्ठाता श्री स्वयम्भू आदिरूप ज्योतिरूपको दर्शन गर्न तथा चिन्तन र पूजन गर्नखातिर प्राक्ऐतिहासिक कालदेखि नै काठमाडौं उपत्यकामा अनेकन् बुद्ध, बोधिसत्त्व, सिध्द, विद्याधर, भिक्षु आचार्य आदि ज्ञानीगुणी पण्डित र अनेकन श्रद्धालु दानपतिहरू पनि आउनु भएको विवरण प्राप्त हुन आउंछ ।

उक्त परिप्रेक्ष्यमा स्बयम्भू पुराणमा उल्लेख गरिएको विवरणअनुसार शिखि तथागतले फूलचोको ढाँडोमा बस्नु भई महाशून्यताज्ञान प्रभाश्वर धर्मकाय धर्मधातु ज्योतिरूपको दर्शनखातिर परिलक्षित गरी यस प्रकारले स्तुति गर्नुभयो–

श्री धर्मधातुमनिशं करूणावतारं
नागादिवास हृदपङ्क्ज कर्णिकस्थं
नैरञ्जनं निरूपमं खसमं महेशं,
ज्योति स्वरूपमसमं प्रणतोऽस्मिन्नित्यम् ।

तदुपरान्त यही परम ज्ञानमा ध्यान आकर्षित गरी ऋकुच्छन्द तथागतले पनि वाक्द्वारको शिउपुरी डाँडोमा बस्नु भई आफ्ना शिष्यहरूको चूडाकर्म सम्पन्न गरी यस प्रकार उपदेश गर्नुभयो–

परमार्थ सत्यको ज्ञानमा कुनै पूर्वकालका दिनहरूमा अनेक सरसामग्रीहरू जुटाएर पाठ पूजा होम आदि दान प्रदान कार्य गर्नु भन्दा त कायवाक् चित्त परिशुद्ध हुने विशेष प्रज्ञाज्ञानको महत्व बढी हुनेछ, किनभने–

न सामग्रि नचंदिनं नच होमादिदानकं
कायवाक् चित्त शुद्धेन तपएव महन्तपः ।

यसपछि काश्यप तथागतको वचनबाट अनुप्रेरित भएर गौडदेशबाट काठमाडौं उपत्यकामा पाल्नु हुने राजा प्रचण्डदेवलाई भिक्षु गुणाकारले चूडाकर्म सम्पन्न गरी शान्तश्री भिक्षु भनेर नामाकरण गरिदिनुभयो । अनि यिनै शान्तश्री भिक्षुले श्री स्वयम्भू ज्योतिरूप संरक्षनार्थ वर्तमान स्थलमा विशाल चैत्य निर्माण गराउनु भई छोपिदिनुभयो र आफू शान्तिकराचार्य नामले प्रसिद्ध हुनुभयो । उनले श्री स्वयम्भू ज्योतिरूपलाई प्रभाश्वर धर्मकाय भनेर सम्बोधन गरी यसरी प्रशंसा गर्नुभयो–

तथा कथमयं श्रीमान् ज्योतिरूप प्रभाश्वरः
रत्न पद्मासनासीनं एवं तिष्ठे जगद्धिते
योगिनां योगिनाथः ध्यानिनां ध्याननाथकः
मन्त्रिणां मन्त्रनाथत्वं प्रज्ञोपाय स्वरूपिनी ।

तदुपरान्त शाक्यमुनि तथागत आपनो जन्मभूमि हिमालयको पादपीठमा सुप्रतिष्ठित श्री स्वयम्भू महाचैत्य दर्शन र पूजन निमित्त स्वयम्भू वनको गोपुच्छाग्र पर्वतमा आउनुभयो र उहाँले आदिबुद्ध पञ्चज्ञानैक हेतु शून्य निरञ्जन चित्त चैतन्य चैत्य स्वयम्भूको गुण वर्णन गरेर यसरी स्तुति गर्नुभयो–

वन्देऽहं तत्त्वरूपं ततवितत भवं
भव्यहव्य स्वभावं बुद्धानामादि बुद्धं
कृत विविध हितं तेजसां सन्निधानम्
सम्यक् संबोधिमूर्ति त्रिगुण विलसितं
ज्ञान पञ्चैक हेतुं नैराकारं निरञ्जनं
गगनवदनिवं चित्त चैतन्य चैत्यम् ।

अनि यसै स्थानमा बसी वहाँले मैत्रेय बोधिसत्वले गर्नु भएको अनुरोधमा श्री स्वयम्भू महाचैत्यको उत्पत्ति र विकास क्रमको विषयलाई लिएर धर्मचक्र गर्नुभयो । यसै कारणबाट उक्त स्थान धर्मचक्र विहार नामले प्रसिद्ध हुन गयो । उहाँले

कस्तो किसिमको धर्मचक्र गर्नुभयो भन्ने वारेमा यस किसिमको उल्लेख पाइन्छ–

स्वयं मयानु बुद्धोऽयं स्वभावो धर्मलक्षणं ।
ऋते परोपदेशेन स्वयम्भू तथ चक्षुमान् ।।
अनालम्वं निष्प्रपञ्चं अनुत्पाद मसंभवं
विविक्तं प्रकृतिशून्यं धर्मचक्र प्रवर्तितम् ।।

उक्त उपदेशकै पंक्तिमा स्वयम्भू महाचैत्यको महात्म्य गुण वर्णन गर्दै उहाँबाट यो पनि आज्ञा भएको छ कि मेरो निर्वाणपछि यहाँ कालान्तरमा सिद्ध नागार्जुन बोधिसत्व आउनु हुनेछ । यो कुरा स्वयम्भू पुराणमा यसरी भविष्य व्याकरण गरिराखेको छ ।

मध्यदेशाद्यैव पुनः सिद्धाश्च भिक्षवस्तथा
मयि निर्वृत्तिमायाते स्थास्यन्त्यापन्नमागताः ।
नागार्जुनेति संज्ञा तामधि गच्छन्ति पर्वतः ।
विशेषात्पर्वतारोहे तदेव दिवसं शुभम् ।।

आचार्य नागार्जुन यही भविष्यब्याकरण अनुसार भगवान् बुद्ध महापरिनिर्वाण हुनु भएको ७०० वर्ष पछि श्रीस्वयम्भू महाचैत्य दर्शनार्थ काटमाडौं उपत्यकामा पाल्नुभयो । यसै अवसरमा उहाँ स्वयम्भू महाचैत्यमा पूजारीसम्म पनि हुनुभयो । उहांले महामेघ साधन गर्नुभयो । अनि यसै क्रममा उहाँले वौध्द धर्मको मूल ग्रन्थ सद्धर्मरत्न प्रज्ञापारमिता शास्त्र विधिपूर्वक यही भित्र प्रतिष्ठा गर्नु भो र त्यसपछि उहाँले जामाचो पर्वत (नागार्जुन पर्वतमै अवस्थित) मुन्तिरको एक प्रस्तर गुफामा सिद्धचर्या योग चर्यामा लाग्नु भएर प्रज्ञापारमिताको बिषयमा चर्चा परिचर्चा गरी त्यसको महत्व र विशेषताबारे प्रकाश पार्नुभयो । तदुपरान्त त्यस पुण्य स्थल 'नागार्जुन पर्वत' को नामले प्रसिद्ध भयो । यसै गुफाभित्र नागार्जुन बोधिसत्वको शिला मूर्ति अद्यापि स्थापना गरिराखेकै छ ।

यिनै नागार्जुनले सुप्रसिद्ध माध्यमिक दर्शन महाशून्य ज्ञानरूपी प्रज्ञापारमिता शास्त्र विषयक वस्तुमा समय समयमा ठाउँ ठाउँमा यसरी उल्लेख गरिराखेको विदित हुन्छ –

अशान्ति जगतमा शान्ति स्थापना गर्नखातिर सर्वप्रथम कर्म क्लेश दुःखलाई उन्मूलन गर्नु आवश्यकता पर्दछ । यही कर्म क्लेश दुःख हटाउन खातिर उपाय कुशल ज्ञान स्वरूप प्रतीत्यसमुत्पाद ज्ञान साक्षात्कार गरेर लिनुपर्दछ । जब यो ज्ञान साक्षात्कार हुन थाल्छ, त्यसवेला अनुत्तर सम्वोधिज्ञान प्राप्त हुन्छ, साथै तथता, धर्मता, शून्यता र सर्वज्ञता ज्ञान पनि लाभ हुन आउँछ । यस किसिमको विशुध्द र उच्चकोटिको परिपूर्ण दर्शन प्राप्त गर्ने शिक्षा-दीक्षा विषम मार्ग निर्देशन गरेर देखाइराखेको अर्थात् सर्वधर्म समता विपञ्चित नाम बज्रोपम समाधिमा प्रतिष्ठित गरेर अन्त्यमा धर्मधातु महामण्डलमा पुग्न खातिर सद्धर्मामृतले ओतप्रोत उपदेश, आदेश, निर्देशनले परिपूर्ण भएको यस किसिमको सद्धर्मशास्त्र नै त्रिकालका बुध्दहरूले प्राप्त गरेर जानुभएको, प्राप्त गरिरहनु भएको तथा प्राप्त गर्नुहुने बौध्द धर्मको मूल उपदेशको सारतत्त्व हो, अनि यो नै प्रज्ञापारमिता महावैपुल्य सूत्र हो । बौध्द धर्मको यही उपदेश जुन ८४००० धर्मस्कन्ध शास्त्रको सारतत्त्व अर्थात् प्रज्ञातत्त्व हो यसलाई राम्ररी चिन्न सकिएन भने अनेक धर्मकर्म पाठपूजा भक्तिभाव दानशील भावना त्याग तपस्या जति गरिए तापनि निष्फल हुन बेर लाउँदैन भनिएको छ, जस्तो

चतुराशीति साहस्राणि धर्मस्कन्ध महामुनेः
प्रज्ञातत्त्वं नजानन्ति ते सर्वे निष्फलायवै ।।

बौध्दधर्मको महत्त्वपूर्ण मूलतत्त्वको रूपमा रहेको प्रज्ञापारमिता दर्शन बास्तवमा श्रावकयानी अर्हत् प्रत्येकयानी प्रत्येक बुध्द तथा महायानी सम्यक् सम्बुध्दको पनि विमुक्ति महासुख मोक्ष लाभ प्राप्तिको अन्तिम लक्ष्य हो । अनि यसैको प्रतीक

स्वरूप मानिसको बुध्दजननी श्री प्रज्ञापारमिता नै मानिएको हुनाले उनीप्रति मुक्तकण्ठले गरिएको प्रार्थना यस प्रकार छ–

बुध्दैः प्रत्येक बुध्दैश्च श्रावकैश्च निसेविता
मार्ग त्वमेका मोक्षस्य नास्त्यन्य इति निश्चयः ।

यही आदर्श गुणलाई अनुस्मरण गरी नेपालको बौद्ध धर्म संस्कार र संस्कृतिको रूपमा विकसित हुन पाइरहेको महायान तथा वज्रयानको परम्पराको रूपमा श्रद्धाभक्तिपूर्वक अनेक आस्था प्रतिष्ठा राखेर आइरहेंको देखा पर्दछ–

उदाहरणार्थ यहाँ हाम्रो काठमाडौं उपत्यकाभित्र प्राचीन कालदेखि नै बौधिसत्त्वहरूकी पितामही कहलिएकी प्रज्ञापारमिताको विषयलाई लिएर आ-आफ्नो श्रद्धाभक्तिअनुसार अष्टमीव्रत, वसुन्धरा व्रत, ताराव्रत आदि व्रतपर्वोत्सव गर्ने गराउने वेलामा धर्ममण्डल पूजामा सद्धर्ममूलक नवसूत्र (प्रज्ञापारमिता, गण्डब्यूह, लङ्कावतार, सद्धर्मपूण्डरीक, दशभूमीश्वर, समाधिराज, तथागतगुह्यक, ललितबिस्तर र सुवर्णप्रभास) सश्रद्धा नामोच्चारण गरी धर्ममण्डलमा पुष्पगुच्छाहरू चढाउनु पर्ने प्रचलन अद्यापि छँदैछ । यसको अतिरिक्त बुद्धहरूको सुभाषित्व वचनको राजा समान भैरहेको सकल तथागतहरूको अभ्युदय हुने ज्ञान--भण्डार भैरहेको यस नवसूत्र ग्रन्थरत्नलाई श्रद्धापूर्वक पूजा सत्कार गरेर राखिएको घरमा तथागतहरूले बास गरेको हुन्छ भन्ने विश्वास कायम भएको हुनाले आ-आफ्ना विहारहरूमा र घर घरमा पनि नवसूत्र ग्रन्थ रत्न सुरक्षित गरी पूजा गरिराख्ने परम्परा छ ।

राजा ह्ययं सर्वसुभाषितानां
योऽभ्युङ्गत्त सर्वं तथागतानां
गृहे स्थितस्तस्य तथागतः
सदातिष्ठेदिदं यत्र हि नवसूत्ररत्नम् ।।

अझ यो नवसूत्रलाई सद्धर्मग्रन्थरत्न नव व्याकरणको रूपमा लेखाउने, लेखेर दिने, धारण, वाचन र देशना गर्ने गराउने पध्दति पनि छ। यसैले बेला बेलामा नवसूत्रको पूजा आजा र पठन पाठन व्याख्यान कार्यक्रम चलिरहने हुन्छ। श्रावण महिनामा वौध्द बिहारहरूमा ९ दिनसम्म विशेष पूजा पर्व उत्सव दानादि कर्म र बौध्द कलाकृति र संस्कृतिको प्रदशन हुने बेलामा पनि नवसूत्र सद्धर्म ग्रन्थरत्नको विशेष रूपले सजाइकन प्रदर्शन गर्ने प्रथा पनि छ। अझ कुनै कुनै बौध्द विहारमा नवसूत्र सद्दर्म ग्रन्थरत्नलाई खटमा बिशेष रूपले सजाई जात्रा गरेर नगर परिक्रमा गर्ने चलन पनि छ। बुध्द शासनमा चैत्य निर्माण प्रस्थापनको विधिक्रममा तथागत हृदयरूपी प्रज्ञापारमिता ग्रन्थरत्न (पुस्तक) पनि चैत्यको गर्भमा प्रतिस्थापना गर्ने उल्लेख पनि छ। अनि स्वयम्भू पुराणमा उल्लेख भएअनुसार काठमाडौं उपत्यकाभित्रका द्वादश तीर्थ यात्रा सेवामा भाग लिनु हुने श्रध्दालु धर्म प्रेमीजनहरूले तोकिएको खास तीर्थमा तोकिएको पुस्तक (नव सूत्र) को पूजा र पाठ गराउने चलन पनि छ, यथा–

१) गोकर्ण पुण्य तीर्थमा– प्रज्ञापारमिता
२) गुह्येश्वरी शान्त तीर्थमा-- गण्डव्यूह
३) शंखमूल शङ्करतीर्थमा– दशभूमीश्वर
४) धंतिल राजतीर्थमा-- समाधिराज
५) खुसिखेल मनोरथ तीर्थमा--- लङ्कावतार
६) विजेश्वरी निर्मल तीर्थमा– सध्दर्मपुण्डरीक
७) कंकेश्वरी ज्ञान तीर्थमा– तथागत गुह्यक
८) कंदोखु ज्ञान तीर्थमा-- ललितविस्तर
९) न्येखु चिन्तामणि तीर्थमा-- सुवर्ण प्रभास

नवसूत्रकै एक प्रमुख अङ्ग भएको प्रज्ञापारमिताप्रति जनआस्थाको अभिवृध्दि हुँदा हुँदा तालपत्र, तमसूक आदि कागजपत्रहरूमा समेत खेतबारीको नाममा 'सद्धर्मक्षेत्र' भनेर उल्लेख

गरिएको पनि पाइन्छ । फेरि,शिलापत्रमा काठमाडौंकै नाम समेत 'प्रज्ञापुरी महानगर' भनेर अङ्कित गरिएको पनि पाइन्छ । फेरि, कतिपय विहारहरूमा, मन्दिरहरूमा प्रज्ञा ज्ञानको प्रतीकको रूपमा धर्मचक्र मुद्रामा प्रज्ञापारमितालाई सुन्दर कलात्मक मूर्तिमा पनि प्रतिष्ठा गरिराखेको पाइन्छ । श्रावण महिनामा गुँलाधर्मको प्रारम्भकालमा वौध्द विहारमा वौध्द धर्मदर्शन संस्कृतिविषयक विशेष प्रदर्शनी भैरहने बेलामा कहीं कहीं प्रज्ञापारमिता ग्रन्थरत्नलाई मूर्तरूप दिई पौभा चित्रको रूपमा तोरणमा प्रदर्शित गरिराखेको पनि पाइन्छ । अझ कुनै कुनै विहारमा त प्रज्ञापारमिताको अर्थ बिशुद्धि ज्ञानको प्रतोकका रूपमा त्रिपरिवर्त द्वादशाकार प्रतीत्यसमुत्पादको भावनामा मिलाइराखेको प्रस्तर मण्डल पनि प्रदर्शन भैराखेको हुन्छ । फेरि नवसूत्र अन्तर्गतको प्रज्ञापारमिता ग्रन्थरत्न वौद्धदेवदेवीहरूले (प्रज्ञापारमिता, मञ्जुश्री, अमोघपांशलोकेश्वर, नामसंगीति, बसुन्धरा, भृकुटीतारा, सरस्वती आदि) उच्चकोटिको दर्शनज्ञानको प्रतीक स्वरूप धारण. गरिराखेको पनि हुन्छ । बज्रयानको पूजा पद्धतिमा पनि गहिरिएर विचार गरी हेरिएको खण्डमा उत्पतिक्रम, निष्पत्तिक्रम विधिअनुसार देव देवताहरूको आराधना गर्ने बेलामा सर्वप्रथम गुरू वज्राचार्यहरूले प्रज्ञाज्ञानमूलक स्वभावशुद्धा गाथा पढिसकेपछि मात्र देवताहरूको ध्यान गरी पूजा क्रिया पद्धतिहरू अगाडि बढाउंछन् । यसैको क्रममा पूजा विधि समाप्त हुने वेलामा पनि फेरि स्वभाव शुद्ध धर्म शून्यता ज्ञानलाई पुनः सम्झाउन बुझाउन र चर्यामा परिणत गर्नका लागि यसैको सार उपदेश निहित भएको प्रतीत्यसमुत्पाद ज्ञान 'ये धर्मा गाथा' वाचन गरी अन्त्यमा पूजा विधिको समाप्ति गर्ने प्रचलन यद्यापि विद्यमान नै भैरहेको पाइन्छ ।

नेपालको बौद्ध धर्ममा यस किसिमको आदर्शयुक्त महत्वपूर्ण परम्परा भएको महायानी बज्रयानी पूजा पद्धति संस्कृतिमा आफ्नै किसिमको विशेष महत्त्व र विशेषता रहेको पाइन्छ ।

वौद्धधर्म विषयक यस किसिमको गौरवमय इतिहासको परम्परालाई कार्यान्वयन गर्नखातिर सद्धर्मचित्त उत्पत्ति गरी हाम्रा प्रातःस्मरणोय पूर्वाचार्यहरूले आफ्ना भावी सन्ततिका लागि नवग्रन्थका अद्वितीय कृतिहरू रचना गरेर जानुभयो। यसैको प्रमाणस्वरूप पुरातात्विक र ऐतिहासिक महत्व भएका दुइ चार प्रज्ञापारमिता ग्रन्थरत्नको विवरण यहाँ प्रस्तुत गर्नु प्रासङ्गिक हुनेछ । यथा–

१) ललितपुरमा अवस्थित महावातीश्चल विहारमा रहेको अष्टसाहस्रिका प्रज्ञापारमिता ग्रन्थरत्न नेपाल संवत ४० मा तालपत्रमा लेखिराखेको पाइन्छ ।

२) काठमाडौं ठवहिलको बिक्रमशील महाविहारमा सुप्रतिष्ठित पर्ञ्चविंशति शतसाहस्रिका प्रज्ञापारमिता। नीलपत्रमा सुवर्णाक्षरले लेखिएको यो ग्रन्थरत्न नेपाल सवत ३४४ मा पं० जिनंश्रीज्ञानवाट लेखिएको (प्रतिलिपि तयार पारिएको) हो ।

३) ललितपुरको हिरण्यवर्ण महाविहारमा सुप्रतिष्ठित नीलपत्रमा सुवर्णाक्षरमा लेखिएको अष्टसाहस्रिका प्रज्ञापारमिता ग्रन्थरत्न नेपाल संवत ३४५ मा भिक्षु आनन्दवाट लेखिएको (प्रतिलिपि तयार गरिएको) हो ।

व्यक्तिगत संकलन, राष्ट्रिय अभिलेखालय र पुस्तकालयहरूमा पनि विभिन्न मितिमा लेखिएका विभिन्न प्रकारका प्रज्ञापारमिताहरू सुरक्षित अवस्थामा पाइएकै छन् । नवसूत्र अन्तर्गतका प्रज्ञापारमिता ग्रन्थरत्न नेपालको अतिरिक्त भारत, तिब्वत, चीन, मंगोलिया, कोरिया, जापान आदि महायानी बौध्द धर्म प्रचलित भएका देशहरूमा पनि पाइन्छ । यस प्रसङ्गमा 'प्रज्ञापारमिता' को विविध नाम र आकार प्रकारको प्रस्तुतीकरण निम्नलिखित रूपमा पाइन्छ–

१) पञ्चविंशति शतसाहस्रिका प्रज्ञापारमिता

२) शतसाहस्रिका प्रज्ञापारमिता

३) पञ्चविंशति साहस्रिका प्रज्ञापारमिता
४) अष्टादश साहस्रिका प्रज्ञापारमिता
५) दशसाहस्रिका प्रज्ञापारमिता
६) अष्टसाहस्रिका प्रज्ञापारमिता
७) सार्द्ध द्वि साहस्रिका प्रज्ञापारमिता
८) अष्टशतिका प्रज्ञापारमिता
९) सप्तशातिका प्रज्ञापारमिता
१०) पञ्चशतिका प्रज्ञापारमिता
११) त्रिशतिका प्रज्ञापारमिता (बज्रच्छेदिका)
१२) अर्द्ध शतिका प्रज्ञापारमिता
१३) प्रज्ञापारमिता हृदयसूत्र संक्षिप्त मातृका
१४) प्रज्ञापारमिता हृदयसूत्र विस्तृत मातृका
१५) एकविंशति श्लोक प्रज्ञापारमिता
१६) चतुर्दश श्लोक प्रज्ञापारमिता
१७) स्वल्पाक्षरी प्रज्ञापारमिता
१८) एकाक्षरी प्रज्ञापारमिता
१९) प्रज्ञापारमिता नामाष्टशतक
२०) प्रज्ञापारमिता पिण्डार्थ
२१) कौशिक प्रज्ञापारमिता
२२) देवराज प्रवर प्रज्ञापारमिता
२३) चन्द्रगर्भा प्रज्ञापारमिता
२४) सूर्यगर्भा प्रज्ञापारमिता
२५) समन्तभद्रा प्रज्ञापारमिता
२६) बज्रपाणि प्रज्ञापारमिता
२७) बज्रकेतु प्रज्ञापारमिता
२८) नागश्री प्रज्ञापारमिता
२९) प्रज्ञापारमिता मूल हृदय
३०) प्रज्ञापारमिता सूत्र
३१) महाप्रज्ञापारमिता शास्त्र

३२) महाप्रज्ञापारमिता सूत्र विभाषा
३३) अभिसमयालङ्कार प्रज्ञापारमिता
३४) अभिसमयालंकारालोक प्रज्ञापारमिता
३५) अभिसमयालंकार टीका प्रज्ञापारमिता
३६) प्रज्ञाप्रदीपालोक
३७) प्रज्ञाप्रदीपावली
३८) प्रज्ञावृत्तिटीका
३९) प्रज्ञानाम माध्यमिकाकारिका
४०) प्रज्ञाप्रदीप टीका
४१) प्रज्ञापारमिता संचयगाथा
४१) प्रज्ञादीप शास्त्र
४३) रत्नगुण सञ्चयगाथा प्रज्ञापारमिता
४४) प्रज्ञापारमिता धारणी
४५) प्रज्ञापारमिता मन्त्र

उपर्युक्त प्रज्ञापारमिताको मूल श्रोत पूर्वाधारमा शाक्यमुनि भगवान् बुद्ध सर्वप्रथम राजगृह गृद्धकूट पर्वतमा पाल्नुभइ आयुष्मान् शारिपुत्र, आयुष्मान सुभूति तथा वोधिसत्व मैत्रेय, अवलोकितेश्वर बज्रपाणि, मञ्जुश्री, सुविक्रान्त विक्रमि तथा शक्र देवराजहरूलाई धर्मदेशना भएको प्रसङ्ग छ। हुनत, गृद्धकूट पर्वतको अतिरिक्त जेतवन, वेणुवन तथा त्रार्यत्रिश देव भुवनका पाण्डुकम्बलशिलातल नामक स्थानसम्म पनि धर्म देशनाको क्रममा उहाँ पुग्नुभएको कथन छ।

शाक्यमुनि भगवान् बुद्धको महापरिनिर्वाणपछि बौद्ध धर्मको उच्चकोटिको दर्शन ज्ञानको रूपमा यसरी चिरपरिचित भैरहेको प्रज्ञापारमिताको विषयलाई लिई विभिन्न समयमा विभिन्न ठाउँमा विभिन्न प्रकाण्ड बौद्ध आचार्यहरूले मूलतः बौद्ध धर्मको प्रचार प्रसारको उद्देश्यमा जनहितार्थ सुखशान्तिका लागि आ-आफ्ना विद्वताअनुसार अनेक टीका टिप्पणी पञ्जिका व्याख्या र भाष्य लेखेर गए। यस प्रसङ्गमा आचार्य नागार्जुन,

असंग, बसुबन्धु, दिङनाग, आर्यदेव ,शान्तिदेव, धर्मकीर्ति, मैत्रेयनाथ, हरिभद्र, कम्बलपाद आदि प्रकाण्ड बौद्ध विद्वानहरूको नाम विशेष उल्लेखनीय भएको छ ।

उक्त परिप्रेक्ष्यमा सद्धर्म प्रज्ञापारमिताकै पंक्तिमा क्रमबद्ध रूपमा सूत्रवत् भैरहेका अन्य आठ ग्रन्थरत्न (ललितविस्तर, गण्डण्यूह, दश भूमिक, समाधिराज, लङ्कावतार, सुवर्ण प्रभास, तथागतगुह्यक र सद्धर्मपुण्डरीक) समेत गरी जम्मा नौओटा ग्रन्थरत्न नेपालको बौद्ध धर्ममा आदर्श मौलिक ग्रन्थको रूपमा प्रसिद्ध छ र यसलाई नवसूत्र, नवग्रन्थ, नवखण्ड, नव व्याकरण,नव वैपुल्यसूत्र र नव महायान सूत्र भनेर सम्बोधन गरिन्छ, श्रद्धाभक्तिपूर्वक पूजिन्छ । अनि यसै नवसूत्रको प्रमाणलाई आधार मानेर ध्यान ज्ञान चर्यामा लाग्ने बौद्ध अनुयायीहरूलाई विभिन्न समयमा, विभिन्न ठाउँमा यसरी विभिन्न नामले सम्वोधन गरिएको पनि देखिन्छ यथा-पारमितायान, प्रज्ञायान, बुध्द वोधियान, अग्रयान, बोधिसत्त्व यान तथा महायान ।

अन्ततः यसै पृष्ठभूमिमा नेपालको महायानी परम्पराको बौद्ध धर्म दर्शनसम्बन्धी ज्यादै महत्वपूर्ण र उच्च भैरहेको नवसूत्र ग्रन्थरत्नको विषयमा दूरदर्शी श्रद्धालु साहु भक्तिदास श्रेष्ठज्यूले बोधिसत्व सुधन श्रेष्ठिदारकको आदर्श अनुस्मरण गरी वर्तमान नेपालको बौद्धधर्मलाई अरू विकसित र समुन्नत गर्नमा सघाउ पुऱ्याउने हेतुले जुन सद्धर्म चित्त सिर्जना गर्नुभयो त्यो ज्यादै नै समयोचित र उपयोगी भएको छ । आज यसैको फल स्वरूप सर्वसाधारण पाठकका लागि दुर्बोध भैरहेको संस्कृतमा लेखिराखेको नवसूत्र ग्रन्थरत्नको सरल र सुबोध भाषामा लेखिएको सार संक्षेप उपलब्ध हुन आयो । यसका लागि श्रद्धालु दाताको इच्छा र परियोजनाअनुसार सम्पूर्ण नवसूत्र ग्रन्थको विशद रूपले अध्ययन र अन्वेषण गरी आफ्नो मौलिक सीप र शैलीद्वारा सार संक्षेपलाई एकीकृत गरी प्रस्तुत ग्रन्थरत्न तयार

गर्नुहुने प्रसिद्ध बौद्ध विद्वान् पं०दिव्यबज्र वज्राचार्यज्यूबाट एउटा ज्यादै नै अत्यावश्यक भैरहेको कार्य सफलतापूर्वक सम्पादन भयो। यो चाहिं हाम्रा लागि हर्ष र गौरवको विषय भएको छ।

आशा छ, यस नवसूत्र संग्रहको अमृतोपदेशको पठनपाठन अध्ययन मनन र श्रवण गर्नु हुने पाठकवर्गले आफ्ना आचार विचार परिशुध्द गरी वोधिसत्वहरूको आदर्शको अनुगमन गर्नमा अवश्यमेव सफलता पाउन सक्नेछन्।

अन्त्यमा नेपाली बौध्द समाजमा दानपति भक्तिदास श्रेष्ठज्यूको दानशीलता सदा अविस्मरणीय रूपमा ररिरहने छ, उहाँको यो आदर्शलाई कायम गर्न सकेको खण्डमा दुर्बोध रूपमा रहेका अनेकन् अन्य वौद्ध ग्रन्थरत्नहरू पनि सरल र सुबोध रूपमा प्रस्तुत गर्दै लाने परम्परा चालू भैरहने छ, साथै यस किसिमको धार्मिक ग्रन्थरत्नको प्रकाशनबाट आर्जित हुने पुण्यले सर्वसत्व प्राणीलाई दशदिग्त्रिकाल मङ्गल सुख भैरहने छ तथा दिवंगत भएकी हसना मैयाँ (दानपति भक्तिदास श्रेष्ठकी श्रीमती) लाई समेत सर्व दुर्गति परिशुध्द भई सम्वोधि ज्ञान लाभ भएर अमिताभ तथागतको सुखावती भुवनमा बास मिलिरहने छ भन्न कुरामा म ज्यादै विश्वस्त भएको छु।

सर्वाक्षण विनिर्मुक्ता श्रध्दा प्रज्ञा कृपान्वित:
आकाराचार सम्पन्ना सन्तु जातिस्मरा सदा ।।

जयश्री विहार
थैना महाबौध्द, ललितपुर —हेमराज शाक्य
बुद्ध संवत् २५३४ (तदनुसार ने० सं० १११०,
वि०सं० २०४७) वैशाख पूर्णिमा

नव सूत्र संग्रह
एउटा सिंगो उपलब्धि

तिब्वती बौद्ध समाजमा कंग्यूर र तंग्यूर बौद्ध ग्रन्थरत्न, त्यस्तै श्रीलङ्काको बौद्ध समाजमा त्रिपिटकादि बौद्ध ग्रन्थरत्नको ठूलो प्रसिद्धि भए झैं नै नेपाली बौद्ध समाजमा नव सूत्र (यसलाई नव ग्रन्थ, नव धर्मा, नव खण्ड, नव व्याकरण, नव वैपुल्य सूत्र तथा नव महायान सूत्र पनि भन्दछन्) ग्रन्थरत्नको ज्यादै ठूलो प्रसिद्धि छ। वास्तवमा नवसूत्र भन्नु नै बौद्ध धर्म, बौद्ध आध्यात्मिक आचार विचार र बौद्ध दर्शनको समष्टि हो, महायानी बौद्ध सम्प्रदायको केन्द्रविन्दु हो।

नव सूत्रमा (१) ललितविस्तर (२) अष्टसाहस्रिका प्रज्ञापारमिता (३) लङ्कावतार (४) समाधिराज (५) गण्डव्यूह (६) सद्धर्मपुण्डरीक (७) दशभूमि (८) सुवर्णप्रभास (९) तथागतगुह्यक गरी जम्मा नौवटा ग्रत्थरत्नहरू छन्। ललितविस्तरमा शाक्यमुनि सिद्धार्थ गौतम बुद्धको जीवनीको महिमा र गरिमा पाइन्छ भने अष्टसाहस्रिका प्रज्ञापारमितामा माध्यमिक दर्शनको चरम विकास दर्शाइएको पाइन्छ। यस्तै एक न एक विशेषताको प्रस्तुतीकरण बाँकी अन्य ग्रन्थरत्नमा पनि पाइन्छ। तर यो नवसूत्र संस्कृतमा भएको हुनाले, यसको पठनपाठन, अध्ययन र मननमा अनेकन् दुर्बोधता र उपेक्षित भावनाहरू देखा परे। फलतः पछि पछि नेपाली बौद्ध समाजमा नवसूत्रभित्रका नौओटा ग्रन्थरत्नहरूको पुरा नाम र विवरण थाहा पाइराख्ने व्यक्ति भेट्टाउनु पनि दुर्लभ झैं हुनथाल्यो। केवल कुनै कुनै बौद्ध विहारहरूमा

प्रज्ञापारमिता ग्रन्थरत्नको पाठ पूजा र प्रदर्शन हुने जीवित परम्परा भएकोले सम्वन्धित व्यक्तिहरू प्रज्ञापारमिताको नामसम्म येनकेन प्रकारेण थाहा पाउँदथे । ललितपुरको हिरण्यवर्ण महाविहारमा अष्टसाहस्रिका प्रज्ञापारमिला नियमित रूपले पाठ गराउन आउने उपासक उपासिकाहरूको कहिल्यै कमी भएको देखिदैन । काठमाडौंको भगवान् वहालमा भने प्रत्येक वर्ष श्रावणी पूर्णीताका शतसाहस्रिका प्रज्ञापारमिताको भव्य प्रदर्शन हुने गर्दछ र वर्षको एकचोटि चैत्रकृष्ण प्रतिपदाको दिन प्रज्ञापारमिता ग्रन्थरत्नलाई सिंहासनमा विराजमान गराई खटजात्रा गरी नगर परिक्रमा गर्नुपर्ने थिति पनि छ । र, यसैको पृष्ठभूमिमा काठमाडौंको दार्शनिक नाम 'प्रज्ञापुरी' रहेको उल्लेख समेत पाइन्छ ।

वि. सं. १९७१ तिर काठमाडौं ओमवहाल नकवहिल टोल निवासी पं० निष्ठानन्द वज्राचार्यले नवसूत्र अन्तर्गतको ललितविस्तर ग्रन्थरत्न आफ्नो मातृभाषा नेपाल भाषामा अनुवाद गरी आफ्नै प्रेसमा छापेर प्रकाशमा ल्याएपछि, उक्त ललितविस्तर ग्रन्थको उपादेयता र लोकप्रियता निकै बढ्यो । त्यसबेला यस ग्रन्थरत्नले नेपाल बौद्ध समाजमा पुनर्जागरण नै ल्याइदिएको थियो । र, यस ग्रन्थको उपलब्धिले नेपाल भाषाको गद्य साहित्य पनि निकै धनी हुनपुग्यो ।

२००७ सालमा भएको जनक्रान्तिपछि, नेपालमा अनेकन् परिवर्तनहरू देखा परे । नेपाली बौद्ध समाजमा पनि थेरवादी बौद्ध विद्वान् र विदुषीहरूका प्रवेश र प्रभावले पाली बौद्ध साहित्यको संकलन र अनुवादबाट अनेकन् ग्रन्थरत्न, पत्रपत्रिका प्रकाशमा आएकोले बौद्ध साहित्यमा निकै उल्लेखनीय उपलब्धिहरू देखा परे र यसको क्रम आज पनि उत्तिकै गतिशील नै छ । यसको तुलनामा महायानी बौद्ध आचार्य र विद्वानहरूबाट उत्तिको विशेष उल्लेखनीय उपलब्धि देखा पर्न नसकेतापनि, काठमाडौं सवलवहाल निवासी पं० जोगमुनि बज्राचार्यले ललितपुर बूबहाल तःजः निवासी पं० रत्नबहादुर बज्राचार्यको

सहयोगमा नवसूत्र अन्तर्गतको बहुचर्चित ग्रन्थरत्न 'अष्टसाहस्रिका प्रज्ञापारमिता' नेपाल भाषामा अनुवाद गरी प्रकाशमा ल्याए। पं० जोगमुनि बज्राचार्यबाट शतसाहस्रिका प्रज्ञापारमिताको अनुवाद पनि केही अंश प्रकाशमा ल्याए, तर त्यो पूर्णावस्थामा भने आउन सकेन। फेरि ललितपुर अथःननी निवासी पं० आशाकाजी (वैद्य गणेशराज) बज्राचार्यले पनि नवसूत्र अन्तर्गतको 'सुवर्ण प्रभास' नेपाल भाषामा अनुवाद गरी यसलाई छपाई प्रकाशमा ल्याए। यसै प्रसङ्गमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नवसूत्र अन्तर्गतका दुइओटा ग्रन्थरत्न (सद्धर्मपुण्डरीक सूत्र र सुवर्ण प्रभास) नेपालीमा अनुवाद गराई जुन प्रकाशमा ल्याइदियो त्यसबाट पनि नवसूत्रको बढी महत्व र विशेषता प्रचारमा आयो।

नेपालमा विशेष गरेर भुजिमोल, रञ्जना र प्रचलित नेपालाक्षर लिपिमा ताडपत्रमा, नीलपत्रमा र हरितालीपत्रमा लेखिएका नवसूत्रका पाण्डुलिपिहरू यथेष्ट मात्रामा सुरक्षित अवस्थामा पाइन्छन्। अष्टसाहस्रिका, शतसाहस्रिका आदि प्रज्ञापारमिताका पाण्डुलिपिहरू भने सुनका मसीमा नै लेखिएका हुन्छन्। त्यसबेला काठमाडौं उपत्यकामा नवसूत्र अर्थात् नवग्रन्थका पाण्डुलिपिहरूको प्रशस्त मात्रामा प्रतिलिपि तयार गर्ने कार्य पनि सम्पादन हुन्थ्यो, यसबाट प्रत्येक बौद्ध बिहार तथा प्रत्येक प्रतिष्ठित व्यक्तिहरूका घरमा नबग्रन्थ सुरक्षित गर्ने, त्यसको पठनपाठन पूजन गर्ने परम्परा कायम भयो, साथै नेपालबाट तिब्बतका कैय्यन् बौद्ध गुम्बाहरूमा समेत नेपालमा तयार भएका नवसूत्रका प्रतिलिपिहरू सुरक्षित हुन पुगे।

तर, छिमेकी देश भारतमा भने पालवंश र सेनवंशको पतनपछि विधर्मीहरूको जगजगी र मारबाट बौद्धधर्ममा ह्रास आयो। भारत भूमिबाटै नवसूत्रका ग्रन्थरत्नहरू नष्ट भए यद्वा हराउँदै गए। तर नेपालमा भने संस्कृतमा लेखिएका नवसूत्रका ग्रन्थरत्नहरूका अतिरिक्त अन्य महायानी ग्रन्थरत्नहरू पनि

सुरक्षित अवस्थामा प्रचलित नै थिए र सुलभ तरीकावाट प्राप्त पनि हुन्थे ।

नवसूत्रको यस प्रसङ्गमा भारतीय विद्वानहरूको कथन यहाँ उद्धृत गर्नु युक्तिसंगत हुनेछ ।

'माध्यमिक दर्शन परिचय' मा भारतीय विद्वान् जयदेव सिंहको कथन यस प्रकार पाइन्छ –

'भारतमा महायानी वौध्द धर्मसम्बन्धो पुस्तकहरू पूर्णरूपले हराउँदै गए । यस किसिमका पुस्तकहरूको अनुवाद भने चिनियाँ भाषामा जापानी भाषामा तथा तिब्वती भाषामा रहेछ। महायानी बौध्द साहित्यका ग्रन्थहरू विशेष गरेर संस्कृत भाषामा तथा मिश्रित किसिमको संस्कृत भाषामा लेखिएका हुन्थे । बौद्ध ग्रन्थको अध्ययन तथा अन्वेषण गर्ने विद्वानहरूले त संस्कृत भाषामा लेखिएका वौद्ध ग्रन्थ प्राय: म्हासिनै सके होलान् भन्न पनि लागे।

सन् १८३३ मा अंग्रेज सरकारको तर्फवाट नेपालको राजधानी काठमाडौंमा श्री ब्रेन ह्यूगटन हडसन आवासीय राजदूतमा नियुक्त भए । उनले काठमाडौं उपत्यकामा सन् १८४३ को अन्ततक आफ्नो ओहडाको कार्यभार सम्हालेका थिए ।

ठीक यसैबेला उनले काठमाडौं उपत्यकामा संस्कृत भाषामा लेखिएका बौद्ध ग्रन्थका पाण्डुलिपिहरू ३८१ पोका फेला पारे । उनले आफूले पत्ता लगाएका सवै महायानी बौद्ध ग्रन्थहरू सम्पादन र प्रकाशनको लागि विभिन्न प्रज्ञा प्रतिष्ठान र पुस्तकालयहरूलाई उपहारस्वरूप प्रदान गरे । त्यसैबेलादेखि थाहा हुनआयो कि संस्कृत भाषामा लेखिएका बौद्ध ग्रन्थहरू पाली भाषामा लेखिएका ग्रन्थहरूभन्दा धेरै नै फरक रहेछन् भन्ने कुरो । अनि यो पनि थाहा हुन आयो कि चीन, जापान, तिब्वत, आदि देशहरूमा भएको महायानी बौद्ध 'ग्रन्थहरू संस्कृत भाषामा लेखिएका महायानी बौद्ध ग्रन्थहरूसंग धेरै नै मिल्दोजुल्दो रहेछन् भन्ने कुरो ।

अर्का भारतीय विद्वान् डा० पी० एल् वैद्यले पनि अष्टसाहस्रिका प्रज्ञापारमिताको प्राचीन संस्करणको भूमिकामा यसरी आफ्नो राय व्यक्त गरेका छन्–

'श्री हडसनले नेपालबाट प्राप्त गरेर ल्याइएका महायानी बौद्ध ग्रन्थहरू वङ्गाल एशियाटिक सोसाइटीलाई पनि प्राप्त भएपछि, त्यसवेला त्यहाँका पुस्तकालयमा ग्रन्थपाल हुनु भएका विद्वान् डा० राजेन्द्रलाल मित्रले नेपालवाट आएका महायानी बौद्ध ग्रन्थरत्नहरूको एउटा विस्तृत सूची तयार पारे र 'नेपालको सस्कृत बौद्ध साहित्य' (The Sanskrit Buddhist Literature of Nepal) नामबाट सन् १८८२ मा पुस्तक नै प्रकाशमा ल्याए । अनि उनले नै सन् १८८८ मा महायानी बौद्ध नवग्रन्थहरूमा सवभन्दा उत्कृष्ट दार्शनिक पुस्तक 'अष्टसाहस्रिका प्रज्ञापारमिता' पनि छपाएर प्रकाशमा ल्याए । तदुपरान्त नेपालमा खोजीनीति गरी पत्ता लगाएर लगिएका महायानी बौद्ध ग्रन्थहरूको प्रचार भारत र भारत वाहिर यूरोपतर्फ पनि विस्तारित हुँदै गयो । यसै प्रसङ्गमा अष्टसाहस्रिकाको प्रस्तावनामा यस किसिमको उल्लेख पनि रहनगयो –

"अष्टसाहस्रिका प्रज्ञापारमिताको सवभन्दा पहिलो संस्करण पनि श्री राजेन्द्र लाल मित्रबाटै सम्पादित भएर सन् १८८८ मा भारतको कलकत्ताबाट प्रकाशित भएको हो। यो प्रथम सस्करण ६ ओटा हस्तलिखित ग्रन्थमा आधारित छ, जसमा पाँच ओटा हस्तलिखित ग्रन्थ त विभिन्न विद्वान्हरूले नेपालमा नै पाएका थिए, अनि एउटा हस्तलिखित ग्रन्थ भने नेपाली मौलिक ग्रन्थको बंगाली लिप्यन्तर हो ।"

अर्का एकजना भारतीय विद्वान् ग्रन्थपाल डा० राजेन्द्र लाल मित्रले पनि "नेपालको संस्कृत बौद्ध साहित्य" नामक पुस्तकको भूमिकामा नेपालबाट प्राप्त गरेर भारतमा ल्याई

पुऱ्याएको नवसूत्र लगायत अन्य महायानी बौद्ध ग्रन्थहरूका बारेमा यसरी उल्लेख गरेका छन् –

श्री हड्सन महोदयले नेपालमा सस्कृत भाषामा लेखिराखेका बौद्ध ग्रन्थ कृतिहरू धेरै संख्यामा फेला पारे। नेपालमा यसरी अनेकन् संख्यामा महायानी बौद्ध ग्रन्थहरू सुरक्षित अवस्थामा छन् भन्ने कुरो उनी भन्दा अगाडि कसैलाई अत्तोपत्तो थिएन। यसैले उनले फेला पारेका महायानी बौध्द ग्रन्थहरू (नवसूत्र समेत) को प्राप्तिले बौद्ध इतिह्रासमा पूर्णत: क्रान्ति नै ल्याइदियो- र यो कुरा त्यसै शताब्दीको पूर्वार्ध्दतिर यूरोपमा समेत विस्तारित हुनपुग्यो। उनले कति संख्यामा महायानी बौद्ध ग्रन्थहरू फेला पारे त्यसको पुरा संख्याचाहिं थाहा हुन सकेन, तैपनि विश्वास गरिएअनुसार उनले फेला पारेका बौध्द ग्रन्थहरू राम्ररी मिलाएमा त्यसको पञ्जीकरण २०० सम्म पुग्न सक्छ। उनले त्यस किसिमको कृतिको ३८१ पोका यूरोपका विद्वान्हरूको सामु पनि उपलब्ध हुन सकोस् भन्ने हेतुले वितरण गरिदिए। साथै उनले वंगालको एशियाटिक सोसाइटीलाई मात्र १७९ अलग अलग कृतिहरू भएका ८६ पोका प्रदान गरे, अनि लण्डनको शाही एशियाटिक सोसाइटीलाई ८५ पोका, इण्डिया अफिस लाइब्रेरीलाई ३० पोका, बोडलियन लाइब्रेरी अक्सफोर्डलाई ७ पोका, सोसाइटी एशियाटिक र एम० बर्नफ़लाई १७४ पोका। पछिल्ला दुइ संकलन फ्रान्सका बिब्लियोथेक नेशनलमा रहेका छन्।''

अन्तर्राष्ट्रिय ख्याति प्राप्त भाषाविद् डा० सुनीतिकुमार च्याटर्जीको कथन (भारत र नेपाल, १९६३) अनुसार ''नेपाली जनतामा विशेष गरेर काठमाडौं उपत्यका र पूर्वी नेपालमा सुसम्य भएर बसेका नेवारहरूबाट भएको सवभन्दा ठूलो योगदानचाहिं संस्कृतमा लेखिएका महायानी बौद्ध साहित्यका सम्पूर्ण हस्तलिखित ग्रन्थहरू उनीहरूबाट सुरक्षित हुनु हो। मानव जातिका लागि हीनयान (थेरवाद) बुद्धधर्मका पाली साहित्यका

सवै हस्तलिखित ग्रन्थहरू सुरक्षित गरिराखेको श्रेय लङ्का (श्रीलङ्का) लाई भए झैं नै तथा लङ्काबाटै पाली साहित्य बर्मा (मोन्स र बर्मीहरूलाई), क्याम्वोडिया र श्याम (थाइल्याण्ड) तिर विस्तारित हुँदै गएको हो। एवंरीतले नेपालका जनताले महायानी बौध्दधर्मका मौलिक संस्कृत ग्रन्थ बिषयक ठूलठूला अमूल्य हस्तलिखित ग्रन्थहरू सुरक्षित गरिराखेकोले ठूलो उपलब्धि हुनआयो। यस किसिमका हस्तलिखित ग्रन्थहरू चिनियाँ भाषा, कोरियाली भाषा, जापानी भाषा, तिब्वती भाषा मंगोली भाषा र मन्चु भाषामा पनि अनुवाद भए, अनि यसैबाट वौद्ध धर्ममा अति गहन भएको दार्शनिक विकास (चिनियाँ, जापानी, तिब्वती र मंगोलियाहरूलाई) हुन गयो। यी सबै नेवार बज्राचार्यहरू र अन्य विद्वद्‌जनहरूले खूब राम्रोसग प्रतिलिपि तयार गरेर राखेका हस्तलिखित ग्रन्थहरूमा सुरक्षित भैरहेको पाइन्छन् जुन समयमा यस किसिमका हस्तलिखित ग्रन्थहरूको सम्झनासम्म पनि समस्त भारतको भूमिमा हराएर गैसकेको थियो, केवल भारतदेखि बाहिर चिनियाँ र तिब्वती अनुवादमा मात्र यस किसिमका ग्रन्थ जीवित रूपमा देखा परेको थियो। यसले हामीलाई नेपालबाट अमूल्य भैरहेका महायानी बौद्धग्रन्थहरू जस्तो ललितविस्तर दिव्यावदान, अशोकावदान, महावस्तु, कारण्डव्यूह, अप्टसाहस्रिका प्रज्ञापारमिता, अभतम्स सूत्र, सध्दर्मपुण्डरीक, सौन्दरानन्द आदि आदि प्राप्त गर्ने सौभाग्य मिल्यो।"

अनि नवसूत्र (नवग्रन्थ) कै प्रसङ्गमा एकदिन मेरा अनन्य मित्र भक्तिदास श्रेष्ठ (हामी दुबैजना दरबार हाइस्कूल र त्रिचन्द्र कलेजमा एउटै बेञ्चमा संगसंगै बसी पढेका सहाध्यायी) मेरो घरमा आउनुभयो। नवसूत्रको महिमा र गरिमालाई सतत आत्मसात् गर्नु हुने उहाँले मसंग नवसूत्रलाई नेपालीमा अनुवाद गराई प्रकाशनमा ल्याउने आफ्नो परियोजनाको रूपरेखा सुनाउनुभयो। नवसूत्र विषयक उहाँको कुरा सुन्न पाउँदा त्यसबाट मलाई

पनि निकै प्रभावित पार्यो । वहाँले मलाई साथमा लिएर जानुभयो। अनि हामी दुबैजना काठमाडौं मासंगल्ली निवासी प्रकाण्ड बौद्ध विद्वान् प० दिव्य बज्र वज्राचार्यज्यूकहाँ पुग्यौं र हामीले उहाँसंग सब कुरा निवेदन गर्यौं । पण्डितज्यू हर्षले प्रफुल्लित हुनुभयो, एक त नवसूत्र अनुवाद गरी प्रकाशनमा ल्याउने परियोजना वास्तवमा उहाँले पनि चाहना गरिराख्नुभएका रहेछ। अनि उहाँले तत्कालै सरल सुबोध शैलीमा मौलिकता झल्कने गरी नेपालीमा नवसूत्र संग्रह तयार गरिदिने वचन दिनुभयो ।

प० दिव्यवज्र वज्राचार्यज्यूले ज्यादै ठूलो परिश्रम गर्नु भई आफूले गर्नु भएको वचनानुसार 'नवसूत्र संग्रह' को लेखन कार्य समयमै समाप्त गर्नुभयो । अनि यसरी तयार भएको ग्रन्थरत्नलाई विधिवत् पूजाआजा गरी त्यसको पाठ गर्नुपर्ने, व्याख्या गर्नुपर्ने परम्परागत पद्धति भएकोले, उहाँले कमलादी स्थित नव निर्मित बौद्ध शान्ति निकेतन विहारमा आफ्नै तर्फबाट प्रतिष्ठित बौद्ध विद्वान र उपासक उपासिकाहरूलाई आमन्त्रण गरी एउटा भव्य समारोहको आयोजना गर्नुभयो । त्यस समारोहमा उपस्थित हुने सौभाग्य मैले पनि पाएको थिएँ । सद्धर्मरूपी नवसूत्र (नवग्रन्थ) को आराधनामा सद्धर्म ग्रन्थरत्नलाई सजीव मूर्तिको प्रतीकको रूपमा प्रार्थना गरिएको श्लोकमा शून्यता दर्शनको गम्भीर भाव थियो, जस्तो–

निर्विकल्पे नमस्तुभ्यं प्रज्ञापारमितेऽमिते
यास्त्वं सर्वानवद्याङ्गि निरवद्यैर्निरीक्षसे
आकाशमिव निर्लेपां निष्प्रपञ्चां निरक्षराम्
यस्त्वां पश्यति भावेन स पश्यति तथागतम् ।
इत्यादि ।

भावार्थ– ज्ञानविज्ञानबाट पारङ्गत भई बस्नुभएका हे सद्धर्मरूपी नवसूत्रका प्रज्ञापारमिता ! हजूरलाई सहस्रकोटि नमस्कार छ ।

हजूर वत्तीस लक्षणले युक्त वोधिज्ञानले परिपूर्ण भएर, संकल्प र विकल्पले रहित भएर, रूपआकारले रहित भएर बस्नुभएको छ। हजूर सर्वत्र असीम भएर व्याप्त हुनुहुन्छ, तैपनि हजूरलाई भेट्टाउन भने सकिंदैन। केवल राग, द्वेष, काम क्रोधबाट अलग भई निर्विकल्प समाधिमा वस्न समर्थ हुने ज्ञानी गुणी योगीजनहरूले मात्र हजूरलाई भेट्टाउँछन्।

अनि आकाश झैं निर्लिप्त भई, विषय वासनाबाट अलग भएर सांसारिक जञ्जालबाट मुक्त भएर सदा अविनाशी भएर बस्नु हुने हजूरलाई जजसले शुद्ध भावले त्याग तपस्याले योग बलले चिन्दछन् उनीहरूले मात्र तथागतलाई अर्थात् तथता जुन हो त्यो नै आदिबुद्ध, स्वयम्भू, धर्मधातु, शून्यता ज्ञानलाई राम्ररी बुझ्न सक्छन्। इत्यादि।

त्यस समारोहबाट नवसूत्रको महत्व र विशेषता झन् बढ्न गयो। एक एक सूत्रलाई एक एक पृथक् बस्तामा सजाइएको नवसूत्रका नौवटा ग्रन्थरत्नको पाठपूजा व्याख्याको धार्मिक कार्य समाप्त भएपछि, प० दिव्यबज्र बज्राचार्यज्यूले कल्याणमित्र भक्तिदास श्रेष्ठज्यूलाई सो नवसूत्र सग्रहको पाण्डुलिपि विधिवत् हस्तान्तरण गर्नुभयो। नवसूत्र संग्रहको त्यस हस्तान्तरण भएको क्षणमा कल्याणमित्र भक्तिदास श्रेष्ठज्यूको मनमा असीम हर्ष विभोर त हुनेनै भयो, तर उहाँका मनमा चाहिं उनैका (दिवंगत श्रीमती हसना मैयाँ श्रेष्ठ)सम्झनामा आँसु रसाइरहेको थियो। उहाँले एकचोटि मसंग यो पनि भन्नुभएको थियो– "सत्यमोहनज्यू, आखिर उनी मलाई सधैंका लागि छोडेर गइन्। उनका पुण्य स्मृतिमा नवग्रन्थ विषयक एउटा धार्मिक ग्रन्थरत्न तयार गराउन पाए कसो होला ?"। त्यसबेला मैले उहाँलाई भनेको थिएँ– "तपाईंले बडो उत्तम विचार गर्नुभयो। हाम्रो ललितपुरमा अनन्तलक्ष्मी नाम भएकी एउटी आदर्श नारीको स्मृतिमा कुम्भेश्वरको भव्य मन्दिर निर्माण भएको इतिहास छ।

हसना भाउज्यूको स्मृतिमा पनि नवग्रन्थको सद्धर्मरूपी एउटा भव्य मन्दिर तयार हुनसक्ने भयो भने त्यो त ज्यादै ठूलो दूरदर्शी काम हुनेभयो।" हुन पनि नेपाल संवत् ५१२ मा ललितपुर धाहुँसिक्व (घालसिको ?) गृहस्थानमा बस्ने जयभीम नाम गरेको एकजना महाजनले आफ्नी श्रीमती अनन्तलक्ष्मीको स्मृतिमा कुम्भेश्वरमा सदाशिव मृत्युञ्जय महादेवको पाँचतले मन्दिर जुन निर्माण गरेर गए त्यो मन्दिर कुम्भेश्वरको नामले अद्यापि सोही ठाउँमा राष्ट्रिय गौरव स्वरूप पवित्र तीर्थस्थलको रूपमा विद्यमान नै छ।

त्यसबेला मेरा मित्र भक्तिदास श्रेष्ठज्यूले गर्नुभएको दूरदर्शी विचार आज कार्यरूपमा साकारित हुनआयो।

मलाई पूरा विश्वास छ–शाक्यमुनि सिद्धार्थ गौतम बुद्धको जन्म भएको देशमा यस ग्रन्थरत्नले नेपालीहरूको दार्शनिक विधामा आफ्नै परम्पराको, मौलिक विचारधाराको एउटा स्रोत खोलिदिएको छ। यसको पठनपाठनले नेपाली बौद्ध समाजमा तथा बौद्ध धर्म दर्शनमा अभिरूचि राख्ने विद्वद् समाजमा पुन: अतीतको गौरवलाई आलोकित पार्ने तथा बौद्ध धर्म दर्शनको अध्ययन, मनन र चिन्तनमा एक नयाँ जागरण ल्याइदिने ग्रन्थरत्नको एउटा सिङ्गो उपलब्धि हुनआएको छ। हाम्रो देशको आध्यात्मिक एकता (Spiritual Unity) लाई यस ग्रन्थरत्नले निकै ठूलो टेवा दिनेछ।

अन्त्यमा नवसूत्र संग्रह जस्तो अमूल्य र अद्वितीय ग्रन्थरत्न जनसमक्ष ल्याउनमा प्रमुख हात हुने मित्रवर भक्तिदास श्रेष्ठज्यूलाई जति धन्यवाद दिए पनि थोरै नै हुनेछ। वास्तवमा उहाँ स्वयं बौद्ध परम्परा र मान्यतामा हुर्कनुभएका एक कुलीन परिवारका व्यक्ति पनि हुनुभएकोले, उहाँबाट पछि पछि पनि नेपालको बौद्ध धर्मको विकास क्रममा सक्दो सहयोग र योगदान भैनैरहनेछ भन्ने कुरामा म विश्वस्त छु। यसै प्रसङ्गमा

उहाँले नेपाल बोद्ध तदर्थ समितिको तर्फबाट अन्तर्राष्ट्रिय बौद्ध विद्यापीठ (International Buddhist Institute, A Scheme in preliminary form) नामक एउटा , गहकिलो पुस्तकजुन प्रकाशमा ल्याइसक्नु भएको छ, त्यो पनि यहाँ प्रसङ्गवश उल्लेखनीय भएको छ ।

ल० पु० वखुंवहाल
२०४७ ज्येष्ठ पूर्णिमा

सत्यमोहन जोशी

अष्ट सहस्रिका प्रज्ञापारमिता सूत्र

सर्वाकारज्ञताचर्या प्रथम परिवर्त

श्री सङ्गीतिकार भन्नु हुन्छ – "एवं मया श्रुतम्" मैले यस्तो सुनेको छु ।

कुनै समयमा श्री भगवान् बुद्ध साढे तेह्र हजार भिक्षु सङ्घहरूसंग राजगृहमा वस्नु भएको थियो । त्यो सभामा आनन्द बाहेक अरू सबै अर्हत्वलाभी थिए । अनि श्री भगवानले आयुष्मान् सुभूतिलाई संवोधन गरी यस्तो आज्ञा भयो– हे सुभूति ! बोधिसत्वहरूले प्रज्ञापारमिता संवन्धी जुन चर्या गर्दा बुद्धत्त्व लाभ हुने हो सो ज्ञान तिमीलाई स्फुरण होस्; प्रतिभा लाभ होस् भनी अधिष्ठान गर्नु भयो ।

यस्तो आज्ञा हुंदा आयुष्मान शारिपुत्रको मनमा यस्तो विचार उठ्यो "सुभूतिको आफ्नै प्रतिभाको वलले प्रज्ञापारमिताका उपदेश दिनु होला कि अथवा बुद्धानुभावले प्रज्ञापारमिताको उपदेश दिनु हुने हो ।" यस्तो शारिपुत्रको वितर्कलाई सुभूतिले बुझ्नु भयो र भन्नु भयो– "आयुष्मान् शारिपुत्र ! भगवान्का श्रावकहरूले जे जति उपदेश गर्छन्, ती सबै बुद्धकै अनुभाव हो । उहाँकै उपदेश हो भनी सम्झनु पर्छ ।"

अनि श्री भगवान्लाई हात जोडी सुभूतिले यस्तो विन्ती गर्नु भो । हे भगवन् ! प्रज्ञापारमिता सबन्धी ज्ञान लाभ होस् भनी हजूरले आज्ञा हुने चित्तिकै बोधिसत्व भन्ने नाम र प्रज्ञापारमिता भन्ने नाम पनि काल्पनिक हुन् । तसर्थ बोधिसत्व तथा प्रज्ञापारमिता भन्नें नै म देख्दिन । अब म कसलाई बोधिसत्व भनी नाउँ कल्पना गरी कस्तो प्रज्ञापारमिता संवन्धी उपदेश दिऊँ । हे भगवन् ! वोधिसत्व प्रज्ञापारमिता भन्ने नाउँ कल्पित

हुन्, कल्पित नाउँ सच्चा होइन । किनभने कसैको शरीरमा वोधिसत्व कहाँ छ भनी खोजेमा वोधिसत्व पाउँदैनौं । अतः कल्पित नाम छैन भनी भावना गर्ने गर्दा जसलाई दिक्क लाग्दैन तथा गाह्रो मान्दैन, अलसी मान्दैन, त्यस्तो व्यक्तिलाई प्रज्ञापारमिताको उपदेश दिनु उचित छ । कल्पित नाम सच्चा होइन भनी सर्वत्र सर्वदा मनमा स्फुरण भै रहनु नै प्रज्ञापारमिताको दर्शन गर्नु हो । कल्पित नाउँ सच्चा होइन भन्ने वाक्य नै उपदेश हो । जति संसारका वस्तुहरू छन्, ती सवैका नाउँहरू कल्पना गरी राखेका हुन् सच्चा होइन भनी हरदम भावना गरी वस्नु नै अववादानशासन हो ।

फेरि हे भगवन् ! प्रज्ञापारमिता चर्या गर्ने तथा भावना गर्ने व्यक्तिले वोधिचित्तमा पनि आशक्त हुनु हुदैन । किनभने वोधिचित्त पनि काल्पनिक नाम हो अतः अचित्त नै हो । यही विशुद्ध चित्त हो । यसको स्वभाव प्रभास्वर हुन्छ ।

वोधिचित्त अचित्त नै हो भन्ने कुरामा शारिपुत्रको शङ्का निवारण गर्न सुभूतिले भन्नु भयो, जुन चित्तमा कल्पना हुदैन त्यो चित्त अचित्त नै हो । अनि फेरि सुभूतिले भन्नु भयो – बुद्धत्व, अर्हत्व, प्रत्येक बुद्धत्व लाभ गर्न पनि प्रज्ञापारमिताको कुरो सुन्नु आवश्यक हुन्छ । यसमा सवले गर्नु पर्ने चर्य्याको वर्णन गरेको छ । यसकारण प्रज्ञापारमिताको भावना गर्नु अति उचित छ ।

अनि श्री भगवान्संग यस्तो विन्ती गर्न भयो– हे भगवन् ! वोधिसत्त्व भन्ने नाउँको भरमा तथा प्रज्ञापारमिता भन्ने नाउँको भरमा वहाँहरूलाई आलम्बन नगरिकन बोधिचर्य्या तथा प्रज्ञापारमिताको वर्णन कसरी गरूँ । यही कल्पित नाउँको आय व्यय अर्थात छ, छैन कसरी भनुं तथा कुनै व्यक्ति वा वस्तुको नाम कल्पित हुनाले अविद्यमान वा अस्थित छ, न त अस्थित छ भन्न मिल्छ ।

अथवा न विष्ठित नै छ । अर्थात् जन्मेदेखिको नामको परम्परा मरण महुञ्जेल न बदलिन्छ, न त वदलिंदैन । त्यसकारण

नाउँलाई परिकल्पित स्वभाव भनिन्छ । यस्तो नाममा आशक्त हुनु हुंदैन भनी उपदेश दिंदा जो व्यक्ति दिक्क मान्दैन, भय मान्दैन तथा यो उपदेशलाई दृढ विश्वास (अधिमुक्ति) तथा भित्रि दिलैदेखि श्रद्धा गर्छ भने सो व्यक्ति अविनिवर्त वोधिसत्व भूमिमा प्रवेश गर्‍यो भो हुन्छ ।

हे भगवन्! बोधिसत्वले रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान यी पञ्चस्कन्धहरू कल्पित तथा परतन्त्र स्वभावका र निःस्वभावका हुन्छन । अतः रूपादि सच्चा वस्तु हुन् भनी आशक्त भई वस्नु हुंदैन । यी वस्तु सच्चा हुन् भनी सम्झने व्यक्तिले प्रज्ञापारमिता पूर्ण गर्न सक्दैन तथा सर्वाकारज्ञता लाभ गर्न सक्दैन । रूपादि पञ्चस्कन्धलाई परित्याग गर्नु नै प्रज्ञापारमिता हो । जब यो भावना पूर्ण हुन्छ । अनि उसलाई सर्व धर्मापरिगृहित नामको समाधि लाभ हुन्छ । अर्थात् पञ्चस्कन्ध भनेको आध्यात्मिक शरीरदेखि लिएर वाहिरका सबै पदार्थहरू भनेका हुन् । ती सबै धर्मलाई परित्याग गर्नु नै सर्व धर्मापरिगृहित भनेको हो । सर्वज्ञता पनि ग्रहण नगरिने स्वभावको हुन्छ । अर्थात् सर्वज्ञताको निमित्त ग्रहण गरिंदैन । यही कुरो बुझेर श्रेणिक परिव्राजकले आफू धर्म छोडेर बुद्ध धर्ममा श्रद्धा गरेका हुन् पञ्चस्कन्धमध्ये कुनै वस्तुको पनि निमित्त ग्रहण नगरी श्रेणिक परिव्राजकले सर्वज्ञ ज्ञानमा श्रद्धानुसारी फल लाभ गर्‍यो । यसरी आकार लामो छोटो रातो पहेंलो आदिलाई निमित्त भनिन्छ । यी सबै आपेक्षिक हुन् । परतन्त्र तथा परिकल्पित स्वभावका हुन् भनी निमित्तलाई उपेक्षा दृष्टिले हेर्नु नै निमित्त ग्रहण नगर्नु भनिन्छ । यसैलाई प्रज्ञापारमिता (अनिमित्त विमोक्ष) भनिन्छ ।

हे भगवन् ! यस प्रकारको प्रज्ञापारमिता छ कि छैन भनी परीक्षा गर्दा जसको मन सकुचित हुंदैन, दिक्क लाग्दैन तथा भय मान्दैन त्यस्तो वोधिसत्व प्रज्ञापारमिताको साथमा छ भने हुन्छ । किनभने रूप स्वभाव रहित छ वेदना संज्ञा संस्कार विज्ञानहरू पनि आ-आफ्नु स्वभावले रहित छन् । अर्थात् सबै

निःस्वभावका हुन्छन् भन्ने शारिपुत्रको भनाईलाई समर्थन गर्दै सुभूतिले यस्तो भन्नु भयो । यी पञ्चस्कन्ध मात्र होइन प्रज्ञापारमिता, सर्वज्ञता, लक्षण, लक्ष्य, आदिको पनि आ-आफ्नु स्वभाव छैन । यही निःस्वभावको भावनाले गर्दा सर्वज्ञता लाभ हुने हुन्छ । यसरी निःस्वभावको कुरो बुझमा सर्व धर्म (सबै वस्तु) अजात अनिर्जात रहेछ भन्ने बुझ्न सकिन्छ । साथै यसलाई निरन्तर भावना गर्दा सर्वज्ञता चाँडै लाभ हुने हुन्छ ।

अनि फेरि आयुष्मान् सुभूतिले अनिमित्त भावना गर्ने विषयलाई लिएर यस्तो भन्नु भयो । रूपस्कन्ध, रूपको निमित्त रूप भनी भावना गर्नु तथा रूपको उत्पत्ति स्थिति भङ्ग भनी भावना गर्नु र रूप शून्य हो भनी भावना गर्दा पनि निमित्त ग्रहण गरेकै हुन्छ । म भावना गर्छु तथा म वोधिसत्व हुं भनी मात्र सम्झंदा पनि बोधिसत्वलाई आलम्वन गर्ने हुंदा निमित्त ग्रहण गरेकै हुन्छ । यस्तै गरी वेदना, संज्ञा, संस्कार, विज्ञान स्कन्धहरूमा पनि घटाउनु पर्छ । यी सबै भावना सनिमित्त भावना नै हुन्छ । यस्तो सनिमित्त भावना गर्ने वोधिसत्वलाई उपाय नजान्ने भनिन्छ ।

तर माथि उल्लेख गरेको जस्तो नगरी ठीक त्यसको विपरीत भावना गरेमा प्रज्ञापारमिता भावना गरेको हुन्छ । साच्चै भनुं भने म भावना गर्छु भनी मनमै लिनु हुंदैन । किनभने सर्वधर्मा अनुपगत्ता अनुपात्ता अर्थात् सांसारिक सबै वस्तुहरूको आकार स्वीकार नगरिने तथा वास्तविक तत्व यही हो भनी ग्रहण नगरिने हुन्छन् । यसलाई सर्वधर्मानुपादान समाधि भनिन्छ । अर्थात् कुनै बस्तुलाई पनि ग्रहण नगरिने समाधि भनिन्छ । यसको अभ्यासले चाँडै बुद्धत्व लाभ हुने हुन्छ ।

अनि आयुष्मान् सुभूतिले बुद्धानुभावद्वारा यस्तो भन्नु भयो । सर्वधर्मानुपादान समाधिमा बस्ने व्यक्तिलाई ''मैले समाधि गरें वा गर्नेछु'' भन्ने भाव हुंदैन यस्तो भन्दा शारिपुत्रले भन्नु भयो ''यस्तो समाधिको वर्णन गरेर देखाउन सकिन्छ'' र भन्नु

हुंदा सुभूति भन्नु हुन्छ "जुन समाधि अभाव स्वभावको छ" त्यसको के वर्णन गरूं ।

यस्तो वचन सुनी शारिपुत्रले धेरै साधुवाद दिनु भयो । अनि श्री भगवानलाई यस्तो विन्ती गरे । हे भगवन्! यस्तो समाधिको भावना गर्दा प्रज्ञापारमिता जानिन्छ ? यसको उत्तरमा श्री भगवानले जानिन्छ भन्ने आज्ञा भएपछि फेरि यस्तो विन्ती गर्नु भयो । यस्तो गर्दा के सिकिन्छ भनी विन्ती गर्दा केही सिकिंदैन । किनभने जब नभएका वस्तु नै भएको जस्तो देखिन्छ, तव त्यस्तो ज्ञानलाई अविद्या भनिन्छ । यही अविद्याले नभएका वस्तुहरू भएका जस्ता देखिने हुन्छ । त्यसकारण "असविद्यमान सर्वधर्मा" अर्थात् कुनै वस्तु छैन भन्ने सिद्धान्त उत्पत्ति हुन्छ । यसरी सवै वस्तु कल्पना गरिन्छ, भन्ने संझेका छन् । अर्थात् नामरूप पञ्चस्कन्ध भनी कल्पना गरी त्यसैमा आशक्त हुन्छन् । यस्तो कल्पनामा लाग्ने व्यक्तिले भूतकोटि (निर्वाण) लाई बुझ्दैन । परन्तु बोधिसत्वलाई राम्ररी बुझी कुनै वस्तुमा आशक्त हुंदैनन् ।

यसबाट सर्वज्ञता पाइन्छ कि भन्ने शारिपुत्रको प्रश्नको उत्तरमा श्री भगवानबाट आज्ञा भयो । यसवाट सर्वज्ञता पाइने होइन सर्वधर्मताको शिक्षा पाइने हुन्छ । अनि सर्वज्ञताको शिक्षा पाइन्छ तथा सर्वज्ञताको नजिक पुगिने हुन्छ ।

अनि माया पुरूष झैं भएर सर्वज्ञताको शिक्षा पाइन्छ कि भन्ने प्रश्नको उत्तरमा श्री भगवानले यस्तो आज्ञा भयो । सुभूति रूप वेदना आदि पञ्चस्कन्ध भनेकै माया (जादु) नै हो तथा जादु भनेकै पञ्चस्कन्ध (संसार तथा प्राणी) हो । यसकारण बोधिसत्व भन्नु र पञ्चस्कन्ध भन्नु पनि यौटै हो तथा माया जादु भन्नु पनि यौटै भएपछि माया पुरूष भएर नै अर्थात् जादुबाट उत्पन्न भएको मानिस भएर नै सर्वज्ञता सिकिन्छ भन्ने सिद्ध हुन्छ तथा सम्यक्संवोधि लाभ पनि गरिन्छ भन्ने बुझ्नु पर्छ । पञ्चस्कन्ध भन्नु र षड्इन्द्रिय भन्नु यौटै कुरो हो । अतः यिनीहरू

सबै जादु समान हुन् । यस्तो व्याख्या सुन्दा कल्याण मित्रको सङ्गत पाएकोले मात्र पत्याउने हुन्छ तथा भय नमान्ने हुन्छ भनी श्री भगवानवाट आज्ञा भयो ।

अनि कल्याण मित्र कस्ता हुन्छ भन्ने प्रश्नको उत्तरमा श्री भगवानवाट यस्तो आज्ञा भयो । जसले प्रज्ञापारमिताको उपदेश दिन्छ तथा नियम वताउछ । साथै मार यस्ता हुन्छ, मारले यस्तो यस्तो विघ्न गर्छ भन्ने उपदेश दिन्छ । अनि यस्तो काममा लाग्नु यस्तोमा नलाग्नु भन्ने उपदेश अति दिने व्यक्तिलाई वोधिसत्व महासत्व संन्नाह संन्नाद्ध कल्याण मित्र भनी भनिन्छ ।

अनि वोधिसत्व भन्ने कुन पदार्थ हो भनी अनासक्त भावमा सोधिएको प्रश्नको उत्तरमा श्रीले यस्तो आज्ञा गर्नु भयो । वोधिसत्व भन्ने कुनै पदार्थ छैन भनी पहिले नै उपदेश दिइयो । तर यहाँ सम्बृति सत्य व्यवहारको दृष्टिले यसलाई संज्ञा समज्ञा प्रज्ञप्ति भनेर भनिन्छ । सबै वस्तुमा अनाशक्त भई रहनु नै सम्यक्संवोधित्व सिक्नु हो । अनाशक्त भावले वोधिज्ञानमा लाग्ने सत्य नै वोधिसत्व हो । महान सत्वराशिलाई उद्धार गर्ने व्यक्ति नै महासत्व हो ।

अनि शारिपुत्रले यस्तो विन्ती गर्यो । हे भगवन्, मेरो विचारमा त महान् आत्मदृष्टि जीवदृष्टि पुद्गलदृष्टि तथा भव, विभव, उच्छेद, शाश्वत सत्काय आदि दृष्टिलाई हटाउन निर्मूल पार्न तम्सने वोधिसत्वलाई नै महासत्व भनेको जस्तो लाग्छ । अनि सुभूतिले यस्तो विन्ती गर्यो । हे भगवन् ! वोधिचित्त सर्वज्ञताचित्त आदिको कुरा श्रावकहरूले बुझ्दैनन् यस्तो वोधिचित्तमा पनि आशक्त नहुनेलाई नै वोधिसत्व भनेको हुनु पर्छ । अनि यस्तो वोधिचित्तमा पनि अनाशक्त हुन्छ र भन्ने शारिपुत्रको प्रश्नको उत्तर दिदै भन्नु हुन्छ हे आयुष्मान वोधिसत्व त्यस्तो अवस्थामा अचित्त हुन्छन् अर्थात् निविकल्प अवस्थामा हुन्छन् । त्यस कारण "चित्त असक्तोऽपर्यापन्न" भनेको हो । जब विकल्प हुंदै

तव चित्त हुंदैन । यस्तो अचित्त आवस्थाको व्याख्या सुन्दा शारिपुत्रले सुभूतिलाई धेरै साधुवाद दिनु भयों ।

अनि पूर्ण मैत्रायणीप्रपुत्र हो यस्तो विन्ती गर्नु भयो । हे भगवन् ! मेरो विचारमा त मारसंग संग्राम गर्न महान दाता दिकवच लगाएर कमर कसको र महायानमा लागेकोले संनाह संनद्ध महासत्व भनेको जस्तो लाग्छ । अनि श्री भगवानले आज्ञा भयो । हे मैत्रायणीपुत्र ! असंख्य प्राणीहरूलाई निर्वाणमा लगाए पनि ती असंख्य प्राणीलाई छ भन्ने भावना नलिई उद्धार गर्ने हुन्छ । मायोपमा भावना गर्नेहरूको धर्मता (प्रतीत्य समुत्पादको नियम) यस्तै हुन्छ । जस्तै कुनै जादुगरले आफ्नू मायाको वलले धेरै जनता उत्पन्न गरी फेरि अन्तर्ध्यान गरिदिन्छ । नदेखिने गरिदिन्छ । तव ती जनताहरूलाई नाश गर्‍यो मार्‍यो भन्न हुँदैन । यसरी नै वोधिसत्वले उद्धार गरेका प्राणीहरू नत छ नत छैन भन्ने वोधिसत्वले संझदैन । हे सुभूति ! यस्तो कुरा सुन्दा नतर्सने व्यक्ति नै संन्नाह संन्नाद्ध भनिन्छ ।

अनि सुभूतिले यस्तो विन्ती गर्नु भयो– हे भगवन् ! यस्तो वोधिसत्वलाई पनि असंन्नाह सनद्ध भन्न मलाई मन लाग्छ । किनभने ती पनि मायोपम नै हुन् । अनि श्री तथागतले यस्तो आज्ञा भयो- तिमीले ठीकसंग भावना गर्‍यौ । किनभने सर्वज्ञता भन, वोधिसत्व नै भन ती सबै असंस्कृत (न वनाएको वा न वनेको) तथा अविकृत र अनभिसंस्कृत नै हुन् । यस प्रकारका प्राणीहरूलाई उद्धार गर्न संन्नाह सन्नाद्ध हुन् । रूप वेदना आदि पञ्चस्कन्धहरू अवद्ध र अमुक्त हुन् अर्थात् यिनीहरू संसारको वन्धनले वाधिएका र मुक्त भएको छैन । यसो भन्दा मैत्रायणोपुत्रले भन्नु भयो । कुन रूपादि तथा कुन रूपादितथमा अवद्ध र अमुक्त हुन् ? यरूको उत्तरमा सुभूतिले भन्नु भयो । हे आयुष्मान् पूर्ण जादुवाट उत्पन्न गरिएको मानिसको निमित्त रूपादि र रूपादितथता अवद्ध अमुक्त हुन्छ । किनभने माया पुरूष सांचैको होइन तथा उत्पन्न

भएकै होइन । यसकारण रूपादि सबै पदार्थ अबद्ध अमुक्त भनेको हो।

अनि श्री तथागत्ले महायान संबन्धी सुभूतिको धेरै प्रश्नहरूको उत्तर दिंदै यस्तो आज्ञा भयो । जुन यानको प्रमाण नै छैन, त्यस्तो यानलाई महायान भनिन्छ । यो यान दानादि पारमिताद्वारा संप्रस्थान हुन्छ, अर्थात् शुरू हुन्छ । अनि काम, रूप अरूप धातुबाट पार हुने हुन्छ । मुक्त हुने हुन्छ । अर्थात् रूप रस आदि विषयबाट प्रस्थान हुन्छ र सर्वज्ञतामा स्थित भएर बस्ने हुन्छ । यस्तो बोधिसत्वले यहाँबाट प्रस्थान गरें, यहाँ पुगें भन्ने भावना लिनु हुंदैन । किनभने सबै वस्तु तथा सर्वज्ञता पनि मायोपम नै हुन् भनी बुझ्नु पर्छ । यस्तो बुझेको बोधिसत्वलाई महायानसन्नद्ध वा संन्नाहसन्नद्ध भनिन्छ ।

अनि सुभूतिले विन्ती गर्‍यो । हे भगवन् ! आकाश जस्तै विशाल हुंदा महायान नै हो । किनभने सबै प्राणी तथा वस्तुहरू यहि आकाशमा अटाउँछ । त्यस्तै यो महायानमा पनि सबै यान तथा मतका धर्महरू अटाउँछ । यो यानको आदि अन्त तथा मध्य छैन । यो यानले आगम र निर्गम आदि क्रिया पनि गर्दैन । यस्तो वचन सुनी श्री तथागतले सुभूतिलाई धेरै साधुबाद दिनु भयो ।

अनि मैत्रायणीपुत्रको शङ्का निवारण गर्दै सुभूतिले श्री भगवानसंग यस्तो विन्ती गर्नु भयो– "म जति कुरो बोल्छु, ती सबै बुद्धानुभावले बोल्छु तथा प्रज्ञापारमिताको अनुकूल हुने गरेर नै बोल्छु । यति मात्र होइन आदि, अन्त, मध्य कहींबाट पनि बोधिसत्व आउनु जानु गर्दैन । किनभने रूप वेदना आदि पञ्चस्कन्धको आदि, अन्त, मध्य हुंदैन अतः पञ्चस्कन्धलाई आपर्यन्त भनिन्छ । यति मात्र होइन पञ्चस्कन्ध बोधिसत्व होइन तथा त्यसमा बोधिसत्व छैन र पाइंदैन । यसरी सर्वत्र बोधिसत्वलाई कसैले पनि पाउन सक्दैन तथा प्रज्ञापारमिता र सर्वज्ञता द्वत्व पनि कहीं पाइंदैन । किनभने यी सबै नाउँ मात्र हुन् । नाउँ

उत्पन्न हुने अर्थात् अभिनिर्वतन वस्तु होइन । यसरी आत्मा आत्मा भनिन्छ । यो पनि नाम मात्र हुन् । यसरी सबै वस्तुहरू अभावका हुन्छन् । यस्तो विषयलाई लिएर धर्म संवन्धी अबवाद वा उपदेश कसरी दिने ? यस्तो भनेको सुन्दा जसलाई भय वा त्रास उत्पन्न हुंदैन, वरू श्रद्धा उत्पन्न हुन्छ भने त्यस्तो व्यक्तिले प्रज्ञापारमिता बुझ्ने तथा भावना गर्ने हुन्छ । यसरी प्रज्ञापारमिताको भावनामा लाग्ने व्यक्तिले, पञ्चस्कन्धलाई भावना गर्दैन । तिनीहरूले उत्पत्ति भयो, निरोध भयो भनेर पनि भावना गर्दैन । बरू पञ्चस्कन्धलाई अनुत्पाद भनी सम्झने हुन्छ । जसको उत्पत्ति हुंदै उसको व्यय (नाश) पनि हुदैन भनी भावना गर्नु राम्रो सम्झन्छ । यस्तो भावना गर्ने व्यक्तिले पञ्चस्कन्ध त्यसको निमित्त तथा अनुत्पाद यी सबै एक्कै संझन्छ तथा अव्यय भन्ने संझन्छ । यस संसारका सारा पदार्थलाई अर्थात् पञ्चस्कन्धलाई अनुत्पाद, अव्यय, अद्वय भनी भावना गर्ने हुन्छ ।

वोधिसत्व नै अनुत्पाद भए, वोधिसत्वले दुष्करचर्या कसरी पालना गर्ने होला भन्ने शारिपुत्रको प्रश्नको उत्तरमा सुभूतिले यस्तो भन्नु भयो । वोधिसत्वले दुष्करचर्या पालन गर्ने होइन । बरू असंख्य प्राणीहरूलाई आमा बाबु तथा छोरा छोरी संझी वोधिसत्वले सुखपूर्वकै वोधिचर्या पालन गर्ने हुन्छन् । जसरी आपनु दुःख प्रयत्नपूर्वक हर तरहले शान्त गर्न खोजिन्छ । त्यस्तै प्राणीहरूलाई आमा वाबु संझी मैले वहाँहरूको दुःख शान्त गर्नु पर्छ । वहाँहरूलाई मैले बेवास्ता गर्नु हुदैन तथा चित्त दुखाउनु हुंदैन । बरू मैले दुःख सहनु परे पनि सहन्छु भनी चर्या गरे पनि वोधिसत्वलाई दुःख हुंदैन किनभने वोधिसत्वहरूको म भन्ने भाव नै हुंदैन भने मलाई भयो भन्ने कसरी हुन्छ तथा वहाँहरूले म मेरो भन्ने अहंकार नै त्याग गरी सकेको हुन्छ । अतः वहाँहरूलाई दुःख हुंदैन । यसरी अनुत्पाद भावनाले आफूलाई जिती सकेको हुन्छ ।

अनि सारिपुत्रको शङ्का निवारण गर्दै सुभूति भन्नु हुन्छ। बोधि भन्ने नाउँ मात्र अनुत्पाद होइन। बोधिसत्व भन्ने धर्म अर्थात् वस्तु र स्वभाव पनि अनुत्पाद हो। यति मात्र होइन सर्वज्ञता र सर्वज्ञताधर्म, पृथग्जनधर्म पनि अनुत्पाद हुन्। यस्तो वचन सुनी शारिपुत्र भन्नु हुन्छ। त्यसो भए विना परिश्रमले नै सर्वज्ञता प्राप्त हुने भो अनि सुभूति भन्नु हुन्छ। हाम्रो सिद्धान्त अनुसार अनुत्पन्न धर्मलाई प्राप्त गरिंदैन। न त अनुत्पन्न धर्मले अनुत्पन्न वस्तु नै प्राप्त गरिन्छ। त्यसकारण कुनै वस्तुलाई उत्पाद वा अनुत्पाद भन्नु नै जल्प हो अर्थात् विकल्प वा प्रपञ्च हो। परन्तु जब ज्ञान हुन थाल्छ तब अनुत्पादको मात्र सहानुभूति हुन्छ तथा यस्तै गर्नु उचित छ।

अनि शारिपुत्रले भन्नुभयो यस्तो धर्म प्रचार गर्ने धर्म कथिकलाई सम्मानपूर्वक अग्रस्थान दिनु योग्य छ। किनभने आयुष्मान सुभूतिसंग जुन प्रश्न गर्छु, त्यसबाट अलग्गीन प्रयत्न गर्नु हुन्छ। साथै धर्मता (प्रतीत्यसमुत्पातको नियम) पनि छोड्नु हुंदैन। अनि सुभूति भन्नु हुन्छ। तथागतको अनाशक्त श्रावक यस्तै हुन्छन्। किनभने उहाँहरू सबै वस्तुमा अनिश्रित हुन्छंन्, अर्थात् अनाशक्त हुन्छन्। यसैलाई सर्वज्ञता निश्रित पारमिता भनिन्छ। यस धर्मलाई सुन्दा जसको चित्त उदासिन हुंदैन तथा शङ्कित हुंदैन। त्यस्तो व्यक्तिले प्रज्ञापारमिता विहारले विहार गरिरहेको हुन्छ। प्रज्ञापारमिता मनसिकारले पनि युक्त हुन्छ भनी जान्नु पर्छ। यस्तो किन हुन्छ भन्ने शारिपुत्रको प्रश्नको उत्तरमा सुभूति भन्नु हुन्छ। अनालम्ब स्वभावको प्रज्ञापारमिता तथा सालम्ब स्वभाव मनसिकार एक्कै ठाउँमा कसरी रहन्छ भन्नु भएको होला। यस्तो विचारमा केही दोष देखिन्छ। किनभने सबै वस्तु छ भन्ने तपाईको भावना रहेछ। प्राणी तथा मनसिकार दुवै अस्वभाव तथा असत्पदार्थ भन्ने कुरोमा भने ख्याल गर्नु भएन। साथै सबै पदार्थ विविक्त अचिन्त्य,

अनभिसंबोध हुन्छ भन्ने कुरा पनि सम्झनु भएन । यी उपर्युक्त कुरामा विचार पुऱ्याउनु भएमा मनसिकारले युक्त भइकन पनि प्रज्ञापारमिता विहारले विहार गरिरहेको हुन्छ ।

सर्वकारचर्या परिवर्त समाप्त

२ शक्र परिवर्त

अनि त्यस धर्म सभामा धेरै देवपुत्रहरूको साथमा देवराज इन्द्र पनि उपस्थित भएका थिए तथा चतुर्महाराजाहरू ब्रह्मा अनि शुद्धावास देवपुत्रहरू पनि उपस्थित भएका थिए । साथमा वहाँहरूका धेरै आ-आफ्ना परिवारहरू पनि थिए । त्यसवेला बुद्धतेजले सबै देवताहरूको तेज मलिन भएको थियो ।

अनि शक्र देवेन्द्रले आयुष्मान सुभूतिलाई यस्तो विन्ती गरे । आर्य सुभूति ! यी धेरै जसो देवताहरू तपाईबाट प्रज्ञापारमिताको उपदेश सुन्न आएका छन् । बोधिसत्वले प्रज्ञापारमितालाई कसरी बुझ्नु पर्छ कसरी मनन गर्नु पर्छ ? कसरी भावना गर्नुपर्छ ? यी प्रश्नहरूको उत्तरको रूप सुभूतिले भन्नु भयो । हे देवराज ! बुद्धानुभावले मैले भनिरहेको छु । जसले बुद्धो भवेयं जगतो हिताय भनी बोधिचित्त उत्पन्न गरेको छैन । त्यसले सर्वप्रथम बोधिचित्तनै उत्पन्न गर्नु पर्छ । जसले स्रोत आपत्ति फल लाभगरिसकेको छ, त्यसले बुद्धत्व लाभ गर्न सक्दैन । यो सद्धर्मको नियम हो । तथापि जगत्सत्व प्रति करूणाले बोधिचित्त उत्पन्न गर्छन् भने सो मार्गफल लाभ गरिसकेकालाई पनि विशिष्ट फल दिने हुन्छ ।

यस्तो वचन सुनी श्री भगवानले सुभूतिलाई धेरै साधुवाद दिनु भयो । अनि सुभूति कृतज्ञता प्रकट गर्दै भन्नु भयो– श्रावक र बोधिसत्वहरू परस्परमा मित्रतापूर्वक सहयोग गरी सद्धर्म प्रचार गनु पर्छ । यसो गरेमा बोधिसत्वले चाँडै बुद्धत्व लाभ गर्न

सवछ, भनी विन्ती गर्नु भयो । अनि फेरि सुभूतिले इन्द्रलाई यस्तो भन्नु भयो– हे देवराज ! शून्यतालाई बुझी मनन गरेर मात्र प्रज्ञापारमिताको भावना गर्नु पर्छ तथा उपर्युवत नियमले संन्नाह संन्नाद्ध बोधिसत्वले पञ्चस्कन्धहरूमा आशक्त हुनु हुंदैन तथा चक्षु चक्षुर्विज्ञान रूप, चक्षुः संस्पर्श, चक्षुः संस्पर्शज वेदना, यसै गरी श्रोत्र, शब्द, श्रोत्र विज्ञान, श्रोत्र संस्पर्श, श्रोत्र संस्पर्शज वेदना, घ्राण, गन्ध, घ्राण विज्ञान, घ्राण संस्पर्श, घ्राण संस्पर्शज वेदना, जिह्वा, रस, जिह्वा विज्ञान, जिह्वा संस्पर्श, जिह्वा संस्पर्शज वेदना, काय, द्रष्टव्य, काय विज्ञान, काय संस्पर्श, काय संस्पर्शज वेदना, मनः धर्म, मनोविज्ञान, मनः संस्पर्श, मनः संस्पर्शज वेदना, पृथिवी, आप तेज, वायु आकाश, यिनीहरूमा पनि आशक्त हुनु हुदैन । फेरि, स्मृत्युपस्थान चार, सम्यक् प्रहाण चार, ऋद्धिपादचार, यिनीहरूमा पनि आशक्त हुनु हुंदैन । श्रद्धादि ईन्द्रिय तथा बल र बोध्यङ्गसात यिनीहरूमा पनि आशक्त हुनु हुंदैन । अष्टाङ्ग मार्गमा पनि आशक्त हुनु ठीक छैन । स्रोत आपत्ति सकृदागामी अनागामी अर्हत्व प्रत्येक बुद्धत्वमा, बुद्धत्वमा पनि आशक्त हुनु उचित छैन । यसरी ७३ विषयको महत्वमा आशक्त नभई यिनीहलाई नित्य अनित्य भनी भावना नगरी तथा सुख दुःख भनेर पनि भावना गर्नु उचित होइन । शून्य अशून्य, आत्मा, अनात्मा भनी भावनामा लाग्नु पनि उचित होइन । न त शुभ अशुभ भनी भावना गर्नु उचित हुन्छ । यति मात्र होइन पञ्चस्कन्धलाई शून्यसिद्ध गर्छु भनी लाग्नु पनि हुंदैन । चार फल आदि संस्कृत वा असंकृत भनेर लाग्नु पनि हुंदैन । स्रोत आपन्न आदि व्यक्तिको महत्वमा पनि आशक्त हुनु हुंदैन । यति मात्र होइन बुद्ध सबै भूमि पार भई जगत् हित गरी निर्वाण हुनु हुन्छ भन्ने विषयमा पनि आशक्त हुनु हुंदैन ।

अनि यस्तो कुरा सुनेर शारिपुत्रलाई के भनेको होला जस्तो मनमा लागेको देखेर सुभूतिले शारिपुत्रलाई भन्नुभयो । आयुष्मान् शारिपुत्र विचार गरेर हेरेमा बुद्ध कहीं पनि रहनु

भएको छैन । किनभने बुद्ध अप्रतिष्ठित मानस हुनु हुन्छ अर्थात् वहाँको मन कुनै वस्तुमा पनि आशक्त भई रहेको छैन । बुद्ध न संस्कृत न त असंस्कृत वस्तुमै हुनु हुन्छ । यी दुवैमा पनि छैन । त्यसकारण हामीले पनि यस्तै अनाशक्त भावना गर्नु पर्छ ।

सुभूतिको यस्तो वचनलाई धेरै देवपुत्रहरूले बुझेन । पछि बुझिएला भन्ने आशा गरी रहेका थिए । यस्तो देवपुत्रहरूको भाव बुझेर सुभूतिले देवपुत्रहरूलाई यस्तो भन्नु भयो– हे देवपुत्र ! यहाँ भन्न पनि केही छैन । सुन्न पनि केही छैन । यस्तो भन्नु हुंदा देवपुत्रहरू झन आकुल हुनु भयो । अनि फेरि सुभूतिले भन्नु भयो "उपर्युक्त भावनाको भाव बुझ्ने क्षमता तथा शान्ति लाभ नगरी मार्गफल, प्रत्येक बुद्धत्व, बुद्धत्व पनि लाभ हुंदैन । अनि देवपुत्रहरू झन अलमलिएर सुभूतिको धर्म कसले बुझ्ला भनी मनमा गुनी रहेको देखेर सुभूतिले भन्नु भयो- जादुबाट उत्पन्न भएका मानिसले मात्र मेरो धर्मोपदेश बुझ्ने हुन्छ । किनभने माया पुरूषले न धर्म सुन्छ, न त साक्षात्कार नै गर्छ । यसै प्रसङ्गमा भन्नु भयो । माया (जादु) भन्नु र सत्व प्राणी भन्नु यौटै कुरो हो तथा स्वप्न भन्नु पनि यौटै हो । मार्गफल देखि बुद्धत्व सम्मको विषय पनि मायोपम स्वप्नोपम हो तथा निर्वाण पनि त मायोपम स्वप्नोपम नै हो नि ।

अनि शारिपुत्र, पूर्ण, आदि सबैले भन्नु भयो । आर्य सुभूति ! यस्तो धर्मोपदेशलाई के आशा लिएर जनताहरूले चाहना गर्ला भन्ने प्रश्नको उत्तरमा आनन्दले भन्नु भयो । यस्तो प्रज्ञापारमिताको उपदेशलाई अविनिवर्तनीय वोधिसत्व र अर्हत्ले मात्र चाहने होला भन्दा सुभूतिले भन्नु भयो– यस्तो उपदेशलाई कसैले चाहंदैन । किनभने प्रज्ञापारमितामा उपदेश वा आदेश हुंदैन तथा कुनै कुराको प्रेरणा वा प्रज्ञापन पनि हुंदैन । अतः यसलाई चाहने कोही हुंदैन भनी भावना गर्नु पर्छ ।

अनि देवराज इन्द्रले आफ्नु ऋद्धिले फूल निर्माण गरी धर्मदेशना गर्नु हुने सुभूतिलाई पूजा सत्कार गर्नु भयो । अनि

सुभूतिले भन्नु भयो– हे देवराज ! जसरी यो पुष्प स्वर्गको होइन । न त कुनै वृक्ष वा लतामा फुलेकै हो । यो त निर्मित हो जादु । जादुंबाट बनेको हो । सच्चा होइन अत: अनुत्पन्न हो, अनिर्जात हो । जो अनुत्पन्न अनिर्जात हो । त्यस्तो फुल, फुल्ने नै होइन । यही नियमले सबै मायोपम हो भनी बोधिसत्वहरूले भावना गर्नु पर्छ । यस्तो भावना गर्नुको उद्देश्य, पञ्चस्कन्धलाई वृद्धि गर्नुको निमित्त होइन तथा पञ्चस्कन्धलाई समाउन लाउने वा त्याग गराउन लाउने पनि होइन । यो भावनाले सर्वज्ञतालाई पनि समाउने र त्याग गर्न लाउन सिकाउंदैन । तर यसो गर्दा नै सर्वज्ञता लाभ हुने हुन्छ ।

यसरी मायोपम स्वप्नोपम भावना गर्दा कुनै वस्तुलाई ग्रहण गर्ने वा उत्पत्ति तथा निरोध गर्न सिकाउंदैन । केवल यो भावनाले सर्वज्ञता लाभ गर्ने तरिका मात्र सिकाउछ भन्ने कुरो बुझ्नु पर्छ ।

प्रज्ञापारमिता कहाँ गएर खोज्ने भन्ने इन्द्रको शङ्का निवारण गर्न सुभूतिले भन्नु भयो । पञ्चस्कन्धमा प्रज्ञापारमिता खोज्ने होइन । तर पञ्चस्कन्धदेखि अन्त पनि खोज्ने होइन । किनभने पञ्चस्कन्ध प्रज्ञापारमिता होइन । परन्तु पञ्चस्कन्ध देखि अन्त प्रज्ञापारमिता हुने पनि होइन अर्थात् पञ्चस्कन्धलाई मायोपम स्वप्नोपनम सम्भी अनाशवत हुनु नै प्रज्ञापारमिता हो ।

अनि इन्द्रको आशय अनुसार प्रज्ञापारमिता महापारमिता, अपरिमाण पारमिता तथा अनन्तपारमिता हुन् किनभने पञ्चस्कन्ध महान् हुन् अपरिमाण हुन् तथा अनन्त हुन् । अत: प्रज्ञापारमिता पनि महान्, अपरिमाण अनन्त पारमिता हो । यस्तो भएता पनि प्रज्ञापारमिता कुनै वस्तुमा आशवत भई टासिने हुंदैन । यति मात्र होइन सत्वप्राणी तथा आलम्बन अनन्त हुनाले पनि प्रज्ञापारमितालाई अनन्त पारमिता भनिन्छ । सबै वस्तु तथा प्राणीहरूको आदि अन्त नहुने हुनाले प्रज्ञापारमितालाई अनन्त पारमिता भनेको हो ।

सत्व वा प्राणी भनेको के वस्तु हो भन्ने इन्द्रको प्रश्नको उत्तरमा सुभूतिले भन्नु हुन्छ । सत्व वा प्राणी भनेको कुनै वस्तु होइन केवल नाउँ हो । नाउँ आगन्तुक हो । कसैले कल्पना गरी राखेको नाउँ कुनै वस्तु हुंदैन । न त यो नामले म मेरो भन्न जानेको छ न त यो नामले कुनै वस्तुलाई हेर्न वा छुन आदि आलम्वन नै गर्न सक्छ । हे देवराज ! प्रज्ञापारमिताले सत्व, प्राणी भन्ने कल्पित नामलाई प्रोत्साहन दिने र उत्पत्ति निरोध गर्ने काम पनि गर्दैन ।

यस्तो व्याख्या सुनी त्यहाँ उपस्थित सबै देवताहरूले "अहो धर्म ओह धर्म ओह धर्मस्य धर्मता" भन्ने उदान गाए ।

अनि श्री भगवान बुद्धले इन्द्रादि देवता र त्यहाँ उपस्थित सबैलाई यस्तो आज्ञा भयो– हे देवपुत्र ! हो जव दीपकर तथागतको सामु दीपावती राजधानीको बाटोमा मैले प्रज्ञापारमिताको चिन्तन गरिरहेका थिएँ । त्यस बेला श्री दीपंकर तथागतले भविष्यमा तिमी बुद्ध हुने छौ भनी व्याकरण गर्नु भयो । यस्तो वचन सुनी सबै देवपुत्रहरू आश्चर्य हुंदै यस्तो भने– हे भगवन् ! बोधिसत्वलाई सर्वज्ञता लाभ गराई दिने प्रज्ञापारमिता नै रहेछ ।

शक्र परिवर्त्त द्वितीय समाप्त

३ अप्रमेयगुण धारण पारमिता स्तूप सत्कार परिवर्त

अनि श्री भगवान् बुद्धले त्यहाँ उपस्थित सबैलाई अवलोकन गरी काम, रूप, अरूपावचर देवताहरू तथा ब्रह्मकायिक, आभास्वर, परीत्तशुभ, अकनिष्ठका देवताहरू साक्षी राखी इन्दादि देवताहरूलाई संवोधन गरी यस्तो आज्ञा भयो– हे देवपुत्रहरू ! जसले यो प्रज्ञापारमितालाई आउने गराउँछ तथा पाठ गर्ने गर्छ त्यो व्यक्तिलाई मारले दु:ख दिन सक्दैन । न त मनुष्य अमनुष्यले नै दु:ख दिन सक्छ । यति मात्र होइन, त्यो

व्यक्तिको अकाल मृत्यु पनि हुँदैन । फेरि हे देवपुत्र हो ! कुनै व्यक्ति धर्मभाणक कहाँ गई प्रज्ञापारमिताको श्रवण गर्छ भने पनि त्यसलाई जहाँ गए पनि निर्भय हुने हुन्छ ।

यस्तो श्री तथागतको वचन सुनी चार महाराजाहरू तथा देवराज इन्द्र, सहापति ब्रह्माहरूले हात जोडी यस्तो भन्नु भयो । हे भगवन् ! प्रज्ञापारमितालाई धारणा गर्ने व्यक्तिको हामीहरूले पनि सुरक्षा गर्ने छौं ।

अनि प्रज्ञापारमिता धारणा गर्ने व्यक्तिको षट्पारमिता पनि पूर्ण हुन्छ कि, भन्ने प्रश्नको उत्तरमा श्री भगवानले आज्ञा भयो । प्रज्ञापारमिताको आधारमा नै अरू पारमिता पूर्ण हुने हुन्छ । यति मात्र होइन । यसलाई धारणा गर्ने व्यक्तिसंग वादविवाद गर्छु वाधा पुऱ्याउँछु भन्ने व्यक्तिको इच्छा कहिल्यै पूर्ण हुने छैन । प्रज्ञापारमिताको प्रभावले उसको सवै वाधाहरू स्वतः शान्त हुने हुन्छ । प्रज्ञापारमिताको यो प्रत्यक्ष देखिने गुण हो । जस्तै मघी नामको जडिवुटीको प्रभावले सर्पको विष शान्त हुन्छ । त्यस्तै प्रज्ञापारमिताको प्रभावले रागादि दोष शान्त हुने हुन्छ । चार महाराजहरूले प्रज्ञापारमिता धारणा गर्नेहरूलाई रक्षा गर्न मन लागेको पनि यसको प्रभाव हो । यो पनि प्रत्यक्ष गुण हो । यति मात्र होइन यसको प्रभावले सबैको विश्वासपात्र बन्ने हुन्छ तथा मृदु वचन मितभाषी पनि बन्ने हुन्छ। साथै क्रोध अभिमान पनि शान्त हुने हुन्छ । मैत्री र स्मृति स्वभावैले वृद्धि हुन्छ । प्रज्ञापारमिताको भावना गर्ने व्यक्तिको संग्रामभय शस्त्रभय शान्त हुने हुनाले वहाँलाई महाविद्या भने हुन्छ तथा अपरिमाण विद्या असम बिद्या, असमसमविद्या भने पनि हुन्छ । यति मात्र होइन प्रज्ञापारमिताको ज्ञान भएमा उसले नजानेको केही छैन भने हुन्छ अतः यसलाई सर्वज्ञ भनिन्छ । प्रज्ञापारमिताको यो पनि प्रत्यक्ष देखिने गुण हो ।

प्रज्ञापारमितालाई धारणा गर्ने तथा भावना गर्ने व्यक्तिलाई बुद्धचैत्य समान सम्झनु पर्छ र वन्दना पुजना गर्नु पर्छ ।

यस्तो वचन सुनी देवराज इन्द्रले श्री भगवानसंग यस्तो विन्ती गर्नु भयो– हे भगवन् ! प्रज्ञापारमिता लेखेर सो पुस्तकलाई पुष्पादिले पूजा गर्नु र बुद्धको अस्थिधातु भएको स्तूपलाई पूजा गर्नुमा कुनको वढी पुण्य हुन्छ ? यसको उत्तरमा श्री बुद्धले आज्ञा भयो– हे देवराज ! बुद्धले बुद्धत्व तथा सर्वज्ञता प्राप्त गरेकै प्रज्ञापारमिता द्वारा भएको हो । अतः बुद्धको शरीर पूजा भन्दा प्रज्ञापारमिताको पूजानै उत्तम हो। यसको पुण्य वढी हुन्छ । यति मात्र होइन प्रज्ञापारमिताको पूजा गर्दा स्वतः बुद्ध पूजा गरेको हुन्छ ।

त्यसो भए अरूले किन पूजा नगरेको भन्ने प्रश्नको उत्तरमा श्री भगवानले आज्ञा भयो– हे देवराज ! जम्बुद्वीपमा बुद्ध धर्म सङ्घको गुण चिनेर श्रद्धा गर्ने छन् । त्यसमा पनि स्रोत आपत्ति फल पाउने थोरै छन् । त्यो भन्दा क्रमशः सकृदागामी, अनागामी, अर्हत्, प्रत्येक बुद्धत्व फल पाउने थोरै छन् । यी सवै भन्दा वोधिचित्त उत्पन्न गरी धारणा गर्ने दुर्लभ नै हुन्छन् । त्यसमा पनि बुद्धत्व लाभ गर्न तम्सने प्रज्ञापारमिताको भावना गर्ने सत्युरूप झन दुर्लभ हुन्छन् । ती असंख्य वोधिसत्वहरू जसले असंख्य प्राणीहरूलाई उद्धार गर्ने अवितिवर्तनीय वोधिसत्वहरू त झन् दुर्लभतर हुन्छन् । किनभने हीनवीर्य अलसी हीन प्रज्ञा भएकाहरूले बुद्धत्व लाभ गर्न सकिने कुरो होइन ।

कोही कुलपुत्रले बुद्ध परिनिर्वाण भएपछि अस्थिधातु राखी सप्तरत्नमय करोडौं चैत्य वनाई पुष्पादि छत्रादि वाद्यादिद्वारा पूजा सत्कार गरे भने हे देवराज! त्यो व्यक्तिको अवश्य पनि धेरै पुण्य लाभ हुंदो हो । तर त्यो भन्दा पनि पछि आउने वोधिसत्वको हित होस् सद्धर्म लोप नहोस् भनी प्रज्ञापारमिता पुस्तकलाई अति श्रद्धा गरी पूजा गरेमा वढी पुण्य हुनेछ । यतिमात्र होइन जम्बूदीप नै परिपूर्ण हुने गरी धातुगर्भ स्तूप बनाओस् यस्तै गरी क्रमशः चतुर्महाद्वीप नै धातुगर्भ स्तूपले परिपूर्ण गरी

पूजा गरोस् अथवा साहस्र चूलिका, द्विसाहस्र चूलिक, त्रिसाहस्र चूलिक नै भरीपूर्ण हुने गरी धातुगर्भ स्तूप बनाई पूजा सत्कार गरेमा अवश्य पनि उत्तरोत्तर पुण्य वृद्धि हुने कुरो त निश्चित नै छ । तर यो भन्दा पनि वढी पुण्य सद्धर्मस्थिर गर्न प्रज्ञापारमिता पुस्तक लेखाई पाठ पूजा गरेमा लाभ हुन्छ । यी भए एक व्यक्तिले गरेको पुण्यसंग यो तुलना। परन्तु त्रिसाहस्र महासाहस्र नै परिपूर्ण हुने गरी धातुगर्भ स्तूपलाई त्रिसाहस्र महासाहस्रका असंख्य व्यक्तिले बनाएको पुण्य त झन धेरै हुन्छ त त्यो भन्दा पनि वढी पुण्य प्रज्ञापारमितालाई पूजा गर्दा लाभ हुने हुन्छ । किनभने तथागतहरूले लाभ गर्नु भएको सर्वज्ञता प्रज्ञापारमिताद्वारा नै प्राप्त भएको हो । त्यसकारण प्रज्ञापारमिता कण्ठ आउने गर्नु, व्याख्यान गर्नु, लेख्नु, लेखाउनु, पढ्नु, पढाउनु पूजा गर्नुको पुण्य वढी हुन्छ ।

अनि सबै देवपुत्रहरूले देवराज इन्द्रलाई प्रज्ञापारमिता धारणा गर्ने विचार प्रकट गरे । अनि श्री भगवान् बुद्धले इन्द्रलाई आज्ञा भयो । हे देवराज ! प्रज्ञापारमिता धारणा गर तिम्रो हित नै हुनेछ । कल्पना गर तिमीसंग लड्न दानवहरू आए भने त्यस वेला प्रज्ञापारमिताको भावना तिमीले गर्‍यौ भने ती दानवहरूको लड्ने विचार स्वतः हराएर जाने हुन्छ ।

यस्तो वचन सुनी इन्द्रले प्रज्ञापारमितालाई अपरिमेय विद्या, निरूत्तर विद्या, अप्रमाण विद्या, असम विद्या, असमसम विद्या भनी प्रशंसा गर्नु भयो । श्री भगवान् बुद्धले पनि यो प्रशंसालाई स्वीकार गर्नु भयो । यही विद्याको प्रभावले अरू असंख्य बुद्धहरूले बुद्धत्व लाभ गरेको हो । मैले पनि प्रज्ञापारमिताकै प्रभावले बुद्धत्व लाभ गरेको हुं । यही विद्या अर्थात् प्रज्ञापारमितालाई बुझेर नै दश कुशल कर्म पथ, चार ध्यान सात वोध्यङ्ग, चार समापत्ति, षडभिज्ञा सप्तत्रिंशद् बोधिपक्ष सक्षेपमा भनु भने चतुरशीति धर्मस्कन्ध, बुद्धज्ञान स्वयम्भूज्ञान आदि भावना गर्न सकिन्छ । अर्थात् उपर्युक्त सवै धर्मस्कन्ध पनि प्रज्ञापारमिता

नै हो भनी बुझी भावना गर्नु पर्छ । यसको आधारमा धर्मचर्या, समचर्या, असमचर्या, कुशलचर्याको भावना गरिन्छ । किनभने सबै चर्याहरू यही प्रज्ञापारमितावाटनै उत्पत्ति भएका हुन् ।

अनि फेरि श्री भगवान्ले आज्ञा भयो– हे देवराज ! प्रज्ञापारमिताको दृष्ट धार्मिक गुण अर्थात् प्रत्यक्ष यही लोकमा, यही जन्ममा पाउन सकिने गुण वर्णन गर्छु सुन-शस्त्र, विष, अग्नि आदिबाट ज्यू ज्यान नजाने, राज चौरादिका भय नहुने, राज संमान, लोक संमान प्राप्त हुने हुन्छ । प्रज्ञापारमिताको भावना गर्ने व्यक्तिको चित्तमा महाकरूणाको प्रवाह पनि वगिरहेको हुन्छ ।

अनि त्यसै वेला भगवान् बुद्धसंग वादविवाद गर्ने हेतुले एक जमात अन्य धर्मावलम्वीहरू आइरहेको टाढैवाट इन्द्रले देख्नु भयो र प्रज्ञापारमिताको प्रभावले यी तीर्थकरहरू फर्केर जाउन् भनी अधिष्ठान गरी प्रज्ञापारमिताको भावना गर्दा साँचै तिनीहरू फर्केर गए ।

यस्तै गरी पापी मारले पनि चतुरङ्ग सेना निर्माण गरी बुद्धको धर्म देशनामा विघ्न गर्ने उद्देश्यले त्यहाँ आएका थिए तर इन्द्रले देखी प्रज्ञापारमिताको भावना गरेर मार शान्त पारे ।

अनि त्यस वेला मारपुत्रहरूले आकाशबाट मन्दारपुष्प वर्षा गरी बुद्धको पूजा गर्दै यस्तो उदान गाए– "चिरस्य वतेयं प्रज्ञापारमिता जाम्बूद्वीपकानां मनुष्याणामुपावृत्ता" इति ।

अनि आनन्दले भगवान् बुद्धसंग यस्तो विन्ती गर्नु भयो– प्रज्ञापारमिताको मात्र वर्णन सुनिन्छ । अरू दान, शील क्षान्ति, वीर्य, ध्यान आदि पारमिताको नाउँ पनि उल्लेख हुंदैन किन होला भगवन् ? यस्तो वचन सुनी श्री भगवान्ले आज्ञा भयो– विना प्रज्ञापारमिताले दानादि पारमितापूर्ण हुंदैन । र ती दानादिलाई पारमिता पनि भनिंदैन । किनभने यसले नै दानादिलाई सर्वज्ञतामा परिवर्तन गरिदिने हुन्छ । अतः प्रज्ञा-

पारमिता भित्र अरू सबै पारमिता समावेश हुने हुन्छ । जसरी सबै किसिमको वीज उम्रन भूमिको आधार आवश्यक हुन्छ त्यस्तै दानादि पारमितालाई प्रज्ञापार्रमिताको आधार चाहिने हुन्छ ।

अनि इन्द्रले भन्नु भयो– हे भगवन् ! जसले प्रज्ञापारमिता धारणा गर्छ, लेख्छ, लेखाउँछ र पूजा गर्छ त्यसको म सधैं रक्षा गर्ने छु । यस्तो वचन सुनी श्री भगवान्ले आज्ञा भयो– धन्य हो इन्द्र तिमीले यसो गरे अरू देवपुत्रहरूले पनि प्रज्ञापारमिताको भावना गर्नेलाई दर्शन गर्न तथा शरीरमा ओज बढाई दिन नजीक आउने छ । यति मात्र होइन दोष दिन चाहनेहरूको चित्त पनि शान्त गरिदिने हुन्छ । धर्म सम्वन्धी वादविवाद भएमा न्यायपूर्वक धर्मानुसार उत्तर दिन सक्ने पनि हुनेछन् ।

जसले प्रज्ञापारमिता पुस्तक मात्र लेख्न लगाई गौरव सत्कारपूर्वक पूजा गर्छ त्यो व्यक्ति कहाँ चतुर्महाराजिक, त्रार्यात्रिश, याम, तुषित, निर्माणरित, परनिर्मितवशर्वति, ब्रह्मकायिक, ब्रह्मपुरोहित, महाब्रह्मा, परीत्राभ अप्रमाभ, आभास्वर, परीत्तशुभ, अप्रमाणशुभ, शुभकृत्स्न, अनभ्रक, पुण्यप्रसव, वृहत्फल, असज्ञिसत्व, अवृह, अतप, सुदृश, सुदर्शन, अकनिष्ठ आदि देवपुत्रहरू आउने छन् । वोधिचित्त उत्पन्न गर्न चाहने हुन्छन् । यसकारण प्रज्ञापारमिता पुस्तक मात्र राखिछोड्दा पनि धर्मदान गरे सरह हुन्छ । यो पनि दृष्ट धार्मिक गुण हो ।

अनि देवराजले भन्नु भयो– हे भगवन् ! प्रज्ञापारमिता पुस्तक दर्शन गर्न देव नाग यक्ष आदि आउँछन् भनी मानिसले कसरी जान्ने ? यस्तो प्रश्न सुनी श्री भगवान्ले यस्तो आज्ञा भयो– कुनै पनि ठाउँ उज्ज्वल भयो, अपूर्वको सुगन्ध आयो, सफासुग्घर देखियो भने त्यहाँ देवताहरू आएका छन् भनी निश्चय गर्नु पर्छ । यति मात्र होइन त्यहाँ उपस्थित सबै व्यक्तिहरूको मन प्रसन्न हुन्छ, श्रद्धा वृद्धि हुन थाल्छ । साथै

त्यहाँ वस्ने व्यक्तिको शरीर गल्ने, मन दिक्क हुने आदि पनि नहुने हुन्छ । केही गरी निद्रा लागेमा बुद्ध वोधिसत्व, स्तूप र धर्म शब्द सुनें भनेर स्वप्ना देख्ने हुन्छ । यी सबै प्रज्ञापारमिताका दृष्ट धार्मिक गुणहरू हुन् ।

यसकारण प्रज्ञापारमिता पुस्तक लेख्न लगाई पाठ पूजा गर्ने व्यक्तिले प्रसन्न मनले जगत्‌हित गर्न म बुद्ध वन्न सकूं भन्ने वोधिचित्त उत्पन्न गरी मैले सद्धर्म जोगाएको छु, भविष्यका वोधिसत्वहरूलाई यसले मदत पुऱ्यावस् भन्ने भावनाले गौरव सत्कारपूर्वक पुष्प, धूप, ध्वजा, वाद्य, दीप आदिले पूजा गर्नु पर्छ।

गुणपरिकीर्तन परिवर्त

अनि फेरि श्री भगवान्‌ले देवराज इन्द्रलाई यस्तो आज्ञा भयो– हे देवराज ! कल्पना गर जबूद्वीप भरी तथागतको अमूल्य अस्थिधातुले पूर्ण गरी स्तूप वनाई पूजा गर भनेर दियो वा प्रज्ञापारमिता लेखेर दियो भने ती दुई मध्ये तिमीले कुन चाहिं रोज्छौ भन्दा इन्द्रले प्रज्ञापारमिता नै लिन्छु भनी विन्ती गरे । किनभने बुद्धको धर्मकाय नै प्रधान हुन्छ । यसो भन्नुको अर्थ तथागतको अस्थिधातुमा गौरव छैन भनेको होइन । प्रज्ञापारमिताले नै बुद्ध बनाउने हुनाले पनि प्रज्ञापारमिता लिन चाहन्छु । यति मात्र होइन भगवन् चातुर्महाद्वीप, साहस्र, द्विसाहस्र, त्रिसाहस्र, महासाहस्र लोकधातु भरी तथागतको अस्थिधातु दिने भयो तथा प्रज्ञापारमिताका पुस्तक लेखेर दिने भो भने यी दुई मध्ये कुन चाहिं लिन्छौ भनेमा म प्रज्ञापारमितालाई नै रोज्छु किनभने यो अनर्घ (अनमोल) रत्न हो । अनर्घ मणिरत्नले जसरी सबै रोग, मनुष्य, अमनुष्यको दोष शान्त गर्ने, अन्धकारमा पनि वत्तीले जस्तै उज्यालो दिने हुन्छ त्यस्तै गुण यो प्रज्ञापारमितामा पनि हुन्छ । जसरी अनर्घमणि रत्नको गुण अरू मणिमा हुंदैन त्यस्तै यो प्रज्ञापारमिताको जस्तो गुण अरूमा

हुंदैन । यो अनर्घमणि राख्ने वट्टाको- जसरी कदर हुन्छ यो प्रज्ञापारमिता राख्ने वट्टा बुद्धको शरीरको पनि ठूलो कदर गरिन्छ। यति मात्र होइन धर्म भाणकको धर्मदेशनाको पूजा हुनुको पनि यही कारण हो । यति मात्र होइन गङ्गावालुका प्रमाण लोक धातुमा तथागतको अस्थिधातु भरिदिए पनि म त्यो रोज्नुको सट्टा प्रज्ञापारमिता पुस्तक नै रोज्छु । मलाई लाग्छ हे भगवन् ! अप्रमेय लोक धातुहरूमा बुद्धहरू राज हुनु भएको छ । वहाँहरूलाई धर्मताको रूपमा देख्न चाहन्छौ भने प्रज्ञापारमितालाई नै बुझ्ने कोशिस गर्नु पर्छ ।

यस्तो भने पछि इन्द्रलाई श्री भगवनबाट यास्तो आज्ञा भयो– हे इन्द्र ! भूत भविष्यत् वतमानका सबै बुद्धहरू प्रज्ञापारमितालाई जानेर नै वुद्ध बनेका हुन् । भविष्यमा पनि यस्तै हुनेछ । अरू लोक धातुका तथागतहरू र म पनि प्रज्ञापारमिता जानेर नै बुद्ध बनेको हुं ।

अनि इन्द्रले विन्ती गरेर भने– हे भगवन् ! प्रज्ञापारमिता भनेको महापारमिता हुन् । अनि श्री भगवानले आज्ञा भयो– ठीक हो देवराज ! धेरै समयसम्म प्रज्ञापारमिताको चर्यामा लागिरह्यो भने सबै प्राणीहरूको चित्तचरित जान्न सक्ने हुन्छ ।

इन्द्रको शंका निवारण गर्दै श्री भगवानले आज्ञा भयो– हे देवराज ! वोधिसत्वले दान, शील, क्षान्ति, वीर्य, ध्यानको साथ साथै प्रज्ञापारमिता पनि साधना गरेको हुन्छ। जव मानिसमा ज्ञान पूर्ण हुन्छ तव अरू पारमिता र प्रज्ञापारमिताको भेद हुंदैन । हे देवराज ! जम्बूद्वीपमा हजारौं हजार वृक्षहरू छन् । ती सबै वृक्षको छाँयालाई छाँया नै भनिन्छ भेदभाव गरिंदैन । त्यस्तै अरू पारमिताले पनि उपाय कौशल्यद्वारा सर्वज्ञतामा नै परिणामना गर्न हुन्छ । अनि भेदभाव रहंदैन । यस्तो बुद्धको वचन सुनी प्रज्ञापारमितालाई महागुणसमन्वागत, अप्रमेयगुण समन्वागत, अपर्यन्तगुण समन्वागत भनी प्रशंसा गर्नु भयो ।

पुण्य पर्याय परिवर्त

अनि देवराज इन्द्रले श्री भगवानसंग यस्तो विन्ती गर्नु भयो– चित्त प्रसन्न गरी वोधिचित्त उत्पन्न गरी भविष्यमा सद्धर्म अन्तर्ध्यान नहोस् भन्ने उद्देश्यले धारण गरी, पूजा समान गरी प्रज्ञापारमितालाई सुरक्षित गर्ने र प्रज्ञापारमिता पढ्छु भन्ने व्यक्तिलाई पुस्तक दान दिनुमा कुन चाहिं काममा धेरै पुण्य होला ? यस्तो वचन सुनी श्री भगवानले यस्तो आज्ञा भयो– हे देवराज ! तिमी आफैलाई थाहा छ कि बुद्धको अस्थिधातु एकलैले पूजा गर्नु भन्दा त्यो अस्थिधातु सबैलाई बाँधेर पूजा गर्न लगाउनु बढी श्रेयस्कर छ । ठीक त्यस्तै प्रज्ञापारमिता पुस्तक दान दिनुमा नै बढी पुण्य प्राप्त हुन्छ । तर त्यो दान सत्पात्रमा दिएमा अझ बढी पुण्य लाभ हुन्छ ।

यति मात्र होइन हे देवराज! जम्वूद्वीपका, चातुर्महाद्वीपका साहस्रचूलिकका, द्विसाहस्रचूलिकका, त्रिसाहस्र, महासाहरूका तथा गङ्गा नदी बालुका प्रमाण लोक धातुका प्राणीहरूलाई दशकुशल कर्ममा लगाउनुमा क्रमशः पुण्य वढी हुन्छ भन्ने कुरो स्वयंसिद्ध छ । तर यी सबै भन्दा पनि प्रज्ञापारमिता पुस्तक लेख्न लगाई श्रद्धावान् व्यक्तिलाई श्रद्धापूर्वक दान दिनुमा बढी पुण्य प्राप्त हुन्छ ।

हे देवराज ! दश कुशल कर्ममा लगाउनु भन्दा माथि वताएका जम्वूद्वीप आदिका प्राणीहरु सबैलाई चारै बटा ध्यान गर्न सक्ने बनाउनु भन् धेरै पुण्य दिने हुन्छ । परन्तु सबै प्राणीहरु-लाई ध्यानमा लगाउन सक्नु भन्दा प्रज्ञापारमिता पुस्तक लेख्न लगाई श्रद्धावानलाई श्रद्धापूर्वक दान दिनु भन पुण्य दिने हुन्छ ।

यति मात्र होइन उपर्युक्त सबै लोकधातुका प्राणीहरूलाई चार ब्रह्म विहारमा लगाई ध्यान लाभ गराउनु भन्दा पनि श्रद्धालुलाई प्रज्ञापारमिता दान दिनु वढी पुण्य हुन्छ ।

यसैं गरी चार आरूप्य समापत्ति पञ्चाभिज्ञा आदि लाभ गराई दिनु भन्दा प्रज्ञापारमिता पुस्तक दान दिई निशंका हुने गरी वोध गराउनु वढी पुण्य हुन्छ ।

यसरी हे देवराज ! प्रज्ञापारमिता आफैले लेखी आफैले पढेमा वा दान दिएमा पनि वढी पुण्य लाभ हुने हुन्छ । त्यसमा पनि अर्थ बुझी अरूलाई पनि वोध गराई दान दिनेको पुण्य स्वतः बढी हुन्छ ।

हे देवराज ! यो प्रज्ञापारमिता पुस्तक नबुझ्नेलाई पनि व्याख्या गरी सुनाउने गर्नु पर्छ । किनभने भविष्यमा प्रज्ञापारमिता प्रतिवर्णिका (प्रज्ञापारमिताको नाउँमा त्यसको विरोधी भाव बताउने) व्यक्तिहरू पनि उत्पन्न हुनेछन् । तिनीहरूको लहै लहैमा नलागून् भन्ने उद्देश्यले पनि राम्ररी व्याख्यान गर्नु असल छ ।

अनि देवराजको शंका निवारण गर्न प्रतिवर्णिका सम्बन्धी कुरा यसरी आज्ञा भयो– हे देबराज ! शील समाधि प्रज्ञालाई भावना नगरेका प्रज्ञा हीन व्यक्तिले प्रज्ञापारमिताको व्याख्या गर्छु भनी यसरी भन्ने छ– रूपको विनाश हुनु नै रूपको अनित्यता हो यस्तै गरी वेदना, संज्ञा, संस्कार, विज्ञानहरूको विनाश हुनु नै वेदनादिको अनित्यता हो । यस्तो व्याख्यालाई नै प्रतिबर्णिका भनिन्छ । हे देवराज ! रूप वेदना, संज्ञा, संस्कार, विज्ञानहरूको विनाश नै अनित्यता हो भन्नु हुंदैन । अर्थात् नित्य अनित्य आदि कल्पित हुन् सबै वस्तुको मायोपम स्वभाव हुन्छ । अतः नित्य अनित्य भनेर निमित्त ग्रहण गर्नु हुंदैन भन्ने भाव हो ।

हे देवराज ! उपर्युक्त सबै लोक धातुका मानिसहरूलाई क्रमशः स्रोतापति, सकृदागामी, अनागामी, अर्हत्व, प्रत्येक बुद्धत्व लाभ गराई दिन सक्नुको पुण्य वर्णन गरी साध्य छैन । तैपनि प्रज्ञापारमिता पुस्तक वोधिचित्त उत्पन्न गरी दान दिनु तथा बुझाई दिनु यो भन्दा पनि दढी फल दिने हुन्छ ।

हे देवराज ! यो भन्दा पनि बढ्ता पुण्य अवैवर्तिक वोधिसत्वलाई प्रज्ञापारमिता दान दिंदा लाभ हुन्छ । किनभने वहाँले चाँडै नै बुद्ध हुनु भई लोकहित गर्नु हुनेछ ।

यसै गरी जम्बूद्वीप आदि गंगा नदी वालुका समान लोक धातुका सबै प्राणी अविनिवर्तनीय वोधिसत्व होउन् । वहाँहरूलाई प्रज्ञापारमिता पुस्तक दान दिएको पुण्य भन्दा पनि वढी पुण्य प्रज्ञापारमिताको अक्षरश अर्थ व्यक्त गरी दान दिंदा प्राप्त हुन्छ ।

अनि देवराजले यस्तो विन्ती गर्नु भयो - हे भगवन् ! जति जति सम्यक् संवोधिको नजिक पुगिन्छ त्यति त्यति त्यो व्यक्तिले प्रज्ञापारमिताको अववाद (उपदेश) अनुशासन (नियम) को व्याख्या सुनाउनु पर्ने हुन्छ । यसो गर्दा तथताको झन नजिक पुगिन्छ । यसरी तथताको नजिक पुग्ने व्यक्तिले दाताहरुलाई महाफल दिन सक्ने हुन्छ । यसकारण वढी पुण्य वृद्धि हुंदै आएको हुनु पर्छ ।

अनि सुभूतिले देवराजलाई यस्तो आज्ञा भयो–हे देवराज! तपाईलाई धेरै साधुवाद छ । किनभने वोधिसत्वयानमा बसेका व्यक्तिलाई ठूलो हौसला दिनु भयो । वास्तवमा यसो गर्नु पर्ने नै हो किनभने यसो नगरेमा कसैले पनि वोधिचित्त उत्पन्न गर्ने छैन । षट पारमिताको अभ्यास पनि गर्ने छैन। यसो नगरेमा भविष्यमा कसैले पनि बुद्धत्व लाभ गर्न प्रयत्न नगर्ने हुन्छ । अतः वोधिसत्वयानमा लागेका व्यक्तिलाई पूर्णरुपले प्रोत्साहन दिनु उचित छ ।

अनुमोदना परिणामना परिवर्त

अनि मैत्रेय वोधिसत्वले सुभूतिलाई संवोधन गरी यस्तो आज्ञा भयो– हे सुभूति ! दान, शील, ध्यान भावनाद्वारा लाभ भएको पुण्य भन्दा अनुमोदना परिणामनाद्वारा लाभ हुने पुण्य धेरै

हुन्छ । अनि सुभूतिले भन्नु भयो– हे मैत्रेय ! दशौं दिशाका अनन्तलोक धातुहरूमा रहेका अनन्त तथागत तथा श्रावक, स्रोत आपन्न, सकृयदागामी, अनागामी, अर्हत्‌को जति शीलस्कन्ध, समाधिस्कन्ध, प्रज्ञास्कन्ध, विमुक्तिस्कन्ध, विमुक्तिज्ञान दर्शन स्कन्धहरू छन् तथा षट पारमितापूर्ण गर्दा लाभ भएका पुण्यहरू छन् तथा वहाँहरूले धर्मचक्रप्रवर्तन गरी धर्मदान गरी लाभ गरेका जति पनि पुण्यहरू छन्, त्यस्तै अरू देवनाग आदिहरूले दानादि गरी लाभ गरेका जति पनि पुण्यहरू छन् ती सबै पुण्यहरू एकै ठाउँमा थुपारी ती सबै पुण्यलाई दिलैदेखि प्रशंसा गरी प्रसन्न हुन्छु, अनुमोदना गर्छु । यसरी अनुमोदना गरी लाभ भएको पुण्यलाई सम्यक् संबोधिमा परिवर्तन गर्छुं, परिणामना गर्छुं । यही पुण्यले जगतसत्व हित गर्न बुद्ध बन्न सकूं भनी पुण्यानुमोदना तथा परिणामना गर्दा ती पुण्यहरूको आकार प्रकारलाई लिएर निमित्त ग्रहण गरिन्छ वा गरिंदैन भन्ने सुभूतिको प्रश्न सुनी मैत्रेय बोधिसत्वले आज्ञा भयो– हे सुभूति ! निमित्त ग्रहण गर्नु हुंदैन । निमित्त ग्रहण गरिंदैन ।

अनि सुभूतिले भन्नु भयो– त्यसो भए अविद्यमान वस्तु, अविद्यमान आलम्बनलाई आलम्बन गरियो तथा निमित्त ग्रहण गरियो भन्ने बुझिने हुन्छ । यसो हुंदा संज्ञा विपर्यास, चित्तविपर्यास, दृष्टिविपर्यास हुने भयो । किनभने राग पनि अविद्यमान वस्तु हो । त्यसले अनित्यलाई नित्य, दुःखलाई सुख, अनात्मलाई आत्म, अशुभलाई शुभ भनी कल्पना गर्दा संज्ञा, चित्त दृष्टिहरूको विपर्यास उत्पन्न हुन्छ । अथवा जस्तो वस्तु आकार आलम्बन हो त्यस्तै वोधिचित्त पनि हो भन्ने भए कस्तो पुण्यलाई अनुमोदना गरें भन्ने तथा कस्तो चित्तले परिणामना गर्‍यो भन्ने शंका समाधान गर्दै मैत्रेयले यस्तो आज्ञा भयो– हे सुभूति ! नयाँ बोधिसत्वहरूले यो कुरा बुझ्दैन । किनभने उनीहरूको धर्ममा प्रेम, श्रद्धा मात्र हुन्छ । यस्तो गम्भीर प्रश्न उनीहले सुने भने, भएको श्रद्धा पनि लोप होला । यस्तो प्रश्न त अविनिवर्तनीय वोधिसत्व वा कल्याणमित्रको संगत गर्नेहरूको सामुमात्र सोध्नु पर्छ ।

अनि फेरि सुभूतिले भने– चित्त क्षणिक हुंदा अनुमोदना गर्ने चित्त भिन्नै हुन्छ परिणामना गर्ने चित्त भिन्नै हुन्छ। यसकारण कसरी अनुमोदना र परिणामना सगैं गर्न सकिएला ?

यत्तिकैमा इन्द्रले पनि यही कुरो स्पष्ट गर्न अनुरोध गर्नु भयो । अनि सुभूतिले मैत्रेय वोधिसत्वलाई यस्तो विन्ती गर्नु भयो– कुनै वोधिसत्वले माथि भने झैं अनन्त लोक धातुका अनन्त बुद्धादिको अनन्त पुण्यस्कन्धलाई एकै ठाउँमा थुपारी अनुमोदना गरी परिणामना गर्दा संज्ञा विपर्यास, चित्तविपर्यास, दृष्टिविपर्यास उत्पन्न नहुने भए कसरी नहुने हो सो स्पष्ट आज्ञा हुनु होस् । यस्तो वचन सुनी मैत्रेय वोधिसत्वले आज्ञा भयो–हे सुभूति ! चित्तले परिणामना गर्दा चित्तको पनि निमित्त ग्रहण नगरी अर्थात् चित्त संज्ञा नगरी गर्नु पर्छ । यसो गरेमा चित्त, संज्ञा र दृष्टि विपर्यास हुंदैन । जुन चित्तले परिणामना गरिन्छ त्यो चित्त क्षणिक हुन्छ । परिणामना गरिने पुण्यको धर्मता तथा चित्तको धर्मता र बोधिको धर्मता एक्कै हुन्छ भनी परिणामना गरे भने ठीकसंग परिणामना गरियो भन्ने बुझ्नु पर्छ ।

फेरि हे सुभूति ! अनन्त लोक धातुका अनन्त अतीत अनागत बुद्धादिहरूले गरिएका अनन्त पुण्यहरूलाई अनुमोदना गरी परिणामना गर्दा यदि चित्तलाई चित्तसंज्ञा गरेन भने सज्ञा आदि विपर्यास हुंदैन । चित्त, पुण्य आदिका धर्मता पनि एक्कै हुन्छ । यस्तो भावना गरेर गरिएको अनुमोदना तथा परिणामना उचित हुन्छ ।

अनि फेरि हे सुभूति ! अनन्त लोकधातुका अनन्त प्रत्युत्पन्न बुद्धदिको पुण्यलाई माथि भने झैं अनुमोदना तथा परिणामना गरे भने ठीकसंग परिणामना गऱ्यो भन्नु पर्छ ।

हे सुभूति ! अब अतीत, अनागत प्रत्युत्पन्न तीनै कालका अनन्त बुद्धहरूको पुण्यलाई पनि अनुमोदना तथा परिणामना गर्दा माथि वताए झैं गर्नु अथवा वस्तुहरू क्षीण हुन्छन्, निरोध

हुन्छन् तर धर्म अक्षय हुन्छन् । त्यस्तो धर्मले धर्मलाई (पुण्य) परिणामना गर्न सक्दैन । जस्तै चित्तले चित्तलाई जान्दैन त्यस्तै धर्मले धर्मलाई जान्दैन भन्ने संझी परिणामना गर्नु पर्छ । कुनै वस्तुको निमित्त ग्रहण गर्नु हुंदैन । त्यसो गर्दा परिणामनामा आशक्त हुने हुन्छ । यसरी गरेको परिणामना विविक्त तथा शान्त हुन्छ । यति मात्र होइन परिनिवृत्त बुद्धहरूको कुशलमूल जस्तो वहाँहरूले जसरी परिणामना गर्नु भयो त्यस्तै म पनि परिणामना गर्छु भनी परिणामना गर्दा त्यसको लक्षण स्वभावलाई सझी परिणामना गर्नु हुंदैन । त्यसो गर्दा निमित्त ग्रहण गर्नु पर्ने हुन्छ । यसकारण अतीतका कुरा अब छैन, अनागतका कुरा अहिले छैन, वर्तमानका कुरा सबै वस्तु क्षणिक भएको हुनाले स्थिर छैन । जो स्थिर छैन त्यो वस्तु वा विषय नै होइन, निमित्त कसरी हुन्छ ? यसरी निमित्त ग्रहण नगरिकन अनुमोदना परिणामना गर्नु पर्छ ।

फरि हे सुभूति ! उपाय कौशलद्वारा पनि अनुमोदना तथा परिणामना गरिन्छ । उपाय कौशल लाभ गर्न प्रज्ञापारमिता सुन्ने अध्ययन गर्ने गर्नु पर्छ । उपाय कौशल नजान्नेले गरेको अनुमोदना परिणामना उपलम्भलाई अनुपलम्भमा परिणामना गरेको हुन्छ । यस्तो परिणामनालाई बुद्धले स्वीकार गर्दैन । किनभने उपलम्भ अर्थात् निमित्त ग्रहण गर्नेले निर्वाणको पनि आकार प्रकार कल्पना गर्ने हुन्छ यस्तो गर्नुलाई बुद्ध भगवान्ले महत्व दिनु भएको छैन । विष मिसिएको भोजनको परिणाम जसरी अनर्थकारी हुन्छ त्यस्तै निमित्त ग्रहण गरी परिणामना गर्दा अनर्थ हुने हुन्छ ।‘‘नास्ति उपलम्भ संज्ञिनो परिणामना’’ अर्थात् निमित्त ग्रहण गर्ने व्यक्तिले गरेको परिणामना सफल हुंदैन किनभने उपलम्भ भनेको विष सरह हो ।

अतीत अनागत प्रत्युतपन्न बुद्धहरूको पुण्यलाई कसरी ग्रहण गर्ने भन्ने कुरो सिक्नु पर्छ र कसरी परिणामना गर्ने भन्ने पनि सिक्नु पर्छ ।

जसरी तथागतहरूले बुद्धज्ञानद्वारा, बुद्धचक्षुद्वारा समस्त कुरा जान्नु हुन्छ, देख्नु हुन्छ । जसरी ती पुण्यहरू विद्यमान छन् त्यसरी नै म पुण्यानुमोदना गर्दछु । जसरी कुशलमूललाई परिणामना गर्दा बुद्धहरूवाट स्वीकार होला त्यसरी नै परिणामना गर्छु भन्नु पर्छ । यसो गर्दा विषरहितको परिणामना हुन्छ ।

तीनै धातुका पुण्यस्कन्ध अपर्यापन्न (अनुपलम्भ हुनाले अप्रतिष्ठित) छन् । बोधि पनि अपर्यापन्न छ भनी परिणामना गरेमा सम्यक् परिणामना हुन्छ । अर्थात् अनाशक्त भई निमित्त ग्रहण नगरिकन परिणामना गर्नु पर्छ । जुन परिणामना बुद्ध भगवान्बाट स्वीकार होस् । यस्तो परिणामनालाई नै सम्यक् परिणामना भनिन्छ ।

यस्तो वचन सुनी श्री भगवान्ले सुभूतिलाई धेरै साधुवाद दिनु भयो । बुद्धकृत्य (बुद्धको काम) तिमीले गऱ्यौ । यस्तो परिणामनालाई धर्मधातु परिणामना पनि भनिन्छ । जुन धर्मतामा प्रतीत्यसमुत्पादको नियम बुद्ध भगवान्हरूले जान्नु हुन्छ, देख्नु हुन्छ त्यस्तो पुण्य यस्तो छ भन्ने हुन्छ । त्यसरी अनुमोदना गर्छु । त्यसरी नै परिणामना गर्छु । यस्तो परिणामना उत्तम हुन्छ, श्रेष्ठ हुन्छ । यो परिणामना गङ्गा नदी वालुका प्रमाण लोक धातुका प्राणीहरुलाई दशकुशल पालना गराएको पुण्य भन्दा बढी हुन्छ । तथा चार ध्यान लाभ गराएको पुण्य भन्दा बढी हुन्छ । त्यस्तै चार ब्रह्म विहार, चार समापत्ति, पाँच अभिज्ञा, स्रोतापत्ति, सकृदागामी अनागामी, अर्हत्व, प्रत्येक बुद्धत्व लाभ गराई दिंदा लाभ हुने पुण्य अति धेरै हुन्छ । यसको रूप हुंदो हो त आकाशमै नअटाउने होला । तर यी समस्त पुण्य भन्दा यो धर्मधातु पुण्यपरिणामनाको पुण्य बढी हुन्छ । किनभने उपर्युक्त अरू पुण्यमा उपलम्भ संज्ञा (प्राप्त गरें भन्ने निमित्त ग्रहण) हुन्छ तर यो धर्मधातुपरिणामनामा उपलम्भ संज्ञा रहंदैन ।

अनि यो वचन सुनी चातुर्महाराजिक, त्रायत्रिंशत देवपुत्र, याम, तुषिता, निर्माणरति, परनिर्मित, वशवर्ती, ब्रह्मकायिका

ब्रह्मपुरोहित, ब्रह्मपार्षद्य, महाब्रह्मा, परीत्ताभा, अप्रमाणाभा, आभास्वर, परीत्तशुभ, अप्रमाणशुभ, शुभकृत्स्न, अनभ्रक, पुण्यप्रसव, वृहत्फल, असंज्ञीसत्व, अवृहा, अतपा, शुदृश, सुदर्शन, अकनिष्ठ, देवपुत्रहरूले क्रमशः पालनु भई हात जोडी आश्चर्य हो! पुण्य परिणामनाको फल यस्तो हुन्छ भन्ने कुरो हामीलाई थाहा थिएन भनी विन्ती गरे ।

अनि सुद्धावासिक देवपुत्रहरूलाई यस्तो आज्ञा भयो– हे देवपुत्रहरू ! गङ्गा नदी वालुका समान त्रिसाहस्र,महासाहस्र लोकधातुका अनन्त वोधिसत्वहरूले बुद्धत्व लाभ गर्न गरेका दानको पुण्यस्कन्ध वोधिसत्वहरूलाई चीवर पिण्डपात्र आदि दान गरेको पुण्यस्कन्ध र कल्पौं कल्पसम्म दान गरेको पुण्यस्कन्ध भन्दा बुद्धहरूको शीलस्कन्ध आदिको पुण्यलाई एकै ठाउँमा अनुपलम्भपूर्वक अनुमोदना गर्नु तथा परिणामना गर्नुको पुण्य धेरै हुन्छ, श्रेष्ठ हुन्छ । किनभने कुनै वस्तु प्राप्तिको निमित्त गरेका दानलाई उपलम्भ गरी गरेको दान भनिन्छ । यस्तो दान भन्दा उपलम्भ नगरिकन गरेको परिणामना लाखौं गुणा उत्तम हुन्छ । यस्तो आज्ञा भएको सुनी सुभूतिले विन्ती गर्नु भयो– हे भगवन् ! बुद्ध बोधिसत्वको पुण्य एकै ठाउँमा थुपार्दा निमित्त ग्रहण भई हाल्छ नि । यसको उत्तरमा श्री भगवान्ले आज्ञा भयो– सबै वस्तु कल्पनाबाट वनेका हुन्छन् । अतः सबै वस्तु अजात अर्थात् अनुत्पन्न हुन् भनी कुनै वस्तुलाई मनमा नलिई निमित्त ग्रहण नगरी आशक्त नभई गरेको परिणामना उत्तम हुन्छ । उपलम्भ सञ्ज्ञाको पुण्य भन्दा लाखौं करोडौं गुणा बढी हुन्छ भनी भगवान्ले आज्ञा भयो ।

फेरि हे सुभूति ! अतीतादि सबै बुद्धहरूको दानादिलाई अनुमोदना गर्न चाहेमा यसरी अनुमोदना गरे पनि हुन्छ । जस्तो विमुक्ति, दानादि पनि उस्तै हो । यस्तै गरी जस्तो बिमुक्ति उस्तै प्रज्ञाबिमुक्तिज्ञान दर्शन, अनुमोदना, परिणामना, बुद्ध, प्रत्येक बुद्ध सबै बिमुक्ति समान हुन् । यी सबै आवद्ध हुन्, अमुक्त न्,

आशक्त हुन् । ती सबैको धर्मतालाई अनुमोदना गर्छु, परिणामना गर्छु । यो परिणामनालाई पनि मायोपम संझी आशक्त नभइकन गन गर्नु पर्छ ।

हे सुभूति ! यति मात्र होइन गंगा नदी बालुका समान त्रिसाहस्र, महासाहस्र लोक धातुका सबै प्राणीहरूलाई बुद्धत्व लाभ होस् भनी प्रणिधान गर्ने वोधिसत्वले त्यस्तै अरु असंख्य बोधिसत्वहरूलाई अनन्त कल्प सम्म उपलम्भ संज्ञी भएर दानादि गरेको पुण्य भन्दा प्रज्ञापारमिताको उपाय कौशलपूर्वक गरेको अनुमोदना र परिणामनाको लाखौं करोडौं गुणा पुण्य वढी हुन्छ । किनभने उपलम्भ संज्ञी हुनु अर्थात् कुनै प्राप्तिको निमित्त निमित्त ग्रहण गर्नु भन्दा फलाशा नहुनु वढिया हो । यसै गरी शील क्षान्ति वीर्य ध्यान आदिमा पनि फलाशा गरी गरेको पुण्य भन्दा फलाशा छोडी मायोपम भावना गरी गरेको अनुमोदना तथा परिणामनाको पुण्य लाखौं करोडौं गुणा बढी पुण्य दिने हुन्छ भनी श्री भगवान्ले आज्ञा भयो ।

निरय परिवर्त

अनि आयुष्मान् शारिपुत्रले श्री भगवान्लाई यस्तो विन्ती गर्नु भयो–हे भगवन् ! सर्वज्ञ ज्ञानलाई उत्पन्न गर्ने प्रज्ञापारमिता नै हो । सर्वज्ञता भनेको प्रज्ञापारमिता नै हो ।

अनि श्री भगवान्ले आज्ञा भयो–शारिपुत्र तिमीले ठीकभन्यौ । अनि भगवान्को प्रेरणा पाई शारिपुत्रले प्रज्ञापारमितालाई नमस्कार गर्दै वहाँलाई कुनै वस्तुमा आशक्त भई नतासिने, ज्ञाना लोक प्रकाश गर्ने, क्लेश शान्त गर्ने आदि धेरै प्रशंसा गर्नु भयो। शारिपुत्रको यस्तो बचन सुनी देवराज इन्द्रले शारिपुत्रसंग यस्तो विन्ती गर्नु भयो–भन्ते तपाईलाई उपर्युक्त प्रज्ञापारमिता सम्बन्धी विचार कहाँबाट आएको हो सुन्न पाउँ भन्ने वचन सुनी शारिपुत्रले भन्नु भयो–

हे देवराज ! श्री भगवान्‌को मुखारविन्दबाट उपलम्भ संज्ञी बोधिसत्वहरूको पुण्य भन्दा प्रज्ञापारमिताको उपाय कौशल्यले युक्त अनुमोदना र परिणामनाको पुण्य बढी हुन्छ भन्ने वचन सुन्दा यो मेरो विचार उठेको हो। यति मात्र होइन हजारौं हजार अन्धाहरू भए पनि तिनीहरू ठीक बाटोबाट हिंड्न सक्दैन। तिनीहरूलाई दोहऱ्याउने एउटा परिणायक (अगुवा)को आवश्यक हुन्छ। त्यस्तै दान, शील, क्षान्ति, वीर्य ध्यानलाई पनि बाटो देखाउने प्रज्ञापारमिता नै हो। यसको सहायताले दानादि, पारमितामा परिवर्तन हुन्छ।

अनि शारिपुत्रको श्री भगवान्‌संग प्रज्ञापारमितालाई कसरी चिन्नु पर्छ भन्ने प्रश्नको उत्तरमा श्री भगवान्‌ले यस्तो आज्ञा भयो– हे शारिपुत्र ! रूप, वेदना, सज्ञा, संस्कार, विज्ञान यी पञ्चस्कन्धलाई मायोपम हुन् भनेर जान्नु नै प्रज्ञापारमिताको अभिनिर्हार हो अर्थात् चिन्ह हो। अतः पञ्चस्कन्धको अभिनिर्हार (चिह्न)नै प्रज्ञापारमिताको चिह्न हो। यसरी प्रज्ञापारमितालाई चिन्दा प्रज्ञापारमिताले हामीलाई के दिनु हुन्छ भन्ने प्रश्नको उत्तरमा आज्ञा भयो– केही पनि दिनु हुन्न। जब केही दिनु हुन्न भनी जानिन्छ तब वहाँ निश्चय नै प्रज्ञापारमिता हुनु हुंदोरहेछ भनी जान्नु पर्छ।

यस्तो वचन सुनी इन्द्रले भन्नु भयो– हे भगवन् ! सर्वज्ञता पनि दिनु हुन्न र ? यसको उत्तरमा आज्ञा भयो– जसरी उपलम्भ (प्राप्ति) हुंदैन त्यसरी दिनु हुन्छ। फेरि अभिसंस्कार (कुनै वस्तु नबन्ने गरी) नहुने गरी दिनु हुन्छ। यस्तो आज्ञा सुनी इन्द्रले भन्नु भयो– प्रज्ञापारमिताले नकुशललाई उत्पत्ति गर्छ न क्लेशलाई नै विरोध गर्छु। केवल वहाँले सबै वस्तु अनुत्पाद अनिरोध हुन् भन्ने ज्ञान दिनु हुन्छ।

अनि सुभूतिले भन्नु भयो माथि उल्लेख भएका कुरामा पनि निमित्त ग्रहण गरी आशक्त हुन्छ भने त्यसले प्रज्ञापारमिताको दर्शन पाउने छैन।

अनि श्री भगवान्ले सुभूतिलाई प्रशंसा गर्दै भन्नु भयो– तिमीले भनेको ठीक हो । फेरि प्रज्ञापारमिताले रूपादि पांच-स्कन्धलाई तथा स्रोता आपति आदि फललाई प्रत्येक बुद्धत्व तथा बुद्धत्वलाई पनि प्रेरणा तथा प्रकाश पार्ने होइन ।

यस्तो आज्ञा सुनी सुभूतिले प्रज्ञापारमिता नै महापारमिता हो भनी प्रशंसा गरे । अनि भगवान्ले किन महापारमिता भन्छौ यसको व्याख्या गर भने पछि सुभूति भन्नु हुन्छ– प्रज्ञापारमिताले रुपादिलाई न महान् वनाउनु हुन्छ न सानो वनाउन हुन्छ । अतः यो महापारमिता हो । यस्तो भए पनि म जगतसत्वलाई निर्वाण मार्ग देखाउछु आदि भनी सत्वप्राणीलाई उपलम्भ गरेमा प्रज्ञापारमिताको भावना गरेको ठहरिंदैन । सत्वप्राणी अस्वभावका हुन्छन् तथा प्रज्ञापारमिता पनि अस्वभावका हुन्छन् । त्यस्तै विविक्त, शान्त हुने हुंदा महापारमिता भनेको हुं ।

अनि शारिपुत्रले भगवान्लाई यसरी विन्ती गर्नु भयो– हे भगवन् ! यस्तो गम्भीर धर्मको उपदेश दिंदा दृढ विश्वास गर्ने व्यक्तिको पूर्वजन्म कस्तो हुन्छ ? यसको उत्तरमा आज्ञा भयो– अरु लोकधातुमा रहेका धेरै बुद्धहरुलाई सेवा गरी यहाँ जन्म लिन आउने व्यक्तिले मात्र श्रद्धा गर्ने हुन्छ र प्रज्ञापारमितालाई नै शास्ता संझने हुन्छ । सत्कारपूर्वक सुन्ने हुन्छ ।

अनि सुभूतिले श्री भगवान्संग यस्तो विन्ती गरे–भगवन् के प्रज्ञापारमिता सुन्न सकिने, मनले चिन्तन गर्न सकिने वस्तु हो र ? के यहांको आकार हुन्छ र ? अनि यस्तो शंका निवारण गर्दै भगवान्ले आज्ञा भयो–वहाँ सुन्न नसकिने, चिन्न नसकिने हुनु हुन्छ । किनभने स्कन्ध, धातु, आयतनबाट मात्र प्रज्ञापारमिता हुनु हुन्छ भने बोध हुन्छ तथा स्कन्ध, धातु, आयतनलाई पनि विचार गर्दा शून्य, विविक्त, शान्त रहेछ भन्ने बोध हुन्छ । प्रज्ञापारमिता पनि शून्य, शान्त,विविक्त हुने हुंदा दुवै एक्कै प्रतीत हुन्छ । प्रज्ञापारमिताको नाम र संज्ञाले व्यवहार हुंदैन । अतः सर्वधर्म अनुपलम्भ नै प्रज्ञापारमिता हो ।

अनि सुभूतिले भन्नु भयो– कति धेरै बोधिसत्वचर्या पालन गरे भने प्रज्ञापारमिताको योग लाभ होला ? यसको उत्तरमा श्री भगवान्‌ले यस्तो आज्ञा भयो– हे सुभूति ! इन्द्रियको भेदले तीन प्रकारका व्यक्तिहरू हुन्छन् । यिनीहरूमध्ये कुनैले लाखौं बुद्धको दर्शन गरेर पनि प्रज्ञापारमिताको श्रद्धा नगर्ने हुन्छन् । किनभने कसैले तथागतहरूको उपदेशलाई गौरव नगर्ने हुन्छन् । अतः त्यसको शुश्रुषा (सुन्ने इच्छा) हुंदैन । सुश्रुषा नहुंदा सेवा हुंदैन । त्यो नहुंदा नबुझेको पनि सोधिंदैन । नसोधे पछि श्रद्धा हुंदैन । श्रद्धा नहुंदा धर्मसभाबाट बाहिर जाने हुन्छ र धर्मव्यसनसंवर्तनीयकर्मद्वारा प्रज्ञापारमितालाई हेला गर्ने हुन्छ । अनि कसरी प्रज्ञापारमिता बुझ्ला र श्रद्धा, गौरव गर्ला । यसरी धर्मव्यसनसंवर्तनीय कर्म वृद्धि हुंदै जाने हुंदा प्रज्ञापारमिता उपर द्वेष र निंदा गर्ने हुन्छ । यसो गर्नु बुद्धलाई नै निन्दा गर्नु समान हो । यसको परिणाम स्वरूप महानिरयमा करोडौं कल्प विताउनु पर्ने हुन्छ । यी सबै प्रज्ञापारमिता उपर गरिएका दुर्भाषित वचनको फल हो । यस्ता व्यक्तिले स्वयं नष्ट भई परलाई पनि नाश गर्ने हुन्छ। यस्ता व्यक्तिले कस्तो शरीर धारण गरी नरक भोग गर्छन् भनी उनीहरूको शरीरको वर्णन मात्र सुन्दा पनि मनुष्यहरू डराई रक्तवमन गर्ने भय हुन्छ । त्यसकारण यस्ता व्यक्तिको चर्चा नगर्नु नै उचित छ । वरू जीविकाको निमित्त पनि म धर्मलाई निन्दा गर्ने छैन भनी सिक्नु पर्छ ।

अनि आयुष्मान् सुभूतिले भन्नु भयो– कुलपुत्र तथा कुलदुहिताले काय, वचन, मन कमलाई संयम गर्नु उचित छ । कयौं व्यक्तिहरू धर्म विनयमा प्रव्रजित भएर पनि प्रज्ञापारमितालाई दुषित बनाउने चेष्टा गर्छन् । तर तिनीहरूले प्रज्ञापारमितालाई निन्दा गर्नु सर्वज्ञता, बुद्ध, धर्म, सङ्घलाई निन्दा गर्नु समान हो भनी बुझ्दैनन् ।

यस्तो वचन सुनी सुभूतिले श्री भगवान्‌लाई यस्तो विन्ती गर्नु भयो– हे भगवन् ! किन यस्ता व्यक्तिहरू जन्मन्छन् ?

यसको उत्तरमा आज्ञा भयो– मारको वशमा पर्नु र दुष्प्रज्ञसंवर्तनीयकर्म गरेको हुनु । यी दुई पाप गर्ने व्यक्तिले प्रज्ञापारमितालाई निन्दा गर्ने हुन्छ । अथवा दुष्टपापीको संगतले पनि हुन सक्छ । त्यस्तो व्यक्ति भौतिक स्वार्थमा आशक्त तथा आफ्नो बढपन देखाउने अरूलाई होच्याउने तथा छिद्रान्वेषी व्यक्तिले पनि प्रज्ञापारमितालाई निन्दा गर्ने हुन्छ । यति मात्र होइन प्रज्ञापारमितालाई देशना गर्दा बाधा पुर्‍याउने प्रयत्न गर्ने हुन्छ ।

विशुद्धि परिवर्त

अनि सुभूतिले श्री भगवान्‌लाई यस्तो विन्ती गर्नु भयो– हे भगवन् ! प्रज्ञापारमितामा दृढ विश्वास गर्नु कठीन छ । जस्ले पापीको संगत गर्छ, पुण्य कर्म गर्दैन अर्थात् दश कुशल पालना गर्दैन तथा प्रज्ञापारमिता बोध गरूं भनी तत्पर हुंदैन, त्यस व्यक्तिको अधिमोक्ष (दृढ विश्वास) हुंदैन ।

भगवान्‌ले आज्ञा भयो– तिमीले भनेको ठीक हो । तर त्यसमा पनि दुर्बुद्धि, चाहना नभएको, अध्ययन नगरेको, सद्धर्म सुन्न तथा प्रश्न गर्न नचाहने व्यक्तिको निमित्त पनि प्रज्ञापामिता दुरधिमोक्ष हुन्छ ।

अनि फेरि गम्भीरताको बारे आज्ञा हुंदै श्री भगवानले आज्ञा भयो– रूप आदि पंचस्कन्धहरू बन्धनमा पनि छैन, मुक्त पनि होइन किनभने रूपादिको स्वभाव नै हुंदैन । यसंगरी पूर्वान्त (अतीत) अपरान्त (भविष्य) प्रत्युत्पन्न (वर्तमान) यी तीनै कालका पनि अबद्ध, अमुक्त हुन् किनभने यिनीहरूको पनि स्वभाव हुंदैन ।

हे भगवन् ! मेरो विचारमा अल्सी, वीर्य हीन, स्मृति नभएकाले त प्रज्ञापारमितालाई झन् दृढ विश्वास गर्न सक्दैन । अनि यसको कारण देखाउनु हुंदै श्री भगवानले आज्ञा भयो– रूपादि पंचस्कन्धको मायोपम स्वभाव हुनाले शुद्ध भनी देख्नेले

स्रोतापति आदि फल पनि शुद्ध नै देख्ने हुन्छ । अतः रूपादि विशुद्धि र फलविशुद्धि दुबै एउटै हो । यसमा भेदभाव छैन भन्ने देख्नु अभिन्नता हो । नानात्व छैन भन्नु अच्छिन्नता हो । यसै गरी रूपादि स्कन्ध र सर्वज्ञताको विशुद्धि पनि एकै सम्झनु पर्छ ।

अनि श्री भगवान्ले भन्नु भयो– हे शारिपुत्र ! प्रज्ञापारमितालाई, गम्भीरा, अवभाकरी, आलोक आदि जो नाम दिइयो ती सबै उचित नै छ किनभने वहाँ विशुद्ध हुन्छ । यसै गरी आत्मविशुद्धि भन्नु र रूपादि पञ्चस्कन्ध विशुद्धि भन्नु पनि एकै हो किनभने यी सबै निःस्वभाव नै हुन् । यसै गरी रूपादि अपर्यन्त हुन्छन् किनभने आत्मभाव पनि अपर्यन्त नै हुन्छ । यी दुवै एक्कै अनुत्पाद स्वभावका हुन् ।

अनि सुभूति भन्नु हुन्छ– संसार अपरतीर हो यसलाई प्रज्ञाद्वारा दोष देख्ने हुन्छ निर्वाणपरतीर हो । करूणाले जगत् हित गर्छु भन्ने व्यक्ति निर्वाणमा पनि रमाउँनु हुँदैन । त्यसकारण प्रज्ञापारमिता यी दुवैमा र वीचमा पनि रहँनु हुन्न । यसो हुनुको कारण अत्यन्त विशुद्धि नै हो ।

अनि सुभूतिको विचारलाई समर्थन गर्दै श्री भगवानले आज्ञा भयो– उपर्युक्त कुरामा पनि निमित्त ग्रहण गर्नु हुंदैन । नाममा र निमित्तमा आशक्त भयो भने प्रज्ञापारमितादेखि टाढा हुनेछ । रूपादिलाई उच्चारण मात्र गर्दा पनि आशक्ति बढ्ने हुन्छ । यति मात्र होइन रूपादि शून्य हुन् भन्दा पनि आशक्ति हुन थाल्छ । तथा तीनै कालका वस्तुहरू शून्य हुन् भन्दा पनि निमित्त ग्रहण गरिन्छ भने संग (आशवित) पैदा हुन्छ । यस्तै वोधिचित्तको पनि निमित्त ग्रहण गरेमा संग (आशक्ति) हुने हुन्छ । त्यसकारण अनुमोदना परिणामनामा पनि आशक्त नभई म तथा अनुमोदना, परिणामना पनि मायोपम हुन जादु समान हुन् भनी व्यवहार गर्नु पर्छ यही उत्तम विपश्यना हो ।

अनि भगवान्ले आज्ञा भयो– सुभूति तिमीलाई साधुवाद छ। तिमीले सङ्गको कोटि (छेउ) लाई वतायो। अव यो भन्दा शुक्ष्म कुरा म वताउछु सुन– हे सुभूति ! सम्यक् संबुद्धको पनि निमित्त ग्रहण गर्नु हुंदैन यसो गर्दा पनि सङ्ग (आशक्ति) नै हुन्छ। अतः सबै वस्तु (धर्म) हरुको धर्मता (मायोपम स्वभाव वा तथता) त्र्यध्वदेखि मुक्ता हुन्छन्। त्यस्तो धर्मताको निमित्त ग्रहण गर्न सकिंदैन।

यस्तो वचन सुनी सुभूतिले प्रज्ञापारमितालाई नमस्कार गर्दै वहाँ विविक्त हुनु हुन्छ, प्रकृति परिशुद्ध हुनु हुन्छ भनी प्रशंसा गर्नु भयो र भन्नु भयो– सबै वस्तुहरू प्रकृति विविक्त हुन्छन् अर्थात् परिनिष्पन्न स्वभावको हुन्छन्। ज्ञान, ज्ञेय, ज्ञाता स्वभाव नहुने हुन्छ। यसकारण यस्तो भावना गरेमा सूक्ष्मसंगवाट पनि मुक्त हुन्छौ। सबै वस्तुको एउटै लक्षण हुने हुंदा कुनै वस्तुको भित्री लक्षण हुन्दैन। यतिमात्र होइन प्रज्ञापारमिता चित्तले जानिने तथा बुझिने कुरो पनि होइन। कर्ता नभएको हुनाले, प्रज्ञापारमिता अकृता अर्थात् अकृत्रिम हुन्। हे सुभूति ! रूप आदि पञ्चस्कन्धमा आशवत नभइकन भावना गरेको भावना प्रज्ञापारमिता भावना भनिन्छ। प्रज्ञापारमिता भावना गर्दा नित्य अनित्य, पूर्ण अपूर्ण आदि निमित्त ग्रहण गरी भावना गर्नु हुंदंन। यति मात्र होइन कुनै वस्तुको पनि सङ्ग असङ्ग भनिरह्यो भने पनि निमित्त ग्रहण हुन्छ। किनभने सर्वज्ञता अशक्त, अवद्ध, अमुक्त, असमतिक्रान्त स्वभावका हुन्छ।

हे सुभूति तथागतले जीवनपर्यन्त आकाशको वर्णन गरे पनि आकाश न वढ्छ न घट्छ। त्यस्तै प्रज्ञापारमितालाई पनि सम्झनु पर्छ। अनि सुभूति भन्नु हुन्छ– प्रज्ञापारमिताको भावना आकाश समान हुन्। वहाँलाई मेरो नमस्कार छ। बोधिसत्वहरू आकाश समान तथा धर्मधातु समान सत्वहरुलाई उद्धार गर्न तम्सनु हुन्छ। अतः वहाँहरू सनाह, संनद्ध हुनु हुन्छ।

अनि रक्षा गर्न इच्छाले युक्त इन्द्रलाई श्री भगवान्ले भन्नु भयो–हे देवराज ! के रक्षा गर्नु पर्ने कुनै वस्तु देखाउनु हुन्छ ?

देवराजले छैन भनी उत्तर दिए पछि भगवानले आज्ञा भयो–हे देवराज ! जसले माथि उल्लेख गरे झैं भावना गर्छ त्यसको निमित्त त्यही नै रक्षा हो । जसरी प्रतिध्वनिको रक्षा गर्नु आवश्यक छैन त्यस्तै प्रज्ञापारमिताको भावना गर्ने व्यक्तिलाई रक्षाको आवश्यकता छैन ।

अनि त्यसवेला चार महाराजा आदि सबै देवताहरू त्यहाँ उपस्थित हुंदा बुद्धानुभावले हजारौं बुद्धहरूले हजारौं सुभूतिलाई बिशुद्धि परिवर्त देशना गरिहंनु भएको देखे तथा भविष्यमा मैत्रेयले पनि यही परिवर्त वर्णन गर्नु हुनेछ भन्ने कुरो पनि बुझे ।

स्तुति परिवर्त

अनि आयुष्मान् सुभूतिले यस्तो विन्ती गरे– हे भगवन ! प्रज्ञापारमिता भन्ने नाम हो । नामलाई हामी लिन तथा छुन सक्दैनौं त्यस्तै प्रज्ञापारमितालाई पनि लिन तथा छुन सकिदैन । तैपनि भविष्यमा यही विशुद्धि परिवर्त मैत्रेय बोधिसत्वले वर्णन गर्नु हुनेछ । यति भन्दा श्री भगवान्ले आज्ञा भयो–हे सुभूति! रूप आदि पञ्चस्कन्ध न नित्य हो, न अनित्य हो । न वद्ध हो न मुक्त हो भनी मैत्रेयले वोध गर्नेछ। किनभने पञ्चस्कन्धहरू अत्यन्त विशुद्ध छन् । यसकारण मैत्रेयले यही देशना गर्नेछन् भनिएको हो । अनि फेरि आज्ञा भयो– पञ्चस्कन्ध विशुद्ध हुनाले प्रज्ञापारमिता विशुद्ध सम्भनु पर्छ । पञ्चस्कन्ध अनुत्पाद, अनिरोध, असंक्लेश, अव्यवदान हुनाले विशुद्ध छन् त्यस्तै प्रज्ञापारमिता परिशुद्ध छन् । पञ्चस्कन्ध निरूपलेप अपरिग्रह हुनाले विशुद्ध छन् त्यस्तै प्रज्ञापारमिता परिशुद्ध छन् । आकाश तथा प्रतिध्वनि अवचनीय, अप्रव्याहार तथा निरूपलेप हुनाले प्रज्ञापारमिता पनि त्यस्तै परिशुद्ध छन् । अनि सुभूतिले भन्नु भयो । भावना गर्ने बोधिसत्वलाई आँखाको रोग, नाक, कान, जिब्रो शरीरको रोगहरू हुंदैन । सो बोधिसत्वको पछि हजारौं देवताहरू लाग्ने छन् । अष्टमी, चतुर्दशी

र पूर्णिमाका दिन उनी कहाँ धर्म सुन्न आउँने छन् र उनीको रक्षा गर्ने छन् । यसकारण प्रज्ञापारमिता अनुत्तर रत्न हुन् । महारत्न हुन् । प्रज्ञापारमिताले कुनै व्यक्तिलाई पनि क्लेशयुक्त वनाउंदैन । अत: लोकहित गर्न वहाँ उपस्थित हुनु हुन्छ । यसरी निरूपलेप स्वभावको प्रज्ञापारमिताको वर्णन सुनेर धेरै देवमनुष्यहरूले यो त दोस्रो धर्मचक्र प्रवर्तन हो भन्न लाग्दा श्री भगवान्ले आज्ञा भयो– प्रज्ञापारमिताले न कसैलाई प्रवर्तन गर्छ न त कसैलाई निवर्तन नै गर्छ भन्ने जान्नु पर्छ । सवै वस्तु अन्यन्त अभिनिर्वृत अर्थात् अत्यन्त अनुत्पन्न भन्ने सम्झनु पर्छ । स्वभावैले शून्य हुदा आदिदेखि अनुत्पन्न भन्ने बुझ्नु पर्छ । यति मात्र होइन शून्यता, अनिमित, अप्रणिहित आदि विमोक्षहरू नप्रवृत्ति हुन्छन् । न निवृत्ति हुन्छन् यस्तो धर्म न त कसैले देशना गर्छ न कसैले सुन्छ। न त साक्षात्कार नै गरिन्छ। यस्तो आज्ञा हुंदा सुभूतिले भन्नु भयो– आकाशलाई असत्ता मानेमा प्रज्ञापारमितालाई पनि असत्पारमिता मान्नु पर्छ इत्यादि प्रज्ञापारमिताको धेरै प्रशंसा गर्नु भयो ।

धारणगुणपरिकीर्तन परिवर्त

अनि देवराज इन्द्रको मनमा यस्तो लाग्यो–धेरै बुद्धहरूलाई सेवा गरी पुण्य लाभ गरेका र कल्याणमित्रको उपदेश पाएका बोधिसत्वले मात्र प्रज्ञापारमिता सुन्न र नबुझेको प्रश्न गर्न पाउंने हुन्छ। यस्तै व्यक्तिले मात्र तथता बुझ्न र योग गर्न पाउंने हुन्छ । स्वाध्यय गर्दा पनि आशक्त नभइकन निशङ्क मनले भय नमानी भावना गर्ने हुन्छ । इन्द्रको यस्तो भाव बुझी शारिपुत्रले भन्नु भयो– हे देवराज ! जसले श्रद्धापूर्वक बोधिचित्त उत्पन्न गरी प्रज्ञापारमितालाई धारणा गर्छ, अध्ययन गर्छ र तथताको योग गर्छ सो व्यक्तिलाई अविनिवर्तनीव बोधिसत्व भनेर सम्झनु पर्छ। किनभने गम्भीर प्रज्ञापारमितालाई बुझ्न र त्यसलाई दृढविश्वास

(अधिमोक्ष) गर्न धेरै पुण्य भएकाले पनि गर्न सकिने होइन । जसले त्यसलाई आक्षेप गर्छ, श्रद्धा गर्दैन, जान्न प्रयत्न गर्दैन त्यस्तो व्यक्तिले पूर्वजन्ममा पनि कुनै पुण्य नगरेको तथा बुद्धहरूको दर्शन नपाएको भनी सम्झनु पर्छ । अति प्रसन्न भई देवराज इन्द्रले प्रज्ञापारमितालाई नमस्कार गर्नु भयो । अनि श्री भगवान्ले आज्ञा भयो– सर्वज्ञता प्रज्ञापारमितावाट निर्जात (उत्पन्न) भएको होइन । वरू सर्वज्ञ ज्ञानवाट प्रज्ञापारमिता उत्पन्न भएको हो । यसंकारण प्रज्ञापारमिताको चर्या गर्नु पर्छ, त्यसैमा रहनु पर्छ, त्यसैलाई जान्नु पर्छ, त्यसैको योग गर्नु पर्छ । यसलाई जान्न इच्छा गरेपछि देवराजलाई यस्तो आज्ञा भयो– प्रज्ञापारमिताको चर्या पालन गर्नेले रूपादिमा लाग्नु हुदैन । रूपादि छ भन्ने धारण पनि त्याग्नु पर्छ । अरूलाई पनि रूपादि पञ्चस्कन्धमा लगाउनु हुंदैन । त्यसबाट अलग्गिने ज्ञान दिनु पर्छ । यसो गरेमा प्रज्ञापारमिताको योग लाभ हुने हुन्छ ।

अनि शारिपुत्रले प्रज्ञापारमिताको गम्भीरता, दुर्बोधता र अप्रमाणता वर्णन गरे पछि श्री भगवान्ले आज्ञा भयो– रूपादि पञ्चस्कन्धलाई गम्भीर छन् भनेर निमित्त ग्रहण गर्नु हुंदैन । अनि मात्र रूपादिमा योग लाभ हुन्छ । यस्तो कुरो अविनिदर्तनीय बोधिसत्वले मात्र बुझ्नु हुन्छ भन्ने शारिपुत्रको आशयलाई लिएर श्री भगवान्ले यस्तो आज्ञा भयो– धेरै बुद्ध दर्शन पाएका परिपक्व कुशलमूल भएका वोधिसत्वले मात्र प्रज्ञापारमितालाई अध्ययन मनन गर्न रूचाउँने हुन्छ । अनि शारिपुत्रले भन्नु भयो– जसले सपनामा पनि वोधिमण्डपमा बसें भन्ने देख्छ सो व्यक्तिले चाँडै बुद्धत्व लाभ गर्ने छ । त्यस्तो व्यक्तिलाई बुद्धहरूबाट चाँडै व्याकरण लाभ हुन्छ । जसको मन संधै भूतकोटि (निर्वाणमा) झुकेको हुन्छ । त्यस्तो व्यक्तिको चाँडै बुद्धत्वलाभ हुने लक्षण देखियो भने हुन्छ । जस्तै घोरजङ्गलवाट आउंदा फलफूलको बारी देखियो भने शहरमा आइपुगें भन्ने लाग्छ, समुद्रको वरिपरि पाइने बोट बिरुवा देख्दा समुद्रमा पुग्न लाग्यो । त्यस्तै पातहरू

झर्न थाले भने तथा पालुवा चढ्न थाले भने वसन्त आरम्भ भयो भन्ने लाग्छ त्यस्तै प्रज्ञापारमितामा श्रद्धा वढ्यो भने सो व्यक्तिले चाँडै बुद्धत्व लाभ गर्छ भनी सम्झन सकिन्छ ।

अनि सुभूतिले भन्नु भयो– हे भगवन् ! कसरी प्रज्ञापारमिता भावना पूर्ण गर्न सकिएला ? अनि भगवान्ले आज्ञा भयो– हे सुभूति ! जसले रूपादिको वृद्धि पनि देख्दैन हानी पनि देख्दैन त्यसले भावना पूर्ण गर्न सक्ने हुन्छ । यो कुरो अचिन्त्य हो भन्ने सुभूतिको विचारलाई लिएर श्री भगवान्ले आज्ञा भयो– प्रज्ञापारमिता मात्र होइन रूपादि सवै अचिन्त्य नै हुन् । किनभने सबै धर्मधातु समान नै अचिन्त्य छन् । जसले अचिन्त्य भनी रूपादिको निमित्त ग्रहण गर्दैन त्यसले प्रज्ञापारमिता जानेको हुन्छ। यति मत्र होइन हे शारिपुत्र ! दीर्घकाल चर्या पालन गर्ने बोधिसत्वले मात्र यसलाई विश्वास गर्ने हुन्छ र दशबल चार वैशारद्य बुद्धधर्म तथा सर्वज्ञतालाई पनि कल्पना गर्दैन चिताउंदैन किनभने तिनीहरूलाई पनि अचिन्त्य सझन्छन् । यसो गर्‍यो भने चर्या पूर्ण हुने हुन्छ । हे सुभूति! आकाश झैं शुद्ध हुनाले प्रज्ञापारमितालाई शुद्धराशि भन्नु पर्छ, रत्न राशि भन्नु पर्छ । यसको भावना गर्ने व्यक्तिले मारलाई दवाउन सक्ने हुन्छ । यो प्रज्ञापारमितालाई वर्ष दिन लगाएर लेखे पनि, विघ्न गरे पनि हानी गर्न सक्दैन । बुद्धहरूले संधै सुदृष्टिले हेर्नु हुनेछ । यसरी तथागतको अधिष्ठान पाएको हुंदा बुद्धहरूको दर्शन पाउंने हुन्छ । तथा चाँडै बुद्धबोधि लाभ गर्न सक्ने हुन्छ । भविष्यमा दक्षिणापथ अनि वर्तनी अनि उत्तर दिशामा प्रज्ञापारमिताको प्रचार भएको देख्न पाउने छ । यसको प्रचार गर्नाले सवै आस्रव क्षीण भएर जाने हुन्छ । अनि यसको प्रचारमा लाग्दा सबैबाट मान पाई प्रसिद्ध धर्मको नेतृत्व गर्ने हुन्छ तथा कसैले दुःख दिन नसकिने हुन्छ । कहिल्यै नसुनेको ग्रन्थको पनि ज्ञान हुन थाल्छ । आपनू प्रतिज्ञा पालन गर्न समर्थ हुन्छ । जगतसत्व हित गर्न सक्ने हुन्छ । अर्को जन्ममा पनि प्रज्ञापारमिताको स्मृति लाभ हुने हुन्छ । यसरी

प्रज्ञापारमितालाई धारणादि गर्दा धेरै गुण लाभ हुने कुरो आज्ञा भयो ।

मारकर्म परिव्रत

अनि सुभूतिले श्री भगवान्‌संग यस्तो विन्ती गर्नु भयो– हे भगवन् ! कुलपुत्रहरूको गुण हजूरले आज्ञा गर्नु भयो । तर कुनै कुनैले भने विघ्न बाधाको सामना गर्नु पर्ने हुन्छ । अनि श्री भगवान्‌ले आज्ञा भयो– मारले धेरै विघ्न उपद्रव गर्ने हुन्छ । प्रज्ञापारमिता बुझ्न धेरै समय लाग्नु, बुझिसकेको पनि विर्सेर जानु, हाई गर्दै हाँसी ठट्टा गर्दै प्रज्ञापारमिता लेख्नु । मन अन्तै लगाई पढ्नु । मनोरञ्जनका कुराहरू गर्दै लेख्नु परस्परमा निन्दा गर्दै लेख्नु, यता उति हेर्दै लेख्नु, लेख्ने सामान नजुर्नु आदि धेरै मारकर्महरू हुन्छन् । प्रज्ञापारमिताको उपदेश सुन्ने मन नहुनु । यथार्थ ज्ञानको कारणलाई छोडेर अयथार्थ कुरामा लाग्नु अर्थात् सुन र पित्तल समान सम्झनु । श्रावक मार्गले सर्वज्ञता खोज्नु, बोधि लाभ गरी जगत हित गर्ने विचार छोडी आफूलाई मात्र शमन, दमन गरी निर्वाण चाहनु पनि मारले नै गराउने हुन्छ । हात्तीलाई नचिन्नेले हात्तीको पाइलाको दाम खोज्नु तथा समुद्रमा पाइने रत्न गोष्पद (गाइको पाइलाको दाम) मा रत्न खोज्नु जस्तो श्रावक यानमा लाग्ने पनि मारले नै गराउने हुन्छ । कुनै पलगण्ड (इन्जीनीयर) ले इन्द्रको प्रासाद जस्तो घर बनाउछु भनी चन्द्र सूर्यको विमानको प्रमाणले प्रासाद बनाउनु जस्तै प्रज्ञापारमितालाई छोडेर श्रावक प्रत्येकयान संबन्धी सूत्र पढ्ने मन गराउनु पनि मारकै काम हो । चक्रवर्ती राजाको तुलनामा एउटा रजौटालाई समान सम्झनु र श्रावक र बोधिसत्वयानलाई समान सम्झनु पनि मारकर्म हो । शतरसयुक्त भोजनलाई छोडेर सठिया चामलको भात मन पराउनु, अमूल्य रत्नलाई अल्पमूल्यको रत्नसंग समान सम्झनु पनि मार कर्म हो । फेरि अक्षर लेखेर प्रज्ञापारमिता लेखें अथवा पुस्तकलाई प्रज्ञापारमिता भनी

आशक्त हुनु पनि मार कर्म नै हो । यति मात्र होइन प्रज्ञापारमिता देशना गर्दा वा लेख्दा, देश, गाउँ कथा, किस्सा, लुगा, गहना, छोरा छोरी लाभ सत्कार आदि नाना थरीमा मन जाने हुन्छ । यो पनि मार कर्म नै हो । प्रज्ञापारमिताको उपदेश हुंदा वा लेख्दा रूप बदलेर मार आई शून्यता अनिमित्त अप्रणिहितका कुरा सुनाउंछ तर उपाय कौशल्य भने बताउदैन । यसरी पनि मारले धोखा दिने हुन्छ । फेरि धर्मकथिकले जांगर गरी धर्म देशना गर्दा श्रोताले आलस्य गर्ने र श्रोताले जांगर लगाई सुन्दा धर्मकथिकलाई आलस्य लाग्यो भने पनि मार कर्म सम्झनु पर्छ । यसै गरी लेख्न लाग्दा पनि अलमल हुनु पनि मारकर्म नै हो। यसै गरी दुर्भिक्ष, व्याधि भय आदि उत्पन्न गर्ने काम पनि मारकै काम हो । तर यस्तो विघ्न हुने भए पनि बुद्धानुभावले गर्दा प्रज्ञापारमितामा लाग्ने वोधिसत्वको रक्षा नै हुने हुन्छ ।

लोकसंदर्शन परिवर्त

अनि श्री भगवान्ले सुभूतिलाई फेरि आज्ञा भयो– हे सुभूति ! कुनै आइमाईको धेरै छोराहरू रहेछन् । अनि आमा चाहीं साह्रै विरामी भएछ भने ती छोराहरूले आमालाई केही नहोस् भनी भरमग्दूर प्रयत्न गर्नु स्वाभाविक छ । किनभने आमाले जन्माएकोले नै यो संसार (लोक) देख्न पाएका हुन् । सम्यक् संबुद्धहरूले पनि हामीहरूलाई लोक चिनाइदिने सर्वज्ञता देखाइदिने भनी प्रज्ञापारमितालाई आमा सम्झी रक्षा गर्न भारी प्रयत्न गर्ने हुन्छन् । प्रज्ञापारमिताले नै तथागतहरूलाई सर्वज्ञ बनाई दिनु भएको हो । यस्तै गरी भूत भविष्यत् वर्तमान तीनै कालका तथागतहरूले प्रज्ञापारमितालाई बुझेर नै सर्वज्ञता लाभ गर्ने हुन्छन् । अतः प्रज्ञापारमिता बुद्धहरूका जननी हुन् लोकलाई देखाउने हुन् ।

यस्तो वचन सुनी सुभूतिले भन्नु भयो– भगवन् ! प्रज्ञापारमिताले लोकलाई कसरी देखाउनु भयो । तथागतहरूले लोक कसलाई भन्नु हुन्छ ? यस प्रश्नको उत्तर श्री भगवान्ले आज्ञा भयो– रूप, वेदना, सज्ञा संस्कार, विज्ञान यी पञ्चस्कन्धलाई तथागतले लोक भन्नु हुन्छ । अर्थात् ससारमा जति पनि वस्तु पदार्थहरू छन् । ती सबै पञ्चस्कन्ध भित्रनै पर्ने हुन्छ । "न लुज्यते इति लोकः" अर्थात् जो लोप हुंदैन त्यस्तोलाई लोक भनिन्छ । पञ्चस्कन्ध शून्यता स्वभावको हुन्छ तथा अनिमित अप्रणिहित, अनभिसंस्कार, अनुत्पाद, अभाव, धर्म धातु स्वभावका हुन्छन् । यिनीहरू लोप हुंदैनन् । यसकारण पञ्चस्कन्ध नै लोक हो भनेर प्रज्ञापारमिताले देखाउनु भयो ।

यति मात्र होइन हे सुभूति ! लोकको चित्तप्रचरित्त तथा संक्षिप्तचित्त, विक्षिप्तचित्त, अक्षयचित्त, संक्लिष्टचित्त, प्रकृति प्रभास्वरचित्त, लीन तथा अलीनचित्त, सास्रव तथा अनास्रवचित्त सराग, सद्वेष तथा संमोहचित्त, अराग, अद्वेष अमोहचित्त, विपुल- तथा अविपुलचित्त, अमहद्गत तथा महद्गतचित्त, संनिदर्शन तथा अलक्षणचित्त, अप्रतिद्य, सोत्तर अनुत्तरचित्त, समाहित तथा असमाहितचित्त, अविमुक्त तथा विमुक्तचित्त अदृश्यचित्तहरूलाई यथार्थरूपले प्रज्ञापारमिताले नै देखाउनु भएकोले पनि लोक सदर्शिका भनेको हो ।

फेरि हे सुभूति ! उन्मिअृत, निमिञ्जित आदि लोक क्रियाहरू पञ्चस्कन्धमा आश्रित भएको छ भनी प्रज्ञापारमिताले नै देखाउनु भएको हो । नाना प्रकारका दर्शनहरूको आधार पनि पंचस्कन्ध नै हो भन्ने पनि देखाउनु भएको छ । पंचस्कन्धको तथता, चारफलको तथता, प्रत्येक बुद्ध, बुद्धको तथता पनि एक्कै हुन्, समान नै हुन् भनी देखाउने पनि प्रज्ञापारमिता नै हो । सबैको तथता एक्कै हो भनी देखेपछि नै तथागतलाई तथागत भन्ने नामकरण गरिएको हो । यसकारण प्रज्ञापारमिता तथागतको जननी आमा भनिएको हो ।

अनि सुभूतिले श्री भगवान्संग यस्तो विन्ती गर्नु भयो– हे भगवन्! हजूरले आज्ञा भए यो उपदेश अविनिवर्तनीय वोधिसत्वले वाहेक अरूले कसले दृढविश्वास गर्ला ? किनभने तथता भन्ने विषय अक्षय हुन्छ ।

अनि देवराज इन्द्र आदि धेरै देवता गणहरूले बुद्धलाई वन्दना गरिरहेका थिए । त्यस वेला श्री भगवान्ले आज्ञा भयो– शून्यता, अनिमित्त, अप्रणिहित, अनभिसंस्कार, अनुत्पाद, अनिरोध असंक्लेश, अव्यवदान, अभाव, निर्वाण, धर्मधातु, तथता आदि भन्दा कुनै न कुनै लक्षण मनले स्थापना गरेको हुन्छ, निमित्त ग्रहण गरेको हुन्छ । तर यस्तो नगरी लक्षण मनमा नलिई लक्षणलाई आकाश समान संझनु पर्छ । यी लक्षणहरू तथागतले स्थापना गरेको होइन । तथा रुपादि पंचस्कन्ध पनि होइन । त्यसमा रहेको पनि होइन । त्यसकारण यो लक्षण असंस्कृत आकाश झैं हो भन्ने संझनु पर्छ । यही कुरो जानेर देशना गर्नु भएकोले नै तथागतलाई तथागत भनिएको हो । प्रज्ञापारमितालाई तथागतले असङ्ग ज्ञान भन्नु भएकोछ । प्रज्ञापारमिताको अति कदर गर्नु हुने हुनाले तथागतलाई कृतज्ञ, कृतवेदी भनिएको हो । यति मात्र होइन तथागतल सर्व धर्म (सवै वस्तु) अकृत, अकृत्रिम भनी जान्नु भएको पनि प्रज्ञापारमिताको प्रभावले नै हो । तथागतले सर्वधर्म अजानक (नजान्ने) अपश्यका (नदेख्ने हुन्छ) भनी जानेको पनि प्रज्ञापारमिताको प्रभावलें नै हो । प्रज्ञापारमिताले तथागतलाई लोक शून्य भनी देखाउनु भयो । अचिन्त्य, शान्त तथा विविक्त भनी लोकलाई देखाउनु भयो । यसकारण प्रज्ञापारमिता लोक संदर्शिका हुन्, बुद्ध जननी हुन् ।

अचिन्त्य परिवर्त्त

अनि सुभूतिको अभिप्रायलाई समर्थन गर्दै श्री भगवान्ले आज्ञा भयो– अचिन्त्य कृत्य (काम)को निमित्त तथा महाकृत्य, अतुल्यकृत्य अप्रमेयकृत्य, असंख्यकृत्य असम सम कृत्यको निमित्त

प्रज्ञापारमिता उपस्थित हुने हुन्छ। किनभने तथागतत्व, बुद्धत्व, स्वयंभूत्व, सर्वज्ञत्व, अचिन्त्य हुन्छ। यिनीहरूलाई मनले चिन्तना गर्न सकिंदैन। यिनीहरूलाई तुलना गर्न पनि सकिंदैन। तथा यी बुद्धत्व आदिलाई नाप्न पनि सकिंदैन। त्यसकारण यिनीहरूलाई अप्रमेय हुन्। गणना गर्ने नसकिने हुनाले असंख्य हुन्। बुद्धत्व समान अरू कोहि नहुनाले असम सम भनिन्छ। यति मात्र होइन रूप, वेदना, संज्ञा, संस्कार, विज्ञानहरू पनि अचिन्त्य, अतुल्य अप्रमेय, असंख्य, असम सम हुन्छन्। यी अचिन्त्य आदि कृत्यको निमित्त नै प्रज्ञापारमिता उपस्थित भएको हुन्छ। यस्तो व्याख्यान सुनी त्यहाँ उपस्थित देव मनुष्यहरू मध्ये कुनै आस्रवबाट विमुक्त भए, कुनैले धर्मचक्षु लाभ गरे।

अनि सुभूतिले बिन्ती गरे– भगवन् प्रज्ञापारमिता महाकृत्यको निमित्त उपस्थित हुनु भएको हो। अनि भगवानले भन्नु भयो– सुभूति तिमीले ठीक भन्यौ प्रज्ञापारमिता गम्भीर हुनु हुन्छ। वहाँले सर्वज्ञता तथा प्रत्येक बुद्धत्व तथा अर्हत्वको निमित्त पनि उपस्थित हुनु हुन्छ। जस्तै चक्रवर्ती राजाले नगर, ग्राम, अदिको सबै काम अमात्यहरूद्वारा संपन्न गर्छन्। आफूले कुनै कामको बोझ उठाएको हुंदैन। तर सबै काम संपन्न गरेको हुन्छ। त्यस्तै बुद्धकर्म, प्रत्येक बुद्धकर्म, श्रावककर्म सबै प्रज्ञापारमिताले नै संपन्न गरेको हुन्छ। त्यसकारण प्रज्ञापारमिताको महाकृत्यको निमित्त उत्पन्न भएको हुन्छ।

अनि सुभूतिको निवारण गर्दै श्री भगवान्ले आज्ञा भयो– हे सुभूति ! प्रज्ञापारमिताको मुख्य उपदेश कुनै वस्तुलाई आफ्नू भनेर नअपनाउनु हो तथा त्यसमा आशवत भई नटाँसिनु हो। यसकारण बुद्धत्व, प्रत्येक बुद्धत्व, अर्हत्व लाभ गर्न पनि अपरिग्रह र अभिनिवेश छोड्नु पर्छ। हे सुभूति ! मैले पनि तथागतत्वलाई देख्दिन अर्थात् अपनाई बसेको छैन। यस्तो आज्ञा सुनी सुभूतिले भन्नु भयो– हे भगवन् ! यो उपदेश सुन्दा नयाँ व्यक्तिहरू त्रस्त हुन सक्छ तथा आश्चर्यले जिल्लिन सक्छ। अनि श्री भगवान्ले

आज्ञा भयो– ठीक हो सुभूति । दीर्घकालसम्म पूण्य गरेका, बुद्ध सेवा गरेका व्यक्तिले मात्र प्रज्ञापारमितालाई मन पराउने तथा बुझ्ने क्षमता हुने, मनन गर्न सक्ने हुन्छ । यस्तो आज्ञा सुनी सबै देवताहरूले प्रज्ञापारमिताको प्रशंसा गर्दै चाँडै निर्वाण हुन चाहनेले पनि सेवनीय हुनु हुन्छ भन्दै विदा भई अर्न्तध्यान भए ।

औपम्य परिवर्त

अनि सुभूतिको शंका निवारण गर्द श्री भगवान्ले आज्ञा भयो– हे सुभूति ! प्रज्ञापारमिताको उपदेश सुन्ने वित्तिकै दृढविश्वास गर्ने, श्रद्धा गर्ने, धारणा गर्ने तथा सानो वाच्छाले माउ गाईलाईझैं धर्मभानकको संगत नछोड्ने बोधिसत्व, मनुष्य च्युति भई मनुष्य नै भई जन्म लिन आएको हुन सक्छ । तथा अरू बुद्ध क्षेत्रबाट च्युति भई यहाँ जन्म लिन आएको पनि हुन सक्छ । तुषित भूवनमा मैत्रेयको सद्धर्म सुनी यहाँ जन्म लिन आएको पनि हुन सक्छ । जहाँबाट यहाँ जन्म लिन आएको भए पनि पूर्वजन्ममा उसले प्रज्ञापारमिता सुनेको हुनु पर्छ । किनभने दीर्घकालसम्म प्रज्ञापारमिता सुनी छलफल नगरेको व्यक्तिले प्रज्ञापारमिता सुन्ने वित्तिकै दृढविश्वास गर्न सक्दैन । एक दुई चोटि सुन्दैमा चित्तस्थिर हुंदैन कपासको डल्लो हावाले यता उति उडाए जस्तै चंचल हुन्छ । नयाँ व्यक्तिले केही गरी विश्वास गरे पनि श्रावक वा प्रत्येक बुद्धको मार्गमा पर्ने हुन्छ । जस्तै कि समुद्रमा यात्रा गर्दा जहाज पल्टे छ त्यसमा वसेका व्यक्तिले काठा आदि कुनै वस्तुको आश्रय नलिएमा अवश्य दुवी मर्ने छ । त्यस्तै श्रद्धा र इच्छाले मात्र प्रज्ञापारमिता सुन्यो तर त्यसको गहिराइमा पुग्ने प्रयत्न गरेन भने बुद्धत्व लाभ गर्न सकिंदैन । परन्तु श्रद्धा, क्षान्ति, रूचि, छन्द, वीर्य आदि भई प्रज्ञाउपर भित्री दिलदेखि आधार मान्छ भने बुद्धत्व लाभ गर्ने हुन्छ । काँचो माटोको घडामा पानी थापे झैं गरेर बुद्धत्व लाभ हुंदैन । अनिक्षिप्त धूर(भारी न बिसाउने)

भई उपायकौशल्यले युक्त भई प्रज्ञापारमितालाई सेवा गरेमा पाको घडामा पानी थापे झैं सफल हुने हुन्छ । यति मात्र होइन समुद्रमा यात्रा गर्नेले जहाजलाई राम्रोसंग मर्मत नगरीं यात्रा गऱ्यो भने अवश्य पनि दुवेर मर्ने छ । त्यस्तै प्रज्ञापारमिताको उपाय कौशल्य विना वोधिसत्व सफल हुंदैन । फेरि एक सय बीस वर्षको बुढो खाटवाट उठ्न नसक्ने पनि यदि दुई जना बलिया मानिसले अंगालो मार्न लगाई राम्ररी समाती लगे भने इच्छा अनुसार केही टाढा सम्म लग्न सकिने हुन्छ । त्यस्तै दायाँ वायाँ उपाय कौशल र श्रद्धादि पनि छ भने त्यसले बुद्धत्व लाभ गर्न सक्ने हुन्छ ।

दैव परिवर्त

अनि आयुष्मान् सुभूतिले श्री भगवान् संग यस्तो विन्ती गऱ्यो । हे भगवन् ! आदिकर्मिक (भरखर प्रज्ञापारमिताको अध्ययन गर्ने) वोधिसत्वले प्रज्ञापारमिताको नियम कसरी पालना गर्नुपर्छ कसरी सिक्नु पर्छ? यस्तो विन्ती सुनी श्री भगवान्ले आज्ञा भयो – हे सुभूति ! सर्वप्रथम आदिकर्मिकले कल्याणमित्रको सेवा गर्नु पर्छ । वहाँले दिएको उपदेशलाई पालन गर्नु पर्छ । जस्तै हे कुलपुत्र ! दानादि पारमिताको ध्यान गर, योग गर । तर यस्तो अभ्यास गर्दा सम्यक् संवोधिको निमित्त ग्रहण नगर । तथा दानादि पुण्यलाई परिणामना गर । रूपादि पञ्चस्कन्धको पनि निमित्त ग्रहण गरी टाँसेर न वस । यसो गरेमा क्रमशः प्रज्ञापारमितामा प्रवेश गर्न सकिने हुन्छ । प्रज्ञापारमिता भावना गर्ने वोधिसत्वले षट्पारमिता भावनाको बलले निर्वाण साक्षात्कार गरी अर्हत्व लाभ गर्न सक्ने भए पनि त्यसलाई चाहना नगरी जगतहित सुख गर्न नै तम्सिने हुन्छ तथा त्राण, शरण, लयन, परायण, द्वीप, परिणायक अनाभोग र तीनै यानद्वारा फलसाक्षात्कार गर्ने तथागतिकारित्र आदि सम्पन्न गर्न तत्पर रहन्छ । अर्थात् लौकिक दुःखवाट त्राण (रक्षा) गर्नु । जाति जरामरणबाट मुक्त गर्ने

हुनाले शरण वन्नु । कुनै कुनै वस्तुमा अश्लेष (टाँसिनु हुन्न) भन्ने उपदेश दिएर लयन वन्नु, रूपादिस्कन्ध नै पार हो किनभने यिनीहरूमा विकल्प छैन बुद्धले सबै वस्तु निर्विकल्प हुन्छ भनी भन्नु भएको छ तर साक्षात्कार गर्दैनन् । यसैलाई परायण हुनु भनिन्छ । सर्वधर्म (सबै वस्तु अर्थात् पञ्चस्कन्ध) पूर्वान्त (कारण) अपरान्त (कार्य) भावले संवन्धित छन् । त्यसकारण अनुत्पन्न स्वभावका हुन्छन् । यस्तो ज्ञान भए पछि सर्वधर्म शान्त प्रणीत परिनिर्वाण स्वरूप हुन्छ भनी उपदेश गर्नु द्वीप वन्नु हो । भवचक्रवाट मुक्त हुने उपदेश दिनु आलोक वन्नु हो । पञ्चस्कन्ध सबै प्रकृतिले नै अनुत्पाद अनिरोध स्वभावका हुन्छन् भनी उपदेश दिनु परिणायक वन्नु हो ।सबै वस्तु आकाश गतिक आदि हुन्छन् अर्थात् शून्यता स्वभावका हुन्छन् भनी देशना गर्नु गति वन्नु हो । यस्तो ज्ञान भएको वोधिसत्वहरू पहिलेका बुद्धहरूको सामू पुण्य गरी परिपक्व भएका हुन्छन् । यस्तो दुष्करकार्य गरी वोधिसत्वहरूले असंख्य प्राणीहरूलाई निर्वाण साक्षात्कार गराउने हुन्छन् । यसकारण वहाँहरूलाई महासंन्नाह संनद्ध भनिन्छन् । वहाँहरू अर्हत् बन्न प्रत्येक बुद्ध वन्न तथा बुद्ध वन्न पनि चाहंदैन किनभने वहाँहरू अनन्त कालसम्म अनन्त प्राणीहरूको हित सुख हुने कार्यमा सन्नाह संनद्ध हुनु हुन्छ ।

अनि सुभूतिले भन्नु भयो–हे भगवन्! प्रज्ञापारमिताको भावना गर्नु न आकाशको भावना गर्नु समान हो न सर्वधर्म भावना गर्नु, असंग भावना गर्नु र अनन्त, असद अपरिग्रह भावना गर्नु समान नै हुन्छ । यसलाई समर्थन गर्दै श्री भगवान्‌ले आज्ञा भयो–तिमीले ठीक भन्यौ । जसले प्रज्ञापारमितामा पनि आशक्त हुंदैन । अरूले भनेको कुरामा लाग्दैन परन्तु प्रज्ञापारमिताको दर्शन, श्रवण गर्नुमा मात्र ठूलो श्रद्धा राख्छ भने सो व्यक्ति सर्वज्ञतातिर झुकेको छ भनी जान्नु पर्छ किनभने सर्वज्ञता अप्रेय, अप्रमाण हुन्छन् । यस्तै पञ्चस्कन्ध पनि अप्रमेय र अप्रमाणका हुन्छन् । किनभने रूपादि नै सर्वज्ञता हुन् । षट्पारमिता नै सर्वज्ञता हो ।

यस्तो धर्म सुनी सबै देवताहरूले प्रज्ञापारमिताको गाम्भीर्य तथा दुर्बोधतालाई प्रशंसा गर्दै बुद्धत्व लाभ गरेको दिन बुद्धले धर्म देशना गर्न मन नगरेको कुरा सम्झे। अनि इन्द्रादि सबै देवताहरूले श्री भगवान् सामु यस्तो विन्ती गरे– हे भगवन् ! हजूरले सबै लौकिक चर्यादेखि विपरीत धर्म देशना गर्नु भयो। किनभने सबै जनताहरू कुनै वस्तु ग्रहण गर्न, लाभ गर्न चर्या गर्छन्। परन्तु हजूरको धर्मले सबै वस्तुलाई ग्रहण नगर्ने, अशाश्वत नहुने उपदेश दिन्छ।

तथता परिवर्त

अनि सुभूतिले विन्ती गर्नु भयो– हे भगवन् ! हजूरले सर्वधर्म (सबै वस्तु) लाई अनपलम्भ (प्राप्त नगर्नु) भन्ने उपदेश दिनु हुन्छ। यो धर्ममा कहीं केही त्रुटी छैन। जुन धर्म आकाश समान छ। त्यसमा कुनै चिन्ह प्राप्त हुंदैन आदि प्रशंसा गर्दा। देवराज इन्द्र आदि देवताहरूले सुभूतिलाई बुद्धको अनुजात (बुद्ध पछिको बुद्ध) हुनु हुन्छ भनी प्रशंसा गर्नु भयो। अनि सबै देवताहरूलाई सवोधन गर्दै भन्नु भयो– हे देवपुत्र ! ठीक भन्नु भयो। सुभूति वास्तवमा अजात (न जन्मेको वा अनुत्पन्न) भएकोले तथागतको अनुजात भन्नु पर्छ। अथवा तथागतको तथता, अनागत र अगत छन् त्यस्तै सुभूतिको तथता पनि अनागत र अगत (न आएको र गएको हुन्छ। त्यसकारण सुभूति तथागतको अनुजात भन्नु पर्छ। किनभने तथागतको तथता र सर्वधर्म तथता वरावर हुन्। त्यसकारण तथागतको तथता र सुभूतिको तथता पनि वरावर हुन्। यसकारणले पनि सुभूति तथागतको अनुजात हो। तथता वास्तवमा अतथता सम्झनु पर्छ। यति मात्र होइन सबै वस्तुको तथता अविकार, निर्विकार, अविकल्प, निर्विकल्प हुन्छन्। यसकारण तथागतको अनुजात सुभूति हो भन्नु उपयुक्त छ। यति मात्र होइन सबै वस्तुको तथ अद्वय (एवकै) हुन्छ। भेद हुंदैन। अतः यस्तोलाई अद्वय तथता अनिंछ वास्तवमा तथता कहीं

हुंदैन, कहींबाट आउंदैन, कसैको तथता हुंदैन। यसकारण सबै तथता एक्कै हुने हुनाले अद्वय तथता भनिन्छ।

अर्को कुरो तथताको भूत भविष्यत् वर्तमान हुंदैन तैपनि सर्वत्र तथता हुन्छ। यही तथतालाई जान्नु भएर नै तथागतलाई तथागत भनिएको हो। यो तथागत तथताको वर्णन गर्दा शुभ शकुनको रूपमा भूकम्प भएको थियो। हे देवपुत्र! सुभूति रूपादि तथा चारफल र प्रत्येक बुद्धत्व र बुद्धत्वको अनुजात होइन। किनभने यीं सबै छैन भनी भावना गर्नु पर्छ। अनि यसरी भावना गर्दा सुभूति कसरी अनुजात होला?

अनि शारिपुत्रले श्री भगवान्लाई विन्ती गर्नु भयो– हे भगवन्! यो तथता भन्ने कुरो अति गम्भीर चर्या रहेछ। अनि श्री भगवान्बाट आज्ञा भयो– हो शारिपुत्र तथता गम्भीर चर्या हो। यसको भावनाले धेरैले विमुक्ति लाभ गरे। धेरैले धर्मचक्षु तथा अनुत्पत्ति क्षान्ति लाभ गरे। अनि शारिपुत्रले भन्नु भयो– हे भगवन्! प्रज्ञापारमिताको भावना गर्नेले त बुद्धत्व नै लाभ गर्नु पर्नेमा श्रावकले लाभ गरिने विमुक्ति किन लाभ गरेको होला। अनि शंका निवारण गर्दै श्री भगवान्ले आज्ञा भयो– वोधिसत्वहरूले धेरै बुद्धको सेवा पनि गरेका थिए। दानादि पारमिताको पनि अभ्यास गरेका थिए। परन्तु तिनीहरूले प्रज्ञापारमितालाई अपनाएको थिएन। उपाय कौशललाई पनि उपयोग गरेको थिएन। केवल बोधिसत्वहरूले गरिने शून्यता, अनिमित्त, अप्रणिहित, चर्यालाई मात्र भावना गरेकोले श्रावकले लाभ गरिने भूतकोटी (निर्वाण) साक्षात्कार गरेर श्रावक बन्न पुगे। तर बुद्ध बन्न सकेन। जस्तै विशालकाय पखेटा नभएको पन्छी स्वर्गबाट जम्बूद्वीप जाऊँ भनी हाँम्फाले छ। बीचमा पुगे पछि फेरि स्वर्गमै जाने इच्छा गर्दा स्वर्गमा फेरि फर्कन ठीक त्यस्तै भूतकोटी साक्षात्कार गरी सकेपछि बुद्धत्व लाभ गर्न नसकिने हुन्छ। किनभने जसले प्रज्ञापारमितालाई न अपनाई उपायकौशल नभई बुद्ध

वन्न सकिंदैन । यति मात्र होइन जुन सुकै असल आचरण गरे पनि कसैंवाट शून्यताको व्याख्या सुनी शून्यता शब्दको निमित्त ग्रहण गरी सम्यक् संवोधिको निमित्त परिणाम गरे पनि त्यो व्यक्ति श्रावक भूमि वा प्रत्येक बुद्ध भूमिमै पर्ने हुन्छ ।

अनि शारिपुत्र तथा देवपुत्रहरूलाई समेत संझाउंदै श्री भगवान्ले आज्ञा भयो– प्रज्ञापारमितालाई अपनाउनु पर्ने र उपायकोशल्यलाई पनि छोड्न नहुने कुरा वताई सकें अव कल्याणमित्रको संगत गर्नु पर्ने पुण्यसंभारलाई पनि वढाउनु पर्ने हुन्छ । प्रज्ञा पनि तीक्ष्ण हुनु पर्छ तथा सर्वधर्म शून्य आकाश समान भावना गर्नु पर्छ ।

अनि सुभूतिले शारिपुत्रको प्रश्नको उत्तर दिंदै भन्नु भयो । रूपादि पनि बुद्धत्वदेखि हटेर जाने होइन नत रूपादिको तथता नै बुद्धत्वदेखि हटेर जान्छन् । नत कुनै वस्तु बुद्धत्वदेखि हटेर जाने हुन्छ । तथापि उपर्युक्त वस्तु बुद्धत्व लाभ हुने पनि होइन । सबै वस्तुलाई शून्य भावना गर्ने व्यक्तिको निमित्त बुद्धत्ववाट हट्ने र सामु आउंने भन्ने प्रश्न नै उठ्दैन । यस्तो भने पछि शारिपुत्रले सुभूतिलाई भन्नु भयो। श्री भगवान् बुद्धवाट भन्नु भए अनुसार तीन प्रकारका वोधिसत्व यानिक व्यक्तिहरूले पनि सबै एकयान बुद्धयान मात्र रहेछ भन्ने वोध गर्नेछ ।

अनि पूर्ण मैत्रायणी पुत्रको प्रेरणाले शारिपुत्रलाई भन्नु भयो– सुभूतिले कुनै वोधिसत्व पनि मान्नु हुन्न कि कसो ? यसो भनेको सुनेर सुभूतिले भन्नु भयो – तथताको पनि तथतामा कुनै यानको पनि बोधिसत्व तथा धर्म हुंदैन । किनभने तथता कुनै प्रकारले पनि पाइने वस्तु होइन । तथताको दृष्टिमा सबै समान हुन्छन् भेदभाव हुंदैन । यस्तो कुरा सुन्दा जसको चित्तमा संकोच उत्पन्न हुंदैन त्यो व्यक्ति बुद्धत्वको लागि निस्कन सक्ने हुन्छ । यसो भन्दा श्री भगवान्ले यो कुरालाई समर्थन गर्नु भयो र सुभूतिको प्रश्न अनुसार यसरी आज्ञा भयो – बुद्धत्व लाभ गर्न चाहने

व्यक्तिले सर्वसत्वलाई समान व्यवहार गर्नु पर्छ । विषय चित्त गर्नु हुंदैन । मैत्रीचित्त उत्पन्न गर्नु पर्छ । हितचित्त उत्पन्न गर्नु पर्छ । सबैलाई कल्याण गर्छु भनी अभिमान, घमण्ड अहंकार छोड्नु पर्छ । कसैसंग द्वेष नगरी हिंसा भाव त्यागी अरूलाई दवाउने व्यवहार छोड्नु पर्छ । सबैलाई योग्यता अनुसार आमा बाबु छोरा छोरी जस्तो संझी व्यवहार गर्नु पर्छ । वोधिसत्वले बुद्धत्व लाभ गरी म सबैको नाथ हुनु पर्छ भन्ने सम्झनु पर्छ । आफूले पनि दश अकुशल छोडी अरूलाई पनि छोड्न लगाई दानादि पारमिताको अभ्यास गरी अरूलाई पनि गराई अनुलोम प्रतिलोम प्रतीत्यसमुत्पादलाई आफूले र अरूलाई पनि भावना गर्न लगाउनु पर्छ । यस्तो गर्दा गर्दै सबै आवरण हटेर जाने हुन्छ ।

अविनिवर्तनीयाकार लिङ्ग निमित्त परिवर्त

अनि सुभूतिले अविनिवर्तनीय वोधिसत्वको आकार कस्तो हुन्छ ? लिङ्ग र निमित्त कस्तो हुन्छ ? वहाँहरूलाई कसरी चिन्ने भनी प्रश्न गर्दा श्री भगवान् बुद्धले भन्नु भयो– हे सुभूति ! पृथग्जनभूमि होस् वा श्रावक भूमि, प्रत्येक बुद्ध भूमि होस् वा बुद्ध-भूमि यी सबैलाई तथता भूमि भनिन्छ । किनभने वोधिसत्वले सबै भूमिलाई मायोपम सम्झने हुन्छ । तथताको दृष्टिमा यी सबै अद्वय, अविकल्प, निर्विकल्प छन् भनी बुझे पछि धर्मता र तथतामै रमाउने हुन्छ । तथताको भावनामा लागेका व्यक्तिले न तथता उपर कल्पना गर्छ न विकल्प नै गर्ने हुन्छ । तथतामा लाग्ने व्यक्तिले मनपरि बोल्दैन । चाहिने मात्र बोल्ने हुन्छ । अर्काको टिकाटिपणी नगर्ने हुन्छ । किनभने वहाँले रूपादिलाई त्याग गरिसकेको हुन्छ । यी लक्षणहरूद्वारा यो वोधिसत्व अविनिवर्तनीय रहेछ भन्ने जान्नु पर्छ ।

फेरि हे सुभूति ! अविनिवर्तनीय वोधिसत्वले ज्ञानको निमित्त अरू श्रवण ब्राह्मणको मुख ताक्नु नपर्ने हुन्छ । अरू

देवताहरूको पूजा गर्नु पर्ने आवश्यक देख्दैन यो पनि एउटा लक्षण हो ।

फेरि हे सुभूति ! अविनिवर्तनीय वोधिसत्वले आफूले पनि दश कुशल कर्म पालना गर्ने अरूलाई पनि पालना गराउने र पालना गर्नेहरूको प्रशंसा गर्ने हुन्छ । सपनामा पनि दशकुशल त्याग नगर्ने हुन्छ यो पनि एउटा लक्षण हो ।

फेरि सुभूति ! अविनिवर्तनीय वोधिसत्वले आफूले जानेको धर्मोपदेश सबैलाई सुनाउने हुन्छ, धर्मदान गरेको पुण्य बुद्धत्वको निमित्त परिणामना गर्छ । आफूले सके सम सबैको हित सुख हुने काम गर्छ । यो पनि एउटा लक्षण हो ।

फेरि हे सुभूति! अविनिवर्तनीय वोधिसत्वको काम च्छन्द, व्यापाद, स्त्यान, मिद्ध, औद्धत्य, कौद्धत्य जस्ता पञ्चनीवरण परित्याग गरेको हुन्छ । मधुर वचन वोल्ने स्मृतिसंप्रजन्यले युक्त इर्यापथ पालना गर्ने अविद्यादि अनुशय रहित निरोगी चोखो व्यवहारले युक्त व्यक्तिलाई पनि अविनिवर्तनीय बोधिसत्व भनी चिन्नु पर्छ ।

हे सुभूति ! जब कुशल वृद्धि हुन थाल्दछ तब काय, वाक् चित्त शुद्ध हुन थाल्छ । क्रमशः चित्तको शाठय, माया, कुटिलता आदि दोष हट्ने हुन्छ । यस्तो लक्षण देखे पनि अविनिवर्तनीय वोधिसत्व भनी जान्नु पर्छ ।

फेरि हे सुभूति ! जसको लाभ, सत्कार, कीर्तिको लोभ छैन तथा चीवर आदिमा पनि आशक्ति छैन, इर्ष्या मात्सर्य कम हुन्छ, गम्भीर धर्म सुन्दा दिक्क नमान्ने सत्कारपूर्वक सुन्ने तथा अनेक शिल्पकला सिक्दा पनि प्रज्ञापारमितामा नै घटाउने र अरू कुनै वस्तुलाई चिन्तन नगर्ने हुनु पनि अविनिवर्तनीय वोधिसत्वको लक्षण हो ।

हे सुभूति ! मार पापी आई वोधिसत्वलाई यस्तो भन्छन्— हेर सयौं वोधिसत्वहरू महानरकमा परेका छन् । तिमी

पनि नरकमा पर्नेछौ बोधिचित्त परित्याग गर। यस्तो भन्दा चित्तपरिवर्तन नहुने व्यक्ति पनि अविनिवर्तनीय वोधिसत्व भनी चिन्नु पर्छ। यसत गरी मार श्रमण वेषमा आई महायान बुद्ध वचन होइन भन्दा पनि चित्त परिवर्तन गर्दैन तथा यो मार्गद्वारा संसार चक्रवाट मुक्त हुंदैन, कयौं वोधिसत्वहरूले धेरै बुद्धहरूको दर्शन पाउँदा पनि बुद्धत्व लाभ गर्न सकेन भन्दा पनि यदि त्यो वोधिसत्वले आफ्नो चित्त परिवर्तन गर्दैन भने त्यो व्यक्तिलाई अविनिवर्तनीय वोधिसत्व सम्झनु पर्छ। यस्तै उन्नाइस प्रकारका अविनिवर्तनीय वोधिसत्वका लक्षणहरू आज्ञा भयो।

शून्यता परिवर्त

अनि सुभूतिले अविनिवर्तनीय वोधिसत्वका लक्षणहरू कल्प कल्प सम्म वर्णन गरे पनि सिधिंदैन अतः हे भगवन्! प्रज्ञापारमिता संवन्धी गम्भीर कुराहरू आज्ञा हुनुहोस् भनी विन्ती गरे पछि श्री भगवान्‌ले यस्तो आज्ञा भयो– हे सुभूति! तिमीलाई धेरै धन्यवाद छ। गम्भीर भनेको शून्यता हो तथा अनिमित्त र अप्रणिहित पनि हुन्। यस्तै गरी गम्भीर भनेको अनुत्पाद, अजाति विराग, अभाव, निरोध, निर्वाण, निगमहरू हुन्। यति मात्र होइन सर्वधर्म नै गम्भीर हुन्। रूपादि पञ्चस्कन्ध नै गम्भीर हुन्। यी सबै धर्महरू तथता जस्तै गम्भीर छन्। किनभने सबै रूपादिको तथता हुन्छन्। रूपादि छैन-भन्ने ज्ञान तथतावाट नै हुन्छ। यस्तै अवस्थालाई गम्भीर भनिएको हो।

अनि सुभूतिले आश्चर्य व्यक्त गर्दै हजूरले सूक्ष्म ज्ञानद्वारा रूपादि छैन भन्ने पनि आज्ञा भयो तथा निर्वाणको रूप पनि स्पष्ट पार्नु भयो भनी विन्ती गरे।

अनि श्री भगवान्‌ले आज्ञा भयो– प्रज्ञापारमितामा बताएका उपायहरूले जसले एक दिन मात्र ध्यान गर्छ उसले रागचरित व्यक्तिको असंख्य कल्पनाहरू भए झैं कल्पौं कल्प पुण्य गर्ने व्यक्तिले भन्दा धेरै पुण्य लाभ गर्ने हुन्छ।

यति मात्र होइन हे सुभूति ! स्रोत आपन्न, सकृदागामी, अनागामी, अर्हत्,प्रत्येक बुद्ध, सम्यक् सम्बुद्धहरूलाई अनन्त कल्पसम्म दानादि गर्छ तर प्रज्ञापारमिताको ज्ञान छैन भन्ने यस्तो दान भन्दा एक दिन मात्र प्रज्ञापारमिताको ध्यान गर्दा वढी पुण्य मिल्ने हुन्छ। यति मात्र होइन उपर्युक्त सबैलाई दानादि गरी शील पालन गरे पनि प्रज्ञापारमिताको ज्ञान छैन भन्ने उसले कल्पौं कल्प गरेको पुण्य भन्दा प्रज्ञापारमिता भावना गरी त्यसवाट लाभ भएको ज्ञान देशना गर्दा लाभ हुने पुण्य वढी हुन्छ। यो भन्दा पनि प्रज्ञापारमितामा प्रति संलान (चित्तसमाधान) गरी दिएको परिणामनाको पुण्य वढी हुन्छ। तर परिणामना गर्दा अभिसंस्कार (मनमा कुरो खेल्ने) हुन्छ भन्ने विचार गर्नु हुंदैन। किनभने प्रज्ञापारमिताको भावना गर्दा शून्यक, रिक्तक, तुच्छक, असारक भनेर मनमा कुरा खेल्ने हुंदा पुण्याभिसंस्कार नै भन्नु पर्छ। पञ्चस्कन्ध, अप्रमेय हुन्छ। किनभने यिनीहरूको पर्याय (भेद) धेरै हुन्छ। अतः सर्वधर्म अप्रमेय हुन्छन् अर्थात् अप्रमेय भनेकै शून्यता, अनिमित्त अप्रणिहित भनेको हो तथा जो शून्य हुन्छ त्यो अक्षय पनि हुन्छ। यसमा भेदभाव हुंदैन। तैं पनि व्यवहारको निमित्त तथागतले अप्रमेय असंख्येय, अक्षय, शून्य, अनिमित्त, अप्रणिहित, अनभिसंस्कार, अनुत्पाद, अजाति, अभाव, विराग, निरोधनिर्वाण आदि शब्द आज्ञा भएको छ। यसलाई नै देशनाभिनिर्हार भनिन्छन्।

यतिमात्र होइन सबै वस्तु (धर्म) अनभिलाप्य (अनिर्वचनीय) हुन्छन् तथा सबै वस्तुको धर्मता अनभिलाप्य हुन्छन्। किनभने सर्वधर्म शून्य हुन्छन्। जो शून्य छ त्यों अवश्य पनि अनभिलाप्य हुन्छन्। अनभिलाप्य वस्तु वृद्धि भयो वा घट्यो भन्न मिल्दैन। यसै यरी षट् पारमिता आदि पनि अनभिलाप्य हुन्छन् वृद्धि र हानी नहुने हुन्छन्। यति मात्र होइन दानादि पारमिता भनेको नाउँ मात्र हुन् भनेर उपाय कुशल व्यक्तिले पारमिताको अभ्यास गर्ने हुन्छन् तथा परिणामना गर्ने हुन्छ।

अनि आयुष्मान् सुभूतिको प्रश्नको उत्तरमा श्री भगवान्ले आज्ञा भयो – तथता भन्नु र अनुत्तर सम्यक् संवोधि भन्नु एउटै हो । तथता पनि वृद्धि हानी हुन्ने पदार्थ होइन । यदि कुनै वोधिसत्वले तथतालाई वारंवार मनमा खेलाई रहन्छ भने उसको सम्यक् संवोधि टाढा छैन भने पनि हुन्छ ।

गङ्गादेवी भगिनी परिवर्त

अनि सुभूतिको प्रथम वोधिचित्तले सम्यक् संवोधि लाभ हुन्छ कि पछिल्लो वोधिचित्तले सम्यक् संवोधि लाभ हुन्छ भन्ने प्रश्नको उत्तरमा श्री भगवान्ले आज्ञा भयो–हे सुभूति बलेको वत्तीले नवलेको वत्तीलाई वाल्दा पहिले बलेको बत्तीले नबलेको बत्ती वल्ने पनि होइन पछिल्लो वलेको वत्तीले नबलेको वत्ती बल्ने पनि होइन । पहिलेको तथा पछि बलेको वत्तीको परंपराले नवलेको बत्ती वले झैं पहिलो वोधिचित्तदेखि पछिल्लो वोधिचित्त सम्मको वोधिचित्तको प्रवाहले बुद्धत्व लाभ हुने हो । अनि फेरि श्री भगवान्ले आज्ञा भयो–निरोध भइसकेको चित्त फेरि उत्पन्न हुने होइन । उत्पन्न भएको चित्तमात्र निरोध हुने हुन्छ । निरोध भइसकेको चित्त फेरि निरोध हुने पनि होइन । अनुत्पन्न चित्त पनि निरोध हुने होइन यसकारण हे सुभूति ! सबै धर्मको धर्मता तथा तथता पनि निरोध नहुने हुन्छ । यसकारण तथतालाई गम्भीर भनिन्छ । तथता चित्त होइन र चित्त पनि तथता होइन । यसरी भावना गर्ने व्यक्तिले गम्भीरतालाई बुझ्ने हुन्छ । साथै प्रज्ञापारमितालाई पनि बुझ्ने हुन्छ । परमार्थलाई बुझ्ने हुन्छ । यस्तो भावना गर्दा निमित्त ग्रहण गरेकै हुन्छ । किनभने निमित्त ग्रहण नगर्दा बुद्धत्वबाट पतित भई अर्हत्व भई अर्हत्व लाभ हुन जाने हुन्छ । यही कुरा बुझी निमित्त तथा अनिमित्तको परिजय (आभास) गर्नुलाई पनि उपाय कौशल नै भनिन्छ ।

अनि शारिपुत्रले सुभूतिलाई भन्नु भयो दिनमा भावना गर्दा र सपनामा भावना गर्दा पनि प्रज्ञापारमिताको वृद्धि हुनु

पर्छ । यस्तो वचन सुनी सुभूति भन्नु हुन्छ अवश्य पनि प्रज्ञापारमिता वृद्धि हुनु पर्छ । परन्तु सपनामा गरेको शुभ वा अशुभ कर्मको फल हुने भए कसैले ज्यान मारे भनी सपना देख्दा अकुशल वढ्नु पर्ने हो । तर व्युँझिसके पछि पनि मैले सपनामा मारेर वेशै गरें भन्ने विचार गर्छ भने उसको अकुशल वढ्ने हुन्छ । नत्र अकुशल वढ्दैन । वास्तवमा सर्व धर्म तथा अविद्या संस्कार आदि सबै विविक्त हुन्छन् निमित्त पनि विविक्त (शून्य) हुन्छन् ।

सपनामा दान गरी त्यसको पुण्य परिणामना गर्दा त्यसको फल हुन्छ कि भन्ने प्रश्नको उत्तर सुभूतिको अनुरोधमा मैत्रेय बोधिसत्वले यसरी दिनु भयो–तपाईंले मलाई मैत्रेय भनी नाउँ लिनु हुंदा त्यो नाउँले जवाफ दिन्छ कि पञ्चस्कन्धले जवाफ दिन्छ वा पञ्चस्कन्धको शून्यताले जवाफ दिने हुन्छ । पञ्चस्कन्धको संस्थान (आकार) ले जवाफ दिने हो कि वा वर्णाले नै जवाफ दिने हो ? मलाई लाग्छ शून्यता आदिले जवाफ दिन सक्दैन । अनि फरि भन्नु भयो– वचनद्वारा बोलें, चित्तले चिन्तन गरें, परन्तु कुनै धर्म (वस्तु) ले उत्तर दिन सक्ने म देख्दिन ।

अनि श्री भगवान्‌ले आज्ञा भयो– हे शारिपुत्र ! कुन धर्मले युक्त हुंदा अर्हत होइन्छ भन्न सकिंदैन । त्यस्तै प्रज्ञापारमिताको भावना गर्दा पनि यो धर्म सम्यक् संवोधिमा व्याकरण गरियो भनी भन्न सकिंदैन । यस्तो भन्यो भन्दैमा तर्सनु हुंदैन म अवश्य सफल हुन्छु भन्ने भावना गर्नु पर्छ ।

फेरि हे सुभूति ! व्यालकान्तार(हिंस्रक जन्तुको उपद्रव) तथा चोरकान्तार, पानीयकन्तार, बुभुक्षाकान्तार (दुर्भिक्षको उपद्रव) व्याधिकान्तार आदि उत्पन्न हुंदा पनि धैर्य लिई यस्तो भयबाट सबैलाई मैले रक्षा गरी म नाथ बन्नु पर्छ भन्ने भावना गरी तर्सने डराउने काम छोड्नु पर्छ तथा प्रज्ञापारमिताको भावना गरी लोक उद्धार गर्ने प्रण गर्नु पर्छ ।

अनि त्यस सभामा उपस्थित एउटा स्त्री आफ्नू आसनबाट उठी हात जोडी यस्तो विन्ती गरिन् । हे भगवत् ! हजूरले आज्ञा

भए अनुसार म कुनै उपद्रवदेखि तर्सने छैन, सद्धर्म देशना गर्ने छु । अनि यस्तो वचन सुनी श्री भगवान्ले मुसुक्क हाँसी बक्स्यो । त्यस बेला वहाँको दाँतबाट सुवर्ण वर्णको रश्मि निस्क्यो । त्यो रश्मि ब्रम्हलोक सम्म पुगी त्यहाँबाट फर्की फेरि त्यो रश्मि भगवान्कै शिरमा लीन भयो । त्यस वेला ती स्त्रीले सुवर्णको पुष्प छरिदिनु भयो । त्यो सुवर्ण पुष्प आकाशमै अडियो । यस्तो विचित्र घटनादेखि आनन्दले विन्ती गर्नु भयो– हजूर किन मुस्कुराउनु भयो ? विना कारण यसरी मुस्कुराउनु हुन्न होला ? अनि श्री भगवान्ले आज्ञा भयो– यो स्त्री गङ्गदेवा भगिनी हुन् । भविष्यमा यो स्त्री सुवर्ण पुष्प नामको तथागत हुनेछ । यो स्त्रीले स्त्रीभाव त्यागेर पुरूष बन्नेछ । अक्षोभ्य तथागतको अभिरति बुद्ध क्षेत्रमा गई ब्रह्मचर्य पालना गर्ने छ । यस्तै गरी बुद्ध क्षेत्रवाट अर्को बुद्ध क्षेत्रमा जाँदै पछि बुद्धत्व लाभ गर्नेछन् । बुद्ध भए पछि वहाँको बुद्ध क्षेत्रमा धेरै श्रावक सङ्घ हुनेछन् । वहाँ कुनै प्रकारको दु:ख कष्ट हुने छैन । हे आनन्द ! दीपंकर तथागतको सामु पाँच वटा नीरकमल मैले चढाएं । त्यस बेला मैले प्रथम वोधिचित्त उत्पन्न गरें अनि मलाई श्री दीपंकर बुद्धले भविष्यमा तिमी बुद्ध हुने छौ भनी व्याकरण गर्नु भयो । मलाई व्याकरण गरेको सुनी गङ्गदेवा भगिनीले पनि बुद्धत्वको निमित्त प्रथम वोधिचित्त उत्पन्न गरेकी थिइन् । यस्तो वचन सुनी आनन्दले गङ्गदेवा भगिनीलाई धेरै प्रशंसा गर्नु भयो ।

उपाय कौशल्य मीमांसा परिवर्त

अनि आयुष्मान् सुभूतिले श्री भगवान्संग यस्तो बिन्ती गर्नु भयो– हे भगवन् ! प्रज्ञापारमिता चर्या पालन गर्नेले शून्यताको अभ्यास (परिजय) कसरी गर्ने तथा शून्यता समाधि कसरी गर्ने ? यस प्रश्नको उत्तरमा श्री भगवान्ले आज्ञा भयो– रूप आदि पञ्चस्कन्ध क्रमश: शून्य हो भन्ने प्रत्यवेक्षणा गर्नु

पर्छ । यस्तो प्रत्यवेक्षणा गर्दा रूप भनेर त्यसको धर्मता (शून्यता) लाई विचार गर्नु हुंदैन । यसरी शून्यतालाई विचार गऱ्यो भने भूतकोटीको साक्षात्कार हुनेछ । यस्तो वोधिसत्वले गर्नु हुंदैन । शून्यता समाधिमा वस्दा म निर्वाण साक्षात्कार गर्दिंन भनी अभ्यास गर्नु पर्छ । मैले यो साक्षात्कार गर्ने बेला होइन भनी प्रत्यवेक्षणा गर्नु पर्छ । यस्तै गरी अनिमित्त, अप्रणिहित, समाधि गर्नु पर्छ । साक्षात्कार गर्नु हुंदैन । जस्तै– परम वीर्यवान् शस्त्रकला आदिमा निपुण धनी व्यक्तिले दैवसंयोगले आफ्ना आमा छोरा छोरीहरू लिएर घोर जङ्गल पार गर्न लाग्दा एक वथान डांकाहरू आए भने आमा छोरा छोरी स्वास्नीलाई जङ्गलमै छाडेर आफू एकलैको मात्र प्राण जोगाउन चाहँदैन । परन्तु त्यहाँ पनि अरू बलिया साथीहरूको सहयोगले कुशलपूर्वक जङ्गल नाघ्ने प्रयत्न गर्छ । ठीक त्यस्तै बोधिसत्वले जगतका प्राणीहरू उपर करूणा राखी मैत्री, करूणा, मुदिता उपेक्षा भावना गरी शून्यता अनिमित्त, अप्रणिहित भावना गर्दा भूतकोटी साक्षात्कार गर्दैन किनभने सो वोधिसत्वले सबै प्राणीहरू उपर मैत्री करूणा आदि उपाय ग्रहण गरेको हुन्छ । यति मात्र होइन, शुन्यता आदि भावना गरे पनि जसरी चराहरू आकाशमै उड्छन् तापनि आकाशमा स्थिर भई नबसे झैं शून्यताको भावना गरे पनि त्यसको आश्रय लिंदैन । अथवा कोही धनुर्वाण चलाउन सिपालु व्यक्तिले एक वाण आकाशमा छोडी त्यो वाण नखस्दै त्यसलाई अर्को वाणले हानी आकाशमै धेरै बेर अडाउन सक्छन् त्यस्तै निर्वाणमा प्रवेश नदिई शून्यता आदि भावना गर्ने हुन्छ । यति मात्र होइन सबै प्राणीलाई उद्धार नगरी म भूतकोटी साक्षात्कार गर्ने छैन भन्ने उपाय कौशलले पनि शून्यता आदि भावना गरे पनि निर्वाण हुनुबाट रोक्ने हुन्छ । फेरि हे सुभूति ! यी प्राणीहरू दीर्घकाल देखि सत्वसंज्ञा, धर्मसंज्ञा, निमित्तसंज्ञा, नित्यसुख आत्मशुभ आदि सज्ञा लिएर उपलम्भ गर्छन् । यस्तो उपलम्भ गर्नेले जगतलाई शून्यता, अनिमित्त, अप्रणिहित, अनित्य दुःख, अनात्म, अशुभ आदि भावना

गराई मुक्त गर्नु छ भन्ने दृढप्रतिज्ञा रूपी उपायले पनि भूतकोटी साक्षात्कार गर्नु नपर्ने हुन्छ। फेरि हे सुभूति ! उपलम्भ दृष्टि भएका यी प्राणीहरूलाई उनीहरूको निमित्त संज्ञा, पिण्डसंज्ञा अभूत संज्ञा तथा मिथ्यादृष्टिलाई हटाउने छु भनी प्रतिज्ञा गर्दा भूतकोटि साक्षात्कार होला वा भवरागमा पर्ला भन्ने भय रहने छैन ।

अर्को कुरो कुनै बोधिसत्वले शून्यता मात्र भावना गर्नु पर्छ अथवा अनिमित्त, अप्रणिहित, अनभिसंस्कार, अनुत्पाद अजाति अभाव मात्र मनमा लिनुपर्छ भनी भन्छन् । तर जगत-हित गर्नु पर्छ भन्दैन तथा उपाय कौशल्य ग्रहण गर्नु पर्छ भनी भन्दैन भने सो बोधिसत्वले पहिलेका बुद्धहरूले अविनिवर्तनीय भनी व्याकरण गरेको रहेनछ भनो सम्झनु पर्छ ।

जुन बोधिसत्वले सपनामा पनि सबै वस्तु स्वप्नोपम हुन् भनी सपना देख्छ भने त्यसले भूतकोटी साक्षात्कार नगर्ने हुन्छ तथा अविनिवर्तनीय हुने हुन्छ अथवा सपनामा पनि श्रावक बोधि तथा प्रत्येक बोधिको इच्छा तथा चाहना गर्दैन भने त्यो व्यक्ति अविनिवर्तनीय हुन सक्छ । अथवा म बुद्ध भएर धर्म देशना गरिरहेको छुं भनेर सपना देख्नु पनि अविनिवर्तनीयको चिन्ह हो । अथवा सात ताल वृक्ष जति अग्लो ठाउँ आकाशमा बसी धर्म देशना गरी तथा अनेक निर्मित भिक्षु निर्माण गरी चारै दिशामा धर्म देशना गर्न पठाए भनी सपना देख्नु पनि उपर्युक्तको चिह्न हो ।

फेरि हे सुभूति ! नगरमा हत्या भयो अग्नीदाह आदि भयो भने पनि नतसने नडराउने तथा सबै वस्तु स्वप्नोपम हुन् भनी संझने व्यक्ति पनि अविनिवर्तनीय भनेर जान्नु पर्छ ।

यतिमात्र होइन नगर दाह हुंदा रोग व्याधिले कसैलाई दुःख हुंदा यदि म अविनिवर्तनीय हो भने यो नगर दाह तथा रोग व्याधि शान्त होस् भनी अधिष्ठान गर्ने वित्तिकै शान्त हुने हुन्छ ।

यस्तो व्यक्तिलाई पहिलेका तथागतहरूले अविनिवर्तनीय भनी व्याकरण गरेको रहेछ भनी सम्झनु पर्छ ।

मारकर्म परिवर्त

अनि फेरि श्री भगवान्‌ले आज्ञा भयो– हे सुभूति ! म पहिलेका तथागतहरूले व्याकरण गरिएको छुं भने यो सत्यवचनले अमनुष्य तथा रोग व्याधि शान्त होस् भनी वोधिसत्वले अधिष्ठान गर्दा मारको वलले अमनुष्य तथा रोगादि शान्त गरिदिने हुन्छ । परन्तु नयाँ वोधिसत्वले थाहा नपाई आफैंले गरेको सम्झने हुन्छ । अनि उसलाई अभिमान वढ्न थाल्छ र ठूलालाई पनि अपमान गर्ने हुन्छ । जसको फलस्वरूप उसको सर्वज्ञता उबाट पर पर हुंदै जान्छ । यसरी मारले उपाय कौशल्य नजान्ने, कल्याण मित्रको सगत नगर्ने व्यक्तिलाई बुद्धत्वदेखि विमख वनाई दिने हुन्छ ।

फेरि हे सुभूति! कुनै रूप लिई मारले हे वोधिसत्व तपाईंलाई तथागतहरूले व्याकरण गर्नु भएको छ । तपाईंको नाम आमाको, वाबुको, भाईको यसै गरी सात पुस्ता सम्मको सबै व्यक्तिको नाम वताई वोधिसत्वलाई भ्रम पार्ने हुन्छ । अनि म त व्याकृत रहेछु भन्ने मान अभिमान वढाई भ्रष्ट हुनेहुन्छ । यति मात्र होइन मारले आमा वाबु, आदि अनेक रूप लिएर धोका दिने हुन्छ । यसरी मारले वशमा पारेको व्यक्तिलाई विश्वास गर्नु हुंदैन । किनभने उसमा अविनिवर्तनीयको कुनै लक्षण हुंदैन यति मात्र होइन भविष्यमा बुद्धत्व हुंदा यस्तो नाम हुनेछ आदि नाम व्याकरण गरेर पनि भ्रष्ट बनाउने हुन्छ । यस्तोलाई मननापत्ति भनिन्छ । यो आपत्ति पञ्चानन्तर्य कर्म भन्दा पनि खराव हो । यसकारण यस्तो मारकर्मलाई राम्ररी जानी राख्नु पर्छ । वोधिसत्वलाई मारले यसरी पनि धोखा दिने हुन्छ । श्री भगवान् बुद्धले विवेक गुणको ठूलो महिमा हुन्छ भन्नु भएको छ । अतः जङ्गलमा वस्दा एकान्तमा बस । यसरी भन्दा वोधिसत्वले

पत्याउनु हुन्न । विवेक नै हुने भने श्रावक तथा प्रत्येक बुद्धयानवाट विविक्त (रहित) हुनुपर्छ । नत्र आरण्यक मात्र हुदा बुद्धत्व लाभ नभई श्रावकको फल पाउने हुंछ । मारले वुद्धत्व लाभ नहोस् भनी आकाशवाणीद्वारा विवेकको वर्णन गरी वोधिसत्वलाई भ्रम पारिदिने हुन्छ । अनि मलाई अमनुष्यले सन्मार्ग वताउँछ भन्ने अभिमान गरी भ्रष्ट हुने हुन्छ । यसरी मारले वशमा लिएका भिक्षुहरूको कुरा सुन्नु हुंदैन । जगतसत्व हित गर्न तम्सने सर्वज्ञताको प्यासी बुद्धत्व लाभ नगरी छोड्दिंन भनी दृढ प्रतिज्ञा गर्ने व्यक्तिले लोकमा आशक्त नभई प्राणीहरूमा महाकरूणा तथा महामैत्री राखी बोधिचित्त दृढ राख्नु पर्छ । यसो गर्नाले विवेक गुण रूपी मार वन्धनवाट मुक्त भई रहन सक्ने हुन्छ ।

कल्याणमित्र परिवर्त

अनि श्री भगवान्‌ले सुभूतिलाई यस्तो आज्ञा भयो- हे सुभूति ! भित्री दिलदेखि नै बुद्धत्व लाभ गर्न चाहने बोधिसत्वले सबभन्दा पहिले कल्याणमित्रको सेवा गर्नु पर्छ वहाँको सत्सङ्गतले नै सबै इच्छापूर्ण हुने हुंछ । हे सुभूति ! सर्वश्रेष्ठ कल्याणमित्र नै बुद्ध हुनु हुंछ । त्यस पछि अविनिवर्तनीय वोधिसत्व कल्याणमित्र सम्झनु पर्छ । अथवा बोधिचर्या सिकाउने षट्पारमिताको उपदेश दिनेलाई कल्याणमित्र सम्झनु पर्छ । साँचै भनुं भने सच्चा कल्याणमित्र प्रज्ञापारमिता नै हुन् तथा षट्पारमिता नै हुन् । बुद्धत्व लाभ गराइदिने वहाँहरू नै हुन् । भूत, भविष्यत् र वर्तमान तीनै कालका तथागतहरूलाई सर्वज्ञता दिलाउने षट्पारमिता नै हुन् । मैले पनि षट्पारमिताद्वारा नै सर्वज्ञता लाभ गरेको हुं । षट्पारमिता भित्र नै सप्तत्रिंशद् बोधिपक्ष, चार ब्रह्म विहार, चार सग्रह वस्तु तथा सर्वज्ञज्ञान आदि अन्तर्भाव भएको हुंछ । अतः षट्पारमिता शास्ता नै हुन् वहाँहरूलाई पनि कल्याणमित्र भनी सम्झनु पर्छ । जसले षट्पारमिताको अभ्यास गरेको हुन्छ त्यसले

जगतसत्व हित गर्न सक्ने हुन्छ । षट्पारमिताको भावना गर्न चाहने व्यक्तिले यिनीहरूको ज्ञान मन लगाएर सुन्ने गर्नु पर्छ । त्यसमा पनि प्रज्ञापारमितामा ध्यान दिनु अति आवश्यक छ। अरू पाँच पारमितालाई पारमिता भन्ने नाम दिने तथा दर्जा दिने नै प्रज्ञापारमिता हुन् । यसो गर्नाले अन्यनेय वा अपर प्रणेय हुंदैन ।

अनि सुभूतिले प्रज्ञापारमिताको लक्षण कस्तो हुन्छ भन्ने प्रश्न गर्दा श्री भगवान्ले यस्तो आज्ञा भयो– हे सुभूति ! जुन उपदेशमा सांसारिक वस्तुमा सङ्ग नहुंने हुन्छ, आशक्त नहुंने हुन्छ, नटांसिने हुन्छ त्यही प्रज्ञापारमिताको लक्षण वा चिन्ह हो। सर्वधर्म सङ्ग रहित हुन्छ, शून्य एवं विविक्त हुन्छ भन्ने ज्ञान दिने नै यही प्रज्ञापारमिता हुन् । शून्य वस्तु क्लेश युक्त हुने र व्यवदान (शुद्ध) हुने हूंदैन । शून्यता प्राप्त गर्ने कुरो होइन भनी जान्नु नै बुद्धत्व लाभ गर्नु हो । कल्पौंदेखि प्राणीहरू म, मेरो भन्ने अहंकार, ममकारमा लागेका हुन्छन् । त्यो अहंकार र ममकार पनि शून्य हुन् भनेर जाने पछि जन्म मरणको भव चक्रमा घुम्नु नपर्ने हुन्छ । किनभने अहंकार ममकारले नै मेरो भनेर आशक्ति उत्पन्न गर्ने हुन्छ । अनि रागादि क्लेश पनि उत्पन्न हुन थाल्छ । अनुग्रह र अभिनिवेश अर्थात् मेरो भनी ग्रहण गर्नु र आशक्त हुन छोडेमा अहंकार ममकार भन्ने व्यवहार हुंदैन । यसैलाई शुद्धि भनिन्छ । यही भावना गर्नु नै प्रज्ञापारमिता भावना गर्नु हो । यस्तो भावना गर्ने बोधिसत्वलाई देवासुरले पनि छुन सक्दैन । यही भावना बुद्धत्व लाभ गराउने भावना हो । किनभने रूपादि पञ्चस्कन्धको आशक्ति हटाउने भावना यही हो ।

हे सुभूति ! यावत् जीवन बोधिचित्त उत्पन्न गरी बुद्धहरूको पूजा गरी, दान गरी त्यसको पुण्य परिणामना गर्दा अनन्त पुण्य लाभ हुने हुन्छ । यो भन्दा पनि बढी पुण्य माथि बताएको असङ्ग भावना प्रज्ञापारमिता भावना एकदिन मात्र गर्दा पाउने हुन्छ । किनभने उसको प्रज्ञा अति तीक्षा हुन्छ। उसले सबै

प्राणीहरूलाई वध्यस्थानमा (मार्ने ठाउँमा) लगिरहेको जस्तो देख्छन् तथा तिनीहरू उपर महाकरूणाले हेर्ने हुन्छ। अनि उनीहरूलाई रक्षा गर्ने प्रवल इच्छाले व्याप्त हुन्छन्। यस अवस्थामा सो बोधिसत्वलाई प्रज्ञालोक उत्पन्न हुन्छ। यो प्रज्ञालोकलाई अनमोल रत्नलाई झैं सुरक्षा गर्ने प्रयत्नमा लाग्ने हुन्छ।

अनि सुभूतिले भन्नु भयो– हे भगवन् ! सर्वधर्म शून्य भए प्रज्ञापारमितालाई अनमोलरत्न सम्झी किन व्यवहार गर्नु पर्ने होला? अनि श्री भगवान्‌ले आज्ञा भयो– सर्वधर्म शून्य विविक्त भनेर सम्झनु नै अनमोल रत्न संझी प्रज्ञापारमिता भावना गरेको हो। प्रज्ञापारमिता मात्र होइन बोधिसत्व पनि शुन्य हुन्, शून्य वस्तु न बढ्छ, न घट्छ भनी भावना गर्ने व्यक्तिलाई नै बुद्धत्व लाभ हुन्छ। यो विचार सुन्दा नतर्सने नअलमलिने व्यक्तिले नै प्रज्ञापारमिता भावना गर्ने हुन्छ।

अनि फेरि श्री भगवान्‌ले आज्ञा भयो– हे सुभूति ! प्रज्ञापारमिता, शून्यता, रूप, वेदना, संज्ञा, संस्कार विज्ञान यी सबै वस्तु प्राप्त नहुने स्वभावका हुन्छन् अर्थात् अनुपलम्भ स्वभावका हुन्छन्। जुन वस्तु अनुपलम्भ हुन्छ त्यस्तो वस्तु देखिने आदि हुंदैन नत उत्पत्ति नै हुन्छ नत निरोध नै हुन्छ। यही ज्ञान लाभ हुनुलाई अनुत्पत्तिक धर्म क्षान्ति भनिन्छ। अनुत्पत्तिक धर्म क्षान्ति लाभ भएका व्यक्तिलाई नै तथागतले व्याकरण गर्ने हुन्छ। यस्तो व्यक्तिले बुद्धत्व लाभ नगर्ला भन्ने कुरो नै उठ्दैन। यति मात्र होइन सबै वस्तु अनुपलम्भ स्वभावको भए पछि यसलाई व्याकरण हुन्छ। यसले बुद्धत्व लाभ गर्छ भन्ने व्यवहार पनि हुंदैन भनी श्री भगवान्‌ले आज्ञा भयो।

शक्र परिवर्त

त्यस वेला त्यो परिषदमा देवराज इन्द्र पनि थियो। अनि इन्द्रले श्री भगवान्‌संग यस्तो विन्ती गर्नु भयो – हे भगवन्

प्रज्ञापारमिता किन दुर्दृश र दुरनुवोध हुनुहुन्छ ? अनि श्री भगवान्ले आज्ञा भयो – ठीक हो । विविक्त (हेतुफल नहुंने) हुनाले दुर्दृश र शून्य हुनाले दुरनुवोध हुनुहुन्छ । अनि इन्द्रको आशय अनुसार श्री भगवान्ले आज्ञा भयो – हे देवराज! थोरै पुण्यले प्रज्ञापारमिताको उपदेश सुन्न पाउदैन । जम्बूद्वीपका सवै प्राणीले दश कुशल कर्म गर्दा जति पुण्य लाभ हुने हो त्यो भन्दा करोडौं पुण्य प्रज्ञापारमिता सुन्दा तथा लेख्दा पाउने हुन्छ ।

त्यस वेला एउटा कुनै भिक्षुले इन्द्रलाई भने– हे देवराज! प्रज्ञापारमिता सुनेको पुण्यले तपाईलाई पनि जित्यो भने हुन्छ । यस्तो वचन सुनी इन्द्रले भन्नुभयो – हे आर्य बुद्धोमवेयं जगतोहिताय भनी वोधिचित मात्र उत्पन्न गर्ने व्यक्तिको पुण्यले पनि मलाई हराएकै हुन्छ भने प्रज्ञापारमिता सुन्ने व्यक्तिले त मलाई सोझै जितेकै हुन्छ । किनभने त्यस्तो वोधिसत्वले क्रमश: तथताको ज्ञान पनि सिकिसकेको हुन्छ । तथताको योग गर्ने व्यक्तिलाई देवासुरले पनि दवाउन सक्दैन चार फल प्राप्त गरेका तथा प्रत्येक बुद्धले पनि तथताको योग गर्ने बोधिसत्वलाई दवाउन सक्दैन । प्रज्ञापारमिताको ज्ञान नगरी अनन्तदान दिने दानपति तथा अछिद्र अखण्डशील पालन गर्ने क्षान्तिले पूर्ण तथा महा वीर्य सम्पन्न, ध्यानरत वोधिसत्वहरू भन्दा प्रज्ञापारमिताको ज्ञान तथताको योग गर्ने व्यक्ति उत्तम हुन्छ । त्यस्तो व्यक्तिलाई चार लोकपाल आएर हे कुलपुत्र ! बोधिसत्व चर्या चाँडै सिक तपाईं बुद्ध हुने बेलामा तपाईलाई पिण्ड पात्र दान गर्न हामी तयार छौं भन्ने छन् । यति मात्र होइन बुद्धहरूको अनुकम्पा पनि लाभ हुने भएकोले सवै लौकिक दुःखहरू उत्पन्न नहुने हुन्छ । यो दृष्ट धार्मिक (यही लोकमा फल पाउने) गुण हो । यी सबै इन्द्रको कुरा अवश्य पनि बुद्धानुभावले नै बोलेको होला भन्ने विचारलाई देवराजले पनि समर्थन गर्नु भयो । अनि श्री भगवान्ले आनन्दलाई आज्ञा भयो– हे आनन्द! देवराजले जति बोले ती सबै तथागतकै अनुभाव हो ।

अभिमान परिवर्त

अनि श्री भगवान्‌ले आनन्दलाई आज्ञा भयो– हे आनन्द! जुन वेला वोधिसत्वले प्रज्ञापारमिता सिक्छ तथा प्रज्ञापारमिताको योग तथा भावना गर्छ । त्यस बेला सबै मारहरूको मन ढुक ढुक हुन थाल्छ । यो बोधिसत्वले भूतकोटी साक्षात्कार गरी अर्हत्व वा प्रत्येक बुद्धत्व लाभ गर्छ कि वा बुद्धत्व नै लाभ गर्ने हो भन्ने ठूलो काँढा मारको हृदयमा विझेको हुन्छ । बोधिसत्वको भावना योगमा विघ्न पार्न नाना भय उत्पन्न गर्ने हुन्छ । हुनत यस्तो सबैलाई गर्ने होइन । तर मौका चुक भेट्टाए भने भय उत्पन्न गरिदिने हुन्छ । त्यसमा पनि कल्याणमित्रको सङ्गत नगर्ने, प्रज्ञापारमिताको श्रवण नगर्ने पापमित्रको वशमा परेकालाई चूक भेट्टाई विघ्न गर्ने हुन्छ । फेरि असद्धर्ममा लागेका तथा अल्सी बोधिसत्वलाई पनि विघ्न गर्ने हुन्छ । फेरि हे आनन्द ! कुनै व्यक्ति आई वोधिसत्वलाई उसकाई प्रज्ञापारमिता नसुन, यो सुनेर के गर्नु यसमा कुनै महत्व छैन भनी मारले विघ्न गर्न सक्छ । फेरि कुनै बोधिसत्वले कुनै अर्को बोधिसत्वलाई म विवेक विहारी हुं भनेर हेला गर्ने हुन्छ । त्यस वेला मार प्रसन्न भई विघ्न गर्ने हुन्छ । फेरि घूत गुणको अभिमानले अरू शान्त व्यक्तिलाई हेला गर्ने हुन्छ । त्यस वेला पनि अभिमानी व्यक्तिको मान संमान बढाई तथताको भावना गर्नेलाई निन्दा गराउने काम मारले गरेको हुन्छ । अनि छिद्र भेटाई विघ्न गर्ने हुन्छ । यति मात्र होइन वोधिसत्व श्रावकसंग कलह गर्दा तथा व्याकृत बोधिसत्व अव्याकृतसंग कलह गर्दा पनि मारले विघ्न पार्ने हुन्छ ।

अनि आनन्दले भन्नु भयो– यस्तो विघ्न आइपर्दा यसबाट निःसरण (छूट्कार पाउने उपाय) के होला ? यसो भन्दा श्री भगवान्‌ले आज्ञा भयो–कुनै कुनैको उपाय छ अर्थात् पापदेशना गरी अकरण सम्बर पालन गर्दा निःसरण हुन सक्छ । मैले जगतलाई कलह विवादबाट मुक्त गर्नु पर्ने हो झन उल्टो मैले नै

कलह गरें भने त्यो भन्दा खराव अरू के होला भन्ने भावना गरे भने पनि निःसरण हुन सक्छ । परस्परमा एकले अर्कालाई शास्ता सम्झी गौरव गरी वस्नु नै उचित हो भन्ने सिक्नु पर्छ । यसरी अभिमान छोडी शान्त भए भने सर्वज्ञतामा विघ्न आउने छैन ।

शिक्षा परिवर्त

अनि सुभूतिले यस्तो विन्ती गरे– हे भगवन् ! कुन् कुरा सिक्दा सर्वज्ञता सिकिएला ? अनि श्री भगवान्ले आज्ञा भयो– हे सुभूति ! क्षय ज्ञान तथा अनुत्पाद, अनिरोध, अजाति, अभाव, विवेक, विराग, आकाश, धर्मधातु आदि ज्ञान सिक्नु नै सर्वज्ञता सिक्नु हो । किनभने तथागतको तथता क्षय हुंदैन । जो क्षय हुदैन त्यसलाई अक्षय भने पनि हुन्छ । यसै गरी तथागतको तथता न उत्पन्न, न निरोध हुन्छ, न जन्म हुन्छ, न मरण हुन्छ, न स्वरूप नै निश्चय गर्न सकिंछ, न विराग हुन्छ, न राग हुन्छ, न आकाश जस्तै हुन सक्छ, न त निर्वाण नै हुन्छ भनी सिक्नु नै सर्वज्ञता सिक्नु हो । साँचै भनुं भने प्रज्ञापारमिता, बुद्ध भूमि, दशवल, वैशारद्य सर्व बुद्ध धर्म, सर्वज्ञज्ञान सिक्नु भने हुन्छ । यस्तो सिक्ने बोधिसत्वलाई मारले दुःख दिन सक्दैन तथा अविनिवर्तनीय भई बुद्धत्व लाभ हुने हुन्छ । धर्मचक्र परिवर्तन गरी बुद्धवंश स्थिर गर्ने हुन्छ । अमृतद्वार खोलिदिने हुन्छ । उपर्युक्त ज्ञान सिक्न थोरै वीर्यले सकिंदैन । फेरि यस्तो कुरा सिकेको व्यक्ति नीच कुलमा जन्मनु नपर्ने, अङ्ग विकल नहुने दुर्वल तथा दुर्वर्ण आदि हुनु नपर्ने हुन्छ । दश कुशल पालन गर्ने ध्यान लाभ गर्ने हुन्छ परन्तु ध्यानको वशमा परी जन्म लिनु नपर्ने हुन्छ । बल वैशारद्य विशुद्ध हुन्छ । यति मात्र होइन सर्वधर्म प्रकृतिले नै परिशुद्ध छन् भनी जानी दिक्क नमान्नु, विचार नवदल्नु नै प्रज्ञापारमिता हो । यी कुरा नजानी सवै बस्तुको धर्मता जान्न तथा देख्न सकिंदैन । (यी ज्ञान सिक्ने मानिस ज्यादै थेरै हुन्छ) (सून, चाँदीको खानी

भएको पर्वत थोरै भए जस्तै ।) यति मात्र होइन चक्रवर्ती हुने तथा पुण्य गर्ने व्यक्तिहरू थोरै भए झैं इन्द्र हुने पुण्य गर्ने व्यक्ति थोरै भए झैं, ब्रह्मा हुने पुण्य गर्ने व्यक्ति थोरै भए झैं ती भन्दा पनि बुद्धत्व लाभ गर्न प्रयत्न गर्ने व्यक्ति झन थोरै हुन्छ । त्यो भन्दा तथताको भावना गर्ने व्यक्ति कम हुन्छ । त्यो भन्दा प्रज्ञापारमिताको योग गर्ने व्यक्ति कम हुन्छ । त्यो भन्दा पनि अविनिवर्तनीय बोधिसत्व कम हुन्छ ।

फेरि हे सुभूति ! प्रज्ञापारमितालाई सिक्ने व्यक्तिको विचिकित्सा, इर्ष्या, मात्सर्य, दौशील्य, व्यापाद, कौसीद्य आदि सहगत चित्र उत्पन्न हुंदंन । सत्काय दृष्टिमा वासट्ठि दृष्टि अन्तर्भाव भए जस्तै जीवितेन्द्रियमा अरू सबै इन्द्रिय अन्तर्भाव हुने हुन्छ । यति मात्र होइन अरू पुण्य भन्दा प्रज्ञापारमिताको एक चुट्की मात्र भावना गरेको भए पनि यसको पुण्य नै बढी हुन्छ । किनभने बुद्धत्वको मूल कारण नै प्रज्ञापारमिता हो । यसकारण बुद्धत्व लाभ गर्न चाहने व्यक्तिले प्रज्ञापारमितालाई नै सिक्नु पर्छ । यति मात्र होइन श्रावक धर्म प्रत्येक बुद्ध धर्म, सिक्न चाहने तथा देशना गर्न चाहनेले पनि प्रज्ञापारमितालाई सिक्नु पर्छ । मैले पनि यसै गरी देशना गरेको हुं । यसो गरेमा नै सर्वज्ञता चाडै लाभ हुने हुन्छ । यसो भए तापनि प्रज्ञापारमिता पनि आशक्त नहुने हुन्छ ।

मायोपम परिवर्त

अनि देवराज इन्द्रको मनमा बोधिसत्वको जीवन सुखमय नै भन्नु पर्छ प्रज्ञापारमिताको भावना मात्र गर्दा त त्यति धेरै पुण्य हुन्छ भने बुद्धत्व नै लाभ गर्दा त के भनु यो जीवन सबैलाई चाहनाको विषय नै बन्ने भयो। अनि देवराजले मन्दारपुष्प निर्माण गरी बुद्ध भगवान्‌लाई छर्नु भयो र यस्तो प्रणिधान गर्नु भयो– हे भगवन् ! जगतसत्व हित गर्न म बुद्ध बन्न सकौं भनी बोधिचित्त उत्पन्न गर्ने बोधिसत्वको इच्छा चाँडै पूर्ण होस् । किनभने वहाँहरू सबै प्राणीहरू उपर महाकरूणाले ओत प्रोत छन् । तर्म

चाहनेलाई तार्न सकूं, मुक्त हुन चाहनेलाई मुक्ति दिलाउन सकूं, भरोसा नपाएकालाई भरोसा दिन सकूं भनी चर्या गरेको हुन्छ। यस्ता अविनिवर्तनीयहरूको पुण्यानुमोदना गर्दा अति पुण्य लाभ होला भनेर पनि प्रश्न गर्दा श्री भगवान्‌ले भन्नु भयो– सुमेरू पर्वतको तौल यति पल होला भनी हिसाब लगाउन सकिएला तर यो पुण्यको यति होला भन्न सकिंदैन। यति मात्र होइन त्रिसाहस्र महासाहरुको पल प्रमाण भन्न सकिन्छ तर यसको प्रमाण भन्न सकिंदैन।

अनि देवराज इन्द्रले भन्नु भयो – भगवन्‌! त्यो भए सबैले अनुमोदना गर्नु उचित छ। तर मार पार्पाको वशमा पर्नेले मात्र यस्तो पुण्यको महत्व सुन्न नचाहने हुन्छ। अनि श्री भगवान्‌ले इन्द्रलाई समर्थन गर्दै यस्तो आज्ञा भयो– जसले त्रिरत्नको भक्ति गर्छ त्यसले पुण्यानुमोदना अवश्य गर्नु पर्छ। यसो गर्दा तथागतलाई नै सेवा गरे सरह हुनेछ। अनि देवराजले भन्नु भयो जुन सुकै यानको व्यक्तिले पनि अनुमोदना गर्नु उचित्त हो। यति मात्र होइन। यसो गर्ने व्यक्तिलाई सर्वत्र मान संमान हुने हुन्छ तथा दुर्गति भय हुंदैन। यसो भन्दा श्री भगवन्‌ले पनि समर्थन गर्नु भयो।

अनि सुभूतिले भन्नु भयो – हे भगवन ! मायोपम चित्रले बुद्धत्व कसरी लाभ गर्ने ? यसको उत्तरमा भगवान्‌ले आज्ञा भयो – मायोपम चित्र र माया पनि देखिंदैन। त्यस्तो नदेखिने चित्रले कुनै धर्म पनि देखिंदैन। अनि कसरी कुनै धर्म छ वा छैन भनी बर्णन गर्न सकिएला। अबिद्यमान धर्मले नै बुद्धत्व लाभ गर्ने हुन्छ। किनभने प्रज्ञापारमिता अत्यन्त विविक्त (कार्य कारण भाब जान्न अत्यन्त नसकिने) हुन्छ। सर्वधर्म पनि अत्यन्त बिविक्त हुन्छ। परन्तु प्रज्ञापारमिता भनेको शब्द मात्र संझनेले बुद्धत्व साभ गर्न सक्दैन। फेरि यो भावनालाई गम्भीर भन्नु पर्छ। किनभने यस्तो भावना गरे पनि निर्वाणको साक्षात्कार गर्दैन। अनि सुभूतिले भन्नु भयो– हे भगवन्‌! त्यस्तो धर्म (व्यक्ति, नै

छैन । जसले साक्षात्कार गर्छ त्यस्तो धर्म (निर्वाण) पनि छैन जसलाई साक्षात्कार गरिन्छ । यस्तो गम्भीर कुरो भन्दा जसलाई दिक्क लाग्दैन, भत्र लाग्दैन त्यस्तो व्यक्तिले प्रज्ञापारमिताको भावना गर्नं हुन्छ । आकाशलाई कुनै वस्तुदेखि म टाढा छु वा नजीकै छु भन्ने नभए जस्तै प्रज्ञापारमिता भावना गर्ने वोधिसत्वको निमित्त बुद्धत्व टाढा छ वा नजिक छ भन्ने भावना उठ्दैन । किनभने प्रज्ञापारमिताको विकल्प हुंदैन । जस्तै जादुगर (मायाकार) ले उत्पन्न गरेको निर्मित मानिसको नजीक मायाकार छ दर्शकहरू टाढा छन् भन्ने भावना हुदैन। किनभने मायापुरुष पनि निर्विकल्प हुन्छ । फेरि अर्को कुरो प्रतिभास (प्रतिविम्व) लाई आलम्वन (दृश्य) टाढा छ वा नजीक छ भन्ने भावना हुंदैन । किनभने प्रज्ञापारमिताको जस्तै प्रतिभासको पनि विकल्प हुंदैन । फेरि तथागतहरूका प्रिय, अप्रिय भन्ने हुंदैन किनभने वहाँहरू पनि निर्विकल्प हुनु हुन्छ । यति मात्र होइन बुद्धले निर्माण गरेको पुरुष पनि निर्विकल्प हुन्छ । यस्तो प्रज्ञापारमिता भावना गर्ने वोधिसत्वको पनि विकल्प हुंदैन । अतः बुद्धत्व नजिकै छ श्रावक वा प्रत्येक बद्धत्व टाढा छ भन्ने भावना रहदैन । पलगण्ड (कालिगढ) ले काठको यन्त्र सहितको एउटी सुन्दरी वनाई नचाई रह्यो भने त्यो काठको सुन्दरीले जस्तो सुकै हाउ भाउ गरे पनि निर्विकल्प नै यस्तै गरी प्रज्ञापारमिता भावना गर्ने वोधिसत्वले पनि कुनै कामकाज गरे पनि निर्विकल्प नै हुन्छ । किनभने प्रज्ञापारमिता प्रत्यक्ष निर्विकल्प हुनु हुन्छ ।

सार परिवर्त

अनि शारिपुत्रले सुभूतिलाई यस्तो भन्नु भयो– प्रज्ञापारमिता भावना गर्ने बोधिसत्वलाई सार कुरोमै लागेको भन्नु पर्छ । अनि सुभूतिले पनि समर्थन गर्दै भन्नु भयो– त्यस बेला धेरै कामावचर देवपुत्रहरूले भन्नु भयो वोधिचित्त उत्पन्न गरी गम्भीर

प्रज्ञापारमितालाई भावना गर्ने वोधिसत्वहरूलाई नमस्कार छ । जसले भूतकोटीलाई पनि साक्षात्कार गर्दैन । अनि सुभूतिले देवपुत्रलाई संवोधन गर्दै भन्नु भयो– हे देवपुत्र ! भूतकोटी साक्षात्कार नगर्नु दुष्कर होइन । अप्रमेय असंख्य प्राणीहरूलाई निर्वाणमा लगाई उद्धार गर्न तम्सनु परम दुष्कर हो । यतिमात्र होइन प्राणीहरू ज्ञानको दृष्टि अत्यन्त अविद्यमान हुन्छ । अविद्यमान प्राणी उपलम्भ गर्न सकिंदैन अर्थात् पाउन सकिंदैन किनभने ज्ञानले सत्यहरू विविक्त देख्छ । यस्तै गरी वैनेयव्यक्ति पनि उपलब्ध हुदैन । यस्ता नपाइने व्यक्तिलाई उद्धार गर्छु भनी तर्सनु परम दुष्कर हुन्छ । आकाशलाई उद्धार गर्नु जस्तै हो । यसरी सत्य विविक्त, वैनेय विविक्तको कुरा गर्दा रूपादिस्कन्ध पनि विविक्त भनी भावना गर्नु पर्छ। यस्तो कुरा सुनेर दिक्क नमान्ने व्यक्तिले प्रज्ञापारमिता भावना गर्न सक्ने हुन्छ ।

अनि सुभूतिले भन्नु भयो सर्वधर्म विविक्तका कुरा भन्दा वोधिसत्व दिक्क नमान्ने हुन्छ । किनभने वोधिसत्व पनि विविक्त नै हुनु हुन्छ । उपलब्ध नहुने हुन्छ । यस कुरोलाई समर्थन गर्दै श्री भगवान्ले आज्ञा भयो– यो प्रज्ञापारमिता भावना गर्ने व्यक्ति दिक्क नमान्ने र निर्भिक हुन्छ । यति मात्र होइन कामावचर रूपावचर देवताहरूले पनि वन्दना गर्ने हुन्छन् । फेरि त्रिसाहस्र, महासाहस्रका जति प्राणीहरू छन् ती सबै मार भएर एक साथ हमला गर्न आए पनि त्यो व्यक्तिलाई दवाउन सक्दैनन् । विघ्न गर्न सक्दैनन् । किनभने जुन वोधिसत्वले सबै प्राणीहरू उपर महाकरूणा राख्छ तथा सर्वधर्म शून्य भनी देख्छ यी दुई गुण भएका व्यक्तिलाई मारले दवाउन सक्दैन । फेरि यथावादि तथाकारी हुने र बुद्धहरूको अनुग्रह पाएका व्यक्तिलाई पनि मारले विघ्न गर्न सक्दैन । यी उपर्युक्त चार गुण भएका व्यक्तिहरू पनि आउन चाहन्छन् तथा ज्ञानका प्रश्न गर्न रूचाउने हुन्छन् । अनाथहरूको नाथ बन्ने मार्ग यही हो आदि उत्साहवर्द्धक कुरा गर्ने हुन्छ । किनभने प्रज्ञापारमिताको भावना गर्नेलाई अप्रमेय तथागतहरूले

अनुग्रह गर्ने हुन्छ तथा प्रशंसा गर्ने हुन्छ । जस्तै अक्षोभ्य तथागतको सामु ब्रह्मचर्य पालन गर्ने रत्नकेतु र शिखी वोधिसत्वको मैले प्रशंसा गरे झैं अक्षोभ्य तथागतले पनि मेरो बुद्ध क्षेत्रमा बस्ने वोधिसत्वहरूको प्रशंसा गर्ने हुन्छ । यस्तो प्रशंसा सबै बोधिसत्वहरूको गरिने होइन । अविनिवर्तनीय तथा सर्वसङ्ग रहित (आसक्तिरहित) वोधिसत्वहरूको मात्र प्रशंसा गरिने हुन्छ । अविनिवर्तनीय नभए पनि पुण्यसंभार पूर्ण भएका तथा अनुत्पत्तिक धर्म क्षान्ति लाभ गरेका व्यक्तिहरूको पनि तथागतले प्रशंसा गरिने हुन्छ । फेरि प्रज्ञापारमिताको उपदेश सुन्दा दृढ विश्वास गर्ने तथा अक्षोभ्य तथागतको मुखारविन्दवाट पनि धर्म सुन्न पावस् भनी इच्छा गर्ने तथा तथताको भावना गर्ने तथतामै रहि रहने व्यक्तिले अविनिवर्तनीयतालाई प्राप्त गर्ने हुन्छ ।

अनि सुभूतिले यसो विन्ती गरे– तथता (धर्मधातु) देखि भिन्नै कुनै वस्तु नै हुदैन भने तथतामा रहने वस्तु के होला ? को होला ? अनि श्री भगवान्‌ले आज्ञा भयो– तथता भनेको उपलब्ध (प्राप्त) हुने वस्तु होइन भने त्यसमा रहने कुरो त हुदै हुंदैन । न त सम्यक् संबुद्धत्व नै उपलब्ध हुने वस्तु हो । यस्तै धर्म पनि उपलब्ध हुने वस्तु होइन ।

अनि देवराज इन्द्रले भन्नु भयो– प्रज्ञापारमिता गम्भीर छ । यस्तो ज्ञानमा लाग्ने बोधिसत्वलाई दुष्कर कार्यमा लागेको ठान्नु पर्छ । किनभने तथतामा कुनै धर्म रहन सक्दैन तथा कुनै धर्मले बुद्धत्व लाभ गर्ने पनि होइन, कसैले धर्म देशना गर्ने होइन । यस्तो विषयमा पनि दिक्क नमान्ने व्यक्ति दुष्कर कार्यमा लाग्ने नै भन्नु पर्छ । अनि सुभूतिले इन्द्रलाई भने– हे देवराज सर्वधर्म नै शून्य छ भने त्यसमा दिक्क मान्नु, शंका मान्नु भन्ने कुरै उठ्दैन । आकाशमा वाण हान्दा वाण कहीं पनि अड्किदैन त्यस्तै शून्यतामा पनि कहीं अड्कने हुदैन ।

अनि श्री भगवान्‌ले इन्द्र तथा सुभूतिलाई धर्मवादी भनी प्रशंसा गर्नु भयो । किनभने सुभूतिले सर्वधर्मलाई उपलम्भ नगरी

(नसमाई) व्याख्या गर्छ् । तथा प्रज्ञापारमिता, सर्वज्ञा, तथता, बल वोध्यङ्ग, वैशारद्यलाई पनि उपलम्भ गर्दैन । आशक्त हुँदैन, निमित्त ग्रहण गर्दैन । हे देवराज! यसलाई सर्वधर्म विविक्त विहार तथा सर्वधर्मानुपलम्भ विहार भनिन्छ । यो विहारमा रहने व्यक्तिको पुण्य तथागत विहारको पुण्य बाहेक अरू पुण्यले भेट्टाउन नसक्ने हुन्छ । यो विहार उत्तम विहार हो । हे देवराज ! सर्वसत्वहित गरी अग्रस्थान प्राप्त गर्न चाहने व्यक्तिले यही विहारको भावना गर्नु पर्छ ।

अविकीर्ण कुसुम परिवर्त

अनि त्यस बेला त्यो परिषदमा देवपुत्रहरू र ६ सय भिक्षुहरू पनि उपस्थित भएका थिए । त्यस बेला ती ६ सय भिक्षुहरूले फूल चढाई प्रणिधान गर्ने इच्छा गर्ने वित्तिकै उनीहरू सबैका अञ्जलि फूलले भरिए । अनि देवपुत्रहरूले अंञ्जलिमा मान्दारव पुष्प लिएर श्री भगबान् तिर छर्दै यस्तो विन्ती गरे– हे भगवन्! हामीहरूले पनि प्रज्ञापारमितालाई जान्न चाहन्छौं तथा प्रज्ञापारमिता विहारलाई भावना गर्न चाहन्छौं । त्यस वेला श्री भगवान् मुस्कुराउनु भएको देखेर आनन्दले प्रश्न गर्नु भयो– हे भगवन ! हजूर विना कारण हाँस्नु हुन्न । यसको रहस्य आज्ञा भए हामीहरूको हित हुने थियो । यस प्रश्नको उत्तरमा श्री भगवान्‌ले आज्ञा भयो– हे आनन्द ! यी ६ सय भिक्षुहरू भविष्यमा तारको प्रम कल्पमा यी ६ सय सबैको अवकीर्ण कुसुम भन्ने नामले प्रसिद्ध भएको सम्यक् सम्बुद्ध हुने छन् र सबैले विभिन्न बुद्ध क्षेत्रमा धमचक्र प्रवर्तन गर्ने छन् । यसकारण बुद्धत्व लाभ गर्न चाहने व्यक्तिले प्रज्ञापारमिता विहारलाई भावना गर्नु पर्छ । हे आनन्द! जो व्यक्तिले प्रज्ञापारमिता विहारलाई भावना गर्न चाहन्छ सो व्यक्ति तुषित भुवनबाट च्युति भई मनुष्यलोकमा आएको सम्झनु पर्छ । हे आनन्द ! यति मात्र होइन त्यसले धेरै बुद्धहरू सामु पुण्य

गरेको हुनु पर्छ । अतः प्रज्ञापारमिताको यथार्थ भाव बुझी पाठ गर्नु, धर्म देशना गर्नु, लेख्नु, लेखाउनु, दान दिनु आदिको पुण्यले बुद्धहरूको दर्शन दुर्लभ हुने छैन । यति मात्र होइन प्रज्ञापारमिताको विरोध नगर्ने व्यक्ति पनि पहिलेका बुद्धहरूबाट सद्धर्म सुनेर आएको व्यक्ति भनी सम्झनु पर्छ ।

यति मात्र होइन हे आनन्द ! प्रज्ञापारमिताको भावना गर्ने व्यक्ति कृतज्ञ वन्नु पर्छ । त्यसकारण आनन्द तिमीले प्रज्ञापारमिताको अक्षरश रक्षा गर्नु पर्छ । यो प्रज्ञापारमिता तिमीलाई मैले सुंपिरहेको छु । हे आनन्द ! यो तिमीमा नासो राखेको प्रज्ञापारमिता विर्स्यौं वा तुटफुट भयो भनी तिमीलाई दोष दिन चाहन्न परन्तु प्रज्ञापारमिता बोधक पद वा प्रज्ञापारमिताको अङ्ग भएको पदलाई विर्सनु हुंदैन । यदि यसो भयो भने ठूलो अपराध भएको सिद्ध हुन्छ। तिमीले मेरो हित चाहन्छौ भने मैले व्याख्यान गरेको प्रज्ञापारमितालाई जोगाऊ। किनभने प्रज्ञापारमिता बुद्धहरूकी माता जननी, जनयत्री हुन् । यसको प्रचार गर तथा यसलाई दान गर यसको सदर्थ व्याख्यान गर । जसरी तिमीले मेरो माया गर्छौ, भक्ति गर्छौ त्यस्तै यो प्रज्ञापारमिताको पनि गर । यसो गरेमा अतीत अनागत प्रत्युत्पन्नका सबै तथागतहरूको धर्मकायको भक्ति गरेको तुल्य लाभ हुनेछ !

हे आनन्द ! म फेरि भन्दछु प्रज्ञापारमिताको कल्पौंकल्प प्रशंसा गरे पनि टुंगिने छैन । अतः संक्षेपमा भन्छु– हे आनन्द ! म तिम्रो शास्ता हुं त्यस्तै प्रज्ञापारमिता पनि तिम्रो शास्ता हो । अतः शास्तालाई परित्याग नगर, अक्षरश रक्षा गर । यसको रक्षा भएमा अतीत अनागत सबै बोधिसत्वहरूको बोधि रक्षा गरेको हुनेछ । प्रज्ञापारमितालाई रक्षा नगरेमा दानादि पारमिता पूर्ण हुदैन । अतः प्रज्ञापारमिता बुद्धत्वको मूल कारण नै भने पनि हुन्छ। धर्म कोष भने पनि हुन्छ । यसको भावना गर्नेले चाँडै नै अक्षोभ्य बुद्धको दर्शन पाउने छ ।

अनि त्यस बेला श्री भगवान् बुद्धको ऋद्धिको बलले त्यहाँ रहेका सबैले अक्षोभ्य बुद्धको दर्शन पाए । तर एक छिन पछि

नै नदेखिने भए । अनि भगवान्ले आज्ञा भयो– हे आनन्द ! हामी आँखाले देख्छौं भनी भन्छौ तर त्यो कुरो उचित छैन । यस्तै गरी धर्म अधर्म पनि हामी देख्दैनौ । किनभने सर्वधर्म नै नजान्ने, नदेख्ने, केही गर्न नसक्ने हुन्छन् । निरीहक (निश्चेष्टाको) हुन्छन्, अग्राह्य हुन्छन् । आकाश जस्तै अवेदक (सुख दुःख नजान्ने) हुन्छन् । किनभने सर्वधर्म नै छैन भने त्यसले कसरी वेदना अनुभव गर्ला । यस्तो भावना गरेमा अभिनिवेश (आशक्ति) रहित हुन्छ । अनि प्रज्ञापारमिता भावना गर्न सिकेको हुन्छ । यो ज्ञान उत्तम ज्ञान हो । यो ज्ञान लिएका तथागतहरूले पृथ्वीलाई नै उचाली अनन्त आकाशमा फाले पनि मैले फालें भन्ने धारणा लिएको हुदैन । किनभने यही ज्ञानले असंगतर (कुनै वस्तुमा टाँसिएर आशक्त भएर नरहने स्वभाव) प्राप्त हुने हुन्छ । अतः प्रज्ञापारमितालाई अप्रमाण, अक्षय, अपर्यन्त भनिन्छ किनभने वहाँ आकाश झैं हुनु भएकोले हो । नामकाय (सामान्य नाम) पदकाय (विशेष नाम) व्यञ्जनकाय (अक्षर समूह) हरूको प्रमाण हुन्छ । प्रज्ञापारमिताको प्रमाण हुदैन । यसकारण नामकायादि प्रज्ञापारमिता होइन ।

हे आनन्द ! प्रज्ञापारमितालाई अक्षय विविक्त अप्रमाण अप्रमेय भन्नुको कारण शून्य हुनाले हो । अतीत अनागत प्रत्युत्पन्न सबै तथागतहरूले जति भावना गरे पनि प्रज्ञापारमिता घट् वढ् हुदैन जस्तै आकाश न घट्ने हुन्छ न बढ्ने हुन्छ । अनि सुभूतिले श्री भगवान्संग यस्तो विन्ती गर्नु भयो । अक्षय हुनुको कारण अरू पनि छ कि भगवन् ? यसको उत्तरमा आज्ञा भयो– सर्वधर्म नै अनुत्पाद स्वभावका हुन्छन् । अतः आकाश झैं अक्षय हुन्छ । अनि सुभूतिको शङ्का निवारण गर्दै श्री भगवान्ले आज्ञा भयो– रूपादि पञ्चस्कन्ध नै अक्षय स्वभावका हुनाले प्रज्ञापारमिता पनि त्यस्तै होला भनेर भावना गर्नु पर्छ । अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण आदि नै अक्षय हुनाले प्रज्ञापारमिता पनि अक्षय भनेर

भावना गर्नु पर्छ । यसरी प्रतीत्यसमुत्पादलाई अक्षय भनेर भावना गर्दा सर्वज्ञज्ञान लाभ भई बुद्धत्व लाभ हुने हुन्छ । अर्हत्व वा प्रत्येक बुद्धत्वबाट अलग्गिने हुन्छ । अनि यो पनि एउटा उपाय कौशल्य हो । अक्षयभिनिर्हारद्वारा प्रतीत्यसमुत्पाद भावना गर्दा कुनै वस्तु नित्य, ध्रुव, शाश्वत, अविपरिणाम हुन् भन्ने भावना छुटी कारक, वेदक भन्ने भावना पनि हराएर जाने हुन्छ । रूपादि अविद्यादि तथा अरू कुनै धर्म पनि नदेख्ने हुन्छ । यस्तो हुनु नै प्रज्ञापारमिता भावना गर्नु हो ।

यस्तो भावना बोधिसत्वले गर्न लाग्दा मारहरूलाई आफ्ना आमा बाबु मरे जस्तै पीर लाग्ने हुन्छ । उनीहरूलाई कुनै ठाउँमा पनि चैन हुँदैन । किनभने प्रज्ञापारमिता विहार भावना गर्ने बोधिसत्वलाई मारले केही गर्न नसक्ने हुन्छ । अनि बोधिसत्वले दानादि पारमिता सजिलैसंग पूर्ण गर्ने हुन्छ । अनि बोधिसत्वले यस्तो प्रार्थना गर्नु पर्छ । पहिलेका बुद्धहरूले पनि यही प्रज्ञापारमिता विहार भावना गरेर बुद्धत्व लाभ गरेका हुन् । मैले पनि यस्तै गर्न सकूं । यसरी एक चुट्की समय मात्र भावना गर्दा पनि उपलम्भ गरी कल्पौं कल्प भावना गर्नेको भन्दा धेरै पुण्य लाभ गर्ने हुन्छ । यति मात्र होइन सो भावना गर्ने बोधिसत्व चाँडै नै अविनिवर्तनीय हुनेछ । यति मात्र होइन अक्षोभ्य तथागतको साम्, ब्रह्मचर्य पालना गरी प्रज्ञापारमिता भावना गर्ने गन्धहस्तिबोधिसत्व झैं अक्षयभिनिर्हार गर्ने बोधिसत्वलाई तथागतको अनुग्रह लाभ हुने हुन्छ । अतः सो व्यक्तिले सम्यक् सम्बोधि नै लाभ गर्न सफल हुन्छ भन्नु पर्छ ।

अनुगमन परिवर्त

श्री भगवान्ले आज्ञा भयो– फेरि हे सुभूति ! सर्वधर्म (सबै वस्तु) को आशक्ति हुँदैन भनेर प्रज्ञापारमिताको अनुशरण गर्नु पर्छ । अर्थात् भावना गर्नु पर्छ । सर्वधर्मको भेदभाव नहुनाले

र सर्वधर्म उत्पत्ति नहुने हुनाले ३ सर्वधर्म निर्विकार हुनाले ४ सर्वधर्म अनात्म हुनाले तथा प्रज्ञाद्वारा बुझिने हुनाले ५ सर्वधर्म नाउँ मात्र तथा व्यवहार मात्र हुनाले ६ व्यवहार पनि सञ्चा नहुने हुनाले र अव्यवहार हुनाले ७ सर्वधर्मको प्रमाण नहुनाले ८ सर्वधर्मको अनिमित्त स्वभाव हुनाले ९ सर्वधर्मलाई धर्मधातु रूपमा देखिने हुनाले प्रज्ञापारमिता पनि यस्तै हुन्छ भनी भावना गर्नु पर्छ । सर्वधर्म प्रकृति परिशुद्ध हुनाले सर्वधर्म अनिर्वचनीय हुनाले सवधर्म अनिरोध स्वभाव हुनाले सर्वधर्म निर्माण स्वभावको र तथता समान हुनाले सर्वधर्महरू आवत जावत नगर्ने तथा जन्माउने र जन्मने स्वभावको नहुनाले आफू र पराई भेदभाव नगर्ने हुनाले सर्वधर्म अर्हत्वस्वभावको हुनाले सर्वधर्मको कुनै गर्नु पर्ने काम नहुनाले सर्वधर्मको कुनै ठाउँमा भेदभाव नहुनाले प्रज्ञापारमिता पनि यस्तै हुन्छ भनी अनुशरण र भावना गर्नु पर्छ । सर्वधर्म शून्यता महाकरूणा स्वरूपले हर्षोत्पाद गर्ने हुनाले सर्वधर्म न अरति न विरति, न रक्त न अरक्त हुनाले सर्वधर्म अनाशक्ति तथा सङ्ग असङ्ग नभएको हुनाले सर्वधर्म शून्य, अनि मित्र, अप्रणिहित स्वभावको हुनाले सर्वधर्म बुद्धज्ञान नै हुनाले सर्वधर्म औषधि तथा मैत्री स्वभावको हुनाले प्रज्ञापारमिता पनि यस्तै हुनु हुन्छ भनी भावना गर्नु पर्छ । सर्वधर्म मैत्री, करूणा, मुदिता, उपेक्षा स्वभावको हुनाले सर्वधर्म अप्रणिहित स्वभावको हुनाले, समुद्र झैं अपर्यन्त हुनाले र आकाश झैं अपर्यन्त हुनाले प्रज्ञापारमिता पनि अपर्यन्त भनी भावना गर्नु पर्छ । सुमेरू झैं विचित्र हुनाले प्रज्ञापारमितालाई विचित्र भनी भावना गर्नु पर्छ । रूपादि झैं अपर्यन्त हुनाले सूर्य रश्मि मण्डल झैं अपर्यन्त हुनाले, शब्द झैं अपर्यन्त हुनाले सर्व बुद्ध धर्म जान्नु झैं अपर्यन्त हुनाले सर्वसत्वधातुको पुण्य तथा ज्ञान संभार अपर्यन्त हुनाले पृथ्वी आदि महाभूत अपर्यन्त हुनाले कुशल तथा अकुशल धर्म जम्मा गर्दा अप्रमाण हुनाले प्रज्ञापारमिता अप्रमाण हुन्छ । सर्वधर्मको समूह झैं अप्रमाण हुनाले सर्वधर्म समाधि अपर्यन्त तथा अप्रतिलम्भ हुनाले, सर्व बुद्ध धर्म अपर्यन्त हुनाल, सर्वधर्म तथा शून्यता अपर्यन्त हुनाले, चित्त चैतसिक अपर्यन्त हुनाले,

चित्तको चरित्र आर्यन्त हुनाले कुशल अकुशल धर्म अपरिमाण हुनाले प्रज्ञापारमिता पनि त्यस्तं हुन्छ भनी भावना गर्नु पर्छ। सवधर्म सिंहनाद झैं गर्ज़ने हुनाले प्रज्ञापारमिता पनि सिंह झैं गज़ने हुन्छ भनी भावना गर्नुपर्छ। सर्वधर्म अकोप्य (अपरिवर्तनीय) हुनाले प्रज्ञापारमिता पनि अकोप्य हुने हुन्छ। रूपादि पञ्चस्कन्ध समद्र तथा आकाश र सुमेरू झैं विचित्र हुनाले प्रज्ञापारमिता पनि त्यस्तै हुन्छ भनी भावना गर्नु पर्छ। फेरि रूपादि पञ्चस्कन्ध प्रत्येक अपर्यन्त तथा सूर्यमण्डल रश्म्युत्पादन समान र सर्व शब्दापर्यन्त समान, सर्वसत्व धातु अपर्यन्त समान, सर्वबुद्ध धर्मसनुदागम पयन्त समान, सर्वसत्व धातुको पुण्यज्ञान संभार झैं अपयन्त समान हुनाले प्रज्ञापारमिता पनि यस्तै हुनु हुन्छ भनी भावना गर्नु पर्छ। रूपादि पञ्चस्कन्ध परस्परमा समान भएको हुनाले प्रज्ञापारमिता पनि यस्तै हुनु हुन्छ भनी भावना गर्नु पर्छ। रूपादिमा कुशल अकुशल हुदैन, सर्वधर्म समाधिको अपर्यन्त समान हुन्छ। रूपादि विगम रूपादि स्वभाव, रूपादि तथता सबै बुद्ध धर्म हुन्। रूपादि सर्वधम अपर्यन्त धर्मता तथा रूपादि शून्य अपर्यन्त धर्मता, रूपादि चित्त चैतसिकापर्यन्तता, रूपादि चित्तचरितोत्पत्ति, रूपादि नै कुशल अकुशल हुन्, अनुपलब्धि हुन्। रूपादि नै सिंहनाद सम छन्। अकोप्य छन् भनी हे सुभूति ! बोधिसत्वले प्रज्ञापारमिताको अनुगमन गर्नु पर्छ। अनुशरण गर्नु पर्छ। भावना गर्नु पर्छ।

हे सुभति ! जब बोधिसत्वले यसरी प्रज्ञापारमिताको अनुशरण गर्छ, चिन्तन, मनन गर्छ तब त्यो बोधिसत्वको माया शाठय, अभिमान, वढपन, आलस्य, अरूलाई होच्याउने चित्त शान्त भएर जाने हुन्छ। म भन्ने आत्मसंज्ञा, म प्राणी भन्ने सत्वसंज्ञा हराएर जाने हुन्छ। लाभ सत्कार प्रशसाको आशक्ति पञ्चनीवरण इर्ष्या मात्सर्य, सबै क्रियाकलाप हराएर जान्छ। अनि सो बोधिसत्वलाई सर्व गुण दुर्लभ हुने छैन। बुद्ध क्षेत्र र अनुत्तर बुद्धधर्मलाई पूर्ण गर्न गाह्रो हुदैन।

सदाप्ररूदित परिवर्त

अनि श्री भगवान्‌ले सुभूतिलाई आज्ञा भयो–हे सुभूति! बोधिसत्व महासत्वले प्रज्ञापारमितालाई सदाप्ररूदित बोधिसत्वले झैं खोजी गर्नु पर्छ। हाल सदाप्ररूदित बोधिसत्व भीष्मगर्जितनिर्घोषस्वर तथागतको बुद्ध क्षेत्रमा ब्रह्मचर्य पालन गरिरहन् भएको छ। यसको वर्णन सुन। हे सुभूति ! सदाप्ररूदितले जीउ ज्यानको वास्ता नराखी लाभ सत्कार र प्रशंसाको ख्याल नराखी प्रज्ञापारमिताको खोजी गरेको थियो। एक दिन उनी जङ्गलमा छंदा उनले आकाशवाणी सुने– "हे बोधिसत्व प्रज्ञापारमिता सुन्ने भए तिमी पूर्वतिर लाग। जाँदा शरीर थाकेको परवाह नराख। आलस्य तथा निद्रालाई मनमा नसम्झ। खान पानको चाहना नगर। रात दिनको पनि ख्याल नगर। ठण्डा गरमको मौसममा ध्यान नदेऊ। वाहिर तथा शरीरमा पनि चिन्तन लगाऊ। दायाँ वायाँ तथा दशौं दिशामा पनि नहेरिकन आऊ। म भन्ने भावना नलिई तथा पञ्चस्कन्धलाई पनि सम्झिकन जाऊ। यसो नगरेमा तिमी संसारको चक्रमै घुमिरहने छौ। यस्तो उपदेशपूर्ण आकाशवाणी सुनी आकाशतिर हेरी यसो भने– "मैले हजूरले भने झैं नै गर्ने छु किनभने म संसारलाई प्रानालोक दिन चाहन्छु, बुद्धधर्म, जान्न चाहन्छु।

यति भने पछि आकाशबाट साधुवाद दिंदै यस्तो शब्द निस्क्यो। शून्यता, अनिमित, अप्रणिहितमा दृढ विश्वास गरी प्रज्ञापारमितालाई खोज्नु पर्छ। कुनै वस्तु छ भनी निमित्त ग्रहण गर्ने प्रवृत्ति छोड्नु पर्छ। पापी मित्रको सङ्गत छोडी कल्याण मित्रको सेवा गर्नु पर्छ। जसले सबै वस्तु शून्यता, अनिमित्त, अप्रणिहित, अनुत्पाद, अजात स्वभावका हुन्छन् भनी सिकाउने छन्। यो नियम पालना गरेमा चाँडै नै प्रज्ञापारमिता पुस्तकको दर्शन तथा उपदेश सुन्न पाउने छौ। जो सङ्ग तिमीले प्रज्ञापारमिता सुन्यौ त्यो व्यक्तिलाई शास्ता मान तथा वहाँको

कृतज्ञ होऊ। वहाँको उपदेशले म चाँडै अविनिवर्तनीय हुने छु भन्ने विश्वास गर। लोकामिषमा नलाग वहाँको सङ्गत गर्दा मारले विघ्न गर्न सक्छ। ख्याल राख–धर्म उपदेश दिनेसंग मारले चित्त फटाइदिन सक्छ। वहाँ उपर कहिल्यै अप्रसन्न नहोऊ। मारको लक्षण देख्ना साथ भूतनयलाई भावना गर्नु पर्छ अर्थात् सबै वस्तु स्वभावैले शून्य, स्वप्नोपम, प्रतिध्वनि समान, प्रतिविम्व समान हुन् भनी भावना गर्नुलाई भूतनय भनिन्छ। यो भावना गर्दा चाडै प्रज्ञापारमिताबाट पार हुने छौ। यदि प्रज्ञापारमिता सुन्न चाहंदा धर्मदेशकले तिमीलाई चित्त दुखाउने कुरा गरे भने त्यस बेला पनि केही जवाफ नदेऊ। धर्मलाई चाहना गरी गौरव गर्दै दिक्क नमानिकन धर्मभाजकको संगत न छोड।

अनि सदाप्ररूदित पूर्वतिर लाग्दै मेरो दुर्बुद्धिले गर्दा कति जानु पर्छ भन्ने सोध्नै विर्से भनी रूंदै कराउदै उपदेशको नियम पालन गर्दै गइनै रहे। त्यसवेला उसको मनको वेगले गर्दा आफ्नू सामु तथागतलाई देखे। अनि तथागतले यस्तो भनेको पनि सुने– ''बाबु तिमीलाई साधुवाद छ। पहिलेका बोधिसत्वले पनि यस्तै गरेका थिए। रात दिनको पनि ख्याल नराखी तिमी पूर्वदिशातिर गइरहेका छौ। त्यो नगरको वैभव तिमी राम्ररी देख्ने छौ। त्यो नगर पुण्य गर्नेहरूको पुण्यले वनेको हो। त्यो नगरको बीचमा अति मनोहर उद्यान छ। त्यहाँ धर्मोद्भव नामको बोधिसत्व वस्नु हुन्छ। सर्वाङ्गसुन्दरी धेरै स्त्रीहरूले वहाँको सेवा गर्छन्। वहाँले दिनको तीन पटक प्रज्ञापारमिताको उपदेश गर्नु हुन्छ। जाऊ वहाँ संग धर्म सुन्न जाऊ।

तथागतको यस्तो वचन सुनी प्रसन्न भई कहिले सद्धर्म सुन्न पाउला भन्ने उत्कण्ठा लिई बस्दा बस्दै उसले धर्मोद्गत बोधिसत्वको उपदेश सुन्न थाले। अनि उनलाई सर्वधर्म स्वभाव व्यवलोकन नामको समाधि आदि बासठ्ठी प्रकारको समाधि अनुभव भयो। यत्तिकैमा सदाप्ररूदित बोधिसत्वले अप्रमेय बुद्धहरूलाई देख्न थाले तथा प्रज्ञापारमिता व्याख्यान गरेको सुन्न थाले-अनि तथागत-

हरूले यस्तो आज्ञा भयो– हे कुलपुत्र ! प्रज्ञापारमितालाई खोजी गर्दा हामीले पनि यस्तै गरेका थिएं । यसो गरेर नै हामी बुद्ध भएका हौं । हे बोधिसत्व ! कल्याणमित्रलाई सेवा गर अनि तिम्रो कल्याण हुनेछ । यस्तो आज्ञा हुंदा सदाप्रदितले तथागतहरूमा यस्तो विन्ती गरे– भगवन् मेरो कल्याण भित्र के हो ? यसको उत्तरमा तथागतले आज्ञा भयो– हे सदाप्ररूदित ? तिमीलाई धेरै समाधि लाभ गराइदिने धर्मोद्भव वोधिसत्वनै तिम्रो कल्याण मित्र हो । वहाँको सेवा गर । कल्पौं कल्प सेवा गर्नु परे पनि दिक्क नमान । जसरी हुन्छ वहाँलाई सुख हुने व्यवस्था गर । किनभने तिमीलाई वहाँले प्रज्ञापार्रमिता सुन्ने मौका दिनु भयो । यति आज्ञा भई सबै तथागतहरू अन्तर्धान भए ।

अनि सदाप्ररूदित समाधिवाट उठेर धर्मोद्भव वोधिसत्वलाई सम्झँदै वहाँसंग प्रज्ञापारमिता सम्वन्धी प्रश्न गर्ने अभिलाषा गर्दै ती तथागतहरू कहाँवाट आए, कहाँ गए भनी विचार गर्न थाले । अनि म गरीब छु कल्याणमित्र धर्मोद्गत कहाँ गएर वहाँलाई म के चढाउँ भन्दै बिचार गरेर एउटा नगरमा पुगे । त्यहाँ उनले आफूलाई वेचेर त्यो पैसाले धर्मोद्गतको सेवा गर्छु, सम्मान गर्छु भन्ने निर्णय गरी म आफूलाई बेच्न चाहन्छु किन्नु होस् भनी कराउँदै हिंड्न थाले । तर मारले उनको त्यो शब्द कसैले नसुन्ने बनाई दियो । त्यस बेला इन्द्रले परीक्षा गर्न सदाप्ररूदित कहाँ आएर भन्यो– हे मानव ! किन रूंचे मुख लगाएर वस्छौ । यस्तो वचन सुनी सदाप्ररूदितले भने म आफूलाई देच्न चाहन्छु । तर किन्ने मानिस कोही नपाएर दिक्क लागिरहेको छ किनभने आफूलाई बेचेर आएको पैसाद्वारा धर्मोद्गत वोधिसत्वको सत्कार पूजा गर्न म चाहन्छु । यस्तो कुरा सुनी मानव रूपधारी इन्द्रले भने– मलाई मानिस किन्नु परेको छैन तर मेरो बाबुले गर्न लागेको यज्ञको लागि मानिसको रगत र मासी चाहिएको छ । यति तिमी दिन्छौ भने म किन्छु भन्दा सदाप्ररूदित खुशी भई दाँया हातबाट रगत झिकी अनि तीघ्राको मासु काटी पन्छाई हाड फोरेर

मासी झिक्न लागे । त्यस बेला कुनै सेठको छोरीले झ्यालबाट यो सबै दृश्य देखी हतपत तल वर्ली किन यसो गर्न लागेको भनी सोध्दा यो मेरो रगत र मासी बेची धर्मोद्‌गत वोधिसत्व तथा प्रज्ञापारमिताको सेवा गर्न चाहन्छु भनी जवाफ दिए । अनि सो श्रेष्ठी दारिकाले आश्चर्य मान्दै फेरी सोधिन्– यस्तो कष्ट गरेर पूजा सत्कार गरेर तिमी के लाभ गर्छौ ? यस्तो प्रश्न सुनी सदाप्ररूदितले भने–यो पूजा सत्कारद्वारा मैले बुद्धत्व लाभ गर्नेछु र जगत सत्वको हित सुख गर्नेछु । अनि सो श्रेष्ठीदारिकाले भनिन्– त्यसो भए म पनि सो धर्म सुन्न चाहन्छु तिमीलाई चाहिने जति सुन चाँदी रत्न म दिन्छु मासो, रगत, वेच्ने दुःख नगर ।

त्यस वेला मानव रूप छोडी इन्द्रले सदाप्ररूदितलाई धेरै साधुवाद दिनु भयो र तिमीले मागेको वरदान दिन्छु । माग भन्दा सदाप्ररूदितले अनुत्तरबुद्ध धर्म दिनुहोस् भनी मागे । तर इन्द्रले यो दिने मेरो अधिकार छैन बुद्धले मात्र यो दिनु हुन्छ भन्नु भयो । अनि सो श्रेष्ठी दारिकाले सदाप्ररूदितलाई आपनो घरमा लगी आफ्ना बा आमाहरूलाई परिचय गराई धेरै धन सम्पत्ति सदाप्ररूदितलाई दिइन् र आमा बाबुको अनुमति लिई ५ सय सार्थाहरूको साथमा सदाप्ररूदित संग संगै पूर्वतिर लागे । जाँदा जाँदै टाढैबाट गन्धवती नगरलाई बोधिसत्वले देख्नु भयो । देख्ने वित्तिकै प्रथम ध्यानमा लाभ हुने प्रीति सुखको अनुभव भयो । अनि पूजा सामग्री लिई धर्मोद्‌गत वोधिसत्व कहाँ जान लागे । धर्मोद्‌गत बोधिसत्वको कुटागार अति सुन्दर तथा विशाल थियो । त्यहाँ कृष्णागुरूको धूप बालेको थियो ! कुटागारको बीचमा सप्तरत्न जडेको आशन थियो । त्यसको सामु चार सुन्दर बाकसमा सुनले लेखेको प्रज्ञापारमिता पुस्तक राखेको थियो । यी सबै दृश्य सदाप्ररूदित र श्रेष्ठी दारिकाहरूले देखे । अनि इन्द्रादि देवताहरू आई चारै वाकसलाई सत्कार पूजा गरेको देखेर इन्द्रसंग सोध्दा इन्द्रले भन्नु भयो– बोधिसत्व र बुद्धहरूको जननी प्रज्ञापारमिता यसमा रहनु हुन्छ । वहांलाई नै पूजा सत्कार गरिहेकोछु भनी जबाफदिंदा सवैले

प्रज्ञापारमितालाई पूजा गर्न थाले । ती पूजा गरेका फुलहरू सवै धर्मोद्गत बोधिसत्व वस्ने आशन माथि फूलको चंढुवा जस्तै वन्न पुग्यो । कपडाहरू पताका जस्तै आकाशमा फरफराउंदै उड्न थाले । वोधिसत्वको यस्तो ऋद्धि देखी श्रेष्ठीदारकाहरू सवै चकित भए । अनि धर्मोद्गत वोधिसत्व उपर श्रद्धा गरी सवै दारिकाहरूले यस्तो प्रणिधान गरे– "यो पूजा गरेको पुण्यले जगत सत्वहित गर्नं वुद्ध वन्न सकूं" । साथै धर्मोद्गत वोधिसत्वले जस्तै प्रज्ञापारमिता र उपायकौशल्यले परिपूर्ण हुन सकूं भनी प्रणिधान गरे ।

अनि सदाप्ररूदित वोधिसत्वले धर्मोद्गत वोधिसत्वलाई यस्तो विन्ती गरे – जव तपाइको दर्शन गर्न वाटोमा आउंदै थिएँ । त्यस वेला तथागत आउनु भई अगाडि वस्नु भयो र सवै उपदेश दिन भयो र धेरै समाधिहरू पनि मलाई लाभ भयो र यस्तैमा हजूरको उपदेश पनि सुन्न थालें । बुद्धहरूले मलाई धेरै साधुवाद पनि दिए । अनि बुद्धहरू अन्तर्धान हुनुभयो । म पनि समाधिबाट विउंझे । अनि त्यस पछि मलाई यी तथागतहरू कहाँबाट आए कहाँ गए भन्ने खुलदुली भयो । र यो कुरा हजूरलाई सोद्धछु भनी विचार गरे । त्यसकारण हजूरले यी तथागतहरू कहाँबाट आए कहाँ गए आज्ञा हुनु होस् ।

धर्मोद्गत परिवर्त

अनि यसको उत्तर दिंदै धर्मोद्गत वोधिसत्वले आज्ञा भयो– तथागतहरू आउने जाने गर्नु हुन्न । तथता अचल हुन्छ । फेरी तथता भन्नु र तथागत भन्नु एउटै कुरो हो । अतः तथागत आवत जावत गर्नु हुन्न । यति मात्र होइन अनुत्पाद भन, भूटकोटी भन, शून्यता भन, यथावत्ता भन अथवा विराग, निरोध, आकाश धातु भन यी सबै तथागतकै नाम हुन् । यिनीहरू पनि आवत जावत गर्दैन । यी सबैका तथता र तथागतको तथता एउटै हो । यसमा फरक छैन, भेदभाव छैन । मरिचिका (औल) मा

पानी बहेको देखिन्छ तर पानी हुदैन । यस्तै साधारण व्यक्तिहरू तथागतको रूपकाय (शरीर) तथा शब्द देख्छन् । त्यसमा आशक्त हुन्छन् । अनि आउनु भो जानु भो भनी कल्पना गर्छन् । तर वास्तवमा आउने तथा जाने होइन । त्यस कारण तथागतको रूपकाय हुन्छ भन्नेतिर लाग्नु हुदैन । वहाँको त धर्मकाय हुन्छ । धर्मता आउनु, जानु गर्दैन । कुनै व्यक्तिले सपनामा तथागतहरू देख्ने हुन्छन् । तर सपनाका कुरा मृषावाद (झूठ) हुन्छन् । श्री भगवान्ले सर्वधर्म स्वप्नसमान भनी आज्ञा हुने भएको छ । अतः तथागत आउनु भो, पाल्नु भो भन्नु बाल जनको स्वभाव हो । यस्ता व्यक्ति भवचक्रवाट मुक्त हुन सक्दैन तथा प्रज्ञापारमिता कहाँ पुग्न पनि सक्दैन । जसले सर्वधर्मलाई स्वप्न समान भनी जानेको छ त्यस्ता व्यक्तिले कुनै वस्तुको उत्पाद निरोध, आवत जावतको पनि कल्पना गर्दैन । तथागतलाई धर्मताको रूपले देख्ने हुन्छ । जनताको कुशल कर्मले समुद्रमा रत्नहरू उत्पन्न हुन्छन् भनिन्छ । त्यस्तै धेरै कुशलको फलस्वरूप तथागतहरू उत्पन्न हुन्छन् । परन्तु कोही कहींबाट आएको भनिंदैन । वीणावाट मधुर शब्द निस्कन्छ तर त्यो तार, तुम्बा आदि एउटा वस्तुबाट मात्र निस्केको भन्नु उचित छैन अनेक हेतु प्रत्ययहरूबाट निस्केको हुन्छ। त्यस्तै अनेक कुशल मूलको सयोगले तथागत उत्पन्न भएको देखिन्छ । आउनु भयो जानु भयो भन्ने पनि देखिन्छ तर यी सबै स्वप्नोपम सम्झनु पर्छ । अनि सर्वधर्म र तथागत पनि अनुत्पन्न अनिरोध छ भनी सम्झनु पर्छ । हे सदाप्ररूदित ! यस्तो सम्झने गर अनि तिमीले चाँडै बुद्धत्व लाभ गर्न समर्थ हुनेछौ तथा प्रज्ञापारमिता र उपाय कौशल्यले युक्त हुनेछौ ।

यो देशना गरेको बेला धेरै शुभ शकुनहरू उत्पन्न भयो । सुगन्ध चन्दन चूर्ण र पुष्प वर्षा आदि भयो । त्यस बेला धेरैले धर्म चक्षु आदि लाभ गरे । यस्तो देख्दा सदाप्ररूदित बोधिसत्व पनि प्रीति प्रामोद्यले सात ताल जति माथि पुगी धर्मोद्गत वोधिसत्वको पूजा सत्कार गरे । इन्द्रले पनि पूजा गर्न मन्दाख पुष्प ल्याई दिए

तथा आफूले पनि पूजा गरे । त्यस बेला धर्मोद्गत बोधिसत्वलाई आफ्नो शरीर नै अर्पण गर्दै भने–हे कल्याणमित्र ! हजूरको सेवाको निमित्त मेरो शरीर तथा जीवन अर्पण गर्छु स्वीकार गर्नु होस् । अनि श्रेष्ठीदारिकाहरूले पनि सदाप्ररूदितलाई र सदाप्ररूदितले धर्मोद्गत वोधिसत्वलाई तिनीहरूको शरीर अर्पण गरे । इन्द्रले यस कार्यको ठूलो प्रशंसा गर्नु भयो र धर्म श्रवण गर्न पहिलेका वोधिसत्वहरूले पनि यस्तै गर्दथे भन्नु भयो । अनि उनीहरूको पुण्य वृद्धिको लागि स्वीकार गर्न भई फेरि सदाप्ररूदितलाई नै फर्काई दिनु भयो । त्यस बेला सूर्य अस्ताउन लागेको थियो अत: धर्माशनवाट उठी धर्मोद्गत वोधिसत्व आफ्नो घरमा पाल्नु भयो ।

अनि सदाप्ररूदित वोधिसत्वले विछ्यौनामा नसुत्ने उठी रहने र हिंडिरहने यी दुई ईर्यापथ स्वीकार गर्छु जवसम्म धर्मोद्गत बोधिसत्व धर्मदेशना गर्न पाल्नु हुन्न भन्ने निर्णय गरे । यता धर्मोद्गत वोधिसत्व घरमा गई समाधिमा बस्नु हुदा सात वर्षसम्म एउटै आशनमा वसी रहनु भयो।सदाप्ररूदित वोधिसत्वले पनि उठेको उठ्यै सात वर्ष विताए । यसै गरी ५ सय श्रेष्टीदारिकाहरूले पनि आपना समय विताए । त्यस बेला सात दिन पछि धर्मोद्गत वोधिसत्व समाधिबाट बिउँझने छ र शहरको बीचमा धर्मदेशना गर्नु हुनेछ भन्ने आकाशवाणी भयो । त्यो आकाशवाणी सुनी सो ठाउँमा सफा गर्न तरखरमा लाग्नु भयो । तर त्यो ठाउँमा प्रशस्त धुलो भएकोले त्यो ठाउँमा पानी छर्न पानी खोज्दा पानी कहीं पनि भेट्टाउन सकेन । तर वीर सदाप्ररूदितले आपनो रगतले भए पनि धर्मोद्गत बोधिसत्व बस्ने ठाउँको चारैतिर सिचने छु भनी शरीरको मासु काटी यता उनी हतियारले घोची रगत निकाल्न थाले । अनि ५ सय श्रेष्ठीदारिकाहरूले पनि वहाँले जस्तै आ-आपनो शरीरबाट रगत निकाल्दै जमीनमा सिचन थाले । यस्तो वीर्य देखी मार पराजित भयो । अनि देवराज इन्द्रले यिनीहरूको साहस देखी ती रगतले सिंचेको ठाउँमा श्रीखण्ड चन्दनको झैं सुगन्ध होस् भनी अधिष्ठान गरी सुगन्धित

वनाइदिनु भयो र भन्नु भयो– यस्तो वीर्य लिई धर्म सुन्न चाहने व्यक्ति नै जगतसत्वको हित सुख गर्न बुद्ध बन्न सक्छ। तपाईहरूलाई धेरै साधुवाद छ। अनि श्रेष्ठीदारिकाहरूले आपना ५ सय वटा खास्टो पत्ताई धर्माशनमा बिछ्याई दिए। पूजा गर्न इन्द्रले एक हजार खासी मन्दाख पुष्प ल्याइदिनु भयो। त्यही पुष्पले सर्वत्र सिंगारियो।

अनि धर्मोद्गत वोधिसत्व सात वर्ष समाधिमा बस्नु भई त्यहाँबाट उठेर धर्मदेशना गर्न सो ठाउँमा पाल्नु भयो। वहाँलाई देखेर सदाप्ररूदित आदि सबै प्रीति सुखले विभोर हुनु भयो। धर्मोद्गत बोधिसत्व धर्माशनमा वस्नु भयो र सर्वधर्म समता, सर्वधर्म विविक्ता आदि साठ्ठी हजार प्रकारका धर्मदेशना गर्नु भयो। सदाप्ररूदित बोधिसत्वले जुन जुन धर्म सुने ती ती धर्मलाई लिएर समाधि लाभ गरे।

परीन्दना परिवर्त

अनि श्री भगवान्ले आज्ञा भयो– यसरी साठ्ठी हजार प्रकारको समाधि लाभ गरिसके पछि हे सुभूति ! सदाप्ररूदित बोधिसत्वले दशै दिशामा अनन्त बुद्धहरूको दर्शन पाए तथा वहाँहरूले धर्म उपदेश दिंदै प्रज्ञापारमिताको ज्ञान दिए पछि यस्तो अचिन्त्य धर्म श्रवणको फलस्वरूप वाहुश्रत्य फल उनलाई लाभ भयो, अक्षण नाश भयो, क्षण सम्पत् लाभ भन्यो यति आज्ञा भइसकेपछि श्री भगवान्ले आनन्दलाई सम्बोधन गरी फेरी यस्तो आज्ञा भयो– हे आनन्द ! प्रज्ञापारमिताले बुद्धत्व दिनु हुन्छ भन्ने कुरो नविर्स। सर्वज्ञ बन्न चाहनेले प्रज्ञापारमिता पाठ गर्नु, अर्थ जान्नु, कण्ठ गर्नु, लेख्नु लेखाउनु योग्य छ। यति मात्र होइन यो प्रज्ञापारमिता पुस्तकलाई धूप दीप आदिले पूजा गर्नु उचित छ। यो मेरो अनुशासन तथा आज्ञा हो। किनभने प्रज्ञापारमितालाई शास्ता सम्झनु पर्छ। शास्ताको हित सुख हुने कुरामा तिमीले जति

प्रयत्न गर्छौं त्यस्तैं प्रज्ञापारमितालाई रक्षा गर्न प्रयत्न गर्नु पर्छ । यसलाई गौरव गर प्रेम र भक्ति गर । जहाँ सम्म प्रज्ञापारमिता हुन्छ त्यहाँ सम्म तथागत हुनु हुन्छ भनी सम्झ । जसले प्रज्ञापारमिता श्रवण गर्छ, पाठ गर्छ, देशना गर्छ । त्यो व्यक्ति तथागतको वरीपरी वसेको छ भनी जान । श्री तथागतको यस्तो वचन सुनीं मैत्रेय आदि वोधिसत्व सुभूति आदि स्थविरहरू प्रसन्न भई तथागतको आज्ञालाई अभिनन्दन गरे ।

आर्य प्रज्ञापारमिता समाप्त ।

गण्डव्यूहसूत्रम्

१ निदान परिवर्त

ॐ नमः सर्वबुद्धवोधिसत्वेभ्यः

जुनसुकै सूत्रग्रन्थमा सूत्रसंग्रह गर्ने संगीतिकारले "एवं मया श्रुतम्" यसरी मैंले सुनेको छु भनी सूत्रहरूको उत्थान गछुन् ।

एक दिन श्रावस्तीको जेतवनमा अनाथपिण्डले बनाएको आराम (विहार) को महाव्यूह कुटागारमा भगवान् बुद्ध राज हुनु भएको थियो । त्यसबेला त्यहाँ समन्तभद्र मंजुश्री आदि साढे पाँच हजार वोधिसत्वहरू पनि उपस्थित हुनु हुन्थ्यो । ती साढे पाँच हजार वोधिसत्वहरू मध्ये सुप्रसिद्ध ज्ञानोत्तर ज्ञानी आदि वोधिसत्वहरूको नाम गण्डव्यूहसूत्रमा उल्लेख भएका छन् । ती सबै वोधिसत्वहरूले समन्तभद्र वोधिसत्व चर्यालाई प्रणिधान गर्नु हुन्छन् ।

समन्तभद्र वोधिसत्वको चर्या अनुसार असङ्ग भावना गर्ने अनन्त बुद्ध क्षेत्रहरूसम्म आफ्नो पूजा नमस्कार गर्ने प्रक्रयाहरू छन् । त्यत्ति मात्र होइन उपर्युक्त वोधिसत्वहरूले अनन्त बुद्ध क्षेत्रमा अनन्त बुद्धहरूले देखाउनु भएको नाना प्रकारका बुद्धविकुर्वित (ऋद्धि) हरू पनि देख्न सक्नु हुन्थे । अनन्त बुद्धहरूको नियम ज्ञान पनि बुझ्नु हुन्थे । अनन्त कल्पसम्म वोधिचर्या पालन गर्नु भएको हुनाले वहाँहरूको अक्षय गुणहरू पनि हुन्थे । यी बोधिसत्वहरूले प्राणीहरूलाई अत्यन्त करुणा तथा दया भए पनि निःसत्व, निरजीव भावना गर्ने हुनाले अज्ञानरूपी तिमीर रोग

यिनीहरूमा हुदैन । आकाश समान प्रज्ञा भएका हुनाले वहाँहरूको धर्मधातु (निर्वाण) ज्ञानरूपी रश्मि यत्र तत्र फैलिएका हुन्थे ।

यसै गरी पाँचसय मर्हधिक श्रावकहरू पनि उपर्युक्त बुद्ध परिषदमा उपस्थित थिए । वहाँहरूको सवै सयोजन, अनुशय, वासनाहरू क्षीण भैसकेका थिए ।

सो बुद्ध परिषदमा उपस्थित वोधिसत्वहरू र श्रावकहरूले भगवान् बुद्धको शान्त, सौम्य प्रभावलाई देखेर भगवान् बुद्धको वल, वैशारद्य, समाधि आदि विषयमा हामीले जान्न सक्दैनौं भन्ने विश्वास गर्थे । जति पनि गम्भीर विकुर्वितहरू छन् ती सबै कुरा बुद्धले नै अधिष्ठान गरेमा मात्र हामीले देख्न तथा सुन्न सक्नेछौं भन्ने श्रावक तथा वोधिसत्वहरूको विश्वास थियो ।

यसरी बोधिसत्वहरू र श्रावकहरूको मनको कुरा थाहा पाउनु भई महाकरूणाले ओतप्रोत भएको सिंहवृजिम्भृत नाउँ गरेको समाधिमा बस्नु भयो । श्री भगवान् बुद्धले जव समाधिमा बस्नु भयो त्यसबेला भगवान् बुद्धको कूटागार अनन्त फैलिएको विशाल कोठा जस्तो देखिन थाल्यो । सो जेतवन वरीपरी नाना पुष्प वृक्ष आदिले सुशोभित भए । सबै तिर ध्वजापताका आदि किनकिनी जाल आदिले सुसजित भएको जस्तो देखिन थाले । यी सबै विचित्र घटनाहरू तथागतको कुशल मूलले नै भएको हो । त्यहाँ धेरै अद्भूत अचिन्तनीय घटनाहरू पनि भए जो यहाँ प्रस्तुत गर्न सकिएको छैन ।

यस्तो अचिन्त्य घटनाहरू भएपछि पूर्वदिशाका असंख्य परमाणु समान लोक धातुहरू मध्ये कनकमेघप्रदीपध्वज नाम भएको लोक धातुबाट वैरोचन श्री तथागतको आज्ञानुसार वैरोचनप्रणिधाननाभिरश्मीप्रभ नाम भएको वोधिसत्व महासत्व असंख्य बोधिसत्वहरूको साथै जेतवनमा आउनु भयो । वहाँहरूले पुष्प, धुप, दीप, छत्र, ध्वजा पताका आदि नाना पूजा सामग्रीहरूले भगवान् बुद्धको सन्मान गरी कूटागारको पूर्वपट्टि आ-आफ्नो आशनमा पंलेटी मारी वसे ।

यस्तै दक्षिण दिशाका अनन्त लोक धातुहरूमध्ये वज्रसागर गर्भ नाउँ भएको लोक धातुबाट समन्तविभास श्री गर्भराज तथागतको आज्ञानुसार दुर्योधन वीर्यवेग राज नामको वोधिसत्व असंख्य वोधिसत्वहरूका साथमा आउनु भई विविध पूजा मामग्रीहरूले पूजा गरी कूटागारको दक्षिणपट्टि आ-आपनो आशनमा पलेटीमारी शान्तसंग वस्नु भयो ।

यस्तै फेरि पश्चिम दिशाका अनन्त लोक धातुहरूमध्ये मणिसुमेरू बिरोचनध्वज प्रदीप नाम भएको लोक धातुबाट धर्म धातुज्ञानप्रदीप नाम भएको तथागतको आज्ञाले समन्त श्री समुद्गतराज नाम भएको वोधिसत्व असंख्य वोधिसत्वहरूको साथमा आउनु भई विविध आश्चर्यका ऋद्धिहरू प्रदर्शन गर्दै भगवान् बुद्धको पूजा गरी कूटागारको पश्चिमतिर आ-आपनो आशनहरूमा वस्नु भयो ।

उत्तर दिशाका रत्नवस्त्रावभासध्वज नाम भएको लोक धातुबाट धर्मधातु गगन श्री वैरोचन तथागतको आज्ञाले असंग श्री राज वोधिसत्व अनेक वोधिसत्वहरूको साथमा आउनु भई कूटागारको उत्तरतिर आ-आपनो आशनहरूमा वस्नु भयो ।

यस्तै गरी उत्तरपूर्वको दिशाबाट सर्वमहापृथ्वीराजमणिरश्मीजालप्रमुक्त नाम भएशो लोक धातुबाट अनिलम्भचक्षु नामको तथागतको आज्ञाले धर्मधातु सुनिर्मितप्रणिधिचन्द्र नामको वोधिसत्व पनि अनन्त बोधिसत्वहरूको साथमा पाल्नु भई कूटागारको उत्तरपूर्वदिशातिर वस्नु भयो ।

एवं रितले पूर्वदक्षिण कोणको गन्धमेघव्यूहध्वज नामको लोकधातुबाट नाघेश्वरराज तथागतको आज्ञानुसार धर्मार्चिस्मततेजोराज नाम बोधिसत्व पनि असंख्य बोधिसत्वहरू संग आउनु भई कूटागारको पूर्वदक्षिण कोणमा वस्नु भयो ।

दक्षिण पश्चिमदिशाको मणिसूर्यप्रतिभासगर्भ नामको लोकधातुबाट धर्मचन्द्रसमन्तज्ञानावभास राज तथागतको आज्ञानुसार सर्वमारमण्डल विकिरणज्ञानध्वज वोधिसत्व पनि ससख्य बोधिसत्वहरुको साथमा आउनु भई कूटागारको दक्षिण पश्चिम कोठामा वस्नु भयो ।

एवं रितले पश्चिमउत्तर दिशाको वैरोचन श्री प्रणिधिगर्भ नामकोलोक धातुवाट समन्त वैरोचन श्री मेरूराज तथागतको आज्ञाले वैरोचनप्रणिधि ज्ञानकेतु नामको वोधिसत्व पनि असंख्य वोधिसत्वहरूसंग आउनु भई कूटागारको पश्चिमउत्तर दिशातिर वस्नु भयो ।

यस्तै पृथ्वीको तल्लो दिशामा रहेको सर्वतथागत प्रभामण्डल वैरोचन लोक धातुबाट असंग ज्ञानकेतुध्वज तथागतको आज्ञानुसार सर्वावरण विकिरणज्ञानविक्रासी वोधिसत्व अनेकौं अरू वोधिसत्वहरुको साथमा आउनु भई कूटागारको तल तिर वस्नु भयो ।

यसै गरी पृथ्वीको माथिल्लो दिशाका अक्षय बुद्धबुद्ध वंश निर्देश नामको लोक धातुबाट समन्तज्ञान प्रतिभास निर्घोष तथागतको आज्ञानुसार धर्मधातु प्रणिधितल निर्भेद वोधिसत्व पनि अनेकौं वोधिसत्वहरूको साथमा आउनु भई कूटागारको माथिल्लो दिशामा वस्नु भयो ।

यी सवै वोधिसत्वहरू सतन्तभद्र वोधिसत्व चर्या नै प्रणिधान गर्नु हुन्छन् । यो सवै वोधिसत्वहरुले जेतवन भरिभराउ भएको थियो । यी सवै क्रयाकलापहरू भगवान् बुद्धको अधिष्ठानवाट भएको थियो ।

यसरी वोधिसत्वहरूले जेतवन भरिभराउ भएको भए पनि शारिपुत्र, मोद्गल्यायन, महाकाश्यप आदि धेरै श्रावकहरूले यी वोधिसत्वहरूलाई देखेका थिएनन्। तथागतको अरू विकुर्वितहरू पनि देखेको थिएन । तथा दशै दिशावाट पाल्नु भएका वोधिसत्वहरूको

विकुर्वितहरू पनि देखेनन् । किनभने वोधिसत्वहरूको कुशलमूलसंग श्रावकहरूको कुशलमूल मिल्दैनथे। बुद्ध तथा वोधिसत्वहरूको विकुर्वित (ऋद्धि) लाई देख्न सक्ने कुशलमूल पनि वहाँहरू संग थिएन ।

श्रावकहरूले केवल श्रावकचर्या गरी श्रावकको चार फललाई मात्र प्राप्त गरेका हुन्छन् । तर वहाँहरूसंग महाकरुणा हुंदैन । वहाँहरूले जगत्सत्वको निमित्त चर्या पालन गरेका हुदैंन । केवल आफूले मात्र यथा भूत दर्शन गर्न प्रयत्न गर्ने हुन्छन् । यही कारणले गर्दा वहाँहरूले बुद्ध, बोधिसत्वहरूको विकुर्वित (ऋद्धि) हरू नदेखेको हो । यसरी जेतवनमा वसेका श्रावकहरूले तथागत बुद्ध तथा वोधिसत्वहरूको कुनै ऋद्धि नदेखे पनि अनन्ता अनन्त वोधिसत्वहरूको बीचबाट बुद्धको ऋद्धि, विकुर्वित तथा प्रतिहार्यलाई देखी वैरोचन प्रणिधानरश्मिप्रभ वोधिसत्वले दश गाथाद्वारा बुद्धको प्रशंसा गरे । यस्तै दुयोधनवीर्यवेगराज वोधिसत्व, श्री समुद्गतेजोराज वोधिसत्व, असंग श्रीगर्भराज वोधिसत्व, धर्मधातु प्रणिधिसुर्निमितचन्द्रराज बोधिसत्व, धर्मार्तिस्मत्तेजोराज वोधिसत्व, सर्वमारमण्डलविकिरणज्ञान ध्वजराज वोधिसत्व, वैरोचनप्रणिधानकेतुध्वज वोधिसत्व, सर्वावरणविकिरणज्ञानविक्रान्तराज बोधिसत्व तथा धर्मधातुतलभेदज्ञानाभिज्ञाराज वोधिसत्वले पनि क्रमैसंग दश, दश गाथाद्वारा भगवान् बुद्धको स्तुति गर्नु भयो ।

(यी स्तुतिहरूमा महायानको शून्यता ज्ञानद्वारा विपय वस्तुप्रतिको आशक्ति हटाउने भावहरू पनि उल्लेख भएका छन् ।)

समन्तभद्रः

अनि बुद्धपरिषदमा उपस्थित भएका सबै वोधिसत्वहरूलाई अवलोकन गरी तथा विभिन्न लोक धातुवाट आउनु भएका बोधिसत्वहरूलाई पनि निहाली धर्नधातुको विपय आंकाश धातु समान छ, अतीत आदि तीनै कालहरू पनि धर्मधातु समान छन्

सत्वधातु समान छ आदि शून्यता सम्बन्धी ज्ञानका कुराहरू उपदेश दिंदै भगवान् बुद्धले गर्नु भएको सिंहवृजिम्भृत समाधिको विषयलाई पनि दश प्रकारले प्रशंसा गर्नु भयो ।

यी दश प्रकारको सिंहवृजिम्भृत समाधिको व्याख्याद्वारा तथागतको ज्ञानको अपार प्रशंसा गरेको छ ।

अनि समन्तभद्र बोधिसत्वले सिंहवृजिम्भृत समाधिमा बस्नु भएको भगवान्को उज्ज्वल मुहारलाई हेर्दै भगवान् बुद्धको विषय अचिन्त्य हुन्छ, वहाँको ज्ञान अचिन्त्य हुन्छ भन्ने प्रशंसाले युक्त दशवटा गाथाद्वारा स्तुति गर्नु भयो ।

अनि भगवान् बुद्धले पनि सम्पूर्ण बोधिसत्वहरूले यही सिंहवृजिम्भृत समाधिको ज्ञान लाभ गरोस् भन्ने उद्देश्यले आफ्नो उर्णाकोशबाट धर्मधातुसमन्तद्वारविज्ञप्तित्व्यध्वअवभास नाम भएको रश्मि निकाल्नु भयो र सो रश्मिबाट अनन्त बुद्ध क्षेत्रहरूलाई उज्ज्वल प्रकाशमान वनाउनु भयो ।

त्यसपछि त्यहाँ उपस्थित बोधिसत्वहरूले अनन्तानन्त लोकधातु र बुद्ध बोधिसत्वहरूलाई देख्न थाले । ती देखिएका सबै बुद्ध बोधिसत्वहरू वैरोचन तथागतको धर्म र दर्शनको श्रवणवाटै बुद्ध बोधिसत्व भएका थिए । वैरोचन बुद्धको महान् प्रभावलाई ती उपस्थित बुद्ध बोधिसत्वहरूले देख्नु भए पछि वहाँहरूले काय, वाक् चित्त तीनैद्वारा तथागतको पूजा गरे । अनि पुष्प धुप, दीप, गन्ध, रस, नैवेद्य आदि मेघले, पूजा वर्षा गरी सबैले एकै स्वर, एकै व्यञ्जनले स्तुति पनि गरे ।

अनि मञ्जुश्री बोधिसत्वले बुद्धाधिष्ठानद्वारा माथि उल्लिखित सबै बुद्धविकुर्वित ऋद्धिहरूको प्रशंसा १३ गाथाद्वारा गर्नु भयो ।

अनि त्यसपछि बुद्धको अधिष्टानद्वारा त्यहाँ उपस्थित सबै बोधिसत्वहरूले पनि अनभिलाप्य (अनन्त) बुद्धक्षेत्रहरूको परमाणु समान महाकरुणा समाधि लाभ गरे । यसैको प्रभावस्वरूप

वहाँहरू सर्वजगतहित गर्न तत्पर भए । देव भवनमा देवताको रुप लिई, नाग भवनमा नागको रुप लिई एवं रितले यक्ष, गन्धर्व, असुर, गरूढ किन्नर महोरग, ब्रह्मा, राजा, यम, प्रेत, पशुपंक्षी आदिको समेत रुप लिई महारूणाले युक्त भई धर्मदेशना गर्न थाले ।

यसरी जेतबनमा उपस्थित सबै बोधिसत्वहरूले नाना प्रकारले जगत सत्व हित गर्न प्रवृत्त भएको देखिन्छ । यी बोधिसत्वहरूले श्रवण, ब्राह्मण वैद्य, वाणिक आदि नाना रुप लिई जन सेवा गरेको देखिए तापनि ती बोधिसत्वहरू बुद्धको सामुबाट कहीं गएका थिएनन् । केवल उनीहरूको चित्तले अनुभव गरेका निर्माण रुप मात्र थिए ।

(कल्याणमित्रहरू)

कल्याणमित्र मञ्जुश्री

अनि मञ्जुश्री बोधिसत्व आफू समान सबै बोधिसत्वहरू तथा पृथ्वी देवता, अग्नि, वायु, नदी र रात्री दैवता आदि अनेक देव देवताहरूको साथै भगवान् बुद्धलाई पनि प्रदक्षिणा गरी भगवान् बुद्धको अनुमति प्राप्त गरी त्यहाँबाट बिदा भई दक्षिणा पथ जनपदचर्या गर्न प्रस्थान गर्नु भयो । बुद्धको अनुभावद्वारा शारिपुत्रले मञ्जुश्री कुमारभूतलाई देख्नु भयो । अनि मञ्जुश्रीको शील स्वभावलाई देखेर भगवान् बुद्धको सामु गई आज्ञा प्राप्त गरी मञ्जुश्री कहाँ जानु भयो । त्यसबेला शारिपुत्रसंग अरू पनि धेरै भिक्षुहरू मञ्जुश्री कहाँ गएका थिए । शारिपुत्रले मञ्जुश्रीको नाना चर्या ऋद्धि देख्नु भई सागर बुद्धि प्रमुखहरूलाई सम्बोधन गर्दै भन्नु भयो– मञ्जुश्री कुमारको विभिन्न प्रकारको ऋद्धिहरू तिमीहरूले देख्यौ ? दशै दिशाबाट तथागतहरूको उर्णाकोशबाट निस्केको रश्मिहरू आई मञ्जुश्रीको शिरमा प्रवेश गरेको देख्यौ ? भनी टाढैबाट वहाँलाई दर्शन गरीं यस्तो प्रश्न गर्दा गर्दै शारिपुत्र

स्थविरहरू मञ्जुश्रीको सामुन्ने पुग्नै लागे । तब उनीहरूको मनमा अत्यन्त आनन्दको अनुभूति भयो । सौमनस्य चित्त उत्पन्न हुन थाल्यो । अनि शारिपुत्रले मञ्जुश्रीलाई सम्बोधन गर्दै भन्नु भयो– हे मञ्जुश्री ! कुमारभूत वोधिसत्व तपाईको दर्शन गर्न यी भिक्षुहरू उपस्थित भएका छन् । यी सबै भिक्षुहरू तपाईको जस्तै कुशलमूलहरू होस् । तपाईको जस्तै शिरशोभा, स्वरमाधुर्य आदि लक्षण र सद्ज्ञान लाभ होस् भनी इच्छा गर्छन् । यति शारिपुत्रको वचन सुनी मञ्जुश्रीले भिक्षुहरूलाई यस्तो भन्नु भयो– महायानमा लागेका कुलपुत्र वा कुत्रपुत्रीहरूले दिक्क नमानीकन दश वटा नियम पालन गरेमा तथागत भूमिमा नै प्रवेश गर्न सकिन्छ । वोधिसत्व भूमिमा त सजिलैसंग प्रवेश गर्न सकिन्छ । यी दश नियम यस प्रकार छन्–

१) सबै तथागतहरूको दर्शन गर्न, सेवा गर्न, पूजा गर्न एवं सामु उपस्थित हुन झर्को नमान्नु यो पहिलो नियम हो ।

२) सबै कुशलमूलहरू सचय गर्न पछि नहट्नु, दिक्क नमान्नु दोस्रो नियम हो ।

३) बुद्ध वचन रुपी धर्मलाई दिक्क नमानी जान्न खोज्नु तेस्रो नियम हो ।

४) सबै बुद्धवोधिसत्वहरूले पालना गर्नु पर्ने दान, शील आदि पारमिताहरूको अभ्यास गर्न दिक्क नमान्नु चौंथो नियम हो।

५) सबै वोधिसत्वहरूको समाधि प्राप्त गर्न झर्को नमान्नु पांचौं नियम हो ।

६) भूत, भविष्यत्, वर्तमान् तीनै कालका परम्परामा लाग्न दिक्क नमान्नु छैठो नियम हो ।

७) दशै दिशाका सबै बुद्धक्षेत्र समुद्रहरूलाई मनले स्मरण गर्ने नियममा दिक्क नमान्नु सातौं नियम हो ।

८) सबै सत्व प्राणीहरूलाई बुद्ध बनाउन सकू भन्ने कार्यमा दिक्क नमान्नु आठौं नियम हो ।

९) सबै क्षेत्रहरूमा कल्प कल्पसम्म बोधिसत्व चर्या पालन गर्न दिक्क नमान्नु, गाह्रो नमान्नु नवौं नियम हो ।

१०) सबै बुद्ध क्षेत्रका परमाणु समान पारमिताको अभ्यास गरेर एउटा प्राणीलाई मात्र उद्धार गर्न सकें भने पनि असलै हो भन्ने चिताई सबै लोक धातुलाई उद्धार गर्न एउटै तथागतको बलले पनि सकिन्छ भन्ने भावना गर्न दिक्क नमान्नु दशौं नियम हो ।

यी उपर्युक्त दश नियम पालना गरेमा सबै बोधिसत्व चर्या सजिलैसंग पूर्ण गर्न सकिन्छ । बोधिसत्वको भूमि र तथागत भूमिको सामु पुग्ने हुन्छ ।

यो धर्म विनय सुनेर सबै भिक्षुहरूले सर्वबुद्धविदर्शनासह्गचक्षुर्विषय नामको समाधि प्राप्त गरे । जुन समाधिको प्रभावले अनन्त लोकधातुमा रहनु भएका तथागतहरूको परिषद् र त्यहाँ उपस्थित प्राणीहरूलाई पनि देखे । परमाणु समान असंख्यलोक धातुहरू एक एक गरी देखेपछि त्यहाँ रहेका नाना प्रकारका घर, विमान तथा नाना प्रकार शब्दहरू पनि देख्न र सुन्न थाले । यसरी विभिन्न कुराको प्रभावले प्रसन्न भएको बोधिसत्वहरूको चित्तोत्पादलाई दृढप्रतिष्ठा गरी मञ्जुश्री कुमारभूतले समन्त भद्र बोधिसत्वको चर्या पालन गर्ने उपदेश पनि दिनु भयो । अनि बोधिसत्वहरूको चित्त र काय शुद्ध भयो र मञ्जुश्री बोधिसत्व प्रति अत्यन्त प्रभावित भई वहाँके पछि पछि लागे ।

त्यसपछि मञ्जुश्री कुमारभूतले सबैलाई सम्यक् सबोधि ज्ञानमा प्रतिष्ठापना गरी क्रमैले जनपदचर्या गर्दै दक्षिणापथको धन्याकर महानगरको विचित्रसारध्वजव्यूह भन्ने चैतारको रुखमूनि बस्नु भयो । त्यहाँ मञ्जुश्रीले धर्मधातुनयप्रभास नामको सूत्रान्त सद्धर्म देशना गर्नु भयो । त्यो धर्मद्वारा धेरै मानिसहरू तीनै यानद्वारा उद्धार भए । यी कुरा धान्याकरका मानिसहरूले सुनेर

धेरै उपासक उपासिकाहरू साहु महाजनहरू पनि त्यहाँ उपस्थित भए ।

ती मध्ये सुधन श्रेष्ठीदारक पनि सो चौतारामा धर्म सुन्न उपस्थित भए । यसरी भिक्षु भिक्षुनी तथा धेरै स्त्री पुरूष उपासक उपासिकाहरू भेला भएको देखेर सुधन श्रेष्ठीदारकलाई हेरेर मञ्जुश्रीले यसरी आज्ञा भयो–“यो श्रेष्ठीदारकको सुधन भन्ने नाम कसरी रहयो ? सो कुरा तपाईहरूलाई म सुनाउन चाहन्छु । जब यो सुधन श्रेष्ठी दारक आमाको कोखमा रहन पुग्यो त्यति बेला सो श्रेष्ठींको घरमा सात रत्नका अंकूरहरू उत्पन्न भए । सात रत्न, सुवर्ण चाँदि, वैदुर्य आदिको खानी पनि उत्पन्न भयो । जब सो बालक गर्भमा दश महिना पूर्ण भयो तव सात हात अग्लो, सात हात फराकिलो भई सो रत्नका खानीहरू पृथ्वीबाट माथि निस्के । जब उनको जन्म भयो तव उनको घरमा विविध प्रकारका वस्तुहरूले परिपूर्ण पाँच सय भाँडाहरू उत्पन्न भयो । यही कारणले सबै ज्ञाति वन्धु तथा आमा वाबुहरूले सो वालकको नाम सुधन भन्ने राखे । यों सुधन श्रेष्ठी दारकले पहिलेका धेरै बुद्धहरूको सामु पुण्य गरेका थिए ।”

यसरी सुधन श्रेष्ठीको प्रशंसा गर्दै भगवान् बुद्धको विविध गुण सम्बन्धी धर्मदेशना गरी महामञ्जुश्री कुमार भूतले सुधन श्रेष्ठी दारक र सो जनसमूहलाई सद्धर्म तिर प्रेरणा दिनु भयो र बुद्ध बन्नु आफू र पराइको हित गर्नु हो भन्ने बोधिचित्त पनि उत्पन्न गरिदिनु भयो । त्यसपछि वहाँ त्यस ठाउँवाट प्रस्थान गर्नु भयो ।

मञ्जुश्री कुमार भूतको मुखारविन्दवाट बुद्धगुणको महात्म्य सुनी सुधन श्रेष्ठी दारक अत्यन्त प्रभावित भई अनुत्तर सम्यक् सम्बोधि लाभ गर्न सकूं भन्ने अभिलाषा लिंदै मञ्जुश्रीको पछि लागी संतीस वटा गाथाद्वार विविध प्रकारले स्तुति गर्नु भयो ।

अनि मञ्जुश्री कुमार भूतले फर्कनु भई सुधन श्रेष्ठी दारकलाई हेरी भन्नु भयो– हे कुलपुत्र ! तिमी धन्य हो, बोधिचित्त उत्पन्न गरेर कल्याण मित्रको पछि लागेका छौ; बोधिसत्व

चर्या कसरी पालन गर्ने भन्ने कुरा सोधेर चर्यापूर्ण गर्न तिमी चाहन्छौ । बोधि चर्या पालन गर्ने उपाय विधि मध्ये सबभन्दा उत्तम उपाय कल्याणमित्रको सत्संगत गर्नु सेवा गर्नु हो । हे कुलपुत्र ! त्यसकारण कल्याणमित्रको सत्संगत गर्न दिक्क मान्नु हुदैन ।

मञ्जुश्रीको यस्तो उपदेश सुन्नु भई सुधन श्रेष्ठीले बोधिसत्व चर्या कसरी विस्तारपूर्वक सिक्नु पर्छ ? सिकेको नियम कसरी पालन गर्ने भनी धेरै प्रश्नहरू मञ्जुश्री कुमार भूतलाई विन्ती गरे ।

अनि मञ्जुश्रीले दश गाथाद्वारा सुधन श्रेष्ठीलाई भन्नु भयो– हे सुधन ! तिमीले समन्त भद्र चर्या पालन गर, चाँडै नै तिमीले स्वहित र परहित गर्न सक्ने सम्यक् सम्बुद्धत्व लाभ गर्न सक्ने छौ । यदि बोधिचर्या सम्बन्धी अझ विशेष ज्ञान चाहन्छौ भने कल्याणमित्रहरूको सेवा गर्नुमा, सत्सङ्ग गर्नुमा झर्को मान्नु हुदैन । कल्याणमित्र भेट्ने, दर्शन गर्ने काममा सधैं अतृप्त हुनु पर्छ । कल्याणमित्रको अनुकूल भएर उपदेश सुन्नु पर्छ । वहाँहरूको उपदेशलाई उपाय कौशल्यद्वारा ग्रहण गर्नु पर्छ । हे कुलपुत्र ! त्यसकारण दक्षिणापथको रामावर्तक नाम भएको मुलुक छ त्यहाँ सुग्रीव भन्ने पर्वत छ सो पर्वतमा मेघ श्रीः नामको भिक्षु वस्नु हुन्छ। वहाँ कहाँ गएर बोधिसत्वले गर्नु पर्ने शिक्षा लिनु अनि तिम्रो समन्त भद्र चर्या पूर्ण हुनेछ ।

त्यस पछि सुधन श्रेष्ठी दारक अत्यन्त प्रसन्न भई आनन्दले गद्गद भई मञ्जुश्री बोधिसत्वको पाउमा शिरले वन्दना गरी धेरै पल्ट प्रदक्षिणा गरी मञ्जुश्रीको प्रेमले गर्दा विछोड हुन गाह्रो मानी गहभरी आँसु लिई वहाँसंग विदा मागेर त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र मेघ श्री

अनि सुधन श्रेष्ठी दारक, त्रमशः रामावर्त मुलुकमा पुगी पूर्व जन्मको कुशल मुलको फलले दारकर्म आदि विविध प्रकारका सुख भोगहरू गरी सुग्रीव पर्वतमा पुगे । त्यहाँ सात दिन खोजे पछि सो पर्वतको शिखरमा चंक्रमण गरी रहनु भएको मेघ श्री भिक्षुलाई देखे । सुधन श्रेष्ठीले अनि भिक्षुको पाउमा शिरले वन्दना गरी प्रदक्षिणा गरी हात जोडेर यसरी विन्ती गर्‍यो– हे हजूर ! जगतहित गर्न बुद्ध वन्न सकूं भनी मैले वोधिचित्त उत्पन्न गरे तर बोधिसत्व चर्या कसरी पालन गर्ने सो मलाई थाहा छैन । हजूरले यस सम्बन्धी उपदेश दिनु हुन्छ भन्ने कुरा थाहा पाएर म यहाँ आएको हुं । हजूरले शिक्षा दिनु होस् ।

यसरी आपनो सामु हात जोडी विन्ती गरिरहेको सुधन श्रेष्ठीलाई साधुवाद दिंदै वोधिचित्त उत्पन्न गरेको धेरै प्रशंसा गरी मेघ श्री भिक्षुले उनलाई यसरी आज्ञा भयो– हे कुलपुत्र ! बोधिसत्व चर्याका धेरै नियमहरू दुष्कर मात्र होइन, परम दुष्कर छन् । हे कुलपुत्र ! मेरो दृढ विश्वास, विशुद्धबुद्धि एवं श्रद्धारूपी आँखाको कारणले, ज्ञेयावरण, क्लेशावरण नभएको विपश्यनाको कुशलताले तथा सबै दिशातिर एकै पल्ट काय प्रणाम गर्न सक्ने मेरो कुशलताले गर्दा म सबै दिशामा रहनु भएका तथागतहरूलाई म देख्छु । एउटा, दुईवटा मात्र होइन अनन्तानन्त, अनभिलाप्य तथागतलाई र वहाँहरूले गर्न लागिरहेको धर्मदेशना आदि सम्पूर्ण क्रियाकलापहरूलाई पनि म देख्दछु । सबैतिरको विषय वस्तुहरूलाई एकै पल्ट जान्ने आलोक अर्थात् समन्तमुखसर्वारम्भणविज्ञप्तिसमवशरणालोक नामको बुद्धोनुस्मृति भावनालाई मैले लाभ गरेको छु । परन्तु समन्तावभासमण्डल बुद्धानुस्मृति आदि चर्या मैले जान्न वा गुण प्रशंसा गर्न म असमर्थ छु । त्यसकारण एकादश प्रकारको बुद्धानुस्मृति भावना गर्ने महानुभावहरूको चर्या मलाई कसरी थाहा हुन्छ ? हे कुलपुत्र ! यही दक्षिणापथको समुद्रको

तिरमा सागरमुख नामको वस्ती छ त्यहाँ सागर मेघ नाम गरेको भिक्षु बस्नु हुन्छ । वहाँ कहाँ गएर तिमीले बोधिसत्वको विषयमा धेरै कुरा जान्न सक्ने छौ । अरू कल्याणमित्रहरूको परिचय पनि वहाँले तिमीलाई दिनु हुनेछ ।

अनि सुधन श्रेष्ठी दारक मेघ श्री भिक्षुसंग विदा भई त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र सागर मेघ

त्यसपछि सुधन श्रेष्ठो दारक कल्याणमित्रहरूको उपदेश मनन गर्दै मेघ श्री भिक्षुले लाभ गरेको बुद्धानुस्मृतिलाई संझदै क्रमशः सागरमुख नाम गरेको वस्तीमा सागर मेघ भिक्षुको सामु पुगेर पाउमा वन्दना गरी हात जोडी विन्ती गऱ्यो – आर्य ! मैले बोधिचित्त उत्पन्न गरें परन्तु बोधिसत्वले गर्नु पर्ने लौकिक नियमलाई तथागतको नियम कसरी पालन गर्ने? महाकरुणाद्वारा जगतलाई कसरी उद्धार गर्ने? सम्पूर्ण प्रकारका तृष्णाहरू कसरी त्याग गर्ने ? यी कुराहरू मलाई थाहा छैन, हजूरले आज्ञा हुनु होस् ।

सुधनको यस्तो वचन सुनी सागर मेघ भिक्षुले श्रेष्ठीदारकलाई साधुवाद दिदै आज्ञा भयो– हे कुलपुत्र ! तिमीले बोधिचित्त उत्पन्न गऱ्यौ, यो मामुली कुरो होइन किनभने पूर्व जन्ममा कुशलकर्म नगरेको व्यक्तिले बोधिचित्त उत्पन्न गर्नु सम्भव छैन । सम्पूर्ण प्राणीलाई अग्लो होचो नभएको सम्म पृथ्वी समान संझने, पक्षपात नगर्ने करूणासागरहरूको मात्र बोधिचित्त उत्पन्न हुने हुन्छ तथा महामैत्रीचित्त उत्पन्न हुन्छ ।

हे कुलपुत्र ! म यहाँ वसी समुद्रलाई आलम्वन गरी रहेको वाह्र बर्ष भयो । यो समुद्रको विशालता, स्वच्छता, अगाधता एवं नाना रत्नको खानी आदि देख्दा यो सबै कुराको रहस्य कसरी ज्ञान होला भन्ने प्रश्न मनमा उठ्छ ? यसरी चिन्तना गर्दा

गर्दै महसागरको तलबाट एउटा विशाल ठूलो कमल उत्पन्न भयो । सो कमलको डाँठ पात केशर आदिको विचित्रता वर्णन गरिनसक्नु छ । सो कमल तथागतको लोकोत्तर कुशल मूलबाट उत्पन्न भएको माया इन्द्रजाल समान असंगधर्मनय (आशक्तिरहित) को थियो । त्यो कमल माथि मैले तथागत विराजमान भइरहेको पनि देख्न थालें । सो तथागतको शरीर यहाँदेखि भवाग्र सम्म विशाल थियो । वहांको आशन, पर्षद प्रभा मण्डल, लक्षणसंपद आदि सबै अचिन्त्य थिए ।

अनि सो तथागतले आपनो दाँया हात पसारी मेरो शिरमा स्पर्श गर्नु भयो । अनि समन्तनेत्र नामको धर्मोपदेश गर्नु भयो । सो धर्मोपदेश मैले आजसम्म धारणा गर्दछु संधै पाठ गर्छु र मनन गर्छु । यो समन्तनेत्र धर्मपर्यायको गुण वर्ण गर्न महासमुद्रलाई मसी बनाई सुमेरू पर्वतलाई कमल बनाएर लेख्न थाले पनि सकिने छैन । बरू समुद्र सुक्ला, सुमेरू पर्वत खिएर जाला तर यसको महिमा लेख्न सिद्धिने छैन ।

मैले यो धर्मपर्यायलाई एक दिनमै असंख्य आवृति गरेको पुण्यले मलाई अनन्त गुण लाभ भएको छ । म कहाँ आउने देव, असुर, मनुष्य आदिहरूलाई पनि म यही समन्तनेत्रको उपदेश दिन्छु । मैले जानेको धर्मपर्याय केवल यही एउटा हो । बोधिसत्वहरूको अनन्तचर्या मैले कसरी बताउन सकूँला ? त्यसकारण यही दक्षिणापथमा सागरतीर नामको लंकाथप (लंका जाने बाटो) छ त्यहाँ सुप्रतिष्ठित नाम गरेको भिक्षु वस्नु हुन्छ । वहाँ कहाँ गएर बोधिसत्वचर्या सोध्नु वदिया छ ।

अनि सुधन श्रेष्ठी दारक सागरमेघ भिक्षुको पाउमा वन्दना गरी विदा भई सो ठाउंबाट प्रस्थान गरे ।

कल्याणमित्र सुप्रतिष्ठित

त्यस पछि सुधन श्रेष्ठी दारक कल्याणमित्रहरूको उपदेश र समन्तनेत्र धर्म पर्याय सम्झँदै क्रमशः सागरतीर नामको लंका जाने वाटोमा पुगी सबै दिशामा वहाँलाई खोज्नु भयो तर वहाँलाई अन्तमा आकाशमा चंक्रमण (हिंडिरहनु भएको) सुप्रतिष्ठित भिक्षुलाई देखे। त्यस बेला असंख्य देवदेवताहरूले वहाँलाई दिव्य पुष्प, धुप, ध्वजा पताका नाना प्रकारका वस्तुद्वारा पूजा गरिरहेको देखे।

अनि सुधन श्रेष्ठीले सुप्रतिष्ठित भिक्षुको दर्शन पाएर प्रिती, सौमनस्यले प्रसन्न भई हात जोडी विन्ती गरे– हे आर्य ! मैले वोधिचित्त उत्पन्न गरेको छु। तर बुद्ध धर्म कसरी अन्वेषण गर्नु पर्छ ? मलाई उपदेश दिनु होस्। जुन उपदेश प्राप्त भयो भने बुद्ध वोधिसत्वहरूको दर्शनबाट विमुख हुंदैन। संधै यो धर्मलाई स्थिर गरी जगत सत्वहित गर्न सक्नें हुन्छ।

सुधन कुमारको यस्तो विन्ती सुनी सुप्रतिष्ठित भिक्षुले सुधन कुमारलाई यसरी आज्ञा भयो– हे कुलपुत्र ! तिमी धन्य हौ। वोधिचित्त उत्पन्न गरी बुद्ध धम, सर्वज्ञता धर्म, स्वयंभू धर्म, जान्न उच्छा गर्नु असल हो। हे कुलपुत्र ! मैले असंगमुख नाम गरेको वोधिसत्व विमोक्ष लाभ गरेको छु। यो विमोक्षको प्रभावले मलाई असंगकोटी नामको ज्ञानालोक प्रकाश हुन्छ। यसकै कारण स्वरूप मलाई कुनै प्राणीको कुनै विषयमा पनि सङ्ग (आशक्ति) उत्पन्न हुदैन। दशै दिशाका बुद्ध क्षेत्रहरूमा पनि मेरो आशवित छैन। यही आशवित नहुने अनाभिसंस्कारिक ऋद्धिद्वारा मैले आकाशमा चंक्रमण गर्न, उभिरहन, वस्न सुत्न आदि गर्न सकेको हुं। मैले चाहेमा म हजारौं रूप धारणा र दृश्य अदृश्य हुन सक्छु तथा भित्ता आदि भित्र पनि म पस्न सक्छुं। त्यति मात्र होइन आकाशमा उडी चन्द्र सूर्यलाई पनि हातैले स्पर्श गर्न सक्छु। असंख्य

लोक धातुहरूमा विराजमान हुनु भएका अनन्त बुद्धहरूलाई म दर्शन गर्न सक्छु । वहाँहरूले दिनु भएको उपदेश सुन्न सक्छु । काय, वाक् चित्तले म अनन्त बुद्ध क्षेत्रहरूमा पूजा मेघ, पुष्प, धुप दीप, माला विलेपन, वस्त्र, ध्वजा, पताका, वितान (चंदुवा) आदि विविध पूजामेघहरूले पूजा गर्न सक्छुं । वहाँहरूको उपदेश पनि ग्रहण गरी स्मरण गर्न सक्छु । यही शक्तिले गर्दा मेरो सामु परेका सबैलाई म सद्धर्मचित्त उत्पन्न गराउन सक्छु । जति न प्राणीहरू मेरो सामु आउँछन् ती सबैलाई समन्त जव अमोघ-विक्रमपर्यवषाठा नामको बोधिसत्व विमोक्षमा प्रवेश गराउँछु । हे कुलपुत्र ! यही समन्त जव तथागत पूजोपस्थानद्वारा असंगमुख नामको वोधिसत्व विमोक्ष म जान्दछु । परन्तु महाकरूणा स्वभावका महायानको मार्गमा संधै लागिरहने, बोधिचित्तलाई कहिल्यै परित्याग नगर्ने महाबोधिसत्वहरूको चर्या म जस्तोले कसरी जान्न सकूंला ?

हे कुलपुत्र ! यही दक्षिणापथमा वज्रपुर नाम गरेको द्रविडपतन छ त्यहाँ मेघ नामको द्रविड वस्नु हुन्छ । वहाँ गएर वोधिसत्व चर्या सोध ।

अनि सुधन श्रेष्ठी दारक सुप्रतिष्ठित भिक्षुको पाउमा वन्दना गरी प्रदक्षिणा गरी वहाँवाट प्रस्थान गरे ।

कल्याणमित्र मेघ

त्यसपछि सुधन श्रेष्ठी दारक धर्मालोकलाई संझदै धर्मद्वारा प्रसन्न भई त्रिरत्नको सम्झना गर्दै क्रमशः वज्रपुर नामको द्रविडपतनमा पुगी मेघलाई खोज्दै हिंड्नु भयो र शहरको बीचमा सिंहासनमा बसी हजारौं व्यक्तिहरूलाई चक्राक्षरपरिवर्तव्यूह नामको धर्मपर्याय व्याख्यान गर्न लाग्नु भएको मेघ नामको द्रविडलाई देखे ।

अनि सुधन कुमारले मेघ द्रविडको पाउमा शिरले वन्दना गरी हात जोडी यसो विन्ती गरे— हे आर्य ! मैले वोधिचित्त उत्पन्न गरेको छु । कृपया हजूरले यो चित्त स्थिर गर्ने उपायहरू, महाकरूणा वल, धारणी वल कसरी लाभ गर्ने ? सबै अज्ञानता हटाउने प्रज्ञालोक कसरी उत्पन्न गर्ने आदि विविध कुराको उपदेश दिनु होस् ।

अनि मेघ द्रविडले सुधन कुमारको गौरव बढाउनको निमित्त आफू सिंहासनवाट उठेर तल आई सुधन श्रेष्ठीलाई सबै शरीरले दण्डवत प्रणाम गरी पुष्पाञ्जली तथा अर्घ आदिद्वारा पूजा सत्कार गरी यसो भने— हे कुलपुत्र ! तपाई धन्य हुनु हुन्छ । तपाईले वोधिचित्त उत्पन्न गर्नु भएको रहेछ । यो अत्यन्त महत्वपूर्ण कुरा हो किनभने वोधिचित्तले नै बुद्धवंश स्थिर हुन्छ, सम्पूर्ण प्राणीहरूको हित हुन्छ, उद्धार हुन्छ ।

यसरी मेघ द्रविडले बोधिसत्व सुधन श्रेष्ठी दारकको मधुर शब्दले प्रशंसा गर्दा वहाँको मुखवाट विचित्रको रश्मि निस्के । सो रश्मिद्वारा सबै लोक धातुहरू पनि स्पष्ट देखिन थाले । जसले यस्तो रश्मि पहिले देखेका थिए त्यस्ता सबै देव नाग गन्धर्व आदि सबै प्राणीहरू मेघ द्रविडको सम्भना गरी वहाँ कहाँ आई पुगे । यिनीहरू सबैलाई मेघ द्रविडले चक्राक्षरपरिवर्तव्यूह धर्मोपदेश व्याख्यान गर्नु भयो । जुन धर्म सुनेपछि उनीहरू सबै अवैवर्तिक वोधिसत्व भए । यस पछि फेरि धर्मासनमा बसी सुधन श्रेष्ठी दारकलाई यसो भन्नु भयो— हे कुलपुत्र ! मैले सरस्वती धारणी नामको आलोक पाएको छु। त्यसकारण मैले एक दुईमात्र होइन त्रिसाहस्र, महासाहस्र लोकधातुका देवताहरूको मन्त्र जान्दछु यस गरी नाग, यक्ष, गन्धर्व, असुर, गरूड, किन्नर महोरग, मनुष्य, अमनुष्य तथा ब्रह्माहरूको मन्त्र पनि म जान्दछु। उपर्युक्त सबै देवताहरूको समस्तिमन्त्र र वेग्लावेग्लै मन्त्र पनि जान्छु । यसरी म सम्पूर्ण नाम तथा तिनका निरुदती र मन्त्र-

हरूको सागरमा डुवल्कि मार्दछु । सम्पूर्ण दिशाका देवताहरूको विषय पनि म जान्दछु । यी सबै चक्राक्षर परिवर्तव्यूह धर्मपर्यायको प्रभाव हो ।

हे कुलपुत्र ! यही दक्षिणापथमा वनवासी नाम गरेको जनपद छ । त्यहाँ मुक्तक नाम गरेको श्रेष्ठी वस्नु हुन्छ । वहाँ कहाँ गएर बोधिसत्व चर्या वारे सोधन जानुस् ।

अनि सुधन श्रेष्ठी दारक मेघ द्रविडको पाउमा शिरले वन्दना गरी धर्मगौरवको निमित्त कल्याणमित्र मेघ द्रविडले गर्नु भएको व्यवहारलाई विचार गर्दै आँखामा आँसु लिंदै रूंदै मेघ द्रविड कहाँवाट प्रस्थान गरे ।

कल्याणमित्र मुक्तक श्रेष्ठी

अनि सुधन कुमार सरस्वती धारणी आलोकलाई सम्झदै मन्त्र सागरमा डुव्दै उपर्युक्त विविध कल्याणमित्रहरूको उपदेश सम्झदै हिंड्दा सुधन श्रेष्ठी दारकको हृदय अपरिवर्त्य दृढ श्रद्धा वलले युक्त भयो । जाँदा जाँदा वनवासी जनपदमा पुग्न उनलाई वाह्र वर्ष लाग्यो । एकदिन खोज्दा खोज्दै मुक्तक श्रेष्ठीलाई भेटाउनु भयो र वहाँलाई दण्डवत प्रणाम गरी यसो विन्ती गऱ्यो– हे आर्य ! मैले वल्ल आज कल्याणमित्रको दर्शन पाएं । मैले बोधिचित्त उत्पन्न गरेको छुं अत सबै बुद्धहरूलाई दर्शन गर्ने, प्रसन्न पर्ने, सेवा गर्ने विविध ज्ञान हासिल गर्नुको लागि म यहाँ आएको छुं । हजूरले सद्धर्म दान गर्नु हुन्छ, हाम्रो शंका निवारण गरी चित्त प्रसन्न गरी दिनु हुन्छ भन्ने कुरा पनि मैले सुनेको छुं । त्यसकारण बोधिसत्व चर्याका नियमहरू सिकाई दिनु हुन निवेदन गर्दछुं ।

त्यति सुधन कुमारको वचन सुनी सकेपछि मुक्तक श्रेष्ठीले सर्वबुद्ध क्षेत्रसमवशरण नामको समाधिमा वस्नु भयो । जुन

सभाधिको आदिमा अनन्त आवर्त नामको धारणी धारणा गरिने हुन्छ । यो समाधि पूर्व जन्मको कुशलमूलको बलले र तथागतहरूको अधिष्ठानले मात्र गर्न सकिन्छ तथा मञ्जश्री कुमारभूतको इच्छानुरूप ज्ञानालोकले मात्र गर्न सकिन्छ । यो समाधिको प्रभावले दशै दिशाका परमाणु समान बुद्ध क्षेत्रका सबै बुद्धहरू र त्यहाँ रहेका सबै सभासदहरू पनि देखिन थाले । अनि यी सबै लोक धातुहरू क्रमशः सोहि मुक्तक श्रेष्ठीको शरीर भित्र प्रवेश गरे जस्तो देखिन थाले । कुनै लोक धातुमा तुषित भुवनमा वस्नु भएको वोधिसत्व बुद्धकाय सम्पन्न गर्न त्यहाँबाट च्युति भई आमाको गर्भमा प्रवेश गरेको, जन्म भएको वाल क्रीडा गरेको तथा अन्तपुरमा आमोद प्रमोद गरेको महाभिनिष्क्रमण गरेको वधिमण्डपमा वसी मार सैन्य पराजय गरेको आदि सबै बुद्धकृत्यहरू ती लोकहरूमा देखिन थालेको थियो । यी बुद्धकृत्यहरू सुधन श्रेष्ठी मुक्तक श्रेष्ठीको अङ्ग प्रत्यङ्ग र रोम रोममा स्पष्टसंग देखेको अनुभूति भयो । यी सबै वोधिसत्व समाधिको प्रभाव हो ।

अनि मुक्तक श्रेष्ठी स्मृतिसंप्रजन्यले युवत भई त्यो समाधिवाट उठ्नु भयो र भन्नु भयो– हे कुलपुत्र ! म असंगव्यूह नामको तथागत विमोक्षलाई पनि अभ्यास गर्दछु । सो अभ्यास गर्दा पूर्व दिशाको जाम्बूनदप्रवासवती लोकधातुमा तारेश्वरराज तथागतलाई म देख्दछु । यस्तै दक्षिण दिशामा सर्ववलवेगवतीलोक धातुमा समन्त गन्धवितान नामको तथागतलाई म देख्छु । पश्चिममा सर्वगन्धप्रभासवती लोक धातुमा मेरूप्रदीपराज तथागतको दर्शन गर्दछु । उत्तर दिशाको कषायध्वज लोकधातुमा वज्रप्रमर्दन तथागत देख्छु । यसै गरी उत्तर पूर्वको सुवर्णरत्नरूचिरा लोक धातुको अनिलम्भ चक्षुर्वैरोचन नाम तथागत, पूर्व दक्षिणका गन्धातिप्रभास्वरलोक धातुमा गन्धप्रदीप तथागत, दक्षिण पश्चिमका पूर्वकेशरनिभास लोक धातुमा समन्तमुखज्ञानविरोचन घोष तथागत । पश्चिमोत्तर दिशाको गन्धालंकार रूचिर

शूभगर्भलोक धातुमा अप्रमाण गुणसागरप्रभ तथागत यस्तै गरी अधोदिशाको रत्नसिंहावभास ज्वलन लोक धातुमा धर्मधातु विद्योतित रश्मि नामको तथागत र उर्ध्व दिशाको लणक्षरूचिर वैरोचन लोकधातुमा अप्रतिहतगुणकीर्ति विमोक्षप्रभराज दर्शन पाउँछु । हे कुलपुत्र ! यी दश तथागतहरू देख्न त सक्छ तर ती तथागतहरू न यहाँ आउनु हुन्छ न म त्यहाँ जान्छु । परन्तु म जहिले चाहन्छु तव सुखावती भुवनको अमिताभ तथागतलाई र चन्दनवतीलोक धातुको वज्राभतथागत आदि अनेकौं तथागतहरूलाई म देख्न सक्छुं । यी तथागतहरू कहीं आएको वा कहीं गएको छैन । यी तथागतहरू स्वप्न समान् हुन् । हाम्रो चित्त सफा पानी जस्तो छ, यो सफा पानीमा देखिएका छाँया समान यी तथागतहरू हुन् । हाम्रो चित्त इन्द्रजाल गर्ने चटके समान हो । हाम्रो चित्तले देखेका सबै तथागतहरू इन्द्र जाल समान हुन् । एवं रितले यी तथागतहरू प्रतिध्वनि समान् हुन् भन्ने सम्झदा बुद्धक्षेत्र बुद्ध वोधिसत्व चर्या आदि सबै आपनै चित्तवाट उब्जेका कुराहरू हुन् भन्ने मलाई थाहा हुन्छ ।

हे कुलपुत्र ! यस प्रकार आपनो चित्तलाई आपनै कुशमूलले टेवा दिंदै धर्ममेघले सेचन गर्दै वीर्यद्वारा स्थिर गरी आपनो चित्तलाई शान्त गरी राख्नु पर्छ । मैले यही असंगव्यूह तथागत विमोक्ष जान्दछु, अभ्यास गर्दछु । तर मैले असङ्ग चित्त भएका बोधिसत्वहरू जसको शरीरमा सबै लोकधातुहरूको संवर्त, विवर्त (सृष्टि र संहार) भइरहन्छ । त्यस्ता महान वोधिसत्वहरूको चर्या मैले जान्नु र गुण वर्णन गर्नु कसरी संभव होला ?

त्यसकारण हे कुलपुत्र ! यही दक्षिणापथमा मिलस्फरण नामको जम्बूद्वीपमा सागरध्वज नामको भिक्षु हुनु हुन्छ । वहाँ गई वोधि चर्या वारे सोध्नु असल छ ।

अनि सुधन कुमार मुक्तक श्रेष्ठीको पाउमा शिरले वन्दना गरी प्रदक्षिणा गरी धेरै धेरै प्रशंसा गर्दै कल्याणमित्रहरूलाई आमा वाबु समान सम्झी वहाँबाट विदा भई प्रस्थान गरे ।

कल्याणमित्र सागरध्वज

सुधन श्रेष्ठी दारक मुक्तक श्रेष्ठीको उपदेश सम्झदै वहाँको उपदेश तथा अचिन्त्य वोधिसत्व विमोक्ष सम्झदै क्रमशः मिलस्फरण नामको जम्बूद्वीपशीर्ष नामको ठाउँमा पुगेर सागरध्वज भिक्षु खोज्दै जाँदा चंक्रमण गर्ने ठाउँको छेउमा वसेर समाधि गरिरहेको देखे । त्यस बेला वहाँको प्रत्येक रोमकूपमा प्रतिक्षण अनेकौं विकुर्वित ऋद्धिहरू देखिन थाले । सो भिक्षुको तलतिरवाट असंख्य श्रेष्ठीहरूले (वनियाहरू) सेवा गरिरहेको पनि देखिए । ती श्रेष्ठीहरूमध्ये कसैले गरीवहरूलाई दान दिन लागेको, कसैले दुःखीहरूलाई आश्वासन दिइरहेको आदि पनि देखिए । घुंडावाट क्षेत्रीय पण्डित, ब्राह्मण पण्डित आदि असंख्य मनुष्यहरू निस्केर दिक्क भएर वसेका व्यक्तिहरूलाई धर्मोपदेश दिइरहेको, प्राणीहरूलाई हर्षित गरिरहेको आदि धेरै व्यक्तिहरू सुधन कुमारले देखे ।

यसै गरी नाभीवाट कमण्डलु धारण गरेका असंख्य ऋषिहरू निस्केर बुद्ध, धर्म, सङ्घका स्तुति गरिरहेको, निःस्वभाव भावना गर्न प्रेरणा दिइरहेको र बुद्ध धर्ममा गर्नु पर्ने नियमहरू सिकाइरहेका ऋषिहरूलाई पनि सुधन श्रेष्ठीले देखे ।

दुई कोखावाट नाग कन्याहरू, छातीवाट असंख्य इन्द्र र असुरेन्द्रहरू, पिथ्युंबाट असंख्य श्रावक र प्रत्येक बुद्धहरू निस्की अनित्य, दुःख अनात्मको उपदेश दिइरहेको तथा रागचित्तका व्यक्तिलाई अशुभ, द्वेषचरित्रका व्यक्तिलाई मैत्री, मोहचरित्रका व्यक्तिलाई प्रतीत्यसमुत्पादको शिक्षा दिइरहेको पनि सुधन कुमारले देखे । कुमबाट यक्ष राक्षस, पेटबाट किन्नर, मुखवाट चक्रवर्ती, आँखाबाट सूर्यमण्डल, आँखी भूइको वीचवाट चन्द्रमा, निधारवाट महाब्रह्मा, शिरवाट वोधिसत्व आदि निस्कनु भई अनेक उपदेश दिइरहेको सुधन कुमारले देखे । यस्तै गरी उष्णीशवाट तथागतहरू र रोमकूपवाट विभिन्न प्रकारको रश्मि-

हरू निस्की जगतसत्वको हित गर्न लागेको विभिन्न क्रियाहरू पनि वहाँले देखे । अन्त्यमा कुनै रोमकूपवाट निस्केको रश्मिले प्रज्ञापारमिता चर्या गर्न शरीर र जीवन समेत परित्याग गरेर सर्वसत्वहित गर्नु पर्छ भन्ने उपदेश तथा कल्याणमित्रको सेवा गर्नु पर्छ, श्रद्धा एवं गौरवपूर्वक धर्मज्ञान गर्नु पर्छ भन्ने विभिन्न ऋद्धिहरू देखे ।

अनि सुधन श्रेष्ठी दारकले सारध्वज भिक्षु समाधिमा रहनु हुंदा देखिएका नाना ऋद्धि चिन्तना गर्दै एक दिन दुई दिन मात्र होइन ६ महिना वित्यो । त्यस पछि समाधिवाट व्युंठ्नु भएको सारध्वज भिक्षुलाई वन्दना गर्दै सुधनले यस्तो निवेदन गरे– आश्चर्य हो ! भन्ते यो समाधि अत्यन्त गम्भीर छ । किनभने यों समाधिमा प्राणीहरूको हित गर्न महायान चर्या पालन गरी समन्त भद्र चर्या पूर्ण गरिरहेका बुद्ध वोधिसत्वहरूको दर्शन गर्न पाएं । हे हजूर ! यो समाधिको नाम के हो ?

यस्तो निवेदन सुनी सारध्वज भिक्षुले भन्नु भयो– हे कुलपुत्र ! समन्त चक्षुउपेक्षाप्रतिलव्य नाम गरेको यो प्रज्ञापारमिता (विपश्यना)हो। समन्तमुख विशुद्धिव्यूह नामको यो समाधि हो । हे कुलपुत्र ! यही समाधि राम्ररी भावना गरेमा असख्य समाधिहरू लाभ गर्न सक्ने र विविध गुणहरू लाभ गरी जनहित गर्न समर्थ हुन्छ । यही ज्ञान मसंग छ । प्रज्ञापारमिता विहार रूपी सागरमा विहार गर्ने अनन्त गुण भएका वोधिसत्वहरूको चर्या म कसरी जान्न सकूला ? त्यसकारण यहीं दक्षिणापथको समुद्रवेताली नामको वस्ती छ । त्यहाँ महाप्रभ नगरका पूर्वतिर समन्तव्यूह नामको एउटा उद्यान छ । त्यहाँ आशा नामकी उपासिका वस्नु हुन्छ । वहाँ सुप्रभ नामको राजाका भार्या हुनुहुन्छ । वहाँ गएर वोधिसत्व चर्या ज्ञान गर्नु असल छ ।

अनि सुधन कुमार प्रसन्न भई वहाँको पाउमा शिरले वन्दना गरी हात जोडी विन्ती गरी विदा लिई प्रस्थान गरे ।

कल्याणमित्र आशा उपासिका

अनि सुधन कुमार कल्याणमित्रहरूको गुण एवं महत्व सम्झदै वहाँहरू विना बुद्धदर्शन ज्ञान गर्नु असंभव छ भन्ने विचार गर्दै हिंड्दा हिंड्दै क्रमश: समुद्र वेताली प्रदेशको समन्तव्यूह नामको उद्यानमा पुगे । त्यहाँ चारै तिर रत्नको पर्खालले घेरेको, रत्नमय वृक्षहरूले सुशोभित हजारौं प्रासाद, कूटागार विमान आदिहरू सुधन कुमारले देखे । प्रासादको वरिपरि सुगन्ध युक्त कमल फुलिरहेको अनेकौं पोखरीहरू पनि देखे । उद्यानको बीचमा विचित्रध्वज नाम गरेको एउटा महान विमान (एक प्रकारको भवन) पनि देखे । त्यो विमान भित्र विविध प्रकारको आशनहरू देखे । यो विमानका झ्याल, ढोका कोठाहरू विभिन्न प्रकारका चंदुवा किन्किनी जालले सुसज्जित थिए । विविध मणिहरूले शोभायमान भएको भद्रासनमा वसी रहेकी आशा उपासिकालाई सो विमान भित्र देखे । दशै दिशावाट ब्रह्मा आदि देवताहरू र यक्ष, गन्धर्व कुष्माण्ड, नाग, असुर आदि पनि त्यहाँ उपस्थित भएको सुधन कुमारले देखे ।

अनि सुधन श्रेष्ठी क्रमश: त्यहाँ आशा उपासिकाको सामु पुगेर पाउमा शिरले वन्दना गरी विन्ती गरे– हे आर्य ! मैले वोधिचित्त उत्पन्न गरेको छु तर वोधिचर्या कसरी पालना गर्ने हो सो ज्ञान छैन । हजूरले यसको उपदेश दिनु हुन्छ भन्ने सुनी उपस्थित भएको छु ।

अनि आशा उपासिकाले भन्नु भयो– हे कुलपुत्र ! अशोकक्षेमध्वज नामको बोधिसत्वविमोक्ष लाभ गरेकी छु । यसको प्रभावले मलाई देख्नु, मेरो उपदेश सुन्नु, मेरो सत्सङ्ग गर्नु, मसंग वस्नु तथा केवल मलाई सम्झनु पनि अमोघ फल दिने हुन्छ । किनभने पूर्व जन्ममा कुशल कर्म नगरेको व्यक्तिले मलाई देख्दैन । मेरो नाम पनि सुन्दैन, मलाई देख्ने व्यक्ति अवैवर्तिक हुन्छ । मेरा यी सजाइएका रत्नासनमा दशै दिशाका तथागतहरू

पाल्नु भई धर्मदेशना गर्नु हुन्छ । यहाँ तथागतको दर्शन, धर्म श्रवण र वोधिसत्वहरू सत्सङ्गत कहिल्यै खालि हुदैन । अतः यहाँ वस्ने सबै प्राणीहरू म जस्तै अवैवर्तिक हुन् । यति सुनी सुधन श्रेष्ठीले सोध्न् भयो– हे आर्ये ! हजूरले वोधिचित्त उत्पन्न गर्नु भएको कति भयो ?

अनि आशा उपासिकाले भन्नु भयो– हे कुलपुत्र ! म मेरो पूर्व जन्मका सबै कुराहरू सम्झन्छु । मैले दीपंकर तथागतको साम् ब्रह्मचर्य पालन गरेकी हुं । त्यसपछि विमल नाम तथागत आदिहरूको सेवा गरेको छुं । मैले कति बुद्ध वोधिसत्वहरूसंग सत्सङ्ग गरे त्यसको प्रमाणै छैन । मैले वोधिचित्त कहिले उत्पन्न गरे यसको पनि केही सीमा छैन ।

फेरि सुधनले हजूरले कहिले सम्यक् सम्वोधि लाभ गर्नु हुन्छ भनेर आशा उपासिकालाई निवेदन गरे । यस्तो प्रश्न सुनी आशा उपासिकाले आज्ञा भयो– हे कुलपुत्र ! वोधिसत्वले एउटा प्राणीलाई मात्र उद्धार गर्न वोधिचित्त उत्पन्न गर्ने होइन न त सय, हजार, कोटी आदि । यसरी अनभिलाप्यानभिलाप्य प्राणीहरूको निमित्त वोधिचित्त उत्पन्न गर्न हुन्छ । सबै लोक धातुमा रहेका सबै प्राणीहरूलाई हितसुख दिन वोधिचित्त उत्पन्न गरिन्छ । यस्तै अनन्त वोधिसत्वहरूलाई आराधना, पूजा उपस्थान आदि गर्नलाई वोधिचित्त उत्पन्न गर्ने हुन्छ । यसरी जव सम्म लोकधातुहरू हुन्छन जव सम्म सर्वसत्वका क्लेशहरू हुन्छन् तव सम्म मेरो प्रतिज्ञा (प्रणिधान) रहिरहने छ ।

यस्तो आज्ञा भएको सुनी हे आर्ये ! हजूरको विमोक्ष कुन हो सुन्न पाउँ भनी निवेदन गरे ।

अनि आशा उपासिकाले भन्नु भयो– मैले अघिनै यो विमोक्ष अशोक क्षेमध्वज नामको हो भनेर भनिसकेकी छु । यो वाहेक अरू विमोक्ष म जान्दिन । सागर समानचित्त भएका सकल बुद्धधर्म देशना गर्न समर्थ भएका, सुमेरू पर्वत जस्तो दृढ एवं

अचल आशय भएका अज्ञानको अन्धकारलाई हटाउने सूर्य जस्तो पुण्यको शीतल कीरण वर्षा गर्ने चन्द्रमा जस्ता वोधिसत्वहरूको चर्या म जान्दिन । वहाँहरूको गुणको प्रशंसा गर्न पनि सक्दिन ।

यसकारण हे कुलपुत्र ! यही दक्षिणापथको समुद्र वेतालीमा नालयु नामको मुलुक छ । त्यहाँ भीष्मोत्तरनिर्घोष नामको ऋषि वस्नु हुन्छ । वहाँ गएर वोधिचर्या वारे ज्ञान गर ।

अनि सुधन श्रेष्ठी आशा उपासिकाको पाउमा शिरले वन्दना गरी प्रदक्षिणा गरी कल्याणमित्रहरूलाई भेट्टाउनु गाह्रो हुंदो रहेछ । सत्पुरूषको सत्सङ्गत दुर्लभ रहेछ भन्न चिन्तना गर्दै वहाँवाट विदा भयो ।

कल्याणमित्र भीष्मोत्तरनिर्घोष

अनि सुधन श्रेष्ठी दारक वोधिसत्व चर्यालाई विशुद्ध पार्ने तथा पुण्यवल बढाउने महाप्रणिधान गर्दै क्रमशः नालायु मुलुकमा पुगेर भीष्मोत्तरनिर्घोष ऋषिलाई खोज्दै वहाँको आश्रममा पुगी वहाँको पाउमा शिरले वन्दना गरी यस्तो विन्ती गरे– मैले वोधिचित्त उत्पन्न गरे तर वोधिचर्या कसरी पालना गर्नु पछ सो नियम मलाई थाहा छैन । हजूरले यसवारे उपदेश दिनु भए बढिया हुन्थ्यो ।

अनि भीष्मोत्तरनिर्घोष ऋषिले आफ्ना विद्यार्थीहरूलाई हेरेर यस्तो आज्ञा भयो– हे माणवकहरू ! यो कुलपुत्रले जगतको हित गर्न बुद्ध बन्ने दृढप्रतिज्ञा गरेको छ । ऋषिको यस्तो बचन सुनी ती माणवकहरूले सुधनलाई सुगन्ध पुष्पद्वारा पूजा गरी वन्दना गरी भविष्यमा दुःखीहरूलाई उद्धार गर्ने महान् पुरूष आदि भनी धेरै प्रशंसा गरे । त्यसपछि भीष्मोत्तर ऋषिले आज्ञा भयो– "हे सुधन! मैले अपराजितध्वज वोधिसत्वको विमोक्ष लाभ गरेको छुं ।" यो कस्तो विषय हो म तिमीलाई देखाउँछु भनी ऋषिले

आफ्नो दाँया हात पसारेर सुधन श्रेष्ठीको शिर मुसार्नु भयो। त्यत्ति गर्ने वित्तिकै सुधन कुमारले दशै दिशामा रहेका अनन्त बुद्ध क्षेत्रहरू, तथागतहरू र ती लोक धातुका सबै विशेषताहरू पनि स्पष्ट देख्न थाल्यो। त्यसपछि सुधन श्रेष्ठीले तथागतहरूको सामु पुगेको अनुभव गर्दै तथागतहरूको पूजा उपस्थान गरेको पनि अनुभव गऱ्यो।

यस पछि ऋषिले सुधन श्रेष्ठीलाई भन्नु भयो– बाबु! तिमीले के के गऱ्यौ सम्झन्छौ? यसको उत्तरमा सुधन कुमारले भने कल्याणमित्रको अधिष्ठानले म सबै कुरा सम्झन्छु। त्यसो भए बढिया भयो भन्दै भोष्मोत्तरनिर्घोष ऋषिले मैले जानेको अपराजितध्वज बोधिसत्व विमोक्ष यही हो। मैले अनन्त प्राणीलाई उद्धार गर्न तम्सेका बोधिसत्वहरूको सबै गुण एवं चर्या वर्णन गर्न सक्दिन भन्नु भयो।

यसकारण हे कुलपुत्र! ईषाण मुलुकमा जयोष्मायतन नामको ब्राम्हण बस्नु हुन्छ वहाँ गएर बोधिसत्व चर्याको बिषयमा ज्ञान गर्नु उचित छ।

अनि सुधन श्रेष्ठी दारक प्रसन्न भई भीष्मोत्तर ऋषिको पाउमा वन्दना गरी प्रदक्षिणा गरी विदा भयो।

कल्याणमित्र जयोष्मायतन

अनि सुधन श्रेष्ठी दारक अपराजितध्वज बोधिसत्व विमोक्षको ज्ञानले प्रभावित भई अचिन्त्य बुद्ध विषयहरूलाई प्रत्यक्ष गरी क्रमश: ईषाण जनपदमा जयोष्मायतन ब्राम्हण कहाँ पुगे। त्यस बेला जयोष्मायतन ब्राह्मण सर्वज्ञता प्राप्त गर्ने उद्देश्यले आफ्नो चारैतिर पर्वत समान दाउरा राखी आगो बाली उग्रतपस्या गर्न लागेको रहेछ। सो ठाउँमा अग्ला पहाड र भीर पनि रहेछ अनि त्यो पहाडमा छुरै छुरा ओछ्याएको रहेछ। यस्तो देखेर सुधनले जयोष्मायतन ब्राम्हणको पाउमा

बन्दना गरी हात जोडी यसो विन्ती गरे– हे आर्य ! मैले बोधिचित्त उत्पन्न गरे, तर बोधिचर्याको ज्ञान छैन । हजूरले उपदेश दिनु होस् । सुधनको यस्तो विन्ती सुनी जयोष्मायतन ब्राम्हणले भन्नु भयो– हे कुलपुत्र ! धारीलो छुरा विछ्याई राखेको यो पहाड चढेर त्यो भीरालोबाट यो आगोमा हामफाल अनि तिम्रो बोधिसत्व चर्या विशुद्ध हुनेछ ।

यस्तो असम्भव उपदेश सुनी आपनो जीवन वरबाद हुने आशंकाले यिनी मार त होइन ? भन्ने अन्योलमा परेको सुधन कुमारलाई आकाशबाट ब्रह्माहरूले यस्तो आज्ञा भयो– हे कुलपुत्र! मन दृढ वनाऊ; यो ऋषिले बज्रार्ची समाधि लाभ गरेको छ। वहाँ अवैर्बतिक बोधिसत्व हुनुहुन्छ वहाँले तपाईको हित नै गर्नु हुनेछ । महाब्रह्माहरूको यस्तो वचन सुनी रहेको बेलामा वशवर्ती, सुनिर्मित, तुषित, सुयाम, इन्द्र, नाग, यक्ष, गन्धर्व, असुरेन्द्र, गरूदेन्द्र, किन्नरेन्द्र आदि हजारौं हजार देवताहरूले आकाशबाट जयोष्मायतन ब्राम्हणलाई पूजा भाव गर्न लागिरहेको पनि देखे । साथै वहाँहरूले पनि आफूलाई प्रोत्साहन दिई रहेको पनि सुने । अन्त्यमा किन्नरहरूले आकाशबाट भने–हे कुलपुत्र ! जयोष्मायतन ब्राम्हणको घोर तपस्याको फलले उठेको हुरीले हाम्रा भवनमा रहेको किनकीनी जाल, रत्नसूत्रवाद्य भण्डारहरू बज्दा पनि नमो बुद्धाय, नमो धर्माय, नमो सघाय भन्ने शब्दहरू निस्कन्छन् । यति मात्र होइन अमुक लोक धातुमा अमुक व्यक्तिले बोधिचित्त ग्रहण गऱ्यो; अमुकले बुद्धत्व लाभ गरे आदि सबै भविष्यवाणीहरू यी बाजाहरूबाट निस्किरहन्छ । यी सबै वहाँकै तपस्याको प्रभाव हो ।

देवताहरूको यस्तो वचन सुनी प्रसन्न भई जयोष्मायतनको पाउमा वन्दना गरी मलाई क्षमा गर्नु होस्; हजूरलाई मैले शंकाको दृष्टिले हेरें, म अब छुराको धार विछ्याएको पर्वत चढी भीरबाट आगोमा हामफाल्छु भनी हामफाले । त्यसबेला सुधनलाई सुप्रतिष्ठित नामको बोधिसत्व समाधि र प्रशमसुखाभिज्ञ नामको समाधि पनि लाभ भयो । त्यसपछि सुधन श्रेष्ठी

आश्चर्य मान्दै भने– हे आर्य ! यो अग्निस्कन्धहरू र यी छुराका धारहरू त महासुख उत्पन्न गर्ने रहेछ । यस्तो भनी रहेको सुधन श्रेष्ठीलाई जयोष्मायतन ब्राम्हणले फेरि भन्नु भयो– हे कुलपुत्र ! मैले अपरियादत्तमण्डल नामको बोधिसत्व विमोक्ष पनि जान्दछु तर दीन दुःखीहरूको दुःख हटाउन गाह्रो नमान्ने कल्पौं कल्प सम्म आफूले दुःख झेलेर अरूलाई सुख दिन उद्यत रहने वोधिसत्वहरूको चर्या र वहाँहरूको गुण बताउन म असमर्थ छु ।

यसकारण हे कुलपुत्र ! यही दक्षिणापथको सिंहवृजिम्भृत नगरमा मैत्रायणी नाम गरेकी सिंहकेतु राजाकी कन्या हुनु हुन्छ । वहाँ कहाँ गएर वोधिचर्या सम्वन्धी कुरा सिक्न जाऊ ।

अनि सुधन श्रेष्ठी दारक जयोष्मायतन व्राम्हणको पाउमा वन्दना गरी प्रदक्षिणा गरी त्यहाँवाट प्रस्थान गरे ।

कल्याणमित्र मैत्रायणी

अनि सुधन श्रेष्ठी दारक कल्याणमित्रहरूको विषय अचिन्त्य रहेछ भनी तर्क वितर्क गर्दै सिंहवृजिम्भृत नगरमा मैत्रायणी कन्यालाई खोल्दै वैरोचनगर्भ नामको प्रासादको ढोकामा पुगी उभिरह्यो । त्यसले सो दरवारमा अनेकौं व्यक्तिहरू आवतजावत गरिरहेको देखेर तपाईंहरू कहाँ जानु हुन्छ भनेर सोधे । अनि उनीहरूले धर्म सुन्न भित्र गइरहेका छौं भनेको सुन्नी त्यहाँ भित्र पस्न रोक टोक रहेनछ भन्ने थाहा पाई भित्र गएर हेर्दा मैत्रायणी कन्यालाई देखे । त्यसपछि वहाँको पाउमा वन्दना गरी विन्ती गरे– मैले बोधिचित्त उत्पन्न गरेको छु, हजूरले यस बारे उपदेश दिनु होस् । उनको यस्तो बिन्ती सुनेर मैत्रायणीले सुधनलाई हेरेर भन्नु भयो– हे कुलपुत्र ! यो मेरो भवनको चारैतिर भित्तामा जडेका रत्नहरू र विविध वस्तुहरूमा राम्ररी हेर; यसबाट पनि तिमीलाई केही ज्ञान मिल्नेछ । यस्तो वचन सुनी सुधनले भित्तामा हेर्दा कहीं प्रथम बोधिचित्त उत्पन्न गरेका,

प्रणिधान गरिरहेका, बोधि प्राप्त गरेका, धर्मचक्रप्रवर्तन गरिरहेका तथा निर्वाण लाभ गरिरहेका विभिन्न प्रतिविम्वहरू देखे । सफा पानीमा चन्द्र सूर्यको प्रतिविम्व स्पष्ट देखिए झैं त्यो वैरोचनगभ प्रासादमा पनि वोधिचर्या सम्बन्धी चरित्रहरू प्रतिविम्बित भई रहेको स्पष्ट देखिन्थ्यो । अनि मैत्रायणी कन्याले भन्नु भयो-हे कुल-पुत्र! समन्तव्यूह प्रज्ञापारमितामुख परिवर्त मैले लाभ गरेको छु । यसको भावना गर्दा पुण्यसंभार ज्ञानसंभार आदि परिपूर्ण भएको म अनुभव गर्छु । मैले जानेको यति हो । आकाश समान चित्त भएका धर्मधातु समान विपुल बुद्धि भएका वोधिसत्वहरूको चर्या मैले कसरी जान्नु ? त्यसकारण यही दक्षिणापथको त्रिनयन भन्ने मुलुकमा सुदर्शन नामको भिक्षु वस्नु हुन्छ । वहाँ कहाँ गएर तिमीलाई चाहिने कुरा सोध ।

मैत्रायणीको यस्तो बचन सुनी वहाँको पाउमा वन्दना गरी सुधन श्रेष्ठी दारक त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र सुदर्शन भिक्षु

अनि सुधन श्रेष्ठी दारक वोधिसत्वहरूको गम्भीर ज्ञानलाई चिन्तन गर्दै क्रमशः त्रिनयन जनपदमा पुगी सुदर्शन भिक्षुलाई खोज्दै जाँदा कुनै जङ्गलमा चंत्रमण गरी रहेको जबान सुन्दर, वत्तीस लक्षण र असीति अनुव्यंजनले उज्ज्वल सुदर्शन भिक्षुलाई देखे । त्यहाँ दिग देवता, पदगामिनी देवता, अग्नि देवता, बन देवता, पृथ्वी देवता, सागर देवता आदि देवताहरूले वहाँको चंक्रमण कार्यमा सहयोग गरी पूजा गरिरहेका थिए ।

अनि सुधन श्रेष्ठी दारक सुदर्शन भिक्षुको सामु गई चंक्रमण गरिरहंदा परेका पदचिह्नहरूमा दण्डवत गर्दै चुम्बन गरी उभिएर निवेदन गरे– हे आर्य ! मैले वोधिचर्याको ज्ञान गर्न कल्याणमित्रहरूको सेवा गरिहेको छु; हजूरले पनि मलाई उपदेश

दिनु होस् । यसरी निवेदन गरेको सुनी सुदर्शन भिक्षुले भन्नु भयो– हे कुलपुत्र ! मेरो उमेर कमै छ, प्रवजित भएको पनि धेरै भएको छैन । मैले एक जन्ममा अठतीस गङ्गा नदी बालुका समान तथागतहरूको सामुन्ने ब्रह्मचर्य पालन गरेको छु । यसै गरी अनन्त कल्पसम्म अनन्त तथागतहरूको उपदेश मैले सुनेको छु । यी गुणले युक्त अनिशान्तज्ञानप्रदीप बोधिसत्व विमोक्षलाई पनि लाभ गरेको छु । तर वज्रसमान दृढ आशय भएका सबै पदार्थलाई माया इन्द्रजाल सम्झने उदुम्वरपुष्प जस्तो दुर्लभ भएका बोधिसत्वको चर्या वा गुणलाई म कसरी भनुं ।

हे कुलपुत्र ! यही दक्षिणापथको श्रवणमण्डल जनपदमा सुमुख नाम गरेको शहर छ । त्यहाँ इन्द्रियेश्वर नामको दारक (बालक) बस्नु हुन्छ । त्यहाँ गएर बोधिसत्व चर्या सोध्न जानु ।

अनि सुधन कुमार सुदर्शन भिक्षुको पाउमा शिरले वन्दना गरी विदा भई प्रस्थान गरे ।

कल्याणमित्र इन्द्रियेश्वर

अनि सुधन श्रेष्ठी दारक सुदर्शन भिक्षुको उपदेश मनमा गुन्दै क्रमशः श्रवणमण्डल जनपदको सुमुख नगरमा इन्द्रियेश्वर दारकलाई खोज्दै जाँदा सुधन कुमारलाई रक्षा गर्न आकाशमा आइरहेका देव नागहरूले यसो भने– हे कुलपुत्र ! इन्द्रियेश्वर दारक नदी फाटेर दुई हाँगा भई बगेको ठाउँमा अरू धेरै केटाकेटीहरूसंग धुलोमा खेलिरहेको छ ।

यस्तो आकाशवाणी सुनी सुधन श्रेष्ठी दारक सोही ठाउँमा पुग्दा त्यहाँ केटाकेटीहरूसंग खेलिरहेको इन्द्रियेश्वरलाई देखे । अनि वहाँको पाउमा शिरले वन्दना गरी वोधिचित्त उत्पन्न गरी कसरी बोधिचर्या पालन गर्नु पर्छ भनी प्रश्न गरे । त्यस पछि इन्द्रियेश्वर दारकले भन्नु भयो– हे कुलपुत्र ! मैले

मञ्जुश्री कुमार भूतसंग लिपी, संख्या, शिल्प आदि विद्या सिकेको छुं र सोही विद्या म अरूलाई सिकाउछुं । यसरी बोधिसत्वहरूको गणनानय म जान्दछुं । यति भनी अनेक योजन सम्म फैलिएर रहेको वालुवाको थुप्रोलाई औंल्याई यी बालुवाहरू पनि मैले जानेको हिसावद्वारा गणना गर्न सक्छु तथा यही हिसावद्वारा अनन्त लोकधातुहरू पनि गन्न सक्छु भनी आज्ञा भयो ।

यसरी सर्वधर्मधानशिल्पाभिज्ञाले युवत बोधिसत्वज्ञानालोकलाई म जान्छु तर सर्वधर्मविधि संख्या जान्ने बोधिसत्वहरूको चर्या वा गुण आदि म जान्दिन । यसकारण हे कुलपुत्र ! यही दक्षिणापथको समुद्रप्रतिष्ठानमा प्रभूता नामकी उपासिका बस्नु हुन्छ वहाँ गएर तिमीले यसबारे सिक्नु असल छ ।

अनि सुधन श्रेष्ठी दारक वहाँबाट विदा भई प्रस्थान गरे ।

कल्याणमित्र प्रभूता

अनि कल्याणमित्रहरूको अनुशासनरूपी मेघलाई स्वीकार गरेता पनि समुद्र झैं अतृप्त भएको सुधन श्रेष्ठी क्रमशः समुद्रप्रतिस्थान नगरमा पुगी प्रभूता उपासिकालाई खोज्दै जाँदा धेरै मानिसहरूले उनलाई प्रभूता उपासिकाको घर देखाइदियो । त्यहाँ पुगी उनीको ढोकामा उभी विन्ती गरी बसिरहंदा-सुधन श्रेष्ठीले प्रभूता उपासिकाको घरको विशालतालाई देखे । घर भित्र पस्दा आसनमा बसिरहेकी भर्खरकी परम सुन्दरी प्रभूता उपासिकालाई देखे । त्यसबेला प्रभूता उपासिकाको अगाडि एउटा कसौंडी राखेको थियो । अप्सरा जस्ता धेरै स्त्रीहरू उनीको सेवाको निमित्त त्यहाँ उपस्थित थिए ।

अनि सुधन श्रेष्ठीले प्रभुता उपासिकाको पाउमा शिरले वन्दना गरी विन्ती गरे– हे आर्ये ! मैले बोधिचित्त उत्पन्न गरेको छुं । हजुरले पनि बोधिचर्या सम्बन्धी केही उपदेश दिनुहोस् ।

यस्तो अनुरोध सुनी प्रभूता उपसिकाले भन्नु भयो– हे कुलपुत्र ! मैले अक्षयव्यूहपुण्यकोष वोधिसत्वविमोक्ष लाभ गरेको छु । जसको प्रभावले यो कसौंडीवाट व्यक्तिहरूको चाहना अनुसार चाहेको भोजनहरू निकालेर म दान गर्दछु । जति दान गरे पनि यो कसौंडी कहिल्यै खाली हुदैंन । मेरो भोजन गरी धेरै बोधिसत्वहरूले बुद्धत्व लाभ गरिसकेका छन् ।

हे कुलपुत्र ! तिमीले देखेका यी मेरा स्त्री परिवारहरूले पनि म समान चर्या गर्दछन् । यिनीहरूले पनि यही कसौंडीवाट सबै बोधिसत्वहरू तथा दु:खी प्राणीहरूलाई भोजन प्रदान गर्दछन् । तैपनि यो कसौंडी कहिल्यै रित्तिदैंन । हे कुलपुत्र ! यही अक्षयव्यूहपुण्यकोष बोधिसत्व विमोक्ष म जान्दछु । अनन्त अक्षयपुण्य भएका वोधिसत्वहरूको चर्या वा गुण म जान्दिनं ।

हें कुलपुत्र ! यही दक्षिणापथको सहासंभव नगरमा विद्वान नाम गरेकी गृहपति वस्नु हुन्छ । वहाँ कहाँ गएर बोधिचर्या सम्वन्धी ज्ञान लाभ गर ।

अनि सुधन कुमार प्रभूता उपासिकाको पाउमा वन्दना गरी विदा भई त्यहाँवाट प्रस्थान गरे ।

कल्याणमित्र विद्वान गृहपति

अनि सुधन श्रेष्ठी दारकले अक्षयव्यूहपुण्यकोषको अगाधतालाई सम्झदै क्रमश: विद्वान गृहपतिलाई खोज्दै जाँदा महासभव नगरको बीचमा वहाँलाई भेट्टायो । त्यस बेला वहाँलाई धेरै उपस्थापकहरूले चमरले हम्की सेवा गरिरहेका थिए । अनि विद्वान् गृहपतिको नगीचैं पुगी पाउमा वन्दना गरी आफूले बोधिचित्त उत्पन्न गरेको कुरा निवेदन गरी बोधिचर्या सम्बन्धी ज्ञान लाभ गर्ने इच्छा व्यक्त गरे ।

यी कुरा सुनी विद्वान गृहपतिले उनलाई साधुवाद दिंदै भन्नु भयो– हे कुलपुत्र ! यी मेरा परिवारहरू जो तिमी देख्दैछौ

यी सबैले मेरो उपदेश सुनेर बोधिचित्त उत्पन्न गरेका छन् । बोधिचित्त उत्पन्न गर्नु अति उत्तम हो । मैले मनकोशसंभवपुण्यलाई लोभ गरेको छु। सो पुण्यको प्रभावले चाहिने व्यक्तिलाई चाहिएको वस्तु जस्तै अन्न, पान, वस्त्र, सुवर्ण, धन, धान्य दास दासी स्त्री कुमारी आदि सबै उपकरणहरू दान दिंदै आएको छुं । हे कुलपुत्र ! एकछिन पर्ख तिमी आफ्नै आँखाले देख्ने छौ ।

अनि केही बेरपछि दशै दिशाबाट विविध वस्तुको चाहना गरी आइरहेका मानिसहरूको घुंइचो लाग्न थाल्यो । त्यसबेला विद्वान गृहपतिले माग्न आएकाहरूलाई हेर्दै आकाशमा हेरे । तव आकाशमा विविध वस्तुहरू झुण्डिरहेका थिए । ती वस्तुहरू टिप्दै वहाँले ती याचकहरूलाई एक एक गरी दान दिई सन्तुष्ट पार्नु भयो । त्यसपछि वहाँले पुण्यसभार र ज्ञानसंभार सम्वन्धी धर्मोपदेश दिन थाले । यस्तो क्रियाकलाप देखेर सुधन कुमार अत्यन्त प्रसन्न भए ।

अनि विद्वान गृहपतिले सुधन कुमारलाई फेरि आज्ञा भयो– हे कुलपुत्र ! मैले यही मनकोशसंभव पुण्यंविमोक्षलाई जान्दछुं । परिवार वशिता प्राप्त गरेका बोधिसत्वहरूको चर्या वा गुण जान्दिन ।

यहीं दक्षिणापथको सिंहपोत नगरमा रत्नचूड नाम गरेको धर्मश्रेष्ठी वस्नु हुन्छ वहाँ गएर बोधिसत्व चर्याको ज्ञान लाभ गर।

अनि सुधन कुमार प्रसन्न भई धर्म गौरव देखाउन म हजूरको शिष्य हुं भनी विन्ती गरी पाउमा वन्दना गरेर त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र रत्नचूड धर्मश्रेष्ठी

अनि सुधन श्रेष्ठीदारक पुण्यको वललाई संझदै क्रमशः सिंहपोत नगरमा पुगी रत्नचूड धर्मश्रेष्ठीलाई खोज्दै जाँदा वहाँलाई बजारको बीचमा भेटे । शिरले पाउमा वन्दना गरी हात जोडी बोधिचर्या सम्बन्धी नियमहरू सोधे ।

अनि सुधन श्रेष्ठी दारकलाई हात समाई आफू बस्ने घर देखाई दिनु भयो । सुधन कुमार वहाँको घरमा सौन्दर्य, विशालता आदि देखेर आश्चर्य माने । पहिलो कोठामा प्रवेश गर्दा अन्न पान आदि दान गरिरहेको, दोस्रो कोठामा लुगा आदि दान गरिरहेको, तेस्रोकोठामा सबै प्रकारका रत्न जडेको गहनाहरू दान गर्न लागेको, त्यस्तै चाह्रौं कोठामा अन्तःपुरमा उपयोग हुने विलासका सामानहरू र कन्याहरू दान गरिरहेको देखे । यस गरी पाँचौं कोठामा पञ्चम भूमिमा प्रतिष्ठित बोधिसत्वहरू धर्म सगीति गर्न लागिरहेको तथा बुद्ध ग्रन्थ, धारणी, समाधि आदि विषयमा चर्चा गरिरहेको देखे । छैठौं कोठामा प्रज्ञापारमिता भावना गर्ने अद्वयज्ञान प्राप्त गरेका बोधिसत्वहरूले धर्म सगीति गर्न लागिरहेको देखे । सो संगीतिमा चौध प्रकारका प्रज्ञापारमिता सम्वन्धी विषयमा चर्चा गरिरहेका थिए । अनि सातौं कोठामा प्रतिसूत्कोपम क्षान्तिलाभ गरेका वोधिसत्वहरू जम्मा भइरहेको देखे । आठौं कोठामा अच्यूतगामिनी अभिज्ञा लाभ गरेका बोधिसत्वहरू जम्मा भइरहेको देखे । नवौं कोठामा एउटै आचरण तथा शीलस्वभाव भएका बोधिसत्वहरू जम्मा भइरहेको देखे । दशौं कोठामा सबै तथागतहरूले प्रथम बोधिचित्त उत्पन्न गरेदेखिका सबै चर्चाहरू वारे देखे ।

यी सम्पूर्ण देखिसके पछि यी अपार सम्पत्ति कसरी लाभ भयो भनी सुधनले प्रश्न गरे । अनि रत्नचूड धर्मश्रेष्ठीले भन्नु भयो – हे कुलपुत्र ! अतित कालमा बुद्धक्षेत्रका परमाणु समान कल्पहरू भन्दा पहिले चक्रविचित्र भन्ने लोक धातुका अनन्तरश्मिधातु समलंकृत धर्मराज तथागत उत्पन्न भयो । अनि एकदिन वहाँ तथागत, बोधिसत्वहरू र श्रावकहरूलाई धर्मेश्वरराज राजाले निमन्त्रणा दिनु भयो । त्यो दिन तथागत नगरमा प्रवेश गर्नासाथ तूर्य नाद बजाएको थियो । साथै सुगन्ध धुप पनि बालिएको थियो । हे कुलपुत्र ! त्यही धुवाको मुस्लोलाई हेरेर मैले तीन वटा प्रणिधान गरे– सम्पूर्ण प्राणीको अत्यन्त दरिद्रयलाई निर्मूल पार्नसकूं,

बुद्धको सद्धर्म सुन्नु दुर्लभ नहोस्; सबै बुद्ध बोधिसत्व कल्याणमित्रहरूको दर्शन अतुलरूपले पाउंन सकूं ।

त्यसकारण हे कुलपुत्र ! मैले अप्रतिहत प्रणिधिमण्डलव्यूह बोधिसत्वविमोक्षलाई मात्र जानेको छुं परन्तु अचिन्त्य गुणसागर भएका बोधिसत्वहरूको चर्या गुण कसरी जान्न सकूंला ? हे कुलपुत्र ! वरू यहीं दक्षिणापथको वेत्रमूलक नामको मुलुकमा समन्तसुख नामको नगर छ । त्यहाँ समन्तनेत्र नामको गान्धिक श्रेष्ठी (सुगन्ध वस्तु अत्तर आदि वेचने) वस्दछ । वहाँ गएर तिमीले ज्ञान हासिल गर्नु उचित छ ।

अनि सुधन श्रेष्ठी दारक रत्नचूडको पाउमा शिरले वन्दना गरी प्रदक्षिणा गरेर विदा भए ।

कल्याणमित्र समन्तनेत्र

अनि सुधन श्रेष्ठी दारक अनन्त बुद्ध बोधिसत्वहरूको दर्शन र कल्याणमित्रहरूको चरित्रवाट प्रभावित हुँदै क्रमशः वेत्रमूलक जनपदको समन्तमुख नगरमा पुगे । दिक्क नमानीकन विभिन्न ठाउँमा खोज्दा खोज्दै जाँदा सो नगरको वीचमा गान्धीविथीमा समन्तनेत्र गान्धिक श्रेष्ठीलाई देखे । अनि वहाँको पाउमा शिरले वन्दना गरी सुधन श्रेष्ठीले आफ्नू सबै कुरा विन्ती गरे । अनि समन्तनेत्र गान्धीकले बोधिचित्त उत्पन्न गर्नु असल हो भनी साधुवाद दिंदै भन्नु भयो– हे कुलपुत्र ! सबै दिशाबाट म कहाँ औषधि गर्न असख्य बिरामीहरू आउंछन् । उनीहरूलाई असल औषधि दिई निको पारी स्नान गराई लुगा गहना लगाई दिएर भोजन गराउंछु । यसपछि उनीहरूको राग हटाउन अशुभ भावना; द्वेष हटाउन मैत्रीभावना मोह हटाउन धर्म प्रविचय ज्ञानको भावना गर्ने विधि पनि सिकाउंछुं, अनि उनीहरूलाई बोधिचित्त उत्पन्न गराई महायानमा श्रद्धा जगाई समन्त भद्रचर्या पालन गर्न लगाउंछुं । यसै गरी दान, शील, क्षान्ति, बीर्य, ध्यान, प्रज्ञा, उपाय कौशल्य प्रविधान, बल, ज्ञान आदि दश पारमिता पूर्ण

गर्न पनि प्रेरणा दिन्छु । अनि मात्र ती रोगीहरूलाई विदा दिई पठाउंछु । यस बाहेक म अतुल गन्धराज आदि विविध प्रकारका सुगन्ध (अत्तर) वनांउन पनि जान्छु ।

हे कुलपुत्र ! यसरी म सबै प्राणीको इच्छापूर्ण गर्ने सर्वसत्वसन्तोषण र समन्तमखबुद्धोदर्शन पूजोपस्थान गन्धविम्व धर्मलाई जान्दछु । परन्तु भैषज्यराज जस्ता वोधिसत्वहरूको चर्या वा गुण म कसरी बुझ्न सकूंला ? त्यसकारण हे कुलपुत्र ! दक्षिणापथ तालध्वज नामको नगरमा अनल नामको राजा राज गर्नु हुन्छ । वहाँ कहाँ गएर वोधिसत्व चर्या सिक्नु बढिया होला ।

यस्तो उपदेश सुनी सुधन श्रेष्ठी दारक गान्धीकको पाउमा वन्दना गरी वहाँबाट विदा भई प्रस्थान गरे ।

कल्याणमित्र अनल

अनि सुधन श्रेष्ठी दारक कल्याणमित्रहरूको परम्परा एवं उपदेशलाई संझदै अत्यन्त प्रसन्न तथा उत्साहित हुंदै क्रमशः घुम्दै तालध्वज नगरमा पुगे । अनल राजा कहाँ बस्नु हुन्छ भन्ने प्रश्न गर्दा सिंहासनमा राज भएको मन्त्री अमात्यले घेरिएको वत्तीस लक्षणले युक्त राजा कहाँ उनलाई लगे ।

त्यस बेला दण्ड दिनु पर्ने हजारौं अपराधीहरू त्यहाँ राजाको अगाडि उपस्थित थिए । त्यस्तै आज्ञा बमोजिम सजाय दिन तयार रहेका यमदूत जस्ता हेर्दै डरलाग्दा तरवार, बन्चरो, त्रिशूल, भाला आदि लिएका राजपुरूषहरू पनि त्यहाँ उपस्थित थिए । ती अपराधीहरूमध्ये कोही ग्राम, नगरलाई आगो लगाउने, कोही परिवारका परिबारलाई हत्या गर्ने, कोही भित्ता फोडी चोर्ने विष खुवाई मार्ने आदि ज्यानमाराहरू थिए । कुनै अर्काको धन सम्पत्ति लुट्ने चोर डाँकाहरू थिए । राजा अनलले तिनीहरूलाई न्यायपूर्वक प्राण दण्ड दिनु पर्नेलाई प्राणदण्ड आदि उचित दण्ड दिइरहेको थियो । यसरी दण्ड दिंदा त्यहाँ नाकको थुप्रो, आँखाको थुप्रो, रगत्को पोखरी आदि बनिरहेको थियो । अनि

काग, गिद्ध, स्याल आदिले यी मृत व्यक्तिका मासुहरू लुछ्न लागेको थियो ।

यस्तो भयंकर जीवहत्याको दृश्य र अपराधीहरूको दुःखीत स्वर सुनेर सुधन ज्यादै विह्वल भए । सर्वसत्व हित गर्ने उद्देश्यले वोधि चर्या सिक्न आएको मैले यी राजाबाट मैले कसरी ज्ञान पाउने? यो त मेरो दुराशा नै हो भन्ने भावले टाढैवाट हेरिरहे ।

उनको यस्तो द्विविधा देखेर उनको हित चाहने देवताहरूले यसरी आकाशवाणी गरे– हे कुलपुत्र ! जयोत्मायतन ऋषिले तिमीलाई छरा वछ्याइएको भीरमा चढी आगोमा हाम फाल्ने उपदेश दिएको संझयाछौ ? संझयाछौ भने कल्याणमित्रहरू उपर शंका र द्विविधा गर्नु हुंदैन । श्रद्धा भावले उनीहरू प्रति व्यवहार गर्नु पर्छ कुटील व्यवहान गर्नु हुंदैन । उपाय कौशल्य जान्ने वोधिसत्वहरूले विविध प्रकारले सत्वसग्रह (धर्ममा प्राणीहरूको चित्त लगाउने) गर्ने हुन्छ । त्यसकारण वहाँहरूको उपाय कौशल्य अचिन्त्य छ । हे कुलपुत्र ! यो द्विविधा छाडेर राजा कहाँ गएर वोधिचर्याको ज्ञान लाभ गर ।

यस्तो आकाशवाणी सुनी सुधन श्रेष्ठी अनल राजाको हजूरमा पुगी पाउमा वन्दना गरी विन्ती गरे–मैले वोधिचित्त उत्पन्न गरेर धेरै कल्याणमित्रहरूको उपदेश सुनें हजूरले पनि वोधिचर्या सम्बन्धी उपदेश दिनु होस् ।

अनि अनल राजाले राजकाजको सबै काम सिध्याई सिंहासनवाट उठी सुधनको हात समाती ताल ध्वल राजधानी भित्र पसे । क्रमशः राजदरबारमा पुगी आपनो भद्रासनमा राज भएर यस्तो आज्ञा भयो – हे कुलपुत्र ! मेरो दरवार मेरो श्री सम्पत्ति नोकर चाकर, यी स्त्री परिवार, यो मेरो वत्तीस लक्षणले युक्त शरीर, यी मेरा अधिकार र सुख भोगहरू जो तिमीले देखिरहेछौ यी सबै पुण्यको प्रभावले नै मैले पाएको हुं । पाप कर्मबाट यस्तो सुख भोग, मान, समान र अधिकार पाउने होइन ।

यस्तो वचन सुनी सुधन श्रेष्ठीले राजाको :कुरालाई अक्षरस सत्य मानेर दृढ विश्वास गरे ।

त्यसपछि राजाले सुधन श्रेष्ठीलाई फेरि हुकुम भयो– हे कुलपुत्र! मैले मायागत बोधिसत्वविमोक्ष लाभ गरेको छु । प्राणातिपात, अदत्तादान, काममिथ्याचार आदि अकुशल कर्म गर्ने मेरो राज्यका प्रजाहरूलाई अकुशल कर्मबाट रोकी सन्ममार्गमा लगाउन र सम्यक् दृष्टी उत्पन्न गरिदिन म मनोमय माया इन्द्रजालद्वारा पापीहरू तयार गरी तिनीहरूलाई मार्ने दण्ड दिने व्यक्तिहरू पनि मायावाटै निर्माण गरी मार्न, दण्ड दिन लगाउछु । यसो गर्दा सबै प्रजाहरू अकुशल कर्म गर्न भय मान्ने र तर्सने हुन्छन् र पाप गर्दैनन् । यसरी म आफ्ना प्रजाहरूलाई सद्ज्ञान दिई बोधिचित्त ग्रहण गराई सफलताको मार्गमा लगाउने गर्छु । हे कुलपुत्र ! काय, वाक् चित्त कुनै रूपले पनि म प्राणी हिंसा गर्दिन । तर यो मायागत बोधिसत्व विमोक्षबाट भने लाभ उठाइरहेको छु । अनुत्पत्तिक धर्म क्षान्ति लाभ गरेको बोधिसत्वहरूको चर्या वा गुण म जान्दिन ।

हे कुलपुत्र ! त्यसकारण यही दक्षिणापथको सुप्रभ नामको नगरमा महाप्रभ नामको राजा हुनु हुन्छ । वहाँ कहाँ गएर तिमीले शिक्षा लिनु योग्य छ ।

अनि सुधन श्रेष्ठी दारक अनल राजाको पाउमा शिरले वन्दना गरी प्रदक्षिणा गरेर त्यहाँवाट विदा भए ।

कल्याणमित्र महाप्रभ

अनि सुधन श्रेष्ठी दारक मायोपम भावना गर्ने ज्ञान संझदै संसारका तीनै कालका सम्पूर्ण वस्तु माया, इन्द्रजाल समान नै हुन् भन्ने चिन्तना गर्दै क्रमश: सुप्रभ नगरमा पुगे । सुप्रभ विशालता, सम्पन्नता देखी सुधन श्रेष्ठी अत्यन्त प्रभावित भए । शहरको बीचमा राजाको बिशाल दरबार रहेछ । विभिन्न

कार्यको निमित्त बिभिन्न कुटागारहरू उपयोगमा ल्याइदोरहेछ । त्यसमध्ये राजा महाप्रभले सद्धर्मगंज स्थापना गरेको रहेछ । नगरको शोभा हेर्दै क्रमशः शहरको चोवाटोमा रहेको चैत्यहरूको नजीकै बनाइएको यही सद्धर्मगंजमा भद्रासनमा राज भएको राजा महाप्रभलाई सुधन श्रेष्ठीले देखे । राजाको सामु सुवर्ण मणिमुक्ता आदिको राशदिब्य बस्त्रहरूको थुप्रो, गहना, भक्ष भोजन आदिहरूको थुप्रो एवं अन्य उपभोग्य वस्तुहरूको पनि थुप्र्याई राखेका थिए । यत्ति मात्र होइन सडकको दाँया-बाँया पनि दान दिन चाहिने वस्तुहरू राखेका थिए । जुन दानले जनताहरू दुःखी नहोस्, लोभ चित्त उत्पन्न नहोस्; काय, वाक् चित्तले दुश्चरित्र नहोस् भन्ने राजाको अभिप्राय थियो ।

यी सबै कुरा हेर्दै सुधन श्रेष्ठी दारकले राजाको पाउमा दण्डवत गरी मैले बोधिचित्त उत्पन्न गरेको छु हजुरले पनि मलाई उपदेश दिनु होस् भनी विन्ती गरे ।

अनि राजाले सुधनलाई सम्बोधन गर्दै यस्तो आज्ञा भयो– हे पुलपुत्र! मैले महामैत्री ध्वज नामको बोधिसत्व चर्या पालन गरेको छु । यो चर्या अनेकौं बुद्ध बोधिसत्वहरू कहाँ गएर सिकेको हुं तथा अभ्यास गरेको हुं। म यही महामैत्री ध्वज बोधिसत्व चर्यामा रहेर धर्मपूर्वक राज्य गर्दछु; हितचित, मैत्रीचित्तले प्रजाहरूलाई उपदेश दिन्छुं; उनीहरूको हृदय आनन्दले प्रसन्न बनाउंछु। यसरी मैत्रीध्वज बोधिसत्व चर्या पालना गरिरहेको हुनाले मेरो प्रजाहरू मसंग डराउंदैनन्, तिनीहरू मलाई मित्र झैं व्यवहार गर्दछन् । मैले पनि तिनीहरूलाई चाहिएका अन्न पान वस्त्र आदि दिई सहयोग गर्छु ।

हे कुलपुत्र ! यी मेरा प्रजाहरू प्राणी बध, अदत्तादान मिथ्याचार (व्यभिचार), असत्यवचन, चुक्ली गर्नु, गाली गर्नु, नचाहिने कुरा गर्नु, अर्काको वस्तुमा लोभ गर्नु, अरूलाई बिगार्ने कुचित्त; मिथ्यादृष्टि आदि गर्दैनन् । यसरी मेरो प्रजाहरू महायानमा लागेका छन् । यिनीहरूले "बुद्धोभवेयम् जगतो हितायको"

नियमलाई पालना गर्दछन् । यो मेरो सुप्रभास नगरलाई कसैले ठूलो देख्छन् कसैले रत्नमय देख्छन् । मैत्री ध्वजबोधिसत्व चर्याको प्रभावले मेरो नगरवासीहरूले लोकेन्द्रियावर्त नामको समाधि पनि लाभ गरेका छन् । जस्को प्रभावस्वरूप उनीहरू रोग मुक्त हुन्छन् ।

हे कुलपुत्र ! म लोकेन्द्रियावर्त समाधि गरी देखाउंछु भनी महाप्रभ राजा लोकेन्द्रियावर्त समाधिमा बस्नु भयो । सो समाधिको प्रभावले त्यो नगरमा ६ प्रकारले ठूलो भूकम्प भयो । त्यसबेला घरहरू तथा तोरणहरूवाट नाना प्रकारको शब्दहरू निस्के । यी शब्दहरू सुनेर सवै जनताहरू आनन्दित हुन थाले । अनि दश दिशावाट देव, नाग आदि अनेक प्रकारका प्राणीहरू पनि त्यहाँ उपस्थित भए ।

त्यसपछि महाप्रभ राजा समाधिवाट ब्यूंझेर सुधन श्रेष्ठी दारकलाई सम्वोधन गर्दै आज्ञा भयो– हे कुलपुत्र ! यो मैत्रीध्वज बोधिसत्वचर्याज्ञानालोक जान्दछु । परन्तु अप्रमाण महामैत्रीधारणा गर्ने, प्राणीहरूको हितसुख होस् भनी भावना गर्ने महाबोधिसत्वहरूको चर्या वा गुणको वर्णन गर्न म सक्दिनं ।

त्यसकारण हे कुलपुत्र ! यही दक्षिणापथमा स्थिर नामको राजधानी छ । त्यहाँ अचला नामकी उपासिका बस्नु हुन्छ । उनी कहाँ गएर वोधिसत्व चर्या सिक्न जानु उचित छ ।

अनि सुधन श्रेष्ठी दारक महाप्रभ राजाको पाउमा वन्दना गरी विदा भई त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र अचल उपासिका

अनि सुधन श्रेष्ठी दारक महाप्रभ राजाको अनुशासन तथा महामैत्रीध्वज बोधिसत्व चर्या र लोकेन्द्रियावर्त समाधिलाई संझदै दानादि पारमितापूर्ण गर्नु केही गाह्रो छैन केवल ऋद्धि प्राप्त गर्नु पर्दो रहेछ भन्ने विचारले हर्षित भई आँखा भरी आँसु लिई कल्याणमित्रहरूको गुण सझदै आउंदा आउदै रून थाले ।

त्यसबेला वोधिसत्वहरूलाई रक्षा गर्न पिछा गरिरहेका बुद्धदूत जस्ता देवताहरूले यस्तो आकाशवाणी गरे– कल्याणमित्र-

हरूको वचन मान्ने व्यक्तिदेखि बुद्धहरू पनि प्रसन्न हुनुहुन्छ; त्यस्तो व्यक्तिको सर्वज्ञता नजिकै आइपुग्यो भने पनि हुन्छ। हे सुधन ! अतः अचला उपासिकाको उपदेश सुन्न ढीलो नगर।

यो वचन सुनी प्रसन्न हुंदै खोज्दै जाँदा अचला उपासिकालाई उनीकै घरको ढोकामा उभिरहेको पाएँ। अनि उनीको शरीरबाट शरीर र चित्तलाई आनन्द दिने सुवर्ण वर्णको रश्मि निस्की सुधनको शरीरमा पसेको अनुभव भयो। जसको फलस्वरूप सुधनलाई सर्ववेदयितऐश्वर्यध्वज नाम गरेका साना ठूला पाँच सयवटा समाधि लाभ भयो। त्यसपछि अचला उपासिकाको शरीरबाट फेरि अद्भूतको सुगन्ध निस्कन थाल्यो। जुन सुगन्ध देवमनुष्य लोकमा पाइदैनथ्यो। अचला उपासिकाको सौन्दर्य यति राम्रो थियो कि त्यस्तो सुन्दरता देव, मनुष्य यक्ष कसैको पनि थिएन। तर पनि उनीलाई कसैले पनि रागचित्त द्वेषचित्तले हेर्न सक्दैनथे किनभने उनीको चर्याले सबै व्यक्तिको हृदय शान्त भई सकेको हुन्थ्यो।

अनि सुधन श्रेष्ठी दारकले अचला उपासिकाको अचिन्त्य रूप, वर्ण आकार, प्रभा, गन्ध आदि गुणहरू देखी हात जोडी यसरी स्तुति गरे–

शीलं सदा यदमलं परिरक्षितं ते
शान्तिर्यतः सुविपुला परिभाविता च।
वीर्यं च बज्रमिव यद्दृढमास्थितं ते
तेनोद्गता जगति भास्यचलेन्द्रकल्पा ॥

यति स्तुति गरी सुधन श्रेष्ठीले अचला उपासिकालाई निवेदन गरे– हे आर्ये ! मैले बोधिचित्त उत्पन्न गरेको छु, मेरो उपर दया राखी शिक्षा दिनु होस्।

यस्तो निवेदन सुनेर अचला उपासिकाले मधुर वचनले भन्नु भयो – हे सुधन ! तिमी धन्य हौ ! बोधिचित्त उत्पन्न गर्न अक्षय पुण्य लाभ गर्नु हो। मैले दुर्योधनज्ञानगर्भ बोधिसत्वविमोक्ष र सर्वधर्मसमताभूमि धारणी मुख लाभ गरेकी छु। यसको प्रभावले मैले बस्तुहरूको तत्वलाई बुझ्न सक्ने प्रतिभा

ज्ञानलोक प्राप्त गरेकी छु साथै धर्मको अन्वेषण गर्दा दिक्क नमान्ने समाधि पनि लाभ भएको छ ।

अनि सुधनले दुर्योधनज्ञानगर्भ र सर्वधर्मसमताभूमि धारणी र दृढसमादानबोधिसत्वचर्याको विस्तृत वर्णन सुन्न चाहन्छु भनी फेरि निवेदन गरे ।

अनि अचला उपासिकाले भन्नु भयो– हे कुलपुत्र ! यी विमोक्षहरूको कुरा दृढ विश्वास गर्नु गाह्रो हुन्छ । म तिमीलाई वोधिसत्वचर्या पालन गर्ने व्यक्तिहरूले दृढविश्वासका साथ कसरी चर्या पालन गर्नुपर्छ भन्ने शिक्षा पनि दिन्छु ।

अचला उपासिकाको यस्तो वचन सुनी सुधन श्रेष्ठीले भन्नु भयो– बुद्धानुभावले तथा कल्याणमित्रहरूको अनुग्रहले म बोधिसत्वचर्यामा दृढविश्वास गर्छु, कहिल्यै शंका गर्दिन यी विमोक्ष र धारणीहरू वारे आज्ञा हुन् होस् ।

अनि अचला उपासिकाले आज्ञा भयो–हे सुधन ! परापूर्वकालमा विमलप्रभा नामको कल्पमा प्रलम्वबाहु नाम गरेको तथागत उत्पन्न हुनु भएको थियो । त्यसबेला विद्युतदत्त नामको राजाको एकलौटी छोरी भई म जन्मेकी थिएं । अनि एक दिन राती शहरवासीहरू सवै सुतेको शून्य रातमा म पलङ्गमा पल्टी आकाशमा तारा हेरी रहेकी थिएं । त्यत्तिकैमा भगवान् प्रलम्वबाहु तथागत अनेक देवदेवताहरू पछि लगाई आकाशमार्गबाट आइरहेको मैले देखें । त्यतिंबेला भगवान्को रोमकूपबाट यस्तो सुगन्ध निस्किरहेको थियो कि जसबाट सम्पूर्णको मन प्रसन्न भएको देखिन्थ्यो । अनि म हतपत उठी हात जोडी विन्ती गरी जति हेरे पनि न अघाउने भगबान्को सुन्दर शोभा हेरी रहें । अनि भगवान्ले मेरो मनको आशय बुझी भगवान्ले हे नानी ! तिमीले आफ्नो र अरूहरूको सबै क्लेशहरू हटाउन दुर्योधनज्ञानगर्भविमोक्ष लाभ गर्नु पर्छ, अनि सबैको आशक्ति हटाउन अपराजित चित्त आदि पनि उत्पन्न गर्नु पर्छ भनेर उपदेश दिनु भयो ।

यसरी प्रलम्बबाहु तथागतको मुखारविन्दवाट उपदेश पाई सर्व जनहित गर्न म बुद्ध वन्न सकूं, मेरो वाणी बुद्धवाणी जस्तै होस्, मेरो शरीरको प्रभा आदि पनि बुद्धको जस्तो होस् भनी प्रार्थना गरे। त्यस बेला देखि मैले जम्बूद्वीपमा रहेको धुलोको परमाण समान कल्पहरू बिताई सकें तपनि मैले काम भोग गर्ने इच्छा गरेको छैन, द्वेष चित्त पनि उत्पन्न गरेको छैन, मोह चित्त पनि उत्पन्न गरेको छैन।

हे कुलपुत्र ! त्यस बेला देखि मैले बुद्ध नभएको ठाउँमा कहिल्यै जन्म लिएको छैन। कल्याणमित्र बोधिसत्वहरूसंग वियोग भएर पनि बसेको छैन। दुर्योधनज्ञानगर्भवोधिसत्वको प्रभावले मैले सर्व वोधिसत्वचर्या, पारमिता ज्ञान, धारणी, समाधि दशभूमि आदिको ज्ञान सुन्न पाउंछु।

हे कुलपुत्र ! तिमी यो प्रत्यक्ष देख्न चाहन्छौ भने म देखाउंछु भन्दै अचला उपासिकाले दुर्योधनज्ञानगर्भबोधिसत्वविमोक्ष आदि धेरै समाधिहरू गरेर देखाइन्। त्यसबेला सुधनले दशै दिशाका बुद्ध क्षेत्रहरूमा ६ प्रकारले कम्पित भएको देखे। एक एक लोक धातुमा धेरै महाद्वीपहरू भएको र ती महाद्वीपमा तथागतहरू राजा हुनु भएको पनि देखे। कहीं तथागत तुषित भुवनमा राज भएको कहीं निर्वाण भएको, कहीं धर्म चक्र परिवर्तन गर्न लाग्नु भएको शब्दहरू पनि सुनें।

अनि अचला उपासिका त्यो समाधिवाट व्यूंझी सुधन श्रेष्ठीलाई सम्बोधन गर्दै तिमीले देख्यौ ? सुन्यौ भनेर सोध्दै भन्नु भयो– हे कुलपुत्र ! मैले यही दुर्योधनज्ञानगर्भबोधिसत्व विमोक्षमा सम्पूर्ण प्राणीलाई प्रतिष्ठित गरेर सबैलाई सुभाषितद्वारा सन्तोष पारेकी छु। परन्तु अचिन्त्य अप्रमेय गुणले युक्त भएका बोधिसत्वहरूको चर्या वा गुण म कसरी जान्न समर्थ हुंला ? त्यसकारण यही दक्षिणापथको अमिततोष नामको मुलुकमा तोषल नाम गरेको नगरमा सर्वगामी नाम गरेको परिब्राजक बस्नु हुन्छ। वहाँ कहाँ गएर बोधिसत्व चर्याको शिक्षा लिन जाऊ।

अनि सुधन श्रेष्ठी अचला उपासिकाको पाउमा वन्दना गरी विदा भई त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र सर्वगामी

अनि सुधन श्रेष्ठी दारक अचला उपासिकाको उपदेशलाई मनन गर्दै क्रमशः विभिन्न ठाउँमा खोज्दै अमिततोषल जनपदमा पुगे । सन्ध्याकालमा तोषल नगर पुगेर बजारको एउटा चौबाटोबाट जाँदा जाँदा नगरको उत्तरतिर सुलभ नाम गरेको पर्वत देखे । त्यो पर्वतको चुचुरोबाट एक प्रकारको उज्ज्वल तेज निस्की रहेको थियो । यस्तो विचित्रता देख्ने बित्तिकै सुधनलाई त्यो ठाउँमा कहिले पुगुं जस्तो उत्सुकता उत्पन्न भयो । किनभने त्यहाँ अवश्य कल्याणमित्रको दर्शन गर्न पाउने छु भन्ने सुधनको विचार थियो । अनि क्रमशः सुलभ पर्वतको चुचुरोमा पुग्दा नपुग्दै टाढैबाट उज्ज्वल अनुहार भएको, देवताहरूले उपस्थान गर्न लागिरहेको चंक्रमण गरिरहेको सर्वगामी परिव्राजकलाई देखे । त्यसपछि सुधन श्रेष्ठीले वहाँको नजीकै गई पाउमा वन्दना गरी आफूले बोधिचित्त उत्पन्न गरेको, विभिन्न कल्याणमित्रहरू कहाँ पुगेको कुरा निवेदन गरी शिक्षा पाउँ भनी विन्ती गरे ।

अनि यस्तो विन्ती सुनी सर्वगामी परिव्राजकले भन्नु भयो– हे कुलपुत्र ! तिमी धन्य छौ; बोधिचित्त उत्पन्न गरी चर्या सिक्ने इच्छा गरेका छौ । हे कुलपुत्र ! मैले समन्तमुखव्यभचारणालोक समाधि र समन्तधर्मधातुतलभेदप्रज्ञापारमिताज्ञानालोक लाभ गरेको छु ।

हे कुलपुत्र ! सोही ज्ञानालोकद्वारा म सबै प्राणीहरूलाई श्रावकयान प्रत्येकबुद्ध र महायानद्वारा व्यक्तिको आशय अनुसार उपदेश दिई हित गर्दछु । यति मात्र होइन विविध प्रकारका लौकिक शिल्पकला सिकाएर पनि म जगत हित गर्छु । चार प्रकारको संग्रहवस्तुद्वारा संग्रह गरी सर्वज्ञ ज्ञानमा लगाउँछु । कसैलाई

म दशपारमिताको वर्णन गर्दछुं, कसैलाई बोधिचित्तको प्रशंसा सुनाउंछु । यसरी सबै प्राणीलाई बुद्धमहात्म्य सुनाई हित गर्छुं ।

हे कुलपुत्र ! यो तोषल नगरका सडक सडकमा दोवाटोहरूमा, वजारहरूमा जम्मा भएका स्त्री, पुरुष, वाल वालिका आदिहरूको पनि आशय र भाव विचार गरी उनीहरूको क्षमता हेरी म धर्मदेशना गर्छु । परन्तु उनीहरूले मेरो उपदेश कसले दिएको हो थाहा पाउदैनन् । केवल उनीहरूको हितचित्त धर्मचित्त उत्पन्न गरिदिनु मेरो उद्देश्य हो । यो जम्बूद्वीपमा हाल छयान्नब्बे प्रकारका मतमा विश्वास गर्ने व्यक्तिहरू छन् । म तिनीहरूलाई पनि हित हुने उपदेश दिन्छु ।

हे कुलपुत्र ! यो जम्बूद्वीप मात्र होइन त्रिसाहस्र महासाहस्र लोक धातुमा पनि विविध प्रकारले धर्मदेशना गर्छुं । यही सर्वत्रगामिनी सर्वत्रानुगत बोधिसत्व चर्या मात्र मैले जानेको छुं । परन्तु संपूर्ण जगत नै आफू संझने महाबोधिसत्वहरूको चर्या वा गुणलाई म कसरी जान्न समर्थ हुंला ?

त्यसकारण हे कुलपुत्र ! यही दक्षिणापथको पृथु राष्ट्र नाम गरेको मुलुक छ । त्यहाँ उत्पलभूती नामको गान्धीक श्रेष्ठी बस्नु हुन्छ । वहाँ गएर तिमीले शिक्षा लिनु बढिया छ ।

अनि सुधन श्रेष्ठी सर्वगामी परिब्राजकको पाउमा वन्दना गरी बिदा भई त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र उत्पलभूती

यसरी कल्याणमित्रहरूको उपदेश सुन्दा सुन्दा सुधन श्रेष्ठी दारक आफ्नो शरीर र जीवनको पनि परवाह नराख्ने तथा सबै भोग सम्पतिको पनि केही वास्ता नगर्ने भए । उनको एउटै मात्र उद्देश्य थियो जगतसत्व प्राणीलाई कसरी उद्धार गर्न सकूं ? सबै तथागतहरूको पूजा, उपस्थान, सेवा कहिले गर्न सकूंला भन्ने मात्र थियो । अनि क्रमशः पृथु राष्ट्र जनपदमा पुगेर उत्पलभूती गान्धीक श्रेष्ठीलाई भेटी वन्दना गरी अरू कल्याणमित्रहरूलाई

जस्तै वोधिचित्त उत्पन्न गरेको छुं यस सम्वन्धी ज्ञान कसरी प्राप्त गर्ने भनी प्रश्न गरे ।

अनि उत्पलभूतीले सुधनकुमारलाई सम्वोधन गर्दै भन्नु भयो– हे कुलपुत्र ! मलाई सबै प्रकारका गन्ध तथा सुगन्धको ज्ञान छ । देव, नाग, यक्ष, मनुष्य, अमनुष्य आदिहरूलाई कस्तो गन्ध मन पर्छ भन्ने कुरा पनि मलाई थाहा छ । यति मात्र होइन कुन गन्धले कुन रोग निको हुन्छ ? कुन गन्धले राग द्वेष आदि क्लेश निवारण हुन्छ ? भन्ने कुरा पनि म जान्छुं तथा यी सबै प्रकारका धुपहरू र सुगन्ध वस्तुहरू पनि वनाउन जान्दछुं ।

हे कुलपुत्र ! मनुष्यलोकमा नागसंक्षोभसंभवहस्थिगर्भ नामको एक प्रकारको सुगन्ध छ । त्यो सुगन्ध तिल वराबरको टुक्रा आगोमा हाल्दा पनि सुगन्धको मश्लो निस्कन्छ र बादल वनी आकाशमा तम्म धाक्छ र त्यसवाट वर्षा भई जुन प्राणीको शरीरमा वा वस्त्रमा पर्छ ती प्राणीहरूको शरीर सुगन्धित हुन्छ र त्यो सुगन्धको प्रभावले उनीहरूको रोगहरू एवं शरीर तथा मनका बाधाहरू शान्त भएर जान्छ । त्यत्ति मात्र होइन मैत्रीचित्त उत्पन्न भई आनन्द र प्रीतिको संचार हुने हुन्छ। यसै गरी सबैलाई आनन्दित पारी म धर्मदेशना गर्छु ।

अनि गोशीर्ष आदि नाम गरेका अनेकौं धुप र चन्दनहरू म जान्दछुं । यसको प्रयोगले म सबैलाई धर्ममा आकृष्ट गर्छु । परन्तु गन्धमा आशक्ति नभएको सबै इच्छा तृष्णावाट मुक्त भएका बोधिसत्वहरूको चर्या वा गुणको वर्णन म कसरी गर्न सकुंला ?

हे कुलपुत्र ! त्यसकारण यो दक्षिणापथको कुटागार नगरमा वर नाम गरेको दास बस्नु हुन्छ । वहाँ कहाँ गएर बोधिचर्याको विशेष कुरा सोध्न जानु असल छ ।

यति कुरा सुनी सुधन श्रेष्ठी दारक उत्पलभूती गान्धीक श्रेष्ठीको पाउमा वन्दना गरी विदा भई प्रस्थान गरे ।

कल्याणमित्र वैर दास

अनि सुधन श्रेष्ठी दारक कुटागार नगरको वाटो हिंड्दा हिंड्दै अग्लो, होचो, सम्म, धुलो भएको, धुलो नभएको, सजिलो, गाह्रो, बाँगो, सोझो आदि वाटोहरू देख्दा सुधनको मनमा यस्तो विचार उत्पन्न भयो– ''यस्तो दुर्गम वाटोमा हिंडी कल्याणमित्रहरूको दर्शन गरेको पुण्यले प्राणीहरूलाई उद्धार गरी दशपारमितापूर्ण गर्न र सबै प्राणीहरूको रागद्वेष आदि क्लेश हटाउन सकूं''

यसरी कल्याणमित्रहरूको दर्शन विना बुद्धत्व लाभ हुदैन, कल्याणमित्रहरू पुण्यको खानी नै हुन् भन्ने विचार गर्दा गर्दै जाँदा समद्रको किनारमा हजारौं वनियाहरूलाई बुद्धको गुण समुद्र जस्तै गम्भीर छ भन्ने उपदेश दिन लागेको वैर दासलाई देखे । अनि वहाँको नजिकै गएर सुधन श्रेष्ठीले पाउमा वन्दना गरी आपनो सबै आशय निवेदन गरे ।

अनि वैर दासले भन्नु भयो– हे कुलपुत्र ! तिमी धन्य हौ, तिमीले महान् ज्ञान लाभ गर्न वोधिचित्त उत्पन्न गरेका छौ । हे कुलपुत्र ! म यही महासागर तीर कूटागार नामको शहरमा वसी महाकरूणाध्वज नामको वोधिसत्वचर्या पालन गर्दै यी सबै जम्बूद्वीपका दरिद्र प्राणीहरूलाई उद्धार गर्न सकूं । उनीहरूलाई खान, लाउन, दिन सकूं, ज्ञानसंभार र पुण्यसंभारले पूर्ण गर्न सकू कुशलमूलको बलले उनीहरूको वोधिचित्त दृढ गरी महाकरूणा जगाई सर्वज्ञतासागरमा लैजान सकूं भन्ने प्रार्थना गर्छु । यही विचार लिई म समुद्रको तीरमा डुली रहन्छु ।

समुद्रमा रत्नहरू कहाँ हुन्छ, कहाँ नाग, यक्ष, राक्षस, भूत आदिको भय हुन्छ, समुद्रमा कहाँ ठूलो छाल र भमरी पर्छ भन्ने पनि मलाई ज्ञान छ । साथै चन्द्र, तारा, ग्रहहरूको गति पनि म जान्छु । जहाजहरू कसरी मजबुतसंग वनाउनु पर्छ, कसरी चलाउनु पर्छ भन्ने कुरो म जान्छु । यी ज्ञानद्वारा सबै द्वीप-

द्वीपान्तरमा गई व्यापार गर्ने सार्थबाहहरूलाई डुंगामा राखी धर्मका कुरा सुनाई रत्नद्वीपमा लगी उनीहरूलाई धनी बनाई फेरि जम्बूद्वीपमै फर्काउने गर्छु । यसो गर्दा मेरो जहाज तथा डुङ्गामा कहिल्यै आपतविपत परेको छैन । यत्ति मात्र होइन मलाई देख्ने, मेरो सद्धर्म सुन्ने व्यक्तिहरू सागरको मात्र होइन, संसार सागरको भयबाट पनि मुक्त हुन्छन् ।

हे कुलपुत्र ! देख्नु, सुन्नु, सहवास गर्नु आदिलाई संझदा पनि हित हुने महाकरूणा ध्वजनदीनिर्घोष वोधिसत्व विमोक्षलाई लाभ गरेको छुं । परन्तु संपूर्ण भवसागरहरूमा डुले तापनि भवसागरवाट लिप्त नहुने तथा आशक्ति नभएका बोधिसत्वहरूको चर्या वा गुणहरू म कसरी जान्न समर्थ हुंला ?

त्यसकारण हे कुलपुत्र ! यही दक्षिणापथको नन्दीहार नगरमा जयोत्तम नाम गरेको श्रेष्ठी बस्नु हुन्छ । वहाँ कहाँ गएर वोधिसत्व चर्याका कुराहरू सुन्न जाऊ ।

अनि सुधन श्रेष्ठी दारक वैर दासको पाउमा वन्दना गरी सद्धर्म सुन्ने तृष्णाले विदा भई त्यहाँवाट प्रस्थान गरे ।

कल्याणमित्र जयोत्तम श्रेष्ठी

अनि सुधन श्रेष्ठी दारक समस्त प्राणीलाई महामैत्री द्वारा स्पर्श हुने गरी महाकरूणा र प्रेमले सिंचीत गर्दै बुद्ध हुने अभिप्रायलाई निरन्तर दृढ वनाउँदै नन्दीहार नगरमा पुगे । त्यहाँ विचित्र ध्वज नामको अशोक वृक्षको उद्यानमा धेरै नगरवासीहरू एवं गृहपतिहरूको अहकार, ममकार छुटाई वोधिचित्त उत्पन्न गर्ने उपदेश दिइरहेको जयोत्तम श्रेष्ठीलाई देखे । अनि केही वेर वहाँको धर्म श्रवण गरिसकेपछि सुधन कुमारले वहाँको पाउमा वन्दना गरी यस्तो निवेदन गरे– हे आर्य ! म सुधन श्रेष्ठी दारक हुं, म धर्मको भिक्षा माग्न आएको छुं । जुन कुरा प्राप्त गरेर म बुद्ध धर्म सघको गुण जान्न सकूं, चर्या पालन गर्न सकूं ।

सुधनको वचन सुनी जयोत्तम श्रेष्ठीले भन्नु भयो- हे कुलपुत्र ! अनभिसंस्कार (उपेक्षा) तथा अभावप्रतिष्ठाको बलद्वारा म सर्वगामिनी बोधिसत्व चर्यालाई पूर्ण गर्न लागिरहेको छु । यो चर्याद्वारा त्रिसाहस्र महासाहस्र लोक धातुका सबै देवताहरूलाई र यक्ष, राक्षस, मनुष्यामनुष्यहरूलाई पनि धर्मदेशना गर्छु । अधर्मलाई छोड्ने उपदेश दिई विवाद कलह युद्ध शान्त गर्छु । अनि मित्रता बढाई दशकुशल धर्ममा प्राणीहरूलाई लगाउंछु । यतिमात्र होइन लौकिक कला शिल्प आदिहरू पनि सिकाउने गर्छु । श्रावकलाई श्रावकचर्या, बोधिसत्वलाई बोधिचर्या, प्रत्येक बुद्धचर्या आदि पनि आशय अनुसार सिकाउंछु ।

हे कुलपुत्र ! म लोक धर्म, लोक समुदय, लोक अलंगमन, लोक आदीनव, लोक निस्सरण आदिको ज्ञान पनि उपदेश दिन्छु । यसरी आशक्ति हटाउने, क्लेश हटाउने धर्मदेशना गर्दछु । तर सबै अभिज्ञा प्राप्त गरेका मायोपम ज्ञानले पूर्ण भएका बोधिसत्वहरूको गुण वा चर्या मैले जानेको छैन । त्यसकारण हे कुलपुत्र ! यही दक्षिणापथको स्रोणापरान्त मुलुकको कलिंग वन नगरमा सिंहवृजिम्भृता नामकी भिक्षुणी बस्नु हुन्छ वहाँ जाऊ । वहाँले तिम्रो इच्छा पूर्ण गरिने छ ।

अनि सुधन श्रेष्ठी दारक जयोत्तम श्रेष्ठीको पाउमा वन्दना गरी विदा भई प्रस्थान गरे

कल्याणमित्र सिंहवृजिम्भृता

अनि सुधन श्रेष्ठी क्रमशः स्रोणापरान्त जनपदको कलिङ्ग वन नगरमा पुगेर सिंहवृजिम्भृता भिक्षुणीलाई खोज्दै विभिन्न व्यक्तिहरूलाई सोध्दै गइरहेको थियो । अनि जसलाई सोधेका थिए ती व्यक्तिहरू र अरूहरूले पनि हामी देखाई दिन्छौ भन्दै उनको पछि लागेका थिए । त्यस बेला सिंहवृजिम्भृता जयप्रभले दान गरेको सूर्यप्रभ नामको उद्यानमा वसी धर्मदेशना गरी रहेकी

थिइन् । त्यो उद्यानमा चन्द्रोदगत, वैरोचनकोष, प्रमोधन नाम गरेका हजारौं कल्पवृक्षहरू थिए । ती कल्पवृक्षमुनि बसेका देवपुत्र आदिहरूलाई वहाँले प्रत्येक वृक्षमुनि विभिन्न रत्नसिंहासनमा बसी प्रसन्न, शान्त मुद्रामा अक्षय विमोक्षसंभेदसर्वधर्मशुभव्यूह तथा स्वचित्रकोपावर्त आदि गरेका अनेकौं विमोक्षहरूको उपदेश दिइरहेको पनि सुधन कुमारले देखे ।

अनि सुधन श्रेष्ठी सिंहवृजिम्भृताको ऋद्धि सम्पद वाक्शक्ति र धर्मज्ञानको महत्वलाई बुझी हर्षले गदगद भई वहाँलाई आपनो सबै अभिप्राय विन्ती गरे । त्यस पछि सिंहवृजिम्भृता भिक्षुणीले सुधन कुमारलाई सम्बोधन गरी भन्नु भयो– हे कुलपुत्र! मैले सर्वमन्यनासमुद्धाटितबोधिसत्व विमोक्षलाई लाभ गरेको छु । यो विमोक्षद्वारा तीनै कालका सबै वस्तुहरू एउटै चित्तले देख्न सक्ने, बुझ्न सक्ने ज्ञानालोक उत्पन्न हुन्छ । यही ज्ञानालोकले सर्वधर्मोपन्न समाधि लाभ हुन्छ । त्यो समाधिको प्रभावले तुषित भुवन आदि बुद्ध क्षेत्रका परमाणु समान तथागतलाई पूजा गर्न पाउने हुन्छ । पुष्प, धुप, दीप, चूर्ण, वस्त्र, माल्य छत्र, ध्वजा पताका, रत्न, अलंकार आदिको समूहले मेघले वर्षा गरे झैं पूजामिघद्वारा पूजा गर्न सकिने हुन्छ । यो बुद्धपूजोपस्थानकर्मलाई जसले ज्ञान गर्छ त्यसले निश्चय नै सम्यक् सम्बुद्ध मार्गमा लाग्न सफल हुन्छ । जो व्यक्ति म कहाँ आउँछन् तिनीहरूलाई प्रज्ञापारमिता अववाद अनुशासन म दिने गर्दछु ।

हे कुलपुत्र ! म मेरो आँखाद्वारा सम्पूर्ण प्राणीलाई देख्छु तर म सत्वसंज्ञा उत्पन्न गर्दिनं । मैले सबै जगतका मन्त्र, संज्ञा, मुद्रालाई सुन्छु तर तिनीहरूलाई वचनले व्यक्त गर्न नसकिने भनी सम्झन्छु । त्यस्तै सबै तथागतहरूलाई म देख्छु तर वहाँहरूको शरीरलाई म मान्दिन किनभने म धर्म कायलाई मात्र मान्दछु एवं रितले म सर्वमन्यनासमुद्धाटितबोधिसत्व विमोक्षलाई भावना गर्दछु । परन्तु आदि अन्त नभएको धर्म धातुमा लीन भएका बोधिसत्वहरूको चर्या वा गुणलाई म कसरी जान्न सकंला ?

त्यसकारण दक्षिणापथको दूर्ग नामको जनपदमा रत्नव्यूह नामको नगर छ । वहाँ वसुमित्रा नामकी भगवति बरनु हुन्छ । वहाँ कहाँ गएर धर्मका कुरा सुन्न जाऊ ।

अनि सुधन श्रेष्ठी दारक सिंहवृजिम्भृता भिक्षुणीको पाउमा वन्दना गरी त्यहाँबाट विदा भए ।

कल्याणमित्र वसुमित्रा

अनि सुधन श्रेष्ठी दारक कल्याणमित्रहरूको प्रभावले विजुली चम्के झैं चम्केको सवज्ञज्ञानालोकलाई देख्दै धर्मताको स्वभाव आदि विचार गर्दै क्रमशः रत्नव्यूह नगरमा वसुमित्रा भगवतिलाई खोज्दै गए । अनि बाटामा वसुमित्राको गुण थाहा नपाउने व्यक्तिहरूले सुधनलाई यसो भने– तपाई जस्तो शान्त राग नभएको व्यक्तिले वसुमित्रालाई भेटेर के गर्नु हुन्छ ? फेरि एक थरि व्यक्तिहरू जसलाई वसुमित्राको गुण थाहा छ, उनीहरूले भने– हे कुलपुत्र ! तपाई भाग्यमानी हुनुहुन्छ । किनभने वसुमित्राको सद्धर्म सुन्ने व्यक्तिको रागादि क्लेश नाश हुन्छ र सन्मार्गमा लाग्ने हुन्छ । वहाँको घर शहरको दोबाटोको उत्तरतिर छ, वहाँ गएर वसुमित्रालाई भेट्न जानुहोस् ।

अनि सुधन श्रेष्ठी प्रसन्न भई त्यहाँ जाँदा विशाल ताल पंक्तिले र पर्खालले घेरेको ठाउँ ठाउँमा सुन्दर पोखरी भएको फेरि ती पोखरीमा नाना प्रकारको पंक्षीहरू र हाँसहरू खेलिरहेको भव्य भवन देखे । यस्तो सुन्दर भवन हेर्दा हेर्दै उनको शरीरमा आनन्द र श्रद्धाको प्रवाह हुन थाले ।

अनि वसुमित्राको अगाडि गई वहाँको पाउमा वन्दना गरी बोधिचित्त उत्पन्न गरेको तर त्यसवारे राम्रो ज्ञान नभएको सबै आफ्नो अभिप्राय विन्ती गरे । अनि वसुमित्रा भगवतिले भन्नु भयो– हे कुलपुत्र ! मैले विरागकोटीगत बोधिसत्वविमोक्षलाई

लाभ गरेकी छुं। यो विमोक्षको प्रभावले देवता एवं अपसरा आदिहरूको भन्दा मेरो रूप सौन्दर्य अति उत्तम भएको छ। त्यस कारण प्राणीहरूको आशय अनुसार म देखिने हुन्छ। म कहाँ आउने व्यक्तिहरूको रागादि क्लेश क्षीण भई असंगविषय नामको बोधिसत्व समाधि लाभ हुन्छ। फेरि कसैले प्रामोद्यरतिसमाधि लाभ गर्छन् भने कसैले असङ्गस्वर कोष समाधि आदि लाभ गर्ने हुन्छन्। यति मात्र होइन मलाई चुम्बन गर्ने व्यक्तिको पनि राग क्षीण भई सर्वजगतपुण्यकोषसंस्पर्श नामको समाधि लाभ हुन्छ। यसरी म प्राणीहरूलाई सद्धर्ममा प्रतिष्ठापना गर्दछु।

अनि सुधनले उनीको अद्भूत शक्तिलाई देखेर हे आर्ये! हजूरले कहाँबाट ज्ञान लाभ गर्नु भयो भनी प्रश्न गरे। यस्तो प्रश्न सुनी वसुमित्राले भन्नु भयो–हे कुलपुत्र! परापूर्वकालमा अत्युच्चगामिनी नामको तथागत उत्पन्न भएको थियो। वहाँ तथागतले प्राणीहरूको कल्याण गर्न समुखा नामको राजधानीमा पाल्नु भयो। त्यसबेला सो राजधानी कम्पमान भएको थियो। चारैतिर पुण्प वृष्टि भयो, बिविध दिव्य बाजाहरू बज्न थालेको थियो। त्यति बेला म सुमति नामको श्रेष्ठीको धर्म पत्नी थिएं। अनि भगवान् बुद्धको यस्तो प्रतिहार्य ऋद्धि देखी आफ्नू स्वामी सगैं तथागतको दर्शन गर्न बजारको बाटोबाट गएर रतन संझी एउटा कौडी चढाएं। त्यसवेला मञ्जुश्री कुमार भूत अत्युच्चगामी तथागतको उपस्थानक थिए। त्यसै बेलादेखि मैले जगतसत्वहित गर्न बुद्ध बन्न सकूं भन्ने बोधिचित्त उत्पन्न गरेकी हुं। यसकै पुण्यस्वरूप मैले विरागकोटीगतवोधिसत्व विमोक्ष लाभ गरेकी हुं। परन्तु अनन्त उपाय कौशल्य ज्ञानले परिपूर्ण बोधिसत्वहरूको चर्या वा गुण म जान्दिन।

त्यसकारण हे कुलपुत्र! यही दक्षिणापथको शुभपारंगम नगरमा बेष्ठील नामको गृहपति बस्नु हुन्छ। वहाँ कहाँ गएर धर्मका कुरा सुन्नु असल छ।

अनि सुधन श्रेष्ठी वसुमित्रा भगवतिको पाउमा वन्दना गरी बिदा भई त्यहाँबाट प्रस्थान गरे।

कल्याणमित्र वेष्ठील श्रेष्ठी

अनि सुधन श्रेष्ठी दारक शुभपारंगम नगरमा वेष्ठील गृहपतिको घरमा पुगी वहाँको पाउमा बन्दना गरे ।

सुधनको यस्तो निवेदन सुनी वेष्ठील श्रेष्ठीले भन्नु भयो– हे कुलपुत्र ! मैले अपरिनिर्वाणकोटीगत बोधिसत्वविमोक्ष लाभ गरेको छु । मेरो विचारमा कुनै तथागत पनि निर्वाण भएको छैन; हुने पनि छैन । परन्तु निर्वाण भई देखाउंदा विनीत हुने, उद्धार हुने व्यक्तिलाई उद्धार गर्न मात्र निर्बाण भएर देखाउनु हुन्छ । हे कुलपुत्र ! जब म चन्दनपीठ तथागत चत्यको ढोका उघार छु त्यसबेला अक्षय बुद्धबंशव्यूह नामको समाधि लाभ हुन्छ । सो समाधिको प्रभावले प्रत्येक क्षण सो समाधिले युक्त भएको हुन्छु । यही समाधिको प्रभावले काश्यप, कनकमुनि, क्रकुच्छन्द, विश्वभुक, शिखी, विपश्वी, तिष्य, पुष्प, यशोत्तर, पदमोत्तर आदि सबै तथागतहरू म आफ्नो सामुन्ने देख्छु । यसरी सयौं हजारौं करोडौं बुद्धहरू म देख्छु । त्यतिमात्र होइन बुद्धहरूले प्रथम चित्त उत्पन्न गरेदेखि सम्पूर्ण अरू चर्याहरू गरेको पनि म देख्छु, वहाँहरूको धर्मदेशना सुन्छु र धारणा गर्छु । यस्तै सबै दिशाका तथागतहरू वैरोचन आदिहरूलाई पनि अतुल श्रद्धाले पूजा भाव गरी दर्शन गर्छु । म आफूले चाहेको तथागतलाई दर्शन गर्न सक्छु । यही अपरिनिर्वाणकोटीगत वोधिसत्वविमोक्ष मैले प्राप्त गरेको छु । परन्तु तीनै काललाई एउटै ज्ञानले हेर्ने वोधिसत्वको गुण बा चर्या म कसरी जान्न सकूला ? त्यसकारण दक्षिणापथको पोटलकपर्वतमा अवलोकितेश्वर नामको बोधिसत्व बस्नु हुन्छ वहाँ गएर वोधिसत्व चर्या कसरी पालन गर्नु पर्छ सिक ।

अनि सुधन श्रेष्ठी दारक वेष्ठील गृहपतिको पाउमा वन्दना गरी बिदा भई त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र अवलोकितेश्वर

अनि सुधन श्रेष्ठी दारक श्रेष्ठीले गृहपतिको उपदेश संझदै, बोधिसत्वहरूको स्मरण गर्दै क्रमशः पोटकल पर्वतमा पुगी अवलोकितेश्वरलाई खोज्दै जाँदा पर्वतको श्चिमतिर झरनाहरू बगिरहेको, हरियो घाँस उम्रिरहेको मनोहर प्रदेशमा बज्ररत्नशीलमा बिराजमान भई बोधिसत्वहरू एवं प्राणीहरूलाई धर्ममा संग्रह गर्ने महामैत्री करूणामुखोद्यत नामको धर्मदेशना गरिरहनु भएको अवलोकितेश्वरलाई देखे। अनि प्रसन्न भई कल्याणमित्रहरू साक्षात बुद्ध नै हो भन्ने संझी वहाँको सामुन्ने जानु भयो ।

यसरी आइरहेको सुधनलाई टाढैबाट देख्नु भई श्री अवलोकितेश्वरले भन्नु भयो–हे सुधन ! तिमीलाई स्वागत छ; जगतसत्व उद्धार गर्ने महाकरूणा लिई आउने तिमीलाई धन्यवाद छ ।

अवलोकितेश्वरको यस्तो मधुर वचन सुनी वहाँको पाउमा शिरले वन्दना गरी आफूले जान्न खोजेको सर्व कुरा विन्ती गरे । अनि श्री अवलोकितेश्वरले सुवर्ण वर्ण बिचित्रप्रभा भएको आफनो दाँया हात पसारी सुधन श्रेष्ठीको शिरमा राखी भन्नु भयो– हे कुलपुत्र ! मैले महाकरूणामुखाविलम्व नामको चर्या जान्दछु, । यो चर्याद्वारा जगतसत्वलाई सग्रह गर्दछुं । अर्थात् दान दिएर, प्रिय वचन बोलेर, प्राणीहरूलाई चाहिएको मदत गरेर, आफू समान व्यवहार गरेर म प्राणीहरूलाई संग्रह गर्छु, धर्ममा लगाउंछु ।

विभिन्न रूप लिई विभिन्न आशय अनुसार धर्मदेशना गरी मैले जनतालाई उद्धार गरिरहेको छुं । सबै प्राणीहरू उपर आफू समान म प्रेम गर्छु । मेरो नाम लिने र सुन्ने व्यक्ति पनि ठूलो बन्धनबाट मुक्त हुन्छ । मेरो नाम स्मरण गर्ने व्यक्तिलाई रोग चौर, सिंह, अग्नि जल आदि कुनैको भय हुंदैन । जादु तुना गर्नेहरूको मन्त्रले पनि दुःख दिन सक्दैन । जति पनि क्रूरचित्त भएका नाग, राक्षस आदिहरू छन् । तिनीहरूबाट हुने भय पनि मेरो स्मरणले शान्त हुन्छ । त्यति मात्र होइन मेरो नाम लिने

व्यक्ति आमा बाबु आदि आफन्त व्यक्तिसंग वियोग हुने भय क्षय हुन्छ; सो व्यक्ति मर्त्यलोकबाट च्युति भई मेरो सुखावती भुवनमा जन्म लिनेछ। हे कुलपुत्र ! मैले यहाँ महाकरूणामुखाविलम्व नामको चर्या जान्दछु।

हे धर्मका कुरा सुन्न न अघाउने कुलपुत्र ! पूर्वदिशाबाट आकाशमा उडेर आइरहेको अनन्यगामी बोधिसत्वलाई तिमीले देख्छौ ? हेर यो सहालोक धातु (पृथ्वी) को चक्रवाल पर्वतको टाकुरामा अहिले वहाँ उभिनु भएको छ।

यति आज्ञा हुने वित्तिकै सहोलक धातु ६ प्रकारले कम्पमान भयो। अनन्यगामी वोधिसत्वको तेजले चन्द्र सूर्यको तेज पनि मन्द हुन थाले। चारैतिर सबैको दुःख रागादि क्लेश शान्त भए। अनि सो ठाउँमा पुष्प, छत्र, ध्वजा पताका आदिको वर्षा गर्दै अनन्यगामी बोधिसत्व भगवान् श्री शाक्यमुनिलाई दर्शन गर्न आउनु भयो।

हे सुधन ! क्रमशः वहाँ पोटलक पर्वतमा पनि आउनु हुनेछ, वहाँसंग सद्धर्मका कुराहरू सिक्न जाऊ।

श्री अवलोकिटेश्वरको यस्तो उपदेश सुनी सकेपछि सुधन कुमार वहाँको पाउमा शिरले वन्दना गरी अनन्यबोधिसत्व कहाँ जानु भयो।

कल्याणमित्र अनन्यगामीबोधिसत्व

अनि सुधन श्रेष्ठी दारक श्री अवलोकिटेश्वर बोधिसत्वको ज्ञान गाथा सम्झदै वहाँको दर्शन गर्न नपुगेको अनुभव गर्दै अनन्यगामी बोधिसत्व कहाँ पुगी वहाँको पाउमा वन्दना गरेर बोधिचर्याको वारे उपदेश दिनु होस् भनी विनम्र अनुरोध गरे।

अनि अनन्यगामी बोधिसत्वले भन्नु भयो– हे सुधन ! मैले समन्तमखनिर्जवन नामको बोधिसत्व विमोक्ष लाभ गरेको छ।

त्यसपछि सुधनले फेरि प्रश्न गरे– हे हजूर ! यो विमोक्ष हजूरले कसरी प्राप्त गर्नु भयो ? हजूर कुन लोक धातुको हुनु हुन्छ ? त्यहाँबाट यहाँ पाल्नु हुँदा कति समय लाग्यो ?

यस्तो प्रश्न सुनी अनन्यगामी बोधिसत्वले भन्नु भयो– हे कुलपुत्र ! कुनै देव, मानुष, असुरहरूले त्यो लोक धातुलाई नदेखेका छन्, न सुनेका छन् । केवल अत्यन्त वीयवान् भएका बोधिसत्वहरूले मात्र त्यो लोकलाई देख्न सक्छन् । त्यस लोकको कुरा बताउंदा थोरै मान्छेले मात्र विश्वास गर्छन् ।

हे कुलपुत्र ! म पूर्वदिशाको श्री गर्भवति लोकबाट समन्त श्री संभव तथागतको आज्ञाले यहाँ आइरहेको छु । वहाँ तथागतको कृपाले समन्तमुखनिर्जंव नामको बोधिसत्वविमोक्ष लाभ गरेको हुं । श्री गर्भवतीलोकधातुबाट यहां सम्म आइ पुग्दा अनभिलाप्याभिलाप्यबुद्ध क्षेत्रका परमाणु समान कल्पहरू विते । हुनत मैले मेरो एक चित्त क्षणमा अनभिलाप्याभिलाप्य बुद्ध क्षेत्रका परमाणु समान पाइलाहरू चाल्दछु । एक पाइला चाल्दा अनन्त बुद्धक्षेत्रहरू नाघेर आइसकेको हुन्छुं । ती बुद्धक्षेत्रका अनन्त बुद्धहरूलाई मनोमय पूजा गरेर हर्षित पार्दै आइरहेको छुं । हे कुलपुत्र ! मैले यही समन्त मखनिर्जवन बोधिसत्वविमोक्ष जान्दछुं । परन्तु सवै दिशालाई समता भावना गर्ने शून्यता भावना गर्ने बोधिसत्वहरूको चर्या वा गुण मैले जानेको छैन । हे कुलपुत्र ! त्यसकारण यही दक्षिणापथको द्वारवती नगरमा श्री महादेव राज हुनु भएको छ । वहाँ गएर बोधिसत्वको विषयमा शिक्षा लिन जाऊ ।

अनि सुधन श्रेष्ठी दारक अनन्यगामी वोधिसत्वको पाउमा बन्दना गरी विदा भई वहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र महादेव

अनि सुधन श्रेष्ठी दारक अनन्यगामी बोधिसत्वको ज्ञानलाई रूचाउंदै बोधिसत्वहरूको अचिन्त्य गुण सम्झदै क्रमशः द्वारवती

नगरमा पुगी महादेवको मन्दिर खोज्दै जाँदा शहरको चौवाटोमा राज भई प्राणीहरूलाई उद्धार धर्मदेशना गर्नु हुन्छ भन्ने सुनेर वहाँको मन्दिर पुगेर पाउमा वन्दना गरी महादेवलाई यस्तो प्रार्थना गरे-मैले वोधिचर्या पालन गरेको छु; हजूरले वोधिसत्वको चर्या बारे शिक्षा दिनु होस् ।

सुधनको यस्तो प्रार्थना सुनी श्री महादेवले चारै हात पसारी चारै दिशाको समुद्रबाट पाली लिई आफ्नो मुख धोएर सुधन श्रेष्ठी दारकलाई एउटा सुवर्ण पुष्प प्रदान गरी यस्तो आज्ञा भयो– हे कुलपुत्र ! वोधिसत्वहरूको दर्शन गर्नु, वहाँहरूको उपदेश सुन्नु परम दुर्लभ हुन्छ । मैले मेघराज वोधिसत्व विमोक्ष लाभ गरेको छु ।

हे सुधन ! तिम्रो सामु पर्वत जस्तो सुनको थुप्रो चाँदि तथा रत्न, गहना आदि उषयोगी साधनहरूको थुप्रो देख्यौ ? यी असंख्य कन्याहरूलाई पनि देख्यौ ? यदि तिमीलाई दान गर्न मन लाग्छ भने यी सबै वस्तुहरू दान गर । तथागतको पूजा गर । प्राणीहरूको कीरण टोकी स्वभावलाई हटाई दान गर्ने इच्छा जगाउन दान दिन लगाऊ । जसरी मैले तिमीलाई यी धनहरू त्याग गरे त्यस्तै गरी अरू जनताहरूलाई पनि दान दिने प्रेरणा म दिन्छु। बुद्ध, धर्म, संघ तथा वोधिसत्वहरूलाई दान दिने प्रेरणा पनि दिन्छु । अनि काम रागमा भुलेकाहरूलाई अशुभ भावनाद्वारा क्रोध, मान, मद, दर्पले युक्त भएका व्यक्तिहरूलाई म आफ्नो रौद्ररूप देखाई तिनीहरूको घमण्ड टोड्ने गर्छु । अल्सीहरूलाई अग्नि, जल, राज, चौर रोगको भय देखाएर वीर्य, जाँगर उत्साह गर्न लगाउंछु । यसरी विविध उपायद्वारा जनताहरूको क्लेश हटाउने गर्छु । हे कुलपुत्र ! यही मेघजालबोधिसत्वविमोक्ष जान्दछु । परन्तु आत्मसंज्ञा, तृष्णा नभएका बोधिसत्वहरूको चर्या वा गुण म कसरी भन्न सकूंला ? त्यसकारण यही जम्बुद्वीपको मगध देशको बोधिमण्डपमा स्थावरा नामकी पृथ्वी देवता वस्नु हुन्छ वहाँ गएर बोधिसत्वहरूको चर्या सोध्न जानु ।

अनि श्री महादेवको उपदेश सुनिसके पछि सुधन श्रेष्ठी वहाँलाई बन्दना गरी विदा भए ।

कल्याणमित्र स्थावरा

अनि सुधन श्रेष्ठी दारक क्रमशः मगध देशको बोधिमण्डपमा पृथ्वी देवता स्थावरा कहाँ पुगे । त्यहाँ हजारौं पृथ्वी देवताहरूले यसो भनेको सुने–सर्वसत्व प्राणीलाई रक्षा गर्न तम्सेको यी महापुरूषले अविद्यारूपी अण्डकोषलाई फोर्नेछ । यति भनेर ती सबै देवताहरूले पृथ्वीलाई कम्पान गरी विजुली झैं उज्ज्वल भएर आकाशमा बसिरहेका थिए ।

अनि स्थावरा पृथ्वी देवताले सुधनलाई भन्नु भयो– हे कुलपुत्र ! तिमीले यस प्रदेशमा ठूलो पुण्य गरेका छौ । तिमी यसको फल हेर्न चाहन्छौ ?

अनि सुधन श्रेष्ठीले वहाँको पाउमा शिरले वन्दना गरी निगाह भए हेर्न चाहन्छु भनी जवाफ दिए । त्यसपछि स्थावरा देवताले पृथ्वीमा पाइतलाले हानी अनेक मणि, रत्न, आदिको खानी आदि देखाएर यस्तो आज्ञा भइन्– हे कुलपुत्र ! यी सबै धन तिम्रै हो । तिम्रै पुण्यको बलले यी सबै अहिलेसम्म सुरक्षित छन् । यसलाई तिमी इच्छा लागेको काममा उपयोग गर्न सक्छौ ।

हे कुलपुत्र ! मैले ज्ञानदुर्योधनगर्भ बोधिसत्व विमोक्ष पनि लाभ गरेको छुं । यी लाभ गरेर मैले दीपंकर आदि धेरै तथागतहरू र वोधिसत्वहरूको सेवा गर्दै प्रसन्न गरेर आएकी छु । धेरै बुद्धहरूको उपदेश ऋद्धि आदि धारणा गरिराखेको छुं ।

यति मात्र होइन मैले ज्ञानदुर्योधनबोधिसत्वविमोक्ष पनि लाभ गरेको छुं । यो विमोक्ष चन्द्रध्वजलोकधातुमा सुनेत्र तथागतवाट अवभासव्यूहकल्पमा लाभ गरेको छुं । यो विमोक्षको अभ्यास गर्दा गर्दै भद्र कल्पसम्ममा मैले अनभिलाप्याभिलाप्य बुद्ध क्षेत्र परमाणु समान तथागतहरूलाई दर्शन गरी सकेको छुं । परन्तु

हे कुलपुत्र ! मैले एक चित्त क्षणमा धर्म धातुलाई विस्तार गर्न सक्ने तथागत समान भएका बोधिसत्वहरूको चर्या वा गुण वताउन असमर्थ छुं ।

हे कुलपुत्र ! यही जम्बुद्वीपमा मगध देशमा कपिलवस्तु नगरमा वासन्ती नामकी रात्री देवता वस्नु हुन्छ । वहाँ गएर बोधिचर्या कसरी पालन गर्ने सिक्न जाऊ ।

अनि सुधन श्रेष्ठी दारक स्थावरा पृथ्वी देवताको पाउमा वन्दना गरी विदा भए ।

कल्याणमित्र वासन्ती

अनि सुधन श्रेष्ठी दारक स्थावरा देवीको उपदेशलाई संझदै बोधिसत्वहरूको समाधि आदि मनन गर्दै कपिलवस्तुमा पुगी पूर्वद्वारबाट पसेर शहरको दोबाटोको वीचमा पुगे । त्यसबेला सूर्य अष्टाई सकेको थियो । अब रात्री देवताको दर्शन पाउंछुं होला भन्ने अभिलाषाले सुधन कुमार उभिरहँदा शहरको वीच माथि आकाशमा मणिमय कुटागारमा रत्न सिंहासनमा बसेकी शरीरमा ग्रहगण ताराहरूले उज्ज्वल भएकी बासन्ती रात्री देवतालाई देखे । उनको रोमकूपमा असंख्य अपाय दूर्गतिमा परेका प्राणीहरू जसलाई वहाँले उद्धार गरेका थिए ती प्राणीहरू स्पष्ट देखिन्थे । अनि कुनै रोमकूपमा वहाँले उद्धार गरिएका श्रावक प्रत्येक बुद्धहरू पनि देखिन्थे । यस्तै गरी प्रत्येक रोमकूपमा विविध घटनाहरू पनि देखिन थाले ।

यस्तो चमत्कार देखेर प्रसन्न भई रात्रीदेवतालाई दण्डवत प्रणाम गरी मैले बोधिचित्त उत्पन्न गरेको छुं मलाई बुद्ध हुने सर्वज्ञता मार्ग देखाइदिनु होस् भनी सुधन श्रेष्ठीले विन्ती गरे ।

अनि बासन्ती रात्री देवताले सुधन कुमारलाई साधुवाद दिंदै भन्नु भयो—मैले सर्वसत्वतमोविकीरणधर्माविभासजगत विनय नामको विमोक्ष लाभ गरेकी छुं । विषम बुद्धिक प्राणीहरू उपर

मत्रा, कुलपुत्र कर्म गर्नेहरु उपर करुणा, कुशल कर्म गर्नेहरू उपर मुदिता र सम विषम बुद्धि भएका प्राणीहरू उपर उपेक्षा भावना गर्छु । त्यति मात्र होइन श्रावक, प्रत्येक बुद्ध मार्गमा लागेका प्राणीहरू उपर सर्वज्ञता मार्गमा प्रतिस्थापना गर्ने भावना गर्छु ।

अन्धकार रातमा समुद्र, जङ्गल, पर्वत आदि ठाउंमा नाना प्रकारको दुःख पाइरहेका प्राणीहरूलाई उचित उपायद्वारा म रक्षा गर्छु । यसरी प्राणीहरूको रक्षा गर्न म कहिले सार्थबाह कहिले राजा, हाँत्ती, कछुवा, असुर, गरूड, किन्नर आदिको रूप पनि लिने गर्छु । प्राणीहरूको दुःख हटाएको यी पुण्यले सम्पूर्ण प्राणीमात्रको उद्धार गर्न सकूं भन्ने प्रार्थना गर्छु । पहाड, गुफा, फलफूल, पंक्षीहरूको मधुरस्वर, औषधि मुनो आदिद्वारा पनि धेरै प्राणीको उद्धार गरेको छु । राज, चोर, अग्नि, उदक, नाग, यक्ष, सिंह आदि नाना भयबाट पनि प्राणीहरूलाई रक्षा गरेको छु आमा बाबु स्वास्नी छोरा छोरीहरुसंग वियोग भएकाहरूलाई पनि मैले उद्धार गरेको छु । संज्ञा विपर्यास, चित्तविपर्यास, दृष्टिविपर्यास भएका आत्मालाई आत्म संझने, अशुभलाई शुभ संझने, आत्म, सत्व जीव, पुरूष, पुद्गल आदिमा आशक्त भएकाहरू र दशाकुशल पाप गर्नेहरूलाई पनि उद्धार गरेको छु । यसरी यी असंख्य प्राणीहरूलाई उद्धार गरेको पुण्यले सकल सत्वलाई समन्त भद्र चर्याद्वारा उद्धार गर्न सकूं भन्ने परिणाम गर्छु । साथै समन्त भद्र वोधिसत्वको महाप्रणिधानद्वारा सर्वज्ञाता प्राप्त गर्न सकूं वुद्धत्व प्राप्त गर्न सकूं भनी प्रयत्न गर्दछु ।

अनि वासन्ती रात्री देवताले फेरि सर्वसत्वतमोविकीरण धर्मविभास जगतविनयविमोक्षको प्रभावलाई व्यक्त गर्दै बुद्धको अधिष्ठानद्वारा दशै दिशामा हेरी सुधन श्रेष्ठीलाई गाथाद्वारा यी कुराहरू भनिन्– हे कुलपुत्र ! विमोक्षले अविद्या हटाई प्राणीहरूलाई शान्ति दिन्छ, मैत्री भाव जगाउंछ, अपायमा परेका व्यक्तिलाई उद्धार गर्छ । करूणा सागरको प्रवाह फिजाउंछ, संस्कारबाट विमुक्त पारी श्रावक विमुक्ति पनि यही विमोक्षले

दिने हुन्छ । यो विमोक्षको प्रभावले सबै क्षेत्रका परमाणुमा पनि बुद्धहरू विराजमान भएको देख्न सक्छ ।

त्यसपछि सुधनले हजूरले यो विमोक्ष कहिले प्राप्त गर्नु भयो, वोधिचित्त उत्पन्न गर्नु भएको कति भयो भन्ने प्रश्नको जवाफमा वहाँले भन्नु भयो– धेरै कल्प अघि प्रशान्तप्रभ नामको कल्पमा कोटान् कोटी बुद्धहरू उत्पन्न भएका थिए । त्यसवेला रत्नश्रीसभव नामको लोक धातुमा रत्नचन्द्रप्रदीपप्रभा नामको द्वीप थियो । त्यस द्वीपमा पद्मप्रभा राजधानीमा सुधन तीथ नामको धार्मिक चक्रवर्ती राजा राज हुनुहुन्थ्यो । वहाँको धर्मपत्नी धर्ममतिचन्द्रासंग एक दिन राती अन्तपुरमा सुतिरहेको बेलामा सुविशुद्धचन्द्राभा नामकी रात्रीदेवताले आफ्नो गहनाको शब्दले राजपत्नी धर्ममतिचन्द्रालाई व्युंझाई यस्तो आज्ञा भयो– हे महारानी ! समथश्रीसंभव नामको वनमा सर्वधर्म निर्गजितराज नामको तथागतले बुद्धत्व लाभ गर्नु भएको छ वहाँको दर्शन गर्न जाऊ ।

त्यसबेलाकि धर्ममतिचन्द्रा मैं हुं । यसरी त्यो वेलादेखि मैले धेरै कल्पहरू विताई सकेको छु, विभिन्न जन्म लिंदै कल्याणमित्रहरूको उपदेश सुन्दै सुमेरूको परमाणु समान कल्प विताइसकेको छु । भद्रकला भन्दा हजारौं कल्प पहिले अशोक विरज नामको कल्पमा रजोविमलतेज श्री नामको लोक धातुमा पाँचशय बुद्ध उत्पन्न भएको थियो । ती मध्ये पहिलो बुद्ध सुमेरूध्वजायतनशान्त क्षेत्र नामको तथागत उत्पन्न भएको थियो । त्यसबेला म प्रज्ञावभास श्री नामकी श्रेष्ठी दारिका थिए । त्यसवेला सुविशुद्धचन्द्रामा रात्रीदेवीको प्रणिधानले विचित्रध्वजा राजधानीमा विशुद्धनेत्राभा नामकी रात्री देवता उत्पन्न भएको थियो । त्यही रात्री देवताले मेरो आमा बाबुलाई व्युंझाई बुद्धगुण वर्णन गरी बुद्ध कहाँ दर्शले गर्न पठाएको थियो । त्यसबेला म पनि आमा वाबुसंग गई बुद्धको दर्शन गरेकी थिएं । त्यसको पुण्यले मलाई विभिन्न समाधिहरू लाभ भयो वोधिचित्त पनि उत्पन्न भयो । सोही तथागतसंग मैले

सर्वसत्वतमोविकिरण धर्मावभास जगतविनयमुख बोधिसत्व विमोक्ष लाभ गरेकी हुं । यसको प्रभावले दशबुद्ध क्षेत्र परमाणु समान लोकधातु सम्म मेरो शरीरले स्पर्श अनुभव गर्न सक्छुं, देख्न सक्छु त्यहाँ रहेका तथागतहरूको पाउमा वन्दना पनि गर्न सक्छु इत्यादि परन्तु आदि अन्त मध्य सम्म समन्त भद्रबोधिसत्व चर्या प्रणिधान, निर्यातन आदि गर्ने बोधिसत्वहरूको चर्या वा गुण म कसरी जानूंला ? हे कुलपुत्र ! यही मगध विषयको बोधिमण्डपमा समन्त गम्भीर श्री विमलप्रभा नामकी रात्रीदेवता बस्नु हुन्छ जस्ले मलाई बोधिचित्त उत्पन्न गर्न वारंवार प्रेरणा दिनु भएको थियो वहाँ कहाँ गएर बोधिसत्व चर्या सम्बन्धी सोध्नु उचित छ ।

अनि सुधन श्रेष्ठी दारक वासन्ती रात्री देवताको अनन्त गुण गाथाद्वारा वर्णन गरेर पाउमा वन्दना गरी विदा भए ।

कल्याणमित्र समन्तगम्भीर श्रीविमलप्रभा

अनि सुधन कुमार वासन्ती रात्री देवताको चर्यालाई विचार गर्दै समन्त गम्भीर श्री विमलाप्रभा रात्री देवता कहाँ पुगे । अनि वहाँको पाउमा वन्दना गरी बोधिचित्त उत्पन्न गरेको कुरा निवेदन गरे ।

अनि समन्त गम्भीर श्री विमलप्रभाले भन्नु भयो– हे कुलपुत्र ! तिमीले बोधिचित्त उत्पन्न गरेकोमा साधुवाद छ । बोधिसत्वभूमिमा प्रवेश गर्न दश प्रकारको गुणले युक्त हुनुपर्छ । ती दशै प्रकारका नियम बताई सकेपछि फेरि भन्नु भयो– मैले शान्तध्यानसुखसमन्तबिक्रम बोधिसत्वबिमोक्ष लाभ गरेकी छु । यो बिमोक्षको प्रभावले सम्पूर्ण तथागतहरू, बुद्ध क्षेत्रहरू, सबै मण्डलहरू, ऋद्धिहरू र समाधिहरूको अभ्यास गर्ने नियम र विधिहरूको नाम म जान्दछु । तर ती तथागतहरू छन् भन्ने आशक्ति ममा छैन किनभने तथागतहरूको गति हुंदैन । फेरि ती तथागतहरू गति नभएका पनि होइनन् । तथागतहरू

उत्पन्न भएका पनि होइनन्, निरोध भएका पनि होइनन् किन भने वहाँहरू माया स्वभावका हुनु हुन्छ । त्यस्तै तथागतहरू अमृष, असंक्रान्त, अधिनष्ठ, एकलक्षण, अलक्षण स्वभावका हुन्छन् अर्थात् तथागतहरू शून्यता स्वभावका हुन्छन् ।

हे कुलपुत्र ! यो शान्त ध्यान सुखसमन्तविक्रमवोधिसत्वविमोक्षको प्रभावले सम्पूर्ण सकल्प रहित भएको महाकरूणामा रहेर सर्व प्राणीलाई रक्षा गर्न एकचित्त गरी प्रथम ध्यान भावना गर्छु । ज्ञान, वल, पराक्रम र सवसत्वसग्रह गर्न प्रीति, सुख, चित्त एकाग्रता प्राप्त गर्न द्वितीय ध्यान भावना गर्छु । ससारका विरुद्ध व्यवहार गर्ने व्यक्तिहरूवाट शान्ति लाभ गर्न उपेक्षा बढाउन तृतीय ध्यान भावना गर्छु । अनि सम्पूर्ण प्रकारका क्लेशहरू शान्त गर्न म चतुर्थ ध्यान पनि भावना गर्दछु । यी सबै त्यही विमोक्षको फल हो ।

हे कुलपुत्र ! यही विमोक्षद्वारा कामासक्तहरूलाई अशुभ संज्ञा उत्पन्न गराइदिन्छु । रमाइलो नमानी अरति सज्ञा अनुभव गर्नेहरूलाई मुदिता भावनाद्वारा र अनित्य, दुःख, अनात्म, अस्वभाविक, अपराधीन आदि संज्ञा उत्पन्न गराई उद्धार गर्छु । धममा श्रद्धा उत्पन्न गराई डरलाग्दो (खलवल) स्वरहरू शान्त पारी बुद्धधर्ममा एकाग्र गराउं छु ।

हे कुलपुत्र ! यही विमोक्ष भावना गरी लोभीलाई दान चित्तले शान्त गर्छु, सम्यक् व्यायामद्वारा प्राणीहरूलाई मार्गमा लगाउंछु । परन्तु समन्तभद्रवोधिसत्वचर्याको प्रणिधानमा लागेका वोधिसत्वहरूको चर्या गुण म कसरी भन्न सकूंला ? मेरो पछि वहीं वैरोचन बोधिमण्डपमा प्रमुदितनयनजगतविरोचन नामको रात्री-देवता वस्नु भएको छ वहाँ गएर बोधिसत्व चर्या सोध्नु होस् ।

अनि समन्तगम्भीर श्रीविमलप्रभा रात्री देवताले आफूले लाभ गरेको उक्त विमोक्षलाई प्रशंसा गर्दै गाथाद्वारा फेरि आज्ञा भयो– यो विमोक्षलाई दृढविश्वास गरी भावना गर्‍यो भने बुद्धको

दर्शन र वहाँको ऋद्धि हेर्न दुर्लभ हुदैन । तर वहाँको धर्मकाय शान्त र अद्वय स्वभावका हुन्छन् ।

अनि सुधन श्रेष्ठी रात्रीदेवताको पाउमा वन्दना गरी त्यहाँवाट विदा भई प्रस्थान गरे ।

कल्याणमित्र प्रमुदित नयनजगतविरोचन

अनि सुधन श्रेष्ठी दारक कल्याणमित्रहरूको अनुशासनले प्रफुल्ल चित्त भएर वैद्यहरू कहाँ विरामी घाए कैं कल्याणमित्रहरू कहाँ जान कति पनि गाह्रो नमानीकन प्रमुदितनयनजगतविरोचन रात्रीदेवता कहाँ पुगे । त्यस पछि सो रात्री देवताले सुधन कुमारको सद्धर्म सुन्ने अटूत श्रद्धालाई अधिष्ठान गर्दै कल्याणमित्र कहाँ जाने शक्ति मिलोस् भनी अधिष्ठान गरे ।

अनि सुधन कुमारले सो रात्री देवतालाई पुष्पसिंहासनमा वसी समन्तभद्रप्रीतिविपुलविमलवेगध्वज वोधिसत्व समाधि गरिरहेको देखे । यतिमात्र होइन वहाँले प्रथम चित्त उत्पन्न गरेदेखि दशपारमितापूर्ण गरी अकनिष्ठ, सुदर्शन, सुदृश, आतप, वृहद, शुद्धावास, वृहत् फल पुण्य प्रसव, अनभ्रक, शुभकृष्ण, अप्रमाण शुभ, परितशुभ, आभास्वर, अप्रमाणाभ, परित्राभ, महाब्रम्ह, ब्रम्हपुरोहित ब्रम्हपार्षद, वशवर्ती, सुनिर्मित, तुषित, सुयाम, शक्र धृतराष्ट्र, विरूधक, विरूपाक्ष, वैश्रवण, द्रुमकिन्नर, महोरगेन्द्र, असुरेन्द्र, यम श्रावक, प्रत्येकबुद्ध आदिलाई उद्धार गरेको पनि देखें । त्यस्तै अनन्त प्राणीलाई अनन्त उपाय, भाषा, स्वरद्वारा उपदेश दिइरहेको पनि देखें । अनि सुधनले गाथाद्वारा प्रमुदितनयनजगतविरोचन रात्रीदेवतालाई हात जोडी स्तुति गरे– हे आर्य! हजूरले विमोक्ष लाभ गर्नु भएको कति भयो ? कसबाट लाभ गर्नु भएको हो ?

अनि रात्री देवताले पनि गाथाद्वारा आज्ञा भयो– क्षेत्ररजोपम कल्प भन्दा धेरै अघि धेरै राजधानी भएको द्वीप थियो ।

ती मध्ये गन्धध्वज नामको राजधानीमा विषाम्पति भन्ने चक्रवर्ती राजा हुनु भयो। एक दिन राजा घाम अष्टाई सके पछि आपनो सुत्ने समयमा सुती रहनु भएको थियो। त्यही मध्यरातमा रत्नश्रीप्रदिपगुणकेतु नाम भएको बुद्ध उत्पन्न भयो। त्यस वेला पृथ्वी कम्पमान भयो; सारा प्राणी सुखी भए। बुद्धको रोमकूपवाट अनन्त निर्मित बुद्धहरू निस्की जतातत धर्मदेशना गर्न लागेको थियो। अनि त्यही बेला एउटा रात्री देवता आउनु भई दिव्यस्वरमा राजा र राजपत्नी भद्रमतिलाई व्युंझाएर भने– हे राजा रानी ! बुद्ध कहाँ दर्शन गर्न जाऊ। यो वचन सुनी उनीहरू बुद्ध कहाँ पुगी पूजा भाव गरे। ती राजपत्नी भद्रमति मै थिए। यसरी त्यति खेरदेखि वोधिचित उत्पन्न गरी प्रणिधान गरेको थियो।

हे कुलपुत्र ! त्यस बेलाको विषाम्पति राजा मञ्जुश्री कुमार भूत हुनु हुन्थ्यो। जुन रात्रीदेवताले हामीलाई व्युंझायो। ती देवता समन्तभद्रवोधिसत्वले निर्मित गरेको थियो। सो रत्न श्रीप्रदीपगुणकेतु तथागतको दर्शनवाट मैले समन्तभद्रप्रीतिविपुल–बिमलवेगध्वजवोधिसत्वविमोक्ष लाभ गरेकी हुं। परन्तु सबै तथागतहरूको पाउमा प्रतिक्षण उपस्थित भई रहने बोधिसत्वहरूको चर्या जानेकी छैन। बरू यही तथागत परषदमण्डल भन्दा केही पर समन्तसत्वत्राणोज श्री नामको रात्रीदेवता बस्नु हुन्छ वहाँसंग यस वारे सोध्न जाऊ।

अनि सुधन श्रेष्ठी दारक रात्रीदेवताको पाउमा वन्दना गरी विदा भई त्यहाँबाट प्रस्थान गरे।

कल्याणमित्र समन्तसत्वत्राणोज श्री

अनि सुधन श्रेष्ठी प्रमुदितनयनजगतविरोचन रात्रीदेवताको विमोक्षलाई दृढविश्वास गर्दै कल्याणमित्रहरूको उपदेश सम्झदै समन्तसत्वत्राणोज श्री रात्री देवताको नजीक पुगे। त्यहाँ पुग्नासाथ सर्वलोकाभिमुखजगतविनयनिर्देशन विमोक्षको प्रभाव देखाउन वहाँ रात्री देवताले आफ्नो उर्णाकोशबाट आदि

अन्त नभएको रश्मि निकाल्नु भयो । त्यो रश्मिले सबै लोकलाई उज्यालो पार्दै सुधन श्रेष्ठी दारकको शिरमा पनि पारी सबै शरीरमा फिजाइदियो । यसरी त्यो रश्मिले छुने बित्तिकै सुधनलाई अत्यन्त विरजोमण्डल नामको समाधि लाभ भयो । अनि प्रभुदितनयनजगतविरोचन रात्री देवता र समन्तसत्वत्राणोज श्री रात्री देवताको बीचमा रहेको पृथ्वीमण्डल,अग्नि, वायु, वज्र, रत्न आदिका जति परमाणुहरू छन्, ती एक एक परमाणुहरूमा एक एक लोक धातु जस्तो देखिन थाले । ती लोक धातुहरूमा सृष्टि र प्रलय भइरहेको पनि देखे । अनि त्यसमा रहेका धार्मिक र क्लेश युक्त प्राणीहरू, बोधिसत्वहरू पनि देखिन थाले । त्यत्तिमात्र होइन स्वर्ग नरक आदिमा विविध प्रकारको उपायद्वारा प्राणीहरूलाई भयबाट मुक्त गरिरहेको पनि देखे । यस्तो विचित्र ऋद्धिविकुर्वितहरू देखी श्रद्धाले विह्वल भई रात्रीदेवतालाई दण्डवत प्रणाम गरे । अनि सुधन श्रेष्ठीले रात्रीदेवताको अगिल्तिर हात जोडो गाथाद्वारा स्तुति गरे– शुभलक्षण युक्त विशालकायको उर्णाकोशबाट निस्केको रश्मिले अज्ञान निवारण गरेर सबैलाई दुःखबाट उद्धार गरेको देख्छुं । हे आर्ये ! हजूरले यो विमोक्ष कहिले लाभ गर्नु भएको हो ।

अनि रात्रीदेवताले भन्नुभयो– हे कुलपुत्र ! यो विमोक्ष तथा प्रत्येक बुद्ध र श्रावकहरूले लाभ गर्न सकिने होइन किनभने समन्तभद्रबोधिसत्व चर्या गर्नेले मात्र यो विमोक्षलाभ गर्ने हुन्छ । यो कुरा म भन्छु सुन– धेरै कल्प अघि वैरोचनतेज श्रीलोक धातुमा विरजमण्डलकल्पमा सुमेरू परमाणु रजसमान बुद्ध उत्पन्न भएको थियो । त्यो लोक धातु वज्रमय विमानहरूले परिपूर्ण थिए । त्यहाँ क्लेशयुक्त क्लेशरहित, मिश्रित प्राणीहरू पनि थिए। त्यो लोक धातुमा हजारौं राजधानीहरू पनि थिए । ती मध्ये जम्बुद्वीपको बीचमा रत्नकुसुम प्रदीप नामको विशाल सुभीक्ष राजधानीमा वैरोचनरत्नपद्मगर्भ श्रीचूड नामको चक्रवर्ती राजा हुनु हुन्थ्यो । वहाँको सम्पूर्णश्रीवक्त्रा भन्ने स्त्रीरत्न र पद्मभद्रा-

भिरामनेत्रीती नामकी छोरी थिइन् । ती छोरी अत्यन्त सुन्दरी थिइन् । त्यस वेला प्राणीको आयु धेरै थियो । प्रजाहरू भने उनीहरूको पुण्यपापको फल अनुसार उत्तम र निम्न प्रकारका थिए । उत्तम व्यक्तिले निम्न खालकालाई अपमान पनि गर्दथे । त्यसकारण तिनीहरू परस्परमा झगडा गर्न थाले, अकुशल वढ्न थाले। जसको फलस्वरूप तिनीहरूको आयु, वर्ण, बल, सुख आदि घट्न थाले ।

त्यो रत्नकुसुमप्रदीप राजधानीको उत्तरतिर एउटा बोधिबृक्ष थियो । सो वृक्षको अघिल्तिर एउटा विशाल सरोवर थियो । त्यो सरोवरमा एक दिन एउटा ठूलो कमल फुल्यो त्यो कमलमा समन्तज्ञानार्ची श्री गुणकेतुध्वज नामको तथागत प्रादुर्भाव भए । वहाँको कल्यौं कल्प लामो थियो । वहाँले हजारौं वर्ष धर्म उपदेश गरी प्राणीहरूको उद्धार गरे । एकदिन वहाँले रश्मि अवभास विकुर्वितद्वारा म भन्दा हजारौं वर्ष पछि तथागत उत्पन्न हुनेछ भनी सूचना गरे । यति गरिसकेपछि वहाँले धर्मचक्र परिवर्तन गरी मानिसहरूको आशय अनुसार कसैलाई श्रावक भूमिमा, कसैलाई प्रत्येक बोधिमा, कसैलाई बोधिसत्व भूमिमा प्रवेश गराउनु भयो ।

एकदिन त्यो राजधानीमा निम्न व्यक्ति र उत्तम व्यक्ति वीचको कलह शान्त गरी उद्धार गर्न समन्तभद्रबोधिसत्व उद्धार वर्ष उत्तम गुणले युक्त भएको व्यक्तिको रूपमा आइपुगे । वहाँको चहकिलो वर्णले सूर्य चन्द्रको तेज पनि धमिलीन थाले । वहाँको त्यस्तो प्रभा, रूप, रंग देखेर सम्पूर्ण जनता आश्चर्य चकित भए । अनि क्रमशः चक्रवर्ती राजाको दरबारमाथि आकाशमा उभी यस्तो आज्ञा भयो– हे महाराज ! तपाईले थाहा पाउनु भयो ? तपाईको राज्यमा तथागत उत्पन्न भएको छ ।

अनि समन्तभद्रबोधिसत्वको अद्‌भुत सुन्दरताले प्रभावित भएकी पद्मभद्राभिरामनेत्री नामको राजपुत्रीले अत्यन्त हर्षित भई

यस्तो पुण्यपरिणामना गरिन्–मैले जति पनि कुशल कर्म गरेकी छुं। त्यसको पुण्यले म पनि समन्तभद्रवोधिसत्व जस्तै सुन्दर वन्न सकूं। जसरी यो अन्धकार रातलाई उज्ज्वल पारी बुद्ध उत्पन्न भयो भन्ने कुरा सूचना गर्नु भयो त्यस्तै म पनि प्राणीहरूको अज्ञानरूपी अन्धकारलाई ज्ञानालोकले प्रकाश गर्न सकूं तथा म जहाँ जहाँ जन्मे म त्यहाँ त्यहाँ बोधिसत्वहरूको दर्शन पाई रहूँ।

अनि चक्रवर्ती राजा आफ्नो सबै परिवारहरूको साथै पूजा सामान लिई बुद्धको दर्शन गरी गाथाद्वारा बुद्धको स्तुति गरे–हे भगवन् हजूरहरूको उत्पत्ति दूर्लभ छ, हजूरलाई हेर्नु र धर्मोपदेश सुन्न पाउनु हाम्रो भाग्य हो।

यति स्तुति गरी सकेपछि राजाले आफ्ना प्रजाहरूलाई पनि प्रेरणा दिई पूजा गर्न लगाए। अनि राजाकी छोरीले आफ्ना सबै गहनाहरू फुकाली भगवानलाई चढाए। तर ती गहनाहरू आपसे आप तथागतको माथि आकाशमा छत्र जस्तै अडेर बसे। यस्तै विभिन्न ऋद्धिहरू पनि देखिन थाले।

हे कुलपुत्र! धेरै कल्प अघि चन्द्रध्वज श्रीकेतु तथागतको पालामा त्यो राजकुमारीले जीर्ण भएको तथागतको मूर्तिलाई जीर्णोध्दार गरी रंगाएको गहनाहरू लगाई दिएकी थिइन्। त्यही पुण्यले उनले सबभन्दा पहिले वोधिचित्त उत्पन्न गरेकी थिइन्; चक्रवर्तीकी छोरी भई जन्मेकी थिइन्।

हे कुलपुत्र! वैरोचनरत्नपद्मगर्भ श्रीप्रभाचूड चक्रवर्ती राजालाई अरू नसंझ वहाँ मैत्रेय बोधिसत्व नै हो। चक्रवर्ती राजाकी पत्नी सम्पूर्ण श्रीवक्त्रा पनि अरू होइन प्रशान्तरूतसागरवती रात्रीदेवता नै हुन्। अनि ती राजपुत्री पनि अरू न संझ तथागतको मूर्ति जीर्णोध्दार गर्ने म रात्री देवता समन्तसत्वजत्राणोज:श्री नै हुं। मलाई बोधिचित्त धारणा गर्न प्रेरणा दिने समन्त भद्रबोधिसत्व हुनुहुन्छ। मैले अनगिन्ती तथागतहरूको अनगिन्ती जन्ममा सेवा गर्दै आएकी छुं तर समन्तभद्र चर्यालाई छाडेको छैन।

अनि समन्तसत्वत्राणोज: श्री रात्रीदेवताले सर्वलोकाभिमुखजगतविनयनिर्देशन विमोक्षको प्रशंसा गर्दै गाथाद्वारा फेरि भन्नु भयो– हे कुलपुत्र ! तिमीले पनि यो विमोक्ष भावना गर । अरू मैले बोधिचर्या सम्बन्धी जानेकी छैन । अत: यही वोधिमण्डपमा प्रशान्तरुतसागरवती नामकी रात्री देवता कहाँ गई तिमीलाई इच्छा लागेको कुरा सिक्न जाऊ ।

अनि सुधन श्रेष्ठी समन्तसत्वत्राणोज: श्री रात्रीदेवताको पाउमा वन्दना गरी विदा भए ।

कल्याणमित्र प्रशन्तरूतसागरवती

अनि सुधन श्रेष्ठी दारक समन्तसत्बत्राणोज: श्री रात्रीदेवताको विमोक्षलाई दृढविश्वास गर्दै प्रशान्तरुतसागरवती कहाँ पुगी वहांको पाउमा वन्दना गरी भने– हे आर्ये ! मैले बोधिसत्व उत्पन्न गरेको छु; धेरै कल्याणमित्रहरूको उपदेश पनि सुनेको छु तैपनि मलाई सन्तोष भएको छैन हजूरले पनि उपदेश दिनु होस् ।

अनि प्रशान्तरुतसागरवती रात्री देवताले सुधनलाई साधुवाद दिदै भन्नुभयो– हे कुलपुत्र ! मैले बिपुलप्रीतिवेगसंभवचित्त क्षणव्यूह नामको विमोक्ष लाभ गरेको छु । यसको विषय तथा काम र प्रयोग गर्ने तरिका म तिमीलाई बताउछु सुन–हे कुलपुत्र! यो विमोक्ष धारणा गर्नेले सम्पूर्ण प्राणीहरूको दु:ख दौर्मनस्य, शोक रोग, प्रियवियोग, अप्रिय संयोग आदि दु:ख हटाई दिनु पर्छ, आनन्दित पार्नु पर्छ । आमा वाबु, दाजु भाई, स्वास्नी छोरा छोरी आदिलाई सद्धर्ममा लगाउने र उनीहरूलाई हित सुख हुने कुरा गर्न तत्पर हुनुपर्छ । रिसाएकालाई शान्ति पारमिता, अल्सीलाई बीर्यपारमिता, अशान्तचित्त भएकालाई ध्यानपारमिता दृष्टि विपन्न र बुद्धि नभएकालाई प्रज्ञापारमिता लाभ हुने उपदेश दिनु पर्छ । रोगी, दु:खीहरूलाई खान लाउने बन्दोबस्त गरी धर्ममा लगाउनु पर्छ । श्रावक, प्रत्येक बोधिमा भन्दा बुद्धबोधिमा

जनताहरूलाई लगाउनु पर्छ । यी उपर्युक्त चर्या मैले गरी आइरहेको छु ।

फेरि वैरोचन तथागतको भावना गरी वहाँको सुन्दर अचिन्त्यरूपलाई संझी म प्रीति प्रामोद्यले युक्त हुन्छ । यसरी वैरोचन तथागतको विभिन्न प्रकारले भावना गर्दा गर्दै म उपर्युक्त अभूतपूर्व कुराहरू अनुभव गर्छु ।

हे कुलपुत्र ! यो अपुलप्रीतिवेगसंभवचित्तक्षणव्यूह बिमोक्षलाई अनन्त, मव्य, अक्षय विमोक्ष आदि धेरै नामले वर्णन गरेको छ । अनि सुधन श्रेष्ठीले रात्री देवतालाई हजूरले यो विमोक्ष कसरी लाभ गर्नु पर्छ? हजुरले बोधिचित्त उत्पन्न गरेको कति भयो भनी सोधे । सुधनको यस्तो प्रश्न सुनी रात्री देवताले आज्ञा भयो– हे कुलपुत्र ! यो विमोक्ष लाभ गर्न दशवटा महावितान धर्महरू पालना गर्नु पर्छ । दान, शील क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा, उपाय, प्रणिधान, बल, ज्ञान यी दशवटा उपायद्वारा प्राणीहरूको हित गर्नु लाई महावितान धर्म भनिन्छ ।

हे कुलपुत्र ! धेरै लोक धातुहरूको पूर्वतिर सर्व तथागत प्रभाप्रणिधिनिर्घोष नामको लोकधातु वंश छ । त्यसको बीचमा एउटा लोकधातु छ त्यो लोकधातुमा अभिवर्त्य धर्मधातुनिर्घोष नामको तथागत बस्नु हुन्थ्यो । सो तथागतको पालामा म पुण्यप्रदीपसंपतकेतुप्रभा नामकी बोधिमण्डप देवता थिए । त्यसबेला मैले बोधिचित्त उत्पन्न गरेकी थिएँ । सो तथागतको दर्शन पाएपछि मैले तधागतगुणसमुद्रावभास नामको समाधि लाभ गरेकी हुं । यसरी धेरै तथागतलाई विभिन्न जन्म सेवा गर्दै धेरै किसिमका समाधि लाभ गरेको हुं । अहिले पनि प्रतिक्षण वैरोचन तथागतलाई म दर्शन गरिरहन्छु । सबै तथागतहरूको पाउमा सेवा गरिरहेको म संझन्छु धेरै कल्प अघि कनकविमल प्रभालोक धातुमा पुण्यप्रदीपसंपतसमन्तकेतुप्रभा बोधिवृक्षदेवता हुंदा अवैवर्त्य धर्मधातुनिर्घोष तथागतको धर्मदेशना सुनी बोधिचित्त उत्पन्न गरी ककुच्छन्ददेखि शाक्यमुनि सम्मका भद्रकल्पका तथागतहरूलाई पनि मैले पूजा

सम्मान गरी आएको छुं । यरतै पराक्रमद्वारा वोधिसत्वहरू बोधि चर्या पालना गर्नुपर्छ ।

अनि प्रशान्तरूतसागरवती रात्रीदेवताले विपुलप्रीति वेगचित्तक्षणव्यूहविमोक्षको प्रशंसा गर्दै सुघनलाई गाथाद्वारा यसो भन्नु भयो– मेरो वचनमा विश्वास गरी प्रीति, प्रमोद भई यो विमोक्ष लाभ गर्न प्रयत्न गर । आमा, वाबु गुरूजनको हितसुख, सत्कार गर्न तत्पर होऊ, गरीब गुरूवा, अपांग अनाथ, रोगीहरूको सेवा गर । दु:खीको दु:ख हरणे प्रणिधान गर । मैले पनि यही चर्याद्वारा यो विमोक्ष लाभ गरेकी हु । परन्तु सर्वधर्म धातु नयसागरमा दुबुल्की मार्ने वोधिसत्वहरूको चर्या वा गुण बताउन असमर्थ छु ।

हे कुलपुत्र ! यही वोधिमण्डपको तथागत वैरोचनको पर्षद मण्डलमा सर्वनगररक्षासंभवतेज: श्री नामकी रात्री देवता हुनु हुन्छ । वहाँ कहाँ गएर वोधिचर्या सिक्न जाऊ ।

अनि सुघन श्रेष्ठी प्रशान्तरूतसागरबती रात्रीदेवतालाई गाथाद्वारा स्तुति गरी त्यहाँबाट विदा भई प्रस्थान गरे ।

कल्याणमित्र सर्वनगररक्षासंभवतेज: श्री

अनि सुधन श्रेष्ठी दारक विपुलप्रीतिवेगसंभवचित्तक्षणव्यूहविमोक्षको भावना गर्दै प्रशान्तरूतसागरवती रात्रीदेवताको उपदेशलाई सम्झदै क्रमश: सर्वनगररक्षासंभवतेज: श्री रात्रीदेवता कहाँ पुगे । त्यसबेला वहाँ पद्मासनमा राज भई असंख्य रात्रीदेवताहरूलाई उपदेश दिइरहनु भएको थियो । अनि प्रसन्न भई वहाँको पाउमा शिरले वन्दना गरी आफूले वोधिचित्त उत्पन्न गरेको कुरा निवेदन गरेर जगतसत्वको कसरी उपकार गर्न सकूंला उपदेश दिनुहोस् भनी विन्ती गरे ।

यति निवेदन सुनी रात्री देवताले भन्नु भयो– हे सुधन ! तिमीलाई धेरै साधुबाद छ । जगत उद्धार गर्ने उद्देश्यले बोधिचित्त उत्पन्न गरेका रहेछौ । हे कुलपुत्र ! मैले मनोज्ञरूत गम्भीर-

विकुर्वितप्रवेश नामको बोधिसत्व विमोक्ष लाभ गरेकी छु । यो विमोक्षको प्रभावले आशक्ति रहित हुने धर्म व्याख्यान गर्छु । महामैत्री, महाकरूणाको बलद्वारा प्राणीहरूलाई बोधिचित्त उत्पन्न गराउने प्रयत्न गर्छु । धर्मदान दिनु, अरूलाई बोधिचित्त उत्पन्न गरिदिनु, कल्याणमित्रको संगत गर्ने प्रेरणा दिनु मेरो मुख्य काम हो ।

फेरि हे कुलपुत्र ! मैले धर्मधातुलाई दश प्रकारले भावना गर्छु । अनि दश प्रकारको धारणीमण्डललाई प्रधानता दिएर प्राणीहरूलाई धर्मदेशना गर्दछु । श्रुतमयीप्रज्ञा, चिन्तामयी प्रज्ञा र भावनामयी प्रज्ञा आदिद्वारा पनि म धर्मदेशना गर्छु ।

रात्री देवताको यस्तो प्रतिभा देखेर सुधनले यो विमोक्ष हजूरले कहिले लाभ गर्नु भएको हो सुन्न चाहन्छु भनी निवेदन गरे । यसरी विन्ती गरे पछि रात्रीदेवताले भन्नु भनो–हे कुलपुत्र! परमाणु समान कल्प भन्दा पहिले धर्मातिनगरमेघ नामको लोकधातुमा विमलप्रभ नामको कल्पमा सुमेरूको परमाणु समान तथागतहरू उत्पन्न भएका थिए। त्यो लोक धातुमा धेरै राजधानी मध्ये प्रधान राजधानी समन्तरत्नकुसुमप्रभ नामको राजधानी थियो । त्यहाँ सर्वधर्मसागरनिर्घोषप्रभराज तथागत उत्पन्न हुनु भयो । त्यस वेला सो राजधानीमा विमलवक्त्रभानुप्रभ चक्रवर्ती राजा हुनु हुन्थ्यो । सो राजाले सर्वधर्मसागरनिर्घोषप्रभराज तथागतको मुखारविन्दबाट सर्वधर्मसागर नामको सूत्रान्त सुनेको थियो । धेरै कालपछि सो तथागतको धर्मशासन अन्तर्धान भयो । अनि भिक्षुभिक्षुहरू कलह बिवाद सुरू भयो । बुद्धको गुण बिर्सन थाले, राजकथा, चौरकथा, स्त्रीकथा, जनपदकथा, समुद्रकथा आदिमा जनताहरू लाग्न थाले । नास्तिकता दिन प्रतिदिन बढ्न थाल्यो । अनि विमलवक्त्रभानुप्रभ चक्रवर्ती राजाले बुद्ध धर्म लोप नहोस् भन्ने उद्देश्यले आकाश माथि बस्नु भई नाना प्रकारको रश्मि फिंजाई सबै जनताहरूको पीर मर्का शान्त गरी तथागतको शासन फेरि प्रचार गर्न थाल्नु भयो ।

त्यसबेला सो चक्रवर्ती राजाकी छोरी धर्मचक्रनिर्वाणप्रभा पनि भिक्षुणी भई राजाको उपदेश अनुसार धर्माचरण गरी समाधि, धारणी, प्रज्ञापारमिता सम्बन्धी ज्ञान लाभ गरिन् ।

हे कुलपुत्र ! सो चक्रवर्ती राजा समन्तभद्रबोधिसत्व नै हुन्। वहाँकी छोरी भिक्षुणी मैं हुं । त्यस बेलादेखि मैले बोधिचित्त उत्पन्न गरी विमलधर्मपर्वतशिखराभ नाम आदि गरेका सय बटा बुद्धहरूको उपदेश सुनी सेवा गर्दै आइरहेकी छु । साथै धेरैलाई सद्धर्ममा लगाई अज्ञान निद्राबाट व्युंझाई सर्वज्ञता धर्मनगरमा लगिसकेकी छु । हे कुलपुत्र ! मैले यही मनोज्ञरूतगम्भीरविकुर्वित बोधिसत्वप्रवेश नामको विमोक्ष मात्र जानेकी छु । परन्तु अनन्त गुण भएका बोधिसत्वहरूको चर्या वा गुण म कसरी भन्न सकूंला? त्यसकारण यही वैरोचन तथागतको पाउमा सेवा गर्न बसेकी सर्ववृक्षप्रफूल्लनसुखसंवासा नामकी रात्रीदेवता हुनुहुन्छ । वहाँ कहाँ गएर तिमीलाई चाहिएको कुरा सुन्न जाऊ ।

अनि रात्रीदेवताले फेरि पनि गाथाद्वारा मोज्ञरूतगम्भीरविकुर्वितप्रवेशविमोक्षको उद्देश्य व्यक्त गर्नु भयो र आकाश समान गम्भीर र देख्न गाह्रो यो विमोक्ष भावना गऱ्यो भने आशक्ति हटी मैत्री बढ्ने छ यसको अभ्यास गर भन्नु भयो ।

अनि सुधन श्रेष्ठीले पनि उचितरूपले रात्रीदेवतालाई गाथाद्वारा स्तुति गरी पाउमा वन्दना गरी बिदा भए ।

कल्याणमित्र सर्ववृक्षप्रफूल्लनसुखसंवासा

अनि सुधन श्रेष्ठी दारक मनोज्ञरूतगम्भीरविकुर्बितप्रवेश विमोक्षलाई मनन गर्दै जांदा सर्ववृक्षप्रफूल्लनसुखसंवासा रात्रीदेवतालाई अरू हजारौं रात्रीदेवताहरू सहित सिंहासनमा बसी रहेको देखे। अनि रात्रीदेवताको पाउमा वन्दना गरी आफूले बोधिचित्त उत्पन्न गरेको कुरा निवेदन गर्दै बोधिचर्या कसरी पालना गर्नु पर्छ उपदेश दिनुहोस् भनी विन्ती गरे ।

सुधन कुमारको यस्तो विन्ती सुनी रात्रीदेवताले भन्नु भयो– हे कुलपुत्र ! मेरो प्रभावले सूर्य अस्ताई सबै प्राणीहरू आ-आफ्नो वासस्थानमा गई सुख अनुभव गर्ने हुन्छन् ? मैले कामाशक्त युवाहरूलाई जाति जरामरणको भयबाट मुक्त गर्न कुशल मूलका उपदेश गर्दछु तथा कन्जुसलाई दानमा, दुःशीललाई सुशीलमा, क्रुरलाई मैत्रीमा विक्षिप्तचित्तका व्यक्तिलाई ध्यान आदिमा संलग्न गराउन म धर्मोपदेश गर्दछु ।

यति मात्र होइन । हे कुलपुत्र ! मैले विमलप्रीतिसंभवतुष्ठ्यवभास नामको विमोक्ष पनि लाभ गरेको छुं । यो बिमोक्षको प्रभावले प्राणीहरू सबैले सुख अनुभव गर्छन् । ती सबै सुख तथागतको पुण्यको प्रभावले नै प्राप्त हुने हो भन्ने मेरो विश्वास छ । हे कुलपुत्र ! जव म यो विमोक्ष धारणा गर्छु वैरोचन तथागतको पूर्वजन्मका सबै कुराहरू म सम्झन थाल्छुं ।श्री तथागतले प्राणीहरूको अहंकार ममकार, अविद्या हटाई महाकरूणा उत्पन्न गरी सबै प्राणीलाई हित गर्ने चित्त उत्पन्न गरिदिनु हुन्छ । यरी महामैत्री, समता, आदि भावनाद्वारा जगतसत्व सबैमा व्याप्त हुने गरी सुख वर्षाउनु हुन्छ । साथै आर्यधनद्वारा प्राणीहरूलाई तृप्त गरी सम्पूर्ण आवश्यक वस्तुहरू जुटाई दिनु हुन्छ ।

यस्तै गरी वैरोचन तथागतले बोधिसत्व चर्या पूर्ण गर्दा विभिन्न उपकार गरेको कुराहरू पनि म देख्न थाल्छु ।

रात्रीदेवताको यस्तो विचित्र कुरा सुनेर सुधनले रात्रीदेवतालाई यो विमोक्ष हजूरले कहिले लाभ गर्नु भएको हो भनी प्रश्न गरे । सुधनको यस्तो प्रश्न सुनी, रात्रीदेवताले भन्नु भयो– हे सुधन ! यी कुरा कसैले पत्याउन र आचरण गर्न सक्ने कुरा होइन । किन्तु तथागतको अधिष्ठामले र कल्याणमित्रहरूको उपदेशले मात्र यी सम्भव हुन आउंछ । साधारण मानिसले यो विमोक्षको विश्वास गर्दैनन् । तर तिमीले धेरै कल्याणमित्रहरूको सेवा गरिसकेको हुनाले म तिमीलाई वताउंछु सुन भनी गाथाद्वारा

भन्नु भयो– यो विमोक्षलाई लोभी, दुष्ट, अज्ञानी, अभिमानी तथा अल्सीले बुझ्न सक्दैन । कल्याणमित्र सेवा गर्ने बुद्ध गोत्रमा जन्मेको एवं संसारलाई करूणाद्वारा मैत्रीपूर्वक एकै चोटि भिजाउन सक्ने व्यक्तिले मात्र यो विमोक्ष बुझ्न सक्छ । तिमी यसको लागि योग्य छौ । तिमीले पनि वैरोचन तथागतको चर्यालाई ग्रहण गर ।

हे कुलपुत्र ! धेरै कल्प पहिले मणिकनकपर्वत शिखर वैरोचन नामको लोकधातुको समुद्र (पुञ्ज) थियो । त्यो लोक धातुको पुञ्जमा ज्ञानपर्वतधर्मधातुदिक्प्रपतनतेजोराज नामको तथागत उत्पन्न भयो । सो तथागतले बोधिसत्व चर्या पालन गर्दा एक एक वटा लोकधातुमा परमाणु समान कल्पहरू विताएका थिए । त्यसबेला सो तथागतले असंख्यस्हरूको व्याख्यान गरी असंख्य बोधिसत्वहरूको व्याकरण गर्नु भएको थियो अर्थात् भविष्यवाणी गर्नु भएको थियो । त्यही लोकधातु पुञ्जको वीचमा समन्तादगभिमुखद्वारध्वजव्यूह नामको लोकधातु बंश थियो । सो लोकधातु वंशको वीचमा सर्व रत्नवर्णसमन्तप्रभा श्री नामको लोकधातु थियो । सो लोकधातुमा अनेकौं राजधानीहरू थिए । त्यस मध्ये रत्नशालव्यूहमेघप्रदीप नामको राजधानीमा सर्वधर्मनिर्णादछत्रमण्डलनिर्घोष नामको सर्वगुणसम्पन्न चक्रवर्ती राजा हुनुहुन्थ्यो । सो लोकधातुमा अन्तर कल्प क्षय हुने बेलामा प्राणीहरूले कुशल कर्म छोडी अकुशल कर्म गर्न थालेका थिए । जसको फलस्वरूप सबै प्राणीको आयु क्षीण हुंदै गए। वर्षा पनि समय समयमा हुन छोड्यो । अनिकाल परी हाहाकार मच्यो । अनि सम्पूर्ण जनताहरू रूंदै कराउंदै सर्वधर्मनिर्णादछत्रमण्डलनिर्घोष राजा कहाँ पुगे । अनि उनीहरूको दु:खित स्वर सुने । राजाले महाकरूणा युक्त दश महावाक्यहरू भन्नु भयो– यी प्राणीहरूलाई मैले उद्धार गरी तथागतको भूमिमा कसरी लैजान सक्ूंला ? इत्यादि अनि त्यसपछि राजधानीमा घण्टाघोषण गरी ठूलो दानमण्डप बनाई जे जे चाहिने हो सो कुरा असंख्य जनताहरूलाई दान दिन थाले । यसरी

असंख्य प्राणीहरूलाई दान दिन पाउंदा चक्रवर्ती राजाको मनमा प्राणीहरू उपर ठूलो प्रेम उत्पन्न भयो। वास्तवमा राजाले यो भारी दान दिएको स्वर्गदेखि लिएर अकनिष्ठभूवन सम्मको देवलोकमा जान पाउँ भन्ने इच्छाले दिएको होइन,केवल जगतसत्व उद्धार गर्ने बोधिचित्तले मात्र दान दिएको थियो ।

हे कुलपुत्र ! घोर जङ्गलमा छोराछोरी साथमा लिई आइरहेको आमाबाबुले छोराछोरीहरू मध्ये एउटा हराएर फरि पाउंदा जुन किसिमको अपार आनन्दको अनुभूति हुन्छ त्यस्तै अपार आनन्द र हर्ष त्यो राजाले ती गरीव दु:खी जनतालाई दान दिंदा अनुभव गरेको थियो । ती सबै माग्ने जनताहरूलाई राजाले मातृसंज्ञा, पितृसंज्ञा आदि भावना गरी तृप्त पारेका थिए । ठीक त्यसैबेला उक्त दानशालामा रत्नप्रभा नामकी एउटी सुन्दरी श्रेष्ठी दारिका आफ्ना साठ्ठी वटा कन्याहरू सहित आइपुगिन् र राजालाई वन्दना गर्दै मनमनै यस्तो अधिष्ठान् गरिन्– ‘‘हाम्रा चक्रवर्ती राजाले जुन पुण्य गर्नु भयो सो मैले पनि गर्न सकूं; वहाँले जुन धर्मतालाई जान्नु भयो सो धर्मता मैले पनि जान्न सकूं ।

अनि यस्तो प्रार्थना गरेको राजाले थाहा पाई हे दारिका तिमीलाई के चाहिन्छ सो म दिन्छु भन्दा उनी अत्यन्त प्रसन्न भई सर्वधर्मनिर्णादछत्रमण्डलनिर्घोष चक्रवर्ती राजालाई गाथाद्वारा स्तुति गरिन्–हजूरको कृपाले अब यहाँ अधर्म हट्नेछ; व्यभिचारी चोर, हत्यारा आदिहरू पनि रहने छैन; भोकले आकुल व्याकुल भएका प्राणीहरू पनि यहाँ हुने छैन । तपाईं जुन बेला आफ्नो पिताज्योतिप्रभ राजाकी महारानी तपाईंकी आमा पद्मप्रभादेवीको कोखमा उत्पन्न हुनुभयो त्यस बेलादेखि नै जगतलाई हित सुख दिन उत्पन्न हुनु भएको हों इत्यादि । अनि चक्रवर्ती राजाले रत्नप्रभा श्रेष्ठी दारिकालाई तिमी पनि अविष्यमा बोधिसत्व हुनेछौ भनी प्रशंसा गरी रत्नले सिंगारेको वस्त्र आफ्नै हातले बक्स्यो। उनका अरू परिवारहरूलाई पनि वस्त्रदान दिनुभयो ।

अनि सर्ववृक्षप्रफुल्लनसुखसंवासा रात्रीदेवताले सुधनलाई सम्वोधन गरी आज्ञा भयो– हे कुलपुत्र त्यस वेलाको चक्रवर्ती राजा अरू कोही होइन तथागत वैरोचन नै हुनुहुन्छ– फेरि वहाँकी माता महारानी पद्मप्रभा अरू होइन मायादेवी नै हुनुहुन्छ। ज्योतिप्रभा राजा अरू होइन शुद्धोदन महाराज नै हुनुहुन्छ। अनि ती रत्नप्रभा श्रेष्ठी दारिका मै हुं। हे कुलपुत्र ! यसमा शंका लिनु हुंदैन।

अनि रात्रीदेवताले आफ्नो विपुलप्रीतिवेगसंभवनिदानतृष्टचवभासवोधिसत्व विमोक्षको वर्णन गर्दै गाथाद्वारा फेरि यसो भन्नुभयो– मेरो यो अद्वय, असङ्ग ज्ञान सबै प्राणीलाई दिन चाहन्छु..........आदि। तिमीले पनि यही विमोक्षलाई भावना गर। मैले जानेको यही हो। तथागतहरूको सर्वज्ञाता प्रस्थान प्रणिधि समुद्रमा दुबुल्की मारिरहेका बोधिसत्वहरूको चर्या वा गुण म कसरी जान्न सकूला ? यही बोधिमण्डपमा भगवान् बुद्धको नजीकै सर्वजगतरक्षाप्रणिधानवीर्यप्रभा नामकी रात्रीदेवता हुनुहुन्छ। वहाँ कहाँ गएर प्राणीहरूलाई कसरी उद्धार गर्ने तथागतहरूलाई कसरी आराधना गर्ने सोध्न जाऊ।

यति उपदेश सुनी सुधन श्रेष्ठी रात्रीदेवतालाई वन्दना गरी त्यहाँ प्रस्थान गरे।

कल्याणमित्र सर्वजगतरक्षाप्रणिधानवीर्यप्रभा

अनि सुधन श्रेष्ठी दारक सर्वजगतरक्षाप्रणिधानवीर्यप्रभा रात्रीदेबता कहाँ गई वहाँको शरीरमा चन्द्र, सूर्य, ग्रह ताराहरू प्रतिविम्वित भइरहेको र विभिन्न ऋद्धिहरूले गर्दा शोभायमान भैरहेको वहाँको शरीरलाई देखी प्रणाम गरी धेरै वेरसम्म जमीनमै झुकी रहे। अनि जमीनबाट उठी रात्रीदेवताको शरीरलाई हेर्दा हेर्दै दश प्रकारको संज्ञाविशुद्धि लाभ भयो। जस्को प्रभावले वोधिसत्वसभागता (समानता) पनि लाभ गरे। अर्थात्

वोधिसत्वमा हुने स्मृति, मति, गति, बोधि, इन्द्रिय आदि सबै कुराहरू सुधनमा पनि हुन थाले । अनि सुधन श्रेष्ठीले चीवरबाट दायाँ हात निकाली विन्ती गरी गाथाद्वारा वहाँ रात्रीदेवतालाई धेरै प्रशंसा गरी भने– हजूरको गुणलाई न त विर्सने छु नत सबै कुरा व्यक्त गरेर प्रशंसा नै गर्न सक्छु । हजूरले मलाई देखाउनु भएको यो विमोक्षको नाम के हो ? हजूरले सम्यक् सम्वोधि कहिले लाभ गर्नु हुनेछ ।

यस्तो प्रश्न सुनी रात्रीदेवताले भन्नु भयो– हे सुधन ! यो विमोक्षको नाम सर्वसत्वपरिपाकसंचोदनकुशलसंभव हो । मैले यही विमोक्ष लाभ गरेकी छु । यसको प्रभावले मेरो कुनै वस्तुमा आशक्ति छैन । न त मेरो शरीरको वर्णमा परिवर्तन हुन्छ; न त नीलो आदि कुनै वर्ण नै रहन्छ । यो मेरो शरीरको कसैले निमित्त ग्रहण गर्न सक्दैन । मेरो शरीरको अनन्त, अचिन्त्य वर्णहरू छन् । यसकै प्रभावले प्राणीहरूलाई तथागतको अधिष्ठानद्वारा विनीत वनाउंछु ।

हे कुलपुत्र ! यसरी आफ्नो शरीरबाट अनेक रश्मि निकाली सम्पूर्ण बुद्धक्षेत्रहरूलाई न उज्ज्वल पारी सबैलाई तथागत उत्पन्न भएको देखाई कुशल कर्ममा लगाउने प्रेरणा दिन्छु । कुशल गरिरहेकाहरूलाई कुशल वढाउने प्रेरणा दिई अविवर्त्य भूमिमा प्रवेश गराउंछु ।

हे कुलपुत्र ! तिमीले अनुत्तर सम्यक् सम्बोधि लाभ गर्न कति समय लाग्छ भनेर सोध्यौ; म उत्तर दिन्छु ध्यान दिएर सुन– "बोधिसत्वहरूको ज्ञानमण्डलमा कल्पका कुरा, विकल्पका कुरा, परिकल्पका कुरा हुंदैन । अर्थात् वहाँहरू अनन्त कल्प र क्षणभरमा भेदभाव गर्नु हुन्न । सूर्य मण्डलमा रात र दिनको व्यवस्था नभए जस्तै वहाँहरू थोरै समय लाग्यो धेरै समय लाग्यो भनेर कल्पना गर्दैनन् । साधारण मानिसलाई सूर्य अस्ताए पछि रात र सूर्य उदाए पछि दिन भन्ने कल्पना हुन्छ त्यस्तै साधारण व्यक्तिलाई मात्र समयको कल्पना हुन्छ ।

हे कुलपुत्र ! सूर्यमण्डल आकाशमा उडाउंदा सम्पूर्ण रत्नपर्वतहरू, नदी, सागरहरू, धुलोहरू, पहाडहरू सबै ठाउँ समान रूपले प्रतिविम्बित हुन्छन् । परन्तु त्यहाँ सूर्य प्रवेश गरेको होइन। ठीक यस्तै बोधिसत्वहरूले पनि यो भवसंसारमा प्राणीहरूलाई उपकार गरिरहेका हुन्छन् तर बोधिसत्वहरू प्रति आशक्त हुँदैनन् । जगतसत्व उद्धार गर्न तम्सेता पनि वोधिसत्वहरूले प्राणीहरूलाई मायोपम, स्वप्नोपम देख्छन् । आकाश जस्तो धर्मधातुको विशालताले गर्दा सम्पूर्ण लोक धातुहरूको सृष्टि एवं संहार भएतापनि वोधिसत्वहरूले सृष्टी भएको तथा सहार भएको देख्दैनन् केवल आशक्ति रहित भएर मात्र रहेको हुन्छ । फेरि जादूवाट बनाएको मानिसमा दशवटा गुणहरू नभए जस्तै यी वोधिसत्वहरूमा पनि संसारका कुनै वस्तुमा पनि इच्छा आदि दशवटा कुराहरू हुदैनन् । यस्ता बोधिसत्वहरूको वर्णन गर्नु त केवल बुद्धानुभावले मात्र सम्भव हुन्छ ।

हे कुलपुत्र ! धेरै कल्प पहिले रत्नप्रभा नामको लोक धातुमा सुप्रभ नामको कल्पमा दश हजार बुद्धहरू उत्पन्न भएका थिए । ती बुद्धहरू मध्ये सर्वप्रथम धर्मचक्रनिर्घोषगगनप्रदीपराज तथागत उत्पन्न भएको थियो । वहाँ तथागत रतिव्यूह नामको राजधानीमा वस्नुहुन्थ्यो । त्यसबेला मानिसहरूको आयु दशहजार वर्ष थियो । तर प्राणीहरूले प्राणातिपात, अदत्तादान आदि दश अकुशल कर्म गर्न थालेकाले तिनीहरूलाई विनीत गर्न भगवान्ले एक हजार वर्षसम्म धर्मदेशना गर्नु भयो । जसको फलस्वरूप धेरै मनुष्यहरू सन्मार्गमा लागेका थिए ।

त्यसबेला त्यो रतिव्यूह राजधानीमा जयप्रभ नामको राजाले राज्य गरिरहेको थियो । उक्त राजाले अदत्तादायी आदि अकुशलकर्म गर्ने, आमावाबु, श्रमण ब्राम्हणहरूलाई दुःख दिने वदमासहरूलाई दमन गर्न झ्यालखानामा राखेका थिए । एक दिन राजाका छोरा विजीतावी राजकुमार आफ्ना परिवारहरूको साथमा गाना वजाना गरिरहंदा ती झ्यालखानामा थुनी राखेका

अपराधीहरूको कोलाहल शब्द सुन्नु भयो । अनि करूणाचित्तले किन कराएको रहेछ भनेर त्यहाँ गई हेर्न जानु भयो र नाना प्रकारले दण्ड दिइराखेको देखेर तिनीहरूउपर करूणा दया गरी तिमीहरूलाई यो वन्धनबाट मुक्त गरिदिन्छु भनी आश्वासन दिई राजाकहाँ गएर यसरी विन्ती गरे– हे महाराज ! वन्धनागारका दुःखीहरूलाई मले अभयदान दिएर आएको छु; तिनीहरूलाई कैदबाट मुक्त गरिबक्स्योस् । अनि राजाले आफ्ना पाँच सय अमात्यहरूलाई यसबारे के गर्ने भनी प्रश्न गरे । तर अमात्यहरूले राजाको भलाइको निमित्त यी राजद्रोहीहरूलाई वध दण्ड नै दिनु पर्छ भनी विन्ती गरे । यतिमात्र होइन यिनीहरूलाई मद्दत गर्नेलाई समेत दण्ड दिनुपर्छ भनी विन्ती गरे ।

अनि विजितावी राजकुमारले– "यदि यिनीहरूलाई मुक्त गरिदिने हो भने यिनीहरूले भोग्नु पर्ने संजाय म भोग्न तयार छु ।" यति भनी राजकुमारले सबै वन्धनमा रहेका अपराधीहरूलाई मुक्त गरिदिए । अनि त्यस पछि मन्त्रीहरू राजा कहाँ गई विन्ती गरे– महाराज ! यी वदमासहरूलाई छाडिदिएकोले हामीहरू र सरकारको गाथमा समेत खतरा उत्पन्न भएको छ । त्यस कारण राजकुमारलाई समेत दण्ड दिइएन भने धेरै नोक्सान हुन सक्छ ।

यति कुरा सुनी राजाले अपराधीहरूको साथै राजकुमारलाई पनि प्राणदण्डको आज्ञा दियो । यो कुरा सुनी महारानी रुदैं कराउंदै राजकुमारलाई प्राणदण्ड नदिनु होस् अपराधीलाई मात्र दण्ड दिनुहोस् भनी विन्ती गरे । अनि यदि प्राणदण्ड नदिई नहुने भए दश दिन राजकुमारलाई दान दिने मौका दिई बक्स्योस् भनेर पनि विन्ती गरे । त्यही विन्ती अनुसार दशदिन दानशाला बनाई अन्नादि दान गर्न लगाए । त्यस वेला धर्मचक्रनिर्घोषगगनमेघप्रदीपराज तथागत पनि प्राणीलाई उपदेश दिने उचित समय यही हो भन्ने सम्झी सो दानशालामा पाल्नु भयो । अनि राजकुमाले तथागतलाई देखी अति प्रसन्न भई दान गरे । त्यसवेला श्री

तथागतले हेतुमण्डलप्रवाससूत्रको व्याख्यान गर्नुभयो । सो घर्म उपदेश सुनी धेरै मानिसहरूको घर्मचक्षु उत्पन्न भयो ।

हे कुलपुत्र! अनि दानको फल तथा प्रसन्नचित्तले भगवान्‌को धर्म सुनेकोले बिजितावी राजकुमारलाई सर्वसत्वविपाकयथाशयसंचोदन कुशलमूलसंभवविमोक्ष लाभ भयो । सो लाभ गर्ने राजकुमार मैं हुं । यसकारण मैले यो विमोक्ष लाभ गरेको धेरै भइसक्यो । अनि ती अपराधीहरू पनि तथागतको उपदेश सुनेको फलले पछि भद्रकल्पमा ऋकुच्छन्द आदि तथागत भई उद्धार भएका छन् । जयप्रभ राजा पनि सत्यकनिर्ग्रन्थ नै हुन्; उनी पनि उद्धार भए । अनि विजितावी राजकुमार आमाबाबुको आज्ञा लिई तथागतसंग उपदेश लिई प्रव्रजित भई पाँच हजार वर्ष सम्म ब्रम्हचर्य पालना गरे । त्यहाँबाट पछि च्युति भई सोहि राजधानीमा चक्रवर्ती राजा भएर धर्मगगनाभ्युद्‌गत श्री राज तथागत आदिलाई सेवा गरी आएका थिए ।

हे कुलपुत्र ! म यही बिमोक्ष जान्दछु परन्तु सर्वलोकको गतिलाई पनि नाघेर गएको बोधिसत्वहरूको विमोक्ष तथा समाधि वारे म जान्दिन । बरू यही जम्बूद्वीपको बुम्बिनीवनमा सुतेजोमण्डल रति श्री नामको लुम्बिनी वनदेवता बस्नु हुन्छ । वहाँ कहाँ गएर बोधिसत्वहरू तथागत कूलमा कसरी जन्मन्छन्, लोकलाई ज्ञानालोक कसरी प्रकाश गर्न सकिएला, जगतसत्वको उद्धार गर्नं के गरे अल्सी लाग्दैन ईत्यादि प्रश्न गर ।

अनि सुधन श्रेष्ठी दारक रात्रीदेवताको पाउमा वन्दना गरी विदा भई त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र सुतेजोमण्डल रति श्री

अनि सुधन श्रेष्ठी दारक सर्वजगतरक्षाप्रणिधानवीर्य रात्रीदेवताको उपदेशलाई संझदै सर्वसत्वपरिपाकयथाशयसंचोदनकुशलमूल संभव विमोक्ष भावना गर्दै क्रमशः लुम्बिनीवनमा पुग्दा

सिंहासनमा बसिरहेकी धेरै वनदेबताहरूलाई सर्वबोधिसत्वजन्मसमुद्रनिर्देश नामको सूत्रान्त देशना गरिरहेकी वनदेवतालाई देखे। अनि वनदेवताको पाउमा शिरले वन्दना गरी मैले बोधिचित्त उत्पन्न गरेको छु; बोधिसत्वहरू तथागत कूलमा जन्मन्छ आदि प्रश्न गरे।

अनि सुतेजोमण्डल रति श्री लुम्बिनी वनदेवताले आज्ञा भयो– हे कुलपुत्र ! बोधिसत्वहरू दश प्रकारले तथागत कूलमा जन्म लिनु हुन्छ। यति भनी विशद वर्णन गरी दश प्रकारको तथागत कूलमा जन्म भइसकेपछि मात्र सबै प्राणीहरूलाई ज्ञानालोक प्रकाश गर्न सक्ने हुन्छ भन्ने कुरा बताउनु भयो। फेरि यस्तो आज्ञा भयो–

हे कुलपुत्र ! मैले अप्रमेय कल्पसर्वारम्भनबोधिसत्व जन्म विकुर्वितसंदर्शनविमोक्ष लाभ गरेको छु। सो विमोक्षको प्रभावले भगवान् वैरोचन तथागतको जन्मसमुद्र पनि म वर्णन गर्न सक्छु। बोधिसत्वहरूको जन्मानुस्मृति गर्न सक्छु। यसरी भावना गरी सय वर्ष वितेपछि भगवान् तुषित भूवनबाट च्युति भई लुम्विनीमा उत्पन्न हुनु हुनेछ भन्ने ज्ञान पनि मलाई लाभ भयो।

अनि लुम्विनी वनमा दश प्रकारको पूर्वनिमित्तहरू प्रादुर्भाव भए। यी पूर्वनिमित्त देखेपछि मेरो मनमा अचिन्त्य प्रीतिवेग उत्पन्न भयो। फेरि मायादेवी कपिलवस्तुबाट लुम्बिनी वनमा पुग्दा पनि दश महावभासपूर्वनिमित्तहरू उत्पन्न भए। यसपछि भगवान् बुद्ध जन्मने बेलामा पनि बुम्विनीवनमा दश प्रकारको जन्मविकुर्वित प्रादुर्भाव भयो। यी कुराहरू देख्दा मलाई मायागत रूप जस्तो तथा अनुत्पाद, अनिरोध जस्तो ज्ञान प्रादुर्भाव भयो। यति मात्र होइन वैरोचन तथागतको धेरै जन्मका विकुर्वितहरू पनि मलाई ज्ञान भयो।

अनि सुधनले वहाँलाई तपाईले कुन विमोक्ष लाभ गर्नु भएको छ भनी प्रश्न गर्दा वनदेवताले फेरि आज्ञा भयो– धेरै

कल्प पहिले समन्तरत्नलोक धातुमा ईश्वरगुणापराजितध्वज नामको तथागत उत्पन्न भएको थियो । त्यहाँ मेरूविशुद्धव्यूहध्वज नामको राजधानीमा रत्नार्चिनेत्रप्रभ नामका राजा हुनु हुन्थ्यो । वहाँकी रानी सुर्हषितप्रभेश्वरी हुनुहुन्थ्यो । वहाँ राजा नै ईश्वरगुणापराजितध्वज तथागतका मातापिता थिए । ईश्वरगुणापराजितध्वज राजकुमार छँदा वहाँलाई स्याहार सुसार गर्न विमल संभवप्रभा नामकी धाईलाई सुम्पेको थियो।यसरी राजकुमारलाई स्याहार सुसार गर्न पाउंदा अत्यन्त हर्षित भएकोले उनले त्यसवेला समन्तचक्षुर्विषय नामको समालि लाभ गरेकी थिइन् । यही समाधिको फलले उनले अनेक लोकधातुमा रहेका बुद्धहरूलाई देख्न थालिन् र अप्रमेयकल्पसर्वावरणबोधिसत्व जन्मविकुर्वितसंदर्शननामको विमोक्ष पनि लाभ भयो । यस्को प्रभावले तथागतहरू जन्मंदा के के विकुर्वितहरू भएका थिए सो पनि उनीले देख्न थालिन् ।

हे कुलपुत्र ! ती धाई अरू होइन मै हुं । सुप्रहर्षितप्रभेश्वरी पनि अरू होइन मायादेवी नै हुन् । अनि रत्नार्चिनेत्रप्रभ राजा पनि अरू होइन शुद्धोदन महाराज नै हुन् । त्यस बेलादेखि मैले यो विमोक्ष लाभ गरेकी हुं । हे कुलपुत्र ! मैले जानेको विमोक्ष यही हो । परन्तु वोधिसत्वहरूको चित्तक्षणको कुरा र वहांहरूको चर्या तथा गुण मैले जानेको छैन । त्यसकारण यही कपिंलवस्तु महानगरमा गोपा नामको शाक्य कन्या बस्नु हुन्छ वहाँ कहाँ गएर बोधिचर्या सम्वन्धी कुरा सोध ।

अनि सुधन श्रेष्ठी सुतेजोमण्डलरति श्रीलुम्बिनीवन देवताको पाउमा शिरले बन्दना गरी विदा मागी वहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र गोपाशाक्यकन्या

अनि सुधन कुमार क्रमश: कपिलवस्तु महानगरमा पुगी धर्मधातुप्रतिभासप्रभ नामको संगीतिप्रासाद (दरबार) मा पुग्यो।

त्यहाँ दरबारमा बस्ने अशोक श्री नामकी देवताले सुधनलाई प्रशंसा तथा स्वागत गरी हे महापुरुष कल्याणमित्रको उपदेश सुन्न गाह्रो नमाने तपाईंले चाँडै नै वोधि लाभ गर्नु हुनेछ भनी भन्नु भयो। प्रासाद देवताको यस्तो वचन सुनी सुधनले तथास्तु देवता, तपाईको आज्ञा पूर्ण होस् भने। अनि अशोक श्री प्रासाद-देवताले दश हजार आफ्ना परिवारहरूको साथै सुधनलाई मनोमय पुष्पधुप, दीप, विलेपन, माल्यद्वारा पूजा भाग गरी यसरी स्तुति गरे– लोकको अविद्या अन्धकार हटाउन ज्ञान सूर्य झैं बोधि सत्वहरू उत्पन्न हुन्छन्। तपाई पनि त्यस्तै हुनु हुन्छ......इत्यादि अनि सुधनलाई संगीतिप्रासादमा लगिन्। त्यहाँ प्रासादको बीचको कोठामा धेरै स्त्री परिवारहरूको साथमा गोपा शाक्यकन्या बस्नु भएको देखेर सुधनले टाढैवाट प्रणाम गरी विन्ती गरे– हे आर्ये! मैले बोधिचित्त उत्पन्न गरेको छु तर संसारमा बस्ने पनि संसारको दोषले लिप्त नहुने चर्या जानेको छैन। साथै सबै वस्तुहरू अनुत्पाद, अनिरोध स्वभावका हुन्छन् भन्ने कुरा पनि मैले जानेको छैन।

यस्तो वचन सुनेर गोपा शाक्यकन्याले भन्नु भयो– हे कुलपुत्र! तिमीलाई धेरै साधुबाद छ; तिमीले समन्तभद्र प्रणिधान चर्या पालन गर्न खोजेका रहेछौ। ध्यान दिएर सुन बुद्धानुभावद्वारा मैले वर्णन गर्नेछु– समन्तभद्र चर्या पूर्ण गर्न तथा यो संसार इन्द्रजाल, माया जाल समान हो भन्ने ज्ञान लाभ गर्न दश वटा नियम पालना गर्नु पर्छ। उत्तम कल्याणमित्रको आश्रय लिनु आदि यी दशवटा नियम पालना नगरीकन समन्तभद्र चर्या परिपूर्ण हुंदैन भन्ने कुरालाई गोपा शाक्य कन्याले गाथाद्वारा पनि व्यक्त गर्नु भयो।

अनि फेरि गोपाले सुधन कुमारलाई सम्बोधन गरी भन्नु भयो– हे कुलपुत्र। मैले सर्वबोधिसत्वसमाधिसागरनयव्यवलोकन-विषय नामको विमोक्ष लाभ गरेकी छु। यसको प्रभावले यो लोक धातुका धेरै बुद्धक्षेत्रहरूका परमाणु समान कल्प विताएको छु।

ती कल्पहरूमा सम्पूर्ण प्राणीहरू च्युति भएको, उत्पत्ति भएको, तिनीहरूको कर्म, कर्मफल आदि म थाहा पाउंछु। यति मात्र होइन बुद्ध, बोधिसत्व श्रावक, प्रत्येक बुद्ध आदिको पनि सबै चर्या म जान्छु। वैरोचन आदि बुद्धहरूको पूर्वप्रणिधान सागर र वहाँले गर्नु भएका सबै चर्या पूजा उपस्थान आदि पनि म सम्झन्छु। वोधिसत्वहरूको समाधि, धारणी प्रतिभान, इन्द्रिय, बल बोध्यङ्ग, विमोक्ष, समापत्ति, विकुर्वित आदिको समुद्रलाई पनि सम्झन्छु।

यस्तो वचन सुनी सुधन फेरि प्रश्न गरे– हे आर्ये यस्तो विमोक्ष हजूरले कहिले लाभ गर्नु भएको सुन्न पाउं।

अनि गोपाले आज्ञा भयो–धेरै कल्प पहिले गतिप्रवर कल्पमा अभयंकरा नामको लोकधातु उत्पन्न भयो। अनि धेरै द्वीपहरूमध्ये जम्बुद्वीपको बीचमा द्रुममेरू श्री नामको राजधानी थियो। त्यो राजधानी अति सुन्दर तथा धेरै पुण्यसंभारले पूर्ण भएको थियो। त्यसकारण त्यहाँका घरहरूमा झुण्डचाइएका सानो घण्टा बज्दा पनि स्नान गर, खाने, पिउने गर, वोधिचित्त उत्पन्न गर, अविनिवर्तनीय भूमि लाभ गर, तिमोहरूको कल्याण होस् भन्ने शब्द निस्कन्थ्यो। त्यो राजधानीका राजा धनपति थिए। वहाँको पद्मश्रीगर्भसंभवा नामकी वडामहारानी थिइन्। बहाँको गर्भबाट तेजोधिपति नामको वत्तिसलक्षणले पूर्ण राजकुमार उत्पन्न भएको थियो। सो राजकुमार यौवनपूर्ण भएपछि बाबुको आज्ञाले राजधानीको गन्धांकूरप्रभमेघ नामको उद्यानमा घुम्न भनी आफ्ना स्त्रीपुरूष परिवारहरूको साथमा गएका थिए।

त्यसवेला राजकुमारको मनोरञ्जनको निमित्त राजाको आज्ञाले सुदर्शना नामकी अग्रगणिका र उनकी छोरी सुचलितरति पनि सो उद्यानमा आफ्नो रथ चढी गएका थिए। राजकुमारलाई देखेर सुचलितरतिप्रभा श्री मुग्ध भई आमासंग भनिन्– यदि यो राजकुमारसंग विवाह हुंदैन भने म जीवित रहंदिन। छोरीको यस्तो कुरा सुनी सुदर्शनाले भनिन्– महाराज पछि यो राजकुमार

चक्रवर्ती राजा हुनेछ। तिमी एउटी गणिकाले यस्तो ठूलो दर्जा पाउन सक्दैनौ। अनि सो दारिका चिन्ताले घोरिंदा घोरिंदै रथैमा निदाइन् र सूर्यगात्रप्रवर नामको तथागत उत्पन्न भएको एक हप्ता भयो। तिमी वहाँलाई दर्शन गर्न जाऊ भन्ने स्वप्न देखिन्। ब्युंझदा पनि एउटी देवताले सोहि कुरा उनलाई भने। अनि यही खबर लिएर तेजोधिपति राजकुमारको सामुन्ने गएर गाथाद्वारा वहाँको प्रशंसा गरी आफ्नो अभिलाषाहरू सुनाइन्। अनि राजकुमारले पनि तिमी कसका छोरी हो त्यो थाहा नपाइकन म तिम्रो इच्छा कसरी पूरा गर्ने भन्नु भयो। कुमारको यति वचन सुनी सुदर्शना अग्रगणिकाले गाथाद्वारा यसो भनिन्– हे राजकुमार! यिनी विचित्र कमलवाट उत्पन्न भएकी हुन्। यिनीको गुण वैगुण हजूरले नै परीक्षा गर्न सक्नु हुन्छ। यसले धेरै विषय जानेकी छिन्। यिनमा राग, द्वेष, मोह विल्कूल छैन। परन्तु हजूरमा भने यिनीले पूर्णभक्ति गरेकी छिन्। अनि राजकुमारले भन्नु भयो– मैले वोधिसत्वचर्या पालन गर्ने अठोट गरेको छुं; हात, गोडा, आँखा, शिर आदि पनि त्याग गर्न तत्पर छुं; आफ्ना छोरा छोरी स्वास्नी पनि दान गर्न तयार छुं। यसो गर्दा तिमीलाई मबाट ठूलो दुःख हुंदैन भने तिम्रो इच्छा पूर्ण गर्न म तयार छुं।

राजकुमारको यस्तो कुरा सुनी हजूरको अनुगामी भई हजूरको इच्छा वमोजिम मैले काम गर्ने छुं; आज सपनामा मैले सूर्यगात्रप्रवर तथागतको दर्शन पाएको छुं भनी सुचलितरतिप्रभाले विन्ती गरिन्।

अनि तेजोधिपति राजकुमारले तथागतको नाउँ सुनी प्रसन्न भई आफूले लगाई राखेको चूडामणी उनीलाई दिनु भयो र सबै परिवारहरू साथ सूर्यगात्रप्रवर तथागतको दर्शन गर्न गए। त्यस वेला राजकुमारलाई दश प्रकारको समाधि लाभ भयो। अनि तेजोधिपति राजकुमारले तथागतको पाउमा शिरले वन्दना गरी विदा भई आफ्नो पिता धनपति महाराज कहाँ गएर तथागत उत्पन्न भएको खबर निवेदन गरे। अनि राजाले अति प्रसन्न भई

आफ्नो राज्य छोरालाई पुरस्कार स्वरूप प्रदान गरे। त्यसपछि राजा पनि तथागतको दर्शन गर्न जानु भयो। तथागतले आफ्नो उर्णाकोषबाट सर्वजगतचित्रप्रदीप नामको रश्मि निकाली सबैलाई शान्त पारी धर्मदेशना गर्नु भयो। त्यसवेला राजालाई धर्मचक्षु उत्पन्न भयो र गृहस्थी भएर यो ज्ञान पूर्ण गर्न सक्दैन भनी तथागतसंग प्रवजित भई उपसंपदा माग्नु भयो।

त्यसपछि राजा प्रवजित हुनु भयो र तेजोधिपति राजाको पूर्णिमाको दिन चक्ररत्न, हस्तीरत्न, अश्वरत्न, मणिरत्न उत्पन्न भयो। सुचलितरतिप्रभा श्री दारिका पनि स्त्रीरत्नको रूपमा उत्पन्न भइन्। अनि गृहपतिरत्न, परिणायक रत्न यी सप्तरत्नले संपन्न चक्रवर्ती राजा हुनु भयो। आफू राजा भइसकेपछि सूर्यगात्रप्रवर तथागतलाई राजधानीमा निमन्त्रणा गरी विभिन्न विहार बनाई पूंजा सत्कार गरे।

हे कुलपुत्र! त्यसवेलाका तेजोधिपति राजा शाक्यमुनि नै हुन्। धनपति राजा रत्नकुसुमप्रभ नामको तथागत हुन्। अनि पद्मश्रीगर्भसंभवा महारानी मायादेवी नै हुन्। सुदर्शना अग्रगणिका दण्डपाणी शाक्यका भार्या सुनेत्रा नै हुन्। सुचलितरतिप्रभा श्री गणिका दारिका म गोपा शाक्य कन्या नै हुं। मैले धेरै तथागतहरूको सेवा गरेकी छुं। विपुलधर्माधिमुक्ति संभवतेज नामको तथागत उत्पन्न हुंदा वहाँको सेवा गरेर मैले सर्ववोधिसत्वसमाधिनयसागरब्यवलोकन विषय नामको विमोक्ष लाभ गरेको हुं। त्यसवेलादेखि मैले यो विमोक्ष भावना गरिहेको छु। यसको प्रभावले मैले धेरै प्राणीहरूको उद्धार गरी सकेको छुं। परन्तु अनन्त उपायहरूलाई जान्नु हुने बोधिसत्वहरूको सबै गुण तथा चर्या म जान्दिनं। हे कुलपुत्र! वैरोचन तथागतको पाउमा सेवा गरी वस्नु भएकी बोधिसत्वहरूकी आमा मायादेवी हुनुहुन्छ। वहाँ गएर अवैवर्तिक बोधिसत्वले के गर्नु पर्छ, क्लेश कसरी हटाउनु पर्छ तथा जगतसत्वलाई कसरी संग्रह गर्नु पर्छ भन्ने कुरा सोध्न जाऊ।

अनि सुधन श्रेष्ठी दारक गोपा शाक्य कन्याको पाउमा वन्दना गरी विदा भई त्यहाँबाट प्रस्थान गरे।

कल्याणमित्र मायादेवी

अनि सुधन श्रेष्ठी दारक कल्याणमित्रको दर्शन गर्न कुन उपाय अपनाउनु पर्ला भन्ने चिन्ता गर्दै मायादेवीको दर्शन गर्न जाँदा रत्ननेत्रा नामकी नगर देवताले आकाशवाट दर्शन दिई उनलाई यस्तो आज्ञा भयो– हे सुधन श्रेष्ठी ! संसारको विषय वासनावाट अलग रहन चित्तरूपी नगरलाई सुरक्षा गर्नु पर्छ । यसरी चित्त नगरलाई रक्षा गरेर कल्याणमित्रहरूको दर्शन गर्नु पर्छ । कल्याणमित्रहरूकै अधीनमा रहेर मात्र सर्वज्ञता प्राप्त हुन्छ।

फेरि शरीर र कायिक देवताहरूले पनि आफ्नो शरीरबाट रश्मि निकाली दशौंदिशा उज्ज्वल पारी त्यो किरण श्रेष्ठी दारकको शिर तथा रोमकूपहरूवाट शरीर भित्र पसाउन थाले । यति भइसके पछि सुधन श्रेष्ठीले विरज प्रभास आदि नाम गरेका धेरै धर्मचक्षु लाभ गरे ।

अनि त्यसपछि सुनेत्र नाम भएको वोधिसत्व सङ्गीति प्रासादको द्वारपाल राक्षसेन्द्रले सुधन श्रेष्ठीलाई नाना प्रकारको सुगन्ध पुष्पद्वारा पूजा गरी यस्तो भन्नु भयो– दश प्रकारको कुशल धर्मले सम्पन्न व्यक्तिले चाँडै नै कल्याणमित्रहरूको दर्शन गर्न पाउंने हुन्छ; तसर्थ माया शाठ्य आदिले रहित हुनु पर्छ; दश प्रकारको एकाग्रचित्तको ध्यानले अर्थात् समाधि निध्यष्टि (चिन्तन) गर्ने व्यक्तिले पनि कल्याणमित्रहरूको दर्शन पाउंने हुन्छ ।

सुनेत्र राक्षसेन्द्रको यस्तो उपदेश सुनी हे आर्य हजूरले मलाई ठूलो अनुकम्पा राखेर कल्याणमित्रहरूको दर्शन गर्ने उपाय वताउनु भयो भनी सुधन कुमार प्रसन्न भएर कल्याणमित्रहरूलाई म कसरी परिक्रमा गरूं, कुन दिशामा जाऊं आज्ञा हुनु होस् भनी विन्ती गरे । अनि राक्षसेन्द्रले भने– हे कुलपुत्र ! समन्तदिक्प्रपात अर्थात् सबै दिशातिर एकै चोटि प्रणाम गरी सबै वस्तुलाई आरम्भण गरेर स्वप्नोपमचित्तले कल्याणमित्रलाई दर्शन गर्नु पर्छ ।

राक्षेसेन्द्रको यस्तो उपदेश सुनी त्यही अनुसार जाँदा सुधनले पृथ्वीबाट आफैं निस्केको एउटा राम्रो कूटागार देखे। सो कूटागारभित्र चिन्ताराजमणिरत्नपद्मगर्भ आशनलाई पनि देखे। सो आशन अति अचिन्त्य स्वभावको थियो। त्यही आशनमा मायादेवी राज हुनु भएकी थिइन्। त्यस वेला वहाँको रूप अनिवचनीय थियो अर्थात् मारकन्याले हेर्दा मारकन्या जस्ती, देवकन्याले हेर्दा देवता जस्ती मनुष्यले हेर्दा मनुष्य जस्ती वहाँ मायादेवी हुनु हुन्थ्यो।

अनि सुधन श्रेष्ठीले जगतसंसारको रूपसंज्ञालाई नै त्याग गरी मायादेवीलाई दर्शन गर्‍यो। सम्पूर्ण बुद्धहरूका जननी दशैंदिशामा जता हेरे पनि देखिने अचिन्त्य रूप भएकी मायादेवीलाई देखे पछि सुधनले वहाँ जत्रो हुनुहुन्छ उत्रै भएर जता जतातिर हुनु हुन्छ उतै तिर मेरो शरीर र मुख पनि फर्कियोस् भनी अधिष्ठान गरी मायादेवीलाई प्रणाम गरे। वहाँको दर्शन गर्दा गर्दै उनलाई अनेक प्रकारको समाधिहरू लाभ भयो। अनि सुधनले हात जोडी विन्ती गरे– हे आर्ये मैले मञ्जुश्री कुमारको आज्ञाले सम्यक् सम्वोधि लाभ गर्न वोधिचित्त उत्पन्न गरी कल्याणमित्रहरूको उपदेश सुनी सेवा गर्दै आएको छुं। अहिले म हजूरको उपदेश सुन्न आएको छुं।

सुधन श्रेष्ठीको यस्तो विन्ती सुनी मायादेवीले आज्ञा भयो– हे कुलपुत्र ! मैले महाप्रणिधानज्ञानमायागतव्यूह नामको विमोक्ष लाभ गरेकी छुं। यसको प्रभावले भगवान् वैरोचनको अन्तिम जन्मको म आमा भएकी छुं। साथै सबै बोधिसत्वहरूलाई मैले आफ्नो गर्भमा धारणा गरेकी छुं। यही कपिलवस्तुमा शुद्धोदनको कुघबधु भएर सिद्धार्थलाई जन्माएकी छुं। बोधिसत्वहरू तुषित भुवनबाट हुने समयमा सबै रोमकूपबाट अनन्त रश्मिहरू निकालेर मेरो शरीरमा प्रवेश गर्थे। यसरी महाप्रणिधानमायागतविमोक्षको प्रभावले ककुच्छन्द, कनकमुनि, काश्यप आदि धेरै तथागतहरूकी आमा भएकी छुं। पछि पनि भद्रकल्पका मैत्रेय,

सिंह, प्रद्योत, केतु सुनेत्र, कुसुम आदि भविष्यमा हुने सयौं बुद्धहरूको आमा हुनेछु ।

यति मायादेवीको वचन सुनी सुधनले हात जोडी यस्तो विन्ती गरे– हजूरले यो विमोक्ष लाभ कहिले गर्नु भएको हो । यस्तो कुरा सुनी मायादेवीले भन्नु भयो– हे कुलपुत्र ! धेरै कल्प पहिले सुप्रभ नामको कल्पमा मेरूद्गत श्री नामको लोकधातु थियो । त्यसमा धेरै राजधानीहरू थिए । ती मध्ये ध्वजग्रवती नामको राजधानीमा महातेजपराक्रम नामको चक्रवर्ती राजा हुनु हुन्थ्यो । त्यही राजधानीमा नेत्रश्री नामको बोधिमण्डप देवता पनि थिएन । एक दिन बोधिमण्डपमा विमलध्वज नामको बोधिसत्वले सर्वज्ञता लाभ गर्न तपस्या गर्नु भएको थियो तर सुवर्णप्रभ नामको मारले तप भंग गर्न आएको थियो । अनि महातेज पराक्रम चक्रवर्ती राजाले बोधिसत्वलाई मद्दत गरी मारलाई भगाई दिए । जसको फलस्वरूप विमलध्वजले बोधिसत्वले बुद्धत्व लाभ गरे । त्यसबेला नेत्रश्री बोधिमण्डप देवताले महातेजपराक्रम राजालाई आफ्नो छोरो संझी तथागतको पाउमा वन्दना गरी यसरी प्रणिधान गरिन्– जहाँ जहाँ म जन्मौंला त्यहाँ त्यहाँ यो चक्रवर्ती राजा मेरो छोरो बनाउन पाऊँ । जब यो राजा बुद्ध होला त्यत्तिखेर पनि वहाँकी आमा मैं हुन पाउं । यसरी प्रणिधान गरेको पुण्यले लाखौं लाख तथागतहरूको आमा भई बोधिमण्डप देवताले सेवा गरी आइरहेकी छिन् ।

हे कुलपुत्र ! त्यस बेलाकी नेत्रश्री नामकी बोधिमण्डप देवता अरू होइन मै (मायादेवी) हुं । चक्रवर्ती राजा वैरोचन तथागत नै हुन् । यसरी महाप्रणिधानज्ञानमायागतव्यूह विमोक्षको प्रभावले सम्पूर्ण तथागतहरूको आमा भएर सेवा गर्दै आइरहेकी छु । परन्तु महाकरूणाले युक्त भएका बोधिसत्वहरूको चर्या वा गुण मैले जानेको छैन । हे कुलपुत्र ! यही इन्द्रको भवनमा सुरेन्द्राभा नामकी देवकन्या हुनु हुन्छ । वहाँ स्मृतिमान देवपुत्रको छोरी हुनु हुन्छ । वहाँसंग गएर बोधिचर्याको उपदेश लिन जाऊ ।

अनि सुधन श्रेष्ठीले मायादेवीको पाउमा शिरले वन्दना गरी विदा भई प्रस्थान गरे ।

कल्याणमित्र सुरेन्द्राभा

अनि सुधन श्रेष्ठीदारक इन्द्रभवनमा स्मृतिमान देवपुत्रकी छोरी सुरेन्द्राभा देवकन्या कहाँ पुगी वन्दना गरी हजूरबाट बोधिचर्याको उपदेश सुन्न चाहन्छु भनी प्रार्थना गरे । अनि सुरेन्द्राभा देवकन्याले सुधनलाई यस्तो आज्ञा भयो– हे कुलपुत्र ! मैले असङ्गस्मृतिविशुद्धव्यूहविमोक्ष लाभ गरेकी छु । यसको प्रभावले उत्पलक, सुभुति, सुप्रभ, अतुल आदि धेरै कल्पमा अनगिन्ती तथागतहरूलाई सेवा गरी प्रसन्न पारी आएकी छु । अहिले पनि यी सबै कुरा म सम्झन्छु । मैले यही एउटा विमोक्ष जानेकी छु । परन्तु अज्ञानरूपी निद्रामा डुवेकाहरूलाई प्रकाश दिने वोधिसत्वहरूको चर्या वा गुण म वर्णन गर्न सक्दिन । हे कुलपुत्र ! कपिलवस्तु महानगरमा विश्वामित्र नामको दारकाचार्य बस्नु हुन्छ वहाँ कहाँ गएर वोधिचर्या सिक्न जाऊ ।

अनि सुधन श्रेष्ठी सुरेन्द्राभा देवकन्याको पाउमा प्रसन्न भई वन्दना गरी देवभवनबाट प्रस्थान गरे ।

कल्याणमित्र विश्वामित्र

अनि सुधन श्रेष्ठी दारक स्वर्गबाट ओर्ली कपिलवस्तु महानगरमा विश्वामित्र दारकाचार्य कहाँ गई पाउमा वन्दना गरा आफूले वोधिचित्त उत्पन्न गरेको कुरा निवेदन गरी वोधिचर्या सम्बन्धी शिक्षा पाउँ भनी विन्ती गरे ।

अनि विश्वामित्र दारकाचार्यले भन्नु भयो– हे कुलपुत्र ! वहां शिल्पाभिज्ञ नामका श्रेष्ठीदारक हुनु हुन्छ । वहाँले वोधिसत्वहरूसंग लिपाज्ञान सिक्नु भएको छ । वहाँ कहाँ गएर प्रश्न गर । वहाँले सबै कुरा आज्ञा हुनेछ ।

कल्याणमित्र शिल्पाभिज्ञ

अनि सुधन श्रेष्ठी दारकले शिल्पाभिज्ञ श्रेष्ठी दारक कहाँ गई पाउमा वन्दना गरी आफ्नू सबै कुरा निवेदन गरे। त्यसपछि शिल्पाभिज्ञ श्रेष्ठी दारकले आज्ञा भयो– हे कुलपुत्र ! मैले शिल्पाभिज्ञावान् बोधिसत्वविमोक्ष लाभ गरेको छु। त्यो विमोक्षको मातृका पढ्दा जब अ अक्षर आउंछ, तब मलाई बोधिसत्वको अनुभावले असंभिन्नविषय नामको प्रज्ञापारमितामुखको ज्ञान लाभ हुन्छ। यस्तै र, प, च, न आदि बयालिस प्रकारको अक्षर आउंदा पनि वयालिसै प्रकारको प्रज्ञापारमिता मुख लाभ हुन्छ। यही विमोक्ष मात्र मैले जानेको छु। परन्तु सबै लौकिक लोकोत्तर शिल्पस्थान जाने बोधिसत्वहरूको चर्या वा गुण म कसरी वर्णन गर्न सकूंला। त्यसकारण हे कुलपुत्र ! यही मगध विषयमा केवलक भन्ने मुलुकको वर्तनक नगरमा भद्रोत्तमा नामकी उपासिका हुनु हुन्छ। वहाँसंग पनि शिक्षा लिन जाऊ।

अनि सुधन श्रेष्ठी दारक शिल्पाभिज्ञ श्रेष्ठी दारकलाई वन्दना गरी विदा भई त्यहाँबाट प्रस्थान गरे।

कल्याणमित्र भद्रोत्तमा

अनि सुधन श्रेष्ठी दारक वर्तनक नगरको भद्रोत्तमा उपासिका कहाँ पुगेर वहाँको पाउमा बन्दना गरी आफूले बोधिचित्त उत्पन्न गरेको कुरा बताए। अनि भद्रोत्तमाले सुधनलाई यस्तो आज्ञा भयो– हे कुलपुत्र ! मैले अनालयमण्डल नामको धर्मपर्याय जानेकी छु र सोही धर्मपर्याय देशना गर्दछु। मैले अधिष्ठान समाधि लाभ गरेकी छु। सो समाधिमा कुनै वस्तुको अधिष्ठान गर्नु पर्दैन। यो समाधिको प्रभावले सर्वज्ञता चक्षु, श्रोत्र, घ्राण, जिह्वा आदि अधिष्ठानको रूपमा उत्पन्न हुन्छ। मैले यही अनालयमण्डल धर्मपर्याय जानेकी छु। परन्तु असङ्ग

चर्या जानेको छैन । हे कुलपुत्र ! दक्षिणापथको भोरुकच्छ नगरमा मुक्तासार नामको सुनार बस्छ । वहाँ गएर वोधिचर्या कसरी पालन गर्नु पर्छ सोध्न जाऊ ।

अनि सुधन श्रेष्ठी भद्रोत्तमाको पाउमा वन्दना गरी वहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र मुक्तासार

अनि सुधन श्रेष्ठी दारक क्रमशः दक्षिणापथको भोरुकच्छ नगरमा मुक्तासार हिरण्यक कहाँ गई पाउमा वन्दना गरी शिक्षा मागे । अनि मुक्तासार सुनारले यस्तो आज्ञा भयो– हे कुलपुत्र ! मैले अङ्गव्यूहवोधिसत्व विमोक्ष जान्दछु । दशै दिशाका सबै तथागतहरूको धर्मदेशना सुन्न म अघाउंदिन । मैले जानेको यही हो । महापूण्य ज्ञानसंभारले परिपूर्ण भएका बोधिसत्वहरूको चर्या वा गुण वर्णन गर्न म सक्दिन । हे कुलपुत्र ! यही भोरुकच्छ नगरमा सुचन्द्र नामको गृहपति वस्नु हुन्छ । वहाँको घर यही उज्यालो घर हो । वहाँ गएर तिमीले आफूलाई चाहिने कुरा सोध ।

अनि सुधन मुक्तासारको पाउमा वन्दना गरी त्यहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र सुचन्द्र

अनि सुधन श्रेष्ठी दारक सुचन्द्र गृहपति कहाँ पुगेर वहाँको पाउमा वन्दना गरी आपना सबै भाव व्यक्त गरे । अनि सुचन्द्रले आज्ञा भयो– हे कुलपुत्र! मैले विमलज्ञानप्रभबोधिसत्वविमोक्ष लाभ गरेको छु। परन्तु अप्रमाण विमोक्ष लाभ गर्नु भएका वोधिसत्वहरूको चर्या वा गुण म कसरी गरूं । त्यसकारण हे कुलपुत्र ! दक्षिणापथको रोरूक नगर अजितसेन नामको गृहपति बस्नु हुन्छ। वहाँसंग पनि शिक्षा लिन जाऊ ।

अनि सुचन्द्र श्रेष्ठी गृहपतिको पाउमा वन्दना गरी विदा भई त्यहाँवाट प्रस्थान गरे ।

कल्याणमित्र अजितसेन

अनि सुधन श्रेष्ठी क्रमश: रोरूक नगरमा पुगी अजितसेन गृहपतिको सामु गई पाउमा वन्दना गरी आफ्नू सबै अभिप्राय व्यक्त गरे । यस्तो वचन सुनी अजितसेनले भन्नु भयो—हे कुलपुत्र! मैले अक्षयलक्षण नामको बोधिसत्व विमोक्ष लाभ गरेको छु । यसको प्रभावले म संधैं अक्षय बुद्ध दर्शन गर्छु । यही दक्षिणापथ-धर्मग्राममा शिवराग्र नामको ब्राम्हण वस्नु हुन्छ वहाँसंग पनि शिक्षा लिनु असल छ वहाँ पनि जाऊ ।

अनि सुधन श्रेष्ठी अजितसेनको पाउमा वन्दना गरी त्यहाँवाट प्रस्थान गरे ।

कल्याणमित्र शिवराग्र

अनि सुधन श्रेष्ठी क्रमश: धर्मग्रामको शिवराग्र ब्राम्हण कहाँ पुगेर वन्दना गरी सबै कुरा बतायो । अनि शिवराग्र ब्राम्हणले सुधनलाई यस्तो आज्ञा भयो— हे कुलपुत्र ! मैले केवल सत्याधिष्ठान चर्या जान्दछु । सो सत्यवचनले तीनै कालका कुनै वोधिसत्व पनि सम्यक् सम्वोधिवाट विमुख भएको अर्थात् सबै धर्मलाई त्यागेको छैन । यही सत्यवचनको अधिष्ठानद्वारा सबै कार्य सिद्ध होस् भनी म भन्छु । मेरो कार्यसिद्ध हुन्छ । मैले जानेको यही हो । परन्तु सत्य नै जस्को पछि लागेको हुन्छ । यस्तो बोधिसत्वको चर्या वा गुण म जान्दिन । त्यसकारण दक्षिणापथको सुमनामुख नगरमा श्री सम्भव नामको दारक र श्रीमती नामको दारिका बस्नु हुन्छ । वहाँ दुवै कहाँ गएर तिमी आफ्नू प्रश्न सोध ।

अनि सुधन श्रेष्ठी दारक सत्यवचनको गौरव सम्झदै शिवराग्रको पाउमा वन्दना गरी वहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र श्रीसंभव: दारक र श्रीमती दारिका

अनि सुधन श्रेष्ठी दारक सुमनामुख नगरमा पुगेर श्री संभव दारक र श्रीमती दारिकालाई भेटी वहाँहरूको पाउमा वन्दना गरी बोधिचित्त उत्पन्न गरेको तर बोधिचर्या सम्बन्धी विषय नजानेको कुरा विन्ती गरे । अनि श्रीसभव र श्रीमती दुवैले सुधन श्रेष्ठीलाई यस्तो आज्ञा भए– हे कुलपुत्र ! हामी दुवैले मायागत-विमोक्ष लाभ गरेका छौ । यसको प्रभावले गर्दा हेतुप्रत्यय रूपी मायाले उत्पन्न भएका सबै लोकलाई नै माया झैं जादु झैं देख्छौं । कर्म क्लेशरूपी मायाले जगतसंसार सबै नै जादु जस्तो देख्छौं । यत्ति मात्र होइन बुद्ध वोधिसत्व र वहाँहरूको विमोक्ष समेत जादु जस्तो देख्छौं । हामी दुईले जानेका कुरा यही हो । परन्तु अनन्त कर्मरूपी माया जाललाई बुझ्ने वोधिसत्वहरूको चर्या र गुणलाई हामीहरू बताउन सक्दैनौं ।

यति मात्र होइन । श्री संभव र श्रीमती दारिकाले सुधनलाई कुशल मूलको वेगले विह्वल वनाई आपनो मायागत विमोक्षको कुरा सुनाई यस्तो आज्ञा भयो– हे कुलपुत्र ! यही दक्षिणापथको समुद्रकच्छ भन्ने प्रदेशमा महाव्यूहालंकारगर्भ नामको विशाल कूटागार छ । त्यहाँ मैत्रेय नामको बोधिसत्व वस्नु हुन्छ । वहाँ आफ्ना जन्मजन्मान्तरका आमा बाबु इष्टमित्रहरूलाई उद्धार गर्न र सबैलाई महायानमा प्रवेश गराउन तत्पर हुनु हुन्छ । वहाँ कहाँ गएर वोधिचर्या कसरी पालना गर्नु पर्छ, पुण्यसंभार र ज्ञानसंभार कसरी पूर्ण गर्नु पर्छ, कल्याणमित्रको सेवा कसरी गर्नुपर्छ आदि कुरा सोध्न जाऊ ।

हे कुलपुत्र ! समन्तभद्रवोधिसत्व चर्या सुन्न चाहने व्यक्तिले एउटै कुशलमूलको मात्र भरपर्नु हुंदैन । षटपारमिता पूर्ण गर्ने

अभिलाषामा र एउटै प्रणिधानमा सन्तोष लिनु हुंदैन । किनभने वोधिसत्व चर्याको कुनै प्रमाण छैन । वोधिसत्व चर्याका सबै विषय अप्रमाण र अनन्त हुन्छन् भन्ने सम्झनु पर्छ ।

हे कुलपुत्र ! यत्ति मात्र होइन कल्याणमित्रको खोजीमा लाग्ने व्यक्तिले झर्को मान्नु हुंदैन कल्याणमित्रहरूको संगममा सन्तोष लिनु हुंदैन जति सक्यो त्यति धेरै कल्याणमित्रहरूको सगत गर्ने प्रयत्न गर्नु पर्छ, यसैमा उसको हित छ किनभने कल्याणमित्रहरूको हातमा बोधिसत्व चर्या रहेको हुन्छ । कल्याणमित्रले नै खराव कुराबाट सतर्क पार्छ; सन्मार्गमा लगाउंछ ।

हे कुलपुत्र ! कल्याणमित्रलाई आमा वाबु जस्तो हितकारी सम्झनु पर्छ, धाई आमा गुरू वैद्य जस्तो उपकारी संझनु पर्छ, किनभने उपर्युक्त सबै व्यक्तिमा हुने गुण कल्याणमित्रमा रहेको हुन्छ ।

हे कुलपुत्र ! कल्याणमित्र कहाँ जाँदा वहाँले अह्राएको सवै कामको वोझ म वोक्छु भनी आफूलाई पृथ्वी समान चित्त भएको बनाएर जानु पर्छ; आफू नोकर समान, दास समान भएर जानु पर्छ । यतिमात्र होइन वहाँहरू कहाँ जाँदा आफूलाई विद्या, बृद्धि सबैमा म कम्जोर छु भन्ने संझी निर्माण, निरहंकार भएर जानु पर्छ ।

हे कुलपुत्र ! यति मात्र होइन कल्याणमित्र कहाँ जाँदा वहाँलाई वैद्य संझी आफूलाई रोगी सम्झी वहाँको उपदेशलाई औषधि सम्झी तथा उपदेश पालना गर्नु रोग निको भएको सम्झी व्यवहार गर्नु पर्छ, आदि धेरै उपदेश दिई वहाँहरूले चित्र बिशुद्ध पार्ने उपायहरू सिकाउनु भयो ।

अनि सुधन श्रेष्ठी दारक कल्याणमित्रहरूको यस्तो गुण वर्णन सुनी प्रसन्न भई श्री सम्भव र श्रीमती दारिकाको पाउमा वन्दना गरी विदा भई वहाँबाट प्रस्थान गरे ।

कल्याणमित्र मैत्रेय

अनि सुधन श्रेष्ठी दारक कल्याणमित्रहरूको अनुशासन र उपदेशलाई मनन गर्दै शरीर र चित्तलाई दृढ गरी आफ्नो प्रतिज्ञा पूर्ण गर्ने प्रयत्न गर्दै सबै तथागत, बुद्ध बोधिसत्वहरूलाई श्रद्धापूर्वक पूजा स्तुति नमस्कार आदि गरेको पुण्यले आफू र पराई भन्ने भेदभाव छोडी जगतसत्व उद्धार गर्न सकूं भन्ने भावना लिई क्रमशः समुद्रकच्छ जनपदमा पुगी वैरोचनव्यूहालंकारगर्भ नामको महाकूटागारको अघिल्तिर वसी साष्टाङ्ग दण्डवत गरेर यस्तो उद्धार व्यक्त गरे– सुनेता अनिमित्त अप्रणीहितभावना गर्नेहरूको आवास यही हो; सबै धर्म (पदार्थ) हरूलाई कल्पना नगर्नेहरूको वसोवास गर्ने ठाउँ यही हो । एक क्षेत्र सर्व क्षेत्र, सर्व क्षेत्र एक क्षेत्र भनी भेदभाव नगर्ने बोधिसत्वहरूको यो विहार (वस्ने ठाउँ) हो इत्यादि भनी सो ठाउँको प्रशंसा गरे । यसरी सो कूटागारलाई गाथाद्वारा पनि वन्दना गरी मैत्रेय बोधिसत्वलाई दर्शन गर्ने अभिलाषाले त्यहीं उभिरहे । त्यस बेला मैत्रेय बोधिसत्व सोही कूटागारको अर्को ठाउँबाट अनेक देवासुरहरू पछि लगाई आइरहनु भएको देखे । वहाँलाई देखेर आनन्दले विह्वल भई सुधन श्रेष्ठी प्रणाम गरेर उभिरहे ।

अनि मैत्रेय बोधिसत्वले पनि आफ्नो पछि लागेका देवासुरहरूलाई दाँया हातले देखाउंदै सुधन श्रेष्ठीको प्रशंसा गाथाद्वारा गर्नु भयो– यो सुधन श्रेष्ठी मञ्जुश्री बोधिसत्वको उपदेश सुनी धेरै कल्याणमित्रहरूको दर्शन गर्दै ज्ञानार्जन गर्दै आइरहनु भएको छ । वहाँलाई हामीले स्वागत गर्नु पर्छ, वहाँले असाधारण जाँगर र जिज्ञासाले धर्म संग्रह गर्दै आइरहनु भएको छ । वहाँले चाँडै नै मारलाई पराजित गरी जगत हित गर्न आकाशमा सूर्य झैं उडाउनु हुनेछ ।

अनि सुधन कुमारले मैत्रेय बोधिसत्वको अगिल्तिर यस्तो बिन्ती गरे– मैले बोधिचित्त उत्पन्न गरेको छु; हजूरले सबै

तथागतहरूको मुखारविन्दबाट व्याकरण लाभ गर्नु भएको छ अर्थात् भविष्यमा बुद्ध हुनेछ भन्ने आज्ञा पाउनु भएको छ। त्यस कारण बुद्ध हुने सबै गुणहरू भएको हजूरले मलाई उपदेश दिई उद्धार गर्नु होस्।

अनि मैत्रेय बोधिसत्वले आपनू पछि लागेका देबासुरहरूलाई सम्बोधन गर्दै भन्नु भयो– यो श्रेष्ठी पुत्र अपार वीर्य भित्री इच्छा र बुद्ध वोधिसत्वहरूमा परम श्रद्धा भएको व्यक्ति हो। मञ्जुश्री देखि म सम्म आइपुग्दा यिनले एकशय दश कल्याणमित्रहरूको उपदेश सुनिसकेको छ। जगतसत्वलाई उद्धार गर्ने हेतुले विषय भोग गर्ने, समयमा खाने आदि सबै कुरा त्याग गरी कल्याणमित्रहरूलाई प्रसन्न गर्दै आइरहेको छ। बोधिचित्त उत्पन्न गरी मञ्जुश्री वोधिसत्वको दर्शन पाउनु सुधनको धेरै जन्मका पुण्यको फल हो। बोधिचित्त नै बुद्धधर्मको बीज हो। सुधनकुमारले धेरै ठूलो लाभ गरेको छ भनी बोधिचित्तको पनि प्रशंसा गर्नु भयो।

हे कुलपुत्र ! बोधिसत्वको चर्या कसरी पालना गर्नु पर्छ शिक्षा पाउं भनी तिमीले जो भन्यौ, यो इच्छा पूर्ण गर्न यही वैरोचन व्यूहालंकारगर्भ महाकूटागारको भित्र गएर हेरे पछि थाहा पाउने छौ भन्नु भयो।

यति आज्ञा सुनी सुधन श्रेष्ठी मैत्रेय बोधिसत्वको पाउमा बन्दना गरी प्रदक्षिणा गरी कृपया कूटागारको ढोका खोली दिइबक्स्योस् भनी विन्ती गरे।

अनि मैत्रेय बोधिसत्वले ढोका सामु गई दाँया हातले चुट्की बजाउना साथ ढोका आपसे आप खुल्यो। त्यसपछि हे कुलपुत्र ! भित्र पसेर हेर भनी आज्ञा भए पछि सुधन श्रेष्ठी दारक आश्चर्य मान्दै भित्र पस्यो र भित्र पुग्ने वित्तिकै ढोका फेरि आफै बन्द भयो। त्यो कूटागार आकाश जस्तै विशाल थियो। त्यो कूटागार भित्र असंख्य अरू कूटागारहरू पनि थिए। ती भित्रको

विभिन्न कूटागारहरूमा कुनैमा मैत्रेय बोधिसत्वले प्रणिधान गरेको, बोधिचित्त सत्पन्न गरेको तथा मैत्री समाधि गरी मैत्रेय भन्ने नाम प्राप्त गरेको आदि अनेक घटनाहरू पनि सुधन कुमारले देख्न थाले। कुनै कूटागारमा त्रार्यत्रिंशत देवभुवन भने कुनैमा तुषित आदि देवभुवनका घटनाहरू एवं कुनैमा यमलोक आदि पनि देखिन थाले। यति मात्र होइन दान, शील, क्षान्ति, ध्यान आदि पारमितापूर्ण गर्न कहीं आँखा दान गरेको कहीं हात दान गरेको आदि पनि देखिन थाले। यी सबै घटनाहरू धर्मज्ञान मायाको बलले अर्थात् बोधिसत्वको वशिताधिष्ठानको ज्ञानमायाको प्रभावले देखिएका थिए।

त्यस पछि मैत्रेय बोधिसत्व कूटागारभित्र पसी सुधनलाई सम्वोधन गर्दै हे कुलपुत्र ! उठ भनी चुट्की बजाउनु भयो र भन्नु भयो– संसारका यी सबै वस्तुहरूको स्वभाव माया (इन्द्र जाल, जादु) तथा स्वप्न, प्रतिविम्ब जस्तो हो। तिमीले यी सबै ऋद्धिविकुर्वितहरू देख्यौ। बोधिसत्व गर्नु पार्ने सबै कुराहरू देख्यौ ?

अनि सुधन कुमार उठे र यो कुन नामको विमोक्ष हो भनी विन्ती गरे पछि मैत्रेय बोधिसत्वले फेरि यस्तो आज्ञा भयो– हे कुलपुत्र ! सर्वत्र्यध्वारम्भणज्ञानप्रवेशसम्मोषस्मृतिव्यूहगर्भ नामको यो विमोक्ष हो। बोधिसत्वहरूले यही विमोक्ष लाभ गरेको हुन्छ। यति बेलासम्म त्यो कूटागार अलप भइसकेको थियो। तब सुधनले यस्तो विन्ती गरे– हे आर्य ! यो व्यूहकहाँ गयो ? यसको उत्तरमा वहाँ बोधिसत्वले आज्ञा भयो जहाँबाट आयो यो उहीं गयो। अर्थात् अधिष्ठानको बलले मात्र देखिएको हो। यसरी देखिएका वस्तुहरू जादु, मन्त्र, औषधिको बलले उत्पन्न गरेका वस्तुहरू जस्तै हुन् यिनीहरूको आयो र गयो भन्ने विचार गरिर्दै संसारका सबै वस्तुहरू यस्तै हुन्। यसरी उपदेश दिई सकेपछि मालद जनपदको कूटीग्रामका गोपालक श्रेष्ठी भन्ने व्यक्तिलाई बुद्धधर्ममा श्रद्धा उत्पन्न गराई महायानमा प्रवेश गराई म यहाँ

आइरहेको छु भन्ने कुरा पनि मैत्रेयबोधिसत्वले बताउनु भयो।

यति उपदेश सुनिसकेपछि सुधनले बोधिसत्वहरूको जन्मभूमि कुन हो भनी विन्ती गरे। त्यसपछि वहाँले भन्नु भयो– बोधिसत्वहरूको जन्मभूमि सर्वप्रथम बोधिचित्त उत्पन्न गर्नु हो, वहाँहरूको आमा प्रज्ञापारमिता हुन्– आदि।

मैले आफूले बोधिचित्त उत्पन्न गरिसके पछि बोधिचित्त धारणा नगर्नेहरूलाई विभिन्न उपदेश दिई उद्धार गरेको छु। विनेयजनहरूलाई उपकार गर्न म यही वैरोचनव्यूहालंकारगर्भकूटारमा वस्ने गर्छु। अब यहाँबाट च्युति भई तुषित भुवनमा उत्पत्ति हुनेछु र त्यहाँ धेरै बोधिसत्वहरूलाई धर्मोपदेश दिनेछु। मलाई तिमीले मञ्जुश्रीको साथमा फेरि पनि देख्नेछौ। हे कुलपुत्र! अब तिमी फेरि मञ्जुश्री कहाँ गएर सबै कुरा सिक्न जाऊ। वहाँ जस्तो असाधारण चर्या पालना गर्ने बोधिसत्व अरू छैन। अरू बोधिसत्वहरूले जानेका सम्पूर्ण कुरा वहाँले जान्नु भएको छ। तिमी गाह्रो नमान फेरि वहाँ कहाँ गएर विन्ती गर्न जाऊ।

अनि सुधन श्रेष्ठी मैत्रेय बोधिसत्वको पाउमा बन्दना गरी विदा भई वहाँबाट प्रस्थान गरे

कल्याणमित्र मञ्जुश्री

यसरी सुधन श्रेष्ठी दारक एक शय दश वटा नगरहरूमा घुम्दै सुमनामुख नामको प्रदेशमा पुगी मञ्जुश्री कुमारभूतलाई संझदै भेट्ने इच्छाले उभिरहेको थियो। यतिकैमा एक शय दश योजन टाढाबाट सुमनामुख नगरमा बसेको सुधन श्रेष्ठीको शिरमा आफ्नो हात राखी मञ्जुश्री कुमार भूतले यस्तो आज्ञा भयो– हे कुलपुत्र! तिमीलाई धेरै साधुवाद छ। श्रद्धा नभएका, दिक्क मान्ने, अल्सी, अनित्य वस्तुमा आशक्त हुने व्यक्तिले कल्याणमित्रहरूको दर्शन पाउन सक्दैन; यो धर्मता (स्वभाव) हो।

यसरी विभिन्न उपदेशद्वारा सद्धर्ममा प्रेरणा दिई पहिलेको भन्दा धेरै उत्साहवर्द्धक उपदेश दिई अब उप्रान्त तिमी समन्तभद्रचर्यामा बस्नु भनी बोधिसत्वले प्राप्त गर्नु पर्ने धारणी, प्रतिभा, अभिज्ञा, ज्ञान आदि दिई महामञ्जुश्रीले सुधनको शिरबाट हात झिक्नु भयो ।

कल्याणमित्र समन्तभद्रः

अनि सुधन श्रेष्ठी दारक सबै कल्याणमित्रहरूको उपदेशद्वारा प्रबुद्ध भई मञ्जुश्री बोधिसत्वले बताउनु भएको समन्तभद्र बोधिसत्वको नाउँ तथा चर्या प्रणिधान आदि धेरै कुरा सुनी वहाँ उपर श्रद्धाले विह्वल भई अब मेरो इच्छापूर्ण हुनेछ भन्ने मनमा लिई बसी रहंदा समन्तभद्र बोधिसत्वको दर्शन पाउनु भन्दा पहिले देखिने दशवटा पूर्वनिमित्तहरू (सगुनहरू) देख्न थाले । दश प्रकारको अवभास अर्थात् सबै लोकधातुका परमाणुहरूमा प्रत्येकमा सबै तथागतहरू विराजमान भएको पनि देख्न थाले। यति देखिसकेपछि अब मैले समन्तभद्र बोधिसत्वको दर्शन गर्नु पर्छ वहाँको दर्शन गर्नु नै तथागतको दर्शन गर्नु हो भन्ने निर्णय गरी बसिरहेको बेलामा वैरोचन तथागतको सामु महारत्नपद्मगर्भ सिंहासनमा बसिरहनु भएको समन्तभद्र बोधिसत्वलाई देख्नु भयो । अनि समन्तभद्र बोधिसत्वले आपना रोमकूपबाट नाना रश्मि निकाली सम्पूर्ण लोकधातुलाई उज्ज्वल पारी दुःख शान्त गरिरहेको पनि देखे । त्यस पछि वहाँको कुमको रोमकूपबाट पुष्प, धुप, दीप, गन्ध, रस आदि मेघ जस्तो भई निस्की बुद्धबोधिसत्वहरुलाई वर्षा गरिरहेको आदि धेरै ऋद्धि विकुर्वितहरू पनि देखे ।

समन्तभद्र बोधिसत्वको यस्तो ऋद्धिविकुर्वित देखी प्रसन्न भई सुधनले बोधिसत्वको शरीरमा हेरिरहंदा एउटा रोमकूपबाट एक एक लोकधातु र ती लोकधातुमा तथागतहरूले धर्मदेशना गरिरहेको र प्रत्येक तथागतको सामु बसी समन्तभद्र बोधिसत्वले नै

धर्मदेशना सुनिरहेको देखे। यस्तो अचिन्त्य ऋद्धिलाई देखेपछि सुधन कुमारलाई दश प्रकारको ज्ञानपारमिता विहार पनि उनलाई लाभ भयो। तदन्तर समन्तभद्र बोधिसत्वले आफ्नो हात सुधनको शिरमा राखिदियो अनि सुधनलाई अनन्त प्रकारका समाधि लाभ भयो। सहालोक धातुमा वैरोचन तथागतको सामु बसी रहेको समन्तभद्रबोधिसत्वले सुधनको शिरमा जसरी हात राखिदिनु भयो त्यसरी अरू लोकधातुमा तथागत सामु बसी धर्मदेशना सुनिरहेको समन्तभद्र बोधिसत्वले पनि सुधनको शिरमा हात राखेको थियो।

अनि समन्तभद्र बोधिसत्वले हे कुलपुत्र ! मेरो ऋद्धि विकुर्वित देख्यौ? मैंले अनभिलाप्याभिलाप्य बुद्धक्षेत्रका परमाणु रज समान कल्पहरूमा बुद्ध वन्न सकू भन्ने अभिलाषा लिंदै आइरहेको छु। मैले धेरै पुण्यसंभार र ज्ञानसंभार प्राप्त गरेको छु । मैले आँखा, शिर, जिब्रो आदि र आफ्नू श्रीसम्पत्ति छोरा छोरी आदि पनि दान गरेको छु त्यस वेला देखि मैंले तथागत शासनको बिरुद्ध काम गरेको छैन। प्रतिघचित्त र आत्मग्रहचित्त पनि उत्पन्न गरेको छैन बनी समन्तभद्र बोधिसत्वले आज्ञा भयो। यसरी बोधिचर्या पालना गरेर नं मैंले यी ऋद्धि प्राप्त गरेको हुं भन्नु भयो।

समन्तभद्रको शरीरमा रोमकूपमा देखिएका सबै लोक धातुहरूमा आफैं गएर सबै प्राणीहरूलाई उद्धार गर्न तत्पर भइरहेको जस्तो अनुभूति सुधन कुमारले गरे। अनि सुधनलाई यस्तो कुशलमूलको वृद्धि भयो जुन कुशलमूल जिन्दगीभर गरेको पुण्य भन्दा हजारौं लाखौं गुणा बढी थियो । त्यस पछि समन्तभद्र वोधिसत्वको चर्या प्रणिधानसंग आपनो चर्या समता भएको पनि सुधन श्रेष्ठीलाई अनुभूति भयो।

अनि समन्तभद्र बोधिसत्व महासत्वले अनभिलाप्याभिलाप्य बुद्धक्षेत्रको परमाणु समान कल्प तथा कल्पौं कल्प सम्म चलिरहने भाव व्यक्त गरी धेरै गाथाद्वारा प्रणिधान गर्नु भयो—

दशै दिशाका सम्पूर्ण लोकधातुहरूमा तीनै कालदेखिका जति नरसिंह तथागतहरू छन् ती सबै तथागतहरूलाई काय वाक् चित्त प्रसन्न गरी वन्दना गर्छु ।।१।।

भद्रचर्याको प्रणिधानको बलले सबै बुद्धहरूलाई मनले देखी सबै क्षेत्रका परमाणु समान कायप्रणाम (दण्डवत) बुद्धहरूलाई गर्छु ।।२।।

एउटा रजकणमा रजोपम बुद्धहरू तथा बुद्धसुत (बोधिसत्व) हरू र सबै बुद्धधर्महरू बिराजमान भएका छन् । अतः सबै रजकण नै बुद्ध बोधिसत्वहरूले पूर्ण भएको विश्वास गर्छु ।।३।।

ती समस्त रजकणहरूमा विराजमान भएका बुद्ध बोधिसत्वहरूलाई अक्षय वर्ण (अक्षर) को सागर तथा सबै स्वरको सागरद्वारा बहाँहरूको गुण प्रशंसा गरी तथागतहरूको स्तुति गर्छु ।।४।।

उत्तम, उत्तम पुष्प तथा माला, बाद्य, विलेपन, छत्र, दीप, धुपद्वारा ती तथागतहरूलाई म पूजा गर्दछु ।।५।।

त्यस्तै सुमेरू समान उत्तम वस्त्र, सुगन्ध, चूर्णपुट (पाउडर) द्वारा तथा अरू सबै विशेष वस्तुहरूको समूहद्वारा तथागतलाई पूजा गर्छु ।।६।।

सबै बुद्धहरूले जुन उत्तम अनुत्तर पूजाहरू समान मैले गरेका पूजाहरू पनि अनुत्तर होस् भनी दृढबिश्वास गरी सबै बुद्धहरूलाई म वन्दना गरी पूजा गर्छु ।।७।।

रागद्वेष, मोहको कारणले काय, वाक्, चित्तद्वारा मैले पाप गरेका होलान् । ती सबै पापहरू हजूरको सामु यथार्थरूपले व्यक्त गर्छु ।।८।।

दशै दिशामा शैक्ष, अशैक्ष (अर्हत्) प्रत्येक बुद्ध बोधिसत्वहरूले जो पुण्य गर्नु भएको छ, ती सबै पुण्यहरूको म अनुमोदन गर्छु, प्रशंसा गर्छु ।।९।।

दशौं दिशामा बोधिज्ञान प्राप्त गरी अनाशक्त हुनु भएका लोक प्रदीप भएका सबै बुद्धहरूलाई धर्म चक्र प्रवर्तन गर्नु होस् भनी म अनुरोध गर्छु ।।१०।।

निर्वाण हुन चाहने जो तथागतहरू छन् वहाँहरूलाई हात जोडी सम्पूर्ण प्राणीहरूको हित सुखको निमित्त सबै क्षेत्रका रज समान कल्पहरू स्थिर भएर यहीं बस्नु होस् भनी याचना गर्छु ।।११।।

यसरो वन्दना, पूजना, पापदेशना, पुण्यानुमोदना, अध्यैषणा, याचना गरेर संचय भएका जति मेरा पुण्यहरू छन्, ती पुण्यद्वारा समस्त प्राणीहरूले बोधिज्ञान लाभ गर्न सकून् भनी परिणामना गर्छु ।।१२।।

मेरो यी पुण्यले दशौं दिशाका सबै लोकहरूमा जति अतीतका बुद्धहरू छन् ती सबैलाई मेरो पूजा लागोस्, भविष्यमा बोधि लाभ गर्ने वोधिसत्वहरूको पनि चाँडै मनोरथ पूर्ण होस् ।।१३।।

मेरो पुण्यको प्रभावले दशौं दिशाका सबै क्षेत्रहरू परिशुद्ध र उद्धार होउन् तथा सबै क्षेत्रका बोधिवृक्षमुनि बुद्ध बोधिसत्व-अरूले पूर्ण भएका होउन् ।।१४।।

मेरो पुण्यको प्रभावले दशौं दिशामा रहेका प्राणीहरू संधै सुखी र निरोगी होउन्; सबै जगतका धार्मिक व्यक्तिहरूको स्वार्थ-पूर्ण होउन् तथा वहाँहरूको इच्छा पूर्ण होस् ।।१५।।

मेरो पुण्यको प्रभावले बोधिचर्या पालन गरिरहंदा सम्पूर्ण गतिमा, सबै जन्ममा च्युति, उत्पति (जन्म, मरण) भएको कुरा सम्झन सकूं तथा प्रत्येक जन्ममा प्रर्वजित हुन सकूं ।।१६।।

पुण्यको प्रभावले सबै तथागतहरूको शिक्षाको अनुशरण गर्दै भद्रचर्या पूर्ण गर्दै विशुद्ध, निर्मल, अखण्ड, अक्षिद्र शील पालन गर्न सकूं ।।१७।।

मेरो पुण्यको प्रभावले देवताको भाषाले नाग, यक्ष, कुष्माण्ड तथा मनुष्यको भाषाले र जगतका सबै भाषाहरूले धर्म-देशना गर्न सकूं ।।१८।।

मेरो पुण्यको प्रभावले पारमिता पूर्ण गर्न लागिरहेका बोधिसत्वहरूको चित्तले बोधिज्ञान गर्ने कार्यमा कहिल्यै पनि गल्ती नगरोस् तथा वहाँहरूको कुनै क्लेशावरण बाँकी छन् भने ती सबै घटेर जाउंन् ।।१९।।

मेरो पुण्यको प्रभावले कमलमा हीलो र पानी नलागे झैं तथा आकाशमा सूर्य, चन्द्र न अड्के झैं लोकमा बसे पनि कर्मक्लेश तथा मारको प्रभावले बिमुक्त हुन सकूं ।।२०।।

मेरो पुण्यको प्रभावले सबै दिशाका क्षेत्रहरूमा अपाय दु:ख शान्त गर्दै सबै जगतलाई सुखी बनाउंदै जगतलाई हित हुने चर्या गर्न सकूं ।।२१।।

मेरो पुण्यको प्रभावले लोकको चर्यासंग अनुकूल भई बोधि-चर्या पूर्ण गर्दै भद्रचर्या भावना गर्दै भविष्यका सबै कल्पंहरू विताउन सकूं ।।२२।।

मेरो पुण्यको प्रभावले मेरो समान भद्रचर्या पालना गर्ने व्यक्तिहरूसंग मेरो नित्य भेटघाट भैरहुंन्; काय, वाक् चित्त तीनै द्वारा समान प्रणिधान रहन सकूं ।।२३।।

मेरो पुण्यको प्रभावले मेरो हित कामना गर्ने कल्याण-मित्रहरू तथा भद्रचर्या पालना गर्न उपदेश दिने व्यक्तिहरूसंग पनि नित्य भेटघाट भैरहुन् तथा वहाँहरूको चित्त मैले कहिल्यै दुखाउनु नपरोस् ।।२४।।

मेरो पुण्यको प्रभावले बोधिसत्वहरू वरिपरि लगाई बस्नु भएका बुद्धहरूको नित्य दर्शन पाउन सकूं । वहाँहरूलाई भविष्यका सबै कल्पहरूमा गाह्रो नमानी उद्धार पूजा गर्न सकूं ।।२५।।

तथागतहरूको सद्धर्म धारणा गर्दै बोधिचर्यालाई प्रकाशन गर्दै भद्रचारीलाई निर्मल पार्दै भविष्यका सबै कल्पहरू विताउन पाऊ ।।२६।।

सबै भव संसारमा रहंदै ज्ञान संभार, पुण्य संभार अक्षय वनाउंदै प्रज्ञा, उपाय, समाधि, विमोक्ष आदि सबै गुणहरूको अक्षयकोष हुन सकूं ।।२७।।

एउटा रजकणको अग्रभागमा रजकण समान बुध्द क्षेत्रहरू होउन्, ती क्षेत्रहरूको मध्य भागमा अचिन्त्य बुध्द र बोधिसत्वहरू विराजमान भएको मैले देख्न सकूं ।।२८।।

यस्तै सबै दिशाहरूमा रौंका अग्रभागमा तीनै कालका अप्रमाण बुध्द क्षेत्र र बुध्द समुद्रहरू होउन् । जसमा अवतरण गर्न सकूं र समुद्र समान कल्प चर्या पालन गर्न सकूं ।।२९।।

समुद्रको आवाज समान एकै स्वरले सबै बुध्दहरूको स्वर समान, सबै तथागतहरूको आशय अनुसारको आवाज समान नित्य मेरो बुध्दवाणी अवतरण गर्न सकूं ।।३०।।

अक्षय, घोष र रूतका भेदले ती स्वरहरूमा तीनै कालका बुद्धहरूको धर्मचक्र प्रवर्तन गर्दै बुद्धिको बलले प्रवेश गर्न सकूं ।।३१।।

एक क्षणले अनागतका सबै कल्पहरूमा म प्रवेश गर्न सकूं, त्यस्तै तीनै कालका कल्पहरूमा क्षणको एक भागले म प्रवेश गर्न सकूं ।।३२।।

तीनै कालका नर्सिह जस्ता तथागतहरूलाई एकै पल्ट दर्शन गर्न सकूं । मायागत विमोक्षको बलले नित्य वहाँहरूको गोचर वन्न सकूं ।।३३।।

तीनै कालका जति बुध्द क्षेत्रका समूहहरू छन् ती सबैलाई एक रजकणको अग्रभागमा राख्न सकूं । यसरी सबै दिशामा रहेका तथागतहरूको क्षेत्र समूहमा अवतरण गर्न सकूं ।।३४।।

जति अनागतका लोक प्रदीप जस्ता बोधिसत्वहरूले बुध्द बनी धर्मचक्रप्रवर्तन गरी शान्त निर्वाण भएर देखाउन चाहन्छन् ती सबै तथागतहरूको सामु म उपस्थित हुन सकूं ।।३५।।

सबैतिर बेगले युक्त भएको ऋध्दिको बलले सबैतिर फुकेको ज्ञानको वलले सबैतिर गुणै ।गुणले युवत भएको चर्याको वलले, सर्वत्र व्याप्त मैत्रीको वलले ।।३६।।

सर्वत्र शुभ भएको पुण्यको वलले आशक्ति नभएको ज्ञानको वलले प्रज्ञा, उपाय, समाधिको बलले बोधिवललाई बढाउँदै।।३७।।

कर्मको बललाई निर्मल वनाउंदै, क्लेशको बललाई वेसरी दवाउंदै मारको बललाई दुर्बल बनाउंदै भद्रचर्याको सबै बललाई पूर्णं गर्न सकूं ।।३८।।

क्षेत्र समुद्रलाई निर्मूल पार्दै सत्व समुद्रलाई मुक्त गर्दै, धर्म समुद्रलाई विपश्यना गर्दै, ज्ञान समुद्रमा दुब्लकी मार्दै ।।३९।।

चर्या समुद्रलाई निर्मूल पार्दै, प्रणिधि समुद्रलाई पूर्णं गर्दै बुद्ध समुद्रलाई पूजा गर्दै, कल्पान् कल्प रूपी समुद्रमा दिक्क नमानी बोधिचर्या पालना गर्न सकूं ।।४०।।

तीनै कालका तथागतहरूले पालना गरिने बोधिचर्या तथा विशेष प्रणिधानहरू जति छन् ती सबैलाई मैले पूर्णं गर्न सकूं तथा भद्र चर्याद्वारा बोधिज्ञान लाभ गर्न सकूं ।।४१।।

सबै तथागतहरूको जेष्ठपुत्र समान भएको समन्तभद्र नामको बोधिसत्वको समान चर्या पालन गर्न आफूले गरेका यी कुशलहरूलाई म परिणामना गर्छु ।।४२।।

समन्तभद्र बोधिसत्वको काय विशुध्दि, वागविशुध्दि, मनोविशुध्दि, चर्याविशुध्दि, क्षेत्रविशुध्दि आदि जस्तो छ त्यस्तै मेरो पनि होस् ।४३।।।

सबैतिर शुभ मंगल गर्ने भद्रचर्या र मञ्जुश्रीको प्रणिधान चर्यालाई भविष्यका सबै कल्पहरूमा दिक्क नमानी पूर्ण गर्न सकूं ।।४०।।

मेरो चर्याको यति उति भन्ने प्रमाण नहोस्, मेरो गुणको पनि प्रमाण नहोस् यसरी अप्रमाण चर्यामा रहेर ती सबै तथागतहरूको ऋद्धि विकुर्वितलाई जान्न सकूं ।।४५।।

जहिले सम्म आकाश रहिरहला, प्राणीहरू रहिरहला, जब सम्म कर्म र क्लेशहरू रहिरहला तब सम्म मेरो उपर्युक्त प्रणिधानहरू रहिरहला ।।४६।।

दशै दिशाका अनन्त क्षेत्रहरूलाई रत्नद्वारा अलंकृत गरी बुद्धहरूलाई प्रदान गर्न सकूं । दिव्य, सुख र मनुष्यको सुखले युक्त भएको रजोपम क्षेत्रहरू तथागतहरूलाई कल्पान् कल्पसम्म प्रदान गर्न सकूं ।

जसले यो परिणामना राजगाथालाई एक पल्ट मात्रै सुनेर दृढविश्बास गर्ला त्यो व्यक्तिले बोधिज्ञानलाई प्रार्थना गर्दै विशेष प्रकारको अग्रपुण्य प्राप्त गर्नेछ ।।४७।।

तथा त्यो व्यक्ति सबै अपायबाट मुक्त हुनेछ, उसको कुभलो चिताउने व्यक्तिहरू पनि हुने छैन । अनि चाँडै नै अभिताभ तथागतको दर्शन पाउने ।।४६।।

जसले यो गाथा पाठ गर्छ त्यस्को जीवन सफल भन्नु पर्छ, उसको मनुष्य जन्मलाई स्वागत छ । यो भद्रचरी प्रणिधान पाठ गर्ने व्यक्ति चाँडैं नै समन्त भद्रबोधिसत्व जस्तो हुनेछ ।। ५०।।

अज्ञानले गरेका पञ्च महापापहरू पनि यो भद्रचर्या पाठ गर्दा चाँडैनै क्षीण भएर जाने हुन्छ ।।५१।।

असल ज्ञान रूप, लक्षण, वर्ण, गोत्रले परिपूर्ण हुन्छ तथा तीर्थिक मारहरूले पनि दवाउन नसक्ने हुन्छ । तीनै लोकमा सर्वत्र सत्कार पाउने हुन्छ ।।५२।।

त्यो व्यक्तिले चाँडै नै बोधिबृक्षमुनि बसेर प्राणी हित गर्न बोधिज्ञान लाभ गरी धर्मचक्र प्रवर्तन गरेर सबै मार सैन्यलाई हटाउने हुन्छ ।।५३।।

जसले भद्रचरी प्रणिधान गाथालाई धारणा गर्छ पढ्छ अथवा व्याख्या गरी धर्मोपदेश दिन्छ । ।।५४।।

यो गाथाको फल तथा गुण बोधिसत्व मञ्जुश्रीले र समन्त भद्रबोधिसत्त्वले मात्र जान्न हुन्छ । बहाँहरूले गरे झैं गर्न सिक्दै मैले पनि यो गाथा पढनाले प्राप्त भएको सबै पुण्यहरूले जगत-सत्वको हित गर्न बुद्ध बन्न सकूं भन्ने परिणामना गर्छु ।।५५।।

तीनै कालका बुद्धहरूले जुन परिणामनालाई उत्तम भनी वर्णन गरेका छन् ती परिणामनाद्वारा मैले पनि भद्रचर्या गाथा पढेर लाभ गरेको सबै कुशलमूललाई परिणामना गर्छु ।।५६।।

म मर्ने बेलामा सबै आवरणहरूलाई हटाएर अभिताभ तथा-गतको सामुन्ने दर्शन गर्न सकूं र त्यही सुखावती भुवनमा जान सकूं ।।५७।।

सुखावती भुवनमा गएर पनि मैले यी प्रणिधान गाथाहरू स्मरण गर्न सकूं । यी लोकहरू रहेसम्म यी प्रणिधानहरू पूर्ण गरी जगतहित गर्न सकूं ।।५८।।

रमाइलो, राम्रो त्यो बुद्ध क्षेत्रको कमलमा उत्तम हुन सकूं त्यहाँ अभिताभ तथागतबाट तिमी बुद्ध होस् भन्ने व्याकरण लाभ गर्न सकूं ।।५९।।

व्याकरण गरेर कोटान कोटी निर्मित बुद्धहरूद्वारा दशैदिशा-मा बुध्दको बलले धेरै प्राणीहरूलाई हित गर्न सकूं ।।६०।।

यो भद्रचरी प्रणिधानलाई पाठ गरेर जो पुण्य ममा संचय भएको छ त्यो पुण्यको प्रभावले एकै क्षणमा सबै जगत सत्वको शुभ प्रणिधानहरू पूर्ण होस् ।।६१।।

यो भद्रचरीको परिणामना गर्दा लाभ भएका विशेष प्रकारको जे जति अनन्त पुण्यहरू छ ती पुण्यको प्रभावले दु:खको सागरमा डुबेका जगत संसार सबं अभिताभको भुवनमा जाऊन् ।।६२।।

यसरी भगवान बुध्दले प्रसन्न मनले आज्ञा हुनु भयो–सुधन श्रेष्ठी दारक मञ्जुश्री आदि वोधिसत्व तथा वहाँले उध्दार गरेका भिक्षुहरू तथा भद्रकल्पका सबै मैत्रेय आदि वोधिसत्वहरू र योवराज्याभिषेक प्राप्त गरेका समन्त भद्र आदि परमाणु रज समान बोधिसत्वहरू र नाना लोकधातुवाट सम्मिलित हुन आएका बोधिसत्वहरू र शारिपुत्र मोदगल्यायन आदि महाश्रावकहरूले पनि समन्त भद्र बोधिसत्व चर्यालाई अभिनन्दन गरे ।

[सुधनले सेवा गरेका कल्याणमित्रहरू मध्ये केही भागका रूपमा पाइएका आर्यगन्धव्यूह महायान सूत्र राज समाप्त भयो]

ये धर्मा हेतुप्रभपा हेतु तेषां तथागतो ह्यवदत् ।
तेषां च यो निरोधो एवंवादी महाश्रमणः ।।

दशभूमिक सूत्रम्

प्रमुदिता नाम प्रथमा भूमिः

कुनै समयमा भगवान् बुद्ध वोधि लाभ गरेको दुइहप्ता पछि परनिर्मितवशवर्ती देवराजको प्रासादमा धेरै भिक्षुहरूको साथमा बसिरहनु भएको थियो। त्यहाँ बोधिसत्वको सबै ज्ञान लाभ गरेका तथागतको ज्ञानको विषयमा प्रवेश गरिरहेका आशक्ति नभएका वज्रगर्भ आदि अनेकौं बोधिसत्वहरू पनि उपस्थित थियो।

त्यस बेला बुद्धको अनुभावले बज्रगर्भ नामको बोधिसत्वले महायान प्रभास नामको समाधि लाभ गर्नु भयो। त्यो समाधिवाट ब्यूंझे पछि बज्रगर्भ बोधिसत्वले दशैंदिशामा अनन्तकोटी बुद्ध क्षेत्रका तथागतहरूको दर्शन पाए। ती सबै दिशाका तथागतहरू बज्रगर्भ नामका नै थिए। ती तथागतहरूले बज्रगर्भ बोधिसत्वलाई यस्तो आज्ञा भयो– हे जिनपुत्र ! तपाईले महायान प्रभास नामको बोधिसत्व समाधिमा बस्नु भएकोमा धेरै साधुवाद छ। तपाईले आश्चर्य नमान्नु होस् हाम्रा नामहरू षनि बज्रगर्भ नै हुन्। परापूर्वकालमा भगवान् वैरोचन तथागतले अधिष्ठान गरेको हुनाले र तिम्रो पुण्य ज्ञानको विशेषताले पनि यस्तो भएको हो। यो समाधिद्वारा बोधिचित्त कहिल्यै खलबलिने छैन। जगतसत्वलाई उद्धार गर्न कहिल्यै पछि पर्ने छैन।

हे कुलपुत्र ! तपाईलाई धर्मालोकमुखप्रभेदकौशल्य धर्मपर्यायको ज्ञान होस् भन्दै ती बुद्धहरूले बज्रगर्भ बोधिसत्वलाई कसैले षनि दबाउन नसक्ने सिद्धि पनि दिए। साथै आशक्ति

नभएको ज्ञान, वैशारद्य आदि विभिन्न सिद्धिहरू पनि दिएका थिए ।

अनि त्यसपछि पहिलेका ती अनन्त तथागतहरूले आ-आफ्नो दाँया हात ऋद्धिको बलले पसारी बज्रगर्भ बोधिसत्वको शिरमा सुमसुम्याउनु भयो । वहाँहरूले यसरी शिरमा छुने बितिकै वज्रगर्भ वोधिसत्वले अरू बोधिसत्वहरूलाई सम्वोधन गरी यस्तो आज्ञा भयो– हे जिनपुत्रहरू हो ! जगतसत्वलाई रक्षा गर्ने, उद्धार गर्ने चित्त तपाइहरूले लिनु भएको छ । यस्तो चित्त पहिलेका, अहिलेका र पछि आउने बुध्दहरूले पनि लिनु हुनेछ । त्यसकारण दश प्रकारको बोधिसत्व भूमिलाई हामीले बुझ्नु पर्छ भन्ने मेरो धारणा छ । अर्थात् प्रमुदिता, विमला, प्रभाकरी, अर्चिष्मती, सुदुर्जया, अभिमुखी, दूरंगमा, अचला, साधुमति, धर्ममेघा नाम गरेका दशवटा बोधिसत्व भूमिहरू छन् । यी भूमिहरूलाई तीनै कालका बुध्दहरूले व्याख्यान गर्नु हुनेछ । त्यस्तो कुनै लोक धातुहरू छैनन् जुन ठाउँमा यी तथागतहरूले यी दश भूमिको वर्णन नगरेको होला । किनभने बोधिलाभ गर्ने, वोधिचर्या पालन गर्ने मुख्य धर्मलोक यही दश भूमि हो ।

यति आज्ञा भएर वज्रगर्भ बोधिसत्व चुप लाग्नु भयो र ती भूमिहरूको कुनै व्याख्या गर्नु भएन । अनि बोधिसत्वहरूको सभामा विमुक्तिचन्द्र नामको वोधिसत्वले अरू बोधिसत्वहरूको आशय अनुसार बज्रगर्भलाई गाथाद्वारा स्तुति गरी यसरी प्रश्न गरे– यहाँ उपस्थित भएका सवै बोधिसत्वहरुले दश भूमिको वर्णन सुन्न चाहेका छन् । यी वोधिसत्वहरु प्रसन्न मुद्रामा आलष्य त्याग गरी शान्तपूर्वक शुध्द चित्तले बसेका छन् । त्यस कारण हजूले दशभूमिको वर्णन गर्नु होस् ।

यस्तो वचन सुनी बज्रगर्भ वोधिसत्वले यस्तो आज्ञा भयो– यहाँले भन्नु भएको कुरा उचित छ । तर दश भूमिको ज्ञान बुझ्नु परम दुष्कर छ । यो सूक्ष्म देख्न गाह्रो चित्त भूमिलाई सुन्न वज्र जस्तो हृदयको आवश्यकता छ । यस कारण मैले यो दश भूमिलाई प्रकाश नगरेको हुं ।

यस्तो आज्ञा सुनी विमुक्तिचन्द्रले बज्रगर्भलाई भन्नुभयो– यहाँ उपस्थित भएका वोधिसत्वहरुले धेरै बुद्धहरुको सेवा गरेर आइसकेका छन् । ज्ञान संभार वोधिसंभार पनि राम्ररी पूर्ण गर्न प्रयत्न गर्नु भएको छ । त्यसकारण हजूरले आज्ञा हुने दशभूमिलाई अवश्य यिनीहरूले बुझ्ने छन् ।

यस्तो वचन सुनी वज्रगर्भले आज्ञा भयो– हे जिनपुत्र ! तपाईले भन्नु भएको सबै कुरा साँचो हो परन्तु मैले वर्णन गरेको दश भूमि उपर शंकाको दृष्टिले हेर्‍यो भने दीर्घरात्रसम्म अनर्थ, अहित हुने संभव छ । यसैले म चुप लागेको हुं ।

यस्तो बचन सुनी विमुक्तिचन्द्र वोधिसत्वले बज्रगर्भलाई यसरी प्रार्थना गरे– यहाँले आज्ञा भएको कुरो उचित हो । तर तथागतहरूले अवश्य पनि रक्षा गर्नु हुनेछ किनभने ज्ञानाभूमिलाई रक्षा गर्नु आवश्यक छ । बुद्ध धर्म ज्ञान गर्न वोधिचर्या पालन गर्ने यी भूमिहरूको चर्या अनुसरण गर्नु नितान्त आवश्यक छ । क, ख, ग, घ आदि र अ, आ आदि अक्षर ज्ञान नभइकन नाना प्रकारका लिपीहरू जानिंदैन । त्यस्तै भूमिचर्या नजानिकन बुद्धत्व लाभ हुंदैन । त्यसकारण तथागत अर्हत सम्यक् सम्बुद्धहरूबाट अज्ञानीहरूलाई रक्षा गर्नु हुनेछ ।

अनि त्यस पछि सबै बोधिसत्वहरूले एकै स्वरले गाथाद्वारा बज्रगर्भलाई स्तुति गर्दै यसरी प्रार्थना गरे– स्मृति, धृति आदि विशुद्धि भएको हजूरले मधुर बचनद्वारा दशबल लाभ गर्नुको निमित्त दश भूमिको व्याख्या गर्नु होस् । यहाँ उपस्थित भएका सबै वोधिसत्वहरू शम नियम आदिले शान्त र मान अभिमान रहित भएका हुनु हुन्छ । त्यसकारणले पनि हजूरलाई दशभूमि व्याख्या गर्नु होस् भनी हामी प्रार्थना गर्छौं ।

त्यसै बेला भगवान शाक्यमुनिको उर्णाकोशबाट बोधिसत्व वलालोक नामको रश्मि निस्क्यो । त्यो रश्मि दशै दिशामा फैलियो र अपाय दुःखहरू शान्त हुन थाले । अनि अरू बुद्धहरूको

पनि त्यस्तै रश्मि निस्क्यो र आकाशमा मेघको डल्लो जस्तो कुटागार जस्तो भएर रहिरह्यो र ती कूटागारहरूको रश्मिले सर्वत्र रहेका वोधिसत्वहरू स्पष्ट देखिन थाले । अनि एक छिन पछि ती रश्मिबाट यस्तो शब्द निस्के-"आकाश समान व्यापक दशबलले युक्त भएको शाक्यमुनिले देव मनुष्यहरूको हित गर्न अधिष्ठान गर्नु भएको ज्ञान भूमिलाई वर्णन गर; यो दश भूमिको क्रमश: पालन गर्ने चर्यालाई व्याख्या गर; यी दश भूमिलाई पूर्ण गरेर दश बल प्राप्त गरेर बुद्ध होऊ ।"

त्यस पछि वज्रगर्भ वोधिसत्वले दशै दिशामा हेरेर गाथाद्वारा यस्तो भन्नु भयो– यो भूमिको ज्ञान सूक्ष्म र बुझ्न गाह्रो छ । केवल बुद्धिमानहरूले मात्र स्वभाव शून्य भएको अद्वय स्वभावको, त्रिकालले रहित भएको तथा आकाश समान भएको यो भूमिलाई बुझ्दछन् । फेरि यो भूमिलाई बताउनु पनि गाह्रो छ । अनि वोधिसत्वहरूलाई सम्बोधन गर्दै फेरि भन्नु भयो– कुशलमूलहरूलाई संचय गरेका, पुण्य संभार र ज्ञान संभारले युक्त भएको, उद्धार आशय भएका व्यक्तिहरूले करूणाले व्याकुल भएर प्राणीहरूलाई हित गर्न बोधिचित्त उत्पन्न गर्ने हुन्छन् । बुद्धज्ञान लाभ होस्, बुद्धले गर्नु पर्ने र बुझ्नु पर्ने सबै क्रियाकलापहरू सम्पन्न गरी जगतसत्वलाई रक्षा गर्न र महाकरूणालाई विशुद्ध पार्न यो भूमिमा प्रवेश गर्नु पर्छ । बोधिचित्त उत्पन्न हुना साथ यो भूमिमा प्रवेश गरेकै हुन्छ । त्यस बेला बोधिसत्वहरूलाई अत्यन्त प्रमोद, आनन्द, प्रसन्नता, उत्साह, अविहिंसा, अक्रोध आदि विशुद्ध भावहरू उत्पन्न हुन्छ ।

जो बोधिसत्व प्रमुदिता भूमिमा प्रवेश गर्छ त्यो बोधिसत्व हर्षले व्याकुल भएको हुन्छ । किनभने मैले बुद्धधर्मलाई जाने वोधिसत्वचर्या पालन गरें, पारमितापूर्ण गर्न तम्सिरहेको छु भन्ने भावले उ हर्षित र प्रमुदित हुन्छ । यति मात्र होइन साधारण व्यक्तिको विषय प्रपञ्चमा अब म छैन म त बुद्ध भूमिको नजीक पुगिसकें अब मलाई अपाय दुर्गति भय छैन; सबै प्राणीहरूले भर पर्न

योग्य भएको छु भनेर उ प्रसन्न हुन्छ । जो बोधिसत्व प्रमुदिता भूमिमा प्रवेश गर्छ सो व्यक्तिलाई जीविका भय, निन्दा भय, मरण भय, दुर्गति भय र परषद् शारद्य भय हुंदैन । किनभने सो बोधिसत्वमा म भन्ने भावना हुंदैन, आत्म स्नेह पनि हुंदैन । जगत सत्वलाई चाहिएको कुराद्वारा मद्दत गर्छु भन्ने व्यक्तिलाई अरूहरूबाट लाभ सत्कार पाउँ भन्ने आशा हुंदैन । आत्म दृष्टि नहुने हुनाले मरण भय पनि उनलाई हुंदैन । अतः उ संधै हर्षित र प्रमुदित भएको हुन्छ ।

हे बोधिसत्वहरू हो ! महाकरूणालाई प्राधान्य थान्ने चित्त विशुद्ध हुने तथा श्रद्धा प्रवल हुने व्यक्तिलाई प्रमोदले कहिल्यै छोड्दैन । रात दिन धेरै बुद्ध धर्म जानु वहुश्रुत वनु भनी धर्ममा प्रेम गर्ने हुनाले पनि उनको मनमा माया शाठ्य आदि भाव पलाउंदैन केवल प्रमुदित र आनन्दित हुने हुन्छ । यथावादी तथाकारी हुने बोधिसत्वको सत्य वचनद्वारा चित्त संधै प्रसन्न हुन्छ । यसरी प्रमुदिता भूमिमा बोधिसत्वहरू प्रतिष्ठित हुन्छन्

अनि प्रमुदिता भूमिमा रहेका बोधिसत्वले यसरी महाप्रणिधान गर्ने हुन्छन्– (१) अनन्त लोक धातुमा रहेका सबै बुद्धहरूको पूजा सत्कार गर्न सकूं । (२) सबै बुद्धहरूले दिनु भएको उपदेश तथा धर्मलाई मैले संधै उपस्थित गर्न सकूं । (३) पहिलेका बुद्धहरूले गरी आउनु भएको तुषित भुवनंबाट च्यवन भई संक्रमण, गर्भ स्थिति, जन्म आदि देखि लिएर धर्मचक्रप्रवर्तन सम्मका सबै चर्या गर्न सकूं । (४) संवर्त विवर्त (सृष्टि र प्रलय) मा पनि सबै बोधिचर्या यथार्थ रूपले पालन गरी पारमिता पूर्ण गर्न सकूं; बोधिचित्त स्थिर गर्न सकूं । (५) सर्व सत्वधातुलाई बुद्धत्व लाभ गराउन सकूं । (६) सबै लोक धातुहरूलाई प्रत्यक्ष देख्न सकूं तथा अवतरण गर्न सकूं । (७) सबै बुद्धक्षेत्र परिशुद्ध गर्न सकूं । (८) सबै प्राणीहरूलाई महायानको महत्व वुझाई सो चर्यामा लगाउन सकूं । (९) जगत उद्धार गर्ने सबै काममा म सफल हुन सकूं । (१०) अरू जति पनि बुद्धका गुणहरू छन् ती सबै मैले लाभ गर्न सकूं । यसरी

दशवटा प्रणिधान प्रमुदिता भूमिको बोधिसत्वले गर्ने हुन्छ ।

त्यस पछि दशवटा निष्ठापद (प्रतिष्ठा) लाई धारणा गर्ने हुन्छ । सत्व धातु निष्ठा, लोक धातु निष्ठा, आकाश धातु निष्ठा, धर्मधातु निष्ठा, निर्वाण धातु निष्ठा, बुद्धोत्पाद धातु निष्ठा, तथागत ज्ञान धातु निष्ठा, चित्तालम्बन धातु निष्ठा, बुद्धज्ञान प्रवेश धातु निष्ठा, लोकवर्तनी, धर्मवर्तनी, ज्ञानधातु निष्ठा । यी दश निष्ठा अर्थात् सत्वधातु प्रतिष्ठा नै मेरो प्रतिष्ठा हो, लोक धातुको प्रतिष्ठा नै मेरो प्रतिष्ठा हो आदि भावना गर्ने हुन्छ । लोक धातु आदिको प्रतिष्ठा नभए मेरो प्रतिष्ठा पनि नहोस् भन्ने भावना गर्ने हुन्छ ।

यस्तो भावना गर्ने हुनाले बोधिसत्वको चित्त अत्यन्त कर्मण्य (काम लाग्ने) हुन्छ, मृदु चित्त हुन्छ, श्रद्धा दृढ हुन्छ । श्रद्धा दृढ भए पछि बुद्ध, बोधिसत्वहरुको चर्या तथा पारमिता आदि पूर्ण गर्न सफल हुन्छ । छोटकरीमा भनुं भने सबै बोधिसत्व चर्या श्रद्धाद्वारा नै पूर्ण हुने हुन्छ ।

अनि क्रमशः प्रमुदिता भूमिमा प्रवेश गरेको बोधिसत्वले बुद्धधर्मलाई विविक्त, शान्त, शून्य, अनिर्मित्त, अप्रणिहित स्वभावको छ, बुझ्न गाह्रो छ भन्ने ज्ञान गर्छ । अनि संसारमा रहेका साधारण मानिसको अहंकार, ममकार, अविद्या, मान आदिले उच्छृङ्खल भएका र तृष्णा तथा माया, शाठ्य, ईर्ष्या, मात्सर्य, क्रोध, उपनाह आदिद्वारा अकुशल कर्ममा लागेको चित्त मनोविज्ञान रूपी बीउले पूनर्जन्मको अंकूर उत्पन्न भएको नामरूपले षडायतन बनेको, षडायतनको स्पर्शले वेदना उत्पन्न भएको, वेदनाले तृष्णा उपादान बढेको र त्यसबाट भय, जाति, जरा, मरण, आदि दुःख उत्पन्न भइरहेको देखी यिनीहरूलाई कसरी उद्धार गर्ने भन्ने महाकरूणा उत्पन्न हुन्छ । साथै यिनीहरूलाई निर्वाणको अत्यन्त सुख कसरी अनुभव गराउने भन्ने महामैत्री उत्पन्न गर्छ ।

यसरी महाकरूणा र महामैत्रीको प्रभावले गर्दा उनमा महात्याग गर्ने उत्साह आउछ अर्थात् धन सम्पत्ति र आफ्नो जीवन पनि त्याग गर्ने बुद्धि उत्पन्न हुन्छ । यसरी करूणा, मैत्री र त्याग चित्तले युक्त भएर जगत सत्व उद्धार गर्न बारम्बार लोकिक लोकोत्तर वस्तु प्राप्त गर्न कोशिश गर्छ । अनि उसलाई आलस्य र दिक्दार हट्छ । सद्धर्म शास्त्र जान्ने तत्परता बढ्छ । यसरी त्यो बोधि शास्त्रज्ञ र धर्मज्ञ हुन्छ । अनि हिताहित तथा कुशलाकुशल ज्ञान लाभ गरी लोकलाई सन्मार्गमा लगाउन सक्ने हुन्छ । यसरी उ लोकज्ञ बनी अपत्राप्यले युक्त भई निष्क्रम्यचारी हुन्छ । यसो हुंदा उनी धृति बलले पनि युक्त हुन्छ र धृतिबलद्वारा तथागतको पूजा उपस्थान गर्नुमा तत्पर हुन्छ । यो प्रमुदिता भूमिमा प्रवेश गर्दा उपर्युक्त श्रद्धा, करूणा एवं मैत्री, त्याग, दिक्क नमान्नु, शास्त्रज्ञता, लोकज्ञता, अधर्म गर्न लाज मान्नु, धृतिवल हुनु, तथागत पूजा उपस्थान गर्नु आदिद्वारा भूमिलाई परिशुध्द गर्ने यी दश धर्म उत्पन्न हुन्छ ।

फेरि अर्को कुरा प्रमुदिता भूमिमा प्रवेश गरेपछि बुध्दहरूको बराबर दर्शन पाउंन थाल्छ अर्थात् बुध्दलाई साक्षात् दर्शन गरेको जस्तो आभास उत्पन्न हुन थाल्छ । त्यसकारण सो व्यक्तिको तथागत उपर अति श्रध्दा, सत्कार गौरब आदि उत्पन्न हुन्छ । वहाँहरूलाई चीवर, पिण्डपात्र चढाउन अति उत्सुक हुन्छ । सो कुराहरू चढाएको पुण्यले जगत सत्व उध्दार होस् भनी पुण्यपरिणामना गर्न तत्पर हुन्छ । प्राणीहरूलाई बुध्दधर्म बोध गराउंन दान, प्रिय वचनद्वारा प्रेरणा दिने हुन्छ । दश पारमिता मध्ये दान पारमिताको प्रधानता यो भूमिमा देखिन्छ ।

अनि यो भूमिमा प्रवेश गर्ने वोधिसत्वले भूमिको आकारलाई चिन्नु पर्छ । सो चिन्न बोधिसत्वले कल्याणमित्रहरूको सत्संगत गर्न तत्पर रह्नु पर्छ । भूमिको केही गुण उत्पन्न भएपछि । यो भूमिलाई मद्दत गर्ने पक्ष यो हो, यो भूमिलाई विगार्ने प्रतिपक्ष यो हो

भन्ने कुरा पनि जान्नु पर्छ तथा यसो गर्दा भूमि उत्पन्न हुन्छ, यसो गर्दा नाश हुन्छ भन्ने पनि थाहा पाउनु पर्छ । यसै गरी भूमिको अङ्ग संशोधन गर्न र तल्लो भूमिबाट माथिल्लो भूमिमा प्रवेश गर्न सिक्नु पर्छ । यसरी क्रमशः भूमिहरू लाभ गर्दै तथागत ज्ञान भूमि सम्म पुग्न सिक्नु पर्छ । यो पहिलो प्रमुदिता भूमि लाभ गर्नु जम्बुद्वीपको ईश्वर हुनु सरह हो । यो भूमिमा पुगेको बोधिसत्वले सर्वै जगतसत्वको हित गर्न सकूं बुध्द बन्न सकूं, जगतलाई मद्दत गर्न सकूं भनी उपाय खोज्न प्रयत्न गर्ने हुन्छ । यसरी यो प्रमुदिता भूमिमा उपदेश दिइएको छ भनेर बज्रगर्भ बोधिसत्वले आज्ञा भयो ।

विमला नाम द्वितीया भूमि

वज्रगर्भ बोधिसत्वले अरू बोधिसत्वहरूलाई सम्बोधन गर्दै यस्तो आज्ञा भयो– हे बोधिसत्वहरू हो ! प्रमुदिता भूमिलाई पूरा अभ्यास गरिसके पछि दोस्रो विमला भूमि लाभ गर्ने इच्छा गर्नु पर्छ । त्यो लाभ गर्नु भन्दा पहिले दश वटा कुरामा ध्यान दिनु पर्छ । आफ्नो आशय सोझो बनाउनु पर्छ तथा मृदु, कर्मण्य, दम, शम, कल्याण, असंसृष्ट अनपेक्ष, उद्धार र महत्वाकांक्षी हुनु पर्छ । यसरी यी दश वटा चित्ताशय उत्पन्न गरिसके पछि विमला भूमिमा प्रवेश गर्न सजिलो हुन्छ । विमला भूमिमा प्रवेश गरेको बोधिसत्वले स्वभावैले दशकुशल कर्म पालना गर्ने हुन्छ अर्थात् प्राणातिपात नगर्ने, दण्ड शास्त्र धारणा नगर्ने, बैरभाव नगर्ने, पापगर्न लाज मान्ने, सबै प्राणीहरूलाई दया र हित गर्ने मैत्रीचित्त भएको हुन्छ । प्राणीलाई वध गर्ने कल्पना सम्म पनि उनको मनमा उठ्दैन । यसै गरी नदिइकन लिने अदत्तादानको प्रवृत्ति हुंदैन । आफूसंग भएको श्रीसम्पत्तिमा सन्तुष्ट हुने र अर्काको सम्पति लोभ नगर्ने हुन्छ । अर्काको कुनै वस्तु नलिने एउटा परालसम्म पनि नदिइकन नलिने प्रवृत्तिको व्यक्ति हुन्छ ।

काम मिथ्याचार (व्यभिचार) गर्ने प्रवृत्ति पनि यो भूमिमा प्रवेश गरेको बोधिसत्वमा हुदैन । उ आफ्नो स्त्रीमा सन्तुष्ट रहंने हुन्छ । परस्त्रीलाई मनले पनि व्यभिचार गर्ने विचार गर्दं । असत्य झूठो वोल्ने वानी पनि हुंदैन । सधैं सत्यवादी, भूतवादी, कालवादी, यथावादी तथाकारी गर्ने स्वभावको हुन्छ । अन्त्यमा स्वप्नमा पनि नमिल्ने बोली वोल्दैन ।

परस्परमा द्वेष भाव उत्पन्न गराउंने, चुक्ली गर्ने स्वभाव पनि हुदैन । एउटाको कुरा अर्कोलाई सुनाई मिलेकालाई फटाउने प्रयत्न गर्दैन । सत्य नै भए पनि परस्परमा झगडा हुने कुरा गर्दैन । कडा वचन गालिगुप्ता गर्ने स्वभाव पनि हुदैन । अर्काको मनमा विझ्ने बोली वोल्दैन । किन्तु सुन्दा मनै प्रसन्न हुने, वहुजनहित सुख हुने कुरा गर्ने हुन्छ ।

यसै गरी संभिन्न प्रलाप व्यर्थको कुरा गर्ने स्वभावको हुंदैन, केवल कालवादी, भूतवादी, अर्थवादी, धर्मवादी, न्यायवादी, विनयवादी स्वभावका हुन्छन् । उचित समयमा प्रमाण सहितको वचन मात्र बोल्ने हुन्छ । अर्काको धन, सुख भोग, श्रीसम्पत्तिमा अन्यायपूर्वक लिने विचार कहिल्यै गर्दैन अर्थात् अभिध्या हुंदैन । यति मात्र होइन मनले पनि कहिल्यै लोभ गर्दैन ।

व्यापाद अर्थात् अरूलाई विगार्ने मनको भाव पनि उनमा हुंदैन । केवल जगतसत्वको उपर मैत्री चित्त हितचित्त, दयाचित्त र सुख दिने चित्त मात्र उत्पन्न गरिरहेको हुन्छ । क्रोध उपनाह (डागाधर्नु) आदि चित्त उत्पन्न गर्दैन ।

यसरी विमला भूमिमा प्रवेश गरेका व्यक्तिको दृष्टि (विचार) पनि सम्यक् नै हुन्छ । उनले उत्सव, मङ्गल आदि नाना प्रकारका विचारहरूमा नफँसी छलकपट नगर्ने बुद्ध, धर्म, संघमा विश्वास गर्ने हुन्छ । यसरी दशकुशल कर्म पालना गर्दै उनले यस्तो विचार गर्ने हुन्छ-मैले आफैले दशकुशल कर्म पालना नगरिकन अर्कालाई दश कुशल कर्मपठ पालना कसरी सकिएला?

यति विचार गरी संधै दशकुशलकर्म पालना गर्न तत्पर रहन्छ। दशकुशललाई नै प्रज्ञाको आकारले भावना गरिरहंदा तीनै लोक धातुबाट हुने भय, त्रास, नहुने र महाकरूणा पनि नहुने हुनाले श्रावकयानमा प्रवृति हुने हुन्छ। त्यस भन्दा बढी परिशुद्ध कुशल कर्म भावना गर्दा अरूसंग नसोधिकन आफैंले स्वयम्भू ज्ञान लाभ गरे पनि महाकरूणा रूपी उपाय नहुँदा प्रत्येक बुद्धयानमा मात्र प्रवेश हुन्छ। त्यस भन्दा पनि परिशुद्ध दशकुशल पालना गरी महाकरूणा रूपी उपायकौशल द्वारा जगतसत्वहित गर्न महाप्रणिधान गर्ने हुंदा एवं दश पारमिता परिशुद्ध गर्ने हुंदा दशबल लाभ गरी बुद्धत्वमा प्रवेश हुन्छ। यसकारण सर्वाकारज्ञता ज्ञानलाई परिशुद्ध गर्नु नै महायानको मुख्य कर्तव्य हो। यसरी प्राणातिपातबाट नरक, तिर्यग् योनि, यमलोक जाने र अल्पायु रोगी हुने हुन्छ। अदत्तादानबाट भोग सम्पत्ति नहुंने र दरिद्र हुन्छ। काममिथ्याचारबाट आफ्नो कुलशुध्द नहुने र शत्रुता बढ्ने हुन्छ। मृषाबादवाट निन्दा र अरूले विश्वास नगर्ने नपटचाउने हुन्छ। पैशुन्यवाट आफ्नू जहान परिवारसंग पनि नमिल्ने र सन्तान नहुने हुन्छ। वाक् पारूष्यबाट शुभ कुरा सुन्न नपाउने र कलह हुने हुन्छ। अभिध्याबाट असन्तोष र महत्वाकांक्षा बढ्ने हुन्छ। व्यापादबाट अर्काको अहित गर्ने, दुःख दिने स्वभाव बढ्ने हुन्छ। मिथ्या दृष्टिबाट छलकपटको प्रवृत्ति बढ्ने हुन्छ। यसरी यी दश अकुशलले इहलोक परलोक दुवैमा हानी हुन्छ। परन्तु दशकुशलले इहलोक र परलोक दुवैमा हित गर्छ। यसकारण सबै प्राणीहरूलाई दशकुशल कर्मपठ पालना गर्ने गराउनु पर्छ भन्ने विचारले दशकुशलको शिक्षा दिन्छ। अनि म मेरो भन्ने अहंकार ममकार हटाउने ज्ञान दिई संबै त्यागको महिमा र शीलको महिमा प्रचार गर्ने हुन्छ। हुन त दशै पारमिताको अभ्यास बोधिसत्वले गरेको हुन्छन्। तर यस भूमिमा प्रवेश गरेको बोधिसत्वले विशेष गरेर शीलपारमिताको भावना गर्ने हुन्छ। अतः विमला भूमिमा प्रवेश गरेको बोधिसत्वको दौशील्य रूपी मल रहित हुन्छ र विमल हुन्छ भनी वज्रगर्भ बोधिसत्वले आज्ञा भयो।

प्रभाकरी नाम तृतीया भूमि:

अनि बज्रसत्वहरूल ई सम्बोधन गर्दै बज्रगर्भ बोधिसत्वले यस्तो आज्ञा भयो– हे जिनपुत्र हो ! दोस्रो भूमि विशुद्ध भएपछि तेस्रो भूमिमा प्रवेश गर्न दश प्रकारले चित्तलाई झुकाउनु पर्छ। मेरो चित्त शुद्ध होस्, स्थिर होस्, मेरो चित्तमा निर्वेद उत्पन्न होस्: मेरो चित्त राग रहित होस्, मेरो विचार परिवर्तन नहोस्, आफूले प्रार्थना गरेको वोधि दृढ होस्, मेरो चित्त सर्व उद्देश्य प्राप्ति गर्न तत्पर होस्, मैले केही ज्ञान लाभ गरेर पुग्दैन भनो अतृप्त चित्त होस्, मेरो चित्त उदार होस, महत्वाकांक्षी होस्, भन्ने यी दशवटा कुरामा मन झुकाउने हुन्छ। तेस्रो प्रभाकरी भूमिमा प्रवेश गरेको वोधिसत्वले सबै वस्तु अनित्य हो भनेर प्रत्यवेक्षणा पनि गर्ने हुन्छ। सबै वस्तुलाई दु:ख हो अशुभ हो अस्थिर स्वभावको क्षण क्षणमा उत्पत्ति निरोध भैरहने हो भन्ने पनि भावना गर्ने हुन्छ।

यसरी सबै बस्तुहरूको स्थिति आफ्नो अनुकूल नभएको हुनाले नै शोक, दु:ख दौर्मनस्य उत्पन्न हुन्छ भन्ने विचार गरेर तथागत ज्ञानमा मन लगाउछ। अर्थात् अनाथ दु:खी, दरिद्र, रोगी, राग द्वेष, मोहले आकुल भएका जनताहरूलाई भव संसारबाट उद्धार गरिदिने, सबैलाई कुशल चित्त उत्पन्न गरिदिने, मोक्ष लाभ गराइदिने आदि दश प्रकारको चित्त उत्पन्न हुन्छ। यस्तो जगत हित गर्ने काम मामुली उद्योगले पूर्ण हुंदैन भनी ठूलो वीर्य (उत्साह) उत्पन्न गर्ने हुन्छ। अर्थात् सबै प्राणीहरूलाई बुद्धको ज्ञान कसरी दिने कसरी उनीहरूलाई बोध गराउँने भन्ने रातो दिन विचार गर्ने हुन्छ।

अनि बोधिसत्वको मनमा यस्तो भावना उठ्ने हुन्छ। क्लेशावरण र ज्ञेयावरणबाट मुक्त नभइकन जगतसत्व उद्धार गर्न सकिंदैन। यस्तो गर्न सबै धर्म अर्थात् वस्तुहरूको यथार्थ ज्ञान हुनु आवश्यक छ। फेरि वस्तुको यथार्थ ज्ञान गर्न प्रज्ञा नभइकन हुंदैन। प्रज्ञा लाभ गर्न ध्यान लाभ नगरिकन हुंदैन। ध्यान लाभ गर्न ध्यान सम्बन्धी ज्ञानको आवश्यक हुन्छ। यसरी विचार गर्दा

गर्दै धर्म ज्ञान गर्न संधै तत्पर रहन्छ । यस भूमिमा वोधिसत्वहरू धर्ममा रमाउने, धर्ममा तल्लीन हुने स्वभावको हुन थाल्छ । यसरी धर्मको अन्वेषणमा उनले आफ्नो धन सम्पत्ति र जीवन पनि त्याग गर्न तत्पर हुन्छ । यसरी धर्मज्ञान गर्न बोधिसत्व कहिल्यै गाह्रो मान्दैन । धर्म ज्ञान गर्न उ जस्तो सुकै व्यक्ति कहाँ पनि आफ्नो अभिमान छोडी दुःख सही जुन बेला पनि धाउन तत्पर हुन्छ । एउटा मात्र बुद्ध वचन ज्ञान गर्नलाई पनि जस्तो सुकै कष्ट भोग्नु परे पनि भोगेर ज्ञान लाभ गर्ने हुन्छ । यसरी महान् उत्साहपूर्वक लाभ गरेको ज्ञानलाई एकान्तमा बसी मनन गर्छ र यो ज्ञान मैले उपयोग गर्नुपर्छ केवल कुरा गर्नलाई मात्र होइन भन्ने विचार गर्न थाल्छ ।

यसरी प्रभाकरी तृतीय भूमिमा प्रवेश गरेको वोधिसत्वले धर्मानुधर्मलाई जान्नुको निमित्त कोशिश गर्दा गर्दै प्रथम, द्वितीय, तृतीय तथा चतुर्थ ध्यान क्रमशः लाभ गर्ने हुन्छ ।अनि आकाशानन्त्यायतन, नैवसंज्ञानासंज्ञायतनलाई पनि लाभ गर्ने हुन्छ । यस्तै मैत्री, करुणा मुदिता, उपेक्षा भावना गरेर पनि ध्यान लाभ गर्ने हुन्छ ।

यसकारण तृतीय भूमिमा प्रवेश गरेका बोधिसत्वले अनेक प्रकारको ऋद्धि लाभ गर्ने हुन्छ । साथै दिव्य स्रोत, दिव्य चक्षु, परचित्त ज्ञान र पूर्वनिवासानुस्मृति पनि लाभ गर्ने हुन्छ । तर यो ध्यान विमोक्ष, समाधि समापत्ति आदिहरूमा आशक्त हुंदैन । त्यसकारण ध्यान समाधिको बलले उनी जहाँ पायो त्यहाँ जन्मदैन । किनभने उनको महाकरुणा रूपी ठूलो उपाय कौशल्य साथमा हुन्छ । प्रभाकरी भूमिमा बोधिसत्वहरूले धेरै बुध्दहरूको आभास पाउन सक्छ । वहाँहरूलाई पूजा उपस्थान सत्कार आदि पनि गर्ने हुन्छ । यसबाट भएको पुण्यले जगत सत्वको हित गर्न बुध्द बन्न सकूं भनेर पुण्यपरिणामना पनि गर्ने हुन्छ । यसो हुंदा तृतीय प्रभाकरी भूमिमा प्रवेश गरेको बोधिसत्वको काम संयोजन सबै रूप बन्धन, भव बन्धन, अविद्या बन्धन पनि दुर्बल हुन्छ । आत्म दृष्टि पनि दुर्बल हुन्छ । यसरी तृतीय भूमिमा अरू पारमिता

भन्दा क्षान्ति पारमिता प्रबल हुन्छ । चतुः सग्रह बस्तु मध्ये अर्थ चर्या प्रबल हुन्छ । यी सबै गुणले युक्त भई प्राणीहरूलाई काम पंकवाट उध्दार गर्ने शक्ति तृतीय भूमिमा प्रवेश गरेको बोधिसत्वले लाभ गरेको हुन्छ भनी बज्रगर्भ बोधिसत्वले आज्ञा भयो ।

अर्चिष्मती नाम चतुर्थी भूमिः

बज्रगर्भ बोधिसत्वले फेरि यस्तो आज्ञा भयो–हे जिनपुत्रहरू हो ! तृतीय भूमिमा लाभ गर्नु पर्ने सबै कुरा लाभ गरिसके पछि दश प्रकारको घर्मालोक लाभ हुन्छ । अर्थात् सत्व घातुलाई बिचार गर्ने आलोक तथा आकाश घातु, विज्ञान घातु, कामघातु, रूप धातु, आरोप्य धातु, उदाराशयाघिमुक्ति घातु, महात्म्यशयाघिमुक्ति घातु आदि विचार गर्ने आलोक, प्रकाश लाभ हुन्छ । अनि बोधिसत्व अर्चिष्मती भूमिमा प्रवेश हुन्छ । यति मात्र होइन अर्चिष्मती भूमिलाई परिपक्व बनाउने अरू दशवटा भावना द्वारा पनि युक्त हुने हुन्छ अर्थात् महायानलाई नछोड्ने आशय, त्रिरत्नदेखि प्रसन्न हुने आशय, संसारका सबै वस्तुहरू उदय व्यय भैरहे पनि यिनीहरू स्वभावैले उत्पत्ति भएको होइन भन्ने आशय तथा लोक व्यवहारबाट हट्ने आशय, कर्मअनुसार भव उत्पत्ति हुन्छ भन्ने विचार, संसार नै निर्बाण हो भन्ने विचार, सत्वक्षेत्र नै कर्म हो भन्ने विचारले, भूत, भविष्यत काल छैन भन्ने आशय यी दशवटा विचारले अर्चिष्मती भूमिलाई परिपक्व बनाउने हुन्छ । यो भूमिमा बोघिसत्वले कायानुस्मृति, वेदनानुस्मृति, चित्तानुस्मृति, धर्मानुस्मृति, सम्यक् व्यायाम, सम्यक् ऋद्धिपाद, श्रद्धा आदि पंच इन्द्रिय र श्रद्धादि पंचवल सप्तवोध्यङ्ग र अष्टाङ्ग मार्गको विघिवत भावना गर्ने हुन्छ । तथागतको दशबल, चतुर्वैशारद्य अष्टादश, आवैणिक बुध्दघर्म, वत्तीस लक्षण, असीति, अनुव्यंजन, आदि परिपूर्ण गर्नु पनि यस भूमिको काम हो । अर्चिष्मती भूमिमा

विशेष गरेर सत्कायदृष्टिबाट उत्पन्न हुने आत्म (म) सत्वजीव पुरुष र पुद्गल हु भन्ने भावना तथा पंचस्कन्ध अष्टादश धातु द्वादशायतन नै म हुं भन्ने भाबना नहुने हुन्छ। बुद्धले गरेको कर्ममा मात्र लाग्ने अरू कर्म त्याग्ने हुन्छ। यसरी मार्ग भावना गर्दा सो बोधिसत्वको चित्त स्निग्ध, मधुर कर्मण्य, हित सुखावह हुन्छ। उत्तरोत्तर मार्ग ज्ञान गर्ने तथा बिशेष ज्ञान लाभ गर्ने अभिलाषा र जगत सत्वलाई रक्षा गर्ने चित्त उत्पन्न हुन्छ। मान्यजनहरूलाई गौरव राखी अनुकूल हुने र आफूले जानेको धर्ममा लाग्ने चित्त हुन्छ। सो बोधिसत्व सबै कृतज्ञ र कृतवेदी हुन्छ। सुवच हुन्छ। यसरी विशेष गुणले युक्त हुनलाई वीर्यको अर्थात् उत्साहको अत्यन्त आवश्यक हुन्छ। तसर्थ अनेक प्रकारको वीर्यले युक्त हुन्छ। यसरी अर्चिष्मती भूमिमा रहेको बोधिसत्वको तेज अत्यन्त प्रबल हुन्छ; चतुसंग्रह बस्तु मध्ये समानार्थता प्रबल हुन्छ; पारमिताहरू मध्ये वीर्य पारमिता अत्यन्त प्रबल हुन्छ। यसरी अर्चिष्मती भूमिमा रहनु भएको वोधिसत्वको तेज प्रबल हुने भएकोले नै यो भूमिलाई अर्चिष्मती भनिएको हो भनी बज्रगर्भ वोधिसत्वले आज्ञा भयो।

सुदुर्जया नाम पञ्चमी भूमिः

बज्रगर्भ बोधिसत्वले सबै वोधिसत्वहरूलाई सम्वोधन गर्दै आज्ञा भयो– हे जिनपुत्रहरू हो ! चतुर्थ भूमिका सबै कुराहरू पूर्ण भएपछि पाँचौ भूमिमा प्रवेश गर्ने हुन्छ ! पाँचौ भूमिमा प्रवेश गर्ने वोधिसत्वले दश प्रकारको चित्ताशय समता लाभ गर्छ। अर्थात् अतीत, अनागत, प्रत्युत्तपन्न यी सबैमा बुद्धहरूको धर्म समान हुन्छ। अनि शील र चित्त पनि समान नै हुन्छ। सबै बुद्धहरूको सत्काय दृष्टि शंका हटाउने आशय पनि समान नै हुन्छ। मार्ग, अमार्ग छुट्याउने ज्ञान पनि समानै हुन्छ। क्लेश प्रहाण गर्ने ज्ञान पनि समान हुन्छ। सप्त त्रिशत वोधिपक्ष पनि समान हुन्छ। जगत सत्वलाई उद्धार गरुं, बुद्धत्व लाभ गराउँ

भन्ने बिचार पनि समान हुन्छ । यी दश वटा चित्ताशय समता हुने हुन्छ । अनि पंचमी भूमिमा प्रवेश गरेको बोधिसत्वले बोधिपक्ष अन्तरगत अष्टाङ्ग मार्गलाई अभ्यास गर्दै शुध्द गर्दै महामैत्री र महा करूणाको वलले प्रणिधानको वलले सबै प्राणीलाई रक्षा गर्न चित्त उतपन्न गर्छ । अनि पुण्यसंभार र ज्ञान संभारलाई संचय गर्दै दुःख आर्य सत्य हो, समुदय आर्य सत्य हो, दुःख निरोध आर्य सत्य हो, दुःख निरोधमा भिनी प्रतिपद आर्य सत्य हो भन्ने यथार्थ रूप जान्ने हुन्छ तथा संवृति सत्य र परमार्थ सत्य आदि पनि राम्ररी बुझेको हुन्छ । यसरी अद्वय र अनुत्पाद ज्ञानलाई राम्ररी जानेको हुन्छ । संसारका सवै वस्तुहरू सार नभएको खोक्रो हो, झुठो हो, केटाकेटीहरूलाई छकाउन मुठ्ठी पारी यसमा पाप्प छ भने जस्तै हो भन्ने कुरो बोध हुन्छ । यस्तो ज्ञान भएपनि प्राणीहरू उपर महाकरुणा र महामैत्री राखेकै हुन्छ ।

अनि ज्ञानको बलले अभिध्या, भव, तृष्णाले युक्त भएका प्राणीहरूलाई यो जीवन दुःख हो, म मेरो भन्ने आत्मा छैन, सत्व छैन, जीव छैन, व्यक्ति छैन भनेर राम्ररी बोध गराउने हुन्छ । जब सम्म यी कुरा वोध हुंदैन भव संसारवाट मुक्त हुने उपाय अरू छैन भन्ने पनि बोध गराउने हुन्छ ।

अनि सो बोधिसत्वको मनमा यस्तो बिचार खेल्न थाल्छ । अज्ञानले ढाकेका वाल पृथकजनहरूको शरीर असंख्य मरिसके, अझ मर्नेछन् र मरिरहेका छन् । यसो भएतापनि ती वालजनहरू दुःख मान्दैनन् । परन्तु दुःखको आधार यही शरीरलाई भरण पोषण गर्न तत्पर रहन्छन् । नन्दी रागको झेलखानामा यिनीहरू थुनिएका छन् । यिनीहरूको अज्ञानता नहटाइकन मैले जगतसत्व उध्दार गर्न सक्दैन भनी विचार गर्ने हुन्छ ।

यसरी विचार गर्दा कुशल संचय गर्ने तथा जगतसत्वहित गर्ने उपायहरू खोज्दै हिड्ने हुन्छ ।

पाँचौं सुदुर्जया भूमिमा वोधिसत्व प्रायः स्मृतिमान हुन्छ । उनले कुनै कुरा बिर्सदैन । बुद्धिमान र पाप गर्न लाज मान्ने

हुन्छ । धैर्य सन्तोष आदि गुणले युक्त हुन्छ । पुण्य गर्न संधै अतृप्त रहन्छ । यसरी ज्ञान वढाउने, जनहित गर्ने विषयमा नै रातदिन उ लागिरहेको हुन्छ । पंचम भूमिको बोधिसत्वले दान, प्रियवचन आबश्यक काम कुरा गरिदिनु, समानार्थता आदिद्वारा पनि प्राणीको हित गर्ने हुन्छ । प्राणीलाई लोकमा नभई नहुने लिपी शास्त्र, मुद्रा, संख्या गगना आदि विद्या तथा धातु तन्त्र, चिकित्साशास्त्र, काव्यनाटक, आख्यान, गान्धर्ब, इतिहास, प्रहर्षण र ग्राम, नगर, उद्यान आदि बसाउने विद्या सुन आदि धातु मोति आदि रत्नहरूको खानी सम्बन्धी विद्या, चन्द्र, सूर्य आदिको विद्याद्वारा सर्वसत्वहित सुख गर्ने प्रयत्न गर्छ ।

सुदुर्जया भूमिमा उपस्थित बोधिसत्वले सर्वसत्वहित गरी लाभ भएको पुण्य पनि जगतसत्वहित गर्न म बुध्द बन्न सकूं भनी पुम्य परिणामना गर्ने हुन्छ । तथागत र बुध्द बोधिसत्वहरूको धर्मलाई ठूलो आदर गौरव साथ धारणा गर्न प्रयत्न गर्ने हुन्छ । यसरी आफूले जानेको धर्म सदैंलाई सुनाई धर्ममा गौरव र श्रध्दा वढाउने प्रयत्न गर्छ । यो भूमिमा पारमिताहरू मध्ये ध्यान पारमितामा वढी जोड दिएको हुन्छ भनी बज्रगर्भ बोधिसत्वले आज्ञा भयो ।

अभिमुखी नाम छठो भूमि:

वज्रगर्भ वोधिसत्वले सबै अरू बोधिसत्वलाई सम्बोधन गरेर आज्ञा भयो– हे जिनपुत्रहरू हो ! पंचमी भूमिमा गर्नुपर्ने पारमिता तथा चर्याहरू पालना गरी छैठौं भूमिमा प्रवेश गर्न दश वटा कुराहरूको समता भावना गर्ने हुन्छ । अर्थात् सबै धर्म (वस्तु)हरु अनिमित हुन्छन्, निमित्त ग्रहण गर्न नसकिने हुन्छन् । यसकारण सबै वस्तुहरूको अलक्षणता समान हुन्छन् । यस्तै गरी सबै वस्तुहरूको अनुत्पाद ज्ञान पनि समान हुन्छ । सबै वस्तुहरूको अजात स्वभाव, बिविक्त स्वभाव, विशुध्द स्वभाव,

निष्प्रपंच स्वभाव पनि समान हुन्छ । वस्तुहरु को अव्यूह, अनिर्व्यूह स्वभाव पनि समान हुन्छ । वस्तुहरूलाई राम्ररी विचार गरी हेर्दा जादु जस्तो, सपना जस्तो, आभास जस्तो प्रतिध्वनि जस्तो, ऐनामा देखिएको प्रतिविम्व जस्तो देखिने हुन्छ । यी स्वभाव सबै वस्तुमा समान नै हुन्छ । सबै वस्तुमा भाव, अभाव तथा म मेरो भन्ने स्वभाव नभएको समानता देख्ने हुन्छ र दशधर्म समता भावनामा लागेको हुन्छ यसमा लाग्दा छैठौं अभिमुखी भूमि लाभ गर्ने हुन्छ र प्रवल आनुलोमिक क्षान्ति लाभ हुन्छ । परन्तु अनुर्त्पातक धर्म शान्ति भने लाभ भएको हुंदैन ।

यसरी केही गुण लाभ भएपछि महाकरूणाद्वारा लोकको उदय व्ययलाई विचार गरी रहने हुंदा लोक व्यवहारमा, प्रपञ्चमा जति पनि मानिसहरू लागिरहेको छ ती सबैको कारण म मेरो भन्ने आशक्ति नै हो भन्ने कुरा स्पष्ट हुन थाल्छ तथा यदि म मेरो भन्ने भावना नभएको भए कुशल, अकुशल कर्म गर्दैनथ्यो होला । त्यही अकुशल, कुशल कर्मद्वारा रोपेको चित्तरूपी बीज नै बृद्धि भएर भविष्यमा जाति, जरा, मरण, पुनर्भव आदि हुन जाने हो भन्ने पनि स्पष्ट हुन्छ ।

अबिद्या र तृष्णाको सहयोगमा यो चित्तले म भन्ने अस्मिमान जागरूक गर्छ । यसरी सत्काय दृष्टिको प्रभावले नाम रूपी अंकूर पलाउंछ । यसरी पलाएको वीज बढ्न थाले पछि षडायतन अर्थात् इन्द्रियहरू बन्ने हुन्छ । इन्द्रिय र बाहिरी बस्तुको संयोगले स्पर्श अर्थात् बाहिरी वस्तुको आभास मनमा उत्पन्न हुन्छ । यही स्पर्शले सुख दु:ख वेदना उत्पन्न हुन्छ । सुख भए राग, दु:ख भए द्वेष, न सुख न दु:ख भए मोह उत्पन्न हुन्छ । अनि त्यसबाट दु:ख नहोस् सुख होस् भन्ने तृष्णा उत्पन्न हुन्छ र उपादान वृद्धि हुन्छ । उपादानबाट भव (उत्पत्ति भव र कर्मभव) उत्पन्न हुन्छ । भवद्वारा फेरि पञ्चस्कन्ध स्वरूपको जाति उत्पन्न हुन्छ । जन्म भएपछि रोग, शोक, मरण आदि हुन थाल्दछ । यी प्रक्र्याहरू गर्छु भन्ने मन नलगाए पनि अर्थात् अनाभोग रूपले उत्पन्न हुने हुन्छ । तर यसलाई हटाउने कोही हुंदैन भनी बोधिसत्वले आनु-

लोमिक प्रतीत्यसमुत्पादलाई विचार गरिरहने हुन्छ । चतुः आर्यसत्यलाई उचित रूपमा न बुझ्नु नै अविद्या हो । अविद्याद्वारा गरिने कर्म संस्कार हो । संस्कारमा रहेको पहिलो चित्त नै विज्ञान हो। विज्ञानको संग संगै उत्पन्न भएको चार उपादान स्कन्धहरूलाई नामरूप भनिन्छ । स्पर्शद्वारा उत्पन्न भएको वस्तु नै वेदना हो । वेदनाको निमित्त उद्योग गर्नु नै तृष्णा हो। तृष्णाको वृद्धि अवस्था नै उपादान हो । उपादानबाट हुने कर्म नै भव हो । कर्मबाट पञ्चस्कन्ध उत्पन्न हुनु नै जाति हो । स्कन्ध परिपक्व हुनुलाई जरा (बुढा) हुनु भनिन्छ । बुढो भएर स्कन्ध भेद हुनु नै मरण हो । मर्ने बेलामा मोहले आशक्त भई मनमा पीर हुनु नै शोक हो । बरबराउनु परिदेव हो । यसरी जन्मेदेखि दुःख स्कन्ध उत्पन्न हुन्छ । यसरी उत्पत्ति हुनुमा कोही ईश्वर आदि कारक र मैले दुःख पाएं भन्ने म (वेदक) यो पञ्च स्कन्धमा छैन भन्ने भाव यो भूमिमा पुग्ने बोधिसत्वको मनमा उत्पन्न हुन्छ र यस्तो विचार गर्न थाल्छ । म भन्ने कारकको आशक्तिले नै क्रियाको ज्ञान हुन्छ । यदि कारक नै छैन भने क्रया थाहा हुंदैन । यो संसार चित्त मात्र हो तथा द्वादशभवाङ्ग मात्र हो भनेर भगवान बुद्धले व्याख्या गर्नु भयो । यी अविद्या, संस्कार आदि पनि चित्तकै रूप हो। रागयुक्त चित्तलाई नै विज्ञान भनिन्छ । वस्तुहरूमा म भन्ने मोह नै अविद्या हो । सहज अविद्या र चित्त नै नामरूप हो । नामरूपको वृद्धि अवस्था नै षडायतन हो । षडायतन र वस्तु स्पर्शको साथसाथै वेदना उत्पन्न हुन्छ। वेदनाको अतृप्ति नै तृष्णा हो । तृष्णायुक्त भएको व्यक्तिले कुनै वस्तुसंग्रह गर्नु र त्यो वस्तुमा टाँसिएर रहनु नै उपादान हो। उपर्युक्त भवाङ्गहरूको उत्पत्ति नै भव हो । भव उठ्नु नै जाति हो । जाति परिक्व हुनु नै जरा हो । जराका अन्तिम अवस्था नै मरण हो । यसरी भगवान्ले उपदेश दिनु भएको द्वादशाङ्ग प्रतीत्यसमुत्पादलाई धेरै प्रकारले विचार गरी अर्थात् अनुलोम, प्रतिलोम तथा त्रिवर्त्म, पूर्वान्त अपेक्षा, प्रत्युत्पन्नापेक्षा, अपरान्त अपेक्षा, त्रिदुःखता आदि नाना तरहले विचार गर्दागर्दै र

जीवनलाई प्रतीत्यसमुत्पादको नियमले निरीक्षण गर्दै अनात्म, निर्जीव, निःसत्व, कारक वेदक रहित एवं हेतुप्रत्ययाधीन रहेछ भन्ने बोध हुन्छ र शून्यता विमोक्षलाई देख्ने हुन्छ । अनि यसरी भवाङ्गलाई विचार गर्दा सवै वस्तु क्षणिक रहेछ भन्ने ज्ञान हुन्छ र अनिमित्त विमोक्ष पनि ज्ञान हुन्छ । यसरी शून्यता र अनिमित्त विमोक्ष ज्ञान लाभ गरेको बोधिसत्वले कुनै वस्तुको अभिलाषा एवं प्रणिधान गर्दैन । केवल महाकरूणाद्वारा जगतसत्वलाई उद्धार गर्ने भावना बाहेक अरू कुनै प्रार्थना नगर्ने हुंदा यी भूमिको बोधिसत्वले अप्रणिहित विमोक्ष पनि बुझेको हुन्छ । यी त्रिविमोक्ष भावना गर्दा म र अरू भन्ने संज्ञा छुट्छ र कारक वेदक भाव पनि हट्ने हुन्छ । यसरी सप्तवोध्यङ्गको उत्पत्ति हुन्छ अनि सबै संस्कृत वस्तु संयोगबाट बन्छ, वियोगबाट बन्दैन । सवै संस्कृत वस्तु दुई कुराको मेलले बन्छ, वेमेलले बन्दैन । अतः यी संस्कृत वस्तुहरू दोषयुक्त छन् भन्ने बुझी यी वस्तुबाट वियोग हुने कोशिश गर्छ ।

हे जिनपुत्र हों ! यसरी संस्कारबाट बनेको वस्तुको स्वभाव हुंदैन । जसको स्वभाव हुंदैन त्यस्तो वस्तुको उत्पत्ति र निरोध हुंदैन भन्ने विचार गर्दा असंगज्ञानाभिमृख नामको प्रज्ञापारमिता ज्ञान लाभ हुन्छ । यस्तो ज्ञानले संस्कृत वस्तुप्रतिको आशक्ति छुट्छ ।

यसरी अभिमुखी भूमिमा प्रवेश गरेको बोधिसत्वले स्वभाव शून्यता, परमार्थ शून्यता, परम शून्यता, महा शून्यता, संप्रयोग शून्यता, अभिनिरहार शून्यता, यथावत् अविकल्पशून्यता, सापेक्ष शून्यता, विनिर्भोग शून्यता नाम गरेका समाधि पनि लाभ गर्ने हुन्छ ।

यी दश प्रकारको शून्यताले युक्त भएको बोधिसत्व अरूहरूको विचारबाट परिवर्तन गर्न नसकिने हुन्छ । श्रावक, प्रत्येक बुद्ध भूमिबाट अलगिने हुन्छ । त्रिविमोक्ष भावना गर्ने बोधिपाक्षिक धर्मलाई राम्ररी बुझेको हुन्छ यो भूमिमा दशपारमिता मध्ये प्रज्ञापारमिता प्रबल हुन्छ । यस भूमिमा प्रतिष्ठित बोधिसत्व सुनिर्मितदेबराज झैं हुन्छ र प्रतीत्यसमृत्पादको विषयलाई स्पष्ट बुझाउन सक्ने हुन्छ भनी बज्रगर्भ बोधिसत्वले आज्ञा भयो ।

दूरङ्गमा नाम सप्तमो भूमिः

वज्रगर्भबोधिसत्वले सम्वोधन गर्दै यस्तो आज्ञा भयो– हे जिनपुत्रहरू हो ! छैठौं भूमिलाई राम्ररी अभ्यास गरिसके पछि सातौं भूमिमा प्रवेश गर्ने हुन्छ । त्यसबेला दश प्रकारको उपाय र प्रज्ञा ज्ञानद्वारा युक्त हुन्छ । अर्थात् शून्यता, अनिमित्त, अप्रणीहित विमोक्षलाई राम्ररी भावना गरेको हुन्छ । पुण्य संभार र ज्ञानसभार वृद्धि गर्न तत्पर भएको हुन्छ । नैरात्म्य, निःस्वभाव निःसत्व भावना गर्ने हुन्छ । मैत्री, करूणा, मुदिता, उपेक्षा भावना गर्ने हुन्छ ।कुनै वस्तुप्रति पनि आशक्त हुंदैन । राग, द्वेष, मोहलाई शान्त गरिरहने हुन्छ। सबै वस्तु माया, मरीचि, प्रतिविम्ब समान हुन् भन्ने भावना गर्ने हुन्छ । बुद्धहरूको धर्मकाय र रूप कायलाई राम्ररी बुझेको हुन्छ । अनन्त बुद्धहरूको अनन्त उपदेश सुन्न सक्ने हुन्छ । एक क्षणाभि सम्वोधि लाभ गरेको हुन्छ । यसरी बोधिसत्वले यस दूरङ्गमा भूमिमा प्रवेश गरेको हुन्छ ।

यति मात्र होइन जगत सत्व असंख्य छन्, बुद्धहरूले असंख्य प्राणीलाई विनीत गर्नु हुन्छ । लोकधातुहरू अनन्त छन्, बुद्ध अनन्त छन् आदि भावना गर्ने हुन्छ । यसरी अप्रमाण असंख्यको भावना गर्ने हुदा सो बोधिसत्वलाई कसैले धर्म परिवर्तन गर्ने आँट गर्दैन । बसे पनि, उठे पनि, हिंडे, सुते पनि प्रज्ञा भावना गरिरहने हुन्छ । यसो गर्ने हुंदा उनको दानादि पारमिता क्षण क्षणमा परिपूर्ण भइरहेको हुन्छ । क्षण क्षणमा चतुःसंग्रहवस्तु, सप्तत्रिशत बोधिपाक्षिक धर्म, त्रिविमोक्ष, सप्त वोध्यङ्ग परिपूर्ण भइरहेको हुन्छ । बज्रगर्भ वोधिसत्वको यस्तो आज्ञा सुनी विमुक्ति चन्द्र बोधिसत्वले यसो भन्नु भयो– हे जिनपुत्र ! यही दूरंगमा भूमिमा सबै बोध्यङ्गहरू पूर्ण गरिन्छ कि अरू भूमिमा पनि पूर्ण गरेको हुन्छ । यस्तो प्रश्न सुनी बज्रगर्भले आज्ञा भयो– दशै भूमिमा वोध्यंगहरू पूर्ण गरेको हुन्छ । परन्तु यस भूमिमा अरूमा भन्दा बढी पूर्ण गरेको हुन्छ । किनभने यो भूमिमा

ज्ञानाभिज्ञान चर्या र अभ्यास गर्ने प्रक्रिया वढी हुन्छ । ज्ञानाभिज्ञान चर्या गर्छु भन्ने मनसिकार नभइकन नै आफ्सेआफ बोध्यङ्ग भावना गरिरहेको हुन्छ । महाभिज्ञावलको प्रभावले सबै क्लेशहरू विशुद्ध भएको हुन्छ । यस्तो वचन सुनी विमुक्ति चन्द्रले यस्तो प्रश्न गरे– यो सातौं भूमिमा मात्र क्लेश शान्त गर्ने हुन्छ, कि अरू भूमिमा पनि हुन्छ ? यस्तो वचन सुनो वज्रगर्भले आज्ञा भयो– हे जिनपुत्र ! सबै भूमिमा थोर वहुत क्लेश क्षीण गर्ने प्रक्रिया चलिनै रहेको हुन्छ । परन्तु यो सातौं भूमिमा विशेष गरेर क्लेश शान्त हुने हुन्छ । यसकारणले सप्तम भूमिमा रहेको बोधिसत्वलाई असंख्य क्लेश तथा निक्लेश भनिन्छ ।

यो भूमिमा रहेको बोधिसत्वको काय, वाक, चित्त तीनै कुरा परिशुद्ध हुन्छ । दश अकुशल हुंदैन, दश कुशल कर्म मात्र अभ्यास गरेको हुन्छ । पाँचौं भूमिमा बताएका शिल्पस्थानहरू सप्तम भूमिमा आएर मन नलगाइकन नै प्रचार गर्ने हुन्छ ।

यसरी यो भूमिमा सुविचितविचय आदि नाम गरेका दश वटा समाधि पनि लाभ गर्ने हुन्छ । प्रज्ञा र उपायको बलले अरू यानमा भन्दा यो महायानमा बढी लागेको हुन्छ । यसरी विभिन्न महत्वपूर्ण कुराहरूमा विमुक्तिचन्द्रको शंकाहरू समाधान गर्दै वज्रगर्भ बोधिसत्वले यस्तो आज्ञा भयो – महा समुद्रमा यात्रा गर्ने जहाज जुन वेगले हिंडेको हुन्छ सो बेग भन्दा धेरै ठूलो बेगले हुरी चल्दा हिंड्ने हुन्छ । यस्तै अनाभोग अर्थात् मन नलगाइकन गरिने भावनाहरू अझ वढता छिटो गतिले पूर्ण हुन्छ । यसकारण दूरङ्गमा भूमिमा रहेको वोधिसत्वले धेरै बुद्धहरूको आभास पाउंछ । बुद्धहरूको उपासना सत्कार गरेर धर्म देशना सुनी धारणा गर्ने हुन्छ । यो भूमिमा दश पारमितामध्ये उपाय कौशल्य पारमिता बढी सक्रिय हुन्छ । वशवर्ती देवराजको जस्तो प्रभाव हुने हुंदा यस भूमिको बोधिसत्वले प्राणीहरूलाई बुद्धज्ञान दिन कुशल हुन्छ भनी वज्रगर्भ बोधिसत्वले आज्ञा भयो ।

अचला नाम अष्टमी भूमिः

बज्रगर्भ बोधिसत्वले आज्ञा भयो– हे जिनपुत्रहरू हो ! सप्तमी भूमिमा प्रज्ञोपायद्वारा मार्ग भावना परिशुद्ध गरी पुण्य संभार र ज्ञान संभार पूर्ण गरी महाकरूणाको बलले सबै वस्तुहरू आदि देखि नै अनुत्पन्न स्वभावका हुन्छन् तथा अजात स्वभावका र अलक्षण, असंभूत, अबिनाशी र अभाव स्वभावका हुन्छ भन्ने यथार्थ जानेको हुन्छ । चित्त र मनोविज्ञानको विकल्प र संज्ञाद्वारा निमित्त ग्रहण नगर्ने हुनाले अचला भूमिमा रहेको व्यक्तिलाई अनुत्पत्तिक धर्म क्षान्ति प्राप्त भएको भनिन्छ । यसरी क्षान्ति लाभ गरी अनिमित्त विमोक्ष ज्ञान हुने बोधिसत्वलाई श्रावक प्रत्येक बुद्धहरूले होच्याउन सक्दैन । साथै अनाभोग स्वभाव उत्पन्न हुने भएकोले उनको कुनै कल्पना हुंदैन किनभने यदि कुनै व्यक्तिले स्वप्नामा नदीको ठूलो भेललाई पार गर्न लागेको हुन्छ यसरी कोशिश गर्दा गर्दै उ स्वप्नाबाट व्युंझछ र व्युंके पछि अहो भनी कोशिश गर्न छोड्छ त्यस्तै अविद्या आदि चार ओघ (भेल)लाई तर्न खोज्ने बोधिसत्वले पनि ठूलो वीर्यले कोशिश गरिरहेको हुन्छ । त्यसबेला अचला भूमिमा पुग्ने बित्तिकै सबै आभोग (मन लाग्नु) आदिबाट विश्राम लिने हुन्छ र उनलाई कुनै निमित्त ग्रहण हुंदैन ।

त्यसकारण तथागतहरूले उनलाई यस भूमिमा दर्शन दिने हुन्छ: अनि आश्वासन दिएर यसो भन्ने हुन्छ–हे कुलपुत्र ! तिमीलाई धेरै साधुबाद छ, तिमीले अब बुद्धले लाभ गर्ने दश बल चतुर्वेशारद्य लाभ गरेको छैन, तिमीले लाभ गरेको अनुत्पत्तिक धर्म क्षान्तिलाई नबिर्स, यसो गऱ्यो भने तिम्रो सबै क्लेशहरू हराउने छ । सबै कल्पनाहरू शान्त हुनेछ । जगतसत्व हित गर्छु भन्ने तिम्रो प्रणिधानलाई संधै संझिरहुं । तथागत उत्पत्ति भएपनि नभए पनि सबै वस्तुहरू शून्य छन् तथा अनुपलम्भ स्वभावका छन् भन्ने कुरा संधै स्थिर रहन्छ भन्ने नियम र काय, ज्ञान, बुद्ध

क्षेत्र आदि अनन्त हुन्छन् भन्ने भावना कहिल्यै नछोड । यस्तो गऱ्यो भने सबै वस्तुप्रति निर्विकल्प आलोक उत्पन्न हुन्छ ।

यसरी तथागतहरुबाट आश्वासन प्राप्त भएको बोधिसत्व प्रथम भूमिदेखि सातौं भूमिसम्म लाभ गरेका सबै गुणहरु आठौं भूमिको दृष्टिकोणमा लाखमा एक खण्ड समान पनि हुंदैन । किनभने सातौं भूमि सम्म एउटै शरीरले मात्र चर्या पालन गरेको हुन्छ । आठौंमा अप्रमाण काय ज्ञान क्षेत्र सत्वपरिपाचन आदि गुणले युक्त हुन्छ । यसकारण आभोग (मन लगाएर) गरेको कर्म भन्दा अनाभोग कर्म अति तीव्र हुन्छ र यसको गुण पनि विशेषताले युषत हुन्छ ।

हे जिनपुत्र हो ! अष्टमी भूमिमा प्रवेश गरेको बोधिसत्वले ठूलो उपाय कौशल्यद्वारा तथा अनाभोग क्रियाद्वारा सर्वज्ञ ज्ञान लाभ गर्न कोशिश गर्छ । सो बोधिसत्वले लोकको सृष्टि लोकको प्रलय पुण्यापुण्य कर्मले हुन्छ भन्ने कुरा यथार्थ रुपले जानेको हुन्छ । यसै गरी सो व्यक्तिले अपाय गतिदेखि लिएर अकनिष्ठ भुवन सम्मका भूमिहरुको संवर्त (सृष्टि) र विवर्त (प्रलय)लाई राम्ररी बुझेको हुन्छ । प्राणीहरूलाई उद्धार गर्न सो बोधिसत्व जुनसुकै क्षेत्रमा पनि उत्पन्न हुन सक्छ र त्यहाँका प्राणीहरूलाई आफ्नो शरीर देखाउन पनि सक्छ । यति मात्र होइन श्रवणहरूको बर्षदमा श्रवणको रुपले, ब्राह्मणहरूको सभामा ब्राह्मणको रूपले तथा शुद्र, वैश्य, देवता आदिको रुप लिई प्राणीहरुको उद्धार गर्ने हुन्छ । यसरी विभिन्न रुप लिन सक्ने हुनाले उनले शरीर नभएको अनुभव गर्छ र यस्तो बोधिसत्वले काय र ज्ञानको वशिता प्राप्त गरेको हुन्छ तथा आयु, चित्त परिष्कार, कर्म, उपपत्ति आदि वशिता आफ्नो अधीनमा भएको हुन्छ । यसरी दश प्रकारको बोधिसत्व वशिता प्राप्त गर्ने हुनाले वहांको ज्ञान अप्रमेय, असंहार्य हुन्छ । साथै महामैत्री अधिष्ठान, करूणा, धारणी, प्रतिभान, अभिज्ञा, प्रणिधान आदि बलको गुणले पनि

युक्त हुन्छ । यो भूमिमा प्रवेश गरिसकेको बोधिसत्वलाई अवैवर्तिक बोधिसत्व भनिन्छ । तथा कुमार भूमि, जन्मभूमि, परिनिष्पन्न भूमि, परिनिष्ठित भूमि र अनाभोग भूमि भनेर पनि यो अचला भूमिलाई प्रशंसा गरिन्छ ।

हे जिनपुत्र ! यो भूमिमा रहेका बोधिसत्व बुद्धगुणले परिपूर्ण हुन्छ । इन्द्र, वज्रपाणी आदिहरू वहाँलाई रक्षा गर्न संधै प्रयत्नशील हुन्छ । अचला भूमिमा प्रवेश गरेको बोधिसत्वले समाधिको बलद्वारा जुनसुकै अवस्थामा पनि तथागतको दर्शन गर्न र पूजा गर्न सक्ने हुन्छ । यही पुण्यले वहाँहरूलाई असंहार्य (अरूले दवाउन नसकिने) गुण लाभ हुन्छ । यो भूमिमा दश पारमिताहरू मध्ये प्रणिधान पारमिताको प्रबल हुन्छ भनी वज्रगर्भ बोधिसत्वले आज्ञा भयो ।

साधुमती नाम नवमी भूमिः

वज्रगर्भ बोधिसत्वले अरू बोधिसत्वहरूलाई सम्बोधन गर्दै यस्तो आज्ञा भयो– हे जिनपुत्रहरू हो ! ज्ञेय वस्तु (जान्नु पर्ने वस्तु) अप्रमाण अनन्त छन् भन्ने विचार गर्नाले, शान्त बिमोक्ष लाभ गर्न उद्योग गर्नाले, तथागतहरूको गुह्यज्ञानमा प्रवेश गर्नाले, धारणी समाधिलाई परिशुद्ध गर्नाले तथा अरू पनि यस्तै धेरै ज्ञानका कुराहरू हासिल गर्नाले नै बोधिसत्व नवमी भूमि प्रवेश गर्न सफल हुन्छ । नवमी भूमिमा प्रवेश गरेको बोधिसत्वले कुशल, अकुशल अव्याकृत धर्मलाई पनि यथार्थ रूपले जान्दछ तथा सास्त्रव, अनास्त्राव, लोकिक, लोकोत्तर चित्य, अचित्य, नियत, अनियत, श्रावक, प्रत्येक बुद्ध, बोधिसतब चर्या, तथागत भूमि, आदिलाई यथार्थ रूपले जानेको हुन्छ तथा सस्कृत, असंस्कृत धर्मलाई पनि यथार्थरूपले जानेको हुन्छ । प्राणीको चित्त, क्लेश, कर्म, इन्द्रिय, अधिमुक्ति (दृढविश्वास) अष्टादश धातु आदि धर्महरू अत्यन्त गम्भीर र गहन छ भनेर बुझेको हुन्छ । यसै गरी

करीब एक शय आठ वटा जति बुद्धधर्मका महत्वपूर्ण कुराहरू यस भूमिको बोधिसत्वले जानेको हुन्छ ।

यसरी साधुमती भूमिमा प्रवेश गरेको वोधिसत्वले सबै प्राणीहरूको उपर्युक्त कुराहरू जानेर श्रावक यान देशना गर्नु पर्नेलाई श्रावकयान तथा प्रत्येक बुध्दयान मन पराउनेलाई प्रत्येक बुद्धयान तथा बोधिसत्वयान मन पराउनेहरूलाई बोधिसत्व यानको धर्मदेशना गर्ने हुन्छ । यसरी आशय हेरी देशना गर्ने हुंदा सो बोधिसत्वको उपदेश सबैलाई ग्राह्य हुन्छ । यस भूमिमा रहेको वोधिसत्व सधै धर्मदेशना गर्ने, धर्मदेशना गर्न प्रेरणा दिने र धर्म रक्षा गर्ने स्वभाव भएको हुन्छ । साथै धर्मप्रतिसंविद, अर्थप्रति संविद, निरूक्तिप्रतिसविद, प्रतिमान प्रतिसंविद यी चार प्रतिसंविदलाई एघाह्र प्रकारले देशना गर्ने हुन्छ अर्थात् धर्मप्रतिसंविदज्ञानको बलले सबै वस्तुहरूको आफ्नै लक्षण हुन्छ भन्ने ज्ञान दिन्छ । अर्थप्रतिसंविद ज्ञानको वलले सवै वस्तुहरूको भेद सम्वन्धी ज्ञान दिन्छ । निरूक्तिप्रतिसंविदज्ञानको बलले सवै वस्तुहरूमा भेदभाव छैन भन्ने ज्ञान दिने हुन्छ । प्रतिभानसंविदज्ञानको बलले सबै वस्तुहरूको परम्परा (मन्तान) टुटेको हुंदैन भन्ने यथार्थ ज्ञान दिने हुन्छ ।

यसै गरी यी चार प्रतिसंविद ज्ञानमा कुशल भएको बोधिसत्वले अर्थवती धारणी, धर्मवती धारणी, ज्ञानाभिनिहारवती धारणी, अवभासवती धारणी, असंगमुख धारणी आदि दश हज़ार प्रकारको धारणी लाभ गर्ने हुन्छ । यसको प्रभावले सो बोधिसत्व महाधर्म भाणक हुने हुन्छ । अप्रमेय बुध्दहरूको मुख़ार बिन्दबाट धर्म सुनेको हुन्छ र सुनेको नविर्सने तथा सोही धर्मलाई धेरै प्रकारले व्याख्यान गर्ने हुन्छ । यी दश प्रकारको धारणी बलले प्रणिधान मात्र गर्दा पनि सबै बुद्धहरुको मुखार विन्दबाट धर्मग्रहण गर्ने शक्ति उत्पन्न हुन्छ । यस्तो गुणले युक्त भएको बोधिसत्व धर्माशनमा बसी एउटा मात्र शब्द उचारण गर्दा पनि अनन्त उपदेश अरुलाई लाभ गराउन सक्ने हुन्छ । बहाँले

चाहेको खण्डमा उहाँले मुखबाट रश्मि निकाल्न र रोमकूपबाट शब्दहरू पनि निकाल्न सक्ने हुन्छ । साधारण बाजाको आवाजलाई पनि धर्मदेशनामा बदल्न सक्ने हुन्छ । यस्तो गुणले युक्त हुने हुंदा यस भूमिको बोधिसत्व समस्त प्राणीहरूलाई धर्ममा आकर्षण गर्न सफल हुन्छ ।

साधुमती भूमिमा प्रवेश गरेको बोधिसत्वले रातदिन तथागतको दर्शन गर्ने र संझने हुन्छ । तथा आफूलाई शंका लागेको कुरा तथागतहरूसंग सोध्न सक्ने हुन्छ । द्विसाहस्रिक लोक धातुका महाब्रह्मा जसरी सर्वगुण सम्पन्न हुन्छ त्यस्तै यो साधुमती भूमिमा प्रवेश गरेको बोधिसत्व पनि कुशल मूलको प्रभावले सबै प्राणीहरूको क्लेशलाई हटाउन सक्ने गुणले युक्त भएको हुन्छ । यो भूमिमा दशपारमिताहरु मध्ये बल पारमिमा प्रबल हुन्छ भनी बज्रगर्भ वोधिसत्वले आज्ञा भयो ।

धर्ममेघा नाम दशमी भूमिः

बज्रगर्भ बोधिसत्वले सम्बोधन गर्दै आज्ञा भयो– हे जिनपुत्रहरू हो ! नवौं भूमिको पूर्ण अभ्यास गरिसकेपछि बोधिसत्वलाई सर्वाकारसर्वज्ञज्ञानाभिषेक भूमि लाभ भएको भनिन्छ । यस भूमिमा पुगेपछि विमल नाम आदि समाधि लाभ हुन्छ । यसरी धेरै समाधि लाभ गरिसकेपछि अन्त्यमा सर्वज्ञज्ञानाभिषेक नामको समाधि लाभ हुन्छ । यो लाभ भएपछि रत्नको महापद्म प्रादुर्भाव हुन्छ । सो पद्मलोकोत्तर कुशल मूलबाट उत्पन्न भएको हो । माया स्वभावको सो पद्ममा बोधिसत्व विराजमान हुन्छ र दशैंदिशाका बोधिसत्वहरु घेराएर सबैले एक साथ समाधि गर्ने हुन्छ । सो समाधि सिद्धिने बित्तिकै सबै लोक धातुलाई कम्पन गर्दै अपाय दुःख शान्त गर्दै, लोक धातुलाई शुद्ध गर्दै लोकको हित सुख होस् भन्ने अभिप्रायले सम्यक् सम्बुध्दको पूजा गर्ने हुन्छ । यसरी पूजा गर्दा सो महारत्न पद्मको तलतिरबाट वहाँको

पैतलावाट अनेक प्रकारको रश्मिहरु निस्कन थाल्छ र त्यो रश्मिले अविची आदि नरकलाई उज्ज्वल पार्दै दुःख पाइरहेको प्राणीहरुलाई शान्ति दिने हुन्छ । अनि घूंडाबाट निस्केको रश्मिले तिर्यग योनिमा वस्ने पशुपंक्षीहरुको दुःखलाई शान्त पार्छ । त्यस्तै नाभिमण्डलवाट निस्केको रश्मिले प्रेतहरुलाई, दाँया वाँया कोखावाट निस्केको रश्मिले मनुष्यहरुलाई, हातबाट निस्केको रश्मिले देवासुरलाई, काँधवाट निस्केको रश्मिले श्रावक यानीहरुलाई सुख र शान्ति दिने हुन्छ । प्रथम चित्त उत्पन्न गरेको बेलादेखि नवौं भूमिसम्म उत्पन्न गरेको वोधिचित्त तथागतहरुलाई पूजा उपस्थान गरेको पुण्यले सवै प्राणीहरुलाई धर्म मेधाद्वारा अभिषेक गर्ने हुन्छ। अनि बोधिसत्वको शरीरवाट श्रीवत्स, बज्र, स्वस्तिक आदिवाट पनि रश्मि निस्कने हुन्छ ।

त्यस पछि तथागतको उर्वाकोशबाट निस्केको असंख्य रश्मिहरू बोधिसत्वको शिरमा प्रवेश गर्ने हुन्छ । यसरी यो दशम भूमिमा रहेको वोधिसत्व सम्यक् सम्बुद्धको अभिषेकले अभिषिक्त हुन्छ । अनि सो व्यक्ति दशवलयुक्त सम्यक् सम्बुद्ध भन्ने प्रसिद्ध हुन्छ । जसरी चक्रवर्ती राजाको ज़ेठो छोरोलाई सिंहासनमा वसाई चारै समुद्रको पानीले अभिषेक गरी सकेपछि मूर्धाभिषिक्त युवराज भन्ने दर्जा दिइन्छ । अनि त्यसपछि चक्रवर्ती भन्ने दर्जा पाउंछ ठीक त्यस्तै धर्ममेघा भूमिमा सम्यक् सम्बुद्धाभिषेक लाभ गर्ने हुन्छ ।

यसरी प्रतिष्ठा पाएको वोधिसत्वले धर्मधातु, काम धातु, रूप धातु, आरूप्य धातु, लोक धातु आदि धेरै कुरा यथार्थरूपले जानेको हुन्छ । बुद्धमा हुनु पर्ने दशबल, चतुर्वैशारद्य, आवेणिक बुद्ध धर्म रूपकाय, धर्मकाय आदि लाभ गर्ने विषय पनि यथार्थ रूपले जानेको हुन्छ तथा धर्मचक्र प्रवर्तन गर्न पनि जानेको हुन्छ । यसरी तथागतमा हुनु पर्ने ज्ञान वैपुल्यले पूर्ण हुन्छ । धर्मधातु गर्भ आदि गरेका बोधिसत्व विमोक्ष पनि लाभ गरेको हुन्छ । अप्रमाण स्मृति कौशल्यले युक्त भएको बुद्धिद्वारा दशै दिशाका बुद्धहरुको

प्रभावले धर्मालोक धर्ममेघ लाभ गर्ने हुन्छ। यसरी लाभ गर्ने हुनाले नै यो भूमिलाई धर्ममेघा भूमि भनिएको हो।

यस्तो वचन सुनी विमुक्तिचन्द्र वोधिसत्वले यस्तो प्रश्न गर्नु भयो– धर्ममेघा भूमिमा प्रवेश गरेको वोधिसत्वले एक क्षणमा कति तथागतहरूको मुखारबिन्दवाट धर्म श्रवण गर्न सक्छ। अनि वज्रगर्भले भन्नु भयो– यस कुराको गणना गर्न सकिंदैन। किन्तु यहाँ म एउटा उपमा दिन्छु सुन– दशै दिशाका अनन्त बुद्धक्षेत्रहरूमा रहेको परमाणु रज समान बुद्धहरूको उपदेशलाई ग्रहण, धारण गर्न समर्थ भएको व्यक्तिले जसरी उपदेश धारणा गर्छ अर्थात् वज्रपदमोत्तर तथागतको महाविजय नाम गरे भिक्षुले सुनेको कुरा ग्रहण धारणा गर्न सक्छ। त्यस्तै समस्त लोक धातुमा रहेका ग्रहण गर्न सक्ने वोधिसत्वहरूले जति ग्रहण गर्न सक्छन्। ती सबै कुरा धर्ममेघाभूमिमा रहेको वोधिसत्वले एक क्षणमा ग्रहण गर्न सक्ने हुन्छ अर्थात् यो भूमिको वोधिसत्वले धर्मधातुत्व्यध्वकोश आदि नाम गरेका धेरै धर्मालोक मेघहरू प्राप्त गरेका हुन्छन्। त्यसैले यो भूमिलाई धर्ममेघा भनिन्छ। यस भूमिमा वोधिसत्वले महामैत्री, महाकरूणा रूपी मेघले दशै दिशामा रहेका प्राणीहरूलाई आफ्नू प्रणिधानको बलले अमृत रूपी धारा वर्षा गर्ने हुन्छ। यस भूमिमा रहेको वोधिसत्वले तुषित भुवनवाट च्यवन भई गर्भ प्रवेश, जन्म, अभिनिष्क्रमण, बोधिप्राप्ति आदि सबै तथागतको चर्या प्राणीहरूलाई देखाउन सक्ने र वैनेय जनहरूलाई उद्धार गर्न सक्ने धर्म वर्षाउन सक्छ। यसकारणले पनि यो भूमिलाई धर्ममेघा भनिन्छ। यस भूमिमा बस्ने बोधिसत्वले एक पसर फूल द्वारा दशै दिशाका बुद्धहरूलाई पनि आफूले इच्छा गरेको छ भने पूजा गर्न सक्छ। फूलमात्र होइन सुगन्ध, माला, विलेपन, ध्वजा, पताका आदिले पनि पूजा गर्न सक्छ। एउटै जिब्रोद्वारा अनन्त बुद्धहरूको अनन्त गुणको स्तुति गर्न सक्छ। यसरी यो भूमिमा प्रवेश गरेको वोधिसत्वले असंख्य ऋद्धि विकुर्वनहरू पनि देखाउन सक्छ। यो धर्ममेघा भूमिको बोधिसत्व र बुद्धमा के फरक छ? भन्ने प्रश्न

विमुक्तिचन्द्रले गर्दा वज्रगर्भ बोधिसत्व सर्वबुद्धक्षेत्र काय स्वभाव संदर्शन नाम समाधिमा बस्नु भयो । समाधिमा बस्ने वित्तिकै वज्रगर्भ बोधिसत्वको शरीरमा सबै बुद्धक्षेत्रहरू र सो क्षेत्रमा विराजमान भएका तथागतहरू पनि देखिन थाल्यो । अनि यी घटनाहरू देखेर सबै बोधिसत्वहरूले आश्चर्य मान्दै यसो भने– यो भूमिमा प्रवेश गरेको बोधिसत्वको काय, वाक्, चित्त कर्मलाई बुझ्नु गाह्रो हुंदो रहेछ । परन्तु यो भूमिमा प्रवेश गरेको बोधिसत्व चक्रवर्ती राजाको युवराज सरह मात्र हो । वहाँलाई बुद्धसंग तुलना गर्नु वयर जत्रो ढुङ्गा लिई यो ढुङ्गा सुमेरू पर्वत भन्दा कति ठूलो छ भनी तुलना गर्नु जस्तै हो । यसकारण यो भूमि प्रवेश गरेको बोधिसत्वले तथागतको पूजा उपस्थान गर्न छोड्दैन । यो भूमिमा प्रवेश गरेको बोधिसत्व महेश्वर, देवराज समान आफ्नो तेजले सबैलाई आनन्द प्रदान गर्ने हुन्छ । दशपारमिताहरू मध्ये भूमिमा ज्ञानपारमिता प्रबल हुन्छ भनी वज्रगर्भबोधिसत्वले आज्ञा भयो ।

परोन्दना परिवर्तः

हे जिनपुत्रहरू हो ! यी दश भूमिको विषयमा संक्षेपले केही बताइयो । विस्तारपूर्वक बताउंदा कल्प कल्प सम्म पनि वित्न सक्छ । यो दश भूमिको विषय तीनै कालका बुद्धहरूले वर्णन गर्नु भएको छ । यो दश भूमि क्रमशः सर्वाकारज्ञता, सर्वज्ञता लाभ गर्ने चर्या हो । जसरी अनवतप्त दहबाट बगेर आएको पानीले सबै जम्बूद्वीपलाई तृप्त गरी महासागर मिल्छ । त्यस्तै सबै भूमिहरू अन्त्यमा सर्वाकारज्ञता रूपी समुद्रमा गई मिल्ने हुन्छ। हिमवान् आदि दश पर्वत राजहरू जसरी आ-आफ्नो गुणले प्रसिद्ध छन् । त्यस्तै यी दश भूमि पनि आ-आफ्नो गुणले परिपूर्ण छन् । जसरी समुद्रको दशगुणहरू छन् त्यस्तै यी दश भूमि पनि दश गुणले परिपूर्ण छन् । यो महापृथ्वीमा जसरी दशवटा रत्नका खानीहरू छन् त्यस्तै यो दश भूमि पनि रत्नका खानी जस्तै छन् ।

जसले पूर्वजन्ममा ठूलो पुण्य गरेको छ त्यसले मात्र यो दश भूमिको सर्वाकार सर्वज्ञज्ञानगुणसंचय नाम गरेको धर्मलाई सुन्न इच्छा गरेको हुन्छ । साथै यो ग्रन्थप्रति श्रद्धा गर्ने, ग्रहण गर्ने धारणा गर्ने, इच्छा पनि उत्पन्न गरेको हुन्छ । यसरी दश भूमिको प्रशंसा गरिरहेको बेलामा पुष्प वृष्टि भयो, शुभ लक्षण भूकम्प भयो, चारैतिर सबै प्राणीहरूलाई आनन्दको अनुभव भयो । यस्ता भएको देखेर त्यहाँ उपस्थित सबै बोधिसत्वहरूले वज्रगर्भ बोधिसत्वलाई साधुकार दिए । त्यसवेला वज्रगर्भ नामका धेरै बोधिसत्वहरू वज्रध्वज नाम गरेको तथागतको आज्ञाले त्यहाँ आएका थिए तथा हामीले यो दश भूमिलाई धारणा गर्नेछौं । हामीले परनिर्मित दशवर्ती भूमिमा आएकोले यो धर्म श्रवण गर्न पायौं भनी निवेदन गरें । त्यसपछि वज्रगर्भ वोधिसत्वले व्याख्यान गरेको दश भूमिलाई तथागत गौतम बुद्ध देखि लिएर त्यहाँ उपस्थित सबै देव, दाग आदिले पनि अनुमोदना गरे । यो देशना भगवान् बुद्धले बुद्धत्वलाभ गरेको दोस्रो हप्तामा परनिर्मित दशबर्ती देबभवनमा भगवान् बुद्धको अनुमानले वज्रगर्भ बोधिसत्वखे गर्नु भएको थियो ।

समाधिराज सूत्रम्

निदान परिवर्तः

संगीतिकार भन्नु हुन्छ भगवानले आज्ञा भएको मैले यसरी सुनेको छु–

कुनै समयमा राजगृहको गृधकूट पर्वतमा धेरै भिक्षुहरू र बोधिसत्वहरूको साथमा श्री भगवान् शावयमुनि राज हुनु भएको थियो । त्यस सभामा मेरू सुमेरू नाम गरेका धेरै बोधिसत्वहरू र भद्रपाल आदि सत्पुरूषहरू, ब्रम्ह कायिक देवपुत्रहरू तथा अरू देव मनुष्यहरू पनि थिए । ती सबैले भगवान् बुद्धको सत्कार, गौरवपूर्वक वन्दना पूजना नमस्कार आदि गर्नु भएका थिए । अनि भगवान्ले आदि, मध्य पर्यवसानमा कल्याण हुने धर्मदेशना गर्नु भएको थियो । त्यस वेला चन्द्रप्रभ नामको बोधिसत्वले आशनबाट उठी हात जोडी यसरी विन्ती गरे– हजूरले समय दिनु भए केही प्रश्नहरू गर्ने छु । अनि तथागतले अनुमति दिए पछि यस्तो प्रश्न गरे– हे लोकनाथ ! अचिन्त्यज्ञान कसरी लाभ होला ! महायान भनेको के हो ? बुद्धयानलाई रक्षा गर्न के गर्नु पर्छ ? तीक्ष्णा प्रज्ञा भएको हुन तथा शीलस्कन्धले परिपूर्ण हुन र अरण्यमा बस्न के गर्नु पर्छ ? काय्, वाक् चित्त शुद्ध गर्न के गर्नु पर्छ ? यी प्रश्नहरू मैले शठतापूर्वक सोधेको होइन तथा जान्ने भएर पनि बोलेको होइन । कृपया यी विषयमा उपदेश दिनु होस् ।

अनि कुमारभूतलाई भगवान्ले यस्तो आज्ञा भयो– यी सबै कुराले परिपूर्ण हुने एउटा उपाय छ सबै प्राणीउपर समचित हुनु, हितचित्त राख्नु र अप्रतिहत चित्त हुनु हो। यही एक

उपायद्वारा माथि सोधिएका सबै विषयमा कुशलता लाभ गरी चाँडै सम्यक् सम्वोधि लाभ गर्न सकिने हुन्छ । यही कुरा गाथाद्वारा पनि आज्ञा हुनु भयो । हे चन्द्रप्रभ ! कुमारभूत सबै प्राणीउपर समचित्त, हितचित्त, अप्रतिहत चित्त, अविषमचित्त भएको व्यक्तिले मात्र सर्वधर्म स्वभाव समता विपंचित नामको समाधि लाभ गर्ने हुन्छ । हे चन्द्रप्रभ ! सर्वधर्म स्वभावसमताविपंचित समाधि भनेको के हो वर्णन गर्छु सुन भनी कायसंवर, वाक्संवर, मनसंवर, कर्म परिशुद्धि आलम्वनसमतिक्रम, स्कन्धपरिज्ञा, आदि करीव तीन सय बुद्ध धर्मसम्वन्धी ज्ञान वताउनु भयो र यसैलाई सर्वधर्मस्वभावसमताविपंचित नाम समाधि भनिन्छ भन्ने आज्ञा भयो । यो समाधिको व्याख्यान गर्नु हुंदा धेरैले अनुत्पत्तिका धर्म क्षान्ति लाभ गरे त कसैले आनुलोमिक क्षान्ति लाभ गरे कसैले घोषानुगा क्षान्ति लाभ गरे । यसै गरी कसैले चित्त विमुक्ति लाभ गरे भने कसैले धर्मचक्षु लाभ गरे । अनि कसैले चार प्रकारको मार्ग फल लाभ गरे । यसरी यो धर्मदेशना गर्दा बहुजन हित भएको थियो । चारैतिर सुख शान्तिको वातावरण छाएको थियो ।

शालेन्द्रराजपूर्वयोग परिवर्तः

अनि त्यस वेला भगवान्बुद्धले चन्द्रप्रभ कुमारभूतको पूर्वजन्मका कुरालाई पनि गाथाद्वारा यसरी व्यक्त गर्नु भयो– हे चन्द्रप्रभ! यो समाधिलाई साठी करोड बुद्धहरूले गृधकूट पर्वतमा वर्णन गर्नु भएको कुरा मैले सम्झेको छु । मैले सबभन्दा पछिल्लो लोकनाथ शालेन्द्रराज तथागतलाई प्रश्न गरेको थिएं । त्यतिखेर म भीष्मोत्तर नामको क्षेत्रीय राजा थिएं । मेरा पाँच सय छोराहरू सहित अठाह्र हजार वर्षसम्म वहाँ तथागतको मैले सेवा गरेको थिएं । धेरै विहारहरू पनि दान दिएको थिएं । वहाँ शालेन्द्रराज तथागतको आयु सत्तरी हजार करोड वर्ष थियो । यही समाधिको यथार्थ ज्ञान गर्न चौध हजार वर्षसम्म मैले प्रव्रजित भई

असंख्य करोड गाथाले युक्त भएको यो समाधि परिवर्त कण्ठ बढेको थियो । यही समाधि लाभ गर्न हात, शिर, भार्या, पुत्र समेत दान गरेका थिए । यही समाधि ज्ञान गर्न धेरै कोटी बुद्धहरूलाई गृधकूत पर्वतमा प्रार्थना गरेको पनि म संझन्छु । त्यस्तै शाक्यमुनि नाम गरेको आनन्द भन्ने उपस्थापक भएको राहुल नामका पुत्र भएका धेरै बुद्धहरूको मैले सेवा गरेको छु । यो समाधि लाभ गर्न चाहनेले खान लोभि गर्न हुंदैन। सबै वस्तुप्रति आशक्ति छोडेर मैत्री भावना गर्नु पर्छ । लाभ सत्कार र जीविकाको लोभमा फस्नु हुंदैन । शील पालना गरी धूताङ्ग धारणा गरी वीर्यवान् भई रहनु पर्छ । यस्तो आचरण गर्नेलाई यो समाधि सुलभ हुन्छ । यो समाधि धारणा गर्ने व्यक्तिलाई बुद्धको वत्तीस लक्षण असिती अनुब्यंजन चाँडै लाभ हुन्छ । दशवल चतुर्वैशारद्य आदि गुणले युक्त हुने हुन्छ । बुद्धको धर्मचक्षुले देखेका प्राणीहरू कुनै न कुनै समयमा अवश्य बुद्ध वन्ने छन् । त्यसकारण यो समाधिको गुण वर्णन गर्न समुद्रमा जति वालुवा छन् त्यत्ति नै वटा व्यक्तिहरूको शिर बनोस् ती शिरमा रहेको मुखमा जीब्रो होस् र ती सबै जिब्राले यो समाधिको गुण प्रशंसा गरोस् तर पनि यो समाधिको गुण वर्णन सिद्धिने छैन । यो समाधि धारणा गर्ने व्यक्तिलाई देवासुर नर राजाहरूले पनि मन पराउने हुन्छ । यो समाधिको वर्णन गर्ने व्यक्तिलाई अनन्त सूत्रहरूको ज्ञान स्वतः उत्पन्न हुन्छ। अन्त्यमा अमिताभ बुध्दको सुखावती भुवनमा जन्मने छ र तथागतको दर्शन पाउने हुन्छ । यस्तो समाधिको वर्णन गरेको मैले सुनेको छु भनी भगवान्ले आज्ञा भयो ।

भूतगुण वर्ण प्रकाशन परिवर्तः

अनि फेरि तथागतले चन्द्रप्रभ कुमार भूतलाई सम्बोधन गरी यस्तो आज्ञा भयो– हे कुमार भूत ! सम्यक् सम्बुद्धको यथार्थ गुणलाई कुनै बोधिसत्वले प्रकाश गर्न चाहन्छ भने उसले प्रकाश गर्न सक्छ अर्थात् उसले उपर्युक्त समाधि ग्रहण गरेको

तथा अभ्यास गरेको छ सो व्यक्तिले अरणा समाधि भावना गरी विस्तारपूर्वक प्रकाश गर्नु पर्छ । हे कुमार भूत ! बुद्धको सच्चा गुण के के हुन् म वर्णन गर्छु सुन–यो सुन्ने बोधिसत्वले जङ्गलमा गई रूखमुनि बसी खुला आकाशको मुनि वा शून्य कोठामा गई बुध्दगुण भावना गर्नुपर्छ अर्थात् वहाँ भगवान् अर्हत् हुनुहुन्छ, सम्यक् सम्बुध्द हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकको विषयमा सबै कुरा जान्ने हुनुहुन्छ, वहाँ अनुत्तर हुनुहुन्छ । ज्ञान दिन योग्य व्यक्तिलाई दमन गर्ने सारथी जस्तो हुनुहुन्छ, देवमनुष्यलाई शासन गर्ने हुनुहुन्छ, बुध्द भगवान् पुण्यको फलस्वरूप हुनुहुन्छ आदि गुणलाई तथागत भूत गुण भनिन्छ । यी भूत गुणलाई प्रकाश गरेमा कुनै त्रुटी, गल्ती हुने छैन । ती सबै वचन बुध्दले स्वीकार गरेको नै हुनेछ । यति आज्ञा भई गाथाद्वारा भगवान्ले यस्तो आज्ञा भयो– हे कुमार भूत! कल्प सहस्र समय सम्म वर्णन गरिरहे पनि बुध्दको गुण सबै वर्णन गर्न सकिंदैन । परन्तु यो समाधि भावना गर्ने व्यक्तिले बुध्द गुण वर्णन गर्न सक्ने हुन्छ । त्यसकारण यो शान्त समाधिलाई जान्न खोज्दा मैले कति कन्यादान गरे तथा बुध्दहरूको चैत्यमा सुगन्ध वस्तुद्वारा पूजा भाव गरें तथा धेरै समय सम्म धर्मदान पनि गरें तर मैले अभिमान गरिन । यो समाधि भन्दा प्यारो वस्तु संसारमा अरू केही छैन । यो बुध्दज्ञानलाई प्राप्त गर्न मैले धेरै वस्तु दान गरेको छु र संधै मुस्कुराउंदै प्रसन्न भई सध्दर्मलाई खोज्दै आइरहेको छु । यो समाधिलाई सुनेर कहिल्यै तृप्त पनि भइन । मैले अरूको डाहा इर्ष्या पनि गरिन । जहिले पनि लाभ भएको पिण्डमा सन्तोष गरी बसेको छु । हे कुमार भूत ! यो समाधिराजको कुनै एउटा गाथालाई सत्कारपूर्वक, प्रेमपूर्वक आउने पछि सो व्यक्ति वहुश्रुत र श्रुतधारी हुनेछ । यसरी श्रध्दा गरी समाधि लाभ गर्न मैले धेरै काल शील पालना गरें, दान गरें । बोधिचित्त उत्पन्न गरी जगतहित गर्न मैले यो समाधि लाभ गर्ने इच्छा गरेको हुं यसको पुण्य फल कल्प कल्प वर्णन गरे पनि सिध्दिदैन । यसकारण

हे कुमार भूत ! वोधिसत्व यो समाधि आउने पार्न, पाठ गर्न अरणा समाधि गरी व्याख्यान गर्दा वहुजनहित बहुजनसुख हुने हुन्छ ।

यति आज्ञा भई गाथाद्वारा फेरि यस्तो आज्ञा भयो– यो समाधिलाई त्रिहत्तर करोड बुध्दहरूले वर्णन गरेको छ । यो सूत्रमा महाकरूणाले युक्त भएका वचनहरू छन् । त्यसकारण यसलाई पाठ गर्ने व्यक्तिले सावधान भएर पाठ गर्नु पर्छ । भविष्यमा बुद्धहरू नभएको समयमा धेरै मानिसहरू बहुश्रुत हुन मन पराउंदैन । शीलको वर्णन गरेतापनि शील पालना गर्दैनन् । समाधिको वर्णन गरेता पनि समाधिमा लाग्दैन । प्रज्ञाको वर्णन गरेता पनि प्रज्ञा लाभ गर्न कोशिश गर्दैनन् । यस्तो समयमा पनि यो समाधि भन्ने व्यक्तिले शान्ति ल्याउन सक्छ । दरिद्रलाई धन दिने दानपतिलाई जस्तै यो समाधि जान्ने बोधिसत्वलाई सत्कार गर्नु पर्छ । यो समाधि लाभ नभइकन बोधिसत्वले ख्याति पाउन सक्दैन ।

समाधिको यस्तो वर्णन सुनी चन्द्रप्रभ कुमार भूत प्रसन्न भई मैले क्लेश कषाय कल्पमा पनि यो सूत्रलाई प्रकाश गर्नेछु शरीर र जीवन सुखलाई पनि त्याग गरी ठूलो दु:ख भोग्नु परे पनि यो समाधिं मैले धारणा गर्ने छु भनी विन्ती गरे ।

बुद्धानुस्मृति परिवर्तः

अनि चन्द्रप्रभ कुमार भूतले भगवान् बुद्धलाई यस्तो विन्ती गरे– हे भगवन् ! समाधि समाधि भन्छन् समाधि भनेको के हो ? यस्तो प्रश्न सुनी भगवान्ले भन्नु भयो– समाधि भनेको चित्तनिध्यपति हो अर्थात् चित्तलाई कुनै विषयमा निरन्तर लगाउनु हो । अर्थात् फेरि जन्म लिन नपर्ने, प्रतिसन्धि हुनु नपर्ने, प्रतिसन्धि सम्बन्धी ज्ञानमा लाग्नु आदि विषयमा र सर्वज्ञज्ञानमा तीब्र इच्छा गर्नु नै समाधि हो । यस्तै किसिमका अरू धेरै विषयलाई ज्ञान गर्नु पनि समाधि नै हो । अनि फेरि गाथाद्वारा

पनि यस्तो आज्ञा भयो–निर्वाण मार्गको द्वार खोल्नु, धर्मको स्वभाव चिन्नु, पापी मित्रको संगत छोड्नु, कल्याण मित्रको सेवा गर्नु, व्यावहारिक तन्तालाई छोडेर जंगलमा बस्नु संधै मैत्री भावना गर्नु, शील धुताङ्ग आदि पालना गर्नु, त्याग चित्त उत्पन्न गरी प्रज्ञा भावना गरेमा समाधि दुर्लभ हुंदैन। शान्ति पालना गरी अचिन्त्य बुद्ध गुणलाई स्मरण गरी बोधिचित्त उत्पन्न गरी अनुत्तरज्ञानमा लाग्ने मनुष्यलाई समाधि दुर्लभ हुंदैन। भगवान् बुद्ध सुवर्ण वर्णको हुनुहुन्छ भनी भावना गर्ने व्यक्तिलाई र संस्कृत वस्तु पनि असंस्कृत वस्तु जस्तै हो भनी भावना गर्ने व्यक्तिलाई निमित्त सञ्ज्ञा हट्छ र अनिमित्त विमोक्ष लाभ हुन्छ। यसलाई सर्वधर्म शून्यता पनि भनिन्छ। यस्तो धर्मकायस्वरूप बुद्धको भावना गर्ने व्यक्तिले सबै भाव (वस्तु)लाई अभाव संझने हुन्छ। यसरी बुध्दको भावना गरी सधैं बुध्दको स्मरण गर्ने व्यक्तिले चाँडै नै म बुध्द हुन्छु भन्ने प्रणिधान पूर्ण गर्ने हुन्छ। यसरी काय, वाक्, चित्तले रात दिन बुद्धको भावना गर्दा सो व्यक्तिलाई मरणान्त वेदनाले पनि छुन नसक्ने हुन्छ। यस्तो बुध्दानुस्मृतिको गुणलाई संझी रहने व्यक्तिलाई समाधि दुर्लभ हुने छैन।

घोषदत्त परिवर्तः

अनि भगवान् बुध्दले चन्द्रप्रभ कुमार भूतलाई सम्बोधन गरी यस्तो आज्ञा भयो– हे कुमार भूत असंख्य कल्प पहिले घोषदत्त नामको तथागत उत्पन्न भएको थियो। त्यसवेला वहाँको श्रावकहरूको तीन पटक सम्म ठूलो भेला भएको थियो। वहाँ तथागतको आयु ४०,००० वर्षको थियो। त्यस बेला जम्बूद्वीपमा दुई राजाहरू थिए। आधा राज्य दृढबल राज्यको आधा महाबलले शासन गर्थे। हे कुमार भूत! महाबल राजाको राज्यमा घोषदत्त तथागतलाई हजार वर्षसम्म भिक्षुगण सहित चीवरपिण्डपात्र सहित निमन्त्रणा गरेको थियो। त्यस बेला घोषदत्त तथागतको ठूलो सम्मान तथा श्रध्दा गरिएको थियो। अनि आमिष पूजाले

पूजा गर्नु भन्दा गृहत्याग गरी प्रव्रज्या ग्रहण गर्नु ठूलो पुण्य हुन्छ भन्ने कुरो देखाउन घोषदत्त तथागतले अत्यन्त विशुध्द हुने निर्वाण सम्वन्धी धर्मदेशना गर्नु भयो। अनि वहाँको सबै धर्म सुनी महावल राजाले गृहत्याग गर्नुको पुण्य महत्वपूर्ण रहेछ भन्ने वुझे। किनभने वहाँले दान पारमिता तथा शीलपारमिता आदिको वर्णन गर्नु भएन। त्यसकारण यो निर्वाण लाभ गर्न घरमा वसेर संभव छैन, कपाल खौरी काषाय वस्त्र धारणा गरी श्रध्दापूर्वक गृहत्याग गर्नु उचित छ भन्ने संझी राजा तथा राजाका श्रध्दालु हजारौं परिवार सहित घोषदत्त तथागत कहाँ गई यसरी विन्ती गरे– हे भगवन्! हामी प्रव्रजित हुन चाहन्छौं हामीलाई उपदेश दिनु होस्। यस्तो वचन सुनी घोषदत्त तथागतले सर्वधर्म स्वभाव समता विपंचित्त समाधिको व्याख्यान गर्नु भयो। अनि राजा र राजाका परिवारहरू तथागत सामु प्रव्रज्जित भएर यो समाधि ग्रहण गरे। यो पुण्यले धेरै कल्पसम्म दुर्गतिमा जानु नपर्ने पनि भयो। र वीश करोड बुध्दहरूको दर्शन गर्न पनि पाए। यसरी समाधिको प्रभावले बुध्दहरूको दर्शन गरी कल्पौं कल्प सम्म बुध्दहरूको सेवा गर्दै पछि महाबल राजाले बुध्दत्व लाभ गरी धेरै प्राणीहरूलाई उद्धार गरी निर्वाण भए।

हे कुमारभूत! घोषदत्त तथागत कहाँ गई यो समाधि लाभ गर्ने महाबल राजा र वहाँका परिवारले पछि दृढशूर नामको तथागत हुन पाए। यस्तो महत्वपूर्ण गुण भएको यो समाधिलाई तिमीले पनि प्राप्त गर्नु पर्छ भन्ने आज्ञा हुंदै यही कुरा गाथाद्वारा पनि दोहऱ्याउनु भयो।

समाधि परिवर्तः

अनि भगवान् बुद्धले चन्द्रप्रभ कुमार भूतलाई यस्तो आज्ञा भयो– हे कुमार! समाधिलाई जान्न खोज्ने व्यक्तिले चाँडै नै बुध्दत्व लाभ गर्ने हुन्छ। त्यसकारण समाधि परिकर्म समाधिको अभ्यास गर्नु पर्छ। समाधिको अभ्यास गर्ने व्यक्तिले सर्वप्रथम

महाकरूणा उत्पन्न गरी संधै तथागतहरुको पूजा गर्न तत्पर हुनु पर्छ । अर्थात् चीवर पिण्डपात्र आदि तथा पुष्प धुप र नाना प्रकारका तूर्य वाद्य आदिद्वारा पनि पूजा गर्नु पर्छं । अनि यो पूजावाट लाभ भएका सबै कुशल मूलले समाधि लाभ होस् भनी परिणामना गर्नु पर्छ अर्थात् बुद्धलाई पूजा गर्नाले लाभ भएको पुण्यद्वारा मेरो सुख सम्पत्ति लाभ होस् मेरो परिवारको हित सुख होस् भन्ने नचिताई केवल समाधि लाभ होस् भन्ने मात्र चिताउनु पर्छ । यसरी तथागतहरूको पुण्यलाई त्रिमण्डल परिशुद्ध भावना गर्नु पर्छ । अर्थात् तथागत पनि शून्य हुनुहुन्छ, आफू पनि शून्य छुं, कर्मविपाक पनि शून्य छ भन्ने भावना गर्नुपर्छ । यही पूजाद्वारा चाँडै बुद्धत्व लाभ हुन्छ । अनि भगवान्ले फेरि चन्द्रप्रभ कुमारभूतलाई गाथाद्वारा समाधि परिकर्मको व्याख्या गर्नु भयो । बुध्दलाई सुगन्ध वस्तु चढाउनाले दुर्गन्ध दुर्गतिमा जानु नपर्ने हुन्छ । यसरी ज्ञान गन्धद्वारा, शील गन्धद्वारा बुध्दको पूजा गर्नु पर्छ । यसरी पूजा गर्नुलाई मृदुआनुलोमिकी क्षान्ति भनिन्छ । यही क्षान्तिलाई धेरै काल सम्म भावना गर्दा सो व्यक्तिको शरीरबाट मासुको टुक्रा काटिए पनि सद्धर्मवाट उनको चित्त बिचलित हुंदैन । यसकारण यो धर्मलाई आनुलोमिकी क्षान्ति भनिएको हो । यस धर्ममा नैरात्म्य भावना गर्ने हुन्छ । सबै वस्तुहरू आकाश समान हुन् भनी भावना गरिन्छ । आकाशमा कुनै दाग नभए जस्तै चित्तमा क्लेशको दाग नरहने हुन्छ । यो भावना गर्नेलाई मारले बुद्धको रूप लिई यो धर्मले तिम्रो हित हुंदैन श्रावक धर्म ग्रहण गर भनेतापनि उनको चित्त परिवर्तन हुंदैन । यसरी उनको चित्तमा क्षमता क्षान्ति लाभ हुन्छ । स्वप्नामा पनि पुद्गल, जीव, सत्व (म) भन्ने प्राणी छ भन्ने संझदैन । अतः बुद्धको रूप लिई आउने मारले पनि उनलाई छुन सक्दैन । उनले पंचस्कन्धलाई शून्य देखेता पनि व्यवहारमा मेरो शरीर, म भनी व्यवहार गर्छ । यसरी म भनेता पनि म भन्ने ममकार छोडी सकेको हुन्छ । यसरो जीव दृष्टि त्याग गरिसकेको हुनाले जन्म्यो, मऱ्यो भन्ने भाव पनि छोडी सकेको हुन्छ र चटक

जस्तो मात्र हो सच्चा होइन भनी संझने हुन्छ । सो वोधिसत्वले आहारमा पनि लोभी नभइकन उचित आहार भोजन गरी आलष्य निद्रालाई छोडी घमण्डी नभई बुद्धमा श्रद्धा गरी ब्रह्मचर्य पालना गरी ह्री र अपत्रपालाई धारणा गर्ने हुन्छ । सहधर्मीहरूलाई गौरव गरी बोधिचित्त धारणा गर्ने हुन्छ । स्मृति उपस्थान, ध्यान, समाधि नैरात्म्य भावना गरी श्रावकयान र प्रत्येक बुद्धयानमा मन नलगाई बोधिसत्व चर्या पालना गर्ने हुन्छ । यस्तो चर्या गर्नेको अनुशंसा धेरै हुन्छ र त्यो व्यक्तिलाई बुद्धत्व दुर्लभ हुंदैन ।

त्रिक्षान्त्यवतार परिवर्तः

अनि भगवानले चन्द्रप्रभ कुमार भूतलाई यस्तो आज्ञा भयो– हे कुमार ! चाँडे बुद्धत्व लाभ गरूं भन्ने व्याक्तिले तीन प्रकारको क्षान्ति ज्ञानमा कुशल हुनु पर्छ । यसरी क्षान्ति लाभ भएका व्यक्तिले वहुजनहित गर्न विस्तारपूर्वक व्याख्यान पनि गरेर सुनाउनु पर्छ । यति आज्ञा भई त्रिक्षान्त्यवतार धर्म पर्यायलाई गाथाद्वारा यसरी आज्ञा भयो– कसै सित झगडा नगर्नु, व्यर्थको कुरा नगर्नु, सद्धर्मपालना गर्नु, सबै वस्तुहरू मायोपम हो भनी सम्झनु, कुनै वस्तुको निमित्त ग्रहण नगर्नु यो पहिलो क्षान्तिको लक्षण हो । यसरी प्रथम क्षान्तिको धेरै लक्षणहरू आज्ञा भइसकेपछि द्वितीय क्षान्तिको लक्षण यसरी आज्ञा भयो– समथ समाधिको बलले चित्त कम्पित नगरी विपश्यनाद्वारा चित्तस्थिर बनाउनु दोस्रो क्षान्तिको लक्षण हो । यसरी द्वितीय शान्तिको पनि धेरै लक्षणहरू बताई सकेपछि तृतीय क्षान्तिको लक्षण आज्ञा भयो– जब तेस्रो क्षान्ति लाभ हुन्छ, तब त्यो व्यक्ति दशै दिशामा बुद्ध बोधिसत्व निर्माण गरी यत्र तत्र धर्मदेशना गर्न लगाई धेरै प्राणीहरूको हित सुख गर्न सक्ने हुन्छ । यो तृतीय क्षान्तिको लक्षण हो । जम्वूद्वीपमा रहेका सबै बोधिसत्वहरूको परिचय हुनु, सबै बुद्धहरूको आचरण ज्ञान हुनु, इर्या पथको पनि ज्ञान हुनु

तृतीय क्षान्तिकै लक्षण हो। यसरी तृतीय क्षान्तिको लक्षण बताइसकेपछि श्री भगवान् बुद्धले यस्तो आज्ञा भयो– यी त्रिक्षान्तिले युक्त भएको व्यक्तिलाई अर्थात् बोधिसत्वलाई बुद्धहरूले चाँडै नै व्याकरण गर्ने छ। अनि उनले सो व्याकरण सुनी बोधिचित्त स्थिर गरेर जन्म्यो मर्‍यो भन्ने भावना छाडी सबै वस्तुको धर्मस्थितिलाई पनि देख्ने हुन्छ तथा मायोपम, स्वप्नोपम सम्झने हुन्छ। यसरी सर्वधर्म–स्वभाव–शून्यता–ज्ञान गरेको वोधिसत्वले गाली गरे पनि कूटे पनि नरिसाउने अभिमान नगर्ने हुन्छ। सबै प्राणीहरू उपर मैत्री भावना गर्ने हुन्छन्। सबै प्राणीहरूलाई वोधिज्ञान नदिइकन रहने छैन भन्ने भावना गरी सबै प्राणीहरूलाई उद्धार गर्न सतत प्रयत्न गर्ने हुन्छ। यसरी त्रिक्षान्ति लाभ गर्ने व्यक्तिको निमित्त बुद्धत्व दुर्लभ हुदैन।

अभावसमुद्गत परिवर्तः

श्री भगवान् बुद्धले चन्द्रप्रभ कुमारभूतलाई यस्तो आज्ञा भयो– हे चन्द्रप्रभ ! असंख्य कल्प पहिले अभावसमुद्गत नामको तथागत उत्पन्न हुनु भएको थियो। वहाँ तथागत जन्मने बित्तिकै सात ताल वृक्ष जति माथि उडेर गई "अभावसमुद्गताः सर्व धर्माः अर्थात् सबै वस्तुहरू अभावबाट नै उत्पन्न हुने हुन्छ भनी बोल्नु भयो। यही कुरा तीनै लोकमा फिंजियो र यसैकारण वहाँलाई अभाव समुद्गत भनेर नाउँ राखियो। वहाँ तथागतले वोधिज्ञान प्राप्त गरेको वेलामा वरीपरीका रूखहरू झारपातहरूबाट पनि अभाव समुद्गत भन्ने शब्द निस्केको थियो। अनि एक दिन महाकरूणाचिन्ती नामको राजकुमार अभावसमुद्गत तथागत कहाँ गई सद्धर्म सुन्न बसेको थियो ! त्यस वेला तथागतले राजकुमारको अध्याशय बुझी यही समाधि राज सूत्रको व्याख्यान सुनाउनु भयो। सो व्याख्यान सुनी प्रसन्न भई यो समाधिलाई पूर्णरूपले ज्ञान गर्न प्रव्रजित नभई हुंदैन भन्ने विचारले तथागत कहाँ गई प्रव्रजित भए। यसरी सो समाधि राज सूत्रलाई ग्रहण गरेको पुण्यले धेरै

कल्प सम्म तथागतहरूको सेवा गरी अन्त्यमा सुविचिन्तित नामको तथागत हुनु भयो । यसकारण यो समाधिराज धर्मपर्यायको ठूलो महत्व छ भनी आज्ञा भयो । अनि भगवान् बुद्धले यही कुरा गाथाद्वारा पनि वर्णन गर्नु भयो र आज्ञा भयो– जसले बोधिज्ञान लाभ गर्छु जगतसत्वलाई भवसागरबाट उतार्दछु भन्ने इच्छा गर्छ त्यो व्यक्तिले यो समाधिराजलाई अध्ययन गर्नु पर्छ ।

गम्भीर धर्म क्षान्ति परिवर्तः

अनि चन्द्रप्रभ कुमारभूतलाई श्री भगवान् बुद्धले यस्तो आज्ञा भयो–हे कुमार! समाधिलाई जान्ने इच्छा भएको तथा चाँडै सम्यक् सम्वोधि लाभ गर्ने इच्छा भएको व्यक्तिले गम्भीर धर्म क्षान्ति लाभ गर्न पनि प्रयत्न गर्नु पर्छ । सबै वस्तुहरू माया (जादु) समान हुन्, सपना छाँया, पानीमा देखिएको प्रतिविम्व समान् हुन् भनी जान्नु पर्छ । जव यो ज्ञान हुन्छ तब गम्भीर धर्म क्षान्ति कुशल व्यक्ति भनेर कहलिन्छ । जसलाई गम्भीर धर्मक्षान्ति लाभ भएको छ । सो व्यक्तिको राग, द्वेष, मोह हुंदैन किनभने उसले सबै वस्तुहरू सच्चा हो भन्ने देख्दैन । त्यसकारण उसलाई राग, द्वेष, मोह उत्पन्न हुंदैन । अनि त्यो व्यक्तिको विपर्यास बुद्धि हटेर जान्छ, चित्त समाधान हुन थाल्छ । त्यो व्यक्तिलाई निष्प्रपञ्च पारगत क्षेम प्राप्त अर्हत् क्षीणाश्रव आदि अनेकौं उपाधि लाभ हुन्छ । यति आज्ञा भइसकेपछि यही कुरा गाथाद्वारा पनि वर्णन गर्नु भयो । सम्पूर्ण वस्तुहरू पानीको फोका र फिंज जस्तै अस्थिर हुन्छन् परन्तु यस्तो कुरा नबुझी मान अभिमानले मोहित भएका हुन्छन् । ऐनामा, पानीमा तेलको भाँडामा छाँया देखिएता पनि सो छाँया हामीले छुन नसके जस्तै सबै वस्तुहरू त्यस्तै हुन् । मरिचिका (औल) मा पानी बगिरहे जस्तो देखिएता पनि त्यहाँ पिउन योग्य पानी नभए जस्तै सबै वस्तुहरू पनि त्यस्तै हुन् । त्यसकारण हाम्रा आँखा, कान, जिब्रो शरीर आदि इन्द्रियहरूले यथार्थ ज्ञान गर्न सक्दैन तिनीहरूले केवल भ्रम मात्र उत्पन्न गरिदिने हुन्छ । त्यसकारण चार स्मृत्युपस्थान

चार ध्यान, चार आर्यसत्यहरूलाई हेर्ने प्रयत्न गरेर शीललाई रक्षा गरी सद्धर्म सुनी मान अभिमान छोडी वहुश्रुतभई म, मेरो भन्ने भाव छोडी नैरात्म्य भावना गरी रहनु पर्छ । यसरी शून्यतालाई जानी नैरात्म्य भावना गरी बैद्यले रोगीको औषधि गरिदिए जस्तै बोधिसत्वहरूले जनताको रागादि रोगलाई शान्त गरिदिनु पर्छ । यस्तो गम्भीर धर्मक्षान्ति रूपी महौषधि पाएर पनि सेवन नगर्ने व्यक्तिको रागादि क्लेश शान्त भएन भने वैद्यको दोष औषधिको दोष नठहरिए जस्तै यहाँ पनि सम्झनु पर्छ । मूर्ख मानिसहरू विना कारण त्यसै पनि झगडा गर्न आउन सक्छ यदि भयो भने तिनीहरूलाई सत्कारपूर्वक पंछ्याएर पठाउनु पर्छ । किनभने बाल जनसंग संगत गर्नु असल हुंदैन । सहधर्मीहरूसंग पनि रिसाउनु हुंदैन । यो नियम गम्भीर धर्म क्षान्ति पालना गर्ने व्यक्तिले सम्झनु पर्छ । मूर्ख मूर्खहरूसंग मेलमिलाप गर्ने हुन्छन् । विद्वानहरू विद्वान संगै मिल्ने हुन्छन् । त्यसकारण बुद्धको वाक्यलाई श्रद्धा नगर्ने दुष्कर्ममा लाग्ने बाल जनहरूले दुःख पाउने हुन्छन् । मनुष्य जन्म अति दुर्लभ हुन्छ भन्ने मनमा लिई धेरै प्रकारका शिल्प विद्याहरू जान्ने कोशिश गरेमा गरीवीको दुःख पाउने छैन । परन्तु प्रव्रजित भई बुद्धशासनमा रहने व्यक्तिले पात्र चीवरमै सन्तुष्ट भएर बुद्धको शिक्षा लाभ गर्नु पर्छ । रात दिन सत्कर्ममा लागी पापकर्मलाई निन्दा गरी आपनो जीविका चलाउनु पर्छ । भोजन गर्दा पनि उचित मात्रामा सेवन गर्नु पर्छ । मीठो खाना लाभ भए पनि उचितमात्रा मात्र सेवन गर्नु पर्छ । यसरी स्वास्थ्यको नियमलाई पालना गरेर प्रिय वचनद्वारा सबैलाई संग्रह गर्नु पर्छ । दुःखीहरूलाई करूणा राखी हित गर्नु पर्छ । सके सम्म एकान्त जङ्गलमा वसी मैत्री करूणा, मुदिता, उपेक्षा भावना गर्ने मानिसलाई समाधिराजको ज्ञान चाँडै लाभ हुन्छ । अनि बुद्धत्व लाभ गरी बहुजन हित सुख गर्न सक्ने हुन्छ । त्यसकारण निरामिष यो गम्भीर धर्म क्षान्ति लाभ गर्न प्रयत्न गर्नु पर्छ ।

पुरप्रवेश परिवर्तः

अनि श्री भगवान्ले चन्द्रप्रभ कुमारभूतलाई सम्बोधन गरी यस्तो आज्ञा भयो– हे कुमार ! प्रतिपत्तिसार हुन्छु भन्ने शिक्षा संधै ग्रहण गर्नुपर्छ । किनभने प्रतिपत्तिसार भएका बोधिसत्वलाई सम्यक् सम्बोधि र समाधि पनि दुर्लभ हुंदैन । यति आज्ञा भएपछि हात जोडी चन्द्रप्रभले भगवानलाई यसरी विन्ती गरे- हे भगवन्! हजूरको आज्ञामुताविक शरीर र जीवनलाई पनि वास्ता नगरी प्रतिपत्तिसार हुन कोशिश गर्छौं । भोलि मेरो घरमा भिक्षुगण सहित भोजन गर्नुको निमित्त दया गर्नुहोस् । यस्तो विन्ती गरेको सुनेर भगवान् बुद्धले तुष्णीभावले स्वीकार गर्नु भयो । अनि भगवान्ले स्वीकार गर्नु भएको बुझी चन्द्रप्रभ कुमारले भगवान्को पाउमा विन्ती गरी राजगृहको आफ्नो घरमा गएर धेरै प्रणीत खादनीय भोजनीय वस्तुहरू तयार गर्न लगाए। बाटोमा पनि पानी छर्की ठाउँ ठाउँमा ध्वजा पताकाले सिंगारी श्रीखण्डका धूलोहरू र पुष्पहरू छरी आफ्नू घर सफा सुग्घर गरे । अनि भोलिपल्ट भगवान् बुद्ध कहाँ गई भोजन तयार भएको सूचना गरे पछि भगवान् बुद्धले चीवर लगाई भिक्षुगण सहित गृद्धकुटबाट राजगृहतिर लाग्नु भयो । त्यस बेला बाटोमा भगवान्को भारी स्वागत सत्कार भएको थियो । अनि भगवान्ले चन्द्रप्रभ कुमारको घरको ढोकामा चक्रले युक्त दाँया पाउ राख्ने वित्तिकै सो राजगृह नगरमा अनेक आश्चर्यपूर्ण ऋध्दिहरू देखिन थाले । भोकाएका तीर्खाएकाहरूको भोक र तीर्खा शान्त भए, रोगीहरूको रोग शान्त भए, अन्धोले पनि देख्न थाले, बहिरोले सुन्न थाले । प्रेतहरूले शान्ति लाभ गरे । देव मनुष्य सवैले नगर, निगम र बजारहरूमा तथा टोल टोलमा ठूलो स्वागत गरे । आकाशबाट पुष्प वृष्टि भयो। अकनिष्ठि भूवनदेखि चतुर्महाराजिक देवताहरू सबै स्वागत गर्न उपस्थित भए । भगवान्लाई श्रद्धा गौरव र प्रेमपूर्वक कसैले आफ्नो गहना, मोतिका माला आदिहरू पनि चढाएका थिए । चन्द्रप्रभ कुमारभूत कहाँ निमन्त्रणा गरे झैं हामीले

पनि भोलि पर्सि निमन्त्रणा गर्न पाए हुन्थ्यो भनी मनमा सबैले चिताउन थाले । त्यसबेला देवदेवता गरूड, किन्नर, यक्ष असुर आदि सबैले स्वागत गरेका थिए ।

सूत्र धारण परिवर्तः

अनि चन्द्रप्रभ कुमारको घरमा प्रवेश गरेर त्यहाँ विछ्याइएको आशनमा भगवान् बस्नु भयो । अनि भिक्षुसंघ पनि आ–आफ्नो उचित स्थानमा बसे । अनि मधुर प्रणित भोजनद्वारा संघ रहित भगवान् बुद्धलाई तृप्त गराएर हात धोइसके पछि अनमोलको दोशाल र चीवर प्रदान गरियो । अनि चन्द्रप्रभले हात जोडी पाउमा वन्दना गरी गाथाद्वारा भगवान्लाई यसरी प्रश्न गर्नु भयो –हे भगवन् ! बोधिसत्वले पदार्थहरूको स्वभाव कसरी जान्न सकिएला ? बोधिसत्व चर्या कसरी पालना गर्नुपर्छ? हे नायक! के गरेमा जातिस्मरण होला ? कसो गरेमा गर्भवासको दुःखबाट मुक्त होला ? कसो गरे परिवारहरू मिलेर बस्न सकिएला ? के गरे प्रतिभावान् होला ? इत्यादि प्रश्नहरू गरे । अनि श्री भगवान् बुद्धले चन्द्रप्रभ कुमार भूतको मनसाय बमोजिम यस्तो आज्ञा भयो–हे कुमार! एउटै नियम पालना गर्ने बोधिसत्वले तिमीले चाहे जति सबै गुण पाउन सक्छ । तथा चाँडै नै बुद्धत्व पनि लाभ गर्ने हुन्छ । हे कुमार ! जुन बोधिसत्वले सबै धर्म (वस्तु)हरूको नाम हुंदैन । नाम नभएका यी वस्तुहरू वचनले व्यक्त नहुने, अक्षरद्वारा स्पष्ट नहुने, उत्पन्न पनि नभएका, निरोध पनि नभएका हुन्छन् भनेर जान्नु पर्छ । त्यसकारण सबै वस्तु अचिन्त्य हुन्छन् भनेर जान्नें हुन्छ । अनि यही कुरा गाथाद्वारा यसरी आज्ञा भयो–सबै बस्तुहरूको लक्षण हुदैन भनेर जान्नु नै यथाभूत ज्ञान गर्नु हो । किनभने कुनै वस्तुलाई एक कोटी सूत्रद्वारा बयान गरिए पनि त्यो बस्तुको वर्णन सिद्धिदैन । त्यसकारण सबै वस्तु भूतकोटी (निर्वाण) सरह हुन्छ भन्न सक्नु पर्छ । यो ज्ञान लाभ गरेर पनि जसलाई अभिमान हुंदैन । त्यो

व्यक्तिले "अनामकाः सर्व धर्माः" अर्थात् सबै वस्तुहरूको नाउं हुंदैन भनी शिक्षा लिनु पर्छ। जो व्यक्ति मुखबाट निस्केको आवाजको भरमा हिंड्दैन, सो व्यक्तिले गर्भबासको दुःख भोग्नु नपर्ने हुन्छ। संपूर्ण वस्तु उत्पन्न भएको पनि होइन जन्मेको पनि होइन भन्ने ज्ञान भएपछि जातिस्मरण हुने हुन्छ। जातिस्मरण भएका व्यक्तिहरूको परिवारमा कलह हुंदैन। यसरी सबै वस्तुहरू शून्य हुन् भन्ने जाने पछि यो संसार चक्रमा घुम्नु नपर्ने हुन्छ, दुर्गतिमा जानु नपर्ने हुन्छ। अनि उसको दुःख निरोध हुन्छ। विभिन्न प्रकारका वस्तुहरूको जुन नाउंहरू छन् ती सबै कल्पना मात्र हुन् भनी संज्ञामा भूल्दैनन्। यसरी भावना गर्दा उनको शून्यता ज्ञान निर्मल हुन्छ। अनि जातिस्मरण हुने, फेरि जन्मलिन नपर्ने आदि सबै ज्ञान शून्यतावाट नै लाभ हुने कुरो आज्ञा भयो। अनि आफूले सुखावती भूवनमा अमितायु तथागतको ज्ञान लाभ गरेको र अभिरति भूमिमा अक्षोभ्य बुद्धको ज्ञान लाभ गरेको कुरा पनि आज्ञा भयो। अनि चन्द्रप्रभलाई सम्बोधन गरी म पछि यो समाधिराज सूत्रलाई धारणा गर्नु अति उत्तम छ भनी आज्ञा भयो।

समाध्यनु शिक्षा परिवर्तः

अनि चन्द्रप्रभ कुमार भूतलाई सम्बोधन गरी धर्म(वस्तु)को स्वभाव जान्ने व्यक्तिलाई धेरै गुण लाभ हुन्छ अर्थात् तथागतमा जुन गुणहरू छन् त्यसको यथार्थ रूपले वर्णन गर्न सक्ने हुन्छ। तथागतमा जुन धर्मता छ त्यो धर्मता अचिन्त्य हुन्छ। त्यस्तै बुद्ध गुण पनि अचिन्त्य हुन्छ। किनभने हाम्रो चित्त निःस्वभाव र रूप नभएको देखाउन नसकिने हुन्छ। चित्तको यस्तो स्वभाव हुनाले बुद्ध गुण पनि यस्तै निःस्वभाव अरूप्य अनिर्दर्शन स्वभावका हुन्छन्। यसरी कुरा सबै वस्तुहरूमा पनि हुन्छ। यस्तो रहस्य जानी जानेर बुद्धको प्रशंसा गर्ने मानिस यथार्थदर्शी, अनितथाबादी, यथावादी तथाकारी हुने हुन्छ। यसकारण यस्तै प्रकारका अरू पनि गुणहरू लाभ हुने हुन्छ। यसरी निःस्वभाक्ताको

वर्णन गर्दा धेरै देवमनुष्यहरूले धर्मविपश्यना क्षान्ति लाभ गरे तथा धेरैले सम्यक् सम्बोधि लाभ पनि गर्न इच्छा गरे। यही कुरो गाथाद्वारा पनि प्रशंसा गर्नु भयो। त्यसकारण हे कुमारभूत ! यी उपर्युक्त कुराहरू जानेर म ज्ञाता हुं भन्ने भावलाई छोडेर बहुजनहित गर्न धर्मदान गर्नुपर्छ। यसो गर्‍यो भने सबै गुणले युक्त भएको बुद्धत्व चाँडै लाभ हुन्छ।

समाधिनिर्देश परिवर्तः

भगवान् बुद्धले चन्द्रप्रभ कुमारभूतलाई फेरि यस्तो आज्ञा भयो– हे कुमार ! सम्यक् सम्बोधि लाभ गर्न चाहने व्यक्तिले समाधि निर्देशकुशल हुनुपर्छ। अर्थात् सर्वधर्मसमता ज्ञान गर्नु पर्छ। कल्पना छोड्नु पर्छ, सबै वस्तुहरू साना साना कणहरू मिलेर बनेका हुन्छन्। ती कणहरू पनि पछि गएर उपलब्ध नहुने हुन्छ। यसैलाई समाधि भनिन्छ। शब्दले वस्तुलाई बोध गरिदिए पनि शब्द कुनै वस्तु होइन। प्रतिध्वनि, आकाश समान नै हुन्छ। यसै गरी सबै वस्तुहरू पनि शून्य हुन् भन्ने भावना गर्नु असल हुन्छ। यस्तो समाधि निर्देशमा लागेको बोधिसत्वमा चित्त भ्रान्ति उत्पन्न हुंदैन महाकरूणाले युक्त भएको हुन्छ। अप्रमेय प्राणीहरूलाई हित गर्न सक्ने हुन्छ। यस्तो आज्ञा भइसकेपछि यही कुरा गाथाद्वारा पनि वर्णन गर्नु भयो। बोधिज्ञान गर्न चाहनेले कल्पना एवं तर्क वितर्क छोड्नु पर्छ समथ विपश्यनालाई बढाउनु पर्छ। यस्तो समाधि निर्देशमा लागेका व्यक्तिलाई अग्निले पनि पोल्दैन। उसको ऋद्धिबलले आकाशमा पनि उड्न सक्ने हुन्छ। जाति भयो, च्युति भयो भन्ने कल्पना छोड्ने व्यक्तिलाई समाधि दुर्लभ हुंदैन। कुनै वस्तुमा आशक्त नहुनु धर्मधातुमय बन्नु नै यो समाधि निर्देशको उद्देश्य हो। अनि उसले अनेक बोधिसत्वहरू निर्माण गरी अनेक बुद्धक्षेत्रहरूमा पठाई उद्धार गर्न सक्ने हुन्छ। यस्तो सर्वधर्म स्वभावताको शिक्षा पाएर नै सबै बुद्धहरूले पारमितापूर्ण गरेका हुन् भनी आज्ञा भयो।

स्मितसंदर्शन परिवर्तः

अनि चन्द्रप्रभ कुमार भूतले हात जोडी श्री भगवान्लाई यस्तो विन्ती गरे– हजूरले सर्वधर्म स्वभावसमताको उपदेश हाम्रो निमित्त सुभाषित नै हुन् । हे भगवान् ! मलाई यस्तो लाछ । उनको यस्तो कुरा सुनी भगवान्ले फेरि यस्तो आज्ञा भयो–तिम्रो मनमा लागेको कुरा असल हो । यस्तै गरी अरू कुरा पनि तिमीले बुझ्न सकोस् । तिमीलाई भन्न मन लागेको कुरा पनि भन । भगवान्को यस्तो आज्ञा सुनी चन्द्रप्रभ कुमारले भगवान्को यसरो स्तुति गरे– दुःख पाएका प्राणीहरूलाई उद्धार गर्ने हजूरले "बुद्धोभवेयम् जगतो हिताय" भन्ने प्रणिधान गर्नु भयो । हजूरले दान पारमिता पूर्ण गरी शील, क्षान्ति, विर्य ध्यान प्रज्ञा आदि पनि पूरा गरी हात खुट्टा, धन धान्य पुत्र दार आदि पनि त्याग गर्नु भयो । यस्तो हजूरलाई मेरो नमस्कार छ । आफ्नू शरीरलाई टुक्रा टुक्रा पारी दान दिई मैत्री भावना गरी क्षान्ति पारमिता पूर्ण हजूरलाई मेरो नमस्कार छ । यसरी स्तुति गरी हे भगवन् ! हजूर शाक्य सिंहले जस्तै मैले पनि जगत हित गर्न बुद्ध हुन सकूं भनी विन्ती गर्नु भयो । यस्तो स्तुति गरेको सुनी श्री भगवान् मुस्कुराउनु भयो । अनि भगवान यसरी मुस्कुराउनु भएको देखेर मैत्रेय वोधिसत्वले हे हजूर ! यसरी मुस्कुराउनुको कारण के हो सुन्न पाउँ भनी विन्ती गरे ।

स्मित व्याकरण परिवर्तः

अनि श्री भगवान्ले मैत्रेय बोधिसत्वलाई गाथाद्वारा यसरी आज्ञा भयो– हे मैत्रेय यो चन्द्रप्रभले बुद्धलाई स्तुति गरेर असाधारण प्रीति सुख प्राप्त गरे । सो प्रीति सुख अनन्त काल सम्म प्रशंसनीय हुनेछ । हे मैत्रेय यही राजगृहमा धेरै बुध्दहरूलाई यो शान्त समाधिको विषयमा चन्द्रप्रभले प्रश्न सोधेका थिए । त्यस वेला पनि चन्द्रप्रभको प्रतिभा, शील अतिप्रशंसनीय थियो । यो

चन्द्रप्रभले पछि अत्यन्त भयंकर समयमा पनि यो समाधिको व्याख्या गर्ने छ । यसको साक्षी हे मैत्रेय ! तिमी नै हुने छौ । यो समाधिलाई चन्द्रप्रभले शुध्द आचरणद्वारा प्रचार गर्दा जीवनको पनि वास्ता गर्ने छैन । उनले धेरै बुध्दहरूको दर्शन पाउंने छ । यसको प्रभावले उसलाई देव, नाग, यक्षहरूले पूजा गर्नेछन् । अन्तमा यो चन्द्रप्रभ बोधिसत्व विलमप्रभ तथागत हुनेछ । भगवान्को यस्तो व्याकरण सुनी चन्द्रप्रभ कुमार प्रीतिप्रामोद्यले व्याप्त हुनु भयो र आकाशमा उडी बुध्दको स्तुति गर्न थाले । हजूरले विमुक्ति ज्ञानको उपदेश गर्नु हुन्छ, परप्रवादीहरूले दवाउन नसकिने हुनु हुन्छ। हजूर कुनै वस्तुमा आशक्त हुनु हुन्न ।

पूर्वयान परिवर्तः

अनि भगवान्ले यस्तो आज्ञा भयो– सिहध्वज तथागतको पालामा ब्रम्हदत्त नाम भएको धर्मभानक थियो । त्यसवेला म मति नाम भएको राजकुमार थिएं । अनि म सिकिस्त भएको बेलामा एक यस पाँच जना बैद्यहरूले हेर विचार गरी औषधि गर्दा पनि रोग शान्त भएन । त्यसो हुंदा मेरा वन्धुहरू सबै दुःखित भए । यो खवर ब्रम्हदत्त धर्मभानक भिक्षुले सुनी मेरो सामुन्ने आएर तिमीलाई के भयो भनी कृपापूर्वक सोध्नु भयो । अनि धर्मभानकले राजपुत्रलाई समाधिराज सूत्रको उपदेश दिनु भयो । त्यस बेला मलाई प्रीतिप्रामोद्य सुख उत्पन्न भयो । साथै धर्मस्वभाव ज्ञान पनि प्राप्त भयो, रोग पनि कम भयो । उक्त दिन चारिका गर्दै आउनु भएको धर्मभानक अरू कोही थिएन वहाँ त दीपंकर बुद्ध नै हुनु हुन्थ्यो । मतिराज पुत्र भएको वेलामा सुनेको प्रत्यक्ष गुण भएको यो समाधिराज सूत्रलाई मैले पूर्णरूपले सम्झेको छु। तिमीहरूले पनि यो समाधिराजलाई धारणा गर पाठ गर्ने गर । भविष्यमा लोभी, असंयत, पापेच्छु, ईर्ष्यालु, व्यक्तिहरूले यो समाधिराजलाई धेरै निन्दा गर्ने छन् । भविष्यमा

भिक्षुहरूले पनि नाच गानमा लागि परस्त्रीमा आशक्त भई गाउँ गाउँमा राष्ट्र राष्ट्रमा डुल्दै हिड्ने छन् । खानपानको परवाह नगरी क्रय विक्रय गर्दै नाच गानमा लागी लाज छोडी हिंड्ने छन् र सदा त्याग गर्ने छन् । धन सम्पति गृह त्याग गरेर प्रव्रजित भएकाहरूले पनि पाप कर्म गर्ने छन् । धन धान्य आदि संचय गरी शिक्षा छोडी मृषावादी भई ब्रम्हचर्य पालन नगरी दुःशील हुने छन् । त्यतिमात्र होइन परस्परमा झगडा गरी क्षान्ति बल गुमाई अनाचारी भई हिंड्ने छन् । त्यस्तो दुःशील व्यक्तिहरू भएको वेलामा महायानको निन्दा हुनेछ, शून्यता सिद्धान्तदेखि मानिसहरू तर्सने छन् । मानिसहरू मानले मत्त हुनेछन् । काय, वाक्, चित्त सबै असंयत हुनेछन् । त्यस्तो स्थितिमा पनि यो समाधिराजसूत्रको गुण जानेर शब्दमा मात्र न अलमली ग्रन्थको भावार्थमा लागेमा वोधि दुर्लभ हुंदैन ।

बहुबुद्धनिरहार समाधि परिवर्तः

अनि भगवान् बुद्धले त्यो धर्मसभालाई धर्मकथाद्वारा प्रेरित गरी आशनबाट उठी गृधकूट पर्वततिर लाग्नु भयो । त्यहाँ गृधकूटमा भिक्षुसंघ र धेरै देवमनुष्यहरू जम्मा भइरहेका थिए ! त्यस वेला चन्द्रप्रभ कुमार पनि धेरै नगर वासीहरूको साथमा भगवान्‌को पछि पछि त्यहाँ आइपुगेको थियो र भगवानको पाउमा वन्दना गरी एक छेउमा बसेका थिए । अनि चन्द्रप्रभ कुमारले भगवान्‌संग यस्तो विन्ती गरे–हे भगवन्! बोधिसत्वहरूले के गरेमा सर्वधर्म स्वभाव समताबिपंचित समाधि लाभ गर्न सक्ला ? भगवानले अनि यस्तो आज्ञा भयो– हे चन्द्रप्रभ ! चित्तलाई शान्त, दान्त पारी अरूले हप्काए पनि गाली गरे पनि अर्काको दुर्वचनलाई सहन सक्ने व्यक्तिले मात्र यो समाधि लाभ गर्न सक्छ । फेरि हे कुमार ! विशुद्ध शील भएको अखण्ड, अच्छिद्र, अशबल, अकष्मष, अच्युत, अनाबिल, अगर्हित आदि शीलले युक्त भएको तथा विशेष गरेर अनुपलम्भ शील पालना गरेको व्यक्तिले पनि यो समाधि लाभ गर्न सक्ने हुन्छ ।

संसारदेखि तर्सेका संसारदेखि वाक्क लागेका संसारबाट मुक्त हुने इच्छा भएको कुनै वस्तुको इच्छा नगर्ने कुनै वस्तुमा आशक्ति नहुने तथा सबै प्राणीहरूलाई उद्धार गर्छु भन्ने प्रणिधान भएको व्यक्तिले पनि यो समाधि लाभ गर्न सक्ने हुन्छ। फेरि हे कुमार! श्रद्धालु धर्मको कुरा सुन्न न अघाउने, वहुश्रुत ज्ञानवान् धर्मलाई गौरव मान्ने, धर्मलाई चाहना गर्ने, लाभ सत्कारमा नलाग्ने, ज्ञानलाई गौरव गर्ने, आफूले जानेको धर्म अरूलाई विस्तारपूर्वक गर्ने तर जान्ने भनाउने इच्छा नगर्ने यस्ता व्यक्तिले पनि यो समाधि लाभ गर्न सक्छ । यसरी चार प्रकारको उपर्युक्त गुणहरूले युक्त भएका व्यक्तिले सर्वधर्मस्वभावसमताविपंचित समाधि लाभ गर्ने हुन्छ । यो समाधि धेरै बुद्धहरूले देशना गरी, प्रचार गरी सबैलाई परिचय दिएर आइरहेको समाधि हो । यो समाधि तिमीहरूले पनि विस्तृतरूपले कण्ठ गरी सोधी सोधी धारणा गर, पाठ गर । अरणा भावना गरी अरूलाई पनि यो समाधिराज सूत्र प्रकाश गर्रे गर । यही कुरा श्री भगवान् बुद्धले गाथाद्वारा पनि यसरी आज्ञा भयो– परापूर्वकालमा स्वरांगघोष नामको तथागत हुनुहुन्थ्यो । वहाँको आयु ६ हजार वर्ष थियो । त्यस पछि ज्ञानेश्वर तथागत हुनु भयो वहाँको आयु बीश हजार वर्ष थियो । त्यस पछि तेजेश्वर नामको तथागत हुनु भयो वहाँको आयु ७६ हजार वर्ष थियो । त्यसपछि मतीश्वर, अग्नीश्वर, ब्रम्हानन, गणेश्वर, घोषेश्वर, घोषानन, चन्द्रानन, सूर्यानन, ब्रह्माश्रव आदि तथागतहरू उत्पन्न भए । अनि अनन्तघोष, विघुष्ट घोष, विघुष्ट तेज, विघुष्टस्वर, अर्चीश्वर, स्वराङ्गशूर, स्वराङ्गशब्द, ज्ञानवल, ज्ञानविशेष, ज्ञानाभिभू, ज्ञानसमुद्‌गत, ज्ञानार्चिमान आदि धेरै धेरै बुद्धहरू उत्पन्न भए । यसरी यी सबै बुद्धहरूले आ-आफ्नो छोरा छोरी सबै त्याग गरी बुद्धत्व लाभ गरेका थिए । काम सुख गर्न पाप गर्न त्याग गरेका होइनन् । यही कारणले गर्दा ती सबै बुद्धहरूले यो समाधिलाई प्रशंसा गरेर व्याख्या गर्नु भएको थियो ।

अन्तमा अर्थात् यी उपर्युक्त बुद्धहरूको सवभन्दा पछि नरेन्द्रघोष नामको बुद्ध उत्पन्न भए। वहाँले पनि धेरै वोधिसत्व र श्रावकहरूलाई धर्मदान गरी समाधिराज सूत्र व्याख्यान गर्नु भयो। वहाँको सद्धर्म सुन्न श्री वल नामको राजा आफ्नो पाँच सय छोराहरू सहित त्यहाँ उपस्थित भएका थिए। वहाँको सद्धर्म सुनी राज्य त्याग गरी प्रव्रजित पनि भए। सो श्री वल राजा भिक्षु भएर आठ वर्ष सम्म चंक्रमण गर्दा गर्दै परलोक भयो र दृढवल र महामति भन्ने आमा वाबुको काखमा उपपादुक सत्व भई जन्मे। यसरी जन्मने वित्तिकै सो वालकले यस्तो प्रश्न गरे– यो संसारमा शान्त समाधिको देशना गर्ने लोकनाथ कहाँ हुनु हुन्छ ? तथा सर्वधर्मस्वभावको ज्ञान दिने तथागत कहाँ हुनु हुन्छ होला ? इत्यादि बुद्धमा हुनु पर्ने विभिन्न गुणहरूको वारे प्रश्न गरे साथै बुद्धको अनुशासनमा दरिद्रलाई धनी वनाउन सकूं, दुःखीलाई दया गर्न सकूं, सबैलाई हित गर्न सकूं भन्ने उपदेश छन् भनी वर्णन गरे।

यसरी सो उपपादुक वालकको गाथा मात्र सुनेर पनि त्यस वेला कयौंले धर्मक्षान्ति लाभ गरेका थिए। अनि उनका पिता दृढवलले आफ्नो छोरालाई बाबु तिमीले यो समाधिको विषयमा कसरी जान्यौ भनी प्रश्न गरेपछि सो बालकले यसो भने– हे महाराज ! मैले कोटान कोटी बुद्धहरूको दर्शन पाएको छु। कल्प कल्पसम्म ती सवै बुद्धहरूलाई गौरव सत्कार गरी समाधिका कुराहरू सुनेको छु। जसको प्रभावले मलाई कल्पान् कल्प कोटीका जाति स्मरण हुन्छ। यही समाधिको प्रभावले म कहिल्यै गर्भमा जन्मनु परेन। मैले स्वप्नामा पनि लोकनाथहरू उपर शंका गरिन। अनि कसैसंग झगडा विवाद पनि गरिन। म आफ्नो कर्मको फल अवश्य भोग्नु पर्छ भन्ने विश्वास गर्छु। बुद्धले बताएका क्षान्ति, शील, ब्रह्म चर्यपालना गरी बोधिचित्त उत्पन्न गर्दछु। धेरै कल्प पहिले स्वराङ्गघोष नामको बुद्ध हुनु हुन्थ्यो। वहाँको सामु क्षान्ति वल लाभ होस् भनी प्रार्थना गरेको

पनि म संझन्छु । सो क्षान्ति बलको प्रभावले मारहरूले जति दुःख दिए पनि मेरो चित्त क्षुब्ध भएन । मेरो क्षान्ति र मैत्रीको बलले तथा त्यागको वलले दुर्भिक्षको समयमा पनि मैले धेरै दान गरी उद्धार गरेर आएको छु । सोही पुण्यले मलाई धेरै उपकार गरेको छ । यो कुरा अरूले पनि सिक्नु पर्छ ।

अनि सो कुमारको साथमा दृढवल राजाका सबै परिवारहरू नरेन्द्रघोष तथागतको सामु गए । अनि वन्दना गरी एकछेउमा वसेका ती राजा र राजकुमारको समाधिराज सूत्रको व्याख्यान सुन्ने अभिप्राय बुझी भगवान्ले धर्मदेशना गर्नु भयो । वहाँको उपदेश सुनी दृढवल राजा प्रव्रजित भयो र साठ्ठी हजार कल्पपछि पद्मोत्तर नामको तथागत हुनु भयो । राजाको पछि लागेका राजपरिवारले पनि प्रव्रजित भई समाधिराज सूत्र धारणा गरेका थिए । ती सबै परिवारहरू पछि गएर अनन्त ज्ञानोत्तर नामका गंगा वालुक समान बुद्धहरू भए । त्यसबेलाका श्री बल राजा मैं हुं, मेरा पाँचसय छोराहरू यी प्रव्रजित भएका भिक्षुहरू नै हुन् । यसरी मैले यो समाधिराज सूत्रलाई धारणा गर्दै आएको छु । हे कुमार ! चाँडै बोधिज्ञान लाभ गर्न इच्छा भएका बोधिसत्वहरूले जीवनलाई परवाह नगरी समाधिराज सूत्रमा वताएका शिक्षाहरू सिक्नुपर्छ भनी आज्ञा भयो ।

समाध्यनु परिन्दन परिवर्तः

भगवान् बुद्धले चन्द्रप्रभ कुमारलाई सम्बोधन गरी फेरि आज्ञा भयो– जसले यो समाधिराज सूत्र धारणा गर्छ पढ्छ, अध्ययन गर्छ तथा विस्तारपूर्वक देशना गर्छ त्यसले यो समाधिराजको भावनामा लाग्नु पर्छ । यस्तो गर्ने व्यक्तिलाई चार प्रकारको गुण लाभ हुन्छ अर्थात् मारले दवाउन नसक्ने विरोधीहरूले दवाउन नसक्ने अप्रमेय ज्ञानले युक्त हुन्छ । अनन्त प्रतिभाले युक्त हुन्छ । यी चार गुणलाई बोधिसत्वहरूले चाहना गर्नु पर्छ । यही कुरा भगवान् बुद्धले गाथाद्वारा पनि आज्ञा भयो । यति मात्र होइन

हे चन्द्रप्रभ! सो बोधिसत्वको स्मृतिबल धारणी बल, प्रज्ञावल पनि लाभ हुन्छ । उत्तम चीवर भोजन पनि लाभ हुन्छ । बुद्धहरूको दर्शन पाउने र समाधिमा विघ्न नआउने हुन्छ । बुद्धले उपदेश दिनु भएका सयौं गाथाहरू पनि सुन्ने वित्तिकै संझन सक्ने हुन्छ । साथै दीन दरिद्र दुःखी हुनु नपर्ने हुन्छ । यस्तो गुण सुनेर चन्द्रप्रभ ले हात जोडी भगवान्को सामुन्ने यस्तो उदान भन्नुभयो–लोकनाथ हजूरले समाधिको यो प्रशंसा सुनाउनु भयो । भविष्यमा यो समाधि राज सूत्रलाई कसले सुन्ला ? यस्तो वचन सुनी भगवानले फेरि यस्तो आज्ञा भयो–हे कुमार! जसले बृद्धज्ञानको खोजी गर्छ; जसको चित्तमा मैत्रीभाव छ त्यसले यो सूत्र श्रद्धापूर्वक सुन्नेछ । यसरी सद्धर्म सुन्ने व्यक्तिको लक्षणहरू वताई सकेपछि सद्धर्म नसुन्नेहरूको लक्षण पनि आज्ञा भयो– अर्थात् परस्त्रीमा लाग्ने दुःशील, बुद्धधर्मको ज्ञान प्राप्त गर्न इच्छा नहुने आत्म दृष्टि नछोड्ने आदि व्यक्तिहरूले यो सव्दर्मलाई नाश गर्नेछन्, प्रकाश गर्न दिने छैन । यस्तो आज्ञा भएको सुनी चन्द्रप्रभ कुमारभूतले रूदै यस्तो विन्ती गरे– हे भगवन् ! भविष्यमा मैले ज्यू ज्यान अर्पण गरी यो सध्दर्म प्रकाश गर्नेछु । वालजनले गाली गरे पनि मैले सहेर वस्नेछु । वोधिसत्वहरू उपर मैले व्यापाद चित्त उत्पन्न गर्नेछैन । तीनै कालका बुध्दहरूलाई वन्दना गर्नेछु । अनि मंजुघोष तथागतले आफ्नो सुवर्ण वर्णको हात चन्द्रप्रभको शिरमा राखी यस्तो अधिष्ठान गरे–हे कुमार! भविष्यमा तिम्रो ब्रह्मचर्य र जीवनमा अन्तराय नआवस् । तथागतको यस्तो वचन सुनी अरू पनि आठ शय धर्मधारकहरू आशनवाट उठी भगवान् कहाँ गई विन्ती गरे– हामीले पनि भविष्यमा यो समाधिराज सूत्र धारणा गर्नेछौं-प्रकाश गर्नेछौं । यति भन्नासाथ सबै बुध्दक्षेत्रहरू कम्पित भए । निर्मित बुध्दहरू पनि लोकनाथले त्यहाँ पठाए । यसरी त्यस बेला असंख्य प्राणीहरूले बोधिचित्त उत्पन्न गरे तथा यो समाधिराज सूत्रको उपदेश सुने । अनि भगवान् बुध्दले यस्तो आज्ञा भयो- भविष्यमा तिमीहरू सवैले मैत्रेय बुध्दको पूजा गरी वहाँको

मुखारविन्दबाट समाधिराज सूत्रको व्याख्यान सुन्नेछौं र सुखावती भूमिमा अमिताभ तथागतको शरणमा छानेछौं । मैले आफूले ठूलो दुःख गरी लाभ गरेको सध्दर्म तिमीहरूलाई सुम्पेको छु भनी अन्तमा आज्ञा भयो ।

अचिन्त्य बुद्ध धर्म निर्देश परिवर्तः

हे कुमार भूत ! वोधिसत्वले यो समाधिलाई प्राप्त गर्नु भन्दा पहिले अचिन्त्य वुध्दधर्म निर्देश कुशल, प्रश्न कुशल, अधिमुक्ति कुशल, पर्येषणा कुशल पनि हुनुपर्छ। अचिन्त्य बुध्दधर्मलाई सुन्दा त्रास मान्नु हुंदैन, आश्चर्य मान्नु हुंदैन । यस्तो वचन सुनी महामतिले भगवान् समक्ष यस्तो विन्ती गरे– हे भगवन् के गरे अचिन्त्य बुध्दधर्मको निर्देश कुशल, परिपृच्छा कुशल, अधिमुक्ति कुशल, पर्येषणा कुशल हुन सकिएला ? यस्तो प्रश्न गरिरहेकै बेलामा पंचशील नामको गन्धर्वपुत्र पाँचसय साथीहरूसंग तूर्यवाजा लिई वीणा बजाउंदै भगवान् बुध्दको पूजा गर्न आई पुगे । अनि गन्धर्बहरूले भगवान्को अगाडि वीणा वजाई एउटै स्वरमा संगीति गर्न लागे । अनि भगवान्ले ऋध्दिको वलले त्यो वाजाको शव्दवाट चन्द्रप्रभलाई अचिन्त्य बुध्द धर्मको ज्ञान र सर्वधर्मस्वभाव समताविपंचिता समाधि स्थिर गरिदिनु भयो । त्यसबेला तूर्यबाजावाट यस्तो गाथा निस्केको भान पनि हुन थाले –''एक हि वालपठे वहु बुध्दा'' अर्थात् एउटै रोमकूपमा पनि गंगा नदी वालुका समान बुद्धहरू हुन्छन् त्यति नै भिन्ना भिन्नै बुध्दक्षेत्रहरू हुन्छन् । ती बुध्दक्षेत्रहरूमा पंचगति संसारमा घुमिरहेका देवलोक, मनुष्य, यसलोक, तिर्यग गति निरय् गति, प्रेतगतिमा रहेका प्राणीहरू हुन सक्छन् । तर तिनीहरूलाई यो रोमकूपमा स्थान भावको संकट हुंदैन । सो रोमकूपमा समुद्र, नदी, पर्वत, नागराजाहरू, विन्ध्याचल, गृघकूट हिमालयहरू पनि हुन्छन् । तर पनि त्यो रोमकूप साँघुरो हुंदैन । त्यहाँ बुध्दहरू उत्पन्न भई प्रकाशमान भएको हुन्छ । तर ज्ञान नभएका व्यक्ति-

हरूले तथा चर्याविशुद्ध नभएकाहरूले यस्तो कुराहरू देख्न सक्दैन र पत्याउंदैनन् । त्यही रोमकूपमा तथागतहरूले धर्मदेशना गरेको र निर्वाण गरेको पनि देखिन्छ तर साधारण व्यक्तिले यो कुराहरू देख्न सक्दैन इत्यादि अचिन्त्यबुद्धधर्म निर्देश विषयको गाथाहरू त्यो वीणा तूर्यवाजाबाट निस्कन थाले । अनि यस्तो शून्यताले युक्त क्लेशावरणलाई हटाउने, आशवित छुटाउने, मान अभिमान शान्त गर्ने गाथाहरू त्यो तूर्यवाजावाट निस्केको सुनेर चन्द्रप्रभ कुमारले अचिन्त्यबुद्धधर्मको गम्भीरताको निर्देश कुशल लाभ गरे । त्यहाँ उपस्थित पंचशीख गन्धर्व पुत्र तथा अरू देवमनुष्यहरूले पनि क्रमशः धर्म क्षान्ति लाभ गरे, वोधिचित्त उत्पन्न गरे ।

ईन्द्रकेतुध्वजराज परिवर्तः

अनि गभवान् बुद्धले चन्द्रप्रभ कुमारभूतलाई यस्तो आज्ञा भयो- हे कुमार ! सबै कुशलमूलहरूको शिक्षा गुण स्वभावको आश्रय लिनु पर्छ । धेरै व्यक्तिहरूको संगत छोडी पापमित्रहरूदेखि अलग रही कल्याणमित्रहरूको मद्दत लिई सध्दर्मको प्रदन गर्दै धर्मको चर्चा गर्नुमा अतृप्त भई, हर्षले युक्त भई, धर्मलाई जान्ने कोशिश गर्नु पर्छ । धर्मको उपदेश दिनेलाई बुध्द नै सम्झनु पर्छ । यो समाधिराजलाई वर्णन गर्ने व्यक्तिलाई गौरव गर्नु पर्छ । यसो गरेमा त्यो व्यक्तिले चाँडै प्रभावशाली बनी अचिन्त्य बुध्दधर्ममा विश्वास गर्नेछ र बुध्दधर्मको गम्भीरतामा पनि ध्यान जानेछ । साथै अरू व्यक्तिहरूको शंका पनि हटाउन सक्ने छ । यति आज्ञा भइसके पछि भगवानले गाथाद्वारा फेरि यस्तो आज्ञा भयो- धेरै कल्प पहिले अचिन्त्य बुध्द धर्मले युक्त ईन्द्रकेतुध्वजराज तथागत उत्पन्न हुनु भयो । वहाँले यही समाधिराज व्याख्यान गर्नु हुंदा सत्व, जीव, पुद्गल भन्ने व्यक्ति छैन; यिनीहरू केवल माया, मरीचि समान हुन् । तथापि व्यक्तिले गरेको पाप पुण्यको फल नाश हुंदैन भोग्नै पर्ने हुन्छ भनी सूक्ष्म एवं गम्भीर धर्मको वर्णन गर्दै समाधिराजको ब्याख्या गरे । अनि वहाँले यो धर्मधारणा गर्ने व्यक्तिलाई रोगले छुन सक्दैन, देवताहरूले पनि सन्मान

गरिने हुन्छ, बुध्दले वर्णन गरेको शील धारणा गरी कुनै वस्तुको आशक्ति छोडी दान, शील, ध्यान आदि पारमिता पूर्ण गरी ब्रम्हचर्य पालना गर्ने हुन्छ । यस्तो धर्म व्याख्यान गर्ने धर्मभानकलाई पनि सबै बुध्दज्ञान लाभ हुन्छ ।

पूर्वयोग परिवर्तः

परापूर्वकालमा जम्बुद्वीपमा एउटा श्रेष्ठीको दुई वटा छोराहरू थिए । ती दुवै छोराहरू बुध्दशासनमा प्रव्रजित भई वनमा गई ध्यान भावना गरी ऋध्दिमान भए । उनीहरू आकाशमा पनि उड्न सक्थे । एक दिन सोही जङ्गलमा एउटा राजा शिकार खेल्दै आइपुगे । राजाले ती दुई धर्मभानकलाई देखेर ठूलो प्रेमपूर्वक श्रध्दा गरे । अनि तिनीहरूसंगै भलाकुशल गरी आफ्ना धेरै सैन्यहरूको साथै त्यहाँ बसी ती धर्मभानकहरूको कुरा सुन्न थाले । अनि एक जना धर्मभानकले राजालाई यस्तो विन्ती गरे– हे महाराज ! बुध्दको उत्पत्ति अति दुर्लभ हुन्छ । हजूरले प्रमाद छोड्नु होस् । प्हाडको झर्ना झैं अति वेगले हाम्रो आयु बगिरहेको छ रोग व्याधिल पनि दुःख दिने हुन्छ । त्यस वेला हामीलाई रक्षा गर्ने कोही हुदैन । त्यसकारण हे महाराज ! बुद्ध शासनलाई रक्षा गर्नु होस् भनी धेरै उपदेश दिए । यस्तो महत्वपूर्ण धर्मका कुरा सुनी राजाले भिक्षुहरूलाई वन्दना गरी प्रशन्न भई घर फर्के । अनि ती दुई भिक्षुहरूलाई राजाले सन्मान गरेको थाहा पाई लाभ सत्कार चाहने अरू भिक्षुहरूले राजा कहाँ गई उनीहरूको बारे असत्य कुरा प्रचार गरे । साथै स्कन्ध छैन, कर्मको फल छैन भनी प्रचार गर्ने यिनीहरूलाई प्राण दण्ड दिनु पर्छ भनी चुक्ली गरे । राजाले पनि यिनीहरूलाई मार्नै पर्छ मारेन भने अनर्थ हुन्छ भन्ने सम्झन थाले । त्यही वेला राजाको हित चाहने देवताहरूले राजालाई यस्तो अर्ति दिए– हे महाराज ! सद्धर्म चित्त उत्पन्न गर्नु होस्, पापमित्रहरूको कुरा नसुन्नु होस् । यी दुई धर्मभानकहरूलाई मार्नु हुंदैन ।

तर आफ्नो चारै तिर वस्ने अरू मानिसहरूले आकाशमा हिंड्न सक्ने कुविद्या जान्ने यिनीहरूलाई मार्नै पर्छ भनेको सुनी राजा द्विविधामा पर्नु भयो र उनीहरू वसेको जङ्गलमा फौजले घेर्न लगाए । यसरी घोर अत्याचार गर्न लागेकोले त्यहाँ जंगलमा रहेका नाग यक्षहरूले राजा तथा सारा सेनालाई ढुङ्गा मुढाले हानी मारे । यसरो पापमित्रको कुरा सुनेकोले त्यो राजा आफै मर्नु पर्‍यो र धर्मभानक उपर क्रोध गरेको अपुण्यले अविची नरकमा परे । यति मात्र होइन राजालाई चुक्ली गर्नेहरू पनि अविची नरकमा परे। राजालाई सद्धर्ममा प्रेरणा दिने देवताहरूले गङ्गा नदी वालुका समान बुद्धहरूको दर्शन पाए। राजाको साथमा बुध्दधर्म सुनेका व्यक्तिहरूले बोधिचित्त उत्पन्न गरी विभिन्न लोकमा बुध्दत्व लाभ गरे । त्यसकारण यो समाधिराजसूत्रको धेरै महत्व छ । यस्को नियम पालना गर्नाले दशै दिशामा रहेका शान्तचित्त भएका महाकरूणाले युक्त भएका तथागतहरूको दर्शन पाउंने हुन्छ ।

तथागत कायनिर्देश परिवर्तः

अनि भगवान् बुध्दले चन्द्रप्रभलाई यस्तो आज्ञा भयो– शरीर र जीवनलाई परवाह नगर्नु नै समाधि लाभ गर्नु हो किनभने काय र जीवनको आशाले नै अकुशल कर्म गर्ने हुन्छ । तथागतको शरीर रूपकाय होइन धर्मकाय हो । त्यसकारण तथागतकाय अर्थात् धर्मकायलाई दर्शन गर्न चाहनेले यो समाधि धारणा गर्नु पर्छ अरूलाई पनि विस्तारपूर्वक सुनाउनु पर्छ । तथागतको शरीर अनिमित्त, अप्रमाण स्वभावको हुन्छ । धर्मकाय आँखाले देखिने शरीर होइन ! सवै प्रपंचरहित, अचिन्त्य र राम द्वेष मोहले रहित हुन्छ । शून्यताको व्याख्यान गर्दा अजात, अनास्रव, नित्य भनेर भनिन्छ । शुन्यताको र निर्वाणको विशेष फरक नभए जस्तै तथागतको काय पनि शून्यता देखि भिन्न होइन।

यति आज्ञा भई भगवानले गाथाद्वारा यस्तो आज्ञा भयो– हे कुमार ! तथागतको कायलाई साक्षात्कार गर्न इच्छा हुनेले समाधि नै जान्नु पर्छ । अनि वहाँको शरीर प्रभाश्वर हुन्छ भन्ने कुरो कल्प कल्पको पुण्यको प्रभावले देखिने हुन्छ । वत्तीस लक्षणले युक्त काय तथा वोधिज्ञानकाय यी सबै एकै हुन् । यस्तो कायलाई मांस चक्षुले देख्न सकिंदैन । यसरी निःस्वभाव तथागतकायको धेरै वर्णन गरेर चन्द्रप्रभलाई सम्वोधन गरी यस्तो आज्ञा भयो– हे कुमार ! तथागतको काय नीलो, पहेलो, रातो, सेतो, मांजिष्ठ वर्ण आदि नाना प्रकारको वर्णरूपी निमित्तलाई लिएर देख्न सकिंदैन । यति आज्ञा भई गाथाद्वारा फेरि यस्तो आज्ञा भयो– लोक धातुहरूमा रहेका धुलोहरू, समुद्र तथा तलाउमा रहेका पानीका परमाणुहरूलाई गणना गर्न सकिन्छ परन्तु तथागतको कायको उपमा दिनु गाह्रो हुन्छ वहाँको धर्मकायको निमित्त ग्रहण गरिंदैन । यसकारण वहाँको काय अचिन्त्य भनिन्छ । जुन वस्तु अचिन्त्य छ त्यो वस्तुको प्रमाण हुंदैन । त्यसकारण तथागतको धर्मकाय आकाश समान अप्रमाण र अचिन्त्य हुन्छ ।

तथागताचिन्त्यनिर्देश परिवर्तः

श्री भगवान् बुद्धले कुमारलाई यस्तो आज्ञा भयो– हे कुमार! चतुप्रतिसंविद साक्षात्कार गरूं भन्ने इच्छा भएको व्यक्तिले अर्थात् अर्थप्रतिसंविद, धर्मप्रतिसंविद, निरूक्तिप्रतिसंविद, प्रतिभानप्रतिसंविद यी चार प्रतिसंविदलाई लाभ गर्न इच्छा हुने व्यक्तिले पनि समाधिराज सूत्रलाई अध्ययन गर्नु तथा अरूलाई विस्तारपूर्वक प्रकाश गर्नु उचित छ । हे कुमार ! रूप, वेदना, संस्कार, विज्ञान सम्वन्धी जति पनि तथागतले व्याख्यान गर्नु भयो ती सबै अचिन्त्य हुन्, अपृद्य हुन् किनभने तथागतको रूपादिको व्याख्यान नै अचिन्त्य हुन्छ। यसै गरी बोधिसत्वको चार

नय प्रहाण गर्ने हुन्छ । यस्तो गर्नु सजिलो छैन । चार धारणीको ज्ञानलाई धर्म भनिन्छ । धर्मज्ञान भएपछि धर्मप्रतिसंविद लाभ हुन्छ । धर्मज्ञानको अर्थ जान्नुलाई अर्थप्रतिसंविद भनिन्छ । धर्मज्ञानलाई जान्ने इच्छा नै निरूक्तिप्रतिसंविद हो । धर्मज्ञानलाई व्याख्यान गर्नु, प्रकाश गर्नु, भेदहरूलाई छुट्याएर देखाउनुलाई प्रतिभानसंविद भनिन्छ । यति आज्ञा भएर भगवान् बुद्धले गाथाद्वारा फेरि यस्तो आज्ञा भयो– जति बुद्धका ज्ञानहरू छन् त्यत्ति नै रूपका भेद छन् । जति रूपका भेद छन् त्यति नै शीलका नाउंहरू छन् । जति शीलका नाउंहरू छन् ती सबै बुद्धका नाउ हुन् । बुद्धका नाउंहरू भनेको नै प्राणीहरूको नाउं हुन् । त्यसकारण शील, बुद्ध प्राणी भन्ने सबै समान नै हुन् । संस्कृत वस्तुमा जति दोष छ निर्वाणमा त्यति नै गुणहरू छन् र तथागतको गुण अचिन्त्य छ भन्ने संझनु पर्छ ।

प्रतिसंविदवतार परिवर्तः

हे कुमार ! धर्मप्रतिसंविदलाई जान्न धर्मानुपश्यना गर्नु पर्छ । धर्मानुपश्यना नगरिकन बोधिज्ञान लाभ हुंदैन । बोधिज्ञान लाभ गर्न रूप स्कन्ध नजानिकन हुंदैन जानेर खोजी गर्नु पनि आवश्यक छ । यसै गरी प्राणीहरूलाई रूपस्कन्धको ज्ञान दिलाउनु पर्छ । रूपस्कन्धको ज्ञान नभइकन तथागतको दर्शन पाउन सक्दैन । रूपको अविनाशस्वभाव जान्नु नै तथागत देख्नु हो । रूप र रूपस्वभाव भिन्नै देख्नु हुंदैन रूपस्वभाव र तथागत पनि भिन्नै देख्नु हुंदैन । किनभने रूप स्वभाव र तथागत भन्नु पर्यायवाची शब्द हुन् । यति ज्ञान गर्नु नै धर्मप्रतिसंविद हो । यसै गरी वेदना, संज्ञा, संस्कार, विज्ञान स्कन्धहरूलाई पनि बोधिज्ञान र तथागत भनेर देख्न सक्नु नै धर्मप्रतिसंविदा हो । अनि तथागतले गाथाद्वारा यस्तो आज्ञा भयो–रूप, शब्द आदि सबैले बोधिज्ञान दिने हुन्छ । तर बोधिज्ञान रूप शब्ददेखि भिन्नै हुन्छ । परन्तु रूप शब्द आदिहरूको स्वभाव भिन्नै हुंदैन । यसरी विचार गर्ने

व्यक्तिलाई निर्वाण लाभ हुन्छ । सबै वस्तुहरूको स्वभाव र निर्वाणमा समानता देखिन्छ भनी बुद्धशासनमा बताइन्छ । यसरी रूप, रस, गन्ध, स्पर्श आदि विषयहरू र सबै पंचस्कन्धहरूको स्वभावलाई पनि परीक्षा गरेर सबैको स्वभाव समान हुन्छ भन्ने जसले देख्छ त्यसले शून्यता देख्ने हुन्छ । जसले शून्यता देख्छ त्यसले सबै वस्तुको स्वभावलाई पनि देख्ने हुन्छ । जसले शून्यता देख्छ त्यसले निर्वाण पनि देख्ने हुन्छ र उसको उपलम्भ दृष्टि पनि शान्त हुन्छ । यसरी ज्ञान लाभ गरेको व्यक्तिले आलस्य छाडी शीलपालना गरेर इन्द्रियदमन गर्नु पर्छ । लाभ सत्कार छोडी प्रमाद त्याग गरेर कामरागदेखि अलग भई वस्नु पर्छ । छोराछोरी एवं घर आदिको तृष्णा छोडी शुद्ध शिक्षा धारणा गरी बुद्धको पूजा भाव गरी समय बिताउनु पर्छ । यसो गर्ने व्यक्तिले भविष्यमा यही समाधिराजलाई प्रकाश गर्नु पर्छ । कसैले धर्मदान गर्न अनुरोध गरेमा आफू धेरै जान्ने भन्ने भाव व्यक्त नगरिकन निरभिमान भई धर्मदान गर्नुपर्छ । धर्मदान गर्दा शब्दहरू तौलेर उचित र मधुर शब्द मात्र प्रयोग गर्नु पर्छ । मित्र भावले युक्त भएको शब्द मात्र प्रयोग गर्नुपर्छ । धर्मदान गर्दा सर्वप्रथम दानको महिमा अनि क्षान्ति, वीर्य, ध्यान र बहुश्रुत हुनुको महिमा वर्णन गर्नु पर्छ । धर्मदान गर्दा सर्वप्रथम अल्पेच्छुता र सन्तोषको प्रशंसा गर्नुपर्छ । साथै अरण्यवास एकान्तवासको प्रशंसा गर्नुपर्छ । संघ संस्था आदिको संगत छोडी ध्यान सुखमा लाग भनेर धर्मदान गर्नु पर्छ । शीलस्कन्धलाई पालना गरी वहुश्रुत हुन बुद्धग्रन्थको अध्ययनको पनि प्रशंसा गर्नु पर्छ । समाधिको चाहना बढाउनु पर्छ बुद्धको पूजा गर्न प्रेरणा दिनु पर्छ । त्यसपछि अनाशक्तिको ज्ञानलाई नै बुद्धज्ञान भनिन्छ । बुद्धको उत्पत्ति दुर्लभ हुन्छ तथा मनुष्यको जन्म पनि दुर्लभ हुन्छ । त्यसमा पनि बुध्दशासनमा प्रव्रजित हुनु झन दुर्लभ हुन्छ । जगतसत्वको हित गर्ने बुध्द हुन सकूं भन्ने प्रणिधान गर्नु अझ वढी दुर्लभ हुन्छ । त्यसकारण यो समाधिराज सूत्रलाई भविष्यमा पनि प्रचार गर्न सावधान साथ अति जागरूक रहनुपर्छ । यस्तो गर्ने व्यक्तिलाई अचिन्त्य बुद्धज्ञान

लाभ हुन्छ साथै समाधि पनि लाभ हुन्छ । परन्तु समाधि प्रति शंका गर्नु हुंदैन आदि भनेर पनि धर्मदान गर्दा संझाउनु आवश्यक छ ।

अनुमोदना परिवर्तः

अनि श्री भगवान् बुद्धले चन्द्रप्रभ कुमार भूतलाई यस्तो आज्ञा भयो– हे कुमार ! बोधिसत्व उपाय कुशल पनि हुनुपर्छ उनले सबै प्राणीहरूलाई आफ्नै दाजु भाइ ज्ञाति जस्तो संझनु पर्छ । यसरी सबैलाई आफन्त संझने वानी बसालिसके पछि सबै प्राणीहरूले गरेका पुण्यस्कन्धहरुको अनुमोदना प्रशंसा गर्नु पर्छ । यसरी तीन रातमा तीन पटक, दिनमा तीन पटक सबै प्राणीहरुको पुण्यस्कन्धलाई अनुमोदना गर्नु पर्छ । अनि यो अनुमोदना गरेको पुण्यले मैले जगतहित गर्न सकूं भनी आफ्नू पुण्यलाई प्राणीहरूको निमित्त संकल्प (त्याग) गर्नु पर्छ । यसो गर्नाले बोधिसत्वले चाँडै सम्यक् सम्बोधि लाभ गर्न सक्ने हुन्छ । यही कुरा श्री भगवान् बुद्धले गाथाद्वारा पनि आज्ञा भयो-यस्तो अनुमोदना गर्दा म, मेरो भन्ने आत्मदृष्टि, भावदृष्टि र जीवदृष्टि छोड्नु पर्छ । शून्यताको ज्ञानमा संतुष्टि उत्पन्न गर्नुपर्छ । बुद्ध शासनमा प्रव्रज्या लिई अल्पेच्छु भई वनमा बसी ध्यान लाभ गर्ने व्यक्तिको र आजीवन शुद्धिचर्या गर्ने प्राणीको म अनुमोदना गर्नु पर्छ । अनुमोदना गर्दा प्रमाद भूल गल्ती गर्नु हुंदैन । बोधिपाक्षिक धर्ममा प्रमाद नगर्नु नै समाधिलाभ गर्नु हो । बुध्दशासनमा बस्नु रत्नको खानी लाभ गर्नु हो । प्रव्रज्या लाभ गर्नु दोस्रो खानी तथा श्रद्धा लाभ गर्नु तेस्रो खानी हो, समाधि लाभ गर्नु चौथो खानी हो । यसरी शून्यता लाभ गर्नु त अनन्त निधान लाभ गर्नु समान हो । यस्तो आचरण गर्ने व्यक्तिलाई समाधि दुर्लभ हुंदैन उसको निमित्त बुद्धत्व पनि नजीकै आएको संझनु पर्छ ।

दानानुशंसा परिवर्त:

हे चन्द्रप्रभ कुमार ! अप्रमादी भई रहनु पर्छ भन्ने कुरा हामीले संधै सम्झिरहनुं पर्छ । जो व्यक्ति अप्रमादी छ त्यसको निमित्त सम्यक् सम्बोधि दुर्लभ हुदैन । समाधिको के कुरा ? अप्रमादी भई विशुद्ध शील पालना गर्ने व्यक्तिले बुद्धत्व लाभ गर्नुको निमित्त षटपारमितापूर्ण गर्ने हुन्छ । ती ६ वटा पारमिताहरू मध्ये दानपारमितापूर्ण गर्ने व्यक्तिलाई दश गुण लाभ हुन्छ । दान गर्ने व्यक्तिको मात्सर्य (कीरण तोकी) स्वभाव शान्त हुन्छ र त्यागचित्त वृद्धि हुन्छ । विशेष किसिमको सुख भोग लाभ हुन्छ । अर्को जन्ममा ठूलो कुलमा उत्पन्न हुने हुन्छ । जन्मने वित्तिकै सो व्यक्तिको दान चित्तनै प्रधान हुने हुन्छ । धनी, गरीव अथवा चारै परिषदका व्यक्तिहरूले प्रेम गरिने प्रिय व्यक्ति वन्ने हुन्छ । सभा संस्थामा जाँदा लुत्रुक पारेर जानु नपर्ने र फुर्तिसाथ जान सक्ने हुन्छ । दशै दिशामा दानी व्यक्तिको प्रशंसा हुन्छ । उनको हात गोडा नरम हुन्छ । बुद्ध बोधिसत्व जस्ता कल्याणमित्रहरूको सत्संग संधै लाभ हुन्छ । यी दश गुण दानमा विश्वास गर्ने बोधिसत्वलाई लाभ हुने हुन्छ । यही कुराद्वारा पनि भगवान्ले आज्ञा भयो ।

शीलनिर्देश परिवर्त:

हे कुमार ! परिशुद्ध शीलपालना गर्ने बोधिसत्वहरूलाई दश प्रकारका गुण लाभ हुन्छ । शीलमा विश्वास गर्ने व्यक्तिको ज्ञान पनि विशुद्ध हुन्छ तथा परिपूर्ण हुंदै आउंछ । भगवान्को शिक्षा पालना गर्ने हुन्छ । विद्वानहरूले निन्दा नगरिने हुन्छ । आफ्नो प्रतिज्ञा भंग नगर्ने हुन्छ । संसारको व्यवहारबाट पंछिने स्वभावका हुन्छ । निर्वाणमा आफ्नू जीवन समर्पण हुन्छ । राग द्वेषलाई जागरूक नगर्ने प्रवृत्तिको हुन्छ। समाधि लाभ गर्न सजिलो

हुन्छ । दरिद्रय दु:ख पनि अनुभव गर्न नपर्ने हुन्छ । यी दश गुण विशुध्द शीलमा रहेका बोधिसत्वलाई लाभ हुन्छ । यही कुरा भगवानले गाथाद्वारा पनि आज्ञा भयो ।

दशानुशंसा परिवर्त:

हे चन्द्रप्रभ क्षान्ति (सहनशीलता) पालना गरी मैत्री भावना गर्ने बोधिसत्वलाई पनि दश गुण लाभ हुन्छ । क्षान्तिमा रही मैत्री भावना गर्ने व्यक्तिलाई अग्नि भय हुंदैन, शस्त्र भय हुंदैन, विष र पानीको भय पनि हुंदैन । जहाँ गए पनि देवताहरूले रक्षा गरिने हुन्छ । शरीरमा असल लक्षणहरू उत्पन्न हुन्छ । रात दिन सुखमै बित्ने हुन्छ। शरीरमा संधै प्रीति सुख अनुभूति हुन्छ । या दश कुरा क्षान्तिमा रही मैत्री भावना गर्ने बोधिसत्वलाई लाभ हुन्छ । यही कुरा गाथाद्वारा पनि आज्ञा भयो ।

वीर्यपारमिता परिवर्त:

हे चन्द्रप्रभ ! उद्योगी उत्साही भई वीर्य पारमिता पूर्ण गर्ने बोधिसत्वलाई दश वटा गुण लाभ हुन्छ। दुर्लभ गुणले युक्त हुन्छ । बुद्धको अनुग्रह लाभ हुन्छ । देवताहरूले रक्षा गरिने हुन्छ। धर्मका कुरा सुन्दा नविर्सने हुन्छ । कहिल्यै नसुनेका धर्मका कुरा सुन्न पाउने हुन्छ । समाधि गोत्र लाभ हुन्छ, रोग नलाग्ने हुन्छ । खाएको कुरा राम्ररी पच्ने हुन्छ । कुशल धर्महरू पानीमा कमल झैं वृद्धि हुन थाल्छ । यी दश गुण उत्साही वीर्यवान् बोधिसत्वलाई लाभ हुन्छ । यी कुरा गाथाद्वारा पनि वर्णन गर्नु भयो ।

ध्यानपारमिता परिवर्त:

ध्यानपारमितामा लाग्ने बोधिसत्वलाई पनि दश गुण लाभ हुन्छ । आचार शीलमा रहने हुन्छ । असल ठाउंमा मात्र

जाने हुन्छ । मनमा कुनै कुराको पीर उतपन्न नहुने हुन्छ । इन्द्रिय संयमी हुन्छ । प्रोति सुख अनुभव गर्ने हुन्छ । विषय सुखबाट अलग्गीने हुन्छ । ध्यानमा संधैं लाग्ने हुन्छ। मारहरूबाट छुट्कारा पाउंने हुन्छ । बृद्धको विषयमा लाग्ने हुन्छ । विमुक्ति ज्ञान परिपक्व हुने हुन्छ । यी दश कुरा ध्यानमा विश्वास गर्ने बोधिसत्वलाई लाभ हुन्छ ।

प्रज्ञापारमिता परिवर्त:

प्रज्ञापारमिता लाग्ने अर्थात् विपश्यना भावना गर्ने वोधिसत्वलाई पनि दश गुण लाभ हुन्छ । आफ्नू सर्वस्व त्याग गर्ने हुन्छ परन्तु दानले मात्र चित्त शुद्ध हुन्छ भन्ने सम्झंदैन । विशुद्धशील पालना गर्ने हुन्छ परन्तु शीलमा मात्र भर पर्दैन । क्षान्तिले युक्त हुन्छ परन्तु सत्व संज्ञा, जीवसंज्ञामा विश्वास नगर्ने हुन्छ । आरब्ध वीर्य र उत्साही हुन्छ परन्तु काय र चित्तदेखि अलग रहने स्वभावका हुन्छ । ध्यानलाई अभ्यास गर्ने हुन्छ परन्तु उनको ध्यान अप्रतिष्ठित ध्यान हुन्छ । मारले दबाउन नसक्ने हुन्छ। सर्ब संस्कारको व्यवहारलाई जान्ने आलोक लाभ गरेको हुन्छ । संपूर्ण प्राणीप्रति करूणा राख्ने हुन्छ । श्रावक भूमि र प्रत्येक भूमिलाई चाहंना नगरी बुद्धत्वलाभ गर्न ध्यान समाधि समापतिमा लाग्ने हुन्छ । यी दश गुण प्रज्ञापारमिता पूर्ण गर्न प्रयत्न गर्ने वोधिसत्वलाई लाभ हुन्छ । यही कुरा भगवान् बुद्धले गाथाद्वारा पनि आज्ञा भयो ।

बहुश्रुतको दश गुण

श्री भगवान् बुद्धले चन्द्रप्रभ कुमारलाई सम्बोधन गरी यस्तो आज्ञा भयो– हे कुमार ! वहुश्रुत (धेरै सद्धर्म ग्रन्थ सुन्नु तथा पढ्नु) को पनि दश गुण हुन्छन् । यो क्लेश हो, यस्तो गर्नु

क्लेश शुद्धि हो भन्ने संक्लेश र व्यवदान दुवै जानी क्लेश छोडी व्यवदान (शुद्धि गर्नु) मा लाग्ने हुन्छ । सद्धर्म उपर कुनै शङ्का गर्दैन । सम्यक् दृष्टि उत्पन्न हुन्छ । खराव मार्ग छोड्ने हुन्छ । सन्मार्गमा लाग्ने हुन्छ । निर्वाण द्वारमा उपस्थित हुने हुन्छ । बोधिज्ञानको पनि नजीक पुगेको हुन्छ । प्राणीहरूको निमित्त वत्तीले झैं आलोक प्रकाश दिने हुन्छ । दुर्गति देखि डरमान्ने हुन्छ यी दश गुण वहुश्रुत बोधिसत्वले प्राप्त गर्ने हुन्छ ।

धर्मदान गर्नेको दश गुण

फेरि धर्मदान गर्दा गौरव सम्झने बोधिसत्वको पनि दश गुण हुन्छन् । अकर्तव्य काम नगर्ने, कर्तव्य मात्र गर्ने हुन्छ, सत्पुरूषहरूको स्वभावलाई अनुकरण गर्ने हुन्छ । बुद्ध क्षेत्र परिशोधन गर्ने हुन्छ । बोधिमण्डपमा जान तत्पर हुन्छ । सबै वस्तुलाई परित्याग गर्ने हुन्छ । क्लेशबाट वचन प्रयत्न गर्छ । आफूले गरेको सर्व पुण्य सबै प्राणीहरूलाई दान दिने हुन्छ । प्राणीहरूलाई आलम्बन गरी मैत्री भावना गर्ने हुन्छ । धर्मको फल एवं सुख यही जन्ममा लाभ हुने हुन्छ । यी दश वटा गुण धर्मदानमा गौरव मान्ने बोधिसत्वलाई प्राप्त हुन्छ ।

शून्यता भावना गर्ने बोधिसत्वको दश गुण

हे कुमार ! यस्तै गरी शून्यता भावना गर्ने बोधिसत्वको पनि दश गुणहरू हुन्छन् । बुद्धहरूले मात्र अनुभव गरिने सुख विहार लाभ हुन्छ । कुनै वस्तुमा आशक्त नभइकन ध्यान गर्ने हुन्छ । फेरि जन्मन न चाहने हुन्छ शीलमा पनि आशक्त हुंदैन । आर्यहरूलाई निन्दा गर्दैन । कसैसंग विरोध नगर्ने हुन्छ । कुनै वस्तुको निमित्त ग्रहण नगर्ने हुन्छ । एकान्त प्रेमी हुन्छ । ज्यान जाने खतरा आए पनि बुद्ध भगवान्‌लाई निन्दा गर्दैन । नित्य

शून्यता भावना गरी सबै बुद्धहरूको अचिन्त्य बोधि धारणा गर्ने हुन्छ। यी दश गुण शून्यता भावना गर्दा लाभ हुन्छ।

प्रतिसंलयनमा लाग्ने बोधिसत्वको दश गुण

फेरि हे कुमार ! जो बोधिसत्व प्रतिसंलयनमा लाग्ने हुन्छ । त्यसको पनि दश गुणहरू हुन्छन् । चित्त प्रसन्न हुन्छ । अप्रमादी हुन्छ । बुध्दानुस्मृति भावना गर्ने हुन्छ। बोधि चर्यालाई श्रध्दा गर्ने हुन्छ । बोधिज्ञानमा शंका नगर्ने हुन्छ । कृतज्ञ (गुण चिह्ने) हुन्छ । बुध्द धर्मलाई आक्षेप नगर्ने हुन्छ । इन्द्रिय संयम गरी विहार गर्ने हुन्छ । इन्द्रिय दमन गर्ने हुन्छ । चतुप्रतिसंविदलाई साक्षात्कार गर्ने हुन्छ । यो दश गुण प्रतिसंलयनमा लाग्ने बोधिसत्वले लाभ गर्ने हुन्छ ।

आरण्यक बोधिसत्वको दश गुण

हे कुमार ! अरण्य वासलाई गौरव मान्ने बोधिसत्वको दश गुणहरू हुने हुन्छ । परिपंच झन्झट कम हुन्छ । संघ संस्थाहरूको सम्वन्ध छुट्छ । कसैसंग वादविबाद नहुने हुन्छ । परिपञ्च रहित हुने हुन्छ । क्लेश पनि वृध्दि नहुने हुन्छ । परस्परको मुद्दा मामला पनि नहुने हुन्छ । शान्तसंग चर्या पालन गर्न पाउने हुन्छ। इन्द्रिय पनि सम्बृत हुन्छ । निर्वाणानुकूलको चित्तवृत्ति बन्ने हुन्छ । विमुक्तिलाई चाडै साक्षात्कार गर्न सक्ने हुन्छ । यी दश गुणहरू अरण्यवासी वोधिसत्वले लाभ गर्ने हुन्छ ।

पिण्डचारिक बोधिसत्वको दश गुण

हे कुमार ! पिण्डचारी वोधिसत्वको पनि दश गुणहरू हुन्छन् । म ज्ञानी बनूं भन्ने कामना गर्दैन । कीर्तिको कामना पनि गर्दैन । लाभसत्कारको पनि चाहना गर्दैन । आर्य वंशमा

प्रतिष्ठित भएर रहने हुन्छ। कुहनलपना (ढोंगी) पनि हुंदैन। आफ्नो बढपन पनि देखाउदैन। अरूलाई होच्याउने पनि गर्दैन। राग द्वेष रहित भई पराइको घर घरमा भिक्षा लिन जाने हुन्छ। विना स्वार्थको धर्मदान गर्ने हुन्छ। धूताङ्ग पालन गर्ने तथा कष्टपूर्ण जीवनयापन गर्नेले दिएको धर्मदेशनालाई सबैले मनपराउने हुन्छ। यी दश गुणहरू पिण्डाचारी वोधिसत्वले लाभ गर्ने हुन्छ।

हे कुमार ! यसरी अरण्यवास आदि धूताङ्ग पालना गर्ने वोधिसत्वले बुद्धनिधान, धर्मनिधान, ज्ञाननिधान पूर्वान्तपरान्त प्रत्युत्पन्न ज्ञान निधान र पञ्चाभिज्ञा चाँडै लाभ गर्ने हुन्छ।

तेजगुणराज परिवर्तः

श्री भगवान् बुद्धले फेरि पनि चन्द्रप्रभ कुमारलाई संबोधन गरी यस्तो आज्ञा भयो– हे कुमार ! तिमीले दिव्यचक्रवर्तीराज्यलाई पनि छोडेर प्रव्रजित हुन्छु भन्ने सिक्नु पर्छ। प्रव्रजित भएपछि धूताङ्ग पालन गरी एकान्तमा वसी सहन शक्ति वढाई रमाइलो मानी टोपीमा आगो पर्दा जसरी हतारिन्छ त्यत्तिकै चाडै सर्वधर्मस्वभावसमता विपश्चित नामको समाधि कण्ठ पार्छु र भाव बुझ्ने प्रयतन गर्छु, पाठ गर्छु भन्ने कुरो सिक्नु पर्छ। अरूलाई पनि यही कुरो सिकाउनु पर्छ। आफ्नू जीवन जगतसत्वहित गर्नुमा समर्पण गर्नु पर्छ।

अनि त्यही वेला श्री भगवान् बुद्धले गाथाद्वारा यस्तो आज्ञा भयो– धेरै धेरै कल्प पहिले तेजगुणराज नामको तथागत हुनु हुन्थ्यो। वहाँका श्रावकहरू षडभिज्ञा तथा अर्हत्व लाभ गरेका थिए। त्यस बेला जम्बूद्वीपमा पनि सुभिक्ष नै थियो र दृढदन्त नामको राजाले राज्य गर्दथे। वहाँको पाँच सय छोराहरू थिए। त्यस वेला ठाउँ ठाउँमा यही समाधिराज सूत्र तेजगुणराज तथागतले व्याख्यान गर्नु हुन्थ्यो। साथै शून्यता र निर्वाण संवन्धी

विस्तृत वर्णन पनि गर्नु हुन्थ्यो । तथागतले यस्तो वर्णन गर्नु हुन्छ भन्ने कुरो सुनी दृढबल राजा पनि तथागत कहाँ जानु भयो र वन्दना गरी एक छेउमा बसी समाधिराज सूत्र सुन्ने इच्छा प्रकट गरे । अनि तथागतले पनि श्रद्धालु र विनीत देख्नु भई समाधिराजको व्याख्या सुनाउनु भयो । दृढबल राजाले पनि वोधिचित्त उत्पन्न गरी परम श्रद्धाले प्रव्रजित हुनु भयो ।

हे चन्द्रप्रभ कुमार ! समाधिराज सूत्रको गौरवलाई बुझेर दृढबल राजाले आफ्नू संपूर्ण सुख तथा राज ऐश्वर्य त्याग गर्नु भयो । किनभने व्यवहारमा बस्दा काम सुखमा आकृष्ट भई अनेक कुकृत्य गर्नु पर्ने हुन्छ । भिक्षु हुंदा त कुहना लपना छोड्न नसक्ने हुन्छ भने गृहस्थीको के कुरो । त्यसकारण हे कुमार ! मेरो कुरोमा विश्वास गरे । अल्पेच्छु होऊ । संलेखवृतिमा संतोष गर । मद, मान म्रक्षलाई छोड । नित्य बुद्ध पूजा गर । हे कुमार ! यो समाधि प्राप्त गर्न मैले धेरै धेरै त्याग गरें । पुत्र पुत्री दार जन धन सबै त्याग गरें । म सत्यवादी हुं, मैले झुठो वोलेको छैन । त्यस बेलाको दृढवल राजा मै हुं । अरू होइन । जब मैले यो समाधिलाई लाभ गरें तब मैले अनन्त लोक धातुमा अनन्त बुद्धहरूको दर्शन पाएं । ऋद्धि पनि लाभ भयो अनि मैले धेरै प्राणीहरूलाई उद्धार गरें। त्यसकारण यो समाधिराज सूत्र अचिन्त्य गुणले युक्त भएको सम्झनु पर्छ । यसलाई धारणा गर्ने व्यक्ति दुर्गति अपायमा बसी यो समाधि भावना गरेमा देव मनुष्यले उनलाई रक्षा गर्ने छ । ज्ञानवान्, स्मृतिमान् तथा अप्रमादी भई समाधि चर्या पालना गर्न सक्नेछ । जनप्रिय भई लोकहित गरी अन्त्यमा सुखावती भूमिमा उत्पन्न हुनेछ तथा अमिताभ तथागतको दर्शन पाउने छ र वहाँको मुखारविन्दबाट धर्म श्रवण गर्न पाउने छ। हे कुमार ! भविष्यमा धर्मलोप हुंदा यो समाधिराजको प्रचार गर्नु असल छ यसले सबैलाई हित सुख र कल्याण गर्नेछ

अनुशंसा परिवर्त:

श्री भगवान् बुद्धले चन्द्रप्रभ कुमारलाई संबोधन गरी यस्तो आज्ञा भयो– हे कुसार ! सबै प्राणीहरूको रूत (बोलि) जान्ने तथा तिनीहरूको श्रद्धा आदि ईन्द्रियलाई जानेर धर्मदेशना गर्न सकूं भन्ने इच्छा छ भने यही समाधिराज सूत्रलाई राम्ररी जान्नु पर्छ । अनि अरूलाई पनि सिकाउनु पर्छ । यति आज्ञा भई श्री भगवान्ले गाथाद्वारा फेरि यस्तो आज्ञा भयो– हे कुमार ! यो समाधिलाई जान्न धेरै बोधिसत्वहरूले धेरै तथागतहरूसंग प्रश्न गरेको मैले देखेको छु । यो विरजः समाधिलाई धारणा गर्ने व्यक्तिले दिव्य सुख अनुभव गर्ने हुन्छ । यो उदार धर्मलाई सुनेर सबै व्यक्ति हर्षित हुनेछ । आठ वटा लोक धर्मले कम्पित गर्न नसक्ने हुन्छ । बोलि पूर्वाभिलापी प्रसन्न मुख मुद्रा आदि गुणले युक्त हुन्छ । कसैसंग विरोध तथा झै झगडा नगर्ने शान्त स्वभाव उत्पन्न हुने हुन्छ । गरीव दुःखीउपर करूणा राखी दान दिने आदि गुण उत्पन्न हुन्छ । यसकारण बोधिज्ञान चाहंले यो समाधिलाई धारणा गर्नु उचित छ ।

सर्वधर्म स्वभाव निर्देश परिवर्त:

अनि फेरि श्री भगवान्ले कुमारलाई सम्बोधन गरी यस्तो आज्ञा भयो– सर्वधर्म (सबै वस्तु) को स्वभाव जान्न चाहनेले पनि यो समाधिलाई धारणा गर्नु पर्छ र अरूलाई पनि धारणा गराउनु पर्छ । यति आज्ञा भई गाथाद्वारा फेरि यस्तो आज्ञा भयो– जसले धर्म स्वभाव जान्दछ त्यसको राग, द्वेष, मोह कुपित हुंदैन । बुध्दको ज्ञान सुन्न तत्पर हुन्छ । स्त्रीमा आशक्त हुंदैन । ज्ञान वृध्दि हुन्छ । बुध्दको दर्शन पाउंछ । दुःख रूपी वाणले घोचेको घाउ निको पार्ने वैद्यराज बन्ने हुन्छ । यसकारण सर्वधर्म स्वभाव भनेको नै शून्य हो भन्ने बुझी लोकमा निराशक्त भएर प्राणीहरूलाई बोधिज्ञान दिई नरचन्द्र (मतिचन्द्र) भन्ने व्यक्तिले

क्षान्तिको बलद्वारा हात गोडा काटे पनि शान्तसंग बस्न सकेका थिए । सर्वधर्म स्वभावको भावनाले नै उनले यस्तो गर्न सकेको हो । जसले शून्यताको भावना गर्छ त्यसको सबै संज्ञा लोप भएर जान्छ र अनिमित्त विमोक्ष लाभ गरेर बोधिज्ञान अनुभव गर्ने हुन्छ । यसकारण यी सूत्रलाई गङ्गा नदी बालुका प्रमाण तथागतहरूले वर्णन गरेको छ । भविष्यमा जसले यसको रहस्य बुझेर प्रचार प्रसार गर्ला उसलाई अक्षय पुण्य लाभ हुनेछ ।

सूत्र धारणानुशंसा परिवर्त:

अनि फेरि श्री भगवान् बुद्धले चन्द्रप्रभ कुमारलाई यस्तो आज्ञा भयो – हे कुमार ! महाभिज्ञा परिकर्म गर्न चाहने बोधिसत्वले पनि यो समाधिलाई धारणा गर्नु उचित छ । साथै अरूलाई पनि सिकाई दिनु पर्छ । सर्वधर्मको महाअभिज्ञा भनेको सबै वस्तुमा आशक्त नहुनु भनेको हो कुनै वस्तुमा लागी नपर्नु भनेको हो। शील स्कन्धलाई शून्यता देख्नु हो। विमुक्तिस्कन्धलाई यथार्थ रूपले देख्नु हो । विमुक्तिज्ञान दर्शन स्कन्धलाई स्वभाव शून्यता देख्नु नै सर्वधर्म महाभिज्ञा भनिन्छ ।

अनि श्री भगवान्ले गाथाद्वारा यस्तो आज्ञा भयो– विवादमा नलागी अचिन्त्य बुद्धज्ञान लाभ गर्ने हो भने सर्वधर्म नैरात्म्य भावना गर्नु पर्छ । अनन्त लोक धातुमा अनन्त तथागतहरूले देशना गर्नु भएका अनन्तसूत्रहरूको सार नै सर्वधर्म नैरात्म्य हो । जसले धर्मता (प्रतित्यसमुत्पादको नियम) बुझ्छ त्यसले सबै बुद्ध धर्म बुझ्यो भने पनि हुन्छ । बुद्ध वचन अनुत्तर हुन्छ अर्थात् अणु मात्र पनि बुद्धवचन कहीं पाइदैन त्यसकारण बुद्धवचनलाई अनुत्तर भनेको हो ।

अलब्धिर्लब्धधर्माणां लब्धौ लब्धि नविद्यते ।
य एवं धर्मं जानन्ति बुध्यन्ते बोधिमुत्तमाम् ।।

आँखा आदि इन्द्रियद्वारा ज्ञान गरिएका वस्तुहरूलाई सञ्चार जानिएका होइनन् भनी जान्नु नै लब्धि (लाभ) हो। यो ज्ञान लाभ भएपछि लाभ गर्नु पर्ने अरू केही हुंदैन। यो ज्ञानले नै बोधिज्ञान लाभ हुने हुन्छ।

तथा धर्मचक्र प्रवर्तन गर्न सक्ने हुन्छ। अनिमित्त, अप्रणिहित र शून्यता यी तीन विमोक्षलाई अभाव नै भनिन्छ। चक्षु आदि इन्द्रियहरू पनि शून्य नै हुन् निःस्वभाव नै हुन्। यो कुरा बुझ्ने व्यक्ति कसैसंग विवाद नगरी शील शब्द र बुद्ध शब्द एउटै संझी दुवैलाई आदर गौरव गर्ने हुन्छ। तथा बुद्ध धर्मलाई नयाँ वा पुराना भन्ने भाव हुंदैन। यो अनिर्वत्तनीय हुन्छ। अनन्त बुध्दहरूले अनन्त प्राणीलाई धर्मदेशना गरी उध्दार गर्नु भयो। परन्तु ती सबै बुद्धहरूको शरीर हामी दर्शन पाउन सक्दैनौं। केवल प्रतिभास, प्रतिविम्ब मात्र दर्शन पाउछौं। बुध्दको रूपकाय भन्दा धर्मकायको दर्शन पाउन प्रयत्न गर्नु पर्छ। पंचस्कन्ध अवस्तुक हुन्। पहिले नभएको ठाउंमा उत्पन्न भएर आउंछ। त्यसलाई बनाउने कोही छैन। पञ्चस्कन्धको लक्षण जस्तै सबै वस्तुको लक्षण हुन्छ। परन्तु त्यो लक्षण पनि निःस्वभाव हो भन्ने बुझे पछि निमित्त हराएर जाने हुन्छ। अन्तमा सबै वस्तु आकाश झैं अग्राह्य भएर जाने हुन्छ। यसरी निःस्वभाव वा शून्यताको भावना गर्ने व्यक्ति कुनै वस्तुमा आशक्त नहुने हुन्छ। जुन व्यक्ति संसारका वस्तुमा आशक्त हुन्छ सोही व्यक्ति षड्गतिमा घुम्ने हुन्छ। मेरो छोरा, मेरो धन भन्ने सबै आशक्तिले नै उब्जाएका कल्पना मात्र हुन्। काम राग हटाउन पनि निःस्वभावकै भावना गर्नु उचित छ। यही भावनाले बुद्धत्व लाभ गरी धर्म दुन्दुभि वनाउन सक्ने बनाउंछ। मारलाई जित्न सक्ने बनाउंछ। यति मात्र होइन निःस्वभाव भावना गर्ने व्यक्तिको राग, द्वेष, मोह तथा व्यापाद (अरूको कुभलो चिताउनु) आदि शान्त हुन्छ, निमित्त ग्रहण गर्ने संज्ञा पनि शान्त भएर जाने हुन्छ। जसको मनमा चिन्ता रहिरहन्छ सो व्यक्ति जन्म

मरणको भमरीबाट मुक्त हुंदैन ''चिन्तानुसारि विज्ञानं नासौ चिन्तान्तमुच्यते'' अर्थात् हाम्रो मन चिन्ताको पछि लाग्ने हुन्छ त्यसकारण चिन्ताको अन्त हुदैंन । यसकारण निःस्वभावको चिन्ता गर्नु नै धर्म चिन्ता हो । धन संपत्तिको आशक्ति हटाउन निःस्वभाव भावना विना हुंदैन । किनभने निःस्वभाव भावना गर्ने व्यक्तिको स्त्री पुरुष धन संपत्ति सुख दुःख आदि कुनै भाव उत्पन्न नै हुंदैन ।

यसरी समाधिराज सूत्रको अनन्त गुण छ भनी यसलाई प्रेमपूर्वक वारणा गरी प्रचार गरेमा अचिन्त्य बुद्धको गुण लाभ हुन्छ । यस सूत्रलाई स्त्रीवर्गले पनि प्रेरणा गरेमा भविष्यमा स्त्री भई जन्मनु नपर्ने हुन्छ । यति मात्र होइन श्रद्धापूर्वक यो सूत्रलाई जसले धारणा गरी बुद्धको उद्धार पूजा गर्छ त्यसले भविष्यमा मैत्रेय बुध्दको उपदेश सुन्न पाउने हुन्छ । अनुत्पत्तिक धर्मक्षान्ति लाभ हुने हुन्छ । यतिमात्र होइन जसले यसलाई भावना गर्छ त्यसको सर्व संज्ञा मन्यना शान्त हुन्छ । अतः श्री भगवान्ले आज्ञा हुनु हुन्छ –''सर्वसंज्ञाप्रहोणस्य अप्रमेया समाधयः'' जसको सर्व संज्ञा प्रहीण भएको छ त्यसले अनन्त समाधि लाभ गर्ने हुन्छ । अन्तमा सुखावती भूमिमा उत्पन्न भई अमिताभ तथागतको उपदेश सुनी विमुक्ति हुनेछ । यसकारण यस सूत्रलाई भविष्यमा पनि रक्षा गरेर धर्मरक्षक वन भनी आज्ञा भयो ।

क्षेमदत्त परिवर्तः

अनि श्री भगवान् बुद्धले चन्द्रप्रभ कुमारलाई आज्ञा भयो– हे कुमार! असंख्य कल्प पहिले घोषदत्त नामको तथागत हुनु हुन्थ्यो । वहाँले धेरैलाई अवैवर्तक पदमा राखेर उद्धार गर्नु भई निर्वाण हुनु भएको थियो । त्यस बेला श्री घोषं नामको राजा हुनु हुन्थ्यो । वहाँले तथागतको ८४ हजार धातु गर्भ चैत्य वनाउंन लगाई पुण्य घूपादिले पूजा सत्कार गर्नु भयो । त्यस वेला

सो चैत्यको उत्सवमा भरखरमात्र उपसंपदा प्राप्त गरेको क्षेमदत्त भन्ने जवान भिक्षु पनि सम्मिलित भएको थियो । अनि सबै भिक्षुहरूलाई राजाले षटपारमिता सम्वन्धी संगायन गर्न अनुरोध गर्नु भयो । चैत्यको वरिपरि वत्ती बालेका थिए । मङ्गलमय वाद्य गुंजिरहेको थियो । त्यस वेला सबै धर्मश्रवण गर्ने मानिसहरू एक चित्त भएर बसेका थिए । अनि त्यतिखेर क्षेमदत्तको मनमा म पनि चैत्य पूजा गर्छु भन्ने प्रीतिसौमनस्य उत्पन्न भयो । त्यस बेला चैत्यको सामु धर्मश्रवण गरिरहेका सबै मानिसहरूको समक्ष क्षेमदत्तले आफ्नो दाहिने हातमा चीवरले बेरी तेलले भिजाई श्रद्धापूर्वक चैत्य सामु हात बाले । सो हात बल्दा अरू वत्तीहरू निस्तेज हुन थाले । हातको तेज सर्वत्र फिंजिए । त्यहाँ उपस्थित सबै श्रोताहरू आश्चर्य भए साथै करूणाले रून थाले । यो खवर जताततै फैलियो र क्षेमदत्तको दर्शन गर्न सबै ओइरिन थाले । तर सो बोधिसत्व क्षेमदत्तले न मुख अंध्यारो पऱ्यो नत वेदना नै अनुभव गरे !

अनि क्षेमदत्तले राजा श्री घोषलाई सम्बोधन गरी यस्तो भन्नु भयो–हे महाराज! यी जनताहरू किन रोइरहेका छन् । क्षेमदत्तको धैर्य तथा गम्भीरताले युक्त वचन सुनी राजाले गाथाद्वारा यस्तो आज्ञा भयो । हे बोधिसत्व ! हजूर अङ्गहीन हुने भो। दुःख पाउनु भो भनेर यी जनताहरू करूणाले रोएका हुन् । तपाईको चित्तलाई हामी साधुवाद दिन चाहन्छु । तपाईको सहन शक्ति (क्षान्ति) महावीर्य (उत्साह)लाई नमस्कार छ । धर्मको श्रध्दाले आफ्नू जीवनको प्रेम पनि तपाईले त्याग्नु भयो ।

राजाको यस्तो वचन सुनी क्षेमदत्तले यस्तो भन्नु भयो–हे महाराज ! भिक्षुको हात नभएर अङ्गहीन हुंदैन, शील भङ्ग भए मात्र अङ्ग हीन हुन्छ । यस्तो पूतिकायद्वारा बुद्ध पूजा हुन्छ भने किन नगर्नु ? जसले सबै वस्तु शून्य छ भनी जान्दछ त्यसले कायजीवितलाई पनि सजिलैसंग त्याग गर्ने हुन्छ । हे महाराज ! मेरो सत्य वचन सुन्नु होस् । शून्यताको मेरो गाथा जनताले बुझे

भने यो सत्य वचनले म बुद्ध हुन सकूं । शून्यताको ज्ञान अनुसार हात भन्ने वस्तु नै छैन यो सत्य वचनले मेरो हात जस्ताको तस्तै फेरि भएर आवस् । शून्यताको ज्ञानले हेर्दा क्षेमदत्त भन्ने व्यक्ति नै छैन । मेरो आवाज शब्द नै छैन । यो सत्य वचनले यस बेला सबैलाई समाधि लाभ होस् । यत्ति भन्ने वित्तिकै क्षेमदत्तको हात फेरि उत्पन्न भयो । त्यहाँ उपस्थित सबै प्रसन्न तथा आश्चर्य चकित भए । बुध्दत्वको लागि आपनो हात समेत बाल्ने बोधिसत्वको ठूलो गौरव सत्कार भयो । हे कुमार ! त्यस बेलाको क्षेमदत्त मै हुं । त्यस बेलाको राजा श्री घोष अजित (मैत्रेय) बोधिसत्व हुन् । यति आज्ञा भई फेरि यस्तो आज्ञा भयो–

श्रुत्वा सूत्रमिदं विद्वान् संलेख गुण दर्शनम् ।
काय प्रेम न कुर्वीत इह धर्मे सुशिक्षितः।।

अर्थात् सद्धर्ममा शिक्षा पाएका विद्वानले कष्ट जीवन यापन गर्नुमा गुण देखाउने यो समाधिराज सूत्रलाई सुनेर शरीरको आशक्ति तथा प्रेमलाई छोड्नु उचित छ ।

ज्ञानावती परिवर्तः

अनि श्री भगवान्ले चन्द्रप्रभ कुमारभूतलाई यस्तो आज्ञा भयो –हे कुमार ! समाधि लाभ गर्न चाहने तथा चाँडै सम्यक् संबोधि लाभ गर्न चाहनेले कुशल कर्म गरी धर्मदान तथा आशिष दान दिने गर्नुपर्छ । अनि त्यो दानलाई चार प्रकारले परिणाम गर्नु पर्छ । अर्थात् जुन उपाय कौशलद्वारा पहिलेका बुध्दहरूले बुद्धत्व लाभ गरे यो मेरो दानले पनि त्यही उपाय कौशल्य लाभ गर्न सकूं । (प्रथम परिणामना) जुन कल्याणमित्रको संगत गर्दा सम्यक् संबुद्धत्व लाभ हुने हो । यो मेरो दानले त्यही कल्याणमित्रहरूको संगत प्राप्त होस् (द्वि. प.) जुन भोग संपत्तिद्वारा जगतसत्वलाई पालन पोषण गर्न सकिने हो, यस्तो भोग सम्पत्ति मेरो यो दानले मलाई लाभ होस् (तृ. प.) । यो दानको पुण्यले

धर्मदान र अमिषद्वारा मेरो र प्राणीहरूको हित सुख गर्न सक्ने आत्मभाव अर्थात् जीवन लाभ होस् (च. प.)। यस्तो चार प्रकारको कामना गर्न सिक्नुपर्छ ।

हे कुमार ! समाधि लाभ गर्न चाहने प्रज्ञावान बोधिसत्व वा गृहस्थले शीलवान्, गुणवान् तथा प्रज्ञावान् कल्याण मित्रहरूको संगत गर्नु पर्छ, सेवा गर्नु पर्छ । केही गरी समाधि धारणा गर्ने बोधिसत्व बिरामी हुनु भयो भने आफ्नू रक्तदान गरेर पनि उपकार गर्नु उचित छ ।

हे कुमार ! असंख्य कल्प पहिले अचिन्त्य प्रणिधान विशेष समुद्गतराज नामको तथागत उत्पन्न हुनु भएको थियो । जुन दिन वहाँ तथागतले बुध्दत्व लाभ गर्नु भयो त्यही दिन असंख्य निर्मित बुष्दहरू निर्माण गरी असंख्य प्राणीहरूलाई विनीत बनाएका थिए । असंख्य प्राणीलाई उध्दार गरी अन्त्यमा परिनिर्वाण हुनु भयो । वहाँको धर्म अन्तर्धान भएपछि धेरै भिक्षुहरू उपलम्भ दृष्टिका भए । सद्धर्म धारणा गर्ने भिक्षुहरूलाई दु:ख दिने तथा ज्यादे मार्ने खालका समेत हुन थाले । त्यस वेला जम्बुद्वीपमा ज्ञानबल नामको राजा थिए । वहाँले सद्धर्मलाई स्थिर गर्न समाधि धारणा गरेका शीलवान् भूतमति नामको भिक्षुलाई सत्कार गौरव गरी धर्म प्रचार गर्न लगाएका थिए । वहाँको धर्म सुन्न राजा तथा राजपुत्री ज्ञानावती पनि नित्य जानु हुन्थे । दैव संयोगवश भूतमति भिक्षुको छातिमा कृष्णविसर्ष (कालो फोका उठ्ने रोग नेवारीमा ज्वालानागं न्यागु भन्ने रोग) उठेको थियो । धेरै जान्ने वैद्यहरूले औषधि गर्दा पनि निको हुन सकेन र असाध्य हुंदै गयो । त्यहो दिन ज्ञानबल राजाको इष्ट देवताले सपनामा राजा र राजपुत्रीलाई यसोभने— मानिसको रगत लगाई दियो वा मानिसको मासु खुवाइ दियो भने यो रोग निको हुन्छ । अनि राजाले सबैसंग कसले रगत तथा मासु दान गर्न सक्छ भनेर सोधे तर कसैले आँट गरेन । तर राजपुत्री ज्ञानावतीले

सद्धर्ममा अत्यन्त विश्वास गरी आफ्नो तीघ्राको मासु काटी पकाएर भोजन संगै सुतुक्क खुवाइन् तथा रगत पनि लगाई दिइन् । अनि सो भिक्षु त्यही दिनदेखि सचो हुन थाले । भिक्षुले पनि आफ्नू दाह शान्त हुने वित्तिकै धर्मदेशना गर्न थाल्नु भयो ।

अनि राजा ज्ञानबलले आफ्नी छोरी ज्ञानावतीलाई गाथाद्वारा यस्तो भन्नु भयो– हे पुत्री ! तिमीले नररूधिर कहाँ पायौ, मासु कहाँ पायौ ? धर्मभानक गुरूलाई कसरी उपकार गऱ्यौ? यस्तो प्रश्न सुनी ज्ञानावतीले यसरी बिन्ती गरे–हे बुबा! मैले पनि सपना देखेको थिएं । यो सपना अवश्य सच्चा हुनु पर्छ भन्ने संझी मैले आफ्नै मासु भोजनसंग सुतुक्क खुवाई दिएकी हुं र रगत पनि लगाई दिएकी हुं । यस्तो वचन सुनी छोरी तिमीलाई ठूलो वेदना भयो होला । अहिले कस्तो छ भनी प्रश्न गर्दा ज्ञानावतीले भनिन्– हे बुबा ! नरकमा मानिसहरूको मासु गिध्द र कुकुरहरूले लुछेर खान्छन् र अनि फेरि उनीहरूको पाप कर्मको फलले तुरून्त मासु उम्रेर आउंछन् भने हाम्रो पुण्यको फलले मासु किन उम्रेर नआउनु ? मैले धर्मकाय लाभ गर्न मासु दान गरेकी हुं । धर्मकायमा न मासु हुन्छ, न घाउ हुन्छ । त्यसमा त प्रीति सौमनस्य मात्र हुन्छ । यो धर्मभानक निको भएकोले प्यास लागेका धेरै व्यक्तिहरूले धर्मामृत पिएर प्यास शान्त गर्न पाउने भयो।जसरी श्रद्धालु व्यक्तिले देव मन्दिर चैत्य आदि जीर्णोद्धार गर्छ त्यस्तै मैले पनि चैत्य रूपी धर्मभानकको शरीरलाई जीर्ण उद्धार गरे । यति नगरेको भए समाधिराज सूत्र भन्ने शब्द मात्र पनि सुन्न पाउने थिएन । अनि कालान्तरमा ज्ञानावती च्युति भइन् र समाधिराज सूत्र देशना गर्ने हुनु भयो । वहाँले धेरै बुद्धहरूको दर्शन पनि पाउनु भयो । अनि पछि दीपप्रभ तथागतको शासनमा स्त्री भाव छोडी धर्मभानक हुनु भयो ।

हे कुमार ! त्यस बेलाको भूतमति पछि दीपंकर तथागत हुनु भयो । त्यस बेलाको राजपुत्री ज्ञानावती मैं हुं भनी श्री भगवान्

बुद्धले आज्ञा भयो । त्यस वेला विरामी भिक्षुलाई सेवा गर्नेहरू सबै अवैवर्तिक बोधिसत्व भए । तिनीहरूलाई कुनै प्रकारको रोग लागेन । अन्त्यमा ती बोधिसत्वहरू अभिरति भूमिमा उत्पन्न भएर अक्षोभ्य तथागतको दर्शन लाभ गरे ।

हे कुमार ! यो स्मरणीय गाथा याद गर–

न शीलु त्रायेत श्रुतं च तस्य
न ध्यातु त्रायेन्न अरण्यवास
तदा नु त्रायेन्न च बुद्ध पूजा
व्यापादु कृत्वान पस्परेण ।।

अर्थात् परस्परमा द्रोह चिताई कुभलो चिताई हिंड्ने व्यक्तिलाई शीलले रक्षा गर्दैन नत बहुश्रुतले रक्षा गर्ला । त्यस्तै ध्यान तथा आरण्यवासको पुण्यले पनि रक्षा गर्न सक्दैन । न त बुद्ध पूजाले नै रक्षा गर्ला । त्यसकारण आफ्नू रक्षा गर्न चाहनेले व्यापाद नगर्नु उचित छ ।

सुपुष्पचन्द्र परिवर्तः

अनि आनन्दले आफ्नू आशनबाट उठी साष्टाङ्ग प्रणाम गरी श्री भगवान्संग यस्तो विन्ती गर्नु भयो । हे भगवन्! कुनै कुनै बोधिसत्वहरूले बोधिचर्या पालन गर्दा हात गोडा काटेको तथा आँखा आदि अङ्ग प्रत्यङ्ग झिकेको तथा दु:ख पाएको वर्णन पाइन्छ । के त्यसो गर्दा साँचै बोधि लाभ हुने हो? आनन्दको यस्तो प्रश्न सुनी श्री मुखबाट यस्तो आज्ञा भयो– बुद्धत्व लाभ गर्न मैले जो दु:ख अनुभव गरें त्यो तिमीलाई स्वत: ज्ञान होस् किन प्रश्नको जवाफ दिइरहुं । हे आनन्द ! पैतलादेखि शिरसंम दन दन बलिरहेको व्यक्तिलाई ननिभ्दै कोही परम सुन्दरी आई आउनुहोस् म तपाइसंग रस रङ्ग गर्न चाहन्छु भनिन् भने के त्यो व्यक्ति रस रंग गर्न तम्सेला ? तैपनि कल्पना गरूं सो व्यक्ति रस रङ्ग गर्न तम्सन सक्छ । परन्तु तथागतले बोधिचर्या पालन गरिरहेको बेला तीन अपाय दु:खमा परेको व्यक्ति देख्दा तथा दु:खी दरिद्रहरूलाई देख्दा सुख सौमनस्य तथा चित्तहर्ष कहिल्यै

भएन । अखण्ड, अच्छिद्र, अकल्मष, अशबल, अपरामृष्ट शील भएका बोधिसत्वहरू पनि अरूको दुःख देखेर हात गोडा, आँखा, कान लुच्छाउन कति पर हटेको देखिंदैन। तर वहाँहरूले दुःखको अनुभब गर्दैन, गर्दा बरू चाँडै बुद्धत्व लाभ गरेको देखिन्छ ।

अतीतको कुरा हो । त्यस बेला रत्न पद्मचन्द्र विशुद्धाभ्युद्गतराज तथागत उत्पन्न हुनु भयो । वहाँको आयु नव्यकोटी कल्पको थियो । वहाँले अनन्त कोटी प्राणीहरूलाई अवैवर्तिक पदमा प्रतिष्ठित गर्नु भएको थियो । वहाँ परिनिर्वाण भएपछि मानिसहरू धर्मविमुख हुन थाले । त्यस बेला अतिवृष्टि अनावृष्टि आदि कारणले दुर्भिक्ष हुन थाले । हजारौं बोधिसत्वहरू शहरबाट निकालिए । ती सबै भिक्षुहरू समन्त भद्र नामक वनमा वसेका थिए । तिनीहरूसंग सुपुष्पचन्द्र भन्ने धर्मभानक पनि थिए । वहाँले विभिन्न धारणी देशना गरी बोधिसत्वहरूलाई बोध गराउंथे । एक दिन सुपुष्पचन्द्रले ध्यानमा बस्दा दिव्य चक्षुद्वारा धेरै बोधिसत्वहरू अरू लोक धातुबाट यो पृथ्वीमा जन्म लिन आएको देख्नु भयो । यति मात्र होइन उनीहरूले धारणी धर्मपर्याय सुन्न पाए अवैवर्तिकत्व लाभ हुन सक्ने कुरो पनि देख्नु भयो । अनि समाधिबाट ब्युंझी त्यहाँ उपस्थित सबै बोधिसत्वहरूसंग आफ्नू सपनाको बारे छलफल गरी विदा भई शहरमा गएर धर्मदेशना गर्ने निर्णय गरे । तर धेरै व्यक्तिहरूले नजाने सल्लाह दिए पनि जीवनको परवाह नगरी जाने निधो गरेर जङ्गलमा निर्वासित बोधिसत्वहरूलाई गाथाद्वारा यस्तो भन्नु भयो– हे आयुष्मान्हरू! आत्मसंज्ञा भएका व्यक्तिले बुद्धशासन पालना गर्न सक्दैन बुद्धलाई पूजा गर्न चाहनेले बुद्धको धर्मलाई रक्षा गर्नु पर्छ । तपाईहरूले अखण्ड शील पालन गर्नु होस् । यस्तो वचन सुनी बोधिसत्वहरूले भने– वनमा बसेर नै बुद्धत्व लाभ हुन्छ भनी भगवान् बुद्ध भन्नु हुन्छ । तपाई पनि वन छोडेर नजानु भए बढिया होला । किनभने शहरमा राजाहरूले अनेक किसिमको दोष लगाएर दण्ड दिन सक्छ । अनि सुपुष्पचन्द्रले भन्नु भयो– जगत उद्धार गर्न बुद्धहरू

पनि नगर नगरमा चारिका गर्नु हुन्छ। यति भनी सुपुष्पचन्द्र ग्राम, नगर निगम हुंदै धर्मदेशना गर्दै धेरैलाई बुध्दधर्मको रसास्वादन गराउंदै रत्नावती राजधानीमा पुगे। बिहान देखि बेलुका सम्म राजधानीमा धर्मदेशना गर्ने र रात भरी शहर बाहिरको पोखरीको रूखमुनि नखस्तूपको सामुन्ने बसी केही नखाई रात विताउने गर्थे। यसरी चार दिन विताई पाँचौं दिन दरवार भित्र पसेर धर्मदेशना गर्न थाले। त्यहाँ राजपुत्रहरू तथा दरवारका स्त्री वर्गहरू सबै विशुद्ध धर्मको प्रभावमा पर्न थाले। यसरी सातौ दिनमा राजा शूरदत्तलाई पनि वहाँले देखे। त्यस वेला राजाको साथमा धेरै कुमारीहरू पनि आइरहेका थिए। अनि सुपुष्पचन्द्रलाई देखेर ती सबै कुमारीहरूले धर्ममा विह्वल भई आ-आपना गहनाहरू फुकाल्दै वहाँको पाउमा चढाउन थाले। त्यस वेला राजाले आफ्नो पछि लाग्न छोडेका ती कुमार कुमारीहरू र अरू अनुयायीहरूलाई देखेर क्रुद्ध भई भिक्षु उपर द्रोह चित्त उत्पन्न गरे। अनि राजाले आफ्ना छोराहरूलाई आज्ञा भयो–यो अकिञ्चन भिक्षु मेरो प्रासाद भित्र आई धर्मदेशना गर्ने निहुंले मेरो राज्य ताक्न सक्छ। यसलाई नमारी हुंदैन भन्ने विचार गरी नन्दिक नामको वध्य घातकलाई बोलाई मार्ने हुकुम दियो। यो दुष्ट गुण्डो मेरो दरवारमा आई मेरा आइमाइहरूलाई हेर्ने साहस गरेकोले सव भन्दा पहिले यसको दुवै आँखा निकाल। अनि दुबै हात र दुवै गोडा निकाल। त्यसपछि नाक काटी मारेर शहरको दोबाटोमा फालिदिनु। कसैलाई लाश उठाउन नदिनु। अनि राज आज्ञा बमोजित त्यस्तै गरियो। यो घटनाले शहरमा रूवाबासी चले। त्यो दिनदेखि राजाको मनमा पनि शान्ति भएन। सात दिन पछि राजा स्वयं त्यो लाश भएको ठाउंमा गई हेर्न गए। त्यस बेला सम्म यो लाश एक जात विकृत भई कुहेको थिएन। यस्तो विलक्षण प्रभाव देखी यो भिक्षु अवश्य पनि अवैवर्तिक हुनुपर्छ भनी राजालाई पश्चाताप उत्पन्न भयो। सम्पूर्ण मेरा नगरवासीहरूले वहाँलाई श्रद्धा गरे, केवल मै पापीले मात्र यस्तो अत्याचार गरें भन्ने भयले तथा नरकको त्रासले रातमा निद्रा नलाग्ने दिनमा खान मन नलाग्ने

भयो । त्यसै बेला देवताहरूले यो कुरा समन्त भद्र वनमा बस्ने भिक्षुहरूलाई वताई दिनु भयो । भिक्षुहरू पनि शोकले विह्वल भई सुपुष्पको वर्णन गर्न लागे ।

अनि आनन्दलाई संवोधन गर्दै श्री भगवान् बुद्धले गाथाद्वारा यस्तो आज्ञा भयो– हे आनन्द ! त्यस बेलाको शूरदत्त राजा मै हु । त्यस बेला देवताहरूले आकाशबाट–हे कलिराज ! तँले धेरै पाप गरिस्, कल्प कल्प अवीचि नरकमा दु:ख भोग्ने छौ भनेको मैले सुनेको थिएं । तँले काम रागको आशक्तिले दु:ख पाउने भयौ भनी गाली गरेको पनि सुनिरहें । अनि पश्चातापले आकुल भई बुद्धरत्नको शरण परें । सब छोराछोरीहरूको सहयोगले सो भिक्षुको शरीरलाई विधिवत श्रीखण्ड अगुर आदिले जलाई अस्थिधातु राखी धेरै स्तूप बनाई पूजा गरे । अखण्ड शील पालन गरी धेरै कोटी वर्ष सम्म उपोवध व्रत पालना गरी च्युति भई अवीचि नरकमा धरै कल्प विताएं । बासठ्ठी कल्प भित्र धेरै पल्ट जन्मान्ध भई जन्म विताएको थिएं । यसै गरी धेरै जन्मसम्म हात गोडा कटाएर बिताएं । तर मेरो पाप कटेन । हे आनन्द ! त्यस बेलाको सुपुष्पचन्द्र पछि पद्मोत्तर तथागत हुनु भयो । त्यस बेलाको नरनारीहरूले पनि सुपुष्पचन्द्रको उपदेश सुनी बुद्धत्व लाभ गरे । त्यस बेलादेखि मैले अटुट बोधिचर्याको अभ्यास गर्दै आइरहेकोले अव म बुद्ध हुन सफल भएं । त्यस कारण वोधिचर्या पालन गरी धारणी पर्यायको नियममा लाग्ने व्यक्तिको भलाई नै हुन्छ ।

शीलस्कन्ध निर्देश परिवर्तः

अनि श्री भगवान् बुद्धले चन्द्रप्रभकुमारलाई यस्तो आज्ञा भयो– हे कुमार ! काम, राग र इर्ष्याको कारणले दु:ख पाउने कुरा संझी सुखपूर्वक बुद्धत्व लाभ गर्न चाहने व्यक्तिले शीलस्कन्धमा प्रतिष्ठित भएर सबै बोधिसत्वहरू प्रति शास्तृ प्रेम गर्नु पर्छ । यति आज्ञा भई गाथाद्वारा शीलस्कन्धको यसरी प्रशंसा

गर्नु भयो । शीलस्कन्धलाई पालना गरी सबै प्राणीहरू प्रतिहित चित्त उत्पन्न गर्ने व्यक्ति अक्षोभ्य बुद्धको अभिरति भूमिमा उत्पन्न भई क्षान्ति लाभ गर्ने हुन्छ र बुद्धत्व पनि लाभ गर्ने हुन्छ । यसकारण चित्तदुषित नगर सबैलाई मनपर्ने व्यवहार गर। कपट नगर यसो गर्दा चाँडै समाधि पनि प्राप्त हुन्छ । यदि समाधि प्राप्त बोधिसत्वले इच्छा गरेमा उसलाई अक्षय सप्तरत्नले पूर्ण हुनेछ । अनि अनन्त कालसम्म दानादि गर्न सक्नेछ तथा बुद्धको धर्म सुन्न इच्छा भएमा सो वोधिसत्वले सबै पुण्यस्कन्ध भन्दा उत्तम धर्म जानेर धर्मदान गर्न पाउने छ । यसकारण यो समाधि राज सूत्र पाउनु अप्रमेय पुण्य लाभ गर्नु हो। यसलाई धारणा गर्नु पाठ गर्नुको प्रभावले असाधारण ज्ञान लाभ हुने हुन्छ । तथा अनन्त तथागतहरूको पूजा गरे सरह पुण्य लाभ हुने हुन्छ। यो मृषा (झूठ) होइन । बुद्ध झूठ बोल्दैन भन्ने जानी हे कुमार ! यसलाई धारणा गर । यो समाधि लाभ गर्न मैले धेरै कल्पसम्म अहंकार त्यागी बोधिचर्या पालन गरें । यो समाधि सुनेपछि मैले चाँडै बुध्दत्व लाभ गरें । हे कुमार ! सबै प्राणीहरूले एक कल्प भित्र कति आश्वास प्रश्वास गरे यसको गणना गर्न सकिन्छ तर यो समाधिको पुण्य गणना गर्न सकिंदैन । यसको प्रभावले धर्म भानक भई अनाशक्त भएर सद्धर्म देशना गर्न सक्ने हुन्छ । र कुनै विषय पनि निर्धक्कसंग व्याख्यान गर्न सक्ने हुन्छ । उनको विचारलाई कसैले काट्न सक्दैन । किनभने उनले शून्यता बिहार गरेको हुन्छ अर्थात् बुध्द बिहार गरेको हुन्छ। समाधिको प्रभावले बल बोध्यङ्ग प्रतिसविदा, ऋद्धि, अभिज्ञा उसको निमित्त दुर्लभ हुदैन । अनन्त बुद्धहरूको मुखारविन्दबाट धर्म श्रवण गर्नु पनि दुर्लभ हुंदैन । पृथ्वी तल देखि भवाग्र सम्म सुन थुपारेर सबै दान गरेको पुण्य भन्दा बुद्धत्व लाभ गर्न गरेको शून्यता भावनाको पुण्य धेरै हुन्छ । समाधिराजको चार पाउको गाथा मात्र प्रसन्न चित्तले धारणा गर्दा पनि अरू पुण्य भन्दा धेरै पुण्य लाभ हुने हुन्छ । त्यसकारण अरू उपायले भन्दा समाधिराज सूत्रको उपायद्वारा

चाँडै बुध्दत्व लाभ गर्न सक्ने हुन्छ। यसकारण धर्म लोप हुन लागेको बेलामा समाधिराज सूत्रलाई प्रसन्न चित्तले मधुर स्वरद्वारा, धर्म स्वरद्वारा धर्म प्रचार गर्नु अति उचित छ। यस्तो गर्ने व्यक्ति नै महात्यागी हुन्, वहुश्रुत हुन्, धर्म निधानलाई रक्षा गर्ने हुन्। प्रमादिलाई सन्माग देखाउने हुन्। मैत्री आदि भावना गर्ने हुन्, सवै पारार्थिहरूलाई तारने नौका हुन्। क्लेश व्याधिलाई शान्त गर्ने वैद्यराज हुन्। डराएकाहरूलाई आश्वासन दिने, शरण दिने तथा मारपाशलाई छिन्न सक्ने व्यक्ति हुन्। त्यसकारण यो समाधिराज सूत्रलाई बुद्धहरूको अक्षय कोष संझी तथा ज्ञानसागर संझी हे कुमार! तिमीले पनि धारणा गर।

यशः प्रभ परिवर्तः

श्री भगवान्ले चन्द्रप्रभलाई यस्तो आज्ञा भयो–हे कुमार! अपरिमेय आश्चर्यले युक्त बोधिसत्वको गुण र बुद्धत्व लाभ गर्न चाहने बोधिसत्वले पनि यो समाधिराज सूत्रलाई धारणा गर्नु तथा ग्रहण गर्नु आवश्यक छ। अनि सहन शक्तिको बल बढाई धर्ममा लाग्नु बुद्ध पूजा गर्नु योग्य छ। यति बाहेक अरू तीन कुरामा पनि ध्यान दिनु पर्छ अर्थात् क्लेश क्षय गर्नु, पुण्यको वल वृद्धि गर्नु र बुद्ध ज्ञानको लागि कुशलमूल रोप्नु पर्छ।

अनि फेरि गाथाद्वारा यस्तो आज्ञा भयो–हे कुमार! लाखौं कल्प बोधिचर्या पालन गरी मैले समय बिताएं। लाखौं बुद्धको पूजा गरें। यी सबै क्रियाकलापको उद्देश्य यही समाधि प्राप्त गर्नुको निमित्त थियो। त्यस बेला गणेश्वर नामका तथागत हुनु हुन्थ्यो। वहाँको संघ ठूलो थियो। ती सबैले अष्ट विमोक्षको भावना गर्थे। त्यस बेला सुभिक्ष थियो। जनता सुखी थिए। त्यस बेला वरपुष्प नामको राजा हुनुहुन्थ्यो। वहाँको धेरै छोराहरू थिए। एक दिन राजाले गणेश्वर तथागतलाई फलपुष्पले युक्त रमणीय उद्यान चढाए। सो राजाको आशय अति शुद्ध

हुनाले यही समाधिराजको देशना गर्नु भएको थियो । साथै यी संसार सवै परिकल्पित हुन्, जादु समान हुन्, असार हुन्, शून्य हुन् भनी शून्यता सम्बन्धी धेरै व्याख्यान गरी सुनाउनु भयो । अक्षय धर्म तथा अक्षर शब्दको व्याख्या गरी सुनाउनु भयो अर्थात् अक्षरवाट शब्द वन्छ त्यही शब्दबाट धर्मको व्याख्या हुन्छ । यसरी सहस्र बुद्धले धर्मदेशना गरे पनि ती अक्षरहरू क्षय भएको देखिंदैन तथा ती अक्षर धर्म पनि हैन भनी वचनमा आशक्त हुनु हुंदैन आदि सबै कुरा राजालाई उपदेश दिनु भयो । यी धर्म सुनेर राजाले अनुत्पत्तिक धर्म क्षान्ति लाभ गरी प्रव्रजित हुनु भयो । गणेश्वर तथागतले राजा र राजपुत्रहरूलाई दुई हजार वर्ष सम्म शिक्षा दिई परिनिर्वाण हुनु भयो । पुण्यमति भन्ने राजपुत्र कहाँ आउने यशः प्रभु नामको भिक्षुले वहांलाई यही समाधिको ज्ञान दिनु हुन्थ्यो । वहाँ भिक्षुलाई अरू भिक्षुहरूले सहंदैन थे । त्यसकारण वहाँको सुरक्षाको निमित्त धेरै अङ्ग रक्षकहरू नियुक्त गरेका थिए । एक दिन शून्यताको विरोध गर्ने भिक्षुहरूले शस्त्र लिएर हमला समेत गर्न आए तर यशः प्रभुले नडराइकन बुद्धलाई नमस्कार सवै वस्तु शून्य हुन् भन्ने सत्य वाक्यले यो शस्त्र पनि मारबड पुष्पमा परिवर्तन होस् भन्ने वित्तिकै त्यो शस्त्र फूल बन्यो । यस्तो प्रभाव देखेर सवैले आश्चर्य माने । त्यस बेला यशः प्रभुले भन्नु भयो–जसले म उपर द्वेष गर्छ त्यसको निमित्त मैले वोधिचर्या पालन गरेको हुं । वहाँले अस्सो बर्ष सम्म शून्यताको व्याख्यान गर्नु भयो । हे पुण्यमति ! मैले पूर्वजन्ममा मेरा आचार्यहरूको चित्त दुःखाएको थिएं । त्यसको परिणाम मैले भोगेको हुं तर तिनीहरू प्रति मेरो कुनै द्वेष छैन, मैत्री नै छ भनेर यशः प्रभुले भन्नुभयो ।

श्री भगवान्ले चन्द्रप्रभलाई फेरि यस्तो आज्ञा भयो–हे कुमार ! त्यस वेलाको यशः प्रभु म नै हुं । मेरो सहायता गर्ने पुण्यमति राजपुत्र मैत्रेय बोधिसत्व हुन् । गणेश्वर तथागतलाई उद्यान दान गर्ने वरपुष्प राजा पछि पद्मोत्तर तथागत हुनु भयो । हे कुमार ! मेरो यो उपदेशलाई

तिमीले पनि सद्धर्म संझी रक्षा गर । शून्यतालाई भावना गर। छत्र ध्वजा पताकाद्वारा बुद्ध प्रतिमालाई पूजा गर। बुद्ध भनेर धर्मता (प्रतीत्यसमुत्पाद) लाई संझ । सून वा चाँदीले बुद्ध प्रतिमालाई लेपन गर । मैत्री भावना गर, क्षान्ति बल बढाऊ। वीर्य (उत्साह) बढाई ध्यानमा स्थिर होऊ। प्रज्ञा भावनाद्वारा विशुद्ध बन। यसो गरेमा चाँडै कारूणिक बन्न सक्ने छौ। यो शरीरलाई असार र दुःखमय दुर्गन्धपूर्ण भनी भावना गर । यसो गरेमा काम रागले सताउन सक्ने छैन । सबै वस्तु शून्य भनी भावना गरेमा चाँडै नै आत्म दृष्टि विलीन हुन्छ र बोधिज्ञान प्राप्त हुन्छ । अनि सुखावती भुवनमा जानेछौं। प्रिय अप्रिय भनेर नसम्झ लाभ यसको आशा नगर । बुद्ध गुण वर्णन गर । आचार्य गुरू आमा बाबुको गौरव गर । गफमा (संगणिकामा) समय न बिताऊ । एकान्तमा रमाउने गर । मैत्री करूणा, मुदिता, उपेक्षामा समय बिताऊ । पापीको संगत छोड । कल्याणमित्र र शून्यता भावना गर्नेहरूसंग सहवास गर । आफूमात्र निर्वाण हुने चर्यामा नलाग साँचो बोल, मीठो बोल । आफ्नू बढपन नदेखाऊ । अरूलाई नहोच्याऊ । जसरी हुन्छ अनिमित्त विहारी होऊ । हे कुमार ! मैले जति बोलें त्यसबाट गुण भए लेऊ, दोष छोड । बुध्द हुने उपाय यही हो ।

काय वाङमनः संवर परिवर्तः

हे कुमार ! अब तिमीले कायसंवरलाई धारणा गर भनी श्री भगवान् बुध्दले आज्ञा भयो । जो बोधिसत्वले कायसंवर धारणा गरेको छ उसले असङ्ग ज्ञान लाभ गर्ने हुन्छ तथा द्वात्रिंशन्महापुरूष लक्षण, तथागत दश बल, चार बैशारद्य, अष्टादश आवेणिक बुध्द धर्म तीन विमोक्ष; चतुर्ब्रह्म विहार, चतुःप्रतिसंविद, सप्तत्रिंशद् बोधिपक्ष अर्थात् चार स्मृत्युपस्थान, चार सम्यक प्रहाण, चार ऋध्दिपाद, श्रध्दादि पाँच इन्द्रिय तथा बल, सात बोध्यङ्ग, अष्टाङ्गिक मार्ग र महाकरूणा महा उपेक्षा

कुशल वितर्क, प्रविवेक धर्म लाभ गर्ने हुन्छ । यसैलाई कायसंवर भनिन्छ ।

यति मात्र होइन हे कुमार ! कायसंवर पालना गर्ने व्यक्तिले प्राणातिपात, अदत्तादान, काममिथ्याचार, मृषावाद, पैशून्य, परूष वचन, संभिन्नप्रलाप, अभिध्या, व्यापाद, मिथ्या दृष्टि नाम गरेका दश अकुशल कर्म छोडेको हुन्छ । ढक, तराजु माना, पाथी आदिमा कपट नगर्ने तथा अरूलाई घिसार्ने, बाँध्ने, थुन्ने, कुट्ने, काट्ने, फोर्ने विपरामोष (निमोठ्ने) आलोप आदि साहसिक कर्म नगर्ने हुन्छ न त हात गोडा नै चंचल हुन्छ । यस्तो व्यक्तिलाई कायसंवरले युक्त व्यक्ति भनिन्छ ।

हे कुमार ! परापूर्व कालमा धेरै कल्प अघि ज्ञान प्रभास नामको तथागत हुनुहुन्थ्यो । वहाँको आयु साठि करोड वर्षको थियो । वहाँका धेरै श्रावकहरू पनि थिए । त्यस वेला बिशेष चिन्ती नामको राजा हुनु हुन्थ्यो । एक दिन त्यो राजा तथागत कहाँ गयो र पाउमा वन्दना गरी एक छेउमा बस्नु भयो । त्यस बेला ज्ञानप्रभास तथागतले कायसंवर समाधि मुख प्रवेश नामको धर्मोपदेश गाथाद्वारा यसरी आज्ञा भयो ।

कायसंवर भनेको आकाश जस्तै विशुद्ध प्रकृति प्रभास्वर हुने हुंदा यसको प्रशंसा वचनद्वारा हुन सक्दैन । लक्षण र हित भनी भावना गर्ने गर्दा संवर र असंवरको ख्याल नराखी जन्म मरण निरोध हुने हुन्छ । काम रागमा भुलेका व्यक्तिले कायसंवर पालना गर्न सक्दैन । त्रिधातुको दु:खदेखि तर्सेका व्यक्तिले मात्र काम रागलाई छोडेर यस्तो कायसंवरलाई जान्न सक्छ । कायसंवर भनेको वस्तु हो । त्यसलाई शब्दले व्यक्त गर्सिंदैन भन्ने बुझ्नेले मात्र कायसंवर पालन गर्न सक्छ । अर्थात् सम्बरलाई पनि निमित्त ग्रहण नगरी भावलाई पनि अभाव देख्न सक्नेले मात्र अनिमित्त समाधि लाभ गर्ने हुन्छ । जसले पञ्चस्कन्ध नै शून्य देख्छ त्यसले कायसंवर धारणा गर्ने हुन्छ । यसकारण संवर

लाभ गर्न चाहनेले शून्यता भावना गर्नु पर्छ । यसरी कायसंवर पालना गर्ने व्यक्तिलाई विष तथा शास्त्रको भय हुंदैन । सबै बुद्ध गुण पनि लाभ हुने हुन्छ । यस्तो उपदेश सुनेर राजा प्रसन्न हुनु भयो ।

हे कुमार ! तिमीले पनि यो नियमलाई पालना गर । यसो गर्दा ऋद्धिले पनि संपन्न हुने हुन्छ । पञ्चाभिज्ञा पनि लाभ हुन्छ ।

हे कुमार ! यसै गरी वाक्संवर पनि पालन गर्ने कोशिस गर्नु पर्छ।वाक्संवरले युक्त भएको व्यक्तिको साठ्ठी प्रकारको असङ्ग गुणले युक्त बुद्ध वचन लाभ हुने हुन्छ । यसैलाई वाक्संवर भनिन्छ । वाक्संवर युक्त व्यक्तिको वचन सबैले विश्वास गर्ने हुन्छ तथा वत्तीस लक्षणले युक्त हुन्छ । दशवल, चार वैशारद्य, अठाह्र आवेणिश बुद्ध धर्म लाभ हुन्छ तथा चार स्मृत्युपस्थान, चार सम्यक् प्रहाण, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यङ्ग, अष्टाङ्गमार्ग पनि लाभ हुने हुन्छ । वाक्संवर लाभ भएको व्यक्तिको महाकरूणा, महाउपेक्षा, क्षेम वितर्क लाभ हुने हुन्छ । जसले वाक्संवर पालन गरेको छ त्यसले मृषावाद छोडेको हुन्छ । पिशुन वचन पारूष्य वचन संभिन्न प्रलापलाई छोडेको हुन्छ । आमा बाबु गुरूको सामु असभ्य वचन नबोल्ने हुन्छ । निर्दोष वचन मात्र बोल्ने हुनाले कुनै शब्दमा आशक्ति नहुने हुन्छ । यस हुनुलाई वाक्संवर भनिन्छ । यही कुरा गाथाद्वारा पनि श्री ज्ञानप्रभास तथागतले विशेष चिन्ती राजालाई आज्ञा भयो ।

अनि भगवान् बुद्धले चन्द्रप्रभ कुमारलाई संबोधन गरी यस्तो आज्ञा भयो– हे कुमार ! बोधिसत्वले मनःसंवर पनि पालना गर्नु पर्छ । मन संवर पालना गर्ने व्यक्तिले वज्रोपम समाधि लाभ गर्ने हुन्छ तथा ज्वलनान्तराभ नामको रश्मि लाभ हुने हुन्छ तथा पूर्वोक्त संवरमा प्राप्त हुने सबै गुण पनि लाभ हुने हुन्छ तथा तिथ्यादृष्टि हटी अभिध्या, व्यापाद, कौसीद्य आदि

दोषले रहित हुन्छ । गुरू. आमा बावुको सामु शाठयचित्त (कपट चित्त) उत्पन्न गर्दैन । राग, द्वेष, मोहलाई उत्पन्न गर्दैन । वोधि चित्तलाई स्थिर गर्ने हुन्छ । दोष सहितको चित्त उत्पन्न गर्दैन । असत्पुरूषहरूसंग सहवास पनि गर्दैन । संधै मायोपम स्वप्नोपमको भावना गर्ने हुन्छ । यी सबै मनः संवरका गुणहरू हुन् भनी यही कुरा श्री भगवान्ले गाथाद्वारा पनि आज्ञा भयो र अन्त्यमा यस्तो आज्ञा भयो–

परमार्थसत्य सुपिनेन समम्
निर्वाण स्वप्न सम मोतरति ।
मन एव मोतरति येन विदु
मनः संवर कथितु श्रेष्ठ अयम्

हे कुमार ! परमार्थ सत्यलाई स्वप्न समान सम्झने तथा निर्वाणलाई पनि स्वप्न समान भावना गर्ने तथा सबै कुरा मनकै परिणाम हुन् भनी सम्झने व्यक्तिले उत्तम मनः संवर पालन गरेको हुन्छ ।

पर्दात्रिशत निर्देश परिवर्तः

अनि भगवान् बुद्धले चन्द्रप्रभलाई संबोधन गरी आज्ञा भयो– हे कुमार ! पर्दात्रिशतलाई पनि जान्नु उचित छ । यही तीन सय पदलाई समाधिराज भनिन्छ । ती पदमध्ये त्रिभवलाई स्वप्न समान भावना गरी त्रिभवदेखि विरक्त हुनु कर्म विशुद्ध भनिन्छ।

पञ्चस्कन्धलाई मृगतृष्णा समान भावना गर्नुलाई स्कन्ध परिज्ञा भनिन्छ ।

हे कुमार ! यस्तै गरी तीन सय पदहरू छन् । यी तीन सय पदहरूलाई नै सर्वधर्म स्वभाव समताविपञ्चित समाधि भनिन्छ ।

परीन्दना परिवर्तः

अनि त्यस वेला श्री भगवान् बुद्धले यस्तो गाथा आज्ञा भयो-जसमा विपुल (प्रशस्त धेरै) बुद्धधर्महरू छन् तथा विपुल गुणहरू छन्, चर्या पनि विपुल छन्, आगम पनि विपुल नै छन् त्यस्तो धर्म तथा सूत्रलाई वैपूल्य सूत्र भनिन्छ । यसरी यो सर्वधर्मस्वभावसमताविपञ्चित समाधि व्याख्यान गर्नु हुंदा धेरैले बोधिचित्त उत्पत्ति गरे तथा प्रत्येक बोधिमा चित्त उत्पन्न गरे । यस्तै गरी धेरैले श्रावक बोधिमा चित्त लगाए । त्यस बेला धर्मले पृथ्वी पनि कम्पित भए । आकाशबाट पुष्प वृष्टि भयो । अनि आकाशबाट सबैले यसलाई धारणा गर भन्ने आकाशवाणी भयो ।

अनि श्री भगवान्ले आनन्दलाई आज्ञा भयो– यो समाधिराज सूत्रलाई धारणा गर । यसलाई महाकरूणावतार सूत्र भने पनि हुन्छ । सर्वधर्मस्वभावसमताविपञ्चित समाधि भने पनि हुन्छ। यस्तो आज्ञा भएको सुनी आनन्द तथा त्यहाँ उपस्थित चन्द्रप्रभ आदि सबैले सहर्ष स्वीकार गरे ।

सद्धर्मलंकावतार सूत्रम्

रावणाध्येषण परिवर्त प्रथम:

एक दिन भगवान् बुध्द लङ्कापूरीको समुद्रमलयपर्वतको शिखरमा राज हुनु भएको थियो । त्यस वेला त्यहाँ घेरै भिक्षुहरू र बोधिसत्वहरू पनि हुनु हुन्थ्यो । सागर नागराजाको भवनवाट पाल्नु भएको पनि सात दिन भइसकेको थियो । अनि भगवान् बुध्दले लङ्कामलयलाई देखेर मुसुक्क हाँस्नु भई यस्तो विचार गर्नु भयो– "पहिलेका घेरै बुध्दहरू पनि लङ्कापूरीमलय शिखरमा धर्मदेशना गर्नु भएको थियो । मैले पनि यक्षाधिपतिलाई अघि सारेर धर्मदेशना गर्नु उपयुक्त छ ।" यस्तो विचार गर्नु भएको कुरा तथागतको अधिष्ठानको प्रभावले रावणले सुनेछ र सागर-नागराजाको भवनबाट पाल्नु भई तथागत लङ्कापूरीमा राज हुनु भएको छ भन्ने कुरा पनि थाहा पाई बहुजन हित सुखको निमित्त भगवान्‌लाई धर्मदेशना गर्नु होस् भनी अनुरोध गर्न पुष्पकविमान चढी भगवान् कहाँ आई पुगे । अनि विमानबाट ओर्ली बुध्दलाई त्रिप्रदक्षिणा गरी ताल सहित मधुरस्वरले गाथाद्वारा यस्तो विन्ती गरे– हे भगवन् ! म रावण हुं हामीहरू उपर अनुकम्पा राखी आलय विज्ञान रूपी सागरको प्रवृत्ति विज्ञानरूपी तरङ्ग उठी रहेको हो भन्ने ज्ञान सम्बन्धी धर्म उपदेश दिनु होस् । पहिलेका बुध्दहरूले पनि यही चित्तस्वभावनय धर्मलाई वर्णन गर्नु भएको थियो।यस्तो विन्ती गरेको सुनी भगवान् बुध्दले स्वीकार गर्नु भयो र रावणको पुष्पक विमान चढेर रावणको निवासस्थानमा जानु भयो । वहाँ भगवान् बुध्दको ठूलो पूजा सत्कार गरियो । अनि भगवान् बुध्दले प्रत्यात्मगतिगोचर सम्बन्धी धर्मदेशना गर्नु भयो।

यो धर्मदेशना सुनी सकेपछि रावण स्वप्नाबाट व्यूंझ्ने जस्तो भयो र बुध्द तथा लङ्कापूरीको शोभा पनि देख्नु भएन। अनि यो के भएको न देख्ने म छुं, न त कुनै द्रष्टव्य वस्तु नै छ भन्ने विचार गर्न थाले। यसरी आश्रयपरावृत्ति भएपछि केवल आफ्नो चित्त मात्र देखिने हुन्छ र आफ्नै चित्त मात्र सुनिन्छ भनी बिचार गरिरहेको बेलामा आकाशबाट यस्तो शब्द सुनियो– हे लङ्केश्वर! तिमीलाई धेरै साधुवाद छ। तिमीले अहिले जुन कुरा ज्ञान गरिरहेछौ। योगीजनले पनि त्यही कुरा सिक्नु योग्य छ। चित्त (आलय विज्ञान) मन (क्लिष्ट मनोविज्ञान) र मनोविज्ञान (प्रवृत्ति मनोविज्ञान) लाई छोड्ने भावना गर्नु पर्छ। बाहिरका वस्तुहरू छन् भनी आशक्त हुनु हुदैंन बरू यी सबै वाह्य वस्तुहरू मनबाटै उब्जेका मनोमय हुन् भनी अन्तर्मुखी हुनु पर्छ। श्रावक प्रत्येक बुद्धहरूको सिद्धान्तलाई न अपनाऊ। आख्यायिका (कथा) तथा इतिहासहरूको भर नपर। स्वभाववादी नहोऊ। अधिकारले मत्त नहोऊ। षड् ध्यान आदि पनि नगर। यी उपर्युक्त कुराहरू नै कुशल बोधिसत्व बन्ने नियम हुन्। विश्वरूपको स्वभावलाई पाउन आफू र पराइको स्वभावलाई बुझ्नु तथा महायानको सार लाभ गर्ने यही मार्ग अपनाउनु पर्छ। द्रष्टा र द्रष्टव्य रहित जुन योग तिमीलाई लाभ भयो हे लङ्काधिपति! तिम्रो निमित्त यो तथागत दर्शन नै हो। यस्तो आकाशवाणी सुनेर रावणला बुद्धदर्शन गर्ने इच्छा उत्पन्न भयो।

अनि त्यस बेला भगवान् बुद्धले रावणलाई अनुत्पत्तिक धर्मक्षान्ति लाभ भएको कुरा थाहा पाउनु भई मलय शिखरमा राजा हुनु भएको वहाँले रावणलाई फेरि दर्शन दिनु भयो र हाँस्दै उर्णाकोशबाट रश्मि निकाल्नु भयो। त्यस बेला महामति बोधिसत्वले भगवान् बुद्धलाई यस्तो विन्ती गर्नु भयो– हे भगवन्! यहाँ उपस्थित सबै व्यक्तिहरू हजूर किन हाँस्नु भएको तथा उर्णाकोशबाट रश्मि किन निस्केको भन्ने कुरा सुन्न उत्सुक छन् करूणा राखी यसको कारण आज्ञा हुनु होस्। यस्तो वचन सुनी श्री भगवान्‌ले यस्तो आज्ञा भयो– हे ामति! तिमीलाई धेरै

साधुवाद छ आफू र पराइलाई भलाई गर्न चाह्नेले यस्तो प्रश्न सोध्नु असल हो । लङ्काधिपतिले पनि मलाई यही प्रश्न गर्ने इच्छा गरिरहेको छ। लङ्काधिपतिले प्रश्न गर्नासाथ म यसको उत्तर चित्त बुझ्ने गरी दिने छु । अनि रावणले आफ्नो मुखले आफ्नै मुखलाई परस्परमा हेरे झैं यी सवै संसार आफ्नै जस्तो प्रतीत हुने छ । वाह्य वस्तुको अभाव देख्ने छौ । अतः यो अत्यन्त अचिन्त्य तथागत भूमि हो ।

अनि भगवान् बुद्धले यसरी प्रश्न गर्ने मौका दिनु भए पछि तथागतलाई पुष्प, धूप, दीप, ध्वजा पटाका आदिले पूजा गरी मधुरस्वरले तूर्य बाजा वजाई सत्कार गरेर लङ्काधिपतिले हात जोडी यस्तो विन्ती गरे— हे भगवन्! हुनत मैले यो प्रश्न पहिलेका बुद्धहरूलाई पनि गरिसकेको छु । तर पनि वहाँ उपस्थित सबैलाई हित होस् भनी सोही दुई प्रश्न मले सोधिरहेको छु । हे भगवान् ! अधर्म प्रहाण गर्नु (नाश गर्नु) भन्दा धर्म (वस्तु) लाई प्रहाण गर्नु नै म उचित थान्छु । यी धर्म (ज्ञेयवस्तु) र अधर्म (दश अकुशल) यी दुई बटा कुरालाई कसरी प्रहाण गर्ने तथा निर्मूल पारी शान्त गर्ने ? धर्म, अधर्म आदि भेदभाव वास्तवमा छैन तैपनि भेदभाव गरिन्छ। एउटै बीजबाट बढेर हुर्केको एउटै रूखलाई पनि जरा, फेद, हाँगा, अंकूर पात पातको रेसा फलफूल आदिका भेदले भिन्ना भिन्नै संझिन्छ भने अधर्मको व्यवहारमा किन भेद नहुनु ?

लङ्काधिपतिको यस्तो प्रश्न सुनी तथागतले आज्ञा भयो— हे लङ्केश्वर ! धर्म तथा अधर्म भनेको कल्पित स्वभाव हुन् । द्रव्य गुण आदि धर्म अर्थात् पदार्थहरूलाई प्रहाण गर्नु पर्छ । ती पदार्थहरूलाई यस्ता हुन्छन् भनी लक्षण वा चिन्हलाई सम्झेर कल्पना गर्नु हुदैन । यी देखिएका द्रव्य आदि आफ्नै चित्त मात्र देखिएका हुन् वास्तवमा छैंन भनी विपश्यना गर्दा धर्महरू(पदार्थहरू) प्रहाण हुन्छन् । अधर्महरूको लक्षण चिन्ह आदि हुंदैन न त तिनीहरूको हेतु तथा कारण नै हुन्छ । केवल व्यवहारको निमित्त

मात्र अधर्म शब्द प्रयोग हुन्छ । यो त झन कल्पना माथिको कल्पना हो । यसलाई पनि प्रहाण गर्नु पर्छ । हे लंकेश्वर ! यसरी धर्म र अधर्मलाई प्रहाण गर्नु पर्छ अर्थात् कुनै पदार्थ वा कल्पनामा आशक्त हुनु हुंदैन, टाँसिनु हुंदैन । यसरी भूत, भविष्यत्, वर्तमान तीनै कालका वस्तु वा कल्पनामा आशक्त हुनु हुंदैन तथागतहरू निर्विकल्प स्वभावका हुन्छन्, रूप, लक्षण, चिन्ह, आकार आदि सबै कल्पित हुन्, निमित्त हुन् । यसमा आशक्त नहुनु नै अनिमित्त विमोक्ष हो । तथागतहरूले कल्पना गर्दैनन् तथा तथागतहरूलाई पनि कल्पना गर्नु हुंदैन । अर्थात् मनले यो आत्मा हो, जीव हो, व्यक्ति हो भनी कल्पना गर्नु हुंदैन । अतः विकल्प अविकल्प यी दुवैलाई त्याग्नु पर्छ ।

यसकारण हे लंकेश्वर! प्राणी भन्ने व्यवहार त भित्तामा लेखेको शरीर जस्तो हो । यो संसारमा कुनै क्रिया हुंदैन । तर यो तथ्य न कसैले सुन्छ न त भावना नै गर्छ । यी उपर्युक्त कुरा जसले देख्छ त्यसको सम्यक् दृष्टि उत्पन्न भयो भन्ने बुझ्नु पर्छ । होइन भने सो व्यक्ति केवल कल्पनामै भुलिरह्यो भने पनि हुन्छ । कल्पना पनि दुई प्रकारका हुन्छन् । जस्तै ऐना आदिमा हाम्रो प्रतिविम्व देखिनु र घाम जुन आदिमा हाम्रो छाँया देखिनु । प्रतिविम्व र छाँया भिन्नै हुन् । यसरी आफूले एउटा कल्पना गरी त्यसमा अर्को कल्पना गर्नु नै धर्म र अधर्म हुन् । यस्ता कुरामा आशक्त नहुने प्रयत्न गर्नु पर्छ । तथागत गर्भलाई जान्न प्रयत्न गर्नु नै समाधि लाभ गर्नु हो ।

षट् त्रिशत्साहस्र सर्वधर्मसमुच्चय परिवर्तः

अनि महामति बोधिसत्वले अरू धेरै बोधिसत्वहरूको संगै भगवान् बुद्धलाई हात जोडी गाथाद्वारा यसरी स्तुति गरे– हे भगवन् ! हजूरको करूणादृष्टि र प्रज्ञादृष्टिले हेर्नु हुंदा यो संसार न छ न छैन । उत्पाद र भङ्ग रहित छ । जादुवाट बनेको

जस्तो छ, स्बप्न समान छ, शाश्वत दृष्टि र उच्छेद दृष्टि रहित छ । माया र स्वप्न समानको हजूरको धर्मकायको के स्तूति गरूं। सबै पदार्थहरू निःस्वभाव हुन्छन् । त्यस्ता पदार्थहरू अनुत्पाद हुन् भन्नु नै धर्मकायको स्तुति हो । धर्मनैरात्म्य र पुद्गल नैरात्म्य भावनाले अनिमित्त विमोक्ष लाभ गर्नु भएको हजूरलाई निर्वाणको आवश्यक छैन। निर्वाण त हजूरको हातमा छ । म महानाम हुं । मैले हजूरसंग १०८ महायान सम्वन्धी प्रश्न गर्न चाहन्छु भनी तर्क किन उठ्छ, तर्क कसरी शुद्ध हुन्छ ? भ्रान्ति कसरो देखिन्छ र किन उत्पत्ति हुन्छ आदि १०८ वटा भन्दा भढी प्रश्न गर्नु भयो । यस्तो प्रश्न सुनी श्री भगवान्‌ले यस्तो आज्ञा भयो– हे महामति ! तिमीलाई धेरै धन्यवाद छ । तिमीले जे सोध्यौ ती कुरा भन्दा अझ धेरै अरू पनि सोधे हुन्छ ती सबैको उत्तर दिने छुं । परन्तु सवभन्दा पहिले बुद्धहरूले प्रशंसा गरेको र जान्न योग्य अष्टोत्तरपदशतको नै वर्णन गर्दछु । यति आज्ञा भई उत्पादपद अनुत्पादपद आदि १०८ पदहरूको वर्णन गर्नु भयो ।

अनि महामतिले भगवान् समक्ष फेरि यस्तो विन्ती गर्नु भयो– हे भगवन् ! विज्ञान (मन) को उत्पत्ति, स्थिति, निरोध कति प्रकारका हुन्छन् । यस्तो प्रश्न सुनी भगवानले आज्ञा भयो– विज्ञानको उत्पत्ति स्थिति निरोध प्रवन्धोत्पाद र लक्षणोत्पाद प्रवन्ध स्थिति र लक्षण स्थिति गरी दुई प्रकारका हुन्छन् । यी मध्ये प्रवृतिविज्ञान, कर्म विज्ञानका भेदले विज्ञान तीन प्रकारका हुन्छन् । यसैलाई संक्षेपमा भन्ने हो भने ख्याति विज्ञान र वस्तु प्रतिविकल्प विज्ञानका भेदले दुई प्रकारका विज्ञान हुन्छन् । ऐनाले रूप ग्रहण गर्नु अर्थात् ऐनामा प्रतिविम्ब पर्नुलाई ख्याति विज्ञान भनिन्छ । वस्तुहरूलाई ज्ञान गर्ने बिज्ञानलाई नै वस्तुप्रति विकल्प विज्ञान भनिन्छ । यी दुवैको एकै नासका लक्षण हुन्छन् र परस्परमा एक अर्काको हेतु बन्ने स्वभावका हुन्छन् । यी दुई मध्ये ख्याति विज्ञान अचिन्त्य वासनाको कारणले उत्पन्न हुने हुन्छ । वस्तुप्रतिविकल्प विज्ञान चाहिं विषय विकल्पले उत्पत्ति

हुने र अनादिकालको प्रपञ्चवासनाबाट उत्पन्न हुने हुन्छ । सबै इन्द्रिय र विज्ञानहरूको निरोध हुनु अर्थात् अभूत परिकल्प वासनाको वैचित्र्य निरोध हुनुलाई लक्षण निरोध भनिन्छ । आश्रय र आलम्बनको भेदबाट प्रवन्ध निरोध पनि दुई प्रकारका हुन्छन् । यी दुई मध्ये यहाँ आश्रय भनेको अनादिकालको प्रपञ्चदौष्ठुल्य वासना भनेको हो । आलम्बन भनेको आफ्नै चित्तदृष्य वनी विज्ञानको सम्बन्धमा कल्पना भनेको हो । जस्तै माटाका परमाणुहरूबाट माटोको डल्लो देखिनु तर परमाणुदेखि डल्लो भिन्नै होइन भिन्न नभएको पनि होइन अर्थात् माटाका परमाणुदेखि डल्लो भिन्नै हो भने डल्लो परमाणले वनेको सिद्ध हुंदैन । डल्लो परमाणुले नै बनेको हुंदा एउटै हो । यस्तै प्रवृत्ति विज्ञान र आलयविज्ञानको जाति र लक्षणको विषयमा पनि जान्नु पर्छ । प्रवृति विज्ञानको निरोध हुंदैमा आलयविज्ञानको निरोध हुंदैन । विज्ञानको स्वजाति र लक्षणको निरोध हुंदैन परन्तु कर्मलक्षण निरोध हुन्छ । तथा स्वजाति र लक्षण निरोध हुंदैमा आलयविज्ञानको निरोध पनि हुंदैन । फेरि हे महामति! समुदयस्वभाव, भावस्वभाव, लक्षण स्वभाव, महाभूतस्वभाव, हेतुस्वभाव, प्रत्ययस्वभाव, निष्पत्तिस्वभावका भेदले स्वभाव सात प्रकारका हुन्छन् ।

यस्तै गरी चित्तगोचर, ज्ञान गोचर, प्रज्ञागोचर, दृष्टिद्वय गोचर, दृष्टिदयातिक्रान्तगोचर, सुतभूम्यनुमणगोचर तथागत प्रत्यात्मगोचरका भेदले परमार्थ सात प्रकारका हुन्छन् । यी उपर्युक्त भेदका कुरा राम्ररी बुझेमा अरूहरूको सिद्धान्त भन्दा तथागतको सिद्धान्त भिन्नै रहेछ भन्ने कुरा स्पष्ट बुझ्ने हुन्छ । विज्ञानहरूको स्वचित्त विषय विकल्प दृष्टि नबुझ्नाले भाव अभाव भन्ने धारणा वा दृष्टि उत्पन्न हुने हुन्छ ।

अब हे महामति ! यी तीनै भव स्वचित्त दृश्य माया विषय हो भन्ने कुरा वर्णन गर्दछु । कोही श्रवण ब्राह्मणहरू

स्कन्ध, धातु आयतनहरूको उत्पत्ति स्थिति भंग हुन्छन् । किनभने विश्वास गर्छन् । तिनीहरूलाई उच्छेदवादी भने पनि हुन्छ । किन भने दढेको विग्रेको वीज नतुसाए झैं एक चोटी नाश वा भङ्ग भएको वस्तुले फेरि अरू वस्तु नवन्नु पर्ने हो । परन्तु त्यसो नभई घाँसको दूध- दूधको दही आदिमा परिणत हुदै जाने हुन्छ। यसरी परिणत हुदै जाने सबै वस्तु बा पदार्थको वीज जस्तो आलयविज्ञान हुन्छ । यसैलाई स्वचित्त पनि भनिन्छ । यो स्वचित्त अर्थात् आलयविज्ञानमा नै देहको सुख, दुःख आदि भोग रहेको हुन्छ । आलयविज्ञानको विषय वा आलम्बन पनि आलय विज्ञान नै हुन्छ अर्थात् ग्राह्य ग्राहक दुवै केवल एउटै आलय विज्ञान हुन्छ आलय विज्ञानको विषय वा आलम्वन निराभास हुन्छ । आलय विज्ञान देखि भिन्नै अरू वस्तु नभएको हुंदा अरू वस्तुको उत्पति स्थिति भङ्ग रहित हुन्छ । सवै वस्तु स्वचित्त (आलय) कै उत्पाद मात्र हो भन्ने भावना गरेमा हे महामति ! संसार निर्माण समान हो भन्ने समता ज्ञान उत्पन्न हुने हुन्छ । महाकरूणा तथा उपाय कौशल्यको प्रयोग गर्न पनि आभोग (मन लगाउनु) नपर्ने हुन्छ । सवै प्राणी माया समान प्रतिविम्वसमान हुने हुनाले र आध्यात्म विषय र वाह्य विषयको भेद नहुने हुन्छ । किनभने वाह्य वस्तु प्रनि स्वचित्त (आलय) नै हो भन्ने दृढ विश्बास हुने हुन्छ । अनि उसले अनिमित्तविमोक्षलाई अधिष्ठान गरी क्रमशः भूमि, समाधि, लाभ गरी स्बचित्त नै त्रिधातु हो, त्रिधातु नै स्वचित्त हो भन्ने दृढ विश्वासले मायोपम समाधि लाभ गर्ने हुन्छ । अनि स्वचित्तको पनि आभास रहित भएपछि प्रज्ञापारमिताको साक्षात्कार हुन्छ । तथागत कायको पनि दर्शन हुन्छ। सवै बुद्ध क्षेत्रमा जान सक्ने हुन्छ । अनि उसको चित्त (आलयविज्ञान) मन (क्लिष्टमनोविज्ञान) मनोविज्ञान (प्रवृत्तिमनोविज्ञान)हरूको रहित भई आश्रय पराबृत्ति हुन्छ । यसरी हे महामति ! सो बोधिसत्वले बुद्धत्व लाभ गर्ने हुन्छ । त्यसकारण बुद्धत्व लाभ गर्न चाहने व्यक्तिले स्कन्ध, धातु आयतन, हेतु

प्रत्यय, क्रियायोग, उत्पाद स्थिति भङ्ग आदि सबै विकल्प हुन् । प्रपञ्च हुन् । यसलाई छोड्न उपर्युक्त सबै केवल चित्तकै रूप हुन् भनी भावना गर्नु पर्छ ।

हे महामति ! बोधिसत्व यो त्रिभव अनादि कालैदेखिको प्रपञ्च तथा दौष्ठुल र बिकल्पको वासनाले उत्पन्न भएको हो भन्ने संझदै निराभास बुद्धभूमि अनुत्पाद स्वभावको हुन्छ भनी भावना गर्दै अनाभोग चर्या पालन गर्दै रहेमा विश्वरूप मणि झैं प्राणीहरूको चित्तानुसार निर्माणकाय धारणा गरी क्रमशः भूमिहरू लाभ हुने हुन्छ । त्यसकारण आफ्नो सिद्धान्तमा कुशल हुनु पर्छ ।

अनि हे महामति! बोधिसत्वले श्री बुद्ध भगवान्लाई चित्त मन, मनोविज्ञान पञ्च धर्मस्वभाव लक्षण धर्मपर्याय सुन्न पाउ भनी अध्येषणा (प्रार्थना) गरे । यस्तो अध्येषणा सुनी भगवान् वुद्धले महामतिलाई फेरि यस्तो आज्ञा भयो– हे महामति ! स्वचित्त नै दृश्य हो भनी नबुझिकन र अनादिकालको प्रपञ्च, दौष्ठुल्य नै रूप हो भन्ने वासनामा आशक्त हुनाले तथा विज्ञान (मन) को प्रकृति स्वभाव अनुसार र विभिन्न विचित्र रूपहरूको आकार प्रकारको कुतुहलता समेत चार प्रकारले चक्षुर्विज्ञान उत्पन्न हुने हुन्छ । यो चार कारणहरूले पानीको भेल जस्तो आलय विज्ञानबाट तरङ्ग जस्तो चर्तुविज्ञान, प्रवृत्तिविज्ञानहरू उत्पन्न हुने हुन्छ । हे महामति ! पानीको प्रवाह (भेल) मा धेरै तरङ्गहरू उठे जस्तै सबै इन्द्रियका परमाणुहरू तथा रोमकूपहरूमा समेत एकै पल्ट ऐनामा बाहिरका वस्तुहरूको प्रतिविम्ब देखिए झैं नाक, कान, आँखा, छाला, जिब्रो जस्ता पाँच विज्ञान समूह समुद्रमा तरङ्ग उठे झैं निरन्तर उत्पन्न भई रहन्छ । यी पाँच विज्ञान कायको सङ्ग सङ्गै यसको हेतु यो हो । यसको बिषय (आलम्वन) यो हो भनी छुट्याउने तथा यसको लक्षण चिह्न यो हो भनी निर्णय गर्ने मनोविज्ञान उत्पति हुन्छ । यो मनोविज्ञानलाई हेतुज

शरीर भनिन्छ। यी माथि उल्लिखित ६ वटा विज्ञानलाई प्रवृत्ति विज्ञान भनिन्छ। यी ६ वटा प्रवृत्ति विज्ञान र आलय विज्ञानलाई हामीहरू अन्योन्य हेतुको हो भन्ने र स्वचित्त नै दृश्यको विकल्प हो भनी आशक्त भएर रहेका छौं भन्ने कुरो थाहा हुंदैन। आलय विज्ञानको स्वभाव थाहा पाउनु अति दुर्लभ हुन्छ। तथागतले मात्र यथार्थरूपमा आलय विज्ञानलाई जान्न सक्छ। स्वचित्त विकल्प नै दृश्य हो भनी आलय विज्ञानको प्रवाह देख्ने समाधि लाभ गर्नु पनि गाह्रो हुन्छ। केवल कल्याणमित्र तथा बुद्ध वोधिसत्वको सत्सङ्गले मात्र भवसागरलाई तर्न सक्ने हुन्छ। त्यसकारण हे महामति! कल्याणमित्र तथा बुद्धसंग सहवास गर्न प्रयत्न गर्नु पर्छ।

अनि त्यस बेला श्री भगवान् बुद्धले गाथाद्वारा यस्तो आज्ञा भयो–समुद्रको तरङ्ग हावाको कारणले निरन्तर उठ्ने हुन्छ। त्यस्तो आलय विज्ञानको प्रवाहमा विषय रूपी हावाले विभिन्न प्रकारका प्रवृत्ति विज्ञान रूपी तरङ्गहरू निस्कने हुन्छन्। समुद्र र तरङ्ग भिन्नै पनि होइन, एकै पनि होइन। त्यस्तै आलय विज्ञान र प्रवृत्तिविज्ञान पनि भिन्नै पनि होइन, एकै पनि होइन। आयलविज्ञान अर्थात् चित्तको क्लिष्ट मनोविज्ञान तथा चक्षुर्विज्ञान श्रोताविज्ञान घ्राणविज्ञान, जिह्वाविज्ञान, कार्यविज्ञान, मनोविज्ञान यी ६ बटा प्रवृत्ति विज्ञान समेत परिणाम हुन्। अर्थात् क्लिष्ट मनोर्विज्ञान र चक्षु आदि अरू ६ वटा प्रवृत्ति विज्ञान समेत सात वटा विज्ञान आलय विज्ञानकै विकृति हुन्। हुनत आलय बिज्ञान आदि आठ प्रकारका विज्ञान एउटै हुन। तापनि चित्त (आलयबिज्ञान) मन (क्लिष्ट मनोविज्ञान) र ६ वटा मनोर्विज्ञान (प्रवृत्तिविज्ञान) ले पुण्यापुण्य कर्म संचय गरी राख्ने हुन्छ। मन (क्लिष्टमन) ले म मेरो भनी ग्रहण गरी राख्ने हुन्छ मनोविज्ञानले नै जान पहिचान गर्ने काम गर्छ। अनि बाँकी पांच चक्षु आदि विज्ञानले ६ वटा विषयलाई देखें सुनें भनी कल्पना गर्छन्। सुमुद्र तरङ्गको रूपमा ऐना, प्रतिविम्बको रूपमा सपनाको विषय घटनाको

रूपमा चित्त (आलयविज्ञान, आफ्नो गोचर (विषय) को रूपमा एकै चोटी अनुभव हुने हुन्छ। चित्त रङ्गले लेखिन्छ तर रङ्ग चित्र होइन नत कागज नै चित्र हो अतः चित्र केवल कल्पना मात्र हो। चित्त एउटा जादु हो, माया हो। किनभने देखिन्छ वास्तवमा छैन भने हुन्छ। त्यसैले बुद्धहरू "चित्त मात्र भो नजिपुत्रा" भनी आज्ञा हुनुहुन्छ।

हे महामति! स्वचित्त दृश्य ग्राह्य ग्राहक विकल्प गोचर-लाई जान्न चाहने व्यक्तिले संगणिकाराम (गफसफ गर्नु) संसर्ग (धेरै व्यक्तिसंग संपर्क राख्नु) मिद्ध (निद्रा र अरू निवरणहरू लाई) पनि छोड्नु पर्छ। रातको चार प्रहर मध्ये प्रथम तथा मध्यम याम र अन्तिम याममा पनि न निदाइकन योगमा रहनु पर्छ। अरू शास्त्रहरू, किस्सा कहानी तथा श्रावक प्रत्येक बुद्धहरू-का ग्रन्थहरू पनि हेर्नु हुंदैन। संधै निरन्तर देखे सुनेका सबै दृश्यहरू आफ्नै चित्तको विकल्प हो भनी भावना गर्नु पर्छ।

हे महामति! पहिले चित्त (आलयविज्ञान) सात प्रवृत्ति विज्ञान र प्रज्ञाको लक्षणले निराभास लक्षण, सर्व बुध्द स्वनिधानाधिष्ठानलक्षण, प्रत्यात्मार्यज्ञान गतिलक्षण, यी तीन आर्यज्ञान-लाई जानेर लंगडा गधालाई झैं चित्त प्रज्ञा ज्ञान लक्षण छोडेर वोधिसत्वले लाभ गरिने अष्टमी भूमिमा पुगेर तीन प्रकारको उपर्युक्त योग गर्नु पर्छ।

अनि महामतिले श्री भगवान् बुद्धसंग अष्टोत्तर पदशतको अधीनमा रहेको आर्यज्ञानवस्तुप्रविचय नामको धर्म पर्याय उपदेश दिनु होस् भनी विन्ती गरे। यस्तो वचन सुनी भगवान्ले यसरी आज्ञा हुनु भयो– हे महामति! कोही व्यक्ति शशविषाण (खरायोको सिङ्ग) छैन भनी कल्पना गर्छन्। फेरि कोही व्यक्ति द्रव्यको गुण, परमाणु, आकार र संयोग विशेषको आधारमा गोशृङ्ग छ भनी कल्पना गर्छन्। तिनीहरू शास्वत दृष्टि र उच्छेद दृष्टिका हुन्। किनभने तिनीहरू आफ्नू चित्तको कल्पनामा

मस्त छन् । उनीहरू यो संसार चित्तमात्र हो भनी विश्वास गर्दैनन् । त्यसकारण छ भन्ने र छैन भन्ने कल्पना गर्नु हुन्न भनी बुझ्नु पर्छ । हे महामति ! छ भन्ने तर्क छैन भन्ने तर्कको अपेक्षाले उत्पन्न हुन्छ । त्यस्तै छैन भन्ने छ भन्नेको अपेक्षाले उत्पन्न हुन्छ । हे महामति ! आकाश नभइकन रूप नदेखिने हुनाले आकाश नै रूप हो भनी कल्पना गर्छन् यस्तो कल्पनामा लाग्नु हुन्न । बुध्द क्षेत्रहरू पनि जति देखिएका छन् ती सबै आफ्नै चित्त देखिएको हो भनी भावना गर्नु पर्छ ।

अनि भगवान्ले यही कुरा गाथाद्वारा यसरी आज्ञा भयो- दृश्य (देखिने वस्तु) चित्त होइन भनी अविद्याले मात्र भन्ने हुन्छ । दृश्यबाट चित्तको उत्थान हुन्छ । यसरी मानिसको आलय विज्ञान शरीर र भोगको आश्रय भएर व्यक्त हुन्छ । चित्त (आलय विज्ञान) मन (क्लिष्ट मन) विज्ञान (प्रवृत्ति विज्ञान) स्वभाव, धर्म पञ्चक, पुद्गल नैरात्म्य र धर्म नैरात्म्यहरूको विषयमा तथागतहरू व्याख्यान गर्नु हुन्छ । लामो छोटो, अस्ति, नास्ति यी सबै आपेक्षिक हुन्, काल्पनिक हुन्, सबै वस्तुलाई विभाजन गर्दै जाँदा परमाणको पनि अस्तित्व हुंदैन । अतः यो संसार चित्त मात्र हो भनी व्यवस्था गरिएको हो । तर यो विचार अरू मतावलम्वीहरूले बुझ्न सक्दैन । यी प्रत्यात्मगति गोचर ज्ञानलाई बुद्धहरू प्रशंसा गर्नु हुन्छ ।

भगवान् बुद्धको यस्तो वचन सुनी महामति बोधिसत्वले स्वचित्त नै दृश्य हो भन्ने विचारधाराको विशुद्धि एकै पल्ट हुन्छ कि क्रमशः हुन्छ भनी विन्ती गर्दा भगवान्ले फेरि यस्तो आज्ञा भयो–जसरी आँप क्रमशः पाक्छ त्यस्तै स्वचित्त दृश्य धारा पनि क्रमशः विशुद्ध हुन्छ, एकै पल्ट हुंदैन । परन्तु स्वचित्त दृश्यको दौष्ठुल्यवासना नभएका व्यक्तिहरूलाई तथागतले ऐनामा प्रतिविम्व देखिए झैं र सूर्यले सर्वत्र रश्मि फैलाए झैं एकै पल्ट अचिन्त्यज्ञानजिन गोचर विषयलाई दर्शन दिने हुन्छ । भाव

अभाव जस्ता कुदृष्टि निवारण गर्न प्रत्यात्मगति धर्म लक्षण एकै पल्ट व्यक्त हुन्छ । अनि धर्मता निष्पन्द बुद्धको परिचय हुन्छ । परतन्त्र स्वभावको आशक्तिले परिकल्पित स्वभाव उत्पन्न हुन्छ भन्ने देशना निष्पन्द बुद्धले दिनु हुन्छ ।

धर्मता बुध्दको देशनामा चित्त स्वभाव लक्षणले रहित हुन्छ । प्रत्यात्मार्यगति गोचरको व्यवस्था हुन्छ । तर निर्मित निर्माण बुद्धको उपदेशमा दान, शील, ध्यान समाधिहरूको वर्णन हुन्छ । धर्मता बुद्ध निरालम्व हुनु हुन्छ । सवै इन्द्रियले जान्न नसकिने हुन्छन् । त्यसकारण हे महामति ! स्वचित्त लक्षण दृश्यलाई छोडेर प्रत्यात्मार्यगति विशेष लाभ गर्न प्रयत्न गर्नु उचित हुन्छ ।

हे महामति ! श्रावक यानमा अनित्य, दु:ख, अनात्म तथा शून्यता आदिको भावनाले तथा चतुरार्यसत्यको ज्ञानले र वैराग्यद्वारा शान्ति लाभ गरी स्कन्धादिको यथाभूत परिज्ञान गरेर चित्त समाधान गर्ने हुन्छ । यसरी स्वचित्त समाधान गरेर ध्यान विमोक्षद्वारा मार्ग फल लाभ गर्ने हुन्छ । परन्तु 'बुद्धोभवेयं जगतो हिताय' भनी जगतलाई हित गर्न चाहनेले मार्गफल साक्षात्कार गर्नु हुंदैन । तथा श्रावकहरूले नीलो पहेंलो आदि वर्ण र उष्ण द्रव, चल, कठिन स्वभावका महाभूतहरू पनि छन् भनी कल्पना गरे झैं कल्पना गर्नु हुंदैन । धर्म नैरात्म्यलाई बुझेर पुद्गल नैरात्म्यलाई मानेर वोधिसत्वको भूमिमा प्रवेश गर्नु पर्छ । साथै नित्य र अचिन्त्य स्वभावको प्रत्यात्मार्य ज्ञान लाभ गर्न प्रयत्न गर्नु पर्छ । यहाँ अरू मतको जस्तो नित्य होइन भन्ने कुरो पनि बुझ्नु पर्छ ।

हे महामति ! जो व्यक्ति निर्वाण हुन चाहन्छ सो व्यक्ति अवश्य संसारको आपत विपत जन्म मरणको दु:खदेखि डराएको हुन्छ । तर त्यसको निर्वाण र संसारको विशेषता जानेको हुंदैन । तथा आश्रयपरावृत्तिपूर्वक्क निर्वाण हुनु पर्छ भन्ने पनि बुझेको हुंदैन । त्यसकारण तिनीहरू त्रियानवादी हुन्छन् । चित्तमात्र

गर्ति निराभासवादी हुंदैन । त्यसकारण ती सवै भवचक्रमा घुमिरहेका हुन्छन् । भाव अभाव तथा छ, छैन भन्ने कुराहरू आपेक्षिक हुन् भन्ने बुझ्नु पर्छ हे महामति ! अनुत्पन्ना सर्व भावा भन्ने अनुत्पाद ज्ञान लाभ हुने हुन्छ। हे महामति ! आलयविज्ञानको सम्बन्ध देहको सुख भोग सङ्ग रहन्छ । साथै ग्राह्य ग्राहक भावको लक्षणलाई अंगाली उत्पत्ति, स्थिति भङ्गलाई कल्पना गर्ने हुन्छ ।

हे महामति ! श्रावक यानाभिसमय आदि पाँच गोत्र हुन्छ त्यसलाई पनि जान्नु पर्छ तथा कोही आत्मा नमानी निर्वाण हुन चाहन्छ भने कोही आत्मा जीव मानी निर्वाण हुन खोज्छन् । तर हे महामति ! धर्म नैरात्म्यलाई साक्षात्कार नगरी निर्वाण हुंदैन । यस विषयमा पनि ध्यान दिनु पर्छ । अनि त्यस पछि भगवान् बुद्धले गाथाद्वारा पनि यस्तो आज्ञा हुनु भयो– स्रोतापति आदि मार्ग फल, त्रियान तथा एकयानवाद ध्यान अप्रामाण्य आरूण्य समाधि तथा निरोध समापत्ति आदि सबै केवल चित्तकै कुरा हुन् । उपर्युक्त सवै कुरा शुद्धचित्तमा हुंदैन । फेरि हे महामति ! इच्छन्तिक र अनिच्छन्तिकहरूको मोक्षको भेदलाई पनि जान्नु पर्छ अर्थात् सबै प्राणी निर्वाण नहोउन्जेल म निर्वाण हुन्न भनी प्रणिधानको उपायद्वारा निर्वाण नहुनेलाई इच्छन्तिक भनिन्छ अरूलाई अनिच्छन्तिक ।

फेरि हे महामति! नाउंको आशक्तिले र नाउंको साथै वस्तुको आकार, बर्गहरूको आशक्तिले परिकल्पित स्वभावलाई निर्णय गरिन्छ अर्थात् नाउं, आकार र वर्णहरू कल्पनाबाट वनेका हुन्छन् । परिकल्पित स्वभाव पनि वाह्य र आध्यात्मिकका भेदले दुई प्रकारका हुन्छन् । सवै वस्तुको आश्रय अर्थात् आधार वा कारण हुन्छन् । ती कारणलाई आलम्बन गरी उब्जेको स्वभावलाई परतन्त्र भनिन्छ । अर्थात् हात गोडा आदि अङ्ग प्रत्यङ्गलाई आलम्बन गरी शरीर भन्ने वस्तुको ज्ञान हुने स्वभावलाई परतन्त्र स्वभाव भनिन्छ । निमित्त, नाउं, वस्तु, आकार, प्रकार आदि लक्षणले रहित आर्यज्ञान गतिद्वारा जान्नु पर्ने प्रत्यात्मार्य

ज्ञान गतिको गोचर (विषय) भएको तथता नै परिनिष्पन्न स्वभाव हो । त्यसलाई तथागतगर्भ हृदय पनि भनिन्छ । यही कुरा तथागतले गाथाद्वारा यसरी आज्ञा भयो–

निमित्त नाम संकल्पः स्वभावद्वयलक्षणम् ।
सम्यग्ज्ञानं हि तथता परिनिष्पन्न लक्षणम् ।।

परिकल्पित र परतन्त्र दुई स्वभाव निमित्त (आकार र वर्ण) र नाउं तथा संकल्पबाट उब्जेका हुन्छन् । परिनिष्पन्न स्वभावको तथता नै सम्यक्ज्ञान हो । हे महामति ! वाह्य र आध्यात्मिकका भेदले परिकल्पित दुई र परतन्त्र दुई गरी चार र परिनिष्पन्न सहित पाँच वटा हुने भएकोले यसलाई पञ्च धर्म स्वभाव लक्षण प्रविचय नामको धर्म पर्याय भनिन्छ । यसलाई वोधिसत्वहरूले राम्ररी सिक्नु पर्छ ।

फेरि हे महामति ! म मेरो भन्ने भावना नभएका केवल अज्ञान, कर्म तथा तृष्णाबाट मात्र प्रेरित भई चलिरहेका स्कन्ध, धातु, आयतन तथा विज्ञान इन्द्रियहरूको आशक्तिको परम्पराले नदी वीउ, वत्तीवायु, मेघहरू जस्तै हाम्रो शरीरको परम्परा पनि चलिरहेको छ । दाउराले आगो न अघाए झैं अनादिकालदेखि हामीहरू न अघाएर जन्मदै मर्दै भवचक्रमा घुम्दै आइरहेका छौं । यो शरीरमा म मेरो भन्ने कोही आत्मा वा जीव छैन भनी जान्नुलाई पुद्गलनैरात्म्य भनिन्छ ।

अनि परिकल्पित तथा परतन्त्र स्वभावका स्कन्धहरू पनि निश्चेष्ट स्वभावका तथा शून्यता स्वभावका हुन् तथा चित्त, मन, मनोविज्ञान पञ्चधर्म स्वभाव समेत नभएका वस्तुहरू हुन्छन् भनी भावना गर्दा धर्म नैरात्म्य कुशल हुन्छ । यसरी धर्मनैरात्म्यज्ञानमा कुशल भएको व्यक्तिले चाँडै निराभासप्रविचय नामको पहिलो बोधिसत्वभूमि लाभ गर्ने हुन्छ । भूमिको लक्षणलाई परिचय तथा ज्ञान गर्न सक्ने भएकोले क्रमशः मुदिता आदि नौ वटा भूमि लाभ गरी धर्म मेघा भूमिमा पनि पुग्ने हुन्छ । यी भूमिहरूलाई

पनि बोधिसत्वले माया स्वभाव नै संझने हुन्छ । यसरी बोधिसत्वले धर्मनैरात्म्यलाई जान्नु पर्छ ।

भगवान् बुद्धले महामतिको प्रश्नको उत्तरमा चित्तमात्र भावना गर्ने व्यक्तिको निमित्त समारोपवाद र अपवाद भन्ने कुरो हुंदैन परन्तु साधारण व्यक्तिले असत् लक्षण समारोपका भेदले चार प्रकारका समारोपवाद मान्दछन्। यसरी समारोप र त्यसको अपवाद दृष्टिबाट रहित हुनु पर्छ ।

फेरि हे महामति ! चित्त मन मनोविज्ञान पञ्चधर्मस्वभाव नैरात्म्यलक्षणद्वयहरूको पूर्णरूपले ज्ञान गरी जगतसत्व उद्धार गर्न बोधिसत्वले अनेक रूप धारणा गरी सबै तथागतहरूको मुखार विन्दबाट सबै संसार माया स्वप्न समान हुन् भन्ने धर्मदेशना सुन्न पाउने हुन्छ । अनि लाखौं प्रकारका समाधि लाभ गर्ने हुन्छ । तथा सबै बुद्ध क्षेत्रमा गई बुद्ध पूजा गरी आफूले पनि बुद्धले झैं चित्त मात्रको धर्मोपदेश गरी वाह्य वस्तु केही छैन भन्ने सद् असद् भावलाई छोड्न लगाउने हुन्छ । यति आज्ञा भई गाथाद्वारा यस्तो भन्नु भयो–

चित्त मात्रं यदा लोकं प्रपश्यन्ति जिनात्मजाः ।
तदा नैर्माणिकं कायं क्रिया संस्कार वर्जितम् ।
लभन्ते ते वलाभिज्ञावशितैः सह संयुतम् ।

अर्थात् जव बोधिसत्वहरूले यी सबै संसार चित्त मात्र हुन् भन्ने दृढ विश्वासले हेर्दछन् तब दश बल, दश वशिता, पञ्चाभिज्ञा आदि गुणले युक्त भएको क्रिया तथा संस्कारले रहित निर्माण काय लाभ गर्ने हुन्छन् ।

यस पछि फेरि प्रश्नको उत्तर दिंदै भन्नु भयो– शून्यता भन्ने शब्द पनि परिकल्पित नाउँ नै हो । परिकल्पित स्वभावमा आशक्त हुनेहरू नै शून्यता, अनुत्पाद, अभाव, स्वभाव, अद्वय, निस्वभाववादी हुन्छन् । ती मध्ये लक्षण शून्यता सर्वधर्म निरभिलाप्य शून्यता, भावस्वभावशून्यता, अप्रचरित शून्यता, प्रचरित

शून्यता, परमार्थ आर्यज्ञान महा शून्यता, इतरेतर शून्यताका भेदले सात प्रकारका शून्यताहरू हुन्छन् । यी शून्यता मध्ये इतरेतर शून्यतामा वोधिसत्व लाग्नु हुंदैन । अरू ६ प्रकारका शून्यता तथा निःस्वभाव, अनुत्पाद, अद्वय यी महायान सम्बन्धी ज्ञानमा लाग्नु पर्छ ।

हे महामति ! शून्यता अनुत्पाद आदि माथि बताएका शब्दहरू यत्र तत्र सूत्रहरूमा वर्णन गरेका छन् । ती शब्दहरू केवल मृग तृष्णा मात्र हुन् । त्यसकारण केही लाभ हुंदैन । यसकारण धर्मदेशना मात्र सुनेर हुंदैन त्यसको अर्थ (मतलव) बुझ्ने तिर लाग्नु पर्छ ।

अनि महामतिले विनयपूर्वक श्री भगवान् बुद्धलाई यस्तो प्रश्न गर्नु भयो– हे भगवन् ! हजूरले अनेक ठाउँमा तथागत गर्भका वर्णन गर्नु भएको छ । जुन तथागतगर्भ प्रकृति प्रभास्वर छ त्यो आदि विशुद्ध हुन्छ तथा वत्तीस लक्षणले युक्त भएको हुन्छ । यस्तो तथागतगर्भ सबै प्राणीहरूको शरीर भित्र हुन्छ । अनमोलरतन मैलो वस्तुमा प्वका पारेर राखे जस्तै राग द्वेषादिले युक्त यो स्कन्ध धातुहरूले बेरेर राखेको हुन्छ । यो तथागतगर्भ नित्य, ध्रुव, शिव र शाश्वत हुन्छ भनी हजूर आज्ञा हुनु हुन्छ । यस्तो आज्ञा हुंदा अरू मतावलम्वी आत्मवादीहरू समान भएन र ? यस्तो प्रश्न सुनी श्री भगवान्‌ले यस्तो आज्ञा भयो– हे महामति ! मेरो तथागतगर्भ उपदेश आत्मावादीहरूको समान हुंदैन । किनभने तथागतगर्भ भनेको र शून्यता, भूतकोटी, निर्वाण, अनुत्पाद, अनिमित्त अप्रणिहित भनेको एउटै वस्तु हो । नैरात्म्यवाददेखि तर्सनेहरू न तर्सिउन् भनेर निर्विकल्प निराभासले गोचर हुने तथागतगर्भ देशना गरेको हुं । कुनै कुमालेले माटोको डल्लोवाट धेरै थरिका भाँडाहरू वनाउंछन् त्यस्तै तथागतले पनि आत्मवादमा लागेका जनताहरूलाई पनि आकर्षण गर्न तथागतगर्भको वर्णन गरेका हो । वोधिसत्वले आत्मामा आशक्त हुनु हुंदैन

तसर्थ तथागतगर्भ भन्नुको सट्टा 'तथागत नैरात्म्यगर्भ' भनी भावना गर्नु योग्य छ । अनि तथागतले गाथाद्वारा फेरि यस्तो आज्ञा भयो –

पुद्गलः संततिः स्कन्धाः प्रत्यया अणव स्तथा ।
प्रधानमीश्वरः कर्ता चित्तमात्रं विकल्प्यते ।।

अर्थात् पुद्गलवाद, संततिवाद, स्कन्धवाद, प्रतीत्य-समुत्पादवाद, परमाणुवाद, ईश्वरकर्तृत्ववाद यी सबै चित्त मात्र हो भनिन्छ ।

अनि महामतिले श्री भगवान्संग योगाभिसमय तथा महायोगमा लाग्ने योगीहरूको बारे प्रश्न गर्नु भयो । त्यसको उत्तरमा श्री भगवान्ले यस्तो आज्ञा भयो । स्वचित्त नै दृश्यको रूप लिएर आउने हुन्छ भनी भावना गर्नु, उत्पति स्थिति भङ्ग भएको होइन भनी भावना गर्नु, चित्त बाहेक वाह्य वस्तु केही छैन भनी भावना गर्नु तथा स्वप्नत्यात्मार्य ज्ञान अर्थात् आफू नै प्रत्येक व्यक्ति हो भन्ने आर्यज्ञान लाभ गर्छु भनी भावना गर्नु यी चार भावनाले युक्त भएका बोधिसत्वहरू महायोगयोगी हुन्छन् भनेर आज्ञा भई यी सबैलाई उचित रूपमा भावना गर्ने विधि पनि आज्ञा भयो । साथै मनोमय कायको पनि वर्णन गर्नु भयो । त्यसकारण हे महामति ! उपर्युक्त चार भावनामा लाग्नु बढिया हुन्छ ।

अनि महामतिको प्रश्नानुसार श्री भगवान्ले प्रतीत्य समुत्पादको विषयलाई यसरी आज्ञा भयो– प्रतीत्यसमुत्पाद आध्यात्मिक र वाह्यका भेदले दुई प्रकारका हुन्छन्। माटो घुमाउने लठ्ठी चक्र धागो पानी कुमालहरूको कारणले वाह्य घडा उत्पन्न हुन्छ। यस्तै गरी कपडा सुकुल र बीजबाट अंकुर, दहीबाट घ्यू आदि वाह्य वस्तु उत्पन्न हुने हुन्छ यसलाई वाह्यप्रतीत्यसमुत्पाद भनिन्छ। अविद्या तृष्णा कर्म आदिलाई आध्यात्मिक प्रतीत्यसमुत्पाद भनिन्छ । यी सबै कल्पना हुन् तथा भविष्य हेतु, सम्बन्ध हेतु, लक्षण हेतु, कारण हेतु, व्यञ्जन हेतु, उपेक्षा हेतु यी ६ प्रकारका हेतुहरूलाई पनि कल्पना गर्छन् । परन्तु कुनै वस्तु कुनै हेतुबाट

उत्पन्न हुंदा एकै पल्ट उत्पन्न हुंदैन । क्रमशः पनि उत्पन्न हुंदैन भन्ने कुरो पनि विस्तारपूर्वक आज्ञा भई महामतिलाई संबोधन गरेर हेतुप्रत्यय क्रियायोगलक्षणक्रमोत्पत्ति युगपदुत्पति आदि दृष्टिमा लाग्नु हुंदैन भनी आज्ञा भयो । अनि फेरि गाथाद्वारा यसरी आज्ञा भयो–यही हेतुप्रत्ययद्वारा कुनै वस्तु उत्पन्न हुने होइन, भङ्ग नाश हुने पनि होइन । केवल वासनाले अलमलाएको चित्त नै नानारूपले देखिने हुन्छ । यसरी सबै संस्कृत वस्तु भ्रम हो भनी देख्न थाले पछि ग्राहक दृष्टि र ग्राह्य दृष्टि शान्त भएर जाने हुन्छ ।

अनि फेरि महामति बोधिसत्वले वाग्‌विकल्प संवन्धी प्रश्न गर्दा श्री भगवान् बुद्धले यस्तो आज्ञा भयो– हे महामति ! लक्षणवाक्, स्वप्नवाक्, दौष्ठुल्यविकल्पाभिनिवेशवाक्, अनादिविकल्पवाक् यी चार प्रकारका वाग्‌विकल्प हुन्छन्। यी वाक् विकल्प शिर, छाती, नाक, घाँटी आदि ठाउंहरूको संवन्धले उत्पन्न हुने हुन्छ । वाक् (वचन वा बोली) विकल्पदेखि भिन्नै भन्न र एउटै भन्न पनि नमिल्ने खालको हुन्छ तसर्थ वाक् विकल्प परमार्थ सत्य होइन । परमार्थसत्यलाई जान्न आर्यज्ञानप्रत्यात्मगतिद्वारा मात्र सकिन्छ । वाक्‌बिकल्पले सकिंदैन । त्यसकारण वाक्‌विकल्पमा लाग्नु हुंदैन। यति आज्ञा भई गाथाद्वारा यस्तो आज्ञा भयो– यो शून्यता हो, यो निर्वाण हो भनी जुन मैले उपदेश दिएं ती कुराहरू कुनै धनीले आफ्नू छोरालाई घोडा, मृग भनी माटोको खेलौना दिई ठूलो भए पछि साँचैको मृग, घोडा आदि दिने हुन्छ । यस्तै वचनद्वारा निर्वाणका कुराहरू बुझाई पछि सच्चा निर्वाण दिने हुन्छ ।

अनि महामति बोधिसत्वको प्रश्नानुसार श्री भगवान् बुद्धले यस्तो आज्ञा भयो। जव स्वचित्त दृश्यमात्रको ज्ञान हुंदैन तव मृगतृष्णामा पानीको भ्रम, गन्धर्वनगरमा नगरको भ्रम स्वप्नामा चक्रको भ्रम, पानीमा उठेको बुलबुलमा मणिको भ्रम पानी ऐनामा देखिएको प्रतिविम्वमा साँचो रूपको भ्रम, प्रतिध्वनिमा सच्चा शब्दको भ्रम उठ्ने हुन्छ । यही भ्रमले उत्पाद, स्थिति

भङ्ग तथा एकत्व, अनेकत्व, उभयत्व, अनुभयत्व, नास्तित्व, अस्तित्व आदि पनि सच्चा सम्झने हुन्छन् । यस्तो भ्रमलाई छाड्नु पर्छ । यति आज्ञा भई फेरि गाथाद्वारा यस्तो आज्ञा भयो– स्कन्ध, धातु, आयतनहरू पनि भ्रम हुन् भनी दृढविश्वास गरी भावना गरेमा संसारबाट मुक्त हुन्छन् ।

यति मात्र होइन हे महामति ! भगवान्को धर्मदेशनामा एकत्व, अनेकत्व, उभय अनुभय आदि भेदभाव नभएको तथा नास्तित्व र अस्तित्व जस्ता समारोपवाद नभएको चतुसत्य प्रतीत्यसमुत्पाद निरोध मार्ग विमोक्ष आदिमा न लागेको तथा प्रकृति, ईश्वर, हेतु इच्छा, अणु, काल स्वभाव आदिवादसंग संवन्ध नभएको हुन्छ । फेरि हे महामति ! क्लेशावरण र ज्ञेयावरण विशुद्ध गर्न पूर्वोक्त अष्टोत्तरशत निराभासपदमा यान, भूमि सम्वन्धी लक्षणमा स्थापना गर्ने हुन्छ ।

फेरि हे महामति ! ध्यान चार प्रकारका हुन्छन् अर्थात् वालोपचारिक, अर्थप्रविचय, तथतालम्वन, तथागतध्यान यी चार ध्यान प्रथम ध्यानदेखि नैवसंज्ञानासज्ञायतन सम्मका र अनित्य, दुःख अनात्म आदि भावनालाई वालोपचारिक भनिन्छ । पुद्गल नैरात्म्य र धर्मनैरात्म्य सम्वन्धी ध्यानलाई अर्थप्रविचय ध्यान भनिन्छ। निर्विकल्प ध्यानलाई तथतालम्बन ध्यान भनिन्छ। अचिन्त्य प्राणीहरूको हित गर्ने ध्यानलाई तथागत ध्यान भनिन्छ। यी ध्यान गर्दा चन्द्र, सूर्य, आकाश अग्नि जस्ता धेरै प्रकारका निमित्त (लक्षण) हरू देखिन्छन् । तिनीहरूमा नलागी निराभास ज्ञान लाभ भएपछि दशै दिशाका बुद्धहरूको रश्मिले सो व्यक्तिलाई उज्ज्वल बनाउने छ ।

अनि महामति बोधिसत्वको प्रश्नानुसार श्री भगवान्ले निर्वाणको लक्षण यसरी आज्ञा भयो– हे महामति ! सबै विज्ञानको स्वभावको वासना र आलयविज्ञान, मन, मनोविज्ञान दृष्टिवासना हटेर ज़ानु (परावृत्ति) लाई निर्वाण भनिन्छ । यस्तो निर्वाण न शाश्वत हो, न उच्छेद हो, तथा न मरण हो, न नाश

हो भनी आज्ञा भयो। फेरि हे महामति! विपर्यास नहुनाले श्रावकहरूलाई निर्वाण बुद्धि उत्पन्न हुन्छ। फेरि हे महामति! अभिलाप स्वभाव र वस्तुस्वभावका भेदले दुई प्रकारका स्वभावलाई पनि जान्नु पर्छ। अनि यसै गरी समाधि समापत्याधिष्ठान र बुद्धाधिष्ठानका भेदले अधिष्ठान पनि दुई प्रकारका हुन्छन्। यदि बोधिसत्वले प्रथम भूमिमा बुद्धाधिष्ठान लाभ गर्न सके भने महायानप्रभास समाधि लाभ गर्ने हुन्छ। यसको प्रभावले दशै दिशाका तथागतलाई दर्शन गर्न पाउंने हुन्छ तथा पाण्यभिषेक पनि लाभ गर्ने हुन्छ। यसरी सो बोधिसत्वको प्रतिभा, ज्ञान आदि लाभ हुने हुन्छ। लाटो बहिरोहरू पनि अधिष्ठानको प्रभावले स्वस्थ हुन सक्छ। अन्यमतावलम्बीहरू र मारले पनि चित्तपरिवर्तन गर्न नसकोस् भन्ने उद्देश्यले तथागतहरूले बोधिसत्वलाई अभिषेकाधिष्ठान गर्ने हुन्छ।

अनि फेरि महामतिको आशय अनुसार श्री भगवान् बुद्धले यस्तो आज्ञा भयो– अरूहरूले पनि कारणद्वारा कार्य बन्ने कुरो गर्छन् तर मेरो सिद्धान्त भन्दा अलि फरक अर्थात्‌"अस्मिन् सति इदं भवति" भन्दा म मेरो भन्ने ग्राह्य ग्राहक भाव नभएको बोध हुनासाथ अरूको कारण अप्रतीत्य समुत्पन्न हुन्छ तथा त्यसबाट कार्य (वस्तु) बन्छ। परन्तु मेरो कारण पनि कार्यको अपेक्षा राख्छ, कार्य पनि कारणको अपेक्षा गर्ने हुन्छ। म मेरो भन्ने कुरामा आशक्त भएका व्यक्तिले स्वचित्त दृश्यमात्र हो भन्ने मेरो अहेतुक कारण वादलाई बुझ्दैन। यति मात्र होइन जति हामी अभिलाप गर्छौं अर्थात् बोल्छौं ती सबै हुनै पर्छ भन्ने छैन किनभने खरायोको सिङ भनेर पनि हामी बोल्छौं। तसर्थ हे महामति! अभिलाप सद्‌भावात् सन्ति सर्वभावा भन्ने तिम्रो विचार मिल्दैन। अनिमेषदृष्टिले पनि धर्मदेशना गरिने बुद्ध भूमि हुन्छन्। तथा इशाराले, आँखीभौं-चलाएर, आँखा घुमाएर तथा हाई गरेर, खोकेर मात्र पनि धर्म देशना गर्ने हुन्छ तसर्थ अभिलापले (वचनले) मात्र धर्मदेशना हुने होइन। त्यसले विना अभिलाप किरा फटेंग्राहरू आफ्नो इच्छा

पूर्ण गर्छन् । हे महामति ! हेतुप्रत्ययको समवायले सबै वस्तु बन्छन् भनी साधारण व्यक्तिहरू भन्दछन् । तिनीहरूले मेरो नियम राम्ररी जानेको छैन भने पनि हुन्छ ।

अनि महामतिले शब्द नित्य छ भनी भन्दछन् के यो सत्य हो भनी फेरि प्रश्न गर्दा श्री भगवान्‌ले यस्तो आज्ञा भयो– भ्रान्तिले मात्र यस्तो भनेको हो । भ्रान्ति नित्य हुन्छ, शाश्वत हुन्छ आर्यहरूले पनि भ्रान्तिको अनुभव गर्छन् । भ्रान्ति छ भन्न र छैन भन्न मिल्दैन साँचं भनुं भने भ्रान्ति नै तत्व हो परमार्थ सत्य हो अर्थात् वाह्य वस्तुको अभाव भावना गर्दा भ्रान्तिलाई कल्पना नगरिने अवस्थामा भ्रान्ति नै आर्यहरूको निमित्त तथता हुने हुन्छ अर्थात् तथता भनेको चित्तसंग सम्वन्ध नभएको तत्व हो । किनभने भ्रान्ति कल्पित वस्तु होइन । नत माया भ्रान्तिको कारण हो । किनभने मायाको दौष्ठुल्य दोष हुंदैन । किनभने अरू व्यक्तिको विद्या तथा जडीबुटीको प्रभावले माया (इन्द्रजाल) उत्पन्न हुन्छ । यो इन्द्रजाल (माया) आफ्नो मनले कल्पना गरेर देखिएको होइन । अनि श्री भगवान्‌ले गाथाद्वारा यस्तो आज्ञा भयो– आर्यहरूले भ्रान्ति पनि देख्दैन तत्व पनि देख्दैन । किन्तु यी दुईको बीचमा रहेको हुनाले भ्रान्ति नै तत्वको रूप लिन हुन्छ। यदि सबै भ्रान्तिलाई हटाएर यस्तो रहेछ भनी तत्वको निमित्त ग्रहण गर्दछ भने त्यो निमित्त पनि भ्रान्ति नै हो भन्ने सम्झनु पर्छ ।

अनि महामतिको प्रश्नानुसार श्री बुद्धले आज्ञा भयो– मायोपमा सर्वधर्मा (२ किन्तु विजुली जस्तो विना कारण क्षण भंगुर हुनाले मायोपमा सर्वधर्मा भनेको हुं) (मैले जो भने ती सबै वस्तुले जादुमा जस्तो आश्चर्य वनाउछ भन्ने हेतुले भनेको होइन।) यस्तो भन्दैमा अनुत्पन्ना सर्वधर्मा भनी भन्न नहुने पनि होइन किनभन वाह्य भाव (वस्तु) छैन भन्न देख्न थाले पछि अनुत्पाद ज्ञान पनि उत्पन्न हुन थाल्छ । अनि मायावत् अनुत्पन्ना सर्वधर्मा भन्दा परस्परमा कुनै दोष उत्पन्न हुने छैन । स्वचित्त नै दृश्य हो

भनी नबुझ्ने तथा हेतुप्रत्ययद्वारा क्रिया र वस्तुको उत्पत्ति हुन्छ भन्ने आशक्तिमा फसेकाहरूलाई सुधार्न सबै वस्तु माया स्वप्न स्वभावका हुन्छन् भनी भनेको हुं । त्यसकारण सबै वस्तुको आकार प्रकार आदि लक्षणलाई याद नगरी यी सबै वस्तु माया स्वप्न समान हुन् भन्ने मात्र भावना गर्नु पर्छ ।

हे महामति ! नामकाय, पदकाय, व्यञ्जनकायको विषयमा पनि जान्नु पर्छ । यी तीन कायलाई जान्दा बोधिज्ञान गर्न सुविधा हुने हुन्छ । यहाँ जुन वस्तुलाई आधार मानेर नामाकरण गर्छौं त्यो वस्तुलाई काय भनिन्छ अर्थात् काय भन्नु र शरीर भन्नु एउटै हो। यसरी वस्तु र वस्तुको नामलाई नामकाय भनिन्छ। यस्तै गरी पदकाय भनेको निश्चितता भनेको हो अर्थात् निष्ठा उपलब्धि भन्नु एउटै अर्थ हो। यसैलाई पदकाय भनिन्छ । व्यञ्जन लिङ्ग, लक्षण, उपलब्धि, प्रज्ञप्ति, शब्दहरूको अर्थ पनि एउटै हो । फेरि हे महामति ! पदकायले पदको काम हुन्छ । अकार देखि ऊकार सम्मको अक्षरहरूको नाम स्वभावलाई नाम भनिन्छ। यसरी नाम काय पदकायहरूको भिन्ना भिन्नै अर्थमा पनि प्रयोग हुन्छ । परन्तु व्यञ्जन, पदकाय, नाममा आशक्ति हुनु हुंदैन किनभने यी सबै कल्पित वस्तु नै हुन् । यसरी रूपादिदेखि अनित्यता भिन्नै हो कि एउटै हो आदि प्रश्नहरूको उत्तर अध्याकृत हो कि स्थाप्य हो आदि पनि बुझ्नु पर्छ तथा निःस्वभाव, आयूह निर्यूह अनिरोध,अनित्य आदि शब्दको अर्थहरू पनि लक्षण सहित जान्नु पर्छ।

अनि महामतिको प्रश्न अनुसार श्री भगवान्ले स्रोतापति लाभ गर्न सत्कायदृष्टि विचिकित्सा शीलव्रत परामर्शले रहित हुनु पर्ने हुंदा यिनीहरूको लक्षण विस्तृत रूपमा व्याख्या गर्नु भयो । स्रोतआपन्नको राग, द्वेष, मोह यी तीन संयोजन मध्ये काम राग नष्ट भएको हुन्छ भनी आज्ञा भयो । अनि सकृदागामी अनागामीहरूको लक्षण आज्ञा भयो । यस्तो आज्ञा सुनी महामतिले यस्तो विन्ती गर्नु भयो– हे भगवन् ! 'अर्हत् तीन प्रकारका हुन्छ', भन्छन् । हजूरले कसलाई अर्हत् शब्द प्रयोग गर्नु हुन्छ।

यस्तो प्रश्न सुनी श्री भगवान्‌ले यस्तो आज्ञा भयो श्रावक मार्गमा आश्रित व्यक्तिले मात्र अर्हत्व लाभ गर्ने हुन्छ अरूले होइन। बोधिसत्वहरूले त मार्गफल लाभ गर्नु तथा ध्यान, ध्याता, ध्येयलाई पनि शून्य सम्भन्छन्। स्वचित्त दृश्यलाई बोध गर्नु नै मार्गफल लाभ गरेको सम्भन्छन्। फेरि हे महामति! प्रविचय बुद्धि र विकल्प लक्षणग्राहाभिनिवेश प्रतिष्ठापिका बुद्धिका भेदले बुद्धि दुई प्रकारका हुन्छन्। साधारण ज्ञान गर्नेलाई प्रविचय बुद्धि भनिन्छ भने एकत्वानेकत्व, उभयानुभय, अस्ति नास्ति, नित्यानित्य यी चतुकोटिले रहित भएको बुद्धिलाई विकल्प लक्षण ग्राहाभिनिवेशप्रतिष्ठापिका बुद्धि भनिन्छ। यही बुद्धिले युक्त भएको व्यक्तिले प्रथमभूमि लाभ गर्ने हुन्छ तथा सयौं समाधि लाभ गर्ने र बुद्ध बोधिसत्वहरूलाई दर्शन पाउन सक्ने हुन्छ। अन्तमा धर्ममेघा भूमिमा अभिषेक पाउने हुन्छ। महाभूत र भौतिक वस्तुलाई पनि विकल्प मात्र हो भनी भावना गर्ने गर्दा त्रैधातुक नै भूत भौतिकले रहित संझने हुन्छ। यसै गरी पञ्चस्कन्ध पनि आकाश समान एक दुई आदि संख्या रहित वस्तु हुन् भनी सम्झने हुन्छ। तथा चतुष्कोटि रहित भनी भावना गर्ने हुन्छन्। यसरी स्कन्धलाई पनि शून्य भनी ज्ञान भएपछि दुरंगमा भूमिमा पुगी धर्मनैरात्म्य दृष्टि विशुद्ध हुन्छ र मनोमय काय लाभ हुने हुन्छ साथै मायोपम समाधि लाभ हुन्छ र बलअभिज्ञा वशिता आदि लाभ गरी सर्वसत्व प्राणीहरूलाई उद्धार गर्ने क्षमता प्राप्त हुन्छ।

हे महामति! अरू मतावलम्वीहरू चार विभिन्न प्रकारका निर्वाण मान्दछन्। परन्तु मेरो अनुयायीहरू विकल्प मनोविज्ञानले रहित हुनुलाई निर्वाण मान्दछन्। हुनत अरू सात विज्ञान पनि रहित हुनु पर्छ अनि मात्र निर्वाण हुने हुन्छ।

हे महामति! परिकल्पित स्वभाव अभिलाप, विकला आदिका भेदले धेरै प्रकारका हुन्छन्। यी भेदहरूलाई पनि जान्नु अति उपयोगी छ। यसलाई जानेर यिनीहरूको आशक्ति छोड्नु पर्छ। यी सबै माया समान हुन् तथा माया पनि छ वा छैन भनी

आशक्त हुनु हुंदैन । दश प्रकारको परिकल्पित र ६ प्रकारको परतन्त्र तथा प्रत्यात्म तथतालाई यथार्थरूपले जाने पछि अब जान्नु आवश्यक छैन । तथा ग्राह्य ग्राहक विकल्पलाई यथार्थरूपले जाने पछि विकल्प प्रवृत्ति हुंदैन अनि एकयान वादलाई बुझ्ने हुन्छ । परन्तु आर्युक्त कुरो नबुझ्ने श्रावक प्रत्येक बुद्धहरूले एकयानवाद बुझ्दैन । किनभने चित्तको आश्रय परावृत्त भएपछि न यान भन्ने हुन्छ न माया नै हुन्छ । अतः श्रावकहरू पनि समाधि रूपी मदले छाडे पछि धर्मकायलाई प्राप्त गर्ने हुंदा एक यानको महत्व बुझ्ने हुन्छ ।

इति द्वितीय परिवर्तः

श्री भगवान् बुद्धले महामति वोधिसत्वलाई संवोधन गरी समाधिसुख समार्पत्तिमनोमयकाय तथा धर्मस्वभावाववोध मनोमय काय र निकायसहजसंस्कारक्रियामनोमयकाय गरी तीन कायहरू विस्तृत वर्णन गर्नु भयो । अनि आज्ञा भयो–हे महामति! कायत्रयको लक्षण जान्न प्रयत्न गर्नु पर्छ । अरू यान तथा महायान पनि छैन नत शब्द छ न अक्षर नै छ न चतुरार्यसत्य र अष्ट विमोक्ष नै छ । नत निराभास गोचर छ । परन्तु समाधि वशिताले युक्त भएको मनोमयकाय र महायान छ भन्नु नै पर्‍यो ।

अनि त्यस पछि महामतिले पञ्चानन्तर्यको विषयमा प्रश्न गर्दा श्री भगवान्ले यस्तो आज्ञा भयो– मातृवध, पितृवध, अर्हद-बध संघभेद तथा दुष्टचित्तले तथागतको शरीरवाट रक्तनिकाल्नुलाई पञ्चानन्तर्य भनिन्छ । यस्ता व्यक्ति चाँडै नै अवीचिमा जाने हुन्छ । तृष्णालाई माता, अविद्यालाई पिता भनिन्छन् । यी दुवैलाई जरादेखि उखेल्नुलाई मातृवध, पितृवध भनिन्छ । रागादि अनुशयरूपी अरिलाई हत्या गर्नुलाई अर्हद्वध भनिन्छ । स्कन्ध समूहलाई सङ्घ भनिन्छ । यसलाई भेद गर्नु सङ्घ भेद भनिन्छ । आठ प्रकारको विज्ञानहरूलाई तीन विमोक्षद्वारा बिकल्पको उच्छेद गर्नुलाई बुद्धको रूधिरोत्पाद भनिन्छ । यी पाँच आध्यात्मिक आनन्तर्यकारी भनिन्छ । यसलाई पनि बुझ्नु पर्छ । हे महामति!

धर्म नैरात्म्य र पुद्गल नैरात्म्यलाई बुझ्नु, क्लेशावरण र ज्ञेयावरणलाई बुझ्नु दुई प्रकारको च्युतिलाई बुझ्नु क्लेशद्वयलाई निर्मल पार्नु नै बुद्धको बुद्धत्व हो । अनि महामतिले श्री बुद्ध भगवान्संग यस्तो विन्ती गरे– हे भगवन्! हजूरले म हाँत्ती शुक्र, इन्द्र, व्यास हूं आदि हजारौं जातकहरू यसको आशय के हो आज्ञा भए जगतको हित हुने थियो । यस्तो वचन सुनी श्री भगवान्ले यसरी आज्ञा भयो– हे महामति ! चार प्रकारको समतालाई लिएर मैले क्रकुच्छन्द, कनकमुनि, काश्यप पनि मैं हुं भनी सबै पर्षदहरूलाई भनको हुं । अर्थात् अक्षर समता, वाक् समता, धर्म समता, काय समता यी चार समताको आधारमा काश्यप आदि मैं हुं भनेकोहुं ।

अनि महामतिले फेरि यस्तो विन्ती गरे– हे भगवन् ! जुन रातमा हजूर बुद्ध हुनु भयो त्यस बेला देखि परिनिर्वाण हुनु भएको भएको रात सम्मको बीचमा एक अक्षर पनि तथागतले बोल्नु भएन भनी भन्छन् । यसको आशय के हो आज्ञा भए जगत हित हुने थियो । यस्तो वचन सुनी श्री भगवान्ले यस्तो आज्ञा भयो– हे महामति! प्रत्यात्मधर्मता र पौराणस्थिति धर्मतालाई लिएर मैले यस्तो भनेको हुं अर्थात् पहिलेका बुद्ध र भविष्यका बुद्धले यही प्रत्यात्मधर्मस्थितिलाई पाउने छ । जुन ज्ञान अनिर्वचनीय तथा अक्षरद्वारा व्यक्त नहुने तत्व छ । त्यही विषयलाई लिएर मैले एक अक्षर पनि बोलिन भनेको हो । अनि फेरि महामतिको अनुरोधमा अस्तित्व र नास्तित्वको विषयमा श्री भगवान्ले यस्तो आज्ञा भयो– हे महामति ! संसारका सबै व्यक्तिहरू छ, छैन, भाव अभाव, आदि द्वयमा लागेका हुन्छन् । यसैलाई अन्त वा कोटी पनि भनिन्छ। यी दुई अन्त जब सम्म चित्तमा उब्जिरहन्छ तब सम्म बन्धनमा पर्छ यसबाट मुक्त भए पछि मुक्त हुन्छन् भनी यस्तो गाथा आज्ञा भयो–

‘उत्पादवाद दुर्दृष्ट्या नास्त्यस्तीति विकल्प्यते
यस्य नोत्पद्यते किञ्चिन्न च किञ्चिन्निरूध्यते
तस्यास्ति नास्ति नोत्पति विविक्तं पश्यतोजगत्’

अर्थात् हेतुप्रत्ययले वस्तु उत्पन्न हुन्छ भन्ने खराव उत्पादबादले नै छ छैन भन्ने कल्पना उत्पन्न हुने हुन्छ । यो इन्द्रजाल उत्पन्न भएको होइन भन्ने भावना गरे कुनै वस्तु उत्पन्न पनि हुंदैन, नाश पनि हुंदैन । यसकारण बिविक्त(कार्य कारण शून्य) देख्ने भावनामा लाग्ने व्यक्तिको अस्ति (छ) नास्ति (छैन) भन्ने कल्पना अन्त भएर जाने हुन्छ । अनि फेरि महामतिको अनुरोधले अनास्रवधर्मधातुलाई लाभ गर्ने सिद्धान्त नय र बुद्धको नबाङ्ग प्रवचनले युक्त भएको देशनानयको लक्षण आज्ञा भयो र साथै गाथाद्वारा भावलाई भावना गर्नु भन्दा अभावलाई भावना गर्नु उत्तम छ । तृष्णाद्वारा उत्पन्न भएको स्कन्ध स्वप्न समान नै हो भनी आज्ञा भयो ।

अनि महामतिले अभूतपरिकल्पको विषयमा प्रश्न गर्नु भयो र भगवानले यस्तो आज्ञा भयो– म मेरो भन्ने आशक्तिले युक्त भएका व्यक्तिले अभूत परिकल्पना गर्ने हुदा उनीहरूको विकल्प उठ्ने हुन्छ । जस्को म मेरो भन्ने भावना प्रहीण हुन्छ उसलाई विकल्प उठ्दैन । अनि गाथाद्वारा मुख्य कुरो यसरी आज्ञा भयो– चतुष्कोटि अर्थात् छ, छैन, न छ न छैन, नत न छ न छैन भन्ने चार प्रकारको कल्पनाहरूले रहित हुनु पर्छ । अनि मात्र नैरात्म्य लाभ हुन्छ । जसले आत्मा तथा पञ्चस्कन्ध पनि प्रज्ञप्ति सत् हुन्, द्रव्य सत् होइन भन्ने र लक्षण समता, हेतुसमता, भावसमता, नैरात्म्य समता मध्ये नैरात्म्य समता नै योगिजनको समता हो भनी बुझ्छ उसले सवै वस्तु तथा तथता आदि पनि चित्त मात्र हो भन्ने सिद्धान्त बुझ्ने छैन ।

दृश्यं न विद्यते वाह्यं चित्तं चित्रं हि विद्यते ।
देहभोगप्रतिष्ठानं चित्तमात्रं वदाम्यहम् ।।

अर्थात् वाह्य दृश्य (विषय) केही छैन केवल विचित्रको चित्त मात्र छ । यसकारण देह र भोगको आधार भएको आलय विज्ञान मात्र छ भनी म भन्छु ।

अनि रूतको विषयमा महामतिको प्रश्नअनुसार श्री भगवान्ले यस्तो आज्ञा भयो– हे महामति ! हाम्रो बोलि वचन अक्षरहरूको समूह हो । यो मुखबाट मनको कल्पनाले निस्कने हुन्छ । यसैलाई रूत पनि भनिन्छ । श्रुत चिन्ता भावनामयी प्रज्ञाद्वारा निर्वाण मार्ग लाभ गर्ने उद्देश्यले भूमिलाई लाभ गर्ने कोशिश गर्दा अर्थकुशल हुन्छ । परन्तु अध्यारो ठाउमा बत्तीले धन देखाई दिए जस्तै रूतले अर्थ देखाई दिने हुन्छ । अर्थात् वाग् विकल्प रूपी बत्तीले स्वप्रत्यात्मार्यगतिलाई देखाई दिने हुन्छ । परन्तु रूतको मात्र भर पर्नु हुंदैन यसले अनर्थ पनि गर्ने हुन्छ आदि आज्ञा भई फेरि ज्ञान विज्ञानलाई बुझमा बुध्दत्व लाभ हुने हुन्छ भनी यस्तो आज्ञा भयो– हे महामति ! लौकिकज्ञान, लोकोत्तरज्ञान, लोकोत्तरतमज्ञानका भेदले ज्ञान तीन प्रकारका हुन्छन् । विज्ञान उत्पन्न हुंदै नाश हुंदै गर्ने हुन्छ । तर ज्ञान उत्पन्न पनि हुंदैन, नाश पनि नहुने हुन्छ । बिज्ञान निमित्त (लक्षण) तथा अनिमित्तमा लागी छ छैन भन्ने भावनाको कारण बन्ने हुन्छ । परन्तु ज्ञान निमित्त अनिमित्तमा लाग्दैन । तथा बिज्ञान क्लेशलाई अपचव (वृध्दि) गर्ने र ज्ञान क्लेशलाई घटाउने हुन्छ । सामान्यज्ञानलाई स्वसामान्य लक्षणावधारक भनिन्छ । यो लौकिक हो । उत्पाद र व्ययलाई बुझ्ने ज्ञानलाई उत्पादव्ययावधारक ज्ञान भनिन्छ । यो लोकोत्तरज्ञान हो । उत्पन्न भएको पनि होइन, निरोध भएको पनि होइन भन्ने ज्ञानलाई अनुत्पाद निरोधावधारक ज्ञान भनिन्छ । यो लोकोत्तरतम ज्ञान हो । यी तीन ज्ञान साधारण व्यक्ति तथा विपश्यना भावना गर्ने श्रावक र बुद्ध बोधिसत्वहरूका हुन् फेरि ज्ञानले आशक्ति हटाउंछ । विज्ञानले आशक्ति बढाउने हुन्छ आदि धेरै कुराहरू आज्ञा भयो ।

अनि फेरि महामतिलाई संबोधन गरी यस्तो आज्ञा भयो– संस्थान परिणाम, लक्षणपरिणाम, हेतुपरिणाम, युक्तिपरिणाम, दृष्टिपरिणाम, उत्पादपरिणाम, भावपरिणाम, प्रत्ययाभिव्यक्ति परिणाम क्रियाभिव्यक्ति परिणामका भेदले नौ प्रकारका पर-

णाम, अरूले मान्दछन् यिनीहरूलाई संक्षेपमा भन्ने हो भने सदसत्पक्षोत्पाद परिणामवाद भने हुन्छ । यी सबै कल्पना मात्र हुन् केवल माया स्वप्न झैं परिणाम (परिवर्तन) भएको देखिन्छ ।

अनि फेरि महामतिको प्रश्नानुसार यथारूतार्थाभिनिवेशसन्धि आदि धेरै सन्धिको वर्णन गर्दै सन्धिको अर्थ यसरी आज्ञा भयो– हे महामति! सत्वप्राणीहरूलाई देवगति आदि पञ्चगतिमा सन्धान (जोड्ने काम) गरी दिने हुनाले सन्धि भनेको हो। यस्ता धेरै सन्धिहरूलाई कल्पना गरी बनाउंछौ । अनि सो सन्धिसूत्रले हामी बाँधिन्छौं जसरी आफैंले निकालेको धागोको जालले माकुरो आफै बाँधिन्छ । त्यसकारण सन्धिलाई काट्नु पर्छ अनि नसन्धि नासन्धि लक्षणको ज्ञान लाभ हुन्छ ।

आर्यज्ञानले मात्र भाव स्वभाव निर्णय गर्न सकिन्छ । आज्ञा हुंदा नास्त्यस्तित्व दृष्टि ग्रहण गरिंदैन र भन्ने प्रश्न अनुसार श्री भगवान्ले यस्तो आज्ञा भयो– अनादिकालदेखि भाव स्वभावको लक्षणमा आशक्त भएका प्राणीहरूलाई भय, त्रास नहोस् भनेर मात्र भाव स्वभावको वर्णन गरेको हो । तर त्यो पनि आयहरूको निमित्त विविक्तधर्मकै उपदेश हो अर्थात् सबै देखिएका भ्रान्ति नै हो भन्ने ज्ञान भएका आर्यहरूको निमित्त भाव स्वभाव पनि अनिमित्त विमोक्षकै रूपमा देखिने हुन्छ । यसरी देखेता पनि हे महामति ! अनुत्पन्ना सर्वधर्मा भनी प्रतिक्षाको– रूपमा भन्नु हुंदैन। यसो भन्दा बोधिसत्व सफल हुंदैन परन्तु मायोपमा, स्वप्नोपमा सर्वधर्मा भनी सबैलाई उपदेश दिनु पर्छ । यसो गर्दा साधारण व्यक्तिले पनि महायानलाई बुझ्ने हुन्छ । छ, छैन भनी निमित्त ग्रहण गर्ने बालजनलाई अनुत्पन्नवाद मन नपर्ने हुन्छ । परन्तु वास्तवमा अनुत्पन्नवाद नै सत्य हो अर्थात् स्वभाव, विज्ञप्ति (नाम) आदि सबै विकल्प हुन् । यो त्रिधातुक संसार त केवल चित्तमात्र हो वास्तवमा त्रैधातुक छैन भन्ने अनिमित्त, अप्रणिहित शून्यता विमोक्ष लाभ गरेका कार्यहरूको विचार छ । अनि

आलम्बन गरिने वस्तु नभएपछि अर्थात् ग्राह्य नभए पछि ग्राहक अर्थात् चित्त पनि नहुंने हुन्छ। यही ज्ञान आज्ञा हुंदा त्यो त अज्ञान नै भयो भन्ने महामतिको शङ्का निवारण गर्न श्री भगवानले यस्तो आज्ञा भयो– हे महामति ! यो अज्ञान होइन, ज्ञान नै हो। मेरो आशय तिमीले बुझेनौ। जव आलम्बन गरिने वस्तु हुंदैन तव ज्ञान विज्ञप्ति मात्र भएर रहने हुन्छ अर्थात् जान्ने कुरो नपाउँदा चित्तले ज्ञानको रूप लिन नपाई चित्त मात्र भएर वस्ने हुन्छ। यस्तो अवस्थामा ज्ञान र ज्ञेय भन्ने व्यवहार हुंदैन। यही अवस्थामा त्रिविमोक्षको ज्ञान हुन्छ। तर वाह्य वस्तुलाई छ भन्ने आशक्तिमा लाग्नेले यो कुरो बुझ्दैन। नत म मेरो भन्ने भाव छोड्ने यही उपाय हो भन्ने जान्दछन्। यति आज्ञा भई ज्ञान, अज्ञान, मिथ्याज्ञानको लक्षण पनि आज्ञा भयो।

अनि देशनानय र सिद्धान्तनयको ज्ञान पाउँ भन्ने महामतिको वचन सुनी श्री भगवान्ले आज्ञा भयो– हे महामति! तथागतहरूले प्राणीहरूलाई विनीत पार्न बताएका सूत्रहरू देशनानय भनिन्छ। योगीहरूलाई विपश्यना ध्यान गर्न सिद्धान्तनय उपदेश दिनु हुन्छ। सो उपदेशमा एकत्व, अनेकत्व, उभयत्व, अनुभयत्व आदि पक्षपात नहोस् भन्ने उद्देश्यले चित्तमनोविज्ञानले पनि नभ्याउने स्वप्रत्यात्मार्यगति गोचर सम्बन्धी कुरा हुन्छ। अतः यही सिद्धान्तनय बोधिसत्वहरूले जान्नु पर्छ।

महामतिको प्रश्नानुसार लोकायतिकहरूको सगत नगर्नु तिनीहरूसंग सङ्गत गर्दा लोकामिषको संग्रह हुन्छ, धर्म संग्रह हुंदैन। लोकायतिकहरूले मिठो वचनद्वारा जनतालाई झुक्याउने हुन्छ। उनीहरूको सङ्गतले विकल्प छुट्ने छैन तथा जरामरणको पञ्जाबाट पनि मुक्त हुन सक्ने छैन। हे महामति ! एक दिन अनेक शास्त्र जान्ने शब्द शास्त्रका रचयिता इन्द्र कहाँ उसकै शिष्य नागको रूप धारणा गरेर स्वर्गमा गयो। अनि त्यसले इन्द्रलाई भने– हे देवराज ! म जितें भने हजुरको हजार आरा भएको रथ भाँच्ने छु। हजूरले जितिवक्स्यो भने मेरो शिर काटी

बवस्योस् भनी नाग रुप लिएको लोकायतिक शिष्यले भने । अनि सो शास्त्रार्थमा इन्द्र हारे पछि वहाँको रथ भाँची सो लोकायतिक पृथ्वीमा आयो। तिनीहरूले आय व्यय जस्ता प्रत्यक्ष देखिने विषयमा मात्र आशवत गराइदिने हुन्छन् । त्यसकारण लोकायतिकहरू संग संगत नगर्नु भनेको हो । भविष्यमा जति पनि तीर्थंकरहरू (अरू मतावलम्वीहरू) छन् ती सबै लोकायतिक नै वन्ने छन् । परन्तु मेरो मतमा आय व्यय (उत्पत्ति र नाश) को महत्व छैन। अनायव्यय अर्थात् अनुत्पादको महत्व छ । त्यसैको वर्णन हुन्छ । जब बाह्य वस्तु छैन भन्ने ज्ञान विपश्यनाबाट देख्छन् तब विकल्प उत्पत्ति हुने मौका पाउंदैन अनि अनिमित्त, शून्यता अप्रणिहित विमोक्षद्वारा उ मुक्त हुने हुन्छ ।

अनि श्री भगवानले यस्तो आज्ञा भयो– हे महामति ! एक दिन एउटा लोकायतिक ब्राह्मण आई मोक्ष छ, छैन; परलोक छ, छैन आदि धेरै प्रश्न गरेको थियो । यी प्रश्नहरू सबै लोकायतसिद्धान्तका हुन् । अनादिकालको स्कन्धादि प्रपञ्चको बिकल्प र वासनाको दौष्ठुल्यबाट यो त्रिभव छ भन्ने विश्वास हुन्छ । परन्तु आपनो चित्त नै दृश्यको रूपमा देखिन्छ भन्ने निश्चय तथा दृढ विश्वास भए पछि इहलोक परलोक, बन्ध मोक्ष आदि विकल्प हटेर जाने हुन्छ । म हेतुवादी होइन, अहेतुवादी पनि होइन। त्यसो भए पनि ग्राह्य ग्राहकलाई (म मेरो भन्ने भावलाई) पनि विकल्प नै हो भन्ने मानी प्रतीत्यसमुत्पादलाई वर्णन गर्छु । यस्तो कुरा आत्म ग्राहमा लागेकाहरूले बुझ्दैन तथा छ, छैन भन्ने विकल्प स्वचित्तदृश्यमात्रको बोध भए पछि हटेर जान्छ। किनभने बाह्य विषयलाई ग्रहण नहुने भए पछि विकल्प चित्तमै विलीन भएर जाने हुन्छ भनी लोकायत ब्राह्मणलाई भनेको छु । यति मात्र होइन एक दिन कृष्णपक्षिक नागखजाले ब्राम्हणको रूप लिई यस्तो प्रश्न गरे– हे भगवन् ! परलोक भनेको छैन, तपाईले के भन्नु हुन्छ ? अनि मैले भने हे माणवक ! तिमी अहिले कहाँबाट यहाँ आइरहेका छौ ? यसो भन्दा उनले म श्वेतद्वीपबाट

आएको हुं भने । त्यसो भए श्वेतद्वीप नै परलोक होइन र भने पछि नाजवाफ भएर गयो ।

हे महामति ! अब म आमिष शब्दको पनि व्याख्या गर्छु सुन । आमिष शब्दको अर्थ आकर्षण गर्नु बाह्य विषयमा आशक्त हुनु हो । यसैले गर्दा जरा जन्म मरण तृष्णाको चक्र चल्ने हुन्छ । यसलाई आमिषसंग्रह भनिन्छ । आपनो चित्त तथा धर्मनैरात्म्य र पुद्गलनैरात्म्यको बोध भएपछि विकल्प उठ्दैन । अनि उत्तरोत्तर भूमिको ज्ञान भए पछि चित्त, मन, मनोविज्ञान पनि विलीन भएर जाने हुन्छ । अनि बुद्धज्ञानाभिषेक, तथा अनाधिष्ठानपद परिग्रह र सर्वधर्मानाभोगवशवर्तिता लाभ हुन्छ । यसैलाई धर्म भनिन्छ । यसैलाई संग्रह गर्नु धर्मामिष संग्रह भनिन्छ । अनि फेरि गाथाद्वारा यस्तो आज्ञा भयो–

चित्तमात्रं न दृश्योऽस्ति द्विधा चित्तं हि दृश्यते ।
ग्राह्यग्राहक भावेन शाश्वतोच्छेद वर्जितम् ।।

अर्थात् बाह्य विषय छैन चित्त मात्र छ । शाश्वत र उच्छेदवादले रहित चित्त नै ग्राह्य र ग्राहक भएर दुइ प्रकारको देखिन्छ । हे महामति ! जवसम्म चित्त छ तबसम्म लोकायत नै भन्नु पर्छ । विकल्प हटेपछि जगतलाई नै स्वचित्त हो भनी देख्ने हुन्छ ।

अनि महामतिको आशयानुसार निर्वाणको विषयमा श्री भगवान्‌ले यस्तो आज्ञा भयो–हे महामति ! कसैको मनमा स्कन्ध धातु आयतन निरोध हुनु, विषय वैराग्य हुनु तथा संधै वैधर्म्य (निर्वाण) देख्नुद्वारा चित्त र चित्त कलाप(समूह) निरोध भई वत्ती बीज आगो निभे झैं पञ्चोपादान स्कन्धको गति बन्द हुन्छ । यसैलाई निर्वाण भनिन्छ । कसैले विषय विकल्प शान्त हुनुलाई निर्वाण भन्छन् । विकल्पले रहित भई यो वस्तु नित्य हो, यो अनित्य हो भन्ने ज्ञान भएपछि मोक्ष हुन्छ भन्छन् । निमित्त रूपी भयदेखि डराएकाहरू निमित्त देखेर सुखाभिलाषाको निमित्त

निर्वाण संझने पनि हुन्छन् । अध्यात्म, वाह्य सबै वस्तुहरूलाई जानेर यी सबै अविनाशी हुन् भनी जान्नु नै निर्वाण हो भन्ने छन् । प्रकृति र पुरूष भिन्नै हुन् सत्वादि गुणको परिणामको कर्ता नै निर्वाण हो भनी थान्दछन् । कुनै पुण्य र अपुण्य सिद्धिनाले निर्वाण हुन्छ भन्छन् । कोही क्लेशक्षय र ज्ञानद्वारा निर्वाण हुन्छ भन्छन् ईश्वर नै स्वतन्त्र कर्ता हो भन्न देखेपछि निर्वाण हुन्छ भन्छन् इत्यादि धेरै प्रकारको निर्वाण मान्छन् । तर यस्तो मतमा नलागी निम्नोक्त गाथालाई ध्यान दिनु पर्छ–

विकल्प मात्रं त्रिभवं वाह्यमर्थं नविद्यते ।
विकल्पं दृश्यते चित्रं न च बालैर्विभाव्यते ।
भूत्रे सूत्र विकल्पोक्तं संज्ञानामान्तरेण च।
अभिधान विनिर्मुक्तमभिधेयं न लक्ष्यते।

अर्थात् काम, रूप, अरूप यी तीन भव कल्पना मात्र हुन् । किनभने वाह्य वस्तु छँदै छैन । केवल विचित्र रूपले वाह्य वस्तु भन्ने विकल्प (कल्पना) मात्र देखिने हुन्छ । तर यो कुरो वालजनले बुझ्दैन । विभिन्न सूत्रमा विभिन्न नामले त्यही विकल्पको उल्लेख गरिएको छ । परन्तु नाउं नभएको कुनै वस्तु देखिदैन।

अनि महामतिले श्री भगवान् बुद्धलाई यस्तो विन्ती गरे । हे भगवन् ! सम्यक् सम्बुद्ध भन्ने पदार्थ अकृतक हो कि कृतक (कृत्रिम) हो ? तथा कार्य कारण लक्ष्य लक्षण, अभिधान (नाम) अभिधेय (नामधारो) बुद्धि वोधव्य आदि शब्ददेखि भिन्नै हो कि एउटै हो ? यस्तो प्रश्न सुनी श्री भगवान्ले यस्तो आज्ञा भयो– हे महामति ! तथागत कृतक तथा अकृतक भन्नु हुदैन किनभने अकृत (कृत्रिम) भन्दा तथागत अनित्य हुने हुन्छ । फेरि तथागत भन्नु र निर्वाण भन्नु एउटै कुरो हो । त्यस्तै अकृतक पनि भन्नु हुदैन किनभने अकृतक वस्तु लाभ गर्न नसकिने स्वभावका हुन्छ । त्यसो भएमा तथागतत्व लाभ गर्न पुण्यसंभार र ज्ञानसंभारपूर्ण गर्नु पनि व्यर्थ हुने भयो । यसकारण तथागतलाई कृतक आदि व्यवहारका शब्दले वोध हुन सक्दैन। तथागत त आकाश समानको

हुनुहुन्छ । अतः वहाँ न कार्य न कारण नै हो । जो कारण र कार्य हुँदैन । त्यस्तो वस्तु निरालम्व्य भनिन्छ, सर्व प्रपञ्चातीत भनिन्छ । त्यही तथागत हो । हे महामति ! यही सम्यक् सम्बुद्धत्व पनि हो । यही कुरो श्री भगवान्ले गाथाद्वारा पनि यसरी आज्ञा भयो–

अस्तित्वपूर्वकं नास्ति अस्ति नास्तित्वपूर्वकम् ।
अतो नास्ति नगन्तव्यमस्तित्व न च कल्पयेत् ।।

अर्थात् अस्तित्वको अपेक्षाले नास्तितत्व वोध हुन्छ । तथा नास्तित्वको अपेक्षाले अस्तित्वको वोध हुन्छ । अतः छ भन्ने र छैन भन्ने कल्पनामा लाग्नु हुँदैन । यस्तो सबैलाई अन्तद्वय भनिन्छ । आत्मा, नैरात्म्य पनि यस्तै हुन् भनी बुझ्नेले तथागतलाई दोष दिँदैन ।

अनि महामतिको प्रश्नानुसार अनिरोध अनुत्पाद शब्दको व्याख्या यसरी आज्ञा भयो– मनोमय धर्मकायलाई अनुत्पाद अनिरोध भनिन्छ । अभाव भंनेको होइन । यस्तो कुरा श्रावक, प्रत्येक बुद्ध तथा सप्त भूमि सम्म पुगेका वोधिसत्वले पनि बुझ्ने कुरो होइन । हातलाई हस्त, कर, पाणि आदि पनि भनिन्छ तर पर्याय धेरै भए पनि वस्तु धेरै हुने होइन । यसरी नै तीन लाख असंख्य नामहरू तथा पर्यायहरू यो ब्रह्मालोक धातुमा चलेको छ । परन्तु मेरो नाम लिनेहरूले मलाई चिन्दैन । कसैले तथागत भन्छन् त कसैले स्वयंभू भन्छन्, यस्तै नायक, विनायक, परिणाय, बुद्ध, ऋषि, वृषभ, ब्रम्हा, विष्णु, ईश्वर, प्रधान, कपिल, भूतान्त अरिष्टनेमि सोम, भास्कर, राम, व्यास, शुक्र, इन्द्र, बलि, वरूण पनि भन्छन् कसैले फेरि अनिरोधानुत्पाद, शून्यता, तथता, सत्यता भूतता, भूतकोटि, धर्मधातु, निर्वाण, नित्य, समता, अद्वय, अनिमित्त सर्वज्ञ, मनोमय आदिं शब्द प्रयोग गर्छन् । यतैलाई रूत भनिन्छ । रूत (शब्द) अर्थ (वस्तु) यी दुईमा अर्थ अक्षरले बुझिने होइन । तथापि कल्पनाले भए पनि बुद्धशासन लोप नहोस् भनी सूत्र ग्रन्थ व्यञ्जनद्वारा व्यवत गरिएका छन् । सद्धर्ममा

लाग्नेले अर्थ शरण हुनु पर्छ व्यञ्जन शरण हुनु हुंदैन भन्ने कुरो बुझ्नु पर्छ । भावार्थ जान्ने व्यक्तिले स्वपर दुबैलाई हित गर्ने हुन्छ ।

यसरी अनिमित्त विमोक्ष लाभ गरेका व्यक्तिले महायानको देशना गरी बुद्ध, बोधिसत्व, श्रावक, प्रत्येक बुद्धहरू सवैलाई अपनाई बुध्दवंश स्थिर गर्ने हुन्छ । अनि त्यसले "तथात्व, अनन्यथात्व तत्वं" अर्थात् तथतालाई तथा अनन्यथा नहुनेलाई तत्व (परमार्थ सत्य, निर्वाण) भनी बुझ्ने हुन्छ यसरी बहुश्रुत, अर्थकुशल व्यक्तिसग ज्ञान लाभ गरी आफू पनि अर्थ कुशल हुनुपर्छ ।

महामतिको तर्कलाई खण्डन गर्दै श्री भगवान्‌ले यस्तो आज्ञा भयो- हे महामति ! मेरो अनिरोधानुत्पादवाददेखि अरूको अनुत्पादवाद बिल्कूल भिन्नै छ । किनभने अरूको मतमा भाव पदार्थ छ भन्छन् । मेरो मतमा न भाव छ नत अभाव नै छ । इन्द्रजालद्वारा देखिएका वस्तु न छ भन्नु नत छैन भन्नु । त्यस्तै उत्पाद र निरोध पनि वालजनले कल्पना गरेतापनि आर्यहरूले मान्दैनन् । त्यसकारण पुनर्जन्मको कारण भएको निमित्त ग्रहण गर्नु भन्दा अनिमित्तको भावना गर्नु नै उचित छ । अनिमित्त भन्नु नै विकल्प विलीन हुनु हो यही नै निर्वाण हो । यही कुरा गाथाद्वारा पनि यसरी व्यक्त गर्नु भयो ।

समवायाद् विनिर्मुक्तो बुद्धया भावो न गृह्यते ।
तस्माच्छून्यमनुतपन्नं निःस्वभावं वदाम्यहम् ।।

अर्थात् हामी जति ज्ञान गर्छौं ती ज्ञान गरेका वस्तुहरू दुई वा धेरै वस्तुहरूको समवाय संम्वन्धले बनेका हुन्छन् । त्यसकारण वस्तुहरूको सच्चा ज्ञान नहुने हुनाले सबै वस्तु शून्य, अनुतपन्न तथा निःस्वभाव भनी म भन्दछु ।

हेतुप्रत्ययव्यावृत्ति कारणस्य निरोधनम् ।
चित्तमात्रव्यवस्थानमनुत्पादं वदाम्यहम् ।

अर्थात् हेतुप्रत्ययको व्यावृत्ति हुनु अर्थात् निष्क्रिय हुनु कारणको अन्त हुनु चित्तमात्र छ भन्ने व्यवस्था गर्नुलाई नै म अनुत्पाद भन्छुं ।

"संकेत मात्रमेवेदमन्योन्यापेक्षसकला
अन्यमर्थं न चैवास्ति पृथक प्रत्यय संकलात्"

अर्थात् परस्परको अपेक्षारूपी समिश्रण भन्ने कुरो संकेत मात्र हो । त्यसकारण विभिन्न प्रत्यय (कारण)हरूको संमिश्रण देखि भिन्नै संसारमा अरू वस्तु केही छैन ।

यदा सर्वमिमं लोकं संकलामेव पश्यति
संकला मात्रमेवेदं तदा चित्तं समाध्यते ।

यसरी यी जव सवै संसार हेतुप्रत्ययहरूको समिश्रण मात्र हो भन्ने देख्ने हुन्छ तव चित्त चाँडै समाधानमा लाग्ने हुन्छ ।

अनि महामतिको अनित्यता विषयको प्रश्नानुसार श्री भगवान्ले यस्तो आज्ञा भयो–हे महामति ! अरू मतावलम्वीहरूको आठ प्रकारका अनित्यता हुन्छन् ।जस्तै प्रारम्भ विनिवृत्तलाई पनि अनित्यता मान्छन् र उत्पत्तिलाई प्रारम्भ भन्छन् । यो प्रारम्भ नहुनुलाई अनुत्पाद भन्छन् र यसैलाई अनित्यता मान्दछन् । अनि आकार परिवर्तनलाई कसैले अनित्य भन्छन् र रूपलाई नै अनित्य मान्छन् भने कसैले रूपको परिवर्तनलाई अनित्य मान्दछन् । निरन्तर स्वभाव परिवर्तन हुनु जस्तै कि दूधको दहि आदि बन्नु पनि अनित्य मानिन्छ । कसंले फेरि भाव पदार्थलाई अनित्य मान्छन् । कसैले भावाभाव नै अनित्य मान्छन् । कसैले अनुत्पाद अनित्यता मान्छन् । परन्तु मेरो मतमा'न नित्य छ, नत अनित्य छ । किनभने वाह्य वस्तु नमान्नेहरूको निमित्त भूत भौतिक रूपी ग्राह्य ग्राहक भाव नै उत्पन्न हुदैन अनि साथै नित्य अनित्य भन्ने भाव पनि उत्पन्न हुंदैन ।

ब्रह्मादि स्थान पर्यन्तं चित्तमात्रं वदाम्यहम् ।
चित्तमात्रविनिर्मुक्तं ब्रह्मादि नेविलभ्यते ।।

ब्रम्हलोक आदि पनि चित्त मात्र हो भनी म भन्छुं किनभने विना चित्त ब्रह्मादि पनि बोध हुंदैन ।

अभिसमय परिवर्तः

अनि महामतिले श्री भगवान्को सामु यस्तो विन्ती गरे– हे भगवन् ! सवै बोधिसत्व श्रावक प्रत्येक बुद्धहरूले गरिने निरोध समापत्ति र क्रमानुसन्धि लक्षण कौशलयको उपदेश दिनु होस् । जसलाई सुनेर वोधिसत्वहरूले निरोध समापत्तिको सुखमा नभूलिकन वोधिचर्या पालन गर्न सकून् । यस्तो वचन सुनी श्री भगवान्ले यस्तो आज्ञा भयो– हे महामति ! बोधिसत्वहरू र श्रावक तथा प्रत्येक बुद्धहरूले पनि षष्टी भूमिमा पुगीसकेपछि निरोध समापत्ति लाभ गर्न सक्ने हुन्छ । सप्तम भूमिमा पुगेका बोधिसत्वले भने प्रत्येक चित्त लक्षमा सवै भावस्वभावको लक्षणलाई छोडेर समापत्ति गर्ने हुन्छ । यस्तो प्रकृया श्रावक तथा प्रत्येक बुद्धले गर्न सक्दैन । किनभने श्रावक प्रत्येक बुद्धहरूको निरोध समापत्ति ग्राह्य ग्राहक लक्षणले युक्त हुन्छ। सप्तमभूमिमा पुगेका बोधिसत्वले प्रत्येक क्षणमा सबै भाव स्वभावलाई छोड्ने हुनाले सवै पदार्थको समता लाभ हुने हुन्छ । सवै वस्तु भिन्ना भिन्नै विचित्र लक्षण भएका नहुने हुन्छ । निरोध समापत्तिमा बस्ने कार्यको कुशल अकुशल भन्ने भाव छुटी सकेको हुन्छ । अष्टम भूमिमा भने वोधिसत्व तथा श्रावक प्रत्येक बुद्धको चित्त, मन, मनोविज्ञान, विकल्प, संज्ञा छुटिसकेको हुन्छ । परन्तु प्रथम भूमिदेखि षष्ठ भूमि सम्मका सवै बोधिसत्व श्रावक प्रत्येक बुद्धहरूले आफ्नो चित्त, मन, मनोविज्ञान नै त्रैधातुक हो भन्ने संझे पनि म मेरो भन्ने भाव छुटिसकेको हुन्छ र बाह्य पदार्थ छ भन्ने भाव हुंदैन ।

हे महामति ! श्रावक र प्रत्येक बुद्धहरू अष्टमभूमिमा पुग्दा समाधि सुखले विह्वल हुन्छन् । अतः तिनीहरूलाई निर्वाण लाभ भयो भन्ने बृद्धि उत्पन्न हुन्छ । परन्तु बोधिसत्वहरूलाई बुद्धहरूले निर्वाण हुनबाट रोकिराखेको हुन्छ। किनभने तथागत

भूमि पूर्ण गर्न वाँकी नै छ । तथागत कूललाई रक्षा गर्नु पनि वाँकी नै छ ।

हे महामति ! सप्तम भूमिमा भने बोधिसत्वहरूलाई अरू मतवाट रक्षा गर्ने चित्त, मन मनोविज्ञानहरूको लक्षण र परिचयको कौशल्य पनि सिकाउछु तथा म मेरो भन्ने ग्राह्य ग्राहक भाव तथा धर्मनैरात्म्य, पुद्गल नैरात्म्य, प्रवृत्ति र निवृति आदिका लक्षण पनि सिकाउछ् । परिचय पनि गराउछु । तथा चतु:प्रतिसवित् वशितास्वाद सुख, भूमिक्रमानुप्रवेश बोधिपाक्षिकहरूको पनि ज्ञान दिन्छु । त्यसो भएता पनि यी सबै स्वचित्तको दृश्य मात्र हुन् ' यस्तो कुरा अरूले बुझ्दैन । यस्तो नबुझेकोले नै भूमिक्रमानुसन्धि तथा त्रिधातु आदिको कल्पना गर्छन् । फेरि अर्को कुरो बोधिसत्वहरूले बुद्धो भवेयं जगतो हिताय भनी प्रणिधान गरेको तथा महाकरूणा उत्पन्न गरेको हुनाले पनि निर्वाण बुद्धउत्पन्न हुंदैन । साँवं भनु भने अष्टम भूमिमा वोधिसत्वहरूको विकल्प हराइसकेको हुनाले र ग्राह्य ग्राहक भाव छुटिसकेको हुनाले पनि वहाँहरू निर्वाण भइसक्यो भने पनि हुन्छ । जस्तै कुनै व्यक्ति सपनामा वाढी आइरहेको ठाउंब्राट तर्न ठूलो परिश्रमले पौडि खेली आइरहेको थियो । तर तर्न बाँकी छंदै झल्यास बिउझे छ भने त्यसले मनमा यस्तो संझने छ कि मैले सपना देखेको रहेछ । केवल पहिले देखे सुनेको र जानेको अनुभव गरेको नै कल्पनाको वलले सपना देखेको रहेछ । यो सपना सच्चा पनि होइन झुठो पनि होइन भनी संझन्छ । त्यस्तै अष्टम भूमिमा बोधिसत्वहरूको विकल्प नहुने हुनाले प्रथम देखि सप्तम भूमि सम्मका सबै सपना जस्तै संझी वहाँहरूले बुद्ध धर्म चलाउने हुन्छन् । चित्त, मन, मनोविज्ञान विकल्प संज्ञाहरूले रहित भएपछि अनुत्पत्तिक धर्म क्षान्ति लाभ हुने हुन्छ । यस्तो लाभ गरेका व्यक्तिको निमित्त प्रथम भूमि आदिको क्रम हुदैन । चित्त मात्रताको ज्ञान बुद्धज्ञान हो ।

तथागत नित्यानित्य प्रसङ्ग परिवर्तः

अनि महामतिले श्री भगवान् बुद्ध सामु यस्तो विन्ती गरे-हे भगवन् ! तथागत सम्यक् सम्बुद्ध नित्य हो कि अनित्य ? यस्तो प्रश्न सुनी भगवान्ले यसरी आज्ञा भयो– हे महामति ! तथागत न नित्य हो न अनित्य । किनभने नित्य तथा अनित्य दुबै भन्न मिल्दैन । किनभने नित्य वस्तु अकृतक (अकृत्रिम) हुन्छन् । त्यसकारण तथागत नित्य भन्न मिल्दैन अनित्य भनुं भने तथागत कृतक (कृत्रिम) हुने भो । यस्तो हुन गएमा बुद्धत्व लाभ गर्न गरेको ज्ञानसंभार तथा पुण्यसंभार सवै व्यर्थ हुने हुन्छ । त्यसकारण अनित्य भन्न पनि मिल्दैन । अतः तथागतलाई नित्य अनित्य भन्नु हुंदैन । फेरि हे महामति ! तथागतले आकाश समान संभारपूर्ण गर्नु भएको छ । अतः आकाश न नित्य हो न अनित्य । आकाश समान सभार व्यर्थ हुने हुनाले पनि तथागतलाई नित्य तथा अनित्य भन्न मिल्दैन ।

फेरि हे महामति ! जुन वस्तु उत्पन्न भएको हुंदैन त्यस्तो वस्तु जस्तै खरायोको सिङ नित्य भने झैं तथागतलाई नित्य भनेर के फायदा । परन्तु तथागतलाई नित्य भन्न सकिन्छ । किनभने बुद्धत्व लाभ गर्ने ज्ञान नित्य भएको हुनाले तथागतलाई नित्य मान्न सक्छौं । ''उत्पादाद्वा तथागतानाममुत्पादाद्वा स्थितैवैषा धर्मता धर्मनियामता धर्मस्थितिता'' अर्थात् तथागत उत्पन्न भए पनि नभए पनि धर्मता वा धर्मको नियम धर्मको स्थिति स्थिरै रहन्छ परिवर्तन हुंदैन । अतः तथागतको प्रज्ञा, ज्ञान नित्य हुन्छ । चित्त मन मनोविज्ञान, स्कन्धधातु, आयतन, अविद्या वासना, यिनीहरू तथागत होइन त्रिभव त कल्पना मात्र हुन् । कल्पना रहेसम्म द्वय हुन्छ अर्थात् नित्य अनित्यको भेदभाव हुन्छ । परन्तु तथागतमा द्वय छैन । वहाँ अद्वय हुनु हुन्छ । अतः वहाँलाई नित्य वा अनित्य भनी पुकार गनुं हुदैन । तथागत नित्य अनित्य जस्तो देखिएता पनि नित्य अनित्यले मुक्त हुनु हुन्छ भनी देख्नु

भयो भने दृष्टिदोषले मुक्त हुन्छ । तथागतलाई नित्य अनित्य मान्दा अभिसमय ज्ञान नै व्यर्थ हुने हुन्छ । त्यसकारण विकल्प नहुने व्यक्तिको तिमित्त नित्य अनित्य भन्ने भेदभाव हुदैन । जव सम्म नित्य अनित्य भनी प्रतिज्ञा गरिन्छ तव सम्म सबै सकर (मिश्रण, छ्यासम्यास) भरहन्छ । सवै वस्तु स्वचित्त मात्र हो भन्ने भावना गरी विवादलाई छोड्नु पर्छ ।

क्षणिक परिवर्त नाम षष्ठ

महामतिले हात जोडेर श्री भगवान् सङ्ग यस्तो विन्ती गर्‍यो– हे भगवन् ! आत्मा नमानेमा स्कन्ध, धातु तथा आयतनहरूको प्रवृत्ति र निवृत्ति कसरी होला भनी वालजनहरू भन्छन् । यस्तो वचन सुनी श्री भगवान्ले आज्ञा भयो– हे महामति ! कुशल र अकुशलको कारण भएको सवै गतिहरूमा नटुवा कैं जन्म लिन जाने म मेरो भन्ने नभएको तथागत गर्भ प्रवृत्ति भएको देखिन्छ । यो कुरो अरू मतावलम्बीहरू बुझ्दैनन् । किनभने अनादिकालदेखि विभिन्न प्रपञ्चको दौष्ठुल्य र वासनाले युक्त आलयविज्ञान नामक तत्व अविद्याले युक्त अरू सात विज्ञानहरू सङ्गै समुद्रमा तरङ्ग उठे कैं नित्य निरन्तर शरीरमा प्रवृत्ति भइरहेको हुन्छ । यही आलयविज्ञान नित्य हुन्छ । आत्मवादले रहित हुन्छ तथा प्रकृति परिशुद्ध हुन्छ । अरू सात विज्ञान अर्थात् क्लिष्ट मन, मनोविज्ञान, चक्षुविज्ञान, श्रोतविज्ञान, घ्राणविज्ञान, जिह्वाविज्ञान, कायविज्ञान आदि उत्पन्न हुंदै नाश हुंदै गर्छन् । तथा यिनीहरू क्षणिक हुन्छन् । यी सातै विज्ञानहरू अभूत परिकल्प हेतुवाट उत्पन्न भएका आकार तथा समवाय सम्बन्धलाई आलम्बन गर्ने हुन्छ । तथा नाम र निमित्तमा आशक्त हुने हुन्छन् । यिनीहरूले जति ज्ञान गरेका छन् ती सबै स्वचित्त नै हो भनी जान्दैन । सुख दुःखलाई पनि जान्दैनन् । यिनीहरूद्वारा मोक्षलाभ पनि हुंदैन । नाम तथा निमित्त र पर्युत्थानरागद्वारा उत्पन्न हुने र पर्युत्थानरागलाई उत्पन्न गर्ने हुन्छन् । तथा सात विज्ञानको

हेतु भएको आलयविज्ञानलाई आलम्वन गर्ने हुन्छन् । तथागतगर्भ भनिने आलयविज्ञान परावर्तन नभइकन सात प्रवृत्ति विज्ञानहरूको निरोध हुंदैन । किनभने सात विज्ञानको आलम्वन नै आलय विज्ञान हो । आलम्वन छंदाछंदै प्रवृत्ति विज्ञानहरू कसरी निरोध होला । आफ्नो आत्मा छैन भन्ने बुझेको हुनाले र स्कन्ध धातु आयतनहरूको लक्षण यथार्थ जानेको हुनाले पनि तथागतगर्भ भन्ने आलयविज्ञान प्रवृत्ति हुन्छ । पञ्चधर्मको स्वभाव र धर्म नैरात्म्यको वोध भएपछि क्रमसग भूमिअनुसन्धिदेखि आयलविज्ञान परावर्तन हुन थाल्छ । यसरी वोधिसत्वले ज्ञानकाय र मनोमय काय लाभ गर्ने हुन्छ । त्यसकारण हे महामति! आलयविज्ञान भनिने तथागत गर्भलाई विशुद्ध वनाउने प्रयत्न गर्नु पर्छ । अतः आलयविज्ञान विना प्रवृत्ति र निवृत्ति पनि हुंदैन भन्ने बुझ्नु पर्छ । तथागत गभ प्रकृति परिशुभ भए पनि आगन्तुकमलले अशुद्ध देखिने हुन्छ । यही कुरा श्रीमाला देवीलाई लिएर घरै संझाएको छु ।

हे महामति ! आयल विज्ञान भनिने तथागत गर्भ अरू सात विज्ञानहरू सङ्ग प्रवृत्तिमा आशक्त हुने व्यक्तिको मात्र प्रबृत्ति हुने हुन्छ । यी कुरा तिमी जस्तो तीक्ष्ण बुद्धि हुने र तथागतले मात्र बुझ्ने हुन्छ । अतः तथागत गर्भलाई राम्ररी साक्षात्कार गरी पहिचान गर्न प्रयत्न गर्नु उचित छ ।

अनि महामतिको प्रश्नानुसार पञ्चधर्म स्वभाव आदि त्रिषयमा श्री भगवान्ले यस्तो आज्ञा भयो । नाम निमित्त विकल्प सम्यग् ज्ञान तथता यी पाँच वटालाई पंच धर्म भनिन्छ । यी पंच धर्मलाई राम्ररी नबुझ्नाले पनि वालजनहरूको विकल्प उठ्ने हुन्छ । नाम सञ्ज्ञा संकेतमा भर पर्ने व्यक्तिको चित्तले म, मेरो भन्ने दृष्टि उत्पन्न हुने हुन्छ । यही दृष्टिले उत्पन्न भएको राग द्वेष मोहले शुभाशुभ कर्म गर्ने हुन्छ । माकुरोको आफ्नै जालल आफै वाँधिए झैं आफ्नै कल्पनाबाट उत्पन्न भएको रागादिले प्राणीहरू वाँधिएका हुन्छन् उनीहरूले आफ्नै चित्तबाट उत्पन्न

भएको हो भनी जान्दैनन् । रूप, रस, गन्ध, शब्द प्रष्टव्य यी पाँच वटा क्रमशः आँखा, जिब्रो नाक, कान, शरीरका निमित्तहरू उत्पन्न हुन्छ भनिन्छ । नाम कल्पना गर्नुलाई विकल्प भनिन्छ । निमित्तलाई व्यक्त गर्ने शब्द जस्तै हात्ती, घोडा आदि नाउमा पनि विकल्प उठ्ने हुन्छ । जव नाम र निमित्त छोडिन्छ तव सम्यक् ज्ञान भनिन्छ । अर्थात् नाम र निमित्त आगन्तुक भएका हुनाले यी सच्चा होइनन् भनी छोडेपछि विज्ञान (मन) लाई अनुच्छेद, अशाश्वत स्वभावको सम्यग् ज्ञान उत्पन्न हुन्छ । अनि सो वोधिसत्वले नाम र निमित्त न छ न छैन भन्ने भावना गर्ने हुन्छ । यस अवस्थालाई नै तथता भनिन्छ । तथतामा रहेको बोधिसत्वले निराभास गोचरलाई अनुभव गर्ने हुनाल प्रमुदिता भूमिमा प्रवेश गर्ने हुन्छ । यसरी सो बोधिसत्व क्रमशः धर्म मेघा भूमिमा प्रवेश गर्ने हुन्छ । अनि समाधि वल वशिता आदि गुणले युक्त तथागत भूमिमा प्रवेश गर्ने हुन्छ ।

यस्तो आज्ञा भएको सुनी महामति बोधिसत्वले यस्तो प्रश्न गर्नु भयो पञ्च धर्ममा के के अन्तर्भाव भएको हुन्छ आज्ञा हुनु होस् । गस्तो प्रश्न सुनी श्री भगवान्ले यस्तो आज्ञा भयो– हे महामति पञ्च धर्ममा तीन स्वभाव, आठ विज्ञान, दुइ नैरात्म्य अन्तर्भाव हुन्छन् । अर्थात् नाम र निमित्तमा परिकल्पित स्वभाव अन्तर्भाव हुन्छ । विकल्पको आधार भएको विचित्र लक्षणको पराश्रित विकल्प चित्त, चैतसिकमा परतन्त्र स्वभाव अन्तर्भाव हुन्छ । सम्यग् ज्ञान र तथता परिनिष्पन्न स्वभावमा अन्तर्भाव हुन्छ। त्यसकारण महायान भनेको निम्न लिखित हुन् ।

पंचधर्मा स्वभावश्च विज्ञानान्यष्ट एव च ।
द्वे नैरात्म्य भवेत्कृत्स्नो महायान परिग्रहः।।

अर्थात् निमित्त, नाम, विकल्प, तथता, सम्यग् ज्ञान यी पंचधर्म, परिकल्पित, परतन्त्र, परिनिष्पन्न यो तीन स्वभाव, चित्त (आलयविज्ञान) मन (क्लिष्टमनोविज्ञान) चक्षुविज्ञान,

श्रोत विज्ञान, घ्राणविज्ञान, जिह्वाविज्ञान, कायविज्ञान, मनोविज्ञान यी आठ विज्ञान धर्म नैरात्म्य, पुद्गल नैरात्म्य यी दुई नैरात्म्य आदि यी पन्ध्र विषयमा संपूर्ण महायान अन्तर्भाव हुन्छ ।

अनि श्री भगवान् बुद्धले गङ्गा नदी वालुका प्रमाण तथा उदुम्बरपुष्प सुदुर्लभ तथागतोत्पाद आदि शब्दको व्याख्या गर्नु भयो । अनि महामतिको प्रश्नानुसार 'क्षणिका सर्वधर्मा:' शब्दको अर्थ यसरी आज्ञा भयो- हे महामति पंचोपादान स्कन्ध भन्नु सर्व धर्म सवै पदार्थ भन्नु एउटै हो । आलयविज्ञान भनिने तथागत गर्भ मन (क्लिष्ट मन) मनोविज्ञान चक्षु आदि पंच विज्ञान यी आठ विज्ञानहरू मध्ये चक्षु आदि पाँच विज्ञान र मनोविज्ञान मिली कुशलाकुशलहरूको लक्षण चिन्न सकिने हुन्छ र क्षण क्षणमा उत्पन्न हुंदै विनाश हुंदै सन्तति वा प्रवाह चलिरहन्छ । यसकारण यिनीहरूलाई क्षणिक भनिन्छ । आयर्लविज्ञान अर्थात् तथागत गर्भ क्लिष्टमन र प्रवृत्ति विज्ञानको वासनाले गर्दा क्षणिक हुन्छ । परन्तु सोहि आलय विज्ञान अनास्रव वासनाले गर्दा अक्षणिक हुन्छ । त्यसकारण क्षनिकवादमा लाग्नेहरूले सवै धर्म क्षणिक तथा अक्षणिक पनि हुन्छन् भनी जान्दैनन् । चक्षु आदि पाँच विज्ञान काय सुख दु:ख अनुभव गर्न नसक्ने र निर्वाण हुन उपयुक्त नभएका हुन्छन् । परन्तु तथागत गर्भ सुख दु:ख अनुभव गर्ने तथा चार प्रकारको वासनाहरू सङ्ग मिलेर प्रवृत्ति हुने र निवृत्ति हुने हुन्छ । यो कुरो क्षणिक दृष्टि विकल्पको वासनाले युक्त व्यक्तिहरूले बुझ्दैनन् । सुन हिरा आदि वस्तु त कल्प कल्प सम्म राखे पनि नत परिवर्तन हुन्छ नत तौलमै परिवर्तन हुन्छ भने अभिसमय प्राप्ति भएको (आर्यफल) कसरी क्षणिक होला ? सन्धाभाषा नबुझनेले मात्र क्षणिकवाद मान्ने हुन्छन् ।

फेरि हे महामति ! षट्पारमिता तीन प्रकारका हुन्छन् । अर्थात् लौकिक, लोकोत्तर, लोकोत्तरमतका भेदले तीन प्रकारका हुन्छन् । म मेरो भन्ने भावना लिई कुनै वस्तुको अभिलाषा लिई

गरिने दानादि पारमितालाई लौकिक भनिन्छ ।निर्वाणको आशाले पूर्ण गरेको दानादि पारमितालाई लोकोत्तर पारमिता भनिन्छ । जगतसत्वको हित सुखको निमित्त स्वचित्तदृश्यविकल्पलाई बुझेर गरेको दानादि पारमितालाई लोकोत्तरतम भनिन्छन् । यही कुरो गाथाद्वारा पनि यसरी आज्ञा भयो–

शून्यमनित्यं क्षणिकं बाला: कल्पन्ति संस्कृतम् ।।
नदी दीप बीजदृष्टान्तैः क्षणिकार्थो विकल्प्यते ।।
निर्ब्यापार क्षणिकं विविक्तं क्षयवर्जितम् ।
अनुत्पत्तिश्च धर्माणां क्षणिकार्थ वदाम्यहम् ।

अर्थात् संस्कृत वस्तुलाई कोही शून्य भन्छन् भने कोही अनित्य क्षणिक भनी भन्छन् । उनीहरू नदीको प्रवाह झैं, वत्तीको परम्परा झैं बीजबाट बोट तथा वोटवाट बीज उत्पन्न भए झैं क्षण क्षणमा परिवर्तन हुन्छ भन्छन् । निर्ब्यापार (निष्क्रिय) हुनु क्षयरहित शून्य हुनु र वस्तुहरूको अनुत्पत्तिलाई नै म क्षणिक मान्दछु भनी आज्ञा भयो ।

नर्माणिक परिवर्तन नाम सप्तमः

अनि महामतिले धेरै प्रश्नहरू सोधे पछि श्री भगवान्ले यस्तो आज्ञा भयो– हे महामति ! महायान धर्ममा बोधिसत्वहरूलाई प्रोत्साहन दिन अर्हत्हरूलाई पनि भविष्यमा बुद्ध हुनेछ भनी व्याकरण गरेको हुं । फेरि हे महामति ! श्रावकहरूको क्लेशावरण मात्र प्रहाण हुन्छ । किनभने उनीहरूले पुद्गल नैरात्म्यको मात्र भावना गर्ने हुन्छ । अर्थात् म मेरो भन्ने आत्मा छैन भनी भावना गर्ने व्यक्तिको क्लेशावरण मात्र प्रहाण हुने हुन्छ । परन्तु वोधिसत्वले ज्ञेयावरण पनि प्रहाण गरेको हुन्छ । किनभने तिनीहरूले सबै वस्तु शून्य हुन् भनी धर्म नैरात्म्यको पनि भावना गरेको हुन्छ । जब बुद्धत्व लाभ हुन्छ त्यस वेला त्यसले धर्मावरण रहित भई आलय विज्ञानको वासना पनि छुटिसके पछि सो व्यक्तिको पहिले र पछि भन्न भाव पनि नहुने हुनाले तथागतले एक अक्षर पनि बोल्दैन भनेको हुं । हे महामति ! मन (क्लिष्टमन)

मनोविज्ञान चक्षुविज्ञानादि समेत सात विज्ञान क्षणिक हुन्छन् तथा वासनाका कारण हुन्छन् । त्यसकारण कुशल अनास्रव हुन सक्दैन । परन्तु तथागर्भ (आलयविज्ञान) नै निर्वाण हुन्छ तथा आपनू कर्म विपाक भोग्ने हुन्छन् । यो कुरो शून्यतावादीले बुझ्दैन । हे महामति ! निर्मित बुद्धलाई मात्र रक्षा गर्नु वज्रपाणि पछि लागेको हुन्छ । मौल(मुख्य) तथागतको पछि लाग्ने होइन । सवै निर्मित बुद्धहरू कर्मद्वारा उत्पन्न भएका होइनन् । तथा निर्मित बुद्ध र मौल बुद्ध भिन्नै भन्न पनि हुदैन एउटै भन्न पनि हुंदैन । निर्मित बुद्धले नै जगतसत्व उद्धार गर्ने हुन्छ तथा उहाँकै शरीरमा वत्तिस लक्षण देखिने हुन्छ । ६ वटा विज्ञानहरूको निरोध हुदा उच्छेद दृष्टिको भान हुने र आलय विज्ञानको स्वभाव नबुझनाले शाश्वतदृष्टिको भान हुने हुन्छ । यही कुरा भगवान्ले गाथाद्वारा पनि आज्ञा हुनु भयो ।

मांसभक्षण परिवर्त नाम अष्टमः

अनि महामतिले गाथाद्वारा प्रश्न गरी फेरि यस्तो अध्येषणा गर्नु भयो– मांस भक्षणको गुण र दोष सुन्न पाए लोकहित हुने थियो । यस्तो वचन सुनी श्री भगवान्ले यस्तो आज्ञा भयो– हे महामति ! जगत सत्वहित गर्छु भन्ने महाकरूणा भएको वोधिसत्वहरूले सवै प्रकारका मासु खानु हुँदैन । हे महामति ! दीर्घकालदेखि नाना यानमा जन्मदै आइरहेका प्राणीहरूका कुनै प्राणी कुनै जन्ममा आमा बाबु दिदी वहिनी दाजुभाइ भएर आएको पनि हुन सक्छ । यस्ता प्राणीहरूको मासु कसरी खाने ? यो धर्मको कुरा सुने भने राक्षसले पनि मासु खाने विचार गर्दैन होला । बरू उनको मनमा दया उठ्ने होला । जगतसत्वलाई आफ्नै एकलो छोरो संझने वोधिसत्वले कसरी मासु खाने । त्यसकारणले पनि बोधिसत्वको निमित्त मांस अभक्ष हो ।

अर्को कुरो अशुचि, शुक्र र रजको संयोगले उत्पन्न भएका प्राणीको मासु बोधिसत्वको निमित्त स्वत: अभक्ष हुन्छ त्यस-

माथि फेरि मैत्रीभावना गर्ने वोधिसत्वको निमित्त त झन अभक्ष संझनु पर्छ। मांस भक्षण गर्दा बुद्धशासनलाई समेत जनताले निन्दा गर्ने हुनाले पनि वोधिसत्वले मांस भक्षण गर्नु हुंदैन। मूर्दा पोल्दा जुन दुर्गन्ध आउंछ सोहि दुर्गन्ध अरू मासु पोल्दा पनि आउंने हुनाले पनि सूचि पवित्रता चाहने बोधिसत्वले मांस भक्षण गर्नु हुंदैन। फेरि हे महामति ! श्मशानिक तथा मैत्री विहारी विद्यासाधना गर्ने विद्याधरहरूको निमित्त त झनै विघ्नकारक हुने हुनाले मांस भक्षण निषेध गरेको छ। मासु खाने व्यक्तिको मुख दुर्गन्ध हुन्छ निद्रा राम्ररी नआउने आए पनि डर लाग्दो स्वप्ना देख्ने तथा अमनुष्यको भय हुने हुन्छ। मासु खाने व्यक्तिल आहारको मात्रा नजान्ने हुन्छ तथा रोगी हुने हुन्छ। आहारे प्रतिकूल सञ्ज्ञाभावना गर्न पनि नसक्ने हुन्छ।

हे महामति ! परापूर्व कालमा सिंहसौदाश भन्ने राजा थियो। त्यसले प्राणीहरूको मासु मध्ये कसको मासु मिठो हुन्छ भन्ने रस तृष्णाले गर्दा मानिसको मासु पनि खायो। त्यसो गर्दा सबै मानिसहरूले उनलाई विश्वास गर्न छाडे। अन्तमा राज्यबाट च्युत भई धेरै दुःख पाए। यसकारण मासुको तृष्णा गर्नु हुंदैन।

हे महामति ! देवराज इन्द्रले पनि पूर्वजन्मको मासु खाने तृष्णाले गर्दा वाजको रूप लिई परेवालाई लखेट्दै शिवी राजाको दरवारमा पुग्नु परेको थियो भने साधारण मानिसको त के कुरा ?

हे महामति ! कुनै राजा सिकार खेल्न जाँदा जंगलमा एक्लो हुन पुग्यो। संयोमवश सिंहनीसंग सहवास भयो त्यसबाट कल्माषपाद आदि राजपुत्रहरू जन्मे। ती राजपुत्रहरूले पूर्वजन्मको वासनाले गर्दा मनुष्यको मांस खान थाले। त्यस्तै सप्त कुटीरक ग्राममा मानिसको मासु पनि खाने डाक डाकिनीहरू अद्यापि छन्। मासुखाने मानिसहरू नै वाघ भालु आदि हिंसक जन्तुको योनिमा जन्मने हुन्छ। यसरी मासु खानुको दोष भन्हा पाएर करूणाबान् बोधिसत्वहरूको निमित्त मांस अभक्ष भनी भनेको हुं। यदि मानिस-

हरूले मासु खान छोडेका भए कसैले प्राणिहत्या गर्ने थिएन। मासु बेचेर कमाउने काम नै वन्द हुने थियो। हे महामति! अकृतक (आफूले नमारेको अकारित (मार्न नलगाएको) असंकल्पित (मेरो निमित्त मारेको, मरेको भन्ने सकल्प नभएको) यस्तो त्रिकोटी परिशुद्ध मासु कल्प्य हुन्छ अर्थात् खानु हुन्छ भनी मैले जुन अनुमति दिए त्यो त त्रिकोटी परिशुद्ध हुनै नसक्ने हुनाले दिएको हु। कतिपय श्रावकहरू त म बुद्धलाई पनि मांस भक्षण गर्ने भनी दोष लगाउछन्। मैत्री भावना गर्ने तथा श्मशानानिक र आरण्यक योगिहरूलाई मात्र होइन सर्वसत्व प्राणीलाई आफ्नो एकलो छोरो भावना गर्नेले मासु खान हुन्छ भनी म महाकारूणिक बुद्धले कसरी भन्न सकूला। अनि यही कुरा गाथाद्वारा पनि आज्ञाभयो।

अनि महामतिले फेरि यस्तो प्रार्थना गर्नु भयो–हे भगवन्! मद्य, मांस, प्याज, छयापी, लसुन आदि दुर्गन्ध वस्तुको के के दोष हुन्छ आज्ञा हुनु होस्। यस्तो प्रश्न सुनी भगवान्ले आज्ञा भयो– हे महामति! रज, शुक्रको संयोगले बनेको हुंदा मासु अभक्ष हुन्छ। योगिहरूको निमित्त त मासु मद्य, प्याज, लसुन, छ्यापी, तेल घस्नु आदि पनि बिघ्नकारक हुन्छ। दर्पले (फुर्ति) अनुचित संकल्प उठ्छ अनि संकलपले राग उत्पन्न हुने हुंदा पनि मासु नखानु भनेको हुं। यति मात्र होइन पैसा कमाउन बगरेहरू प्राणी हिंसा गर्छन्! मासुको निमित्त मानिसले घन दिन्छन्। अतः मासु किन्ने तथा बेच्ने दुबै पापी नै हुन्। यिनीहरूको दुर्गति नै हुन्छ। अकल्पित अयाचित, अचोदित, यी त्रिकोटि शुद्ध मासु हुनै सक्दैन। त्यसकारण मासु नखानु। मासु खाने व्यक्ति नींच कुलमा जन्मने हुन्छ वा हिंस्रक योनिमा जन्मने हुन्छ। मोक्ष तथा योग अन्तराय गर्ने हुंदा मांस भक्षण गर्नु सर्वथा अनुचित छ भनी श्री भगवान् बुद्धले आज्ञा गर्नु भयो।

धारणी परिवर्त नाम नवमः

अनि श्री भगबान् बुद्धले महामति बोधिसत्वलाई यस्तो आज्ञा भयो– हे महामति! धर्मभानकहरूको रक्षा गर्नुको निमित्त

मन्त्रपद वताउंछु । यसलाई तिमीले धारणा गर । यो मन्त्रपद पहिलेका तथागतहरूले बताएका थिए भनी आज्ञा हुंदै "तद्यथा तुट्टे तुट्टे आदि मन्त्रपद आज्ञा भयो । अनि यो मन्त्रपद पढ्ने पाठ गर्ने गरेमा मनुष्य अमनुष्यको भय हुदैन । बरू तिनीहरू नै रूदै कराउंदै भाग्ने छन् । अब फेरि अर्को मन्त्रपद वताउंछु यसलाई पनि धारणा गर भनी "तद्यथा पद्मे पद्मदेवे आदि मन्त्र पद आज्ञा भयो । अनि यो मन्त्रपद धारणा गरेमा सवै भूत प्रेतहरूको भय नष्ट हुनेछ । विशेष राक्षस भय हट्नेछ र लङ्कावतार सूत्र पढ्दा हुनु पर्ने जो गुण छ । ती सबै निर्विघ्न पूर्वक लाभ हुनेछ ।

सगाथक

१ अनि महामति बोधिसत्वले श्री भगबान् बुद्धलाई यस्तो विन्ती गर्नु भयो– हे भगवन् ! हजूरको महाप्रज्ञा र महाकरूणा दृष्टिले नजर हुंदा यो लोक नत उत्पन्न भएको छ नत नाश भएकै छ यसलाई त आकाश पुष्प जस्तै मात्र देख्नु हुन्छ । यो लोक हजूरको दृष्टिमा नछ नत छैन भनी प्रशंसा गर्नु भयो ।

सूचना:– १ सगाथक प्रकरणका श्लोकहरू पहिलेका परिवर्तनहरूमा उल्लेख भएका श्लोकहरू नै प्रायः छन् । परन्तु धेरै श्लोकहरू उल्लेख नभएका पनि छन् । त्यसकारण लङ्कावतार ग्रन्थका केही भाग लोप भएको देखिन्छ । यो प्रकरणमा फेरि कहीं प्रश्न मात्र छन् त कहीं उत्तर मात्र छन् । यसकारणले पनि ग्रन्थमा अपूरोको भ्रम उत्पन्न भएको छ । साथै कुराको प्रसङ्ग पनि गडवड भएको देखिन्छ । त्यसकारण यो प्रकरणको केवल सारांश मात्र उतार्ने प्रयत्न गरिएको छ ।

संसारमा हामी जति पनि देख्छौं, सुन्छौं ती सवै सच्चा होइन भ्रम मात्र हो । मृगतृष्णामा पानी देखिन्छ तर पानी हुंदैन आलातचक्र (आगो बलेको अगुल्टो घुमाउंदा आगोको चक्का) देखिन्छ तर आगोको चक्का हुंदैन । यही नियम अनुसार वाहिर देखिने कुनै पदार्थ छैन । ती सवै चित्त (आयलविचार) कै परिणाम हुन् ।

विपाकः परिणामश्च विज्ञानस्य मनस्य च ।
मनो ह्यालयसंभूतं विज्ञानं च मनोभवम् ।।
आलयात्सर्वं चित्तानि प्रवर्तन्ते तरङ्गवत् ।
वासना हेतुकाः सर्वे यथा प्रत्यय सभवो ।।

अर्थात् हाम्रो शरीरमा आलयविज्ञान क्लिष्ट मनोविज्ञान, मनोविज्ञान, चक्षुविज्ञान, श्रोतविज्ञान, घ्राणबिज्ञान, जिह्वाविज्ञान, कार्यविज्ञान नामका आठ प्रकारका मनहरू छन् ती मध्ये आलय विज्ञान परिणत भई क्लिष्ट मनोविज्ञान उत्पन्न हुन्छ । क्लिष्ट मनोविज्ञानबाट अरू ६ प्रकारका मनहरू उत्पन्न हुन्छन् । समुद्रमा तरङ्ग उठझैं आलयविज्ञानमा क्लिष्ट मन आदि सबै मनहरू तरङ्गको रूपमा उत्पन्न हुन्छन् । आलय विज्ञानमा अनादि कालको वासनाको हेतु प्रत्ययले सबै मनहरू उत्पन्न भएका छन् । यसरो सबै मनहरू आलय विज्ञानका परिणाम हुन् यहाँ निर परिणाम शब्दको अर्थलाई पनि दृष्टिगत गर्नु उचित देखिन्छ । उत्पाद भङ्गले रहित, भाव तथा अभावले वर्जित, लक्ष्य लक्षण नभएको परिणाम यहाँ मानिन्छ । यस प्रकारको परिणाम भएर आलय विज्ञानबाट अरू सबै मनहरू बन्ने हुन्छ ।

चित्तं विकल्पो विज्ञप्तिर्मनो विज्ञानमेव च ।
आलयं त्रिभवश्चेष्टा एते चित्तस्य पर्ययाः ।।

अर्थात् यी चित्त, विज्ञप्ति, विकल्प, मन, विज्ञान, आलय, त्रिभव, चेष्टा शब्दहरू चित्तकै पर्याय बाचक हुन् यसै गरी । हाम्रो आयु, शरीरको तातोपन, विज्ञान, आयल जीवितेन्द्रिय क्लिष्टमन, मनोविज्ञान यी सबै विकल्पकै भेद हुन् । परन्तु चित्त (आयलविज्ञान)ले शरीरलाई जीवित रूपमा राखी कुहुन नदिई धारणा गरिराख्छ । क्लिष्ट मनो जन्मेदेखि मरण नहुन्जेल म मेरो भनी भन्ने र मनन गरिरहने हुन्छ । चक्षू आदि पाँच इन्द्रियले केवल हेरिरहने, सुनिदिने मात्र गर्छन् । तर तर्क बितर्क गर्न सक्दैन । तर्क वितर्क स्मरण आदि गर्ने मनोविज्ञान नै हो । आलय

विज्ञानले शरीरलाई छोडे पछि अरू सबै विज्ञानहरू पनि सेलाएर जाने हुन्छ । यो विज्ञानवादमा आयलविज्ञान वाहेक वाह्य वस्तुको दृश्य छैन । देखें सुनें आदि भन्ने सबै भावहरू आलय विज्ञानकै तरङ्ग हुन् । वाह्य वस्तु छैन भ्रम मात्र हुन् भनी भावना गर्दा अनुपाद ज्ञान लाभ हुन्छ । यसबाट रागादि सबै क्लेशहरू नष्ट भएर जाने हुन्छ ।

संकेतमात्र मेवेद मन्योन्यापेक्षसंकला ।
अन्यमर्थं न चैवास्ति पृथक् प्रत्यय संकलात् ।।
जन्याऽभाव ह्यनुत्पाद स्तीथ्यदोषविवर्जित ।
देशेमि संकलामात्रं न च बालैर्विभाव्यते ।।

अर्थात् परस्परको आपेक्षालाई संकला भनिन्छ । अपेक्षा भनेको संकेत मात्र हो सच्चा होइन । उत्पत्ति हुनु पर्ने वस्तु कुनै छैन । जे जति उत्पन्न भयो भनिन्छ ती सबै संकेत मात्र हुन्, संकला मात्र हुन् । सच्चा उत्पन्न भएको होइन । यसरी अरू मतमा हुने दोष यसमा छैन अन्याभाव नै अनुत्पाद ज्ञान हो । अनुत्पाद ज्ञान नै सकला मात्र हो । यो महत्वपूर्ण कुरोलाई अरूले भावना गर्दैन । वासना (अनादिकालदेखिको अभ्यास)ले गर्दा नभएको वस्तु पनि छ भन्ने भावाभास उत्पन्न हुने हुन्छ । यसलाई नबुझ्दा घट पट आदि वाह्य वस्तु छ भन्ने धारणा उत्पन्न भएको छ । यसै गरी नक्षत्र, मेघ, चन्द्र, सूर्य आदि सबै वस्तुहरू नभए पनि अनादि कालदेखि छ भनी आएको वासनाले गर्दा चित्तले चित्तलाई नै देखिरहेको छ । आलयविज्ञान (चित्त)प्रभास्वर तथा स्वच्छ छ । तर क्लिष्ट मनले कलुषित बनाएको छ अर्थात् म मेरो भनी आशक्त हुने क्लिष्ट मनले अरू चक्षु विज्ञान आदिको सहयोगले चित्तमा धेरै वासना थपिदिने हुन्छ । यही वासनाले नभए पनि छ भन्ने भ्रान्ति उत्पन्न गर्छ । ''अनुत्पन्ना सर्वभावाभ्रान्ति मात्रं हि दृश्यते'' कुनै वस्तु उत्पन्न भएको छैन केवल उत्पन्न भयो भन्ने भ्रान्ति मात्र देखिने हुन्छ । यसकारण जे जति हामी देख्छौं तथा

सुन्छौं ती सवै भ्रान्ति हुन् भनी भावना गर्नु बढिया हुन्छ । अथवा हामी जे जति देख्छौं ती सवै संकेत हुन्, संकला मात्र हुन् भनी भावना गरेमा हामीलाई चाँडै समाधि लाभ हुने हुन्छ । यही कुरो यसरी व्यक्त गरेको पाइन्छ यदा "सर्वमिमं लोक संकला मेव पश्यति । संकला मात्रमेवेद तदा चित्तं समाध्यते ।" अथवा

पञ्चधर्मा भवेत् तत्वं स्वभावा हि त्रयस्तथा ।
एतद् विभावयन् योगी तथातां नातिवर्तते ।।

निमित्त, नाम संकल्प स्वभाव सम्यंग् ज्ञान यी पाँचवश लाई पंचधर्म भनिन्छ यसलाई भावना गर्ने गर्दा पनि तथतालाई साक्षात्कार गर्न सकिने हुन्छ ।

अथवा निःस्वभावता भावना गरेमा पनि अनिमित्त विमोक्ष लाभ हुने हुन्छ । अथवा यो त्रिभव परिकल्पित स्वभावका र परतन्त्र स्वभावका हुन्छन् । अतः त्रिभव भनेको विज्ञप्ति मात्र हुन् चित्त मात्र हुन् भनी भावना गरेमा धर्म (वस्तु) र पुद्गल (जीव) छ भन्ने भावना देखि परावृत भएर अर्थात् मुक्त भई तथता साक्षात्कार गर्ने हुन्छ । यसरी धार्मिक कुरादेखि अतिरिक्त सगाथक प्रकरणमा भविष्यमा यस्तो हुनेछ भन्दै रागाह्य, कणभुक, कपिल आदि व्यक्ति र जैन, ब्राह्मण, पाशुपत आदि संप्रदायको पनि वर्णन पाइन्छ । यसै गरी व्यास, ऋषभ, पाण्डव, कौरव, राम, मौर्य, नन्द, गुप्त, म्लेच्छहरूको पनि उल्लेख गरेको छ । कतै मेरो आमा बसुमति पिता प्रजापति म विरज मनि हुं मेरो गोत्र कात्यायन हो । मेरा बा र मेरा बाजेको नाम सोम गुप्त हो म चम्पा भन्ने ठाउंमा जन्मे । महामतिलाई अभिषेक दिई निर्वाण हुनेछु भनेर लेखेको छ । यसकारण यो ग्रन्थ विरज नामको मुनिले वनाएको प्रतित हुन्छ । अनि साथै कात्यायन, यज्ञावलाय, भुढुक ज्योतिष, बली बाल्मिकी, मसुराक्ष, कौटिल्य लाश्वलायनहरूको पनि उल्लेख गरेको छ । यसरी बिना प्रसगका कुराहरू धेरै नयाँ खोजी गर्नेहरूको निमित्त उपयुक्त साधन तथा विषयहरू हुन् ।

सद्धर्मपुण्डरीक सूत्रम्

नमः सर्वबुद्ध बोधिसत्वेभ्यः । नमः सर्वतथागत प्रत्येक बुद्ध आर्य श्रावकेभ्यो ऽ तीतानागतप्रत्युत्पन्नभ्यश्च बोधिसत्वेभ्यः ।

निदान परिवर्तः

संगीतिकारहरूले कुनै सूत्रग्रन्थ उल्लेख गर्दा यस्तो मैले सुनेको छुं भनी सर्वप्रथम उल्लेख गरेको हुन्छ ।

कुनै समय भगवान् बुद्ध राजगृहको गृद्धकूटपर्वतमा साढे वाह्र सय भिक्षुहरूसंग विहार गर्नु भएको थियो । त्यहाँ आयुष्मान् आज्ञात कौण्डिण्य आदि महाश्रावकहरू र महाप्रजापति आदि भिक्षुणीहरू, मञ्जुश्री आदि असीतिसहस्र बोधिसत्वहरू भद्रपाल आदि सत्पुरूषहरू र इन्द्रादि देवता चतुर्महाराजहरू बाह्रसय ब्रह्मादि देवताहरू आठसय नागराजाहरू, चारसय किन्नर राजहरू, चारसय असुरेन्द्रहरू तथा राजा अजातशत्रु पनि हुनुहुन्थ्यो । त्यसबेला सम्पूर्ण परिषदका व्यक्तिहरूलाई महाकरूणाले हेर्नु भई भगवानले महानिर्देश नामको धर्मपर्याग व्याख्यान गर्नु भयो र त्यसपछि अनन्तनिर्देश प्रतिस्थान नामको समाधि पनि गर्नु भयो । त्यसबेला वहाँको आँखीभौको बीचबाट रश्मि निस्की पूर्व, पश्चिम, उत्तर, दक्षिण सवै दिशामा फैलियो । यसरी रश्मि फैलिदा अनेक लोक घातु र अनेकलोक धातुमा बस्नु भएका बुद्धहरू, श्रावकहरू र वोधिसत्वहरू पनि देखिन थाले । अनि मैत्रेय बोधिसत्वको मनमा यो महाप्रतिहार्य हो, यसले सम्पूर्ण जगतलाई हित गर्ने हुनु पर्छ, त्यसकारण "धेरै बुद्धहरूलाई सेवा गरेर आउनु भएको मंजुश्री कुमार भूतलाई सोधेमा वहाँले रश्मिको प्रभावलाई वर्णन गर्नु

हुनेछ भन्ने बिचार गरी मैत्रेय बोधिसत्वले मंजुश्री कुमार भूतलाई यस्तो प्रश्न गर्नु भयो– हे मंजुश्री ! यो रश्मिको प्रभावले सबैतिर पुष्प वर्षा हुन लागेको देखिन्छ तथा भवाग्रदेखि अविची सम्मका सबै प्राणीहरूले गरिरहेका कर्महरू देखिन थालेका छन् । अनेकौं बुद्धहरूले सबै लोकमा धर्मदेशना गरिरहेको, बोधिसत्वहरूले दान दिई दानपारमिता पूर्ण गरिरहेको र कहीं बुद्धयानको वर्णन गरिरहेको, कहीं ध्यान भाबना गरिरहेको र ठूलो उत्साह (वीर्य पारमिता) लाई पालना गर्न चक्रमण गरिरहेको पनि देखिन्छ । यस्तै कहीं आफूलाई गाली गरेको कुटेको तथा मार्न लाग्दा पनि सहेर क्षान्ति पारमिता पूर्ण गरिरहेको देखिन्छ, कहीं प्रज्ञापारमिता पूर्ण गर्न लागिरहेको देखिन्छ । हे मंजुश्री मञ्जुघोष ! यी सबै के कारणले देखिएका हुन् ? यी संपूर्ण परिषद यसको कारण जान्न उत्सुक भएको देखिन्छ यसबारे आज्ञा हुनु होस् भनी मैत्रेय बोधिसत्वले मंजुश्री बोधिसत्वलाई गाथाद्वारा प्रार्थना गर्नु भयो ।

अनि मैत्रेय बोधिसत्वलाई संबोधन गरेर मंजुश्री बोधिसत्वले यसतो आज्ञा भयो– महत्वपूर्ण धर्म श्रवण गर्न र त्यस विषयमा छलफल गर्न आऊंन् भने तथागतको अभिप्राय हो । वहाँले धर्म वर्षा गर्ने धर्म दुन्दुभि बजाउने, धर्मध्वजा उठाउने धर्मोल्का बाल्ने, धर्म शंख बजाउने, धर्म भेरी बजाउने अभिप्रायले यी महानिमित्तहरू प्रादुर्भाव गरेको हो । यस्तो रश्मिहरू पहिल पहिलेका धेरै बुद्धहरूले पनि प्रकट गरेका थिए । हे कुलपुत्र ! असंख्य कल्प पहिलेका कुरा मलाई संझना हुन्छ । सो कुरा म अहिले वर्णन गर्छु सुन–

परापूर्वकालमा चन्द्र सूर्य प्रदीप नामको तथागत उत्पन्न हुनु भएको थियो । वहाँले सर्वत्र कल्याण हुने विशुद्ध धर्म चतुआर्य सत्य र प्रतीत्यसमुत्पादको यथार्थ वर्णन गरी निर्वाण लाभ गर्ने प्रक्रिया वर्णन गर्नु भएको थियो । त्यस्तै वोधिसत्वहरूको निमित्त षट्पारमिता पूर्ण गरी सम्यक् सम्वोधि लाभ गर्ने सर्वज्ञज्ञानको

धर्मदेशना गर्नु भएको थियो । वहाँको निर्वाण पछि पनि विभिन्न कल्पहरूमा चन्द्र सूर्य प्रदीप नामको तथागतहरू उत्पन्न भएका थिए । यो परम्परा अनुसार बीस हजार तथागतहरू त्यही नामका उत्पन्न भएको थियो । वहाँहरूले पनि यही चतुः आर्यसत्य तथा प्रतीत्यसमुत्पादको धर्मदेशना गर्नु भएका थिए । निर्वाण चाहनेलाई निर्वाण सर्वज्ञता चाहनेलाई सर्वज्ञताको धर्मदेशना गरेका थिए । हे अजित मैत्रेय ! चन्द्र सूर्य प्रदीप तथागत गृहस्थ छंदा वहाँको आठ वटा छोराहरू थिए । वहाँहरूको नाम क्रमशः मति, सुमति, अनन्तमति, रत्नमति, विशेषमति, विमति समुद्घाति, घोषमति, धर्ममति थिए । ती आठ राजकुमारहरू अत्यन्त ऋद्धिमान थिए। एउटा एउटा छोराले चार चार वटा महाद्वीपमा शासन गर्दथे । अनि चन्द्र सूर्य प्रदीप तथागतले गृहत्याग गरी तपस्या गरेर बुद्धत्व लाभ गऱ्यो भन्ने खबर सुनी ती सबै छोराहरू पनि राज्य छोडी प्रव्रजित भएको सेवा गरेर आएका थिए ।

हे मैत्रेय ! त्यसवेला चन्द्र सूर्य प्रदीप तथागतले महानिर्देश नामको धर्मपर्याय सूत्र व्याख्या गरी अनन्तनिर्देश नामको समाधि गर्नु भएको थियो । त्यस बेला पनि यस्तै पुष्प वर्षा भएको थियो । त्यहाँ उपस्थित भएका भिक्षु भिक्षुणी, देव नागहरू राजाहरू सबैले आश्चर्य मानेका थिए । वहाँको आँखी भौंको बीचबाट पनि रश्मि निस्की अठार हजार बुद्ध क्षेत्रमा फैलिएका थिए । तथा सबै बुद्ध क्षेत्रहरू सबले स्पष्ट देखेका थिए ।

त्यस बेला वहाँ तथागतको शासनमा वर प्रभ नामको बोधिसत्व रहनु हुन्थ्यो । वहाँका आठ सय शिष्यहरू थिए । अनि चन्द्र सूर्य प्रदीप तथागत समाधिबाट व्युंकनु भई वर प्रभ बोधिसत्वलाई सम्बोधन गरी सद्धर्मपुण्डरीक नामको धर्मपर्याय प्रकाश गर्नु भयो । वहाँले यो सूत्र पूरा साठ्ठी अन्तर कल्पसम्म एउटै आशनमा बसी धर्मदेशना गर्नु भएको थियो । अनि ती सम्पूर्ण परिषदहरूले पनि साठ्ठी अन्तर कल्पसम्म भगवान्‌को मुखारविन्द-

बाट सद्धर्मपुण्डरीक सुनेका थिए । यति धेरै समय सम्म त्यहाँ उपस्थित भएर बसेता पनि कुनै प्राणीले पनि शरीर तथा चित्तको थकाई अनुभव गरेन ।

अनि यसरी सद्धर्मपुण्डरीक धर्मपर्याय व्याख्यान गरिसके पछि चन्द्र सूर्य प्रदीप तथागत निर्वाण हुनु भयो । हे मैत्रेय ! वहाँ तथागतले श्री गर्भ बोधिसत्वलाई भविष्यमा तिमी विमलनेत्र नामको बुद्ध हुनेछौं भनेर भविष्यवाणी गरेका थिए । त्यसपछि चन्द्रसूर्य प्रदीप आधारातमा अनुपाविशेष निर्वाण हुनु भयो । त्यस बेला सो सद्धर्मपुण्डरीक धर्मपर्याय वरप्रभबोधिसत्वले धारणा गरेको थियो । अस्सी अन्तर कल्पसम्म वरप्रभबोधिसत्वले सद्धर्मपुण्डरीका प्रकाश गर्नु भयो । चन्द्र सूर्य प्रदीपका आठै वटा छोराहरू वहाँको शिष्य भएका थिए । ती आठ छोराहरू मध्ये सवभन्दा कान्छो पछि गएर दीपंकर तथागत हुनु भयो । ती आठ जना मध्ये एक जना लाभ सत्कारको इच्छा गर्ने हुनाले उनको नाम यशकाम रहन गयो । हे मैत्रेय ! त्यस बेलाका वरप्रभबोधिसत्व म मंजुश्री नै हुं । यी सवै कुरा संझदा भगवान् गौतम बुद्धले पनि सद्धर्मपुण्डरीका नै व्याख्यान गर्न लाग्नु भएको देखिन्छ भनी मंजुश्रीले गाथाद्वारा पनि फेरि आज्ञा भयो ।

उपायकौशल परिवर्तः

अनि भगवान् गौतम बुद्ध स्मृतिसंप्रजन्यले युक्त भई समाधिबाट व्युझेर शारिपुत्रलाई सम्बोधन गर्नु भयो र आज्ञा भयो– बुद्ध बोधिलाई श्रावक र प्रत्येक बुद्धहरूले बुझ्न सक्दैन तथा बुद्धको सन्धाभाष्य (मेलोमतोको कुरा) पनि बुझ्न गाह्रो हुन्छ । बुद्धले मात्र सवै विषयका कुराहरू बुझ्ने हुन्छ अरूले बुझ्दैन । अनि त्यहाँ उपस्थित भएका सवै महा श्रावकहरूको मनमा बुद्धको विषय गम्भीर हुन्छ, बुझ्न गाह्रो हुन्छ भनेर किन आज्ञा भएको होला भन्ने आश्चर्य लाग्न थाल्यो । श्रावक निर्वाण र बुध्द निर्वाण एउटै हो र भनी सन्देह गर्न लागे । यी कुरा शारिपुत्रले बुझ्नु

भयो र भगवान्लाई यसरी प्रश्न गर्नु भयो– हजूरले बुद्धबोधि दुर्विज्ञेय छ, सन्धाभाष्य पनि भम्भीर छ भनी आज्ञा हुनु भयो । यस विषयमा सबैलाई शंका लागेको छ । अतः यो शंका समाधान गर्न सद्धर्म आज्ञा हुनु होस् । यस्तो वचन सुनी भगवान्ले आज्ञा भयो– यो कुराको व्याख्या गर्दा मनुष्यको मनमा भय उत्पन्न हुन सक्छ । अनि शारिपुत्रले भगवान्वाट केही पनि स्पष्ट उत्तर नपाएकोले फेरि दुई तीन पटक सन्धाभाषाको विषयमा प्रश्न गर्नु भयो र भगवान्ले आज्ञा भयो– हे शारिपुत्र ! तिमीले धेरै पटक सन्धाभाषाको विषयमा सोध्यो । यसको खास अर्थ हो श्रावक यान प्रत्येक बुध्दयान र महायान यी तीनै यानमा केही भिन्नता छैन । यी तीनै यान एउटै यान हो अर्थात् बुध्दयान हो भन्ने बुझ्नु । भगवान्को यस्तो आज्ञा सुनी केही अभिमानी भिक्षु भिक्षुणीहरू आफ्नो आशनबाट उठेर गए । अनि भगवानले शारिपुत्रलाई सम्वोधन गरी फेरि आज्ञा भयो– हे शारिपुत्र ! यी अभिमानीहरू यहाँवाट उठेर गए अब म तिमोहरूलाई सद्धर्मको व्याख्या सुनाउंछु । जुन सध्दर्म उदुम्बर पुष्प झैं दुर्लभ छ । म भूतवादी, तथावादी, अन्यथावादी हु अर्थात् सच्चा कुरा गर्ने, जस्तो भन्नु पर्ने त्यस्तै भन्ने हुं । तथागतको सन्धाभाष्य दुर्बोध नै हुन्छ । तैपनि त्यसलाई अनेक उपायद्वारा बुझाउन मैले कोशिश गरेको छुं । यो धर्म केवल शुष्कतर्फवाट बुझ्ने कुरो होइन्न । सवै जनतालाई एक वनाउने ठूलो अभिभारा लिई सम्यक् सम्बुध्द उत्पन्न हुने हुन्छ । तथागतको ज्ञान दर्शनमा सबै लागुन् भन्ने हेतुले नै तथागत उत्पन्न हुने हुन्छ ।मैले पनि यही उद्देश्यले तीनै यान एउटै हो साधारणतः यसलाई बुध्दयान भन्ने नाम राखी धर्मदेशना गर्छु सुन । बुध्दयान भन्दा भिन्नै अरू कुनै यान यो संसारमा छैन । भूत,भविष्यत् वर्तमान तीनै कालमा यही बुध्दयानले वहुजन सुख, वहुजनहित गर्ने हुन्छ । बुध्दहरूले जति पनि उपदेश दिनु भएको छ ती सवै बुध्दयान नै हुन् । अन्त्यमा सर्वज्ञता लाभ गराउने यान पनि यही नै हो । मेरो धर्म सुन्ने सबै व्यक्तिले अन्त्यमा सम्यक् सम्बुध्दत्व

लाभ गर्ने हुन्छ । भविष्यमा पनि यो धर्म सुन्ने व्यक्तिहरूले यही कुरा बुझेर धर्मदेशना गर्नेछन् । किनभने सबै बुध्दहरूले ''एकमेव यानं न द्वितीयं'' भन्ने उद्देश्यले नै बुध्दयानको प्रचार गर्ने छन् । यसा गर्ने व्यक्तिले भविष्यमा बुध्दत्व लाभ गर्नेछन् । अहिले पनि अरू लोकधातुमा वस्नु भएका जति पनि तथागतहरू छन् वहाँहरूले पनि नाना यानको भेदभाव छोडी बुध्दयानलाई नै देशना गर्नु हुन्छ । हे शारिपुत्र ! म पनि वहुजनहित सुखको निमित्त नाना यानको भेदभावलाई छोडेर बुध्दयानकै धर्मदेशना गर्दछु । जुन धर्मलाई सुनेर सबैले बुध्दत्व लाभ गर्न सक्ने छन् । दुषित कल्पमा, दुषित प्राणीहरू भएको बेलामा, क्लेशले युक्त भएको बेलामा, म मेरो भन्ने सत्काय दृष्टिले युक्त भएको बेलामा, प्राणीको आयु साह्रै थोह्रै भएको बेलामा पनि तथागतहरू उत्पन्न हुने हुन्छ । यस्तो समयमा बुध्दहरूले उपाय कोशल्यद्वारा तीनै यानको व्याख्या गरी यी यानहरूमा भेदभाव छैन भन्ने सन्धाभाष्यले युक्त भएको बुध्दयानलाई वर्णन गर्नु हुन्छ । जसले बुध्दयानलाई सुन्दैन, बुझ्दैन र मान्दैन ती व्यक्तिहरू मेरा अर्हतहरू, प्रत्येकबुध्दहरू र श्रावकहरू होइनन् अर्हत्व लाभ गरेका भिक्षु भिक्षुणीहरूले यदि मैले अर्हत्व लाभ गरेको छु भन्ने घमण्ड गरेर ''म बुध्द हुन सकूं'' भन्ने प्रणिधान गरेन भने ती व्यक्तिले बुध्दयान बुझेन, तिनीहरू बुध्दयानवाट अलगिए भने पनि हुन्छ । अब म निर्वाण हुन्छु, म क्षीणास्रव हुं भन्ने व्यक्तिको कुरालाई पनि श्रध्दा नगर । किनभने अर्हत्व लाभ गरेको श्रावकहरूले पनि सम्यक् सम्बोधि लाभ गर्ने प्रणिधान गर्नु पर्छ र बुध्दत्व लाभ गर्नु उचित छ । हे शारिपुत्र ! मैले झुठो कुरा गरेको होइन नाना यानको भेदभावलाई छोडी एउटै यान पालना गर ।

यही कुरा भगवानले गाथाद्वारा पनि फेरि आज्ञा भयो । बुध्दहरूले श्रावकहरूलाई श्रावक यानद्वारा अर्हत्व लाभ गर्ने विधि र बोधिसत्वहरूलाई वुध्दत्वलाभ गर्ने विधि यदि बताउंछन् भने

श्रावक र बोधिसत्वहरूलाई पनपक्ष गरेको इर्ष्या गरेको नै ठहरिन्छ। त्यसकारण अर्हत्व लाभ गरिसकेका व्यक्तिले पनि भविष्यमा बुध्दत्व लाभ गर्न सक्ने बुध्दयान मैले वर्णन गरेको हुं। छ, छैन आदि बासाठ्ठी प्रकारको दृष्टिहरू अर्थात् विचारहरूलाई शान्त गर्न नै मैले बुध्दयानको वर्णन गरेको हु। यही कुरा उपाय कौशल्यद्वारा सिध्द गर्न म प्रयत्न गरिरहेको छु। बुध्दको स्तूप, बुध्दको मूर्ति बनाउने कुनै पनि व्यक्तिले पनि बुध्दत्व लाभ गर्नछ भन्ने मेरो विश्वास छ। यी बुध्दको स्तूप चैत्यहरू चाहे माटाका होस् वा धातु वालुवाकै किन नहोस् यस्तो चैत्य, स्तूप मूर्ति बनाउने सबै व्यक्तिहरूले भविष्यमा बुध्दत्व लाभ गर्ने छन्। यतिमात्र होइन केटाकेटीहरूले यदि खेल्ने उद्देश्यले बालुवाको स्तूप, चैत्य बनाउछन् भने उनीहरूले पनि भविष्यमा बुध्दत्व लाभ गर्ने हुन्छन्। बुध्दको स्तूप अगाडि बसी बाजा बजाई स्तोत्र पाठ गरी पूजा गर्ने व्यक्तिले पनि बुध्दत्व लाभ गर्ने हुन्छ। यति मात्र होइन एकै चोटी मात्र नमोबुध्दाय भन्ने व्यक्तिले पनि बुध्दत्व लाभ गर्ने हुन्छ। त्यसकारण सबै प्राणीहरूलाई म बुध्द हुन सकूं भन्ने प्रणिधान गराउने एक यान अर्थात् बुध्दयानलाई नै मैले वर्णन गरेको हो।

दशै दिशामा नरदेव पूज्य धेरै वुध्दहरूले प्राणीहरूको हित सुखको निमित्त बुध्दत्व लाभ गरेका हुन्छन्। वहाँहरुले पनि उपाय कौशल्यद्वारा एक यान नै वर्णन गर्नु हुन्छ। नाना यानको भेदभावलाई छोड्ने हुन्छ। भगवान्को यस्तो उपदेश सुनेर सबै देवदेवताहरू, भिक्षु भिक्षुणीहरूले आश्चर्य मानेका थिए। त्यसकारण श्रावक तथा बोधिसत्वहरूले सन्धाभाष्यको महत्व बुझेर क्लेशले युक्त भएको समयमा एकयानको अर्थात् बुद्ध यानको प्रचार गर्नु उपयुक्त छ। पाप गर्ने लाज मान्ने शुद्ध चित्त भएका प्राणीहरूले बुद्धयानलाई पालना गर्नु उचित छ। यस्तो सन्धाभाषालाई अशिक्षित व्यक्तिहरूले नबुझने हुन्छ।

तस्माद्धि संधावचनं विजानिया
बुद्धान लोकाचरियाण तायिनाम् ।
जहित्व कांक्षा विजहित्व संशयं
भविष्यथा बुद्ध जनेथ हर्षम् ।।

अर्थात् सन्धाभाषालाई बुझी बुद्धहरूको चर्यालाई ज्ञान गरी शंकालाई छोडी बुद्धयान नै एउटै मात्र यान हो भन्ने कुरालाई सहर्ष स्वीकार गरेमा अर्हत्‌हरू पनि बुध्द हुनेछ ।

औपम्य परिवर्तः

अनि आयुष्मान् शारिपुत्र त्यस बेला प्रसन्न भई भगवान् बुध्दलाई यस्तो विन्ती गरे– हजूरको सन्धाभाषा सम्वन्धी उपाय कौशल्यलाई सुनेर हामी आश्चर्यान्वित भएका छौं । किनभने वोधिसत्वहरू भविष्यमा बुध्द हुनेछ भन्ने सुन्दा हामीलाई पीर तथा इर्ष्या लागेको थियो । तर यो दोष हाम्रै हो किनभने हामीहरूलाई पर्वत गुफा आदिमा गई ध्यान भावना गर्न जाँदा भगवान्‌ले हामीलाई अर्हत् हुने ज्ञान दिएको बेलामा हामीले सम्यक् संवोधि लाभ गर्ने ज्ञान पनि दिनु होस् भनी प्रार्थना गरेनौं जसको फलस्वरूप हामी बुद्धज्ञानबाट भ्रष्ट भयो । यदि अर्हत्व भएर पनि कल्प कल्प सम्म जगतहित गर्न सक्छ र बुद्धत्व लाभ पनि गर्न सक्छ भन्ने कुरो आज्ञा भएकोले हामीलाई अपार हर्ष र अद्भूत लागेको छ । यति भनी शारिपुत्रले गाथाद्वारा पनि यही कुरा फेरि यसरी विन्ती गरे– भविष्यमा हजूरको उपदेश अनुसार हामीहरूले पनि बुद्ध हुन सक्ने कुरा जो आज्ञा भयो यो सन्धाभाषालाई बुझ्नु हाम्रो निमित्त धेरै हितकर छ । शारिपुत्रको यस्तो वचन सुनेर भगवान्‌ले फेरि यसरी आज्ञा भयो– हे शारिपुत्र ! यो ठूलो परिषदको अगाडि कोटान कोटी बुध्द भइसके पछि अर्थात् धेरै समय पछि तिमी पनि बुद्ध हुनेछौ भन्ने व्याकरण गर्दछु । किनभने तिमीले पनि वोधिसत्वहरूले गर्नु पर्ने कुरालाई

गर्ने अधिष्ठान गर्‍यौ । हुनत तिमीले म निर्वाण र अर्हत् भए भन्ने संझेका छौं । तर तिमीले पहिले गरेर आएका प्रणिधानहरूलाई संझाउनको निमित्त म सद्धर्मपुण्डरीका नामको सूत्र श्रावकहरूलाई प्रकाश गर्नेछु ।

हे शारिपुत्र ! तिमी भविष्यमा धेरै कल्प पछि बोधिसत्व चर्यापूर्ण गरेर पद्मप्रभ नामको तथागत हुनेछौ । त्यसबेला पद्म प्रभतथागतको विरज नामको रमणीय बुध्द क्षत्र हुनेछ । पद्मप्रभ तथागतले पनि श्रावक यान, प्रत्येक बुध्द यान वोधिसत्व यान यी तीनै यान सम्बन्धी धर्मदेशना गर्नु हुनेछ । अनि पद्मप्रभ तथागतको धेरै वोधिसत्वहरू हुने छन् । वहाँहरूले पनि धेरै काल सम्म सध्दर्म पालना गर्ने छन् । पद्मप्रभ तथागतको द्वादश अन्तरकल्प सम्मको आयु हुनेछ । त्यसपछि ती बोधिसत्वहरू मध्ये धृतिपूर्ण नामको बोधिसत्व तथा पद्म वृषभावक्रामी नामका धेरै तथागतहरू उत्पन्न हुनेछन् । पद्मप्रभ तथागतको सध्दर्म क्षीण भइसके पछि वत्तीस अन्तर कल्प सम्म सध्दर्मको प्रतिरूपक मात्र वाँकी रहने छ । यही कुरा भगवान् बुध्दले गाथाद्वारा आज्ञा भयो । अनि भगवान्को आज्ञा सुनी परिषदका व्यक्तिहरू प्रसन्न भए । शक्र आदि देवता र सहापति आदि ब्रह्माहरूले भगवान्लाई चीवर वदाई पुष्प वर्षा गरे । ऋषिपतन मृगदावमा भएको दोस्रो धर्मचक्र प्रवर्तन हो । त्यस बेला सवै देवताहरूले भगवान् बुध्दको वचनलाई अनुमोदन गरी सन्धाभाषाको महत्व बुझेर भगवान्को धेरै स्तुति प्रशंसा गरे ।

अनि शारिपुत्रले भगवान्लाई फेरि यस्तो विन्ती गरे— हे भगवन् ! हजूरले आज्ञा भएको मेरो व्याकरणलाई सुनेर मेरो सबै शंका निर्मूल भयो । मेरो मात्र होइन म, मेरो भन्ने आत्मदृष्टि नभएका निर्वाण भूमिमा रहेका यी सम्पूर्ण श्रावकहरूको पनि शंका निर्मूल गर्नुको निमित्त पनि धर्मदेशना गर्नु भए बढिया होला । यस्तो वचन सुनी भगवान्ले आज्ञा भयो— हे शारिपुत्र !

मैले पहिले पनि भनिसकेको छु सवै वस्तुको हेतु कारणलाई बुझी उपाय कौशल्यद्वारा सवै प्राणीहरूको आशय अनुसार म सध्दर्म देशना गर्छु । मैले जति पनि उपदेश दिएको थिएं ती सबै बोधि सत्वयान सम्वन्धी नै हुन् । यसको म एउटा उपमा दिन्छु सुन– कुनै गाउंमा एउटा गृहस्थ बुढो रहेछ । सो व्यक्ति अति धनी पनि रहेछ । उनको घर विशाल थियो तर पुरानो भइसकेको थियो । त्यो घरमा चार पाँच सय मानिसहरू अटाउने ठाउं थियो । तर निस्कने ढोका केवल एउटै मात्र रहेछ । त्यो घरको कुनै ठाउंमा हरिया घाँस पातहरू पनि उम्रिरहेका थिए । संजोगले एक दिन त्यो घरमा आगो लागेछ । आगो लाग्दा त्यो घरका केटाकेटीहरू चौकमा खेलिरहेका थिए । अनि त्यही वेला घरधनी बुढा घरमा आइपुगे र आगो लागेको देखेर सवै केटाकेटीहरूलाई चाँडै वाहिर निस्क भनेर चिच्याउन थाले । तर आफ्नो खेलौना लिई खेलिरहेका ती केटाकेटीहरूले वास्तै गर्नेन । यस्तै नै यो संसारमा रहेका मानिसहरू पनि आ-आफ्नो रसरंगमा भूलेर वस्दा आफू भस्म हुन लागेको देखे पनि सध्दर्म सुन्न तथा सदाचरण गर्न मान्दैनन् । अन्तमा आगो झन झन वल्न लागेको देखेर त्यो घर धनी बुढाले अव यिनीहरूलाई वाहिर निकाल्न फकाउनु पऱ्यो भन्ने सोची हे वावुहरू हो ! तिमीहरूलाई दिन धेरै राम्रा खेलौनाहरू ल्याएको छु । यी खेलौना मध्ये कुनै गोरथ छन्, कुनै अजरथ छन्, कुनै मृगरथ छन् लिन आऊ । म तिमीहरूलाई दिनेछु भनी चिच्याउन थाले । अनि यो कुरा सुनेर ती केटाकेटीहरू मलाई गोरथ, मलाई अजरथ, मलाई मृगरथ भन्दै आफूलाई मन परेको रथ (यान) माग्दै ढोकावाट वाहिर आए । यतिकैमा त्यो घर जलेर भस्म भयो । केटाकेटीहरू पनि निर्विघ्न वाहिर आउन सफल भए । अनि ती केटाकेटीहरूको इच्छा अनुसार छिटो दगुर्ने गोरथ मृगरथ मन्द दगुर्ने अजरथ आदि बांडी दियो । ठीक यस्तै गरी मैले पनि यो संसार रूपी आगोमा दग्ध हुन लागेका व्यक्तिहरूलाई बचाउन महायान आदि धर्मदेशना दिएको हुँ । वास्तवमा

यी यानहरू सवै एकै हुन् । त्यो बुढोले पनि साँचै अजरथ, गोरथ, मृगरथहरू ल्याएको होइन केवल बालकहरूलाई आगोवाट बचाउन मात्र नाना यान रथहरू लिन आऊ भनी भनेको हो । हे शारिपुत्र ! त्यो बुढाले गोरथ नल्याए पनि ल्याएं भनेको झुठो वोलेको संझनु हुंदैन । मैले पनि नाना यानको देशना गरे पनि एउटै यान बुध्दयानको वर्णन गरेको छु ।

भगवान्को यस्तो वचन सुनी शारिपुत्रले विन्ती गरे– आगो लागेको घरवाट केटाकेटीहरूलाई वचाउन नाना रथ (यान) दिने वचन जसरी झुठा होइन त्यस्तै हजूरले पनि सवैलाई आफ्नो छोराछोरी संझी क्लेश रूपी अग्निले भस्म हुन लागेका प्राणीहरूलाई बचाउन नाना यानको वर्णन गरेता पनि महायान नै वताउनु भएको हो । परन्तु हजूरले झुठो वोल्नु भएको होइन अनि यस्तो कुरा सुनेर भगवान्ले शारिपुत्रलाई धेरै साधुवाद दिनु भयो र आज्ञा भयो– हे शारिपुत्र ! यी प्राणीहरू पंच काम गुणमा आशक्त भई क्लेश रूपी अग्निले डढ्न लागेको पनि चाल पाउंदैनन् । यिनीहरूलाई कसरी उद्धार गर्न सकिएला भनेर नै श्रावक यान, प्रत्येक बुद्धयान, वोधिसत्व यानद्वारा लोभ्याएर चतुआर्य सत्य, अष्टाङ्ग मार्ग आदिका कुराहरू र बुद्धो भवेयम् जगतो हिताय भन्ने बुध्दज्ञानका कुराहरू पनि सुनाएर अन्तमा सवैलाई बुद्ध हुने यान मैले सिकाएको छु । त्यसकारण मैल झुठो वोले छैन । यी मेरो उपाय कौशल्य हो भनी भगवान्ले यही कुरा गाथाद्वारा पनि आज्ञा भयो– मेरो एक यानको ज्ञान अर्थात् बुध्दयानको ज्ञानलाई अश्रद्धा गरी हेला नगर्नु । जसले यो सूत्रलाई श्रध्दा गरी आफ्नो घरमा राख्ला उसलाई धेरै कल्याण हुनेछ ।

अधिमुक्ति परिवर्तः

अनि आयुष्मान् सुभूति महाकाश्यप, महाकात्यायन महामोद्गल्यायन आदि सवै शारिपुत्र बुद्ध हुनेछ भन्ने पहिले कहिल्यै

नसुनेको भविष्यवाणी सुनेर आश्चर्य भए । अनि भगवान्‌को सामु हात जोडी यस्तो विन्ती गर्नु भयो– हामी अर्हत् भइसक्यौं, हामीले गर्नुपर्ने कुरा अब केही छैन भन्ने संझी सम्यक् सम्बोधि लाभ गर्ने हामीले कहिल्यै चिताएनौं उद्योग पनि गरेनौं केवल धेरै समय हजूरको सद्धर्म प्रचार गरी बितायौं । बुद्धको क्षेत्र र ज्ञान गम्भीर हुन्छ भनेर बुध्दत्व लाभ गर्न हामीले कहिल्यै इच्छा गरेनौं । तर आज तिमीहरू पनि बुध्द बन्न सक्छौ भन्ने पहिले कहिल्यै नसुनेको तथागतको वचन सुनेर हामीले महारत्न लाभ गरेको जस्तो अनुभूति भइरहेको छ । मलाई एउटा कथा संझना भइरहेछ– हे भगवन् ! कुनै समयमा एउटा छोरा बाबुसंग बस्न नसकी बाबुलाई छोडेर कुनै देशमा गएछ । धेरै वर्ष सम्म त्यो छोरोले काम खोज्दै दु:ख गरी यता उता हिंडिरहेको रहेछ । फेरि उता बाबु चाहिं अर्को शहरमा गई व्यापार गरी धेरै सम्पत्ति जोडी ठूलो घर बनाई दास दासी वरिपरि लगाई सुख भोग गरिरहेको रहेछ । पचास वर्ष पछि सजोगवश त्यो धनी मानिसले आफ्नो धन सम्पत्ति उपभोग गर्ने कोही नभएको र छोरा बेपत्ता भएकोले दु:ख मानिरहेको बेलामा उनको छोरा पनि काम खोज्दै भौतारिंदै त्यही आफ्नो बाबु कहाँ आइपुगे । आफ्नो छोरालाई देख्ना साथ बाबु चाहिले छोरालाई चिनेर बोलाउन पठाउंदा त्यो व्यक्ति डराएर भागे । अनि बाबुले बिचरा मेरो छोरो दु:ख पाएर भाग्यो यसलाई जसरी भए पनि फकाएर ल्याउ भनी दुइ जना मानिसहरू पठाए । ती मानिसहरूले पनि हामी तीन जना मिलेर यहाँ काम गरौं । ज्याला पनि दोव्वर दिन्छु, लुगा पनि दिन्छु भनेर साहुले भनेको छ भन्दा त्यो छोरोलाई लोभ लागेछ र मैले के काम गर्नु पर्‍यो भनी बाबुको अगाडि आउन थाले । अनि ती तीनै जना मिली साहुको आज्ञा अनुसार सागलको फोहर सफा गर्न लागे । अनि त्यो महाधनी बाबुले छोरालाई नजीकै एउटा टहरोमा बस्न दिई फोहर सफा गर्ने काम अह्राउने निहुले आफ्नो सफा लुगा छोडी मैलो फोहर लुगा लगाई हात गोडामा पनि फोहर लगाई आफ्नो छोराको अगाडि गएर कुरा गर्न थाले । अनि त्यही दिन

देखि बढी ज्याला र खाने कुराको पनि वन्दोबस्त गरिदिए । त्यति मात्र होइन वाबु तिमीले काम मात्र राम्ररी गर म तिमीलाई ठूलो मानिस वनाइदिन्छु, तिमीले मलाई वाबु नै सम्झे पनि हुन्छ भनी सिकाए । एवंरितल त्यो धनी बाबुले आपनां छोरालाई आफू कमजोर हुंदै गएपछि घर भित्रका सर्व आम्दानी खर्चहरू हरहिसाब गर्न सिकाए । यसरी छोराको आफू उपर पूरा विश्वास भएपछि त्यो धनी मानिसले सबै आपना मानिसहरू र राजपरिवारका मानिसहरू पनि निमन्त्रणा गरी त्यो ठूलो समाजमा सबैलाई यो व्यक्ति मेरो आफ्नै छोरो हो, यो हराएको पचास वर्ष भयो यसलाई आज मेरो श्रीसम्पत्ति सुम्पिरहेको छु भनी सुनाए । यस्तो कुरा सुन्दा त्यो दरिद्र छोरालाई पहिले कहिल्यै अनुभव नगरेको अपार हर्ष र आश्चर्य लाग्यो ।

हे भगवन् ! हामीहरू पनि हजूरका छोराहरू हौं । हामी पहिले दुःख दुःखता, संस्कार दुःखता बिपरिणाम दुःखता यी तीन प्रकारका दुःखले पीडित थियौं भनी भावना गर्दा गर्दै हामीले निर्वाण साक्षात्कार गऱ्यौं तर बुद्ध हुने विचार हामीले कहिल्यै गरेनौं । किनभने हामीहरू आफ्नै दुःखवाट मुक्त हुन पाउनुमा नै सन्तुष्ट थियौं । आज हजूरले हामीहरूलाई बुद्ध हुन सक्छौ भन्ने आज्ञा हुंदा त्यहो हराएको दरिद्र छोराले अत्यन्त धनी आपनू बाबुको श्रीसम्पत्तिको अधिकार पाउँदा आश्चर्य भए झैं भएका छौं । अब हामी पनि जगतसत्व हित गर्न तम्सने छौं । हामीलाई आज सर्वज्ञता रत्न भेटाएको जस्तो अनुभव भएको छ । यति भनी महाकाश्यपले यही कुरा गाथाद्वारा पनि भन्नु भयो र तथागतको चर्या पालन गरी बुद्धत्वलाभ गर्न इच्छा व्यक्त गरे ।

औषधि परिवर्तः

अनि भगवान् बुद्धले महाकाश्यप आदि महाश्रावकहरूलाई सम्वोधन गर्दै यस्तो आज्ञा भयो–हे महाकाश्यप ! तिमीहरू-

लाई साधुबाद छ तिमीहरूले तथागतको सच्चा गुणलाई वर्णन गरेका छौ। तथागतको गुण जति वर्णन गरे पनि सकिंदैन। तथागत धर्मस्वामी हो।

हे महाकाश्यप ! यो लोक धातुमा जति प्रकारका घाँस, पात, औषधि, वनस्पतिहरू छन् ती सबै जडीवुटीहरूको नाम लिएर साध्य छैन। तर ती नाना प्रकारका सबै झारपात जडीबुटीहरूले केवल आकाशबाट बर्षेको पानी पिएर हुर्कन्छन् बढ्छन्। ती झारपातहरूले एउटै रस पानी पिएर हुर्के जस्तै नाना विचार र भावका देव मनुष्यहरूलाई आफ्नो एउटै सद्धर्म वर्षा गरी तथागतले सबैलाई उद्धार गर्ने हुन्छ। जुन सद्धर्म सुनेर नाना थरिका प्राणीहरू हर्षले गदगद भई आफूलाई हित हुने धर्मको अनुशरण गर्छन्। त्यो धर्मदेशना एक रसको हुन्छ । त्यो हो बिमुक्ति रस, विराग रस, निरोध रस, जसले अन्तमा सर्वज्ञ ज्ञानमा पुऱ्याइदिने हुन्छ। साना, ठूला, मझौला खालका सबै जडीबुटीहरू हुर्के जस्तै मेरो बिमुक्ति रसले सबै प्रकारका प्राणीलाई अन्तमा निर्वाणमा पुऱ्याई दिने हुन्छ। परन्तु म सहसा सर्वज्ञ ज्ञानलाई प्रकाश गर्दिन। सन्धाभाषालाई बुझ्नेहरूलाई मात्र म सर्वज्ञज्ञानको कुरा प्रकाश गर्नेछु। यति आज्ञा भई यही कुरा गाथाद्वारा पनि वर्णन गरी अन्तमा सबै श्रावकहरू बुद्ध हुनेछ भनी आज्ञा भयो।

यति मात्र होइन हे काश्यप ! भगवानको धर्म उपदेश एकै नाशको हुन्छ। जसरी आकाशमा चन्द्र सूर्य उडाउँदा चन्द्र सूर्यको तेजले सुगन्ध दुर्गन्ध सबै वस्तु उज्ज्वल पारी दिने हुन्छ त्यस्तै सबै प्राणीहरूलाई बुद्ध धर्मले समानरूपले बुध्दत्वलाभ गर्ने ज्ञान दिएको हुन्छ। तीन यानको कुरा वर्णन गरिएता पनि अन्तमा एउटै बुध्दयानको मात्र उपदेश दिइएको हुन्छ। यस्तो वचन सुनी महाकाश्यपले भगवान्लाई फेरि यस्तो बिन्ती गरे — हे भगवन् ! तीन यान छैन भनी आज्ञा भए पनि हाल श्रावक,

प्रत्येक बुध्द, वोधिसत्व यानको वर्णन किन गरिन्छ ? यस्तो प्रश्न सुनी भगवान्ले आज्ञा भयो – कुनै कुमालेले माटोबाट एकै नाशका भाँडाहरू बनाउँछ तर भाँडा किन्नेले कुनै भाँडामा चाकु, कुनैमा घ्यू, दूध, दही तथा अरू वस्तुहरू पनि राख्ने गर्छन् । अनि ती भाँडाहरूको नाउँ घ्यूको भाँडा, चाकुको भाँडा आदि रहंन जान्छ परन्तु ती सबै भाँडा माटाकै हुन् । त्यस्तै मानिसको आशय हेरी नाना प्रकारका यान वर्णन भएतापनि एउटै बुध्दयान हो भन्ने संझनु पर्छ ।

अनि महाकाश्यपले भगवान् बुध्दलाई यस्तो बिन्ती गरे – हजूरको धर्म सुनी धेरै मानिसहरूले निर्वाण लाभ गरे । परन्तु यी निर्वाणहरू भिन्ना भिन्नै हुन्छन् कि एउटै हुन्छ । यस्तो प्रश्न सुनी भगवानले फेरि यस्तो आज्ञा भयो – सर्व धर्म समताको ज्ञान बुझे पछि निर्वाण लाभ हुन्छ । तर निर्वाण भिन्ना भिन्नै हुंदैन । म एउटा उपमा दिन्छु ध्यान दिएर सुन – हे काश्यप ! एउटा जन्मेदेखि अन्धो मानिसले भने राम्रो नराम्रो भन्ने कुरो छैन, चन्द्र सूर्य ग्रह नक्षत्र पनि छैन । अनि अरू व्यक्तिहरूले उसलाई भने – हे भाई ! राम्रा र नराम्रा व्यक्तिहरू पनि हुन्छन्, चन्द्र सूर्य पनि हुन्छन् । तर त्यो अन्धोले विश्वास गर्न सक्दैन । एक दिन एउटा बैद्यले त्यो अन्धो प्रति करूणा राखी हिमालय गई राम्रो नराम्रो देख्न सक्ने बुटी, सबै रोग हट्ने बुटी, विष शान्त पार्ने बुटी र आनन्द दिने औषधि यी चार प्रकारको बुटीहरूलाई त्यो अन्धोलाई कुनै औषधि खान दिए कुनै आँखामा लगाउन दिए । अनि त्यसपछि औषधिको प्रभावले त्यो अन्धोले राम्रो नराम्रो चन्द्र सूर्य आदि आफ्नै आँखाले देख्न थाले । अनि त्यो व्यक्तिले म मूर्ख रहेछु, मैले अर्काको कुरामा विश्वास गरेन, वास्तवमा यी कुरा सच्चा रहेछन् भनी खुसी भए । त्यो व्यक्तिले त्यहाँ भन्दा अझ बढी ज्ञान गर्ने इच्छा गरेन । कुनै पंचभिज्ञऋषिले त्यो मानिसलाई एक दिन भने – हे वाबु! आँखाले देखें भनेर अभिमान नगर । अभिज्ञाले युक्त भएको

व्यक्तिले कोठामै बसी बाहिरका वस्तु कुराहरू देख्न सक्ने हुन्छ। सयौं कोश टाढाका कुरा देख्ने र आमाको गर्भमा बसेका कुराहरू पनि संझन सक्ने हुन्छन् । आँखाले देखें भनेर फुरंग पर्नु ठीक छैन । ऋषिको यस्तो वचन सुनी सो व्यक्तिले हजूरले मलाई यस्तो ज्ञान दिनु होस् भनी विन्ती गर्न थाले । अनि ऋषिले पनि उनलाई नाना प्रकारका ध्यान गर्ने कुराहरू सिकाई जंगलमा लगी एक चित्तले ध्यान गर्न लगाई लोक तृष्णा छोड्न लगाएर पंचाभिज्ञा, दिव्यदृष्टि लाभ गराइदियो । अनि सो व्यक्तिले मैले आँखाले देख्दा ठूलो ज्ञान लाभ गरें भन्ने अनुभव गरेको थिएं अब यो दिव्य दृष्टि आदि लाभ हुंदा आँखाले देख्नु त मामुली ज्ञान रहेछ भन्ने कुरो बुझें भनी विचार गरें ।

हे महाकाश्यप ! साधारण जनताहरू जात्यन्ध जस्तै हुन् । राग, द्वेष, मोहले छोप्दा तिनीहरूले वास्तविक कुरा देख्न तथा बुझ्न सक्दैनन् । त्यसकारण साधारण जनता अविद्यान्ध नै हुन्छन् । त्यही अविद्याले गर्दा उनीहरूले नाना पुण्यापुण्य कर्म गर्ने हुन्छ र त्यही कर्मले उनीहरू यत्रतत्र जन्म लिई दुःख भोगिरहेका हुन्छन् । यी कुरा अविद्यान्धहरू बुझ्दैनन्, देख्दैनन् । जब तथागत रूपी वैद्यको करुणाले अविद्यारूपी अन्धकार हटाइदिन्छ अनि त्यो व्यक्तिले अहो ! म संसारको वन्धनबाट मुक्त भएं, अब अविद्याको अन्धो म होइन भन्ने बुझ्न थाल्छ र कुशल कर्म गरी मिथ्या दृष्टि छोडी पंचाभिज्ञा सिकाइदिए जस्तै तथागतले उनलाई बोधिचित्त उत्पन्न गर, यी वस्तुहरू सबै उत्पत्ति भएको जस्तो देखिएता पनि उत्पन्न भएको होइन भन्ने अनुत्पाद धर्म क्षान्ति लाभ गर आदि शिक्षा दिई सम्यक् सम्वोधि लाभ गराई दिने हुन्छ । अनि आफूले संसारवाट मुक्त भएं भनी संझेको त केवल मामुली ज्ञान रहेछ सच्चा ज्ञान त सर्व धर्म (वस्तुहरू) उत्पन्न भएको पनि होइन नाश भएको पनि होइन भन्ने गम्भीर धर्मलाई बुझ्नु पो रहेछ भन्ने ज्ञान गर्छ । अनि उनले सबै वस्तु शून्य हुन्, मायोपम स्वप्नोपम जस्ता हुन् भन्ने देख्न थाल्छन् ।

यही कुराको ज्ञान भए पछि सर्व धर्म समता ज्ञान हुन्छ । यति आज्ञा भई सके पछि बुद्धले विस्तृत रूपमा गाथाद्वारा पनि सबै कुरा बर्णन गर्नु भयो र आज्ञा भयो –

सर्व धर्माः समाः सर्वे समाः समासमाः सदा ।
एवं ज्ञात्वा विजानाति निर्वाणममृतं शिवम् ।।

अर्थात् सबै वस्तुहरू समान हुन्छन् किनभने ती सबै बस्तुहरू निःस्वभावका छन् अर्थात् हेतुप्रत्ययबाट बनेका कुराहरू हेतु नभए पछि बन्दैन । त्यसकारण हेतु प्रत्ययबाट बनेका ती वस्तुहरू सबै समान छन् भन्ने जानेर अमृत जस्तो कल्याणकारी निर्वाणलाई बुझ्न सक्ने हुन्छन् ।

याकरण परिवर्तः

अनि भगवानले उपर्युक्त गाथा भनिसके पछि भिक्षुसंघलाई सम्बोधन गरी यस्तो आज्ञा भया – हे भिक्षुहरू हो ! यो मेरो महाकाश्यपले भविष्यमा कोटान कोटी बुद्धहरूलाई सत्कार गर्नेछ, पूजा गर्नेछ । अनि धेरै समय पछि अवभास प्राप्त नामको लोक धातुमा रश्मिप्रभास नामको बुद्ध हुनेछ । वहाँको धर्म वीस अन्तर कल्पसम्म रहने छ । वहाँको बुद्ध क्षेत्र अति रमणीय हुनेछ । वहाँको क्षेत्रमा मारहरूल पनि सद्धर्म सुनी उद्धार हुने छन् भनी आज्ञा भए । यही कुरा गाथाद्वारा पनि वर्णन गर्नु भयो ।

अनि महामोद्गल्यायन, सुभूति, महाकात्यायनहरूले पनि काँप्दै बिस्तारै हे भगवन् ! हामीहरूलाई पनि व्याकरण गर्नुहोस् दुर्भिक्षको समयमा सुभोजन लाभ भएको मानिस झैं हामीहरूले पनि बुध्दत्व लाभ गर्न पाउँ भनी बिन्ती गरे । अनि भगवान् बुध्दले सबै महाश्रावकहरूको मनको भाव बुझेर भिक्षुसघलाई सबोधन गरी यस्तो आज्ञा भयो – हे भिक्षुहरू हो ! यो सुभूति महास्थविरल पनि भविष्यमा कोटान् कोटी बुध्दहरूलाई सत्कार,

गौरव गरी बोधिचित्त उत्पन्न गरेर बुध्दत्व लाभ गर्ने छ। वहाँको रत्नसंभव नामको बध्द क्षेत्र हुनेछ। त्यस बेला वहाँको नाम शशिकेतु तथागत रहने छ। वहाँको बाह्र अन्तरकल्प आयु हुनेछ। बीश अन्तरकल्पसम्म वहाँले उपदेश दिएका धर्म रहिरहने छ। बहाँले धेरै दिनसम्म आकाशमा वसी धर्मदेशना गर्नु हुनेछ।

यति आज्ञा भएपछि फेरि भिक्षृहरूलाई सम्वोधन गरी यस्तो आज्ञा भयो – हे भिक्षुहरू हो ! यो मेरो श्रावक महास्थविर महाकात्यायनले पनि कोटान कोटी बुध्दहरूलाई सत्कार गौरव गरी पूजा गर्नेछ। परिनिर्वाण भएका तथागतहरूको अस्थिधातु राखी रत्नद्वारा स्तूप वनाउने छ। स्तूपको भव्य पूजा गर्नेछ। अन्तमा यो महाकात्यायन जाम्वुनद प्रभास नामको तथागत हुनु हुनेछ। वहाँको बुध्द क्षेत्रमा धेरै देव मनुष्यले सध्दर्म सुनी उध्दार हुनेछ। वहाँको सध्दर्म वीच अन्तरकल्पसम्म स्थायी हुनेछ।

अनि फेरि भिक्षुहरूलाई सम्वोधन गरी यस्तो आज्ञा भयो – यो मेरो महाश्रावक मोद्गल्यायनले पनि अठार हजार बुद्धहरूको सत्कार गौरव गरी पूजा गर्नेछ। ती बुद्धहरू निर्वाण भएपछि वहाँहरूको अस्थिधातु राखी रत्नमय स्तूप वनाउनु हुनेछ। स्तूपलाई ध्वजा पताकाद्वारा सजाई ठूलो उत्सव मनाउने छ। अनि अन्तमा महामोद्गल्यायन तमालपत्रचन्दनगन्ध नामको तथागत भई सद्धर्म देशना गर्नु हुनेछ। बहाँको मनोभिराम नामको बुद्ध क्षेत्र हुनेछ। सो बुद्ध क्षेत्रमा धेरै श्राबकहरू र बोधिसत्वहरू पनि हुनेछ। चौवीश अन्तर कल्पसम्म वहाँको आयु हुनेछ। चालिस अन्तरकल्पसम्म बहाँको सद्धर्म स्थिर भई रहने छ भनी भगवान् बुद्धले व्याकरण गर्नु भयो।

पूर्वयोग परिवर्तः

अनि भिक्षुहरूलाई सम्वोधन गरेर आज्ञा भयो – धेरै असंख्य कल्प पहिलेको कुरा हो। त्यस बेला महाभिज्ञाज्ञानाभिभू

नामको तथागत उत्पन्न भएको थियो । वहाँ बुद्ध हुन धेरै समय लागेको थियो । यो त्रिसाहस्र, महासाहस्र लोक धातुलाई चूर्ण विचूर्ण वनाई एउटा एउटा परमाणु, छुट्याई त्यो परमाणु कति होला भनी गणना गर्नु दुष्कर हुन्छ । त्यस्तै वहाँ तथागत परिनिर्वाण भएको समय पनि गणना गर्नु दुष्कर छ । वहाँ यति धेरै कल्प पहिले उत्पन्न भएको भएता पनि म आज वहाँलाइ हिजै मात्र दर्शन गरेको जस्तो संझन्छु । वहाँको आयु चवन्न कोटी सहस्र प्रमाणको थियो । वहाँले बोधि मण्डपमा वसी बुध्दत्वलाभ गर्दा धेरै मारहरूलाई पराजित पार्नु परेको थियो। त्यस बेला वोधिवृक्षमा एक अन्तरकल्प मात्र होइन दशौं अन्तरकल्पसम्म एउटै आशनमा पलेटीमारी निश्चल भई बुध्दत्व लाभ गर्न प्रयत्न गरेको थियो । वहाँले बध्दत्व लाभ गर्न कोशिश गरिरहेको बेलामा त्रायत्रिंशत देवपुत्रहरूले पुष्पवर्षा गरेको फूल पनि पहाड जस्तै थुप्रिएर रहेको थियो । त्यसलाई पंछ्याउन पनि धेरै वर्ष लागेको थियो । यसरी वहाँको निर्वाण समय सम्ममा वहाँलाई धेरै देव देवताहरूले सन्मान गरका थिए । दश अन्तर कल्प वितेपछि वहाँले बुध्दत्व लाभ गर्नु भयो । बुध्दत्व लाभ भए पछि वहांका सोह्र वटा छोराहरू थिए । ती मध्ये ज्ञानाकर जेठो छोरो थियो । ती छोराहरू धेरै किसिमका खेलौना लिई एक दिन खेली रहेका थियो । त्यस बेला भगवान् महाभिज्ञाज्ञानाभिभूले बुध्दत्व लाभ गरे भनेको सुनेर सबै परिवार र ती कुमारहरू पनि खेलौना छाडी तथागत कहां उपस्थित भई वन्दना पूजा स्तुति गरी भगवानको शरणमा परे र विन्ती गरे – हे भगवन् ! हजूरले लाभ गर्नु भएको ज्ञान वहुजनहितको निमित्त देशना गर्नु होस् । त्यस बेला पृथ्वी मात्र होइन अरू लोक धातुहरू पनि कम्पित भए ।

अनि पूर्व दिशावाट उज्ज्वल ब्रह्माहरू ब्रम्ह बिमानमा चढी तथागतको दर्शन गर्न आए तथा बुद्धको गाथाद्वारा स्तुति गरी वहांहरूले पनि धर्म चक्र प्रवर्तन गर्नु होस् भनी प्रार्थना

गरेर आफ्ना विमानहरू तथागतलाई समर्पण गरे। त्यस्तै दशौं दिशाबाट आएका ब्रम्हाहरू, देवताहरूले पनि धर्मचक्रप्रवर्तन गर्नु होस् भनी प्रार्थना गरे। यसरी सबैंको प्रार्थना सुनी सकेपछि महाभिज्ञाज्ञानाभिभू तथागतले त्रिपरिवर्त द्वादशाकार धर्मचक्र प्रवर्तन गर्नु भयो। अर्थात् दु:ख सत्य समुदय सत्य, निरोध सत्य, निरोध गामिनी प्रतिपद सत्य यी प्रत्येक चार सत्यलाई तीन तीन पटक दोहऱ्याई द्वादशाकार धर्मचक्रप्रवर्तन गर्नु भयो। यसै गरी अविद्या आदि प्रतीत्यसमुत्पादलाई पनि वर्णन गर्नु भयो।

यसरी धर्मदेशना गर्नु हुंदा अनन्त प्राणीहरूको हृदयबाट राग, द्वेष आदि क्लेशले विमुक्त भयो। वहांको श्रावक संघ पनि अनन्त भए। अनि ती सोह्र जना राजकुमारले हामीहरूलाई पनि प्रवजित गर्नु होस् भनी विन्ती गरे पछि ती सोह्रैं जना कुमारहरूलाई पनि प्रवजित गरे। यसरी बीस कल्प सम्म सद्धर्मपुण्डरीका ज्ञानलाई ती सोह्रवटै कुमारहरूले धारण गरेका थिए। अनि महाभिज्ञाज्ञानाभिभू तथागतले भनिष्यमा तिमीहरू पनि बुध्द हुनेछौ भनी व्याकरण गर्नु भयो। यस्तो वचन सुनी ती सोह्रैं कुमारहरूले सन्देह गरेका थिएन।

जुन बेला भगवान् ध्यानमा वस्नु हुन्थ्यो त्यसबेला तथागतलाई नमस्कार गर्दै अरू श्रोताहरूलाई सध्दर्मपुण्डरीका व्याख्यान गरी ती कुमारहरूले सुनाउने गर्थे। यसरी चौरासी हजार कल्प सम्म धर्मदेशना गरेको थियो। ती सोह्र जना कुमारहरूले गगा नदी वालुका समान प्राणीहरूलाई बोधिचित्त धारण गर्न लगाएका थिए। अनि महाभिज्ञाज्ञानाभिभू तथागत चौरासी हजार कल्प पछि समाधिवाट व्युंझनु भई सबै श्रोतावर्गहरूको सामुन्ने आशनमा वसी सबैलाई सम्वोधन गरी यस्तो आज्ञा भयो– हे भिक्षुहरू हो! यी सोह्र जना श्रामणेरहरू कहाँ बारम्बार आएर संगत गर्नु होस्। श्रावकयान, प्रत्येक बुध्दयान तथा बोधिसत्वयान कुनैलाई पनि यी कुराहरूले आक्षेप गर्ने छैन, विरोध गर्ने छैन।

परन्तु सबै यानका मानिसहरूलाई सम्यक् सम्बोधि लाभ गर्ने ज्ञान दिनेछ । यिनीहरूले तथागतको सामु बसी सद्धर्मपूण्डरीका धर्मपर्यायलाई बारम्बार प्रकाश गरेका छन् ।

अनि श्री भगवान् बुद्धले भिक्षुहरूलाई यस्तो आज्ञा भयो– हे भिक्षुहरू हो ! ती सोह्र जना कुमारहरूले धर्मदेशना गर्दै पारमिता पूर्ण गर्दै अन्त्यमा सम्यक् सम्बुद्ध हुनु भयो । ती सबै बुद्धहरू अहिले सम्म जीवित नै छन् । हाल वहाँहरूको धेरै श्रावकहरू र बोधिसत्वहरू छन् । ती सोह्र वटा कुराहरू मध्ये पूर्व दिशाको अभिरति नाम गरेको लोक धातुमा अक्षोभ्य नामको तथागत र मेरूकूट नामको तथागत बस्नु हुन्छ । पूर्व र दक्षिणकोणमा सिहघोष नामको तथागत र सिंहध्वज तथागत रहनु हुन्छ । त्यस्तै दक्षिण दिशामा आकाश प्रतिष्ठित तथागत र नित्यपरिनिर्वृत तथागत राज हुनु भएका छन् । दक्षिण पश्चिम कुनामा इन्द्रध्वज तथागत र ब्रह्मध्वज तथागत राज हुनु भएका छन् । पश्चिम दिशामा अमितायु तथागत र सर्वलोक धातुपद्रवोदवेगप्रत्युत्तीर्ण तथागत राज हुनु भएको छ । पश्चिम उत्तर कोणमा तमालपत्रचन्दनगन्धाभिज्ञ तथागत र मेरूकल्प तथागत राज हुनु भएको छ । उत्तर दिशामा मेघस्वरदीप तथागत र मेघस्वर राज तथागत बस्नु भएको छ । उत्तर पूर्व दिशामा सर्वलोक भयच्छम्भित तत्वविध्वंसनकर सम्यक् सम्बुद्ध बस्नु भएको छ । म शाक्यमुनि सब भन्दा कान्छो सोहौं कुमार सहालोक धातुमा सम्यक् सम्बुद्ध भएको छुं ।

हे भिक्षु हो ! हाम्रा श्रामणेरहरू पनि सद्धर्मपूण्डरीका सुनेर धेरै उद्धार भएका छन् । उनीहरूले यो सद्धर्म सुनाई धेरैलाई श्रावक भूमिमा स्थापना गरेका छन् । पछि ती श्रावकहरू पनि परिपक्व भए पछि सम्यक् सम्बुध्द नै हुने छन् । त्यस बेला सद्धर्म पूण्डरीका सुनेका ती व्यक्तिहरू तिमीहरू नै हौ । म निर्वाण भई सके पछि श्रावकहरू र बोधिसत्व चर्या पालन गरी बोधिसत्व हुनेहरू पनि क्रमश: निर्वाण लाभ गरी बुध्दत्व नै लाभ गर्ने छन् ।

हे भिक्षु हो ! एक दिन धेरै मानिसहरू मिली व्यापार गर्न रत्नद्वीपमा गएका थिंए । त्यहाँ जान पाँच सय योजनको जङ्गल पार गरेर जानु पर्दथ्यो । अनि बाटो चिन्ने एक जना कुशल नेताको नेतृत्वमा जाँदा जाँदै घोर जङ्गलमा पुग्दा सवै व्यक्तिहरू अत्यन्त डराउन थाले । अनि त्यो कुशल नेताले डराएर फर्कन लागेकाहरूलाई आश्वासन दिंदै जङ्गल सिद्धियो भनी आफ्नो ऋद्धिबलद्वारा विशाल नगर निर्माण गरी यस्तो भन्न थाले– हे भाईहरू हो ! अब यो नगरमा तिमीहरूले इच्छा गरेको कुरा पाउन सक्छौ । आनन्दसंग विश्राम गर । यस्तो भनेको सुनेन सवै व्यापारीहरू धुक्क भए । अनि तिनीहरूले आराम गरिसके पछि उनले ती सबै व्यापारीहरूलाई सम्बोधन गरी भने–हे भाईहरू हो ! यो शहर सच्चा शहर होइन । यो इन्द्रजाल मात्र हो । यो जङ्गल त हामीले पार गर्नै पर्छ । यत्ति भनिसकेपछि त्यो ऋद्धिमय नगर अन्तर्धान भएर उनीहरू रत्नद्वीप तिर लागे ।

हे भिक्षु हो ! ठीक यस्तै यो संसाररूपी भयंकर जङ्गलवाट तर्सेकाहरूलाई विश्रान्ति दिनुको निमित्त मैले निर्वाण देशना गरेको हुं । केवल यो निर्वाणले मात्र पुग्दैन भन्ने तथ्य देखाउनु नै यी महाश्रावकहरू पनि पछि बुध्द बन्ने छ भनी भविष्यवाणी व्याकरण गरेको हुं । यत्ति आज्ञा भई भगवान्ले यही कुरा गाथाद्वारा पनि यसरी व्यक्त गर्नु भयो ।

एतादृशी देशन नायकानां
विश्रामहेतोः प्रवदन्ति निर्वृतिम् ।
विश्रान्त ज्ञात्वान च निर्वृतीये
सर्वज्ञज्ञाने उपनेन्ति सर्वान् ।।

अर्थात् भगवान् बुध्दले निर्वाणलाई आराम गर्न मात्र उपदेश दिनु भएको हो । निर्वाणवाट आराम मिले पछि बुध्दत्व लाभ गर्न सबैलाई प्रेरणा दिनु हुन्छ ।

पञ्चभिक्षु शत व्याकरण परिवर्तः

अनि आयुष्मान् पूर्णमैत्रायणीपुत्रले भगवान्को उपाय कौशल्य ज्ञान र सन्बाभाषाको महत्व सुनेर तथा महाश्रावकहरूको भविष्यवाणी पनि सुनेर आश्चर्य हुंदै भगवान्को पाउमा वन्दना गरी हेरिरहे । त्यस बेला भगवान्ले पूर्णमैत्रायणोपुत्रको चित्ताशय बुझी सवै भिक्षुसंघलाई सम्वोधन गरी यस्तो आज्ञा भयो– हे भिक्षुहरू हो ! यो पूर्णमैत्रायणीपुत्रलाई मैले धर्मकथिकहरू मध्ये अग्र भनी अग्रदर्जा दिएको छु । उसले सवै धर्म श्रोताहरूलाई प्रसन्न पारेको छ र धर्ममा प्रेरणा दिएको छ । उसले अहिले मात्र होइन पहिलेका धेरै बुद्धहरूको पालामा पनि धर्मकथिकमध्ये अग्रदर्जा प्राप्त गरेको छ । विपश्वी आदि सप्त तथागतहरूको पालना पनि धर्मकथिकको अग्रदर्जा प्राप्त गरेको छ । असंख्य धेरै कल्पहरू पछि बोधिसत्व चर्या पूर्ण गरी धर्मप्रभास नामको तथागत हुनेछ । वहाँको बुद्ध क्षेत्रमा सवै औपपादुक प्राणीहरू हुने छन् । स्वयं प्रभा भएका ऋद्धिमान आकाशमा उडी हिंड्ने प्राणीहरू वहाँको श्रावक हुने छन् । उनीहरूको आहारा धर्म प्रीत्याहार र ध्यानप्रीत्याहार हुनेछन् । वहाँको धर्म धेरै कल्पसम्म रहने छ । वहाँको आयु पनि असंख्य कल्प सम्म लामो हुनेछ । यस्तो आज्ञा भई फेरि गाथाद्वारा यस्तो आज्ञा भयो– कम आँट भएका प्राणीहरूलाई महायानको बोधिचर्या सुनाउंदा आँतिने हुंदा उपाय कौशल्यद्वारा श्रावकयान देशना गरेको हुं । परन्तु ती श्रावकहरू सवै बोधिचर्या पालना गरी अन्तमा बुद्ध नै हुने छन् । यी कुरा नबुझदा साधारण मानिस उन्माद पनि हुन सक्छ । यो पूर्णमैत्रायणीपुत्र भविष्यमा बुद्ध हुने कुरामा सन्देह छैन ।

भगवान्को यस्तो आज्ञा सुनी वाह्र जना महा श्रावकहरू आश्चर्य मानी भगवान्ले हामीलाई पनि भविष्यमा बुद्ध हुनेछ भनी व्याकरण गर्नु होला कि भनेर भगवान् बुद्धको अनुहार हेरिरहेका थिए । यो कुरा बुझेर भगवान् बुद्धले महाकाश्यपलाई सम्वोधन गरी यस्तो आज्ञा भयो– हे काश्यप ! यी बाह्र जना

कौडिण्य आदि भविष्यमा समन्तप्रभास नामका तथागत हुने छन्। यो सबैका नाम पनि समन्तप्रभास नै हुनेछन् भनो गयाकाश्यप, नदीकाश्यप, उरूविल्वकाश्यप, काल, कालीदायि अनिरूद्ध, खेत कप्फिन बकुल्ल, चुन्द, स्वागत आदि सबै समन्तप्रभास नाम भएका तथागत नै हुनेछन् । यति आज्ञा भई गाथाद्वारा पनि यही कुरा आज्ञा भयो ।

अनि यस्तो व्याकरण सुनी पाँच शय भिक्षुहरू अत्यन्त हर्षित भई भगवान् बुध्दको पाउमा वन्दना गरी यस्तो बिन्ती गरे– हे भगवन् ! हामीहरू निर्वाण भयौं अब हामीले गर्नु पर्ने कुनै कुरा छैन भनी कृतकृत्य भएका थियौ । हामीले अर्हत् भन्दा माथिल्लो तह बुध्दत्वलाई लाभ गर्ने कहिल्यै चिताएनौं । अर्हत्वमा नै सन्तोष गरेका थियौं । जस्तै कोही सत्पुरूष आफ्नो मित्रको घर गई खानपिन गरी मस्त भएर सुते । अनि उसका मित्रले यो साथील दु:ख नपावस् भनी उसको पछ्यौराको छेउमा अनमोल रत्नहरू बाँधिदियो । अनि भोलि पल्ट सो व्यक्ति उठर साथीसंग विदा भई अर्को शहरमा पुगे । त्यहाँ उसले लुगा फाटो र खाना खोज्दै माग्दै ठूलो कष्ट गरी जीविका चलाइरहेको थियो । परन्तु आफ्नो साथीले अनमोल रत्नहरू आफ्नो पछ्यौरामा बाँधिदिएको भेटाए पछि उ अत्यन्त हर्षित भएर मनमनै भने–साधारण खाना खान पाउदा त ठूलो हर्ष मान्छौ भने आज यो मणिरत्न बेचेर मैले महाधनीको सुख अनुभव गर्न सक्नेछु । यस्तै हामीहरूले पनि बल्ल तल्ल अर्हत्व लाभ गरेका थियौं । परन्तु तथागतल मणिरत्न जस्तं सर्वज्ञता रत्न हाम्रो चित्तमा उत्पन्न गरिदिनु भयो । अब हामो मणिरत्न पाएका जस्तै प्रसन्न छौं तथा सर्वज्ञ ज्ञान लाभ गर्ने प्रणिधान हामी गरिरहनेछौं । हजूरको उपाय कोशल्य तथा सन्धाभाषाको महत्व अपरंपार रहेछ भनी कौडिण्य प्रमुख पाँच शय भिक्षुहरूले गाथाद्वारा भगवान्‌लाई वन्दना गर्दै यही कुरा विन्ती गरे ।

आनन्दादिव्याकरण परिवर्तः

अनि आयुष्मान् आनन्दले हामीहरूले पनि व्याकरण लाभ गर्न पाए हुँदो हो भन्ने चित्त उत्पन्न गरी भगवान्‌को पाउमा वन्दना गऱ्यो । अनि राहुलले पनि यही विचारले वन्दना गरी हामीलाई पनि मौका दिनुहोस् भनी विन्ती गरे । हामी मात्र होइन अरू दुई हजार शैक्षाशैक्षहरू पनि व्याकरण पाउन उत्सुक छन् भनी निवेदन गरे ।

अनि भगवान् बुद्धले आनन्दलाई सम्बोधन गरेर यस्तो आज्ञा भयो – हे आनन्द ! तिमी भविष्यमा तथागतवर धरबुद्धि विक्रीडिताभिज्ञ नामको तथागत हुनेछौ । तिमीले वासठ्ठी करोड बुद्धलाई पूजा सत्कार गर्नेछौ अनि तिमी सम्यक् सम्बुद्ध हुनेछौ । तिम्रो धर्मोपदेश सुनेर धेरै करोड़ व्यक्तिहरूले सम्यक् सम्वोधि ज्ञान लाभ गर्नेछन् । तिम्रो बुद्ध क्षेत्र पनि विशुध्द हुनेछ । तिम्रो आयुको प्रमाण कल्पद्वारा गणना गर्न सकिने छैन। तिम्रो सध्दर्महरू तिम्रो आयुप्रमाण भन्दा दोव्बर कल्पसम्म रहनेछ। यति आज्ञा भई यही कुरा गाथाद्वारा पनि वर्णन गर्नु भयो ।

अनि भर्खर वोधिचर्या पालन गर्न लागेका अठाह्र हजार बोधिसत्वहरूको मनमा यस्तो लाग्यो कि भगवानले बोधिसत्वहरूको त यस्तो व्याकरण पहिले गरेको थिएन भने यी श्रावकहरूको त झन सुनेको पनि थिएन । यसरी व्याकरण गर्नुको कारण के होला भन्ने शंका गर्न थाले । अनि उनीहरूको मनको भाव थाहा पाउनु भई भगवान्‌ले उनीहरूलाई सम्बोधन गरी यस्तो आज्ञा भयो – हे बोधिसत्वहरू हो ! हामीहरूले र आनन्दले सगसंगै जगतहित गर्न बुध्द हुन सकूं भनी धर्मगगनाभ्यूद्‌गतराज तथागतको सम्मुख प्रार्थना गरेका थियौं । यी कुलपुत्रहरूले विशेष गरेर वहुश्रुत हुन सततः प्रयत्न गरे । परन्तु मैले अत्यधिक वीर्यपारमिता पूर्ण गर्न प्रयत्न गरेकोले म चाँडै बुध्द भएं । आनन्दले सबै बुध्दहरूको सध्दर्म धारणा गरिराखेको छ ।

अनि आयुष्मान् आनन्दले भगवानको मुखारविन्दुबाट भविष्यमा बुध्दत्व लाभ हुने भविष्यवाणी सुनेर अति हर्षित भई गाथाद्वारा भगवान्को यसरी स्तुति गरे – पुरानो कुरा संझाउनु भई धर्मदेशना गर्नु भएकोले मलाई आश्चर्य लागेको छ र शंका हटेको छ । अव म बुध्द हुन सध्दर्म धारणा गर्नेछु ।

त्यस पछि भगवान्ले आयुष्मान् राहुल भद्रलाई सम्वोधन गरेर यस्तो आज्ञा भयो – हे राहुल भद्र ! तिमी पनि भविष्यमा सप्तरत्नपद्मविक्रान्तगामी नामको तथागत हुनेछौ । दश लोक धातुको परमाणु समान तथागतहरूलाई सत्कार पूजा गरेर बुध्दहरूको जेष्ठ पुत्र हुनेछौ । तिम्रो आयुको प्रमाण आनन्दको जस्तै हुनेछ । आनन्दको पनि तिमी भविष्यमा जेष्ठ पुत्र हुने छौ । त्यस पछि सम्यक् सम्वोधि लाभ गर्नेछौ ।

अनि दुई हजार शैक्षाशैक्ष श्रावकहरूको चित्त प्रसन्न भएको र व्याकरण गर्न योग्य भएको देखेर आनन्दलाई सम्बोधन गरी यस्तो आज्ञा भयो – हे आनन्द ! यी दुईहजार श्रावकहरू तिमीले जो देखिरहेका छौ यी श्रावकहरूले पनि पचासलोक धातुको परमाणु समान बुद्धहरूलाई पूजा सत्कार गरी एउटै समयमा दशै दिशाका विभिन्न आ-आफ्नो लोक धातुहरूमा सम्यक् सम्बुद्ध हुनेछन् । ती सवै तथागतहरूको रत्नकेतुराज नाम हुनेछन् । उनीहरूको आयु प्रमाण एक कल्प हुनेछ । उनीहरूको सद्धर्म समानरूपले पछिसम्म स्थिर रहने छ । यति आज्ञा भई गाथाद्वारा पनि यही कुरा आज्ञा भयो ।

अनि ती श्रावकहरूले आफू भविष्यमा बुध्द हुने व्याकरण सुनी प्रसन्न भई वुध्दको धेरै स्तुति प्रशंसा गरे ।

धर्मभानक परिवर्तः

अनि भगवान् बुद्धले भैषज्यराज बोधिसत्व प्रभुति अस्सी हजार बोधिसत्वहरूलाई सम्वोधन गर्दै यस्तो आज्ञा भयो–हे भैषज्य

राज ! यहाँ उपस्थित भएका देव नाग, मनुष्यहरू र श्रावक यान प्रत्येक बुद्धयान, बोधिसत्वयानका व्यक्तिहरूले तथागतको मुखारविन्दबाट यो धर्म पर्याय सुनेका छौ । यी व्यक्तिहरूले मैले उपदेश गरेका गाथाहरू मध्ये एक गाथा, एक पाउ मात्र पनि एक चित्त गरि सुनी त्यस्को अनुमोदना प्रशंसा गरेको छ, भने सो व्यक्तिले अवश्य, बुद्धत्व लाभ गर्नेछ । तथागत परिनिर्वाण भए पछि पनि यो सद्धर्मपूण्डरीकाको गाथाहरूमध्ये एक गाथा मात्र पनि अनुमोदना गरेमा सो व्यवितले पनि बुद्धत्व लाभ गर्नेछ । यसकारण प्राणीहरूलाई दया गर्न नै धर्मदेशना गरिएको हो । यो सूत्र कण्ठ गरेमा, पाठ गरेमा, व्याख्यान गरेमा, लेखेमा, लेखाउन लगाएमा र यो ग्रन्थलाई तथागत सझी गौरवपूर्वक पुष्प धूप आदिद्वारा पूजा गरेमा पनि बुद्धत्व लाभ हुन्छ भनी म व्याकरण गर्दछु । यो सद्धर्मपूण्डरीकालाई व्याख्यान गर्ने धर्म भानकलाई पनि सन्मान गर्न योग्य छ किनभने सो व्यावितलाई तथागतको काम गर्ने तथागतले नै पठाएको दूत हो भनी संझनु पर्छ । त्यस्तो धर्म भानकलाई आदरपूर्वक सन्मानपूर्वक धर्मदेशना गर्न लगाउने प्रवन्ध गर्नु पर्छ । सो व्यक्तिलाई चित्त दुखाउनु पनि एउटा गम्भीर पाप हो भनी म भन्दछु । यति आज्ञा भई भगवानले भैषज्य राजलाई सम्वोधन गर्दै भन्नु भयो–हे भैषज्य राज ! तिमीलाई मैले घेरै धर्मपर्यायहरू ब्याख्यान गरेको छु । त्यसमध्दे यो सूत्र अति महत्वपूर्णको छ भनी संझनु पर्छ, श्रद्धा गर्नु पर्छ । जसले यो धर्मपर्यायलाई सुनेको तथा देखेको छ त्यो व्यक्तिले यो धर्मपर्यायलाई तथागतले अधिष्ठान गरेको धर्म हो भन्ने संझनु पर्छ, जुन ठाउँमा यो धर्मदेशना हुन्छ सो ठाउलाई तथागतको चैत्य भनी संझनु पर्छ । त्यो ठाउंलाई मात्र सत्कार गौरव गर्दा पनि उसको निमित्त सम्यक् संबोधि नगीचै छ दुर्लभ छैन भनी संझनु पर्छ । किन भने कुनै व्यक्तिले पानीको इनार खन्न लाग्दा सुखा बालुवा मात्र निस्कन्छ भने त्यहाँबाट चांडै पानी निस्कदैन भन्ने थाहा पाइन्छ र पानीले भिजेको हिलो मिसेको बालुवा निस्कन थाले भने अब

पानी आउन लाग्यो भन्ने कुरो संझनु पर्छ । त्यस्तै जसले यो धर्मपर्यायलाई सुन्न पाउँछ अथवा चिन्तन, मनन गर्न पाउँछ उसको निमित्त सम्यक् सम्वोधि टाढा छैन भन्ने जान्नु पर्छ । यो धर्मपर्याय सुन्दा कोही बोधिसत्व वा श्रावकयानीहरू तर्सन्छन्, अविश्वास गर्छन् भने सो व्यक्ति अभिमानी रहेछ भन्ने बुझनु पर्छ । कोही वोधिसत्वले यो धर्मपर्यायलाई प्रकाश गर्न, व्याख्या गर्न इच्छा गर्छ भने तथागतको आशनमा बसी, तथागतको गुफामा बसी तथागतको चीवर लगाई प्रकाश गर्नु पर्छ अर्थात् प्राणीउपर मैत्री भावना गरी धर्मदेशना गर्नु नै तथागतको गुफामा वसी धर्मदेशना गर्नु भनेको हो ; क्षान्तिपारमिता (सहने स्वभाव) लिएर व्याख्यान गर्नुलाई नै तथागतको चीवर लगाएर धर्मदेशना गर्नु भनेको हो, सर्वधर्म शून्यता भावना गरी धर्मदेशना गर्नु नै धर्माशनमा वस्नु हो । यही नियमलाई पालना गरी जुन सुकै कष्ट आइपरे पनि सहेर आनन्द साथ धर्मदेशना गर्नु पर्छ । यसरी धर्मदेशना गर्दा उसले दिएको उपदेशमा केही त्रुटी हुन गए पनि तथागतले शुद्ध गरी दिने हुन्छ । यस्तो आज्ञा भई गाथाद्वारा पनि दोहऱ्याउनु भयो ।

स्तूपसंदर्शन परिवर्त:

अनि भगवान् बुध्दको सामु सबै श्रोतागणहरूको समक्ष सप्तरत्नमय विशाल स्तूप उत्पन्न भयो । सो स्तूप आकाशमा अडिरहेको थियो । सो स्तूपको वरिपरि तोरणहरू ध्वजापताकाहरू, घण्टाहरू, फूलका मालाहरू तथा सुगन्ध धूपहरूले पूजा गरी राखेको पनि देखिन थाल्यो । आर्यत्रिंशत् देवपुत्रहरूले मन्दार पुष्प छरिरहेको पनि देखियो । त्यस बेला त्यो स्तूपबाट यस्तो शब्द निस्क्यो – हे शाक्यमुनि भगवन् ! तपाईलाई धेरै साधुवाद छ, तपाईले यो सध्दर्मपुण्डरीका धर्म पर्यायलाई व्याख्या गर्नु भएको छ, यो एउटा महत्वपूर्ण काम हो । अनि यस्तो शब्द निस्केको सुनेर त्यहाँ उपस्थित भएका सबै व्यक्तिहरू हर्ष र आश्चर्यले आकुल व्याकुल भई हात जोडिरहेका थिए ।

त्यसबेला महाप्रतिभान नामको बोधिसत्वले भगवान् बुध्दलाई यस्तो विन्ती गरे – हे भगवन् ! यस्तो रत्न स्तूप उत्पन्न हुनुको के हेतु प्रत्यय हो । यो स्तूपबाट हजूरलाई यस्तो प्रशंसा किन गरे ? यस्तो वचन सुनी भगवान्‌ले यस्तो आज्ञा भयो – यो रत्न स्तूपमा तथागतको सम्पूर्ण शरीर एक ढिक्का भएर रहेको छ । सो शरीरबाटै यो शब्द निस्केको हो । यो सहा-लोक धातुदेखि तल असङ्ख्य लोक धातुहरू छन् । तिनीहरू मध्ये रत्न विशुध्द नाम भएको एउटा लोक धातु छ । त्यसमा प्रभूतरत्न नामको तथागत हुनु भएको थियो । सो तथागतले पहिले यस्तो प्रतिज्ञा प्रणिधान गर्नु भएको थियो – मैले वोधिचर्चा पालन गरेर सम्यक् सम्बोधि लाभ गर्न सकिन । तर सध्दर्मपुण्डरीक धर्मपर्यायलाई सुने पछि मैले बुध्दत्व लाभ गर्न सफल भएं । त्यसकारण प्रभूतरत्न तथागतले निर्वाण हुने बेलामा म निर्वाण भए पछि मेरो शरीर राखेर रत्न स्तूप बनाउनु भनी अधिष्ठान गरेको थियो । यो देखिएको चैत्य सोही हो । जहाँ जहाँ सध्दर्मपुण्डरी प्रकाश गरिन्छ त्यहाँ त्यहाँ यो रत्न स्तूप देखा परोस् भनी प्रणिधान गर्नु भएको थियो यही कारणले यो स्तूप देखिएको हो ।

अनि महाप्रतिभान वोधिसत्वले भगवान्‌लाई यस्तो विन्ती गर्नु भयो – हे भगवन् ! हजूरको अनुग्रह भए वहाँ तथागतको चैत्य भित्र रहेका शरीर दर्शन गर्न पाए हुन्थ्यो । यस्तो वचन सुनी भगवान् बुध्दले सो चैत्यलाई आफ्नू दुई हातले पन्छाई बीचमा रहेको तथागतको शरीर दर्शन गर्न लगाउनु भन्दा पहिले आफूले निर्माण गरेका अनन्त लोक धातुमा रहेका अनन्त बुध्दहरूलाई सूचना दिन आफ्नू उर्णाकोशबाट रश्मि निकाल्नु भयो । त्यस पछि चैत्य खोली तथागतको शरीरको दर्शन दिनु भयो । ती सबै तथागतहरू उपस्थित भएपछि दशै दिशामा शाक्यमुनि तथागतको शरीर भरी भराऊ भएको अनुभव भयो । अनि ती सबै तथागतहरूले सप्तरत्न स्तूपको बीचमा रहनु भएको प्रभूतरत्न तथागतले शाक्यमुनि तपाईंले सध्दर्मपुण्डरीक धर्मपर्याय यी सबै

परिषदहरूलाई सुनाउनु भयो । यो ठूलो गौरवको कुरा हो । यस्तो आशा भएको सुनेर त्यहाँ उपस्थित सबै आश्चर्य भएका थिए । अनि प्रभूतरत्न तथागतले शाक्यमुनिलाई सम्बोधन गरेर मेरो आशनमा संगै दस्न आउनु होस् भनी आफ्नो आशनमा बसाउनु भयो । त्यस बेला दुवै तथागतलाई सबैले प्रत्यक्ष देखेका थिए । अनि शाक्यमुनिले त्यहाँ उपस्थित सबै व्यक्तिहरूलाई सम्बोधन गरी तिमीहरूले पनि यो सध्दर्मपुण्डरीकालाई व्याख्यान गर्ने समय आएको छ, यसो गरेमा तिमीहरूको हित सुख हुनेछ भनी आज्ञा भयो । र फेरि भन्नु भयो – सुमेरू पर्वतलाई मुठ्ठी भित्र राख्नु, गोडाको औंलाल पृथ्वी कम्पित गर्नु आकाशलाई मुठ्ठीभित्र राख्नु, पृथ्वीलाई नङको टुप्पामा राख्नु गाह्रो छैन परन्तु असम्यक् दृष्टिले व्याकुल भएका जनसमूहको सामुन्ने यो सध्दर्मपुण्डरीक व्याख्यान गर्नु दुष्कर छ । त्यसकारण तिमीहरूको श्रध्दा बढोस् भनी जहाँ जहाँ सध्दर्मपुण्डरीका वर्णन हुन्छ त्यहाँ त्यहाँ यो सप्तरत्न स्तूप आकाशमा उपस्थित हुने हुन्छ ।

अनि त्यसपछि भगवान् बृध्दले सबै बोधिसत्वहरूलाई सम्बोधन गरी यस्तो आज्ञा भयो – हे भिक्षुहरू हो ! धेरै कल्प अघि सध्दर्मपुण्डरीका सुन्न मैले धेरै परिश्रम गरेको थिएं । यो सध्दर्म सुन्न हजारौं कल्प राजा भएर पनि विताए । परन्तु मेरो अभिलाषा पूर्ण भएन । षट्पारमितापूर्ण गरी धेरै समय बिताएं तैपनि मैल यो सध्दर्म सुन्न पाएको थिएन । कुनै समयमा मेरो राज्याभिषेक भयो । त्यस बखत मैले यस्तो घोषणा गरें जसले मलाई उत्तम धर्म सुनाउला त्यसको म दास हुनेछु । त्यस बेला एउटा ऋषि आउनु भयो र वहाँले मलाई यही सध्दर्मपुण्डरीक सुनाउनु भयो । अनि मैले प्रसन्न भई वहाँको दासत्व स्वीकार गरेर दासले गर्ने काम गरिदिएं । यसरी वहाँ ऋषिको सेवा गर्दा म संधै ढोकामा पालो बस्थें । दिनको सबै काम सकेपछि वहाँको पाऊ मिच्थें । त्यसो गर्दा पनि शरीरको थकान र मनमा वैराग्य उत्पन्न हुंदैनथ्यो । यस्तो सेवा गर्दा गर्दै हजार वर्ष बित्यो ।

यसरी सध्दर्मको निमित्त म कहिल्यै पछि परिन र थाकिन। हे भिक्षुहरू हो ! त्यस वेलाका ऋषि देवदत्त नै हो अरू होइन। त्यसकारण देवदत्त मेरो कल्याण मित्र नै हो। देवदत्तको प्रेरणाले नै मैले षट्पारमितापूर्ण गर्न सकेको हो। महामैत्री, महाकरुणा, महामुदिता, महाउपेक्षा र दशदल आदि गुण उत्पन्न भयो। देवदत्त पनि धेरै कल्पपछि देवराज नामको तथागत हुनेछ उसको धर्म वीच अन्तर कल्पसम्म रहनेछ। अन्त्यमा यही रत्न स्तूपमा उसको शरीर लीन हुनेछ। अनि उसलाई देवमनुष्य सबैले पूजा गर्नेछन्। जसले उसको पूजा गर्छ त्यो व्यक्तिले प्रत्येक बोधि, अर्हत्व, बुद्धत्व आदि फल आफ्नो इच्छा अनुसार लाभ गर्नेछ।

यति भनी फेरि भिक्षुहरूलाई सम्बोधन गरी यस्तो आज्ञा भयो– हे भिक्षुहरू हो ! भविष्यमा कुलपुत्र कुलदुहिताले यदि सद्धर्मपुण्डरीकालाई सुन्छ, सुनेर शंका नगरिकन शुद्ध चित्तले विश्वास गर्छ भने त्यो व्यक्ति नरक, तिर्यग् तथा यमलोक आदि दुर्गतिमा उत्पन्न हुने छैन। देवलोकमा पनि विशेष स्थानमा उत्पन्न हुनेछ। उपपादुक सक्नु भई सप्तरत्नमय कमलमा तथागत सामु उत्पन्न हुनेछ।

अनि त्यस पछि प्रभूतरत्न तथागतको तलतिरबाट प्रज्ञाकूट नामको बोधिसत्व उपस्थित हुनु भयो र यस्तो विन्ती गर्नु भयो– भगवन् ! हामीहरू आ-आफ्नो बुद्ध क्षेत्रमा फर्कन चाहन्छुं। यस्तो वचन सुनी शाक्यमुनिले एक क्षण पर्ख तथागतको दर्शन गर्न मंजूश्री कुमारभूत बोधिसत्व धेरै अरू बोधिसत्वहरूसंग सागर नाग राजाको भवनबाट आउँदैछ भनी आज्ञा भयो।

अनि मंजुश्री कुमारभूत कमलमा बसी आकाशबाट आई प्रभूतरत्न तथागतलाई वन्दना गरी प्रज्ञाकूट बोधिसत्वको संगै बसे। त्यस बेला प्रज्ञाकूट बोधिसत्वले समुद्रमा गई तपाईले कति प्राणीहरूलाई सद्धर्ममा विनीत गर्नु भयो भनी प्रश्न गर्दा मंजुश्रीले यस्तो आज्ञा भयो – मैले यसको उत्तर दिनु सक्दिन एकछिन पर्खनु होस्। मैले सद्धर्ममा विनीत गरेका व्यक्तिहरू आउँदैछन्

तपाई आफैले हेर्नु होस् । अनि त्यस बेला समुद्रबाट हजारौं व्यक्तिहरू कमलमा बसी आकाशबाट उडेर गृद्धकूटपर्वतमा उपस्थित भए । अनि ती हजारौं हजार व्यक्तिहरूलाई देखाउंदै मंजुश्री कुमारले प्रज्ञाकूट बोधिसत्वलाई यस्तो आज्ञा भयो– हे बोधिसत्व ! यी उपस्थित भएका मध्ये कोही श्रावक यानी र कोही श्रावकयानबाट महायानमा प्रवेश गरेका व्यक्तिहरू हुन् । यिनीहरूले सबै वस्तुलाई शून्य भनी राम्ररी जान्दछन् । यस्तो वचन सुनी प्रज्ञाकूटले गाथाद्वारा धेरै प्रशसा गरे ।

अनि मंजुश्री कुमारले यस्तो आज्ञा भयो– मैले समुद्रमा गएर सद्धर्मपूण्डरीका व्याख्यान गर्दा सागर नाग राजाकी आठ वर्षकी छोरी अत्यन्त प्रज्ञावान् थिइन् । उनीले मैले व्याख्यान गरेको सबं धर्म धारणा गरेकी थिइन् । सबै कुरा उनको मनमा उपस्थित थियो । उनी उत्साहवती र संधै प्रसन्न मुद्रा र मैत्री करूणाले युक्त भएको बोलो बोल्ने गर्छिन् । उनले चाँडै नै बुद्धत्व लाभ गर्नेछ ।

यस्तो मंजुश्रीको वचन सुनी प्रज्ञाकूटले भन्नु भयो– शाक्यमुनिले बुद्धत्व लाभ गर्न धेरै कोशिश गरेको मैले देखेको छुं । कल्प कल्प सम्म षट्पारमितापूर्ण गर्न प्रयत्न गरेको पनि मैले देखेको छुं । मात्रं भनुं भने पृथ्वीका सस्य् जति ठाउं पनि छैन जहाँ बुद्धले पारमितापूर्ण गर्न प्रयत्न नगरेको होला । यो कुरा कसले श्रद्धा गर्ला ? परन्तु ती नाग कन्याले बुद्धत्व लाभ गर्नेछ भन्ने कुरालाई कसले विश्वास गर्ला ?

अनि त्यसै बेला सागर नागराजाकी छोरी त्यहाँ अगाडि उपस्थित भई भगवान् बुद्धको पाउमा वन्दना गरी भगवान्को स्तुति गर्न थालिन । अनि शारिपुत्रले नागराजाकी छोरीलाई यस्तो प्रश्न गर्नु भयो– हे कुलपुत्री ! तिमीले बोधिचित्त उत्पन्न गऱ्यौ ? तिम्रो तीक्ष्ण बुद्धि भएतापनि सम्यक् सम्बुद्ध लाभ गर्नु दुर्लभ छ । स्त्रीहरूको वीर्य कम हुन्छ । परन्तु बुद्धत्व लाभ गर्न

कल्पौं कल्प उद्योग गरी पारमितापूर्ण गरे पनि वुध्दत्व लाभ गर्न सक्दैन किनभने स्त्रीहरूले पाँच वटा कुरा पाउन सक्दैन अर्थात् स्त्रीहरू (१) ब्रह्मलोक उत्पन्न हुन सक्दैन (२) इन्द्र हुन सक्दैन (३) महाराज हुन सक्दैन (४) चक्रवर्ती हुन सक्दैन (५) अवैवर्तिक वोधिसत्व हुन सक्दैन ।

अनि त्यस बेला सागर नागराजाकी छोरीले एउटा अमूल्य मणि भगवान्लाई चढाइन् । भगवान्ले पनि उनको हित सुख होस् भन्ने कामनाले सो रत्न लिनु भयो । अनि नाग कन्याले प्रज्ञाकूट वोधिसत्व तथा शारिपुत्रलाई यस्तो विन्ती गरे– यो मणि मैले भगवान्लाई चढाउँदा भगवान्ले उत्तिखेरै ग्रहण गर्नु भयो। यदि म ऋद्धिवान् छु भने यो मणि चढाएको पुण्यले म सम्यक् सम्बुद्ध चाँडै नै हुन सकूं ।

यस्तो भन्ने वित्तिकै सागर नागराजाकी छोरीको स्त्री इन्द्रियहरू लोप भए र पुरूष इन्द्रिय प्रादुर्भाव भयो। अनि त्यो नाग कन्या दक्षिण दिशातिर विमला लोक धातुमा गइन् । त्यहाँ सप्तरत्नमय वोधिवृक्ष मुनि बसी सम्यक् सम्बुद्धत्व लाभ गरन्। यो कुरा त्यहाँ उपस्थित शारिपुत्र आदि सबैले प्रत्यक्ष देखे । त्यस वेला सो तथागतले विमला लोक धातुमा धर्मदेशना गरी धेरै व्यक्तिलाई अनुत्पत्तिक धर्म लाभ गराई दिए। यस्तो अद्भूत कुरा देखि प्रज्ञाकूट र शारिपुत्र महास्थविर पनि चूप लाग्नु भयो।

उत्साह परिवर्तः

अनि भैषज्यराज बोधिसत्व र महाप्रतिभान बोधिसत्व तथा अरू बीश हजार वोधिसत्वहरूले भगवान्को सामुन्ने यस्तो प्रतिज्ञा गरे– हे भगवन् ! हजूर अल्प उत्सुक हुनु होस् हामीहरूले अवश्य पनि सध्दर्मपुण्डरीका प्रकाश गर्नेछौं । हाल धेरै जसो प्राणीहरू कपटी स्वभावका र लाभ सत्कारको निमित्त मात्र तत्पर भएका देखिन्छन् । अकुशल काम पनि गर्न हिचकिचाउँदैन यस्तो भएता पनि हामीहरूले यो सध्दर्मपुण्डरीकालाई धारणा

गर्नेछौं, देशना गर्नेछौं लेख्ने र लेखाउन लगाउनेछौं। हाम्रो जीवनलाई छोड्नु परे पनि यो धर्मलाई प्रकाश गर्नेछौं। अनि अरू पाँच सय शैक्ष—अशैक्ष भिक्षुहरू पनि भगवान्को सामु आएर यस्तो विन्ती गरे– हे भगवन्! हामीहरूले पनि सध्दर्मपुण्डरीका प्रकाश गर्नेछौं।

अनि प्रजापति गौतमी ६ हजार भिक्षुणीहरू सहित भगवान् बुध्दलाई प्रणाम गरी उभिरहे। त्यस बेला भगवान्ले प्रजापति गौतमीलाई सम्वोधन गरी यस्तो आज्ञा भयो– हे गौतमी! तिमी दिक्क मानेकी जस्तो देखिन्छौ। मैले तिमीहरूलाई नाम टोकेर व्याकरण गरेको छैन। परन्तु यी सबै परिषदहरूले बुध्दत्ब लाभ गर्ने छन् भन्दा तिमीहरुको पनि व्याकरण गरेको सरह नै हो। तिमीहरू भविष्यमा धर्मभानक भई धर्मदेशना गर्दै अन्त्यमा बुध्दत्व लाभ गर्नेछौं। त्यस वेला तिम्रो नाम सर्वसत्वप्रियदर्शन तथागत रहनेछ। यसरी ६ हजार भिक्षुणीहरूको पनि तिमीले नै पछि बुध्दत्वको व्याकरण गर्ने छौं।

यत्तिकैमा राहुल माता यशोधराको मनमा मलाई पनि व्याकरण गर्नु भएको छैन भन्ने विचार उठ्यो। त्यस बेला भगवान्ले उनीको आशय वुझी यशोधरालाई सम्बोधन गरी यस्तो आज्ञा भयो– हे यशोधरा! भविष्यमा तिमी पनि धर्मभानक हुनेछौं र क्रमश: बोधिसत्व चर्या पूर्ण गरेर रश्मिशतसहस्र परिपूर्ण ध्वज नामको तथागत हुनेछौ। सो तथागतको आयु अपरिमित हुनेछ। यस्तो व्याकरण सुनी प्रजापति गौतम, यशोधरा तथा अरू भिक्षुणीहरूले एक स्वरमा गाथाद्वारा भगवान्को स्तुति गरे र हामीले पनि सद्धर्मपुण्डरीका व्याख्यान गर्नेछौं भनी प्रतिज्ञा गरे।

अनि त्यहाँ उपस्थित धेरै गृहस्थ कुलपुत्रहरूले पनि भगवान्को सामु हात जोडी यसरी प्रतिज्ञा गरे– हे भगवन्! भविष्यमा हामीले गौरवपूर्वक सध्दर्मपुण्डरीका व्याख्यान गर्नेछौं। यति मात्र होइन यो सद्धर्मपुण्डरीकालाई सुरक्षित राख्न सतत

प्रयत्न गर्नेछौं । यही कुरा त्यहाँ उपस्थित धेरै अरू बोधिसत्वहरूले पनि गाथाद्वारा दोहऱ्याएर भने–हामीहरूले जस्तो सुकै दुःख सहनु परे पनि तथा यो सद्धर्मको धेरै विरोध गरे पनि हामीले यो सद्धर्मलाई प्रचार गर्नेछौं, हजूरले शंका मान्नु पर्दैन ।

सुखविहार परिवर्तः

अनि मंजुश्री कुमारभूतले भगवान् बुद्धलाई यस्तो विन्ती गरे–यी बोधिसत्वहरूले हजूरको सामु कठिन प्रतिज्ञा गरेका छन्। भविष्यमा सद्धर्मपुण्डरीकाको प्रचार कसरी गर्नु पर्ला आज्ञा हुनु होस् । अनि भगवान्ले आज्ञा भयो- हे मंजुश्री ! भविष्यमा धर्मदेशना गर्दा चार वटा कुरामा ध्यान दिएर गर्नु पर्छ अर्थात् आचार संपन्न भएर धर्मदेशना गर्नु पर्छ । जसले सहन शक्ति वढाएर, इन्द्रिय दमन गरेर सत्य कुरा गर्दा नडराइकन, अर्काको डाहा नगरिकन सवै वस्तुहरूको स्वभावलाई जानेर शून्यता भावना गरेर धर्मदेशना गर्छ त्यस्तो देशनालाई आचार संपन्न भनिन्छ । अनि शक्ति सम्पन्न राजपुरूषहरूसंग पनि संगत गर्नु हुंदैन । विभिन्न धर्मका व्यक्तिहरूको संगत पनि गर्नु हुंदैन । त्यस्तै काव्य जस्तो लौकिक कथाहरू, लोकायत जस्तो नास्तिक ग्रन्थहरूको सेवा गर्न, परिचय गर्नु आदि पनि गर्नु हुंदैन । चाँडाल, जीवहिंसा गर्ने व्याधा, मासु बेच्ने, नाच गान गर्ने कुस्ती खेल्ने व्यक्तिहरू संग पनि संगत गर्नु हुंदैन । रण्डीबाजी गर्ने ठाउहरूमा पनि जानु हुंदैन । बुद्ध भई जगत हित गर्छु भन्न भिक्षु भिक्षुणीहरूको संगत गर्नु चिनापर्ची गर्नु हुंदैन । यी माथि वताएका व्यक्तिहरूसंग संगत नगर्नुलाई गोचर सम्पन्न भनिन्छ । हे मंजुश्री ! धर्मभानकले धर्मदेशना गर्दा स्त्रीवर्गलाई खुशी पार्ने उद्देश्यले धर्मदेशना गर्नु हुंदैन तथा धर्मदेशना गर्दा वहाँहरूलाई बारंबार हेर्नु पनि हुंदैन । कन्या केटी बिवाहिता आदि स्त्रीवर्गहरूसंग जाँदा बोल्नु पनि हुंदैन, पण्डकहरूलाई पनि धर्मदेशना गर्नु हुंदैन, उनीहरूसंग हेलमेल पनि गर्नु हुंदैन ।

भिक्षा ग्रहण गर्न जाँदा एक्लै कसैको घर भित्र पस्नु हुंदैन । यदि स्त्रीहरूलाई धर्मदेशना गर्नु छ भने नहाँसिकन रागचित्त उत्पन्न नगरिकन देशना गर्नु पर्छ । यसो गर्नु पनि गोचर संपन्न हुनु नै हो ।

हे मंजुश्री ! सर्वधर्म शून्यतालाई भावना गरी सबै वस्तुमा आशक्ति हटाई जति पनि राग, द्वेष, मोह उत्पन्न गर्ने वस्तुहरू छन् यी सबै वस्तुहरू भ्रमात्मक हुन् संज्ञाविपर्यास उत्पन्न गर्ने हुन् भनी विचार गर्नु पर्छ । यसो गर्नु पनि गोचर संपन्नहुने प्रक्रिया हो । यसरी यी चार आचार गोचरलाई विचार पुऱ्याई धर्मदेशना गर्दा सुखविहार उत्पन्न हुन्छ ।

धर्मदेशना गर्दा शान्तसंग सुख पूर्वक अरूलाई आक्षेप नगरिकन गर्नु पर्छ । यसरी धर्मदेशना गर्दा कसैले प्रश्न नगरिकन यो सद्धर्मपुण्डरीका वर्णान गर्नु उचित छ । यति मात्र होइन धर्मदेशना गर्ने व्यक्ति अलसो, इर्ष्यालु स्वभावको हुनु हुंदैन । संत्रै रमाइलो मानी मुदिता भावना गरी तथा मैत्री भावना गरेर धर्मदेशना गर्नु पर्छ । धर्मदेशना गर्दा खाने, पिउने तथा लुगाफाटो आदि माग्नु हुंदैन । बुद्धो सवेयम् जगतोहितायको उद्देश्य बाहेक अरू उद्देश्य राख्नु हुंदैन । यस्तो गुणले परिपूर्ण भएर धर्मदेशना गर्दा उसलाई कसैले दु:ख दिन सक्दैन । यति मात्र होइन । धर्मभानकले यो धर्म ठीक छ, यो धर्मको अर्थ यस्तै हो आदि धर्म विवादमा लाग्नु पनि हुंदैन । केवल तथागतहरूलाई संझी वहाँहरूको उपदेश प्रचार गर्ने धर्मभानकलाई तथागत नै संझी धर्म गौरव र प्रेमले युक्त भै व्यवहार गर्ने हुन्छ । सुखविहार लाभ हुन्छ । कतिपय सद्धर्ममा विश्वास नगर्ने व्यक्तिहरूले बुद्धको उपाय कौशल्य नबुझी, सन्धाभाषालाई नबुझी सद्धर्म नसुन्ने, नबुझेको प्रश्न नगर्ने, श्रद्धा नगर्ने हुन्छन् । त्यस्ता व्यक्तिलाई पनि मैत्री चित्त उत्पन्न गरी ऋद्धिवलद्वारा सध्दर्ममा आकर्षण गर्न सकूं भन्ने प्रणिधान गर्नु पर्छ । यसरी सध्दर्मलाई प्रचार गरेमा सबैबाट

सन्मान प्राप्त हुन्छ । देवताहरू पनि सध्दर्म सुन्न पछि लाग्ने हुन्छ । रात दिन धर्म भानकलाई रक्षा गर्न देवताहरू तत्पर रहने छन् । हे मंजुश्री ! चक्रवर्ती राजाले आफ्ना विरोधीलाई दबाउने योद्धाहरूलाई प्रसन्न भएर नाना प्रकारका वस्तुहरू र गाउं, नगर चित्त र लुगा आदि नाना प्रकारका वस्तु र गहना, सुन चाँदि , दास दासीहरू पनि दिने हुन्छन् । परन्तु आफ्नो राजमुकुटको चूडामणि कहिल्यै दिदैन । किनभने राजमुकुटको चूडामणि दिदा चक्रवर्ती राज्य नै सुम्पेको थहरिन्छ । परन्तु धर्मस्वामी धर्मराज, सम्यक् सम्बुध्दले बुध्द हुनेछ भन्ने व्याकरण दिनु चक्रवर्ती राजाले आफ्नो चूडामणि दिए सरह नै हो । अर्थात् सबै श्रावकहरूलाई अर्हत्व मात्र होइन आफू सरह बुध्दत्व पनि दिनु भयो ।

अनि भगवान्ले यही कुरा गाथाद्वारा पनि व्याख्यान गर्नु भयो र जसले यो सध्दर्मपुण्डरीकसूत्रलाई मेरो जीवन पछि वर्णन गर्छ त्यो व्यक्तिलाई धेरै शुभ पुण्य र अनुशंसा लाभ हुनेछ भनी आज्ञा भयो ।

बोधिसत्व पृथ्वीविवर समुद्गत परिवर्तः

अनि त्यस वेला अरू लोक धातुबाट आउनु भएका आठ गंगा नदी वालुका समान बोधिसत्वहरू त्यो धर्म सभामा उपस्थित भएका थिए । वहाँहरूले पनि भगवान्लाई वन्दना गरी यस्तो विन्ती गरे–हे भगवन्! हजूरले अनुमति दिनु भयो भने हामीहरूले पनि यो सहालोक धातुमा यो सध्दर्मपुण्डरीकालाई पूजा गौरव गरी प्रकाश गर्नेछौं ।अनि भगवान्ले भन्नु भयो– हे कुलपुत्रहरू ! तिमीहरूले दुःख गर्नु पर्दैन । यो सहालोक धातुमा मेरो ज्ञान प्राप्त गरेका साठी गंगा नदी बालुका समान वोधिसत्वहरू छन् । ती वोधिसत्वहरूले म निर्वाण भए पछि सध्दर्म प्रचार गर्नेछन् ।

यति आज्ञा हुने वित्तिकै सहालोक धातुको अथात् यो पृथ्वी ठाउँ ठाउँमा फाटेर त्यहाँबाट कोटान् कोटी बत्तीस लक्षणले

युक्त भएका बोधिसत्वहरू निस्कन थाले । उनीहरू आकाशमा उडी महारत्न स्तूपमा बस्नु भएको प्रभूतरत्न तथागतलाई वन्दना गरी वहाँकै वरीपरी बस्न थाले ।

त्यस पछि ती वोधिसत्वहरूले शाक्यमुनि र प्रभूतरत्न तथागतलाई स्तुति गर्न लागे । यसरी स्तुति गर्दा गर्दै पचास अन्तर कल्प विते । तर त्यत्तिका लामो समय सम्म शाक्यमुनि बुध्द चूप लागेरै वस्नु भएको थियो । यस्तो ऋद्धि त्यहाँ उपस्थित सबैले देखेका थिए । अनि ती पृथ्वीबाट निस्केका विशिष्ट चरित्र, अन्तर चरित्र, विशुध्द चरित्र, सुप्रतिस्थित चरित्र यी चार चरित्र भएका वोधिसत्वहरू अरू भन्दा महत्वपूर्णका थिए । वहाँहरूले गाथाद्वारा भगवान् वुध्दलाई शुभ कुशल प्रश्नहरू पनि गरे ।

त्यस बेला यी पृथ्वीवाट निस्केका अनन्त बोधिसत्वहरूको सध्दर्मपुण्डरीका व्याख्यान गर्ने इच्छा सुनेर मैत्रेय बोधिसत्वले भगवान्लाई यी अनन्त वोधिसत्वहरूलाई हजूरले कहिले विनीत पार्नु भयो भनी सोधे हजूरले कपिलवस्तु त्याग गरी बुध्दत्व लाभ गर्नु भएको चालिस वर्ष मात्र भयो यति थोरै समयमा यी अनन्त बोधिसत्वहरूलाई विनीत गरेको सुन्दा कसैले विश्वास गर्दैन । अरू लोक धातुवाट आएका र यहाँ उपस्थित सवै श्रोतागणहरूले यसवारे शंका मानेका छन् । हजूर अनन्यथावादी हुनु हुन्छ त्यसकारण हामो सवैको यो शंका निवारण गरिदिनु होस् भनी विन्ती गरे ।

तथागत आयुप्रमाण परिवर्तः

अनि श्री भगवान्ले सवै वोधिसत्वहरूलाई सम्वोधन गरी यस्तो आज्ञा भयो– तथागतको वचनलाई सच्चा हो भनी श्रध्दा गर । यही कुरा तीन पटक सम्म दोहऱ्याए पछि सवै वोधिसत्वहरूले पनि हामी श्रद्धा गर्नेछौं आज्ञा होस् भनी तीन पटक नै दोहऱ्याए ।

अनि बोधिसत्वहरूको अध्येषणालाई स्वीकार गरेर भगवान् बुध्दले यस्तो आज्ञा भयो– मेरो अधिष्ठानको वलले सवै कुलपुत्रहरू र देवासुरहरूले शाक्यमुनिले शाक्यकुलवाट अभिनिष्क्रमण गरी गयाको वोधिमण्डपमा सम्यक् सम्वोधि लाभ गरे भन्ने सम्झन्छन् । परन्तु यो सत्य होइन। हे कुलपुत्रहरू हो ! मैले धेरै पटक सम्यक् सम्बोधि लाभ गरी बुध्द भइसकेको छु । म कति पटक सम्यक् सम्बुध्द भए भन्ने कुराको कुनै प्रमाण तथा संख्या छैन । जहिले देखि यो सहालोक धातुमा प्राणीहरूलाई मैले धर्मदेशना गरे त्यस बेला दीपंकर आदि धेरै तथागतहरूको मैले वर्णन गरेको थिएं । ती सबै तथागतहरू उत्पन्न भए जस्तो र निर्वाण भए जस्तो देखिन् हुन्थे । वहाँहरूले धेरै प्राणीहरूलाई सध्दर्म सुनाई सन्तोष गरेको पनि देखिन्थे त्यस्तै म तरूनो जस्तो देखिएता पनि यी बूढो देखिने बोधिसत्वहरूलाई विनीत पारेको पनि त्यस्तै हो। उपर्युक्त कुराहरू प्राणीलाई सध्दर्ममा प्रवेश गराउन, विनीत गराउन उपदेश दिएका हुं । त्यसकारण यो मेरो वचन मृषावाद होइन । तथागतले त्रिधातुलाई राम्ररी देख्नु भएको छ । यो त्रिधातु न जन्मन्छ, न मर्छ, न च्युति नै हुन्छ, न उत्पति हुन्छ । न संसरण भइरहन्छ, न निर्वाण नै हुन्छ भन्ने कुरो तथागतले राम्ररी देखेको हुन्छ । तथागतले कहिल्यै असत्य वचन बोल्नु हुन्न । तथागतले आफ्नो कर्तव्य पूरा गर्नु हुन्छ । त्यसकारण सम्यक् सम्बुध्द तथागतको आयु प्रमाण अपरिमित हुन्छ। तथागत निर्वाण नभए पनि जनतालाई विनीत पार्न निर्वाण भई देखाउनु हुन्छ । हे कुलपुत्र ! यो मेरो बोधिचर्या अहिले पनि पूर्ण भएको छैन, आयुप्रमाण पनि पूरा भएको छैन ! तैपनि लोकलाई देखाउनुको निमित्त अनेक कुरा गरी देखाउंछु । यसरी प्राणीहरूलाई विनीत पार्न दिइएको उपदेश मृषावाद होइन ।

एउटा कुशल बुद्धिमान वैद्य रहेछ । उनका धेरै छोराहरू रहेछन् । एक दिन उ वाहिर परदेश गएको बेलामा उनका छोरा

हरूले बिष खाएछन् र डाहाले छटपटाएका थिए। त्यतिखेर वैद्य फर्केर आई उनीहरूलाई औषधिहरू खान दिए। तर उनका छोराहरू मध्ये कोही भनेको मान्ने र कोही नमान्ने रहेछन्। भनेको नमान्ने छोराहरूले जति फकाए पनि बाबुले दिएको औषधि खाएनन्। अनि त्यो वैद्य फेरि परदेश गएछ र केही दिन पछि म मऱ्यो भन्ने खबर मेरा छोराहरूलाई सुनाई देऊ भनी मानिस पठाएछ। अनि ती छोराहरूले आफ्नो बाबु परलोक भयो भन्ने खबर सुनेर शोक गर्दै बुबाले दिनु भएको औषधि खाएनौ भने हामी वाँच्दैनौं हाम्रो वुबा भए पो हामीलाई औषधि गरी निको पार्नु हुन्छ भन्ने विचार गरी पहिला आफ्नो वाबुले दिएको औषधिहरू ती रोगले दुर्वल हुंदै गइरहेका छोराहरूले खान थाले रोग निको पनि भए।

हे भिक्षुहरू हो! त्यो वैद्यले आफ्नो छोराहरूलाई सुधार्न नमरे पनि मरें भनी खबर पठाएकोलाई झूठो वोलेको सम्झनु हुँदैन। यो त उपाय कौशल्य मात्र हो। मैले पनि विभिन्न समयमा विभिन्न उपदेश दिएका कुराहरू झूठो जस्तो देखिएता पनि वास्तवमा झूठा होइनन् केवल जगत उद्धार गर्न उपाय कौशल्यको प्रयोग गरेको मात्र हुँ। यही कुरालाई व्यक्त गर्दै भगवान् बुद्धले गाथाद्वारा यस्तो आज्ञा भयो – मेरो आयुको प्रमाण अनन्त छ। मैले धेरै पल्ट बुद्ध भई निर्वाण भएर देखाएको छु। यो कुरा सुनेर सबै जनताहरू सन्मार्गमा लाग्ने हुन्छ। परन्तु म निर्वाण भएको होइन। यो त केवल मेरो उपाय कौशल्य मात्र हो। म अज्ञान रूपी विष शान्त गर्ने वैद्य हुँ। सबै लोकका पिता हुं। विपरीत बुद्धि भएका व्यक्तिहरूलाई म निर्वाण भएर देखाउंछु।

पुण्यपर्याय परिवर्तः

तथागतको आयु प्रमाण निर्देशको व्याख्यान सुनेर अप्रमेय प्राणीहरू उद्धार भए। अनि भगवान् बुद्धले मैत्रेय वोधिसत्वलाई आज्ञा भयो – हे अजित मैत्रेय! आयुं प्रमाण निर्देश

व्याख्यान गर्दा गंगा नदी वालुका समान प्राणीहरूले अनुत्पत्तिक धर्म क्षान्ति लाभ गरे । यो भन्दा बढो प्राणीले धारणी लाभ गरे तथा धेरै बोधिसत्वले धारणी, अवैवर्त्य धर्मचक्र प्रवर्तन गर्न समर्थ भए । यति मात्र होइन कोही प्राणी अष्ट जाति प्रतिबद्ध भए अर्थात् आठ पटक जन्मिसके पछि बुद्धत्व लाभ गर्न सक्ने भए । कोही चारै जन्ममा त कोहीले तीन जन्ममा कोहीले दुई जन्ममा तथा एक जन्ममा नै बुद्धत्व लाभ गर्न समर्थ भए । कसैले बोधिचित्त उत्पन्न गरे । यसरी अनन्ताअनन्त प्राणीहरूले धर्माभिसमय लाभ गरे । यस्तो आज्ञा हुंदा आकाशबाट मन्दार-पुष्पको बर्षा भयो । चारै दिशाका अनन्त बुद्धहरूले आफ्नो आशनमा बसेर शाक्यसिंह तथागत र प्रभूतरत्न तथागतको परिनिर्वाण भइसकेको शरीरमा पुष्पाञ्जली अर्पण गरे । आकाशमा देव दुन्दुभिहरू वजे, सुगन्ध धूपहरूको बासना फिंजिए चारै दिशामा छत्र, ध्वजा पताकाहरू फहराए । त्यस बेला सबै लोकका देवताहरूले र मैत्रेय बोधिसत्व समेतले एकै स्वरमा गाथाद्वारा भगवान्को स्तुति गरे । अनि मैत्रेय बोधिसत्बलाई सम्बोधन गरी भगवान्ले भन्नु भयो – हे मैत्रेय ! तथागतको आयु प्रमाण निर्देशको व्याख्यान सुनेर कुनै कुलपुत्र वा कुलपुत्रीले एक क्षण मात्र श्रद्धा गरी बोधिचित्त उत्पन्न गरेको छ भने त्यसलाई कति पुण्य लाभ भयो होला भन्ने कुरा पनि सुन्नु योग्य छ । दान, शील, क्षान्ति, वीर्य, ध्यान यो पाँच पारमिताहरू पूर्ण गर्दा जुन पुण्य लाभ हुने हो त्यो पुण्य तथागत आयुप्रमाण निर्देश सुनेर लाभ हुने पुण्यको अगाडि नगण्य नै संझे पनि हुन्छ । त्यति मात्र होइन जसले यो मेरो व्याख्यानको आशय बुझ्छ त्यसले सन्धाभाषाको कहिल्यै शंका उपशंका गर्ने छैन । यति मात्र होइन जसले तथागतको आयु प्रमाण अनन्त हुन्छ भनी विश्वास गर्छ उनलाई बुद्धज्ञान लाभ हुनेछ । भित्री हृदयदेखि सन्मान गौरव गरी यो व्याख्यान सुनेमा गृध्रकूट पर्वतमा बसी धर्मदेशना गरिरहेको मलाई स्पष्ट देख्न सक्नेछ । साथै यो धर्म कसैलाई सुना-

सुनाउँछ, पाठ गर्न लगाउँछ, लेख्छ वा लेखाउन लगाउँछ तथा पुष्प धूप आदिद्वारा सत्कारपूर्वक पूजा गर्छ भने त्यो व्यक्तिलाई बुद्धज्ञान लाभ हुन्छ । यो श्रध्दाको महान् फल हो ।

जसले तथागत आयुप्रमाण निर्देशको श्रध्दापूर्वक अनुमोदना गर्छ त्यो व्यक्तिलाई अनन्त पुण्य लाभ हुन्छ । यसरी अनुमोदना गर्ने व्यक्तिले स्तूप बनाउनु, विहार वनाउनु, भिक्षुहरूको लागि औषधि, खाना, चीवर आदि दान दिने काम नगरे पनि ठूलो पुण्य प्राप्त गरिसकेको हुन्छ । यही कुरा भगवान्ले गाथाद्वारा पनि वर्णन गर्नु भयो र आज्ञा भयो जुन व्यक्तिले शीलवान् भई क्रोध, पैशुन्य (चुक्ली गर्नु) आदि दोष छोडी तथागतको आयुप्रमाण अनन्त हुन्छ भन्ने श्रध्दा गर्छ र अरूलाई यो कुरा व्याख्यान गर्छ त्यसको साथमा म संधै उपस्थित भएको छ भन्ने सम्झे पनि हुन्छ ।

अनुमोदनापुण्यनिर्देश परिवर्त:

अनि मैत्रेय बोधिसत्वले भगवान् शाक्यमुनिलाई यस्तो विन्ती गरे – हे भगवन् ! यो धर्मदेशना सुनेर कसैले अनुमोदना गर्दा अर्थात् प्रशंसा गर्दा कति पुण्य लाभ हुन्छ यसको विस्तृत वर्णन सुन्न चाहन्छु । यस्तो विन्ती सुनी भगवान्ले आज्ञा भयो – हे मैत्रेय ! यो धर्मपर्यायलाई म निर्वाण भइसकेपछि पनि कसैल यसलाई प्रकाश गर्छ, देशना गर्छ अथबा यो धर्मदेशनालाई सुन्छ रती भिक्षु भिक्षुणी, उपासक उपासिकाहरू अरू ठाउँमा गई यो धर्मदेशना फेरि प्रकाश गर्छ र त्यो धर्मदेशना गर्नेलाई आमावाबु जस्तो संझी यदि प्रशंसा गर्छ र त्यस्को पनि वचन सुनेर अरूले पनि यस्तै अनुमोदना गर्छ र यो अनुमोदनाको क्रम पचास तहसम्म चलिरह्यो भने यसको पुण्य फल कति हुन्छ म बताउछु सुन । हे मैत्रेय ! चारलोक धातुमा रहेका असंख्य प्राणीहरूलाई खान, लाउने, सम्पूर्ण वस्तु परिपूर्ण गरिदिंदा जति पुण्य हुने हो ती सबै पुण्य भन्दा यसरी अनुमोदना गर्नुमा अझ बढी पुण्य लाभ

हुन्छ । अनुमोदनावाट अनन्त पुण्य मात्र लाभ हुने होइन यसको अगाडि प्राणीहरूलाई अनन्त कालसम्म नाना प्रकारका सुख भोगका वस्तुहरू दान दिंदा प्राप्त हुने पुण्य नगण्य नै हुन्छ भन्ने म ठान्दछु । यति मात्र होइन यो धर्मपर्यायलाई सुन्ने इच्छाले विहारमा गई एक क्षणमात्र धम श्रवण गरे पनि त्यो व्यक्तिले अर्को जन्ममा गोरथ, अस्वस्थ, हस्तिरथ आदि नाना रथहरू लाभ गर्ने हुन्छ । यसरी श्रद्धापूर्वक धर्म सुन्दा सुन्न आउनेहरूलाई आपनो आशनमा बस्न दिई धर्म सुनायो भने त्यस्तो व्यक्तिले अनन्त जन्मसम्म लाटो भएर जन्मनु नपर्ने हुन्छ । उनको इन्द्रिय संधं तीक्ष्ण हुन्छ । नाक, कान, मुख र आकार वर्ण आदि पनि लक्षणयुक्त भई जन्मने हुन्छ । यसरी धर्म सुन्न आउनेहरूलाई प्रोत्साहन दिंदा पनि ठूलो पुण्य हुन्छ भन्ने कुरा गाथाद्वारा पनि शाक्यमुनिले दोहऱ्याउनु भयो ।

धर्मभानक अनुशंसा परिवर्त:

अनि भगवान् बुध्दले सततसंमिताभियुक्त नामको बोधिसत्वलाई सम्वोधन गरेर यस्तो आज्ञा भयो – कोही कुलपुत्रले यो सध्दर्मपुण्डरीकालाई यदि धारणा गर्छ, पाठ गर्छ, देशना गर्छ, लेख्छ र लेखाउँछ भने सो व्यक्तिलाई आँखाको आठ सय गुण, कानको बाह्र सय गुण, नाकको आठ सय गुण, जिब्रोको बाह्र सय गुण, शरीरको आठ सय गुण, मनको बाह्र सय गुण लाभ हुन्छ र उनको छ वटै इन्द्रिय परिशुध्द हुने हुन्छ । उनको परिशुध्द चक्षु इन्द्रिय अर्थात् चर्मचक्षुले पनि त्रिसाहस्र, महासाहस्र लोक धातुमा रहेका सबै कुराहरू देख्न सक्ने हुन्छ र उनीहरूको कर्मविपाकलाई पनि जान्ने हुन्छ ।

यति मात्र होइन हे सततसमिताभियुक्त बोधिसत्व कुनै कुलपुत्र वा पुत्रीले यो धर्मलाई प्रकाश गरेमा वा अर्कालाई सुनाएमा कानको बाह्र सय गुण उनलाई लाभ हुन्छ र उसले त्रिसाहस्र महासाहस्र लोक धातुमा उत्पन्न भएका प्राणी अप्राणीहरूले निकालेको सबै प्रकारको शब्द सुन्न सक्नेछ ।

यसै गरी घ्राणेन्द्रियले पनि नाना प्रकारको गन्धलाई जान्न सक्नेछ अर्थात् अमुक गन्धको अमुक व्यक्ति वा वस्तु हो भनी सबै कुरा ज्ञान गर्न सक्ने हुन्छ । यस्तै गरी जिव्हेन्द्रियवाट पनि स्वाद लिएका वस्तुलाई दिव्य महारसमा परिणत गरी परम सन्तुष्ट हुने हुन्छ । मधुर शव्द उत्पन्न हुने र सद्धर्मदेशना गर्दा उनको धर्म सुन्न देव मनुष्य आदि सबै उत्सुक हुने हुन्छ । यस्तै गरी कायइन्द्रियले पनि अविचिदेखि भवाग्रसम्मका सबै प्राणीहरू आफ्नो शरीरमा देख्न सक्ने हुन्छ । हे वोधिसत्व ! तथागत परिनिर्वाण भइसकेपछि यो सद्धर्मलाई देशना गर्नु धारणा गर्नु लेख्नु लेखाउनु आदि गऱ्यो भने मन इन्द्रिय पनि परिशुद्ध हुन्छ । उसको मनले अनि सबै प्राणीहरूको मनका अवस्थालाई जान्न सक्ने हुन्छ । सबै धर्म निरूक्तिलाई प्रचार गर्ने र वर्णन गर्न सक्ने हुन्छ । यसरी यो धर्म पर्यायलाई प्रचार गर्ने उपासक उपासिका, भिक्षु भिक्षुणी सबैको सम्पूर्ण इन्द्रिय परिशुद्ध हुनेछ ।

सदापरिभूत परिवर्तः

अनि भगवान् बुद्धले महास्थाम प्राप्त वोधिसत्वलाई सम्बोधन गर्दै आज्ञा भयो – यो सद्धर्म पर्यायलाई आक्षेप गऱ्यो, निन्दा गऱ्यो र धर्मदेशना गर्नेलाई निन्दा गऱ्यो भने धेरै अनिष्ट, विपाक भोग गर्नु पर्ने हुन्छ । तर यसलाई प्रशंसा गऱ्यो भने चक्षु आदि षडिन्द्रिय परिशुद्ध हुने कुरा वर्णन गरिसकेको छुं। हे महास्थामप्राप्त वोधिसत्व असंख्य कल्प अघि भीष्मगर्जित राजस्वर तथागत महासंभव लोकमा उत्पन्न हुनु भयो । वहाँले पनि यही धर्मपर्याय देशना गर्नु भएको थियो तथा चतुरार्यसत्य, प्रतीत्यसमुत्पाद आदि अनुकूल धर्मदेशना र वोधिसत्वहरूलाई अनुकूल हुने षट्पारमिता र वोधिचित्त सम्बन्धी धर्मदेशना गर्नु भएको थियो। वहाँ तथागतको आयु प्रमाण कल्प कल्प थियो । अनि परिनिर्वाण भइसके पछि पनि वहाँको धर्म प्रचार नै भइरहेको थियो । केही समय पछि वहांको धर्म लोप भयो पछि फेरि अर्को भीष्म गर्जित

स्वरराज तथागत उत्पन्न हुनु भयो । यसरी वीस करोड पटक भीष्मगर्जितस्वर तथागत उत्पन्न भएको थियो । यसरी उत्पन्न भइरहेको भीष्मगर्जित तथागतको पालामा सदापरिभूत नामको बोधिसत्व उत्पन्न भयो । सो भिक्षुले अरू भिक्षुभिक्षुणीहरूलाई म तपाईहरूलाई परिभव (हेला गर्न) चाहन्न वरू म परिभूत हुन सक्छु तपाईहरूले बोधिचर्चा पालन गरी सम्यक् सम्बुद्ध हुनु होस् भनी हिड्थे । यसरी संधै भनी हिड्ने हुनाले उनलाई सदापरिभूत भन्ने नाम राखेको थियो । अर्थनबर्थ तिमीहरू अपरिभूत छौ बोधिचर्या पालन गरी बुद्ध हुनु होस् भनी हिंड्छ भनेर उनलाई अरूले गालि गर्थे, कुट्थे ।

अनि हे महास्थाम प्राप्त बोधिसत्व ! सदापारभूतको आयु सिद्धी मर्ने बेलामा आकाशबाट निस्केको सद्धर्मपुण्डरीका धर्मपर्याय सुनेछ । यसरी भीष्मगर्जितस्वर तथागतले आकाशमा वसी सुनाएको यो धर्म पर्याय सुनेर उनको चक्षु आदि छ वटै इन्द्रिय परिशुद्ध भयो र बीस करोड वर्ष सम्म बाँच्न सकूं भनेर सदापरिभूतले अधिष्ठान गरे र सोही अनुसार जीवित भई यो सध्दर्म पर्याय प्रकाश गरे । त्यसबेला पनि अरू भिक्षु भिक्षुणीहरूले उनलाई निन्दा गर्थे । परन्तु उनको धर्म सुन्नेहरू धेरै नै उद्धार भए । सो बोधिसत्व त्यहाँबाट च्युति भई चन्द्रस्वर राज तथागतको सेवा गरे । यसरी क्रमश: दुन्दुभिस्वर, मेघस्वर राज आदि तथागतहरूको सेवा गर्दै सद्धर्मपुण्डरीका प्रकाश गर्दै आफ्नो जीवन विताएका थिए । यसरी धेरै तथागतहरूको सेवा गर्दै सद्धर्म प्रकाश गरेको हुंनाले उसको काय वाक् चित्त परिशुद्ध भयो र सदापरिभूत चांडै नै बुद्ध बन्न सफल भयो । त्यस वेलाको सदापरिभ्त अरू कोही होइन मै हुं भनी भगवान् शाक्यमुनिले आज्ञा भयो। त्यस बेला सदापरिभूतलाई गाली गर्ने, कुट्ने सवै प्राणीहरू धरै कल्प सम्म अविची महानरकमा तीब्र दु:ख वेदना अनुभव गर्नु परेको थियो । ती सवै प्राणीहरूलाई पछि सदापरिभूत बोधिसत्वले नै उद्धार गरेको थियो । सोही कुरा भगवान्ले गाथाद्वारा पनि वर्णन गर्नु भएको थियो ।

तथागत ऋध्द्यभिसंस्कार परिवर्तः

अनि हजारौं हजार लोक धातुबाट आएका परमाणु समान बोधिसत्वहरू पृथ्वीको प्वालबाट निस्के ती बोधिसत्वहरूले भगवान् बुद्धलाई हात जोडी यसरी विन्ती गरे– हे भगवन् ! हामोहरूले पनि हजूर निर्वाण भइसके पछि यो सद्धर्मपुण्डरीका प्रकाश गर्नेछौं । हामीहरूले पनि सो धर्म धारणा गरो प्रकाश गर्न पाउँ । त्यस पछि यस सहालोक धातुमा वसिरहनु भएका मंजुश्री आदि धरैं वोधिसत्वहरू र भिक्षु भिक्षुणी तथा उपासक उपासिकाहरूले पनि हे भगवन् ! हामीले पनि आकाशमा बसी यो सद्धर्मलाई सुनाउंदै हिड्ने छौं भनी विन्ती गरे । अनि त्यस बेला वोधिसत्वहरूमध्ये प्रधान विशिष्ट चारित्र नामको बोधिसत्वलाई सम्बोधन गरी यस्तो आज्ञा भयो–हे विशिष्ट चरित्र ! तिमीलाई धेरै साधुवाद छ । तिमोहरूले पनि यो सद्धर्मपर्यायलाई व्याख्यान गर्नेछौं । यति आज्ञा भई शाक्यमुनि तथागत प्रभूतरत्न तथागतको संगै स्तूपमा बस्नु भयो र दुवै तथागतहरू मुसु मुसु हाँस्नु भयो र आ–आफ्नो जीब्रो बाहिर निकाली ब्रह्मलोक सम्म फैलाउनु भयो । त्यस पछि फेरि जीब्रोबाट रश्मिहरू निकाल्नु भयो र त्यो रश्मिबाट कोटान् कोटी बोधिसत्वहरू पनि निस्कन थाले । ती निस्केका वोधिसत्वहरूले पनि यही सद्धर्मपुण्डरीका देशना गरिरहेको देखियो । यसरी निर्वाण भइसकेको प्रभूतरत्न तथागत र शाक्यमुनि बुद्धको ऋद्धिप्रतिहार्य सबंले स्पष्ट देखेका थिए । यो रश्मिहरू लाखौं वर्ष सम्म निस्किरहेको थियो । अनि त्यत्तिकैमा तथागतले खोकेको र चुटकी बजाएको शब्द निस्क्यो । ती शब्दले सबै लोक धातुहरू कम्पित भएको थियो । सद्धर्मपुण्डरीका धर्मपर्यायलाई प्रकाश गर्ने अनुमति दिई धर्म प्रकाश गर्ने व्यक्तिको अनुमोदना प्रशंसा गर्नु पर्छ, बुध्द बोधिसत्वहरूलाई पनि नमस्कार गर्नु पर्छ भनी आज्ञा भएको थियो ।

अनि सबै प्राणीहरूले आकाशबाट आएको ''नमो भगवते

शाक्य मुनये" भन्ने शब्द सुनेर हात जोडी पुष्प धूप आदिद्वारा पूजा गरी सहालोक धातुमा रहेका सबै बुद्ध बोधिसत्वहरूलाई पनि पुष्पांजली चढाए। यी पूजा गरेका फूलहरू सबै आकाशमा चंढवा जस्तो भएर रहेको थियो। अनि भगवानले ती विशिष्ट चारित्र आदि सबै बोधिसत्वहरूलाई सम्वोधन गर्दै यस्तो आज्ञा भयो तथागतहरू अचिन्त्य प्रभावका हुन्छन्। तिमीहरूलाई म धेरै धर्महरू सुनाउन र सुम्पन चाहन्छु। यी धर्म पर्यायहरू वर्णन गरी साध्य छैन। संक्षेपमा भनेको कुरालाई सुनेर धारणा गर्नु देशना गर्नु लेख्नु पूजा गर्नु उचित छ। यसो गर्दा उसलाई चाँडै नै वोधिज्ञान लाभ हुन्छ। यति मात्र होइन जुन ठाउँमा यो सद्धर्मपुण्डरीका प्रकाशन हुन्छ सो ठाउँमा तथागतले वोधि लाभ गरेको रहेछ तथा धर्मचक्र प्रवर्तन गरेको रहेछ र निर्वाण भएको रहेछ भन्ने बुझ्नु पर्छ। यही कुरा गाथाद्वारा पनि आज्ञा भयो।

धारणी परिवर्त:

अनि भैषज्य राज बोधिसत्व आफ्नो आशनवाट उठी हात जोडी हे भगवन्! यो सद्धर्मपुण्डरीका धारणा गर्ने, पाठ गर्ने व्यक्तिलाई कति पुण्य लाभ हुन्छ सो आज्ञा हुनु होस् भनी विन्ती गरे। यस्तो वचन सुनी भगवान्ले आज्ञा भयो – अस्सी वटा गंगा नदीको बालुवासमान तथागतहरूलाई सन्मान गर्दा गौरव गरी पूजा गर्दा जुन पुण्य लाभ हुन्छ सो पुण्य भन्दा पनि बढी पुण्य यो पाठ गर्नाले लाभ हुन्छ। यस्तो आज्ञा भएको सुनी भैषज्य राज वोधिसत्वले फेरि विन्ती गरे हे भगवन्! यो सद्धर्मपुण्डरीका पाठ गर्ने, व्याख्यान गर्ने तथा पूजा गर्ने व्यक्तिलाई रक्षा होस् भन्ने उद्देश्यले म धारणी मन्त्रपद प्रकाश गर्छु भनी "अन्ये मन्ये" आदि धारणी मन्त्र प्रकाश गर्नु भयो र भन्नु भयो हे भगवन्! यो मन्त्रपदलाई धेरै बुद्धहरूले पनि प्रकाश गर्नु भएको थियो। यदि यो धर्मदेशना गर्ने व्यक्तिलाई कसैले दुःख दियो भने बुध्दलाई दुःख दिएको पाप लाग्ने छ तथा यो मन्त्रपदले उसलाई

रक्षा गर्ने छ । यसो भनेको सुनी भगवान् शाक्यमुनिले भैषज्यराजलाई धेरै साधुवाद दिनु भयो ।

अनि प्रदानशूर बोधिसत्वले भगवान्‌लाई हात जोडी यस्तो विन्ती गरे – हे भगवन् ! धर्मभानकहरूलाई हित गर्नुको लागि यक्ष राक्षसहरूले छुन नसक्ने मन्त्रपद वर्णन गर्नेछु भनी ''ज्वले महाज्वले'' आदि मन्त्रपद व्याख्यान गर्नु भयो । अनि वैश्रवण महाराजले ''अट्टे तत्ते'' आदि धारणी मन्त्रपद आज्ञा भयो । यसै गरी विरूढक महाराजले ''अगणे गणे'' आदि मन्त्रपदको वर्णन गर्नु भयो । अनि लम्वा विलम्वा आदि हारती प्रमुख धेरै राक्षसीहरूले पनि यो धर्मपर्याय व्याख्यान गर्ने धर्मभानकलाई रक्षा गर्न हामीहरू पनि धारणी मन्त्रपद वर्णन गर्नेछु भनी ''इति मे इति मे''आदि मन्त्रपद व्याख्यान गर्नु भयो । यसरी यी मन्त्रपदहरूको प्रभावले यो सध्दर्मपुण्डरीका व्याख्यान गर्ने,पाठ, पूजा गर्नेहरूको रक्षा हुनेछ । कुनै आपद, दुःख, संकट आइपर्ने छैन वरू मान संमान लाभ हुनेछ भनी भने । अनि तथागतल सबैलाई साधुवाद दिनु भयो । यो धारणी परिवर्तको व्याख्यान सुनेर हज़ारौं प्राणीहरूल अनुत्पत्तिक धर्म क्षान्ति पनि लाभ गरेका थिए ।

भैषज्यराजपूर्वयोग परिवर्तः

अनि नक्षत्रराजसकुसुमिताभिज्ञ बोधिसत्वले भगवान्‌लाई यस्तो विन्ती गर्नु भयो – हे भगवन् ! भैषज्यराज बोधिसत्व यो सहालोक धातुमा किन आउनु हुन्छ, वहाँले धेरै दुष्कर चर्या गर्नु भएको छ भन्ने कुरा हामीले सुनेका छौं ! हामीहरू उपर करूणा राखी भैषज्यराज बोधिसत्वको चर्या आज्ञा हुनु हास् । यस्तो वचन सुनी भगवान्‌ले आज्ञा भयो – हे कुलपुत्र ! धेरै कल्प अघि चन्द्र सूर्य विमल प्रभास श्री नामको तथागत उत्पन्न भएको थियो । वहाँले अस्सी कोटी बोधिसत्वहरूलाई भेला गरे । उक्त भलामा स्त्री जाति र तिर्यक पशु पंक्षीहरू पनि थिएन । त्यो

बुध्दक्षेत्र वैदुर्य मणिहरूले सुसज्जित थियो । यस्तो ठाउंमा वहाँ तथागतले सध्दर्मपुण्डरीका व्याख्या गर्नु भएको थियो । त्यस बला सर्वसत्वप्रियदर्शन नामको बोधिसत्वले यस्तो अधिष्ठान गरे– हजूरको सामुन्ने सध्दर्मको दुष्कर चर्या पालन गरी रहन सकूं भनी बाह्र वर्षसम्म चंक्रमण गरिरहे । सो चंक्रमणको प्रभावले सो वोधिसत्वलाई सर्वरूपसंदर्शन नामको समाधि लाभ भयो । सो लाभ हुंदा वहाँ अति प्रसन्न भई यस्तो विचार गरे – यो सद्धर्मपुण्डरीकाको प्रभावले मलाई यस्तो समाधि लाभ भयो अब म भगवान् चन्द्रसूर्य विमलप्रभास श्री तथागतलाई पूजा गर्नेछु । तथा यो सद्धर्म ग्रन्थको पनि पूजा गर्नेछु भनी समाधिमा वस्नु भयो । त्यस बेला आकाशवाट पुष्पवृष्टि भयो र वहाँको चारैतिर सुगन्धले मगमगाउन थाले । सो सर्वसत्वप्रियदर्शन बोधिसत्वले त्यस बेला श्रीखण्ड, अगुर, तुरूष्क कुन्दुरू आदि मात्र खानु हुन्थ्यो, चंपक पुष्पको तेल पिउनु हुन्थ्यो । यसरी बाह्र वर्षसम्म सुगन्ध बस्तु मात्र खाई सुगन्ध तेलले कपडा भिजाई शिरदेखि सर्वाङ्ग आफ्नो शरीरमा सो कपडाले बेरी यो शरीररूपी महाद्वीप चन्द्र सूर्य विमलप्रभासश्री तथागत र सद्धर्मपुण्डरीका सद्धर्मलाई पूजा गर्नुको निमित्त वाल्ने छु भनी आफ्नो शरीर वाले । सो बत्तीको ज्वाला अनन्त लोक धातुमा फिंजियो । अनन्त लोक धातुका बुद्धहरूले साधुकार दिए । यसरी महान् वीर्यले युक्त भई तथागत र सद्धर्मको पूजा गरे । सो वत्ती बाह्र वर्ष सम्म बलिरहेको थियो । बाह्र वर्ष पछि त्यो वत्ती निभ्यो र बिमलदत्त नामको राजाको काखमा औपपादिक सत्वको रूपमा वहाँले जन्म लिनु भयो । अनि वहाँ सर्वसत्वप्रियदर्शन बोधिसत्वले आफ्ना आमा बाबु ती राजा रानीलाई गाथाद्वारा भन्नुभयो हे महाराज ! हजूर कहाँ म जन्मन आएको छु । मैले राम्रो समाधि लाभ गरी ठूलो वीर्यले आफ्नो प्यारो शरीरलाई पनि त्याग गरेको छु । हे बूवा मुमा ! मैले भगवान् चन्द्र सूर्यविमलप्रभासश्री तथागतको धर्मदेशना सुनेर सर्बरूतकोशल्य नामको धारणी लाभ गरेको

छु । आज पनि वहाँले धर्मदेशना गर्नु हुनेछ । हजूरहरूले आज्ञा भए म वहां कहाँ गएर धर्म सुन्नेछु र पूजा गर्ने छु । यति भनी सो बोधिसत्व आकाशमार्गबाट गएर तथागतको पाउमा वन्दना गरी स्तुति गरी यसरी विन्ती गरे– हजूर अहिले सम्म पनि जीवित नै हुनु हुन्छ ? यस्तो वचन सुनी चन्द्रसूर्यविमलप्रभास श्री तथागतले आज्ञा भयो– म निर्वाण हुने बेला नजिकै आइरहेको छ, तिमीले एउटा खाट बिछ्याऊ, तिमीलाई मेरो सबै शिक्षा र यी श्रावकहरू मेरो बुध्दबोधि तथा यो लोक धातु, रत्न विमान, रत्न वृक्ष इत्यादि सबै सुम्पन्छु । तिमीले यी सबलाई पूजा भाव गरो राख । मेरो यो अस्थिधातुलाई हजारौं स्तूप बनाई पूजा गर । यति आज्ञा भई तथागत निर्वाण हुनु भयो । वहाँको शरीरलाई श्रीखण्डले दाह संस्कार गरियो र अस्थिधातुलाई पूजा गरी स्तूपहरू बनाए । अनि सर्वसत्वप्रियदर्शन बोधिसत्वले ती स्तूपहरूलाई विभिन्न पूजा सामग्रीहरू बनाई पूजा गरेर आफ्नो दाँया हातमा सुगन्ध तेलले भिजेको कपडाले बेरी बहत्तर हजार वर्ष सम्म आफ्नो हात बालेको थियो । त्यस बेला धेरै बोधिसत्वहरूले सर्वरूपसंदर्शन समाधि लाभ गरे । परन्तु ती बोधिसत्वहरूले आफ्नो गुरू सर्वसत्वप्रियदर्शनको अङ्ग हीन भएको देखेर साह्रै पीर गरे । अनि सो बोधिसत्वले तथागतको पूजा गर्दा सबै लोकका बुध्दहरू साक्षी हुनु हुन्छ भने यो सत्य वाक्यले यो मेरो हात पहिले जस्तै होस् भनी अधिष्ठान गरे । अनि त्यस बेला पृथ्वी ६ प्रकारले कम्पित भयो र आकाशबाट पुष्प वर्षा भयो । त्यस पछि सर्वसत्वप्रियदर्शन बोधिसत्वको हात फेरि साविक बमोजिम नै भए । यस्तो ऋध्दिदेखि सबै आश्चर्य भए । बुध्द धर्म तथा बुध्दको निमित्त आफ्नो शरीर त्याग गर्नु मामुली कुरा होइन । यस्तो दुष्कर चर्या भैषज्य राज तथागतले धेरै जन्ममा गरेर आएको थियो । दानहरू मध्ये शरीर त्याग गर्नु जस्तो महान दान अरू कुनै छैन । त्रिसाहस्र, महासाहस्र सबै लोक धातुलाई सप्तरत्नले परिपूर्ण गरी बुध्द, प्रत्येक बुध्द, श्रावकहरूलाई दान दिंदा पनि यस्तो पुण्य लाभ हुंदैन ।

हे नक्षत्रराज संकुसुमिताभिज्ञ वोधिसत्व ! सबै जलाशयहरू मध्ये महासमुद्र ठूलो हुन्छ । त्यस्तै भगवान् बुध्दको सबै धर्म सूत्रहरू मध्ये यो सध्दर्मपुण्डरीका ठूलो छ । यो सध्दर्मपुण्डरीकालाई सुन्न व्याख्यान गर्नु लेख्नु, लेखाउनु र सुनेको कुरालाई प्रशंसा गर्दा पनि ठूलो पुण्य लाभ हुन्छ । भैषज्यराज वोधिसत्वले आत्मभाव त्याग गरी जुन पुण्य गरे यसको वर्णन मात्र सुन्दा पनि स्त्रीहरूले पछिल्लो जन्ममा स्त्री भई जन्मनु नपर्ने हुन्छ । यति मात्र होइन भैषज्यराजको वर्णन सुन्नाले मरण पछि सुखावती लोक धातुमा उत्पन्न पनि हुने हुन्छ ।

यसकारण भैषज्यराज तथागतको तिमीहरूले जुन वर्णन सुन्यौ यसको पुण्यले तिमीहरूलाई ठूलो हित हुनेछ । यति मात्र होइन जसले भैषज्यराजपूर्वयोग परिवर्तलाई सुनेर प्रशंसा गर्छ । उसको मुखको सबै बिकार शान्त हुन्छ र मुखबाट कमलको सुगन्ध निस्कने छ । शरीरबाट पनि चन्दनको सुगन्ध निस्कने छ । त्यसकारण यही जन्ममा यस्तो फल दिने यो सध्दमलाई हे नक्षत्र राजसंकुसुमिताभिज्ञा बोधिसत्व ! तिमीले पछि पनि यो जम्बुद्वीपमा प्रचार गर । यो सध्दर्म लोप नहोस् । यसो गर्‍यो भने प्राणीहरूको रोग व्याधि शान्त हुनेछ, अकाल मृत्यु हुने छैन भनी भगवान् शाक्यमुनिले आज्ञा भयो । यही बेला निर्वाण भइसकेको प्रभूतरत्न तथागतको अस्थिधातुले पनि साधुकार दिएर आज्ञा भयो– हे नक्षत्रराज संकुसुमिताभिज्ञ वोधिसत्व! तिमीले तथागतसंग अचिन्त्य गुण धर्म सोध्यौ तथागतले पनि अचिन्त्य गुण धर्म कुरा आज्ञा भयो यसको निमित्त तिमीलाई धेरै साधुवाद छ ।

गद्गद्स्वर परिवर्त:

अनि भगवान् शाक्यमुनि तथागतले त्यस बेला फेरि उर्णाकोशबाट रश्मि निकाल्नु भयो । सो रश्मिले पूर्व दिशामा अनन्त बुध्दक्षेत्र स्पष्ट देखियो । ती अनन्त वुध्दक्षेत्रहरू भन्दा टाढा वैरोचन रश्मिप्रतिमण्डित नामको लोक धातुमा कमलदल

विमल नक्षत्रराज संकुसुमिताभिज्ञ तथागतले धेरै बोधिसत्वहरूलाई धर्मदेशना गरिरहनु भएको थियो । सो रश्मिले सो लोक धातु पनि उज्ज्वल र प्रकाशित भयो । त्यस बेला गद्गद्स्वर बोधिसत्वले सो रश्मिलाई देखेर कमलदलविमलनक्षत्राभिज्ञ तथागतलाई वन्दना गरी यस्तो विन्ती गरे– हे भगवन् ! शाक्यमुनि तथा मजुश्री, भैंषज्यराज, प्रदानसुर आदि बोधिसत्वहरूको दर्शन गर्न म सहालोक धातुमा जान चाहन्छु । यस्तो वचन सुनी तथागतले गद्गद्स्वरलाई यस्तो आज्ञा भयो– हे कुलपुत्र ! सहालोक धातुमा गएर सहालोक धातुलाई हेला नगर्नु । अग्लो होचो पहाडहरूले गर्दा यो लोक धातुको बाटो गठ्यागुठ्ग परेको छ । मलमुत्रले दुर्गन्धित छ । तथा शाक्यमुनिको शरीर र बोधिसत्वहरुको शरीर पनि होचा छन् । परन्तु तिम्रो शरीर भने बयालिस लाख योजन अग्लो र राम्रो छ । त्यसकारण तिमीले सहालोक धातुलाई हेला गर्न धेरै संभव देखिन्छ । यस्तो आज्ञा सुनी गद्गद्स्वरले हजूरको आज्ञा अनुसार सहालोक धातुलाई म सन्मान गर्नेछु भनी विन्ती गरे । त्यस पछि वहाँकै समाधिको बलले चौरासी कोटी कमल गृध्दकूट पर्वतमा उत्पन्न भए ।

अनि मंजुश्री कुमारभूतले शाक्यमुनिलाई हे भगबन् ! यी कमलहरू किन उत्पन्न भएको हो आज्ञा होस् भनी विन्ती गरे । यस्तो वचन सुनी भगवान्ले मंजुश्रीलाई यस्तो आज्ञा भयो– हे मंजुश्री! चौरासी कोटी बोधिसत्वहरूको साथमा गद्गद्स्वर यहाँ सहालोक धातुमा आउँदैछन् । उनीहरू सद्धर्मपुण्डरीक धर्म पर्याय सुन्न चाहन्छन् । यस्तो कुरा सुनी मंजुश्री बोधिसत्वले गद्गद्स्वर बोधिसत्वको वर्णन सुनाउनु होस् भनी विन्ती गरे । अनि शाक्यमुनिले परिनिर्वाण भइसकेको प्रभूतरत्न तथागतलाई यस्तो विन्ती गरे– हजूरले गद्गद्स्वरलाई सहालोक धातुमा ल्याउने प्रयत्न गर्नु होस् । अनि प्रभूतरत्न तथागतले प्रणिधान गर्नु भयो र यसको फलस्वरूप गद्गद्स्वर बोधिसत्व पनि कमल-

दलविमलनक्षत्रराज संकुसुमिताभिज्ञ तथागत कहाँबाट विदा भई सहालोक धातुमा आउनु भयो र गृद्धकूटपर्वतमा आइपुग्नु भयो र भगवान् शाक्यमुनिलाई मोतिको माला चढाएर कमलदलविमल नक्षत्रराज संकुसुमिताभिज्ञले हजूरलाई तथा प्रभूतरत्न तथागतलाई आराम छ ? भन्ने सोध्नु भएको छ भनी बिन्ती गरे ।

अनि शाक्यसिंह तथागतले प्रभूतरत्न तथागतलाई वोधिसत्व गद्गद्स्वरलाई हजूरको शरीर धातु दर्शन गराउनु होस् भनी विन्ती गरे । अनि प्रभूतरत्नले गद्गद्स्वरलाई धेरै साधुवाद दिंदै तिमीले शाक्यमुनिको मुखारविन्दबाट सद्धर्मपुण्डरीका सुन्न तथा मंजुश्रीको दर्शन गर्न आएका छौ तिमीलाई धेरै साधुबाद छ ।

अनि पद्मश्री बोधिसत्वले भगवान्लाई यस्तो विन्ती गरे– हे भगवन् ! गद्गद्स्वरले कस्तो पुण्य गरेको थियो । उनले कुन तथागतको सेवा गरेको हो सुन्न पाए हुन्छ । यस्तो वचन सुनी शाक्यमुनिले पद्मश्री बोधिसत्वलाई यस्तो आज्ञा भयो– धेरै कल्प पहिले मेघदुन्दुभिस्वरको नामको तथागत उत्पन्न भएको थियो । हे कुलपुत्र ! सो तथागतको गद्गद्स्वरले एक लाख पल्ट तूर्यबाजा बजाई बाह्र लाख वर्ष सम्म पूजा गरेको थियो । सप्तरत्नले बनेको चौरासी हजार भाँडाहरू चढाएका थिए । सोही तथागतको प्रभावद्वारा गद्गद्स्वर बोधिसत्वले यस्तो श्री पाएको हो । त्यस बेलाको गद्गद्स्वर र अहिले आउने गद्गद्स्वर वोधिसत्व उही हो । गद्गद्स्वरलाई तिमीले देख्यौ ? वहाँले सद्धर्मपुण्डरीक व्याख्यान गर्न धेरै रूप धारणा गरेका थिए । ब्रह्मा, रूद्र, ईश्वर, सेनापती, वैश्रबण, चक्रवर्ती, राजा, श्रेष्ठी, गृहपति, ब्राह्मण, भिक्षु भिक्षुणी, उपासक उपासिका, दारक दारिका आदि अनेक रूप लिई गद्गद्स्वर बोधिसत्वले सद्धर्मपुण्डरीका देशना गरेको थियो । यसरी जुन बेला जुन रूप लिई धर्मदेशना गर्दा जगतहित हुन्थ्यो । सोही रूप लिई यो सहालोक

धातुमा वहाँले धर्मदेशना गरेको थियो। उनको ऋद्धिबल र प्रज्ञाबल कहिल्यै हानी भएको देखिएन। कैयौं पल्ट निर्वाण भई देखाउंदा विश्वास गर्ने प्राणीहरूलाई निर्वाण भएर देखाउनु भएको थियो।

अनि यस्तो वचन सुनी पद्मश्री बोधिसत्वले भगवान्‌लाई यसरी विन्ती गरे – वहाँले कुन कुन समाधिमा बसेर प्राणीहरूको उद्धार गर्नु भएको थियो ? सो बताउनु होस्। यस्तो प्रश्न सुनी शाक्यमुनिले आज्ञा भयो – गद्‌गद्‌स्वरले सर्वरूपसदर्शन नामको समाधि गरी बिभिन्न रूप धारणा गर्नु हुन्थ्यो। वहाँको साथमा सहालोक धातुमा आउनु भएका चौरासी कोटी बोधिसत्वहरूले पनि यो सर्वरूपसंदर्शन समाधि लाभ गरेका थिए। सहालोक धातुमा रहेका धेरै बोधिसत्वहरूले पनि सर्वरूपसंदर्शन समाधि लाभ गरेका थिए।

अनि गद्‌गद्‌स्वरले शाक्यमुनि तथागतको र प्रभूतरत्न तथागतको विशाल स्तूपलाई पूजा गरी कमल बर्षा गरी तूर्य बाजा बजाई पूजा सन्मान गरी बिदा भई आफ्नो बुद्ध क्षेत्रमा फर्कनु भई कमलदलविमलप्रभ चन्द्र सूर्य तथागतलाई यस्तो विन्ती गरे – मैले सहालोक धातुमा पुगेर प्रभूतरत्न तथागतको धातु स्तूपलाई दर्शन गरेर वन्दना गरें तथा शाक्यमुनिलाई पनि वन्दना गरें। मंजुश्री आदि धेरै बोधिसत्वहरूलाई पनि देखें। वहाहरू सबैले सर्वरूपसंदर्शन समाधि लाभ गर्नु भयो।

यसरी गद्‌गद्‌स्वर परिवर्तको व्याख्यान गर्नु हुंदा धेरै वोधिसत्वहरूले अनुत्पत्तिक धर्म क्षान्ति लाभ गरे तथा पद्मश्री वोधिसत्वलाई सद्धर्मपुण्डरीक समाधि लाभ भयो।

समन्तमुख परिवर्तः

अनि अक्षयमति बोधिसत्वले आशनबाट उठी हात जोडी विन्ती गरे – हे भगवन् ! अवलोकितेश्वर बोधिसत्वलाई किन

अवलोकितेश्वर भनिन्छ ? यस्तो वचन सुनी भगवान्ले आज्ञा भयो – कोटान कोटी दु:ख पाइरहेका प्राणीहरूले अवलोकितेश्वरको नाउँ सुन्ने वित्तिकै दु:खबाट मुक्त हुन्छन् । आगोको खाडलमा खस्दा यदि त्यो व्यक्तिले अवलोकितेश्वरको नाउँ लियो भने अग्नि भयबाट मुक्त हुन्छ । यस्तै गरी खोलावाट बगाएको अथवा समुद्रमा डुंगालाई हुरीले हुटचाएर राक्षसहरूको द्वीपमा पुऱ्याएका व्यक्तिहरूले पनि अवलोकितेश्वरको नाउँ लियो भने तुरुन्तै उनीहरूको भय शान्त हुन्छ । यही कारणले गर्दा वहाँलाई अवलोकितेश्वर भनिएको हो । कोही ज्यानमाराले आफूलाई प्राण दण्ड दिन लाग्दा यदि अवलोकितेश्वरको नाउँ लिन्छ भने उसलाई काट्न ल्याइराखेको हतियार पनि टुक्रा टुक्रा हुने हुन्छ। यति मात्र होइन अवलोकितेश्वरको नाउं लिंदा दुर्ष्टचित्त भएका व्यक्तिहरूले छुन नसकिने र झेलखानामा परी हठकडी नेवल बाधेको भए पनि त्यसको भयबाट मुक्त हुनेहुन्छ । यो सबै अवलोकितेश्वरकै प्रभाव हो । यस्तै गरी शत्रु भय, चौर भय धूर्त भय आदि सबै भय शान्त गरिदिने हुनाले वहाँलाई अभयं दद अवलोकितेश्वर पनि भनिन्छ । ठूलो ठूलो भय आइपर्दा नमो नमस्तस्मै अभयं दद अवलोकितेश्वराय वोधिसत्वाय महासत्वाय भनी नाम लिने वित्तिकै सबै भयबाट मुक्त हुने हुन्छ । यति मात्र होइन राग, द्वेष, मोह चरित्र भएका व्यक्तिहरूले पनि नमो अवलोकितेश्वराय भनी नमस्कार गरे भने उनको सबै राग, द्वेष, मोह शान्त हुन्छ । छोरा छोरी पाउन चाहनेले पनि यदि अवलोकितेश्वरलाई संझी नमस्कार गर्ने गरेमा छोरा छोरी पाउने हुन्छ । यसरी वहांको नाममात्र संझदा पनि अमोघफल लाभ हुने हुन्छ ।

बासाठ्ठी हजार बुद्धहरूलाई नमस्कार गर्नु, वहाँहरूको नाम जान्नु र चीवर पिण्डपात्र आदि दान दिनु भन्दा अवलोकितेश्वरलाई सत्कारपूर्वक नमस्कार गर्दा बढी पुण्य लाभ हुने हुन्छ । शाक्यमुनिको मुखारविन्दबाट अबलोकितेश्वर नाम मात्र

संझदा पनि यति धेरै लाभ हुन्छ भन्ने कुरा सुनी अक्षयमति बोधिसत्वले फेरि यस्तो विन्ती गरे–हे भगवन् ! अवलोकितेश्वर बोधिसत्व सहालोक धातुमा आउनु हुंदा कुन रूप लिएर आउनु हुन्छ? वहाँले कुन उपाय कौशल्यको प्रयोग गरेर धर्मदेशना गर्नु हुन्छ ? यस्तो प्रश्न सुनी भगवान्ले फेरि आज्ञा भयो – हे अक्षयमति ! अवलोकितेश्वरले कहीं बुद्धको रूप लिएर कहीं बोधिसत्व, कहीं प्रत्येक बुद्ध कहीं ब्रम्हा, इन्द्र, यक्ष, ईश्वर, महेश्वर, चक्रवर्ती, राजा, पिशाच, वैश्रवण, सेनापति, ब्राम्हण, बज्रपाणि आदि रूप लिएर धर्मदेशना गरौ डराएकाहरूलाई अभयदान दिएर रक्षा गर्नु हुन्छ । यसैले सहालोक धातुमा वहाँलाई अभयं दद लोकेश्वर भनिन्छ ।

यस्तो कुरा सुनी अक्षयमति बोधिसत्वले आफ्नू गलाबाट मोतीको माला उतारी आर्य अवलोकितेश्वरलाई चढाए । अनि अवलोकितेश्वरले पनि त्यो मालालाई आधा पारी एउटा शाक्यमुनिलाई अर्को प्रभूतरत्न तथागतको स्तूपमा चढाए । भगवान् शाक्यमुनिले यही कुरा गाथाद्वारा पनि वर्णन गर्नु भयो र अक्षयमतिले पनि प्रसन्न भएर अवलोकितेश्वरलाई गाथाद्वारा स्तुति गरे ।

अनि त्यस पछि धरणीन्धर बोधिसत्वले भगवान्लाई हात जोडी प्रणाम गरी यस्तो विन्ती गरे – हे भगवन् ! अवलाकितेश्वरको प्रशंसा सुनेका व्यक्तिले धेरै पुण्य गरेको रहेछ भन्नु पर्छ । यो समन्तमुख परिवर्त नामको अवलोकितेश्वरको विकुर्पन प्रातिहार्य मात्र सुन्ने व्यक्तिले पनि सद्धर्मचित उत्पन्न गरी बोधिचित्त धारणा गर्न समर्थ हुने छन् ।

शूभव्यूहराजपूर्वयोग परिवर्तः

अनि भगवान् बुद्धले सबै बोधिसत्वहरूलाई सम्बोधन गरी यस्तो आज्ञा भयो – हे बोधिसत्वहरू हो ! असंख्य कल्प पहिले जलधरगर्जितघोषस्वर नक्षत्रराजसंकुसुमिताभिज्ञ तथागत

उत्पन्न हुनु भएको थियो । सो तथागतको पालामा शुभव्यूह नामको राजा हुनुहुन्थ्यो । त्यो राजाको विमलदत्ता नामकी महारानी थिइन् तथा वहाँका विमलगर्भ र विमलनेत्र नामका दुई वटा राजकुमारहरू पनि थिए । ती राजकुमारहरू पुण्यवान् ज्ञानवान् हुनुको साथै बोधिचर्या पालना गर्थे । षट्पारमितापूर्ण गर्न मैत्री, करूणा, मुदिता उपेक्षा भावना गर्थे । क्रमशः वहाँहरूले विमल आदि नाम गरेका समाधि पनि प्राप्त गरेका थिए । एक दिन यी राजकुमारहरूले आफ्नो आमा कहाँ गएर यस्तो विन्ती गरे – हे आमा ! जलधरगर्जितसुस्वरनक्षत्रराजसंकुसुमिताभिज्ञ तथागत कहाँ दर्शन गर्न जाउँ । किनभने वहाँले सद्धर्मपुण्डरीक धर्मपर्याय व्याख्यान गरिरहनु भएको छ । राजकुमारको यस्तो वचन सुनी विमलदत्ता राजमहिषीले भन्नु भयो – हे बाबु ! तिम्रा पिता शूभव्यूह महाराज ब्राम्हणहरूमा मात्र श्रद्धा गर्नु हुन्छ । त्यसकारण वहाँले तथागतहरूलाई दर्शन गर्न पठाउने छैन। यस्तो कुरा सुनी हामी मिथ्यादृष्टिकुलमा जन्म्यौं साँचै भनूं भने हामी धर्मराजका छोरा हौं भनी ती राजकुमारहरूले आफ्नो आमालाई बिन्ती गरे । त्यसो भए तिमीहरूले आफ्नू बुबालाई केही ऋद्धि प्रतिहार्य देखाउनु योग्य छ अनि मात्र तिमीहरूले तथागत दर्शन गर्ने अनुमति पाउँछौ भनी राजमहिषीले आज्ञा भयो । मुमाको यस्तो वचन सुनी विमलगर्भ र विमलनेत्र राजकुमार शुभव्यूह महाराजलाई बुद्ध धर्ममा आकर्षण गर्न आकाशमा उडी आकाशमै हिंडी आधा शरीरबाट पानी बगाई आधा शरीरमा आगो बाली नाना प्रकारका यमक प्रातिहार्य देखाउन थाले । यस्तो ऋद्धि देखेर राजा आश्चर्य मान्नु भयो र बाबु ! तिमीहरूको आचार्य को हो ! तिमीहरू कसका शिष्यहरू हौ भनी प्रश्न गरे । अनि राजकुमारहरूले हात जोडी हामी दुवै जलधरगर्जितसुस्वरनक्षत्रराजसंकुसुमिताभिज्ञ तथागतको दर्शन गर्न चाहन्छौ वहाँले सद्धर्मपुण्डरीक धर्मपर्याय व्याख्यान गरिरहनु भएको छ । वहाँ तथागत नै हामी दुईको शास्ता आचार्य हुनुहुन्छ । हामी वहाँका शिष्य हौं । त्यसो भए तिम्रो शास्ताको दर्शन गर्न

हामीहरू पनि आउंछौ । भनी महाराजले आज्ञा भए । यति आज्ञा भइसके पछि ती राजकुमारहरू आकाशवाट ओर्ली आमा वावुलाई ,गाथाद्वारा स्तुति गरेर राजा रानी तथा अरू धेरै व्यक्तिहरूको साथमा तथागत कहाँ पुगी पाउमा वन्दना गरी एक छेउमा बसिरहे। अनि जलधरगर्जितसुस्वरनक्षत्रराजसंकुसुमिताभिज्ञ तथागतले शुभव्यूहमहाराजका सवै परिवारहरूलाई सद्धर्मपालना गर्ने प्रेरणा दिई सद्धर्मपुण्डरीका व्याख्यान गर्नु भयो ।

अनि आफ्नो कान्छा भाईलाई राज्य सुम्पी शुभव्यूह राजा र विमलदत्ता महारानी तथा दुई राजकुमारले अरू धेरै राजपरिवारहरूको साथमा तथागतको अगाडि श्रद्धापूर्वक प्रवजित भए । त्यस पछि शुभव्यूह महाराजले चौरासी हजार वर्षसम्म सद्धर्मपुण्डरीकलाई मनन गरी भावना गरी प्रचार गरिरहे । जसको पुण्यले महाराजलाई सर्वगुणालंकार व्यूह समाधि लाभ भयो । यो समाधिलाभ हुने वित्तिकै आकाशमार्गबाट गई तथागतलाई वन्दना गरी यी मेरा दुई छोरा नै मेरा गुरू हुन् । यी दुई छोराले ठूलो ऋद्धि देखाएर हजूर प्रति मेरो श्रद्धा जगाई दियो । हजूरले पनि मलाई सद्धर्म ज्ञान गराई दिनु भयो । यसको पुण्यले अब म पूर्वजन्मको कुशलमूल संझन सक्छु । यस्तो वचन सुनी तथागतले आज्ञा भयो – कल्याणमित्रको प्रभावले नै सद्धर्म सुलभ हुन्छ । त्यसकारण कल्याणमित्रको सत्संगल नै तथागतको दर्शन पाउँछ । यो दुई राजकुमारलाई तिमीले जो देखिरहेका छौ यिनीहरूले गंगा नदी बालुकासमान तथागतहरूको सेवा गरिआएका छन् । पछि पनि यस्तै सेवा गर्ने छन् तथा सद्धर्मपुण्डरीका व्याख्यान गर्ने छन् र मिथ्यादृष्टि शान्त पार्ने छन् ! तथागतको यस्तो वचन सुनी शुभव्यूह राजा आकाशबाट ओर्लेर तथागतलाई वन्दना गरी फेरि बिन्ती गरे – हे भगवन् ! कस्तो ज्ञानले युक्त भएमा सम्यक् सम्वुद्धको शिरमा उष्णीश देखिने हुन्छ अर्थात् आँखी भौंको बीचमा सेता भुवाको

चक्र देखिने हुन्छ तथा समान र तम्म मिलेका दाँत र ओठ रातो कुन तथागतको हुने हुन्छ ?

अनि शाक्यमुनिले बोधिसत्वहरूलाई सम्वोधन गरी फेरि आज्ञा भयो – त्यसबेला शुभव्यूह राजाले जलधरगर्जितसुस्वर-नक्षत्रराजसंकुसुमिताभिज्ञ तथागतको स्तुति गरेर भने म आज देखि चित्तको वशमा पर्ने छैन । मिथ्यादृष्टि तथा क्रोध आदि पापचित्त पनि उत्पन्न गर्ने छैन । हे भगवन् ! म पनि हुजूर जस्तै सबै गुणले संपन्न हुन सकूँ भनी जलधरगर्जित . . . तथागतको पाउमा वन्दना गरी फेरि आकाशमै बस्नु भयो । अनि राजा शुभव्यूह र महारानीले आकाशवाटै तथागतलाई मोतिका मालाहरू चढाउनु भयो । ती मोतिका मालाहरू आकाशमै चारैतिर फैलिएर एउटा मन्दिर जस्तै बनेर अडिरह्यो । अनि जलधरगर्जितघोषसुस्वरनक्षत्रराजसंकुसुमिताभिज्ञ तथागतले भिक्षुहरूलाई सम्बोधन गरी यस्तो आज्ञा भयो – हे भिक्षुहरू हो! शुभब्यूहराजाले आकाशमा बसी म बुद्ध हुन सकूं भनी सिंहनाथ गरेको तिमीहरूले सुनेको हुनु पर्छ । सो राजा भविष्यमा शलिन्द्रराज नामको तथागत हुनेछ । वहाँको बुद्ध क्षेत्र पवित्र विशाल वैदुर्यमणिको हुनेछ ।

अनि शाक्यमुनि तथागतले वोधिसत्वहरूलाई फेरि यस्तो आज्ञा भयो – हे बोधिसत्वहरू हो ! उस बेलाको विमलदत्ता महारानी यही वैरोचन रश्मि प्रतिमण्डित ध्वज वोधिसत्व हो । किनभने उनले शुभव्युहराजालाई उद्धार गर्न नै महारानीको रूप लिएको थियो । त्यस वेलाको शुभव्यूहराजा यही पद्मश्री बोधिसत्व हो । त्यस्तै यी भैषज्यराज बोधिसत्व र भैषज्यसमुद्गत वोधिसत्व उसवेलाका विमल गर्भ र विमलनेत्र राजकुमार हुन् । त्यसकारण जसले यी भैषज्यराज र भैषज्यसमुद्गत बोधिसत्वको नाम स्मरण गर्छ तथा नमस्कार गर्छ उनीहरूको हित सुख हुने हुन्छ । यो पूर्वयोग परिवर्त व्याख्यान गर्दा चौरासी हजार प्राणीहरूको विशुद्ध धर्म चक्षु उत्पन्न भयो ।

समन्तभद्रोत्साहन परिवर्तः

अनि त्यस पछि समन्तभद्र बोधिसत्व असंख्य बोधिसत्वहरूको साथमा पूर्वदिशाबाट कमलको वर्षा गर्दै तूर्यबाजा बजाउँदै ठूलो सत्कारपूर्वक सहालोक धातुमा आइपुग्नु भयो । अनि गृद्धकूट पर्वतमा शाक्यमुनि बुद्ध कहाँ पुगी वन्दना पूजा गरी यस्तो विन्ती गरे – हे भगवन् ! म रत्नतेजोद्भ्युद्गतराज तथागतको बुध्द क्षेत्रबाट हजूर कहाँ सध्दर्मपुण्डरीका धर्मपर्याय सुन्न उपस्थित भएको छुं । हजूरले हामीहरूलाई यो सध्दर्म सुनाउनु होस् । अनि भगवान्ले समन्तभद्रलाई यस्तो आज्ञा भयो – हे समन्तभद्र ! सध्दर्मपुण्डरीका धर्मपर्याय भन्नु र तथता भन्नमा केही फरक छैन । त्यस बेला त्यो धर्म सभामा धेरै भिक्षुणीहरू र उपासिकाहरू पनि थिए । ती सबैलाई धर्ममा प्रेरणा दिन भगवान् बुध्दले फेरि यस्तो पनि आज्ञा भयो – चान वटा गुणले युक्त भएका महिलाहरूलाई सध्दर्मपुण्डरीका चाँडै अवगत हुन्छ । अर्थात् जुन महिलालाई भगवान्ले तिमीले सध्दर्म बुझ्नेछौ भनी अधिष्ठान गरेको छ, जसले पूर्वजन्ममा धेरै पुण्य गरेर आएको छ, जुन महिलाले जगतसत्व हित गर्न म बुध्द हुन सकूं भनी बोधिचित्त उत्पन्न गरेको छ यी चार धर्म वा गुणहरूले युक्त भएको महिलाले सध्दर्मपुण्डरीका चाँडै नै बुझ्न सक्ने छ ।

अनि समन्तभद्र बोधिसत्वले भगवान् बुध्दलाई यस्तो विन्ती गर्नु भयो – हे भगवन् ! मैले भविष्यमा सध्दर्मपुण्डरीका धर्मपर्याय धारणा गर्ने भिक्षुभिक्षुणी, उपासक उपासिकाहरू सबैलाई रक्षा गर्नेछु । उनको सबै प्रकारका दुःखलाई हटाइदिनेछुं भूत प्रेत आदि कसैले दुःख दिन नसक्ने बनाउन चाहन्छु । यो सध्दर्मपुण्डरीका धर्मदेशना गर्ने व्यक्तिलाई रक्षा गर्न तथा धर्मपर्यायलाई शुध्दसंग उच्चारण गराउन र अर्थ बोध गराउनको निमित्त ६ दन्त भएको सेतो गजराजमाथि चढेर म सध्दर्मदेशना गर्ने कहाँ जानेछुं र उनलाई सध्दर्मको सबै महत्व बुझाइदिने छुं ।

साथै उसलाई रक्षा गर्न एउटा धारणी पनि मैले सुनाउने छु भनी "अदण्डेदण्डर्रात" आदि धारणी उच्चारण गर्नु भयो । भगवन् ! यो धारणी जसको कानमा पर्छ उसलाई म समन्तभद्रले अधिष्ठान गर्नेछु । यसरी यो धर्म जम्बुद्वीपमा प्रचार हुनेछ, सबैको निमित्त सुलभ हुनेछ । जसले यो धर्मपर्यायलाई धारणा गर्छ, व्याख्यान गर्छ त्यसलाई तथागतले आफ्नो हातद्वारा परिमार्जन गरी रक्षा गर्नेछ । जसले यो सूत्रलाई लख्ने छ, यसको अर्थ बुझ्ने छ त्यस्तो व्यक्ति यस लोकबाट च्यूति हुंदा त्रार्यत्रिशत देवलोकमा उत्पन्न हुनेछ र त्यसलाई त्यहाँ सबै देवपुत्रहरू अप्सराहरूले स्वागत गर्ने छन् । त्यसकारण यो सद्धर्मपुण्डरीका अध्ययन गर्ने व्यक्तिलाई दुर्गति भय पनि हुंदैन । उसलाई मरण कालमा बुद्धहरू आई तुषिता भुवनमा लगी मैत्रेय वोधिसत्वको सद्धर्म सुन्न पनि अनुकूल हुनेछ । त्यसकारण सद्धर्मपुण्डरीकालाई सत्कारपूर्वक पाठ गर्नु, लेख्नु, लेखाउनु, व्याख्यान गरी सुनाउनु आदि गर्नाले ठूलो लाभ हुन्छ । यही कुरा अधिष्ठान गरी मैले जम्बुद्वीपमा प्रचार गर्नेछु । समन्तभद्रको यस्तो वचन सुनी भगवान् बुद्धले समन्तभद्रले धेरै साधुवाद दिनु भयो र आज्ञा भयो– हे वोधिसत्व ! वहुजन हित सुखको निमित्त तिमीले यस्तो अधिष्ठान गर्‍यौ जसबाट सबैको हित हुनेछ तथा शाक्यमुनिको मुखवाट सुनेको सद्धर्मपुण्डरीका धर्मपर्यायलाई जसले अनुमोदना गर्छ त्यसलाई मैले पनि आफ्नो हातले तिमीहरूको शिर मुसार्दै अधिष्ठान गर्नेछ ।

हे समन्तभद्र ! कुनै कुलपुत्र वा कुलपुत्रीले तथागतको शासनलाई रक्षा गर्न चाहन्छ भने त्यसले नास्तिक (लोकायत) हरूको ग्रन्थ हेर्न रूचाउने छैन तथा काव्य, नाटक, नृत्य, गाना बजाना आदि हेर्न रूचाउने छैन तथा हिंसा वृत्ति अर्थात् मासु बेच्ने काम पनि गर्ने छैन । उनीहरू सवैलाई प्यारो लाग्ने हुन्छ । रोग व्याधिले पनि दुःख दिंदैन राग द्वेष मोह तथा ईर्ष्या, मात्सर्य अभिमान आदिले पनि दुःख दिने छैन । आफूलाई लाभ भएको वस्तुमा सन्तोष गर्ने हुन्छ । हे समन्तभद्र ! मेरो जीवनको पाँच सय वर्ष पछि यो सद्धर्मपुण्डरीका धर्मपर्याय धारण गर्ने भिक्षु-

लाई यदि तिमीले देख्यौ भने यस्तो चिताउनु पर्छ– "यो व्यक्ति बोधिमण्डपमा जानेछ, मारलाई जित्ने छ, धर्मचक्र परिवर्तन गर्नेछ ।" यो सद्धर्मपर्यायलाई धारणा गर्ने व्यक्तिले चीवर पात्र आदि कुनै वस्तुमा लोभ गर्ने तथा संचय गर्ने स्वभावका हुँदैन । यदि यस्तो धमभानकलाई कसैले निन्दा गर्छ या गाली गर्छ भने उसको कायिक दुःख र मानसिक दुःख बढ्ने हुन्छ । त्यसकारण धर्मभानकलाई गौरव गर्नु पर्छ भन्ने संझनु पर्छ ।

यो समन्तभद्रोत्साहन परिवर्त व्याख्यान सुनेर धेरै बोधिसत्वहरूले धारणी लाभ गरेको थियो ।

अनुपरीन्दना परिवर्तः

अनि भगवान् शाक्यमुनि तथागत आफ्नो आशनबाट उठी दाँया हातले त्यहाँ उपस्थित सबै बोधिसत्वहरू उठाई ऋद्धिवलले मुठ्ठीभित्र राखी यस्तो आज्ञा भयो– हे कुलपुत्रहरू ! तिमीहरूको हातमा मैले सम्यक् सम्बोधि नाशो राखेको छु । यसलाई खेरो नफाल वरू सर्वत्र प्रचार प्रसार गर भनी तीन पल्ट सम्म आज्ञा भएर फेरि यस्तो आज्ञा भयो–यो सद्धर्मपुण्डरीकालाई तिमीहरूले धारणा गर, पाठ गर, देशना गर, सबै प्राणीलाई सुनाउने गर मैले यो बुद्धज्ञानलाई दिएको छु, म महादानपति हुं । तिमीहरूले मेरो शिक्षा पालन गर्नु पर्छ ।

भगवान् शाक्यमुनिले यसरी आज्ञा भए पछि सबै वोधिसत्वहरू प्रीति सुखले विह्वल भए । अनि भगवान् बुध्द उपर ठूलो गौरवपूर्वक वन्दना गरी शिर झुकाई एकै स्वरले भगवान्‌लाई तीन पटक यस्तो विन्ती गरे– हजूरले आज्ञा भएको कुरा हामीले पालना गर्नेछौं । अनि त्यस पछि भगवान् बुध्दले विभिन्न लोक धातुवाट आउनु भएका सबै वोधिसत्वहरूलाई विदा दिनु भयो र प्रभूतरत्न तथागतको स्तूपलाई पनि जमिनमा राख्नु भयो । अनि पृथ्वीको असंख्य प्वालवाट आएका विशिष्ट चारित्र आदि नाम गरेका श्रावकहरूलाई पनि विदा दिनुभयो । अनि त्यहाँ उपस्थित देव मनुष्य सबैले भगवान् बुद्धको वचनलाई अभिनन्दन गर्नुभयो ।

श्री गुह्यसमाज तन्त्र

ओं नमः श्री वज्रसत्वाय

सङ्गीतिकार भन्नु हुन्छ । ‘एवं मया श्रुतम्’’ अर्थात् यस्तो मैले सुनेको छु । एकदिन श्री भगवान् सर्बै तथागतहरूको कायवाक्चित्त तथा हृदयरूपी वज्रयोषिदको भगहरूमा विहार गरिरहनु भएको थियो । त्यसबेला असंख्य बुद्ध क्षेत्रका परमाणु समान सबै वोधिसत्वहरू पनि हुनुहुन्थ्यो । तिनीहरूमध्ये वाक वज्रचित्तवज्र समाधिवज्र जपवज्र तथा पृथिवी, आप तेज वायु आकाश र रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्मधातुवज्र वोधिसत्वहरू प्रमुख थिए । यसै गरी अक्षोभ्य, वैरोचन, रत्नकेतु, अमिताभ, अमोघवज्र आदि तथागतहरू पनि त्यहाँ उपस्थित हुनुहुन्थ्यो । अनि भगवान् महावैरोचन तथागतले सर्वतथागत महारागवज्र नामको समाधि गरी त्यहाँ उपस्थित सबै तथागतहरूलाई आपनो काय वाक् चित्तमा प्रवेश गराई विलीन गर्नु भयो । अनि सर्वतथागत् वज्राधिपति (वज्रधर) लाई प्रसन्न गर्न विलीन भएका सबै तथागतहरूले स्त्री रूपधारण गरी महावैरोचनको शरीरवाट निस्कनु भयो । तिनीहरू लोचना, मामकी, पाण्डखासिनी, ताराहरूको रूप लिनु भएका थिए । तथा रूप वज्रा, शब्द बज्रा, गन्ध वज्रा, रस वज्रा स्पर्श वज्राहरूको रूप लिएर उपस्थित भएका थिए ।

अनि अक्षोभ्य तथागतले सर्व तथागत काय वाक् चित्त वज्रयोषिद्हरूको भंगहरूमा चारकुने रजोगुणले रहित महासमय मण्डल उत्पन्न होस् भनी अधिष्ठान गर्नु भयो । अनि सर्व तथागत

काय वाक् चित्त वज्राधि पतिले सर्वै तथागतहरूको मण्डल प्रतिष्ठा गर्नु भयो । त्यसबेला अक्षोभ्य, रत्नकेतु, अमितायु, अमोघसिद्धि वैरोचन तथागतहरू बोधिचित्त वज्रको हृदयमा विहार गरिरहनु भएको थियो । अनि बोधिचित्त वज्रले सर्वतथागताभिभवनवज्र नामको समाधिद्वारा सबै आकाश सर्वतथागतमय बनाउनु भयो । अनि जति आकाशमा रहेका प्राणीहरू छन् । ती सबैले वज्रसत्वको प्रभावद्वारा सुख सौमनस्य अनुभव गर्न थाले । बोधिचित्त वज्रले सर्वतथागत काय् वाक चित्त वज्र समयोद्भवताम समाधिद्वारा महाविद्यापुरुषलाई तथागतहरूद्वारा अधिष्ठान गराउनु भयो । त्यसबेला त्यहाँ उपस्थित सबै तथागतहरूले वोधिचित्त वज्रको अनुहार तीन बटा भएको देखे । अनि अक्षोभ्य आदि तथागतहरू बोधिचित्त वज्रको हृदयबाट निस्की वोधिचित्त वज्रलाई प्रशंसा गर्दै उदान गाउनु भयो । तथा पूजा मेघद्वारा सत्कार गरी यसरी प्रार्थना गरे । हजूरले सर्वै तथागतहरूको निमित्त पनि गुह्य भएको गुह्य समाज वर्णन गर्नु होस् । यस्तो अनुरोधलाई स्वीकार गरी ज्ञान प्रदीप वज्र नामको समाधि गरी द्वेष कुलको सार भएको वज्र धृक् भन्ने मन्त्र पद उच्चारण गर्नु भयो । त्यसबेला विद्या पुरुष अक्षोभ्यको मुद्रामा कृष्ण श्वेत रक्त वर्णको तीन मुख धारणा गरी सर्व तथागत काय वाक् चित्त वज्रको काय वाक् चित्तमा लीन हुनु भयो यसै गरी वोधिचित्तवज्रले सर्व तथागत समय सम्भव वज्र समाधिद्वारा मोहकुलको जिन जिक् भन्ने मन्त्र पद उच्चारण गर्नु भयो । अनि विद्या पुरुषले वैरोचनको मुद्रामा सेतो कालो रातो रङ्गको तीन मुख धारणा गरी सर्व तथागत काय वाक् चित्त वज्रको अगाडि उपस्थित हुनु भयो । अनि वोधिचित्त वज्रले फेरि सर्व तथागत रत्न वज्र नामका समाधिद्वारा चिन्तामणि कुलको रत्न धृक् भन्ने मन्त्रपद उच्चारण गर्नु भयो त्यसबेला विद्या पुरुषले रत्न केतुको मुद्रामा पहेलो सेतो कालो वर्णको तीन मुख धारणा गरी सर्व तथागत काय वाक् चित्त वज्रको दाँया उपस्थित हुनु भयो । यसै गरी आलोलिक प्रज्ञाधृक् तथा

द्वेषरति मोहरति इर्षारति रागरति वज्ररति र यमान्तक, प्रज्ञान्तक पद्मान्तक बिघ्नान्तक आदि मन्त्र पद उच्चारण गर्दा विद्या पुरूषले विभिन्न तथागत तथा देव देवीहरूको रूप लिई उत्पन्न हुनु भएको थियो । अनि सवै तथागत तथा देवीहरूको यौटा सर्व तथांगत समाधि मण्डल उत्पन्न भयो ।

प्रथम पटल समाप्त

अनि सवै तथागतहरूले सर्व तथागत कायवाक्चित्ताधिपतिलाई पूजा सत्कार गरी हे भगवन् ! हामीहरूलाई कायवाक्चित्तको सार कुरो र गुह्यबोधिचित्तको कुरो आज्ञा हुनु होस् भनी प्रार्थंना गरे पछि कायवाक्चित्ताधिपतिले यस्तो आज्ञा भयो । हे बोधिसत्वहुरु हो ! तपाईहरूल चित्तलाई शरीरको रूपमा तथा शरीरलाई चित्तको रूपमा परिवर्तन गर्नु होस् । चित्तलाई बोलिको रूपमा परिवर्तन गर्नु होस् । यस्तो आज्ञा सुनी वोधिसत्वहरूले सर्वतथागत कायवाक्चित्तलाई आकाशको रूपमा परिवर्तन गरी सर्वतथागत कायवाक्चित्ताधिपति (समन्तभद्र) लाई प्रशंसा गर्दै यस्तो भन्नु भयो । हजूरले उनुत्पादको ज्ञान बवसन उत्पन्न गर्ने उपदेश दिनु भयो ।

अनि श्री समन्तभद्रले अभिसम्बोधिनय बज्र समाधि गरी वोधिचित्तको उपदेश दिनु भयो । अभाव पदार्थको भावना हुंदैन । त्यसको भाबना गरे पनि त्यसलाई भावना भनिंदैन । यसरी भावपदार्थलाई अभाव देख्न सकेमा भावना पनि हराएर जाने हुन्छ ।

त्यसपछि श्री वैरोचन तथागतले अभिसमयवज्र समाधि गरी बोधिचित्तको यसरी उपदेश दिनु भयो । स्कन्ध धातु आयतन तथा ग्राह्य ग्राहक भाव छैन भनी देख्नु तथा धर्मनैरात्म्यद्वारा सवै पदार्थ समान देख्नु सकेमा वोधिचित्त आदिकाल देखि नै अनुत्पन्न तथा शून्यता स्वभावको रहेछ भन्ने ज्ञान हुन्छ भनी आज्ञा भयो ।

अनि श्री अक्षोभ्य तथागतले अक्षय बज्र समाधि गरी यस्तो आज्ञा भयो । सवै पदार्थ अनुत्पन्न स्वभावका हुन्छन् । अतः न

धर्म (पदार्थ) छ नत धर्मता नै छ। अतः बोधिचित्त पनि आकाश झैं नैरात्म्य स्वभावका हुन्छन् ।

श्री रत्नकेतु तथागतले नैरात्म्य बज्र समाधि गरी यस्तो आज्ञा भयो। सबै वस्तु अभाव स्वभावका हुन्छन् तथा लक्षण रहित हुन्छन् यही धर्म नैरात्म्य ज्ञानबाट बोधिचित्तको बोध हुन्छ ।

फेरि अमितायु तथागतले बोधिचित्त बारे यस्तो आज्ञा भयो। धर्म (वस्तु) अनुत्पन्न स्वभावको हुन्छ भन्ने ज्ञान भएमा भाव पदार्थ तथा भावना पनि छैन भन्ने ज्ञान हुन्छ। परन्तु आकाश छ भने जस्तै भाव पदार्थ छ भन्ने ज्ञान नै बोधिचित्त हो भनी आज्ञा भयो ।

अनि श्री अमोघसिद्धि तथागतले यस्तो आज्ञा भयो। वस्तुहरू आकाश झैं विशुद्ध तथा प्रकृति प्रभास्वर छ भन्ने जब ज्ञान हुन्छ। अनि उसलाई नत बोधिज्ञानको आवश्यक हुन्छ, नत अभिसमयकै आवश्यक हुन्छ। यस्तो अवस्थालाई नै बोधिचित्त भनिन्छ भनी आज्ञा भयो ।

यस्तो उपदेशहरू सुनी मैत्रेय आदि बोधिसत्वहरू आश्चर्य हुंदै यस्तो उदान गाउनु भयो "अहो बुद्ध अहो धर्म अहो सघस्य देशना" यस्तो विशुध्द तत्व स्वरूप बोधिचित्तलाई नमस्कार छ। धर्म नैरात्म्य ज्ञानबाट उत्पन्न भएको बुध्दत्व प्रदान गर्ने निर्विकल्प तथा निरालम्ब स्वभावको बोधिचित्तलाई नमस्कार। सबै प्राणीहरूलाई सर्वत्र कल्याण गर्नं बोधिचित्तलाई ग्रहण गर्ने प्रेरणा दिने तथा बोधिचर्यालाई पालन गराउने बोधिचित्तलाई नमस्कार ! तथागतहरूको शुध्द बोधिचित्तले नै कायवाक्चित्त रूप बज्रलाई धारणा गराउने हुन्छ। तथा बुद्ध बोधि प्रदान गर्ने हुन्छ। यस्तो बोधिचित्तलाई नमस्कार छ ।

दोस्रो बोधिचित्त पटल समाप्त

तृतीय पटल

अनि भगवान्‌ले सर्वतथागत स्फरण मेघव्यूह नामको समाधि गरी वज्रव्यूह नामको समाधि पटल व्याख्या मन्त्रपदवाट शुरू गर्नु भयो ।

"ओं शून्यता ज्ञान बज्र स्वभावात्मकोऽहम" अर्थात् शून्यता नै ज्ञानबज्र हो म त्यही ज्ञानबज्र स्वभावको हुं भनी आज्ञा भयो । अनि वैरोचन अक्षोभ्य रत्न केतु अमितायु अमोघसिध्दि तथागतहरूको महारूद्रा भावना गर्ने उपदेशको साथै वहाँहरूको हातमा क्रमशः चक्र, वज्र, रत्न, पद्म, खड्‌ग लिएको ध्यान गर्ने उपदेश दिनु भयो ।

अनि भगवान् कायवाक्‌चित्त वज्र तथागतले धर्म धातु स्वभाव वज्र नामको समाधि गरी कायवाक्‌चित्तलाई अधिष्ठान गर्ने मन्त्रपद आज्ञा भयो । "ॐ धर्मधातुबज्र स्वभावात्मकोऽहम्" यस पछि सस्यूं जत्रो पञ्चरङ्गी महारतन अर्थात् बोधिचित्त नासिकाग्र भागमा रहेको भावना गरी रत्न स्थिर भए पछि यसलाई अलि अलि गरी फैलाएर लैजानु पर्छ । यदि स्थिर भएको छैन भने फैलाउनु हुंदैन यसै गरी चक्र बज्र रत्न पद्म खड्‌गहरूको रूपमा महामेघ झैं फैलाई भावना गर्नु पर्छ । यसो गर्दा क्रमशः बज्रमण्डल, चक्रमण्डल, रत्नमण्डल, पद्ममण्डल, योग मण्डल उत्पन्न हुने हुन्छ । यी मण्डलहरू नै पञ्च बुध्द हुन् । यसैले सर्वज्ञता लाभ गराउने हुन्छ भनी श्री वज्रधर भगवान्‌ले आज्ञा भयो ।

तृतीय अध्याय समाप्त

चतुर्थ पटल

अनि सबै तथागतहरूले श्री कायवाक्‌चित्ताधिपतिलाई यसरी स्तुति गर्नु भयो ।

"सर्व ताथागतं शान्तं सर्वताथागतालयम् ।
सर्वधमाग्रनैरात्म्यं देशमण्डल मुत्तमम् ।।"

इत्यादि अनि श्रीवज्रधरले चित्तमण्डलको लक्षण प्रमाण सवै आज्ञा भयो । साथै मण्डल भित्र नील वज्र आदि चिह्नहरूको विन्यास गर्ने विधि पनि आज्ञा भयो । अनि कायवाक्चित्तद्वारा पूजा गरी सोह्र वर्षको अर्थात् षोडश शून्यताले युक्त प्रज्ञालाई मण्डलमा स्थापना गरी अर्थात् मनमा राखी बुद्धत्व लाभ गर्ने मलमूत्रयुक्त रजशुक्रवाट बनेको यो शरीर नै अर्पण गर्नु पर्छ । अनि बुद्ध वोधिसत्वहरू संतुष्ट हुने हुन्छ भनी आज्ञा भयो ।

चतुर्थ अध्याय समाप्त

पञ्चम पटल

अनि भगवान् कायवाक्चित्तवज्रधर तथागतले वज्राचार्यको गृहत्याग गरी गर्ने चर्या आज्ञा भयो । यो चर्या पालन गर्नेले जातिपातिको भेदभाव गर्नु हुंदैन । चण्डालकी छोरी पनि ब्याहबारी गरे हुन्छ । परन्तु आचार्य गुरूलाई निन्दा गर्नु हुंदैन । यो मार्गमा लाग्नाले दश अकुशल कर्मबाट हुने दुःफलहरू पनि शान्त हुने हुन्छन् । आफ्नू स्त्रीमा आमाको, बहिनीको तथा छोरीको गुण हुने हुन्छ । कसैमा त बुद्धमाताको पनि गुण हुन्छ । यी सवै कुरा बुझेर निर्विकल्प चित्तले (भेदभाव रहित चित्तले) आफ्नू स्त्रीसङ्ग व्यवहार गर्न सके बुद्धत्व पनि लाभ हुने हुन्छ ।

यस्तो वचन सुनी सर्वविवरण विष्कम्भि आदि बोधिसत्बहरू आश्चर्य हुदै यस्तो विन्ती गर्नु भयो हे वज्रधर भगवन् ! हजूरबाट व्यवहारमा नमिल्ने दुर्भाषित वचन आज्ञा हुनु भयो । यसको रहस्य के हो आज्ञा हुनु होस् भनी अनुरोध गरे पछि श्री वज्रधरले यस्तो आज्ञा भयो । हे वोधिसत्व हो ! आश्चर्य हुनु पर्ने केही छैन । बुद्धहरूको विशुद्ध धर्मता (स्वभाव)यस्तै हुन्छ । बज्रयानको वोधिचर्या यस्तै हुन्छ ।

यसरी अव्यवहार्य चर्याको कुरा सुनी असंख्य वोधिसत्वहरू मूर्छित हुनु भयो । अनि तथागतहरूको अनुरोधमा श्रीवज्रधरले

आकाश समता अद्वय बज्र नामको समाधि गर्नु भयो । अनि वहाँको शरीरबाट उज्वल रश्मि उत्पन्न भयो । त्यो रश्मिले हुने वित्तिकै ती बोधिसत्वहरू जुरूमुरूक्क उठी आ-आपनो आशनमा बसी धर्मको रहस्य बुझेर श्री भगवान् बज्रधरलाई यस्तो स्तुति गरे ।

आकाश काय सम्भूत आकाश बाक् प्रवतक ।
आकाश चित्त धर्माग्र चर्यापद नमोऽस्तुते

शरीरलाई आकाश संझने तथा वाक् र चित्तलाई पनि आकाशको भावना गर्ने हजूरको चर्यापदलाई मेरो वन्दना छ ।

श्री गुह्य समाज पञ्चमोऽध्याय

षष्ठ पटल

अनि अक्षोभ्यवज्र तथागतले ॐ सर्वतथागत चित्त बज्र स्वभावात्मकोऽहम् भन्ने चित्ताधिष्ठान मन्त्र आज्ञा भयो ।

वैरोचन वज्र तथागतले कायाधिष्ठान मन्त्र आज्ञा भयो । अमितायुबज्रले वागधिष्ठान मन्त्र आज्ञा भयो अनि रत्न केतु बज्रले अनुरागण मन्त्र आज्ञा भयो । अमोघसिद्धि वज्रले पूजा मन्त्राधिष्ठान आज्ञा भयो त्यस पछि श्री बज्रधर भगवान् सर्वतथागत मन्त्र रहस्य नाम भएको ॐ सर्व तथागत काय-वाक्चित्त बज्र स्वभावात्मकोऽहम् भन्ने मन्त्रपद आज्ञा भयो । त्यस पछि मन्त्र तथा कायवाक्चित्तलाई पनि आकाश समान भावना गरी बोधिचित्त भावना गर्ने उपदेश गर्नु भयो । अनि श्रीबज्रधरले सूक्ष्मयोगको वर्णन यसरी गर्नु भयो । सर्व प्रथम आकाशमा उज्वल चन्द्रमण्डल बीच राज हुनु भएको श्री बुद्ध भगवान्लाई संझनु । अनि नासिकाका अग्रभागमा सानु सस्यूं संझनु । सस्यूं भित्र चल अचल सबै ससार बसी रहेको संझनु । अनि आकाशमा प्रभास्वर सूर्यमण्डलमा श्री बुद्ध भगवान् विराजमान भएको संझनु । अनि फेरि आकाशमा हूं बीजाक्षरले उत्पन्न भएको चक्र मण्डल भावना गरी यसै गरी रत्नमण्डल, पद्ममण्डल, रश्मिमण्डल भावना गर्नु । अनि पञ्चशूक भएको यव प्रमाणको

बज्र नासिकाको अग्रभागमा भावना गर्नु । यसो गर्दा मात्र सिध्दि लाभ हुने हुन्छ । अनि फेरि श्रीबज्रधर भगवान्ले यस्तो आज्ञा भयो । जसले भक्ष अभक्ष शुध्द अशुध्दको भेदभाव गर्छ त्यसलाई सिध्दि लाभ हुंदैन । परन्तु जसले भेदभाव छोडी समता अद्वय भावना गरी चर्या पालन गर्छ त्यो व्यक्ति बुध्दहरूको प्रिय हुने हुन्छ । तथा चाँडै लघु बुध्दत्व पनि लाभ हुने हुन्छ । यो चर्या गुप्त चर्या हो । यसबाट जगतउध्दार गर्न सक्ने हुन्छ ।

षष्ठोऽध्याय:

सप्तम पटल

अनि श्री वज्रधर भगवानले महासमुच्चय मन्त्र चर्या असंबोधि पटल यसरी आज्ञा भयो । दुस्कर नियम पालना गरी स्वपरहित गर्न सकिंदैन । वरु सबै प्रकारको सुखभोग गर्दै भावना गरेमा चाँडै लघु बुद्धत्व लाभ हुने हुन्छ । काय वाक् चित्त रूपी तीन प्रकारका रूप शव्द गन्ध रस स्पर्शहरू वैरोचन आदि तथागतहरूलाई अर्पण गर्नु पर्छ । अर्थात् पञ्च काम गुण उपभोग गर्नु नै पञ्च तथागतलाई अर्पण गर्नु हो भन्ने भावना गर्नु पर्छ अथवा पञ्च काम गुण उपभोग गर्दा पनि बुद्धानुस्मृति आदि भावना गरेको संझनु पर्छ । द्वयेन्द्रिय समापत्ति भावना गर्दा प्रज्ञालाई लोचनातारा संझनु पनि हुन्छ। बुद्धानुस्मृति गर्दा आफ्नू रोमकूपहरूबाट अनन्त वुद्धमेघ निस्कनु भयो भन्ने भावना गर्नु पर्छ यस्तै गरी धर्मानुस्मृति,वज्रानुस्मृति, कुलानुस्मृति, क्रोधेश्वरानुस्मृति, समयानुस्मृति, मण्डलानुस्मृति काय र वाक् तथा चित्तानुस्मृति, सत्वानुस्मृति आदि पनि भावना गर्नु पछ । यसै गरी अनुत्पादानुस्मृति भावना गर्दा सबै पदार्थहरू प्रकृति प्रभास्वर छन् तथा अनिमित्त निरक्षर स्वभावका हुन्छन् । तथा न द्वय हुन् न अद्वय हुन्। तथा आकाश समान शान्त तथा निर्मल हुन्छन् भनी भावना गर्नु पर्छ । द्वादशायतनले पूर्ण स्थिर चित्त भएकी आफ्नू सहचारिणीलाई पनि संतोष गर्नु तथा सद्व्यवहार

गर्नु पर्छ यस्तो गर्दा तथागतको जस्तो लक्षण युक्त शरीर वज्रधरको जस्तो चित्त धर्मधरको जस्तो वचन यही जन्ममा लाभ हुने हुन्छ । यसरी काय वाक् चितलाई समता भावना गरी मन्त्र जप गर्दा चाँडे सिद्ध हुन्छ भनी श्रीवज्रधर भगवान्ले आज्ञा भयो ।

पटल सप्तम समाप्त

अष्टम पटल

यस्तो वचन सुनी रत्नकेतु तथागतले श्रीवज्रधर भगवानलाई यसरी स्तुति गर्नु भयो । तपाई वज्रसत्व हुनुहुन्छ । महायानरूपी आकाश चर्यालाई विशुद्ध गर्नु हुन्छ तपाई समन्तभद्र हुनुहुन्छ । रागद्वेषमोहलाई पनि वज्र भावना गरी (शून्यता भाबना गरी) बज्रयान देशना गर्नु हुन्छ आदि स्तुति गर्नु भयो । अनि श्री वज्रधर भगवानले आज्ञा भयो शरीर वोलि वचन राम्री तथा चित्त शुद्ध कन्या बढी से वढी २५ वर्षकी विवाह गरेर गुह्य तथा छातीवीच शिरका तथा नाभिमार कटिमा पञ्चकुल देवताको वीजाक्षर भावना गर्नु पर्छ अर्थात् न्यास गर्नु पर्छ । अनि आकाशमा रहेका ज्ञानसागर तथा चन्द्रमामा रहेको आफूलाई संझनु पर्छ । यो भावनाले शान्तस्वरूपको वज्रधरत्व सिद्धि लाभ हुने हुन्छ । यस्तै गरी आफ्नू स्त्रीलाई ज्ञानसागर संझी आपनू रोमकूपबाट पूजा मेघ फिजाई पद्म उत्पल जाति आदि पुष्पहरूले पूजा गर्नु पर्छ । चतूरत्नमय यो शरीर रूपी चैत्यलाई पञ्च काम गुणले पूजा गर्नु पर्छ । यसरी नै रत्नालङ्कृत कन्या देवतालाई समर्पण गर्दा दान पारमितापूर्ण गर्न सकिन्छ । आदि भावनाहरू श्रीवज्रधरले आज्ञा गर्नु भयो ।

अष्टम अध्याय समाप्त

नवम पटल

अनि श्रीवज्रधर भगवान्ले काय वाक् चित्तलाई भेदभाव नगर्नु । समता भावना गर्नु । अनि आकाशमा अक्षोभ्य भावना

गर्नु । आगोको ज्वाला जस्तो उज्वल वज्र आफ्नू हातमा भावना गरी सोही वज्रले काय वाक् चित्तको संयोगलाई चूर्ण गर्नु यसो गर्दा चित्त सिद्धि हुने हुन्छ ।

यसै गरी वैरोचनको भावना गर्नु । वज्रको सट्टा चक्र मण्डल भावना गर्नु । त्रिवज्र (काय वाक् चित्त) द्वारा सम्पूर्ण द्रव्य आफ्नू अधिकारमा लिएं भनी भावना गर्नु यसो गर्दा चिन्तामणि समान हुने हुन्छ ।

अघि जस्तै आकाशमा अमिताभ बुद्ध भावना गरी अनन्त बुद्धहरूले पूर्ण भएको भावना गर्नु । ती बुद्धहरू सबैले स्त्री रूप धारणा गरी सेवा गर्न लागे भनी भावना गर्नु ।

यसरी नै अमोघसिद्धिको भावना गरी सबै बुद्धहरूको भावना गर्नु । वहाँहरूलाई मृषावादरूपी वज्रपदद्वारा विसम्वाद गर्नु । यसो गर्दा मन्त्र सिद्धि हुने हुन्छ ।

अनि श्रीबज्रधरले रत्नकेतुको भावना गरी बुध्दहरूको भावना गर्ने तथा वहाँहरूलाई जगत उध्दार गर्न ढिलो नगर्नु होस् भनी पारूष्य वचन प्रयोग गर्ने गर्दा ज्ञान लाभ हुने कुरा आज्ञा भयो :

यस्तो वचन सुनी वज्र केतु आदि वोधिसत्वहरू अद्‌भूत मानी श्रीवज्रधरसङ्ग यसको भाव आज्ञा हुन अनुरोध गर्नु भयो । अनि श्रीवज्रधरले यस्तो आज्ञा भयो वज्रयानको चर्या राग चर्या हो । अर्थात् प्राणीलाई करूणा गर्नु पनि राग नै हो त्यो पनि आकाश समान हुन् जस्तै काठको मदानी दोरी हातको बलहरू मिलेर आगो निस्कन्छ तर कुनै यौटामा आगो हुंदैन । संवृति-सत्यमा (व्यवहारमा) नराम्रा कुरा परमार्थमा भेदभाव नहुने हुन्छ भनी आज्ञा भयो ।

नवम अध्याय समाप्त

दशम पटल

अनि श्रीवज्रधरलाई नमस्कार गरी मन्त्र सारसमुच्च नामको तत्व आज्ञा हुन तथागतहरूले अनुरोध गरे । अनि श्री वज्रधरले तथागतहरूलाई संबोधन गर्दै यस्तो आज्ञा भयो । काय वाक् चित्तलाई वज्र (शून्यता) भावना गर्नेहरूको काय वाक् चित्तलाई भावना गर्दा निर्विकल्प निरालम्ब स्वभाव उत्पन्न हुने हुन्छ यति आज्ञा भई पारमिता मन्त्र तयवज्र नामको समाधि गरी तथागतहरूलाई फेरी यस्तो आज्ञा भयो । अक्षोभ्य आदि तथागतहरूले नाटक रची हामीहरूलाई पञ्च काम गुणले भुलाई-रहेका छन् । तर हामीहरू भुलिरहेका छौं भनी थाहा पाउन्नौं । यो थाहा पाउने गराउन मन्त्र हृदय संचोदन नामको मन्त्र पद श्रीवज्रधरले यस्तो आज्ञा भयो । हूं ओं आः स्वाहा यसको प्रभावले सबै तथागतहरू वज्रसत्वलाई संझी मूर्छित हुनु भयो । अनि श्रीवज्रधरले सबै बुद्धहरूको काय वाक् चित्तलाई आकर्षण गर्ने र आफ्नो मण्डल आफ्नो मन्त्रले संपन्न गर्ने विधि आदि बताउनु भयो । अनि हृदयलाई चोदन गर्ने विधि सात दिन गर्दा सिद्धि लाभ हुने कुरा आज्ञा भयो । अनि सबै मन्त्र पुरुषहरू द्वयेन्द्रिय समापत्तिमा लागेका छन् भनी भावना गर्ने विधि आज्ञा भए पछि सबै लोकधातुमा रहेका स्त्री जातिहरू महामुद्रा स्वरूपका हुन् भनी भावना गरी सेवा गर्नु पर्छ । अनि मात्र बुद्धत्व लाभ हुन सक्छ । किनभने स्त्रीत्व नै संसार सृष्टि गर्ने तत्व हो । यो पनि आकाश समान हुन्छ भनी भावना गर्दा वज्रसत्वको स्वरूप धारणा गर्नें हुन्छ भनी श्री वज्रधररूपी बोधिसमयले आज्ञा भयो ।

दशम अध्याय समाप्त

एकादश पटल

अनि श्रीवज्रधर भगवान्ले वज्रपुरुषोत्तम नामको समाधिबाट उठी वज्रपुरुषोत्तम पटल यसरी आज्ञा भयो । ओंकार,

काय वज्र हो । आःकार वागवज्र हो । हूंकार चित्तवज्रको प्रतीक हो । यी तीन बीजाक्षरलाई मन्त्रपुरुष भनिन्छ । भ्रूं बीजाक्षर आलय हो । यो आलयमा ओं आः हू त्रिवज्रको उत्पत्ति भयो भनी भावना गर्नु । यो भावनालाई गुह्य समयले आज्ञा भएको हो । अनि यही ओं आः हूँ तीनै कालका बुद्धहरूको काय वाक् चित्त हुन् भनी भावना गर्दा बुद्ध बोधि लाभ हुने हुन्छ । यसरीं गावना गर्नुलाई बुद्ध पुरुष र मन्त्र विद्या भनिन्छ । यो भावना एकान्त रमणीय स्थानमा वसी १५ दिनसम्म गरेमा सिद्ध हुने हुन्छ ।

यसै गरी ओं कारले बुध्द काय स्वरूप वैरोचन सिद्ध हुने तथा आःकारले बुद्ध वाक् स्वरूप अमिताभ सिद्ध हुने र हूँ कारले बुद्धचित्त स्वरूप अक्षोभ्य सिद्ध हुने कुरो आज्ञा भयो । यसै गरी खँकारले ख वज्र समय फेरी हूंकारले मञ्जुश्री समय लींकारले बुद्धज्ञानाग्र समय । ओंकारले अक्षोभ्य समय त्रांकारले रत्न केतु समय आदि ओंआ हूँको विविध साधना गर्ने विधि आज्ञा भयो । अनि यो विधिहरूलाई पाठ मात्र गरे पनि वज्र घरत्वको सिध्दि लाभ हुन्छ भनी आज्ञा भयो ।

एकादश अध्याय समाप्त

द्वादश पटल

अनि वज्रधर शास्ता त्रिवज्रसमयतत्व वाक् वज्रले यसरी आज्ञा भयों । यहाँ जति साधनका कुराहरू बताइन्छ । ती सबै निर्विकल्प स्वभावका र स्वभाव शुध्द संझनु पर्छ तथा आकाश तत्वसमान संझनु पर्छ र यो यौटा नाटक हो भन्ने संझनु पर्छ।

शून्य जङ्गल वा पर्वतमा यो साधन गर्नु पर्छ । मं बीजाक्षरलाई बुध्दको काय वाक् चित्त संझी आफ्नू काय वाक् चित्तमा फैलियो भनी भावना गरेमा मञ्जुवज्रसमान हुने हुन्छ । यो साधनलाई मञ्जुश्री वज्राग्र समय भनिन्छ । यसै गरी चक्र समय

वज्र समता, पद्म समता, सर्व खड्गोत्तम आदि साधन गर्ने कुरो आज्ञा भयो ।

यसै गरी ओं आः हूँ वीजाक्षर प्रत्येकलाई एक गुटिका (गोली) सझी त्यो चना जत्रो गुटिकामा आफ्नू रुचि अनुसारको देवताको स्वरुप संझी त्यो आफ्नू मुख भित्र स्थिर रहेको भावना गर्नु । यसो गर्दा चक्र विद्याधर, वज्र विद्याधर, रत्न विद्याधर, पद्म विद्याधर, खड्ग विद्याधर आदि सिध्द हुने कुरो आज्ञा भयो । यसैं गरी खधातु समत वज्रा कर्षण, त्रैधातुका समया कर्षण आदिको साथै सर्वसमयज्ञान वज्राहार आदिको पनि वर्णन गर्नु भयो । साथै पञ्चाभिज्ञा जातिस्मरण आदि सिध्दि लाभ हुने कुरो पनि आज्ञा भयो । (यहाँ उल्लिखित श्लोक यौटा स्मरणीय छ)

‘‘गङ्गा वालुकसमैः क्षेयैः कायवाक्चित्त लक्षणम्।।
स वेत्ति सर्वसत्वानां चित्ताख्य नाटकोद्भवम्।।

अर्थात् गङ्गा वालुक समान लोक धातुहरू र काय वाक् चित्तमा भेद छैन । यो कुरो जसले बुझ्छ त्यसले सवै प्राणीहरूको चित्त नाटक समान हुन् भनी जान्दछ ।

अनि सेवा उपसाधन साधन महासाधन यी चार विषयका कुराहरू पनि उल्लेख गर्नु भयो । यी चार विधिलाई वज्र चतुष्टय भनिन्छ । त्रिवज्र (कायवाक्चित्त) को साथै वज्र चतुष्टयको पनि उपभोग गर्नु पर्छ भन्ने भाव आज्ञा गर्नु भयो ।

द्वादश अध्याय समाप्त

त्रयोदश पटल

अनि सवै तथागतहरू र बोधिसत्वहरू संमिलित भई पूजा समयको तत्वलाई जान्ने श्रीबज्रधरलाई यस्तो विन्ति गरे । हजूरले आज्ञा भएको उपदेश बुद्धनय धर्मनय बोधिनय तथा मन्त्रनय शान्त स्वरूपका छन् । यो उपदेश अनुत्पन्न निर्विकल्प स्वभावका भइकन पनि ज्ञानोत्पाद गर्ने खालका छन् ।

हजूरले वज्रजाप मन्त्रजाप सम्बन्धी ज्ञान आज्ञा हुनु होस् भन्ने अनुरोधमा श्री वज्रधरले यस्तो आज्ञा गर्नु भयो कायवाक्चित भिन्नै नसंझी कायवाक्चित्तले एकसाथ जप गर्नु सर्वाङ्गमा मन्त्र फैलाउनुलाई वज्रजाप भनिन्छ। यसै गरी ज्ञान वज्रद्वारा बुद्ध पूजा गर्नु। तथा कायजाप गर्नु। वाग्जाप गर्नु, घित्तजाप गर्नु भन्ने आज्ञा भयो। निःस्वभाव भावना गरेर गरिने जाप रत्नजापो अमोघजाप, क्रोधजाप, मोहजाप, रागजाप, द्वेषजाप, नपुंसकजाप आदि विभिन्न जाप भेद वर्णन गर्नु भयो। अनि चक्रमन्त्र, वज्रमन्त्र, रत्नमन्त्र, पद्ममन्त्र, खड्गमन्त्र आदि मन्त्रका भेदहरू आज्ञा गर्नु भयो साथै यिनोहरूको उपयोगिताको वारे पनि चर्चा गर्नु भयो। यी सबै क्रियाहरू नाटक झैं हो भन्ने कुरो पनि स्पष्ट पार्नु भयो।

अनि महावैरोचन लोचना तथा यमान्तक आदि दश क्रोध राजाहरू र धर्म सत्व आदि अप्रसिद्ध देवताहरूको पनि साधन गर्ने विधिहरू उल्लेख गर्नु भयो।

त्रयोदश अध्याय समाप्त

चतुर्दश पटल

अनि श्री वज्रधर भगवान्ले विविध समाधिद्वारा विविध मन्त्र उत्पन्न गरी त्यसको गुण समेत वर्णन गर्नु भयो। ती मन्त्रहरू मध्ये तारा तथा अमृत कुण्डली मन्त्र प्रसिद्ध छन्। अनि पञ्च तथागतहरूले पनि विविध समाधिद्वारा विविध मन्त्र उत्पन्न गरी त्यसको फल आज्ञा भयो। अनि श्रीबज्रधरले आकर्षण वशीकरण मारण उचारण आदि विधि पनि आज्ञा भयो। अन्तमा कायवाक्चित्त वज्रलाई कीलन गर्ने विधिको तथागतहरूले प्रशंसा गर्नु भयो।

चतुर्दश अध्याय समाप्त

पञ्चदश पटल

अनि वज्रधर पहिले अध्यायमा झैं यहाँ पनि जातिपातिको भेदभाव नगरी चाण्डल कन्या रजक कन्या नट कन्या अथवा ब्राह्मण वैश्य क्षेत्रिय शूद्रकन्याहरूमध्ये कुनैलाई ल्याएर चारकुने मण्डल वनाई वज्र मण्डल साधना गर्ने कुरा आज्ञा भयो । यसकारण श्रीवज्रधर भगवानलाई काम मोक्षसमयबज्र भनिन लाग्यो । यस पछि श्रीबज्रधरले विभिन्न समाधिद्वारा विभिन्न मन्त्र उत्पन्न गरी त्यसको फल आज्ञा भयो । साथै अन्तर्धान हुने धेरै प्रयोगहरू पनि आज्ञा भयो । साथै विष आकर्षण गर्ने विष शान्त गर्ने विविध प्रयोग पनि आज्ञा भयो । अनि नाना रोग शान्त गर्ने विधि पनि आज्ञा भयो । अनि श्रीवज्रधरले अन्तमा यस्तो आज्ञा भयो ।

स्वप्नोपमेषु धर्मेषु अनुत्पाद स्वभाविषु ।
स्वभाव शुद्धतत्त्वेषु भ्रान्तिवज्र : प्रगीयते

सवै पदार्थहरू स्वप्न समान हुन्छन् । अतः अनुत्पाद स्वभावका र स्वभाव शुद्ध भएका पदार्थहरू हुन्छन् । यहाँ जति उल्लेख गरियो ती सवै भ्रान्तिमात्र हुन् । यति आज्ञा भई विविध सिद्धि सूचक स्वप्नहरू पनि आज्ञा भयो । अनि तथागतहरूको अनुरोध अनुसार सवै वस्तुहरू निःस्वभाव हुन् स्वप्न समान हुन् । मन्त्र सिध्दि पनि निःस्वभाव हुन् भनी आज्ञा भयो ।

पञ्चदश अध्याय समाप्त

षोडश पटल

अनि श्रीबज्रधरलाई तथागतहरूले वज्र पदद्वारा स्तुति गरी वज्र पूजाद्वारा पूजा गर्नु भयो । अनि बज्रधरले वज्रमण्डल सिध्दि समयराजच्यूत नामको समाधि गरी बज्रकाय मण्डल, बाग्वज्रमण्डल चित्त बज्रज्ञान मण्डलको प्रमाण पूजा गर्ने विधि आदि वर्णन गर्नु भयो । यो विधिमा वज्र सूत्र रज पातन गर्नु हुंदैन किनभने हूं ओं आ भन्ने सत्वको यो मण्डल हो । यसमा

त्रिवज्र योगद्वारा वैरोचन लोचना बज्र सत्व मामकीको पूजा हुन्छ । यसो गर्दा मन्त्र सिद्धि हुन्छ भनी आज्ञा भयो । हूँ (चित्त) ओं काय) आः (वाक्य) रूपी देवतालाई प्रसन्न गर्न अद्भूतको विट् मूत्र मास तैल (बोसो) तथा चित्त संभव शुक्रद्वारा बलि आध्यात्मिक पूजा गर्दा मन्त्र देवता तृप्त हुने हुन्छ । वाह्य मण्डल लेख्दा सूत्रपातन रजपातन गरिलेखिन्छ । तर यो आध्यात्मिक -मण्डलमा सूत्रपातन रजपातन गर्ने पचीस प्रकारका हुन्छन् भन्ने कुरो पनि आज्ञा भयो यसै गरी आध्यात्मिक होम पनि गर्नु पर्छ भन्ने आज्ञा भयो । मन्त्रदेवताको कुनै भेदभाव हुंदैन वहाँलाई हातिको मासु आदि र विण्मूत्र पनि चढाउनु हुन्छ यसमा भेदभाव छैन भनी आज्ञा भयो । यसरी साधन महासाधन तथा संचोदन । वज्रयानमा गरिने आध्यात्मिक प्राणातीपात, अदत्तादान, काममिथ्याचारको पनि व्याख्यान गर्नु भयो । समयचोदन, समयप्रेरण समयमन्त्रण समय बन्धन यी चारलाई चतुः समयपद भनिन्छ । साधन गर्दा यिनीहरूलाई पनि प्रयोग गर्नु पर्छ । अनि वीः, चुं, जँ, क्षि आदि प्रत्येक वीजाक्षर द्वारा विभिन्न देवता यक्ष आदि साधना गर्ने कुरो पनि आज्ञा भयो । साथै लोचना देवी मामकी देवीको पूजा गरी बुद्धत्व लाभ गर्ने विधि पनि आज्ञा भयो । यसो गर्दा कन्दमूल फल आदि मात्र खाने नियम पनि आज्ञा भयो । अन्त्यमा विद्याव्रतको पनि चर्चा गर्नु भयो ।

पटल षोदश अध्याय समाप्त

सप्तदश पटल

अनि सबै तथागतहरूले अक्षोभ्य आदि पञ्चबुद्ध तथा वज्र सत्व स्वरूपको श्रीवज्रधरलाई स्तुति गर्नु भयो । अनि बज्रधरले पनि समयचतुष्टलाई रक्षा गर्नु पर्छ भनी आज्ञा भयो । अनि प्रत्येक बुद्ध समय, श्रावक समय, ब्रह्मसमय, रूद्रसमय, विष्णु समय, त्रिबज्र समय, यक्ष समय, भुजगेन्द्र समय, सुरकन्या समय,

राक्षस श्री समय, सर्ववज्र डाकिनी समय आदि धेरै समयका कुराहरू आज्ञा भयो। यतै प्रसङ्गमा यस्तो पनि आज्ञा भयो।

''पञ्चस्कन्धाः समासेन पञ्चबुद्धाः प्रकीर्तिताः।
वज्र आयतनान्येव वोधिसत्वाग्रा मण्डलम्॥ साथै
पृथिवी लोचना ख्याता अन्धातुर्मामकी स्मृता।
पाण्डराख्या भवेततेजो वायुस्तारा प्रकितिता
खवज्र धातु समय सैव वज्रधरःस्मृतः

अर्थात् पञ्चस्कन्ध नै पञ्चबुध्द हुन्। द्वादश यतन नै वोधिसत्व मण्डल हुन्। तथा पृथिवी लोचना हो, आप मामकी हो। पाण्डरा तेज हो, वायु तारा हो तथा आकाश वज्रधर हो।

बज्राचार्य तथा वोधिचित्तको समता छ भन्ने प्रकाश पार्नु भयो। तथा महत्वको चर्चा गर्नु भयो। अनि वोधिसत्व सभव वज् नामको महामण्डलमा अभिषेक लाभ हुने कुरो आज्ञा भयो। साथै वज्ाहार समय भावना गर्ने विधि तथा बज् पूजा विधि आाज्ञा हुने भयो अनि सम्वर संबन्धी कुरो र नियम, साथै केही साधनका कुराहरू आज्ञा भयो।

अनि महावज्रधरलाई मामकी, लोचना पद्मिनी तारा देवीहरूले संबोधन गर्दै भन्नु भयो हे मन्जुनाथ! हजूर जोवित हुन चाहनु हुन्छ भने हामीहरूलाई उपभोग गर्नु होस् र बुध्द धर्म रक्षा गर्नु होस्, जगत सत्व उद्धार गर्नु होस्। अनि श्रीवज्रधरको समाधिको प्रभावले उज्वल भएका सबै प्राणीहरूलाई अभिषेक दिनु भयो। त्यस बेला देखि श्रीबज्रधरलाई सबै प्राणीहरूले समन्तभद्र भन्ने नामाकरण गरे। अनि सर्व बुध्द धर्म समताको व्याख्यान गरी राग चर्याले पनि बुध्द बोधि लाभ हुन सक्छ भन्ने कुरो आज्ञा भयो। तथा पञ्चस्कन्व आदि पनि आकाश समान हुन् भन्ने आज्ञा भयो।

यति आज्ञा भए पछि श्रीवज्रधरले वज्र धर्म संबोधन गरी यस्तो आज्ञा भयो हे वज्र धर्म! तिमीलाई सबै तथागतहरूले धर्मेश्वर वज्रगज भन्ने पदको अभिषेक दिनु भएको छ। अतः

सर्वतथागत समय तत्वलाई धारणा गर । त्यस पछि सवैं तथागतहरूले त्रिवज्र तत्वाक्षर (ओं हू आः) मा आफ्नो काय वाक् चित्त प्रवेश गराउनु भयो । वैरोचन त्रिधातुमा विहार गरी सर्वतथागत समता भावना गर्नु भयो। यसै गरी वाग्वज्रले वाकसमता भावना गर्नु भयो । बज्रधरले चित्तसमताको भावना गरी चूप लाग्नु भयो ।

सप्तदश अध्याय समाप्त

अष्टादश पटल

अनि मैत्रेय प्रभृति वोधिसत्वहरूले सबै तथागतहरूको कायवाक्चित्त गुह्यको व्याख्यान यथार्थं रूपले बुझेर तथागतहरूलाई यसरी स्तुति गर्नु भयो ।

श्रीवज्रधर समन्तभद्रको कायवाक्चित्तको निर्णय अद्भूतको हो । किनभने महावज्रधर त्रिवज्र (कायवाक्चित्त) द्वारा त्रिवज्रमा बिहार गर्नु हुन्छ । सवै प्राणीहरू यही त्रिवज्र स्वभावका हुन्छन्। उनीहरूले वोधिवज्र पद प्राप्त गरी बुद्धवज्र प्राप्त गर्ने हुन्छन् । यो आश्चर्यको विषय हो । जुन ज्ञान शान्त अतिन्द्रिय तथा परम निर्वाण स्वरुपको हुन्छ । यस्तो स्तुति सुनी वोधिसत्वहरूलाई यस्तो आज्ञा भयो । तिमीहरूले राम्ररी नै बुझौ ।

अनि बोधिसत्वहरूले श्रीवज्रधर तथागतहरूको पूजा भाव गरी तन्त्रमा प्रयोग भएको गूढ शव्दहरूको अर्थ प्रकाश गर्नु होस् भनी अनुरोध गरे पछि गुह्य शव्दको अर्थ के हो तथा योग आदिको अर्थ के हो भन्ने प्रश्न सुनी सवै तथागतहरूले प्रश्नहरूको उत्तर क्रमशः यसरी आज्ञा भयो । कायवाक्चित्तलाई त्रिगुह्य भनिन्छ । समाज शव्दको अर्थ मिलन हो । प्रज्ञोपायसमापत्तिलाई योग भनिन्छ । निःस्वभाव ज्ञानलाई प्रज्ञा भनिन्छ । भाव स्वभावलाई उपाय भनिन्छ । प्रवन्ध शब्दको अर्थ र तन्त्र शव्दको अर्थ एउटै हो । आधार तन्त्र, प्रकृति तन्त्र, असंहार्य

तन्त्रको भेदले तन्त्र तीन प्रकारका हुन्छन् । पञ्चकुल त्रिकुल स्वभाव कुल शत कुलका कुराहरू तन्त्रमा हुन्छन् । तथा पञ्च कुललाई तत्व पनि भनिन्छ । त्रिकुल भनेको र गुह्य भनेको यौटै हो । अघि देव रहस्य कुललाई शत कुल भनिन्छ । आदि अन्त नभएको भाव अभाव रहित व्यापक तथा शून्यता र करुणा-देखि अभिन्न तत्वलाई बोधिचित्त भनिन्छ कायवाक्चित्तको नत भेद छ नत भेद छैन भने ज्ञानलाई विद्यापुरुष भनिन्छ । वज्र शब्दको अर्थ विज्ञान अर्थात् मन भनेको त्यो वज्रलाई धारणा गर्नेलाई वज्रधृक् भनिन्छ । सबै प्राणीहरूको भूत तथा भौतिक शरीरलाई उत्पन्न गर्नेलाई जिनजिक भनिन्छ । चित्तलाई रत्न भनिन्छ । वेदनालाई जान्ने मत नै रत्नधृक् भनिन्छ । लक्ष्य र लक्षणको स्वभावले सर्वत्र रमाइलो मान्नेलाई आरोलिक् भनिन्छ। उत्कृष्ट ज्ञानलाई प्रज्ञा भनिन्छ । अतः संस्कार तथा चेतनालाई धारणा गर्नेलाई प्रज्ञाधृक् भनिन्छ ।

यसै गरी वज्रयान शब्दको अर्थ तथा यमान्तक आदिको वर्णनको साथै समन्तचर्या मन्त्रचर्या आदिको पनि वर्णन गरेको छ । सबै देवताहरूको शिरमा अर्को देवता राख्ने नियमलाई मुद्रण गर्ने भनिन्छ । यस्तो मुद्रण नियम पनि वर्णन गरेको छ ।

उत्पत्तिक्रम र उत्पन्न क्रमको पनि संक्षेपमा वर्णन गरेको पाइन्छ । साथै कलशाभिषेक, गुह्याभिषेक, प्रज्ञाज्ञानाभिषेक, यी तीन लौकिक अभिषेक र लोकोत्तराभिषेक चतुर्थाभिषकको वर्णन पनि पाइन्छ । वज्रयानको अभिषेक लिएका वधु वरले परस्परमा वियोग गर्नु हुँदैन त्यसकारण विछोड नगर्ने प्रतिज्ञा गर्नु पर्छ भन्ने उपदेश पनि दिएको पाइन्छ । यसलाई विद्या वृत भनिन्छ ।

आध्यात्मिक पञ्चामृत तथा प्रत्याहार, ध्यान, प्राणायाम, धारणा, अनुस्मृति, समाधि, यी षडङ्गयोगको फल पनि उल्लेख गरेको पाइन्छ ।

यस्तो सबै पारिभाषिक शब्दको अर्थ आज्ञा भएपछि बोधिसत्वहरूले सबै तथागतहरूको यस्तो स्तुति गर्नु भयो ।

''नमस्ते सर्वकायेभ्य सर्ववाग्भ्यो नमो नमः
नमस्ते सर्वचित्तेभ्यः सर्वहृद्भ्यो नमो नमः ।।

यस्तो स्तुति सुनी सबै तथागतहरूले बोधिसत्वहरूलाई धेरै साधुवाद दिनु भयो । साथै यो साधनमा लाग्ने त्यतिले गर्नु पर्ने नियम पनि आज्ञा भयो ।

गुह्यसमाज तन्त्रको सारांश समाप्त

ललितविस्तरः सूत्रम्

नमः सर्वबुद्धबोधिसत्वेभ्यः

ॐ नमो दशदिगनन्तापर्यन्तलोक धातुप्रतिष्ठित सर्वबुद्ध बोधिसत्वेभ्यः श्रावकप्रत्येकबुध्देभ्योऽतीतानागतप्रत्युत्पन्नेभ्यः ।।

निदानपरिवर्त्तः प्रथमः

(ग्रन्थसंग्रह गर्ने संगीतिकारले जुनसुकै सूत्रग्रन्थमा पनि "एवं मया श्रुतम्" यस्तो मैले सुनेको छु भन्ने वाक्यबाट सूत्रारम्भ गरेको हुन्छ) यहाँ पनि यही रितले उतथान गरेको छ।

कुनै समय भगवान् बुद्ध श्रावस्ती नगरको अनाथपिण्डले बनाएको जेतवन महाविहारमा धेरै भिक्षुहरूको साथमा विराजमान हुनु भएको थियो । ज्ञानकौण्डिन्य आदि बाह्र हजार श्रावक भिक्षुहरू र मैत्रेय आदि वत्तिस हजार बोधिसत्त्वहरू पनि त्यहाँ बस्नु हुन्थ्यो । श्रावस्ती नगरमा राजा, राजकुमार, मन्त्री तथा क्षेत्रीय, ब्राह्मण, गृहपति आदि जनताहरूले श्री भगवान् बुद्धको ठूलो सत्कार गर्दथे । भगवान् बुद्धले पनि "आदौकल्याणं मध्ये कल्याणं पर्यवसाने कल्याणं, स्वर्थं सुव्यंजनं केवलं परिपूर्णं परिशुध्दं पर्यवदातं ब्रह्मचर्यं प्रकाशयति स्म:"अर्थात् जगतहित हुने सद्धर्म देशना गर्नु हुन्थ्यो ।

एक दिन मध्य रातमा भगवान् बुद्ध बुद्धलंकार व्यूह नामको समाधिमा बस्नु भएको थियो । त्यसबेला भगवान् बुद्धको उष्णीशबाट पूर्वबुद्धानुस्मृत्यऽसङ्गज्ञानालोकालङ्कार नामको रश्मि निस्क्यो । त्यो रश्मि सम्पूर्ण देव भवनसम्म फैलिदै गए ।

अनि त्यही रश्मिवाट शाक्यसिंह बुद्धकहाँ शान्तविमोक्ष ज्ञान लाभ गर्न जाउ भन्ने प्रेरणादायक गाथाहरू निस्कन थाले । त्यसपछि शुध्दावास कायिक देवपुत्रहरू सबैले बुध्दको अनुभाववाट पहिले पहिलेका सबै बुध्दहरूको चरित्रहरू संझन थाले, उपदेशहरू पनि सम्भन थाले ।

अनि त्यही रातमा ईश्वर, महेश्वर, नन्द आदि शुध्दावास कायिक देवताहरू जेतवन विहारलाई आफ्नू तेजले उज्ज्वल पार्दै आएर भगवान्को पाउमा शिरले वन्दना गरी आ-आफ्नो स्थानमा बसी यसो विन्ती गरे– हे भगवन्! पहिले पहिलेका पद्मोत्तर, धर्मकेतु, दीपंकर आदि धेरै तथागतहरूले ललितविस्तर नाम गरेको धर्मपर्याय व्याख्यान गर्नु हुन्थ्यो । जुन ललितविस्तरमा वोधिसत्वको कुशल मूलको प्रशंसा हुन्थ्यो तुषित भुवनमा विराजमान भएको, गर्भ स्थानमा प्रवेश गरेको लिपी, संख्या, कला, विद्या आदि पढेको अन्तःपुरमा सुख भोग गरेको, वोधिसत्व चर्या पूर्ण गर्न गृहत्याग गरेको, मार पराजय गरेको, बुध्दत्व लाभ गरी दशबल, बैशारद्य, अष्टादश आवेणीक बुध्द धर्म लाभ गरेको आदि वर्ण गरेका हुन्छन् । हजूरले पनि महायान धर्मलाई प्रकाश गर्न र वोधिसत्वहरूलाई उत्साह बढाउन यस्तो ललितविस्तर प्रकाश गर्नु होस् ।"

अनि भगवान् बुध्दले तुष्णी भावले (नबोलिकन स्वीकार गरेको) कुरा बुझेर देवताहरू प्रसन्न भई वन्दना गरी अन्तर्धान भए ।

अनि भोलिपल्ट श्री भगवान् बुध्द करीरमण्डलमाड नामको धर्मदेशना गर्ने ठाउँमा पाल्नु भयो र आफ्नो आशनमा राज भएर सबै भिक्षुहरूलाई सम्वोधन गर्दै यस्तो आज्ञा भयो – हे भिक्षुहरू हो ! आज मध्य रातमा ईश्वर महेश्वर आदि शुध्दावास कायिक देवताहरू आई मलाई ललितविस्तर देशना गर्नु होस् भनी अनुरोध गरेर अन्तर्धान भए । भगवानको यस्तो वचन सुनी वोधिसत्व र महाश्रावकहरूले पनि हात जोडी भगवान्लाई

यस्तो विन्ती गरे– हे भगवन् ! हजूरले पनि सो ललितविस्तर धर्मपर्याय देशना गर्नु होस् । यसवाट देवमनुष्य सवैको हित हुनेछ, वोधिसत्वहरूलाई पनि हित हुनेछ । यति विन्ती सुनी श्री भगवान् बुद्धले सवै उपर करूणा दृष्टिले हेर्नु भई धर्म व्याख्यान गर्न थाल्नु भयो ।

समुत्साहपरिवर्तो द्वितीयः

हे भिक्षुहरू हो ! ललितविस्तर नामको धर्मपर्याय सूत्र भनेको के हो ? सो कुरा म बताउँछु सुन– पुण्यसंभार र ज्ञानसंभारले पूर्ण भएको, समय र विपश्यनाले विशुद्ध भएको सम्यक् सम्वोधि लाभ गर्न तत्पर भएको श्वेतकेतु नामको देवपुत्र तुषित भुवनमा वस्नु हुन्थ्यो । वहाँ वोधिसत्व महाविमानमा आनन्दसग बसिरहेको बेलामा मधुर तूर्यसंगीति वजी रहेको थियो । त्यो ध्वनिबाट शुभकर्मको प्रेरणा दिने यस्तो गाथाहरू पनि निस्कन थाल्नेको थियो– हे बोधिसत्व ! दीपंकर बुद्धले तिमी हुनेछौ भनी व्याकरण गर्नु भएको संझेका छौ ? तथा दान पारमिता, शील पारमित्रा, ध्यान पारमिता, वीर्य पारमिता, प्रज्ञापारमिता आदि पूर्ण गरी जनहित गर्न बुद्ध हुन्छु भन्ने बोधिचित्तलाई संझेका छौ ? सबै प्राणीहरूलाई करूणा गर्ने समय यही हो, उपेक्षा नगर्नु होस्, यहाँबाट च्युति भई मर्त्यलोकमा उत्पन्न भई मार पराजय गरी बोधिलाभ गरेर क्लेशाग्निले दाह भएका मनुष्यहरूलाई अमृत वर्षा गर्ने समय यही हो । यस्तो उत्साहपूर्ण प्रेरणा दिने गाथाहरू सुनेर श्वेतकेतु बोधिसत्व उत्साहित हुनु भयो ।

कुलपरिशुद्धिपरिवर्तस्तृतीयः

अनि भगवान् बुद्धले भिक्षुहरूलाई सम्वोधन गरी आज्ञा भयो– हे भिक्षुहरू हो ! अनि श्वेतकेतु बोधिसत्व यो वाद्य ध्वनिवाट प्रेरित भई महाविमानबाट निस्केर धर्मोच्चय नाम गरेको महाप्रासादमा पुग्नु भयो र त्यहाँ सिंहासनमा बसी त्यहाँ

उपस्थित अरू बोधिसत्वहरूलाई यसरी आज्ञा भयो– अब बाह्र वर्ष पछि म आमाको गर्भमा उत्पन्न हुनेछु। यस्तो आज्ञा भएको सुनी देवपुत्रहरू ब्राम्हणको भेषमा जम्बूद्वीप गई ब्राम्हणहरूलाई वेद पढाउन थाले ।

त्यस बेला देवपुत्रहरूले ब्राम्हणहरूलाई वत्तीस लक्षणको चिह्नहरू बताए । वत्तीस लक्षणले युक्त भएका व्यक्तिहरू घरमा बसे भने चक्रवर्ती राजा हुनेछ, त्यसको चक्ररत्न, हस्तीरत्न अश्वरत्न, स्त्रीरत्न, मणिरत्न, गृहपतिरत्न, परिणायकरत्न गरी सातरत्नहरू उत्पत्ति हुनेछन्, घरमा वसेन भने काम राग त्याग गरी बुद्ध बन्ने छन् आदि कुरा पनि सिकाए ।

अनि अरू देवपुत्रहरूले पनि जम्बूद्वीपमा आई प्रत्येक बुध्दहरू कहाँ गई यस्तो कुरा सुनाए– ''वाह्र वर्ष पछि श्वेतकेतु बोधिसत्व आमाको कोखमा प्रवेश गर्नेछ। त्यसकारण हजूरले बुध्द क्षेत्र छोड्नु योग्य छ।''

अनि भगवान्ले भिक्षुहरूलाई सम्वोधन गरेर फेरि आज्ञा भयो– हे भिक्षुहरू ! त्यतिखेर राजगुहमा गोलाङ्गुल परिवर्तन नामको पर्वतमा मातङ्ग नामको प्रत्येक बुध्द बस्नु हुन्थ्यो देवताहरूको कुरा सुनेर वहाँले तेजोधातु नामको समाधि गरी आकाशमा उडेर आफ्नै तेजले भस्म भई निर्वाण हुनु भयो। वहाँको भस्महरू खसेको ठाउँ अद्यापि ऋद्धिपद भन्ने नामले प्रसिद्ध छ।

त्यही बेला वनारसको ऋषिपतन मृगदाव भन्ने ठाउँमा पाँच सय जति प्रत्येक बुध्दहरू बस्नु हुन्थ्यो। वहाँहरूले पनि आकाशमा उडी तेजोधातु समाधि गरी आफ्नै तेजले भस्म भई निर्वाण भएका थिए। वहाँहरूको भस्महरू खसेको सो ठाउँ अद्यापि ऋषिपतन भन्ने नामले प्रसिध्द छ। अनि मृगहरूलाई अभय दान दिई नमार्ने गरिएकोले सो ठाउँलाई मृगदान पनि भनिन्छ।

हे भिक्षुहरू हो ! अनि श्वेतकेतु बोधिसत्वले तुषित भुवनमा वस्दै काल, द्वीप, देश कुल, यी चार कुरालाई परीक्षा गरी आमाको गर्भमा प्रवेश गर्ने निर्णय गरी कपिलवस्तुको शुद्धोधन राजाको महारानी महामायादेवीको गर्भमा उत्पन्न हुने विचार गऱ्या । श्वेतकेतु बोधिसत्वले यस्तो विचार थाहा पाई अरू देवताहरू पनि मायादेवीको दर्शन कपिलवस्तुमा आइपुगे र माया देवीको शील स्वभाव आदि गुण देखि प्रसन्न भए ।

धर्मालोकमुखपरिवर्तश्चतुर्थः

हे भिक्षुहरू ! अनि श्वेतकेतु बोधिसत्वले आफू जन्म हुने कुल हेरेर उच्च ध्वज नामको महाविमानमा बसी तुषित भुवनका देवताहरूलाई धर्मदेशना गर्न लाग्नु भयो– हे देवपुत्र! म कसरी च्यूति भई गर्भमा प्रवेश गर्नेछु भन्ने कुरा व्यक्त गर्न च्यूत्याकार प्रयोग नामको धर्मानुस्मृति वर्णन गर्छुँ ध्यान दिएर सुन ।

यस्तो च्यूति हुने कुरा सुनी सबै देवपुत्रहरू दिक्क मानी आफ्नो सुन्दर देवभवनहरू पनि श्मशान जस्तो अनुभव गर्न थाले । अनि देवताहरूको आशय बुझी श्वेतकेतु बोधिसत्वले आज्ञा भयो– वोधिसत्वहरू जव च्यूति हुन्छ त्यतिखेर हरेक बोधिसत्वले एक सय आठ धर्मालोकमुख नामको उपदेश अवश्य पनि देवताहरूलाई प्रकाश गर्ने हुन्छन् । जस्तै श्रध्दा मार्षा, धर्मालोकमुखमभेद्याशयतायैसंप्रवर्तते अर्थात् हे देवताहरू हो ! श्रध्दाले धर्मालोकमुख नामको धर्म नबिगार्ने आशय उत्पन्न हुनेछ आदि एक सय आठ उपदेश सुनाउनु भयो । ती एक सय आठ उपदेशहरू सुनी धेरै देवपुत्रहरूले अनुत्पत्तिक धर्मक्षान्ति लाभ गरे । तुषित भुवनमा दिव्यपुष्प वृष्टि भयो । त्यस पछि सबै देबपुत्रहरूलाई सम्वोधन गरी यस्तो आज्ञा भयो– प्रमाद, नगर, दिव्य सुखमा मात्र नभूल, यो संसार माया मरीची, विजुली एवं फींज जस्तो छ; सुख भोग भनेको प्यास लागेकोले नून पानी खाएर प्यास नहटे जस्तै न अघाउनु हो । इत्यादि जगतसत्व हित गर्ने उपदेश दिनु भयो ।

प्रचलपरिवर्तः पञ्चमः

अनि भगवान् बुध्दले भिक्षुहरूलाई सम्बोधन गरी आज्ञा हुनु भयो– हे भिक्षुहरू हो ! श्वेतकेतु बोधिसत्वले यसरी अष्टोत्तरशत धर्मालोकमुखको व्याख्यान गरी अब म जम्बूद्वीपमा जान्छु , मैले बोधिसत्वचर्या चलाउंदा चतुसंग्रह वस्तुद्वारा प्राणीहरूलाई निमन्त्रणा गरेको थिएँ, यदि म अकृतज्ञ भएको भए हे देवपुत्र ! मैले अनुत्तर सम्यक् सम्बोधि लाभ गर्न सक्ने थिएन ।

श्वेतकेतु बोधिसत्वको यस्तो वचन सुनी तुषित भुवनका देवपुत्रहरू रूंदै बोधिसत्वको पाउमा परी यसरी विन्ती गरे– हे सत् पुरूष हजूर विना यो तुषित भुवन अँध्यारो हुनेछ । देवपुत्रको यस्तो वचन सुनी बोधिसत्वले आज्ञा भयो– मैत्रेय बोधिसत्वले यहाँ तिमीहरूलाई धर्मदेशना गर्नेछ, म पछि बुद्ध हुने बोधिसत्व वहाँ नै हुनुहुन्छ । यति भनी आफ्नो टाउकोबाट पत्तमौल (पगडी) झिकी मैत्रेय बोधिसत्वलाई लगाइदिनु भयो र भन्नु भयो– हे देवपुत्रहरू ! तिमीहरूको मनमा बोधिसत्वले विभिन्न रूप लिई आमाको कोखमा जन्म लिनु हुन्छ भन्ने लागेको होला तर म ब्राम्हणहरूको वेद शास्त्रमा बताए जस्तै वत्तीस लक्षणले युक्त भएको हाँत्तीको रूप लिई जन्म लिन जादैछुं ।

अनि भगवान् वुध्दले भिक्षुहरूलाई यस्तो आज्ञा भयो– भिक्षुहरू हो ! बोधिसत्वको प्रभावले शुद्धोधन महाराजको घरमा आठ शुभ लक्षणहरू उत्पन्न हुन थाले । देश भरी झिंगा लामखुट्टे आदि रहित भए चारैतिर सफा सुग्घर हुन थाल्यो हिमालयमा रहने राम्रा राम्रा चराहरू आएर राजदरवारमा बसी गाउन थाले । उद्यानहरूमा विभिन्न जातका व्यमौसमका फूलहरू फूल्न थाले । यसरी विभिन्न शुभ लक्षणहरू उत्पन्न भएको देखेर माया देवी नुहाई धुवाई गरी प्रसन्न मनले राजा शुध्दोधनको संगीति-प्रासाद (गाना बजाना गर्ने दरवारमा) गई राजाको सामुन्ने प्रेमपूर्वक यस्तो विन्ती गरे– महाराजा ! मलाई बरदान दिनु

होस्, म अष्टाङ्ग उपोषद व्रत बस्न चाहन्छु, मेरो मनमा हिंसाको भाव कति पनि छैन; सबै प्राणीहरू उपर मैत्री चित्त र प्रेम उत्पन्न भएको छ; दशाकुशल पाप छोडो कांम सुख त्याग गरी बस्न चाहन्छु, म कहाँ कोही पनि नपठाइबक्स्योस् । म यसरी सात दिन आनन्दसंग बस्न चाहन्छु । शहरमा कसैलाई दण्ड नदिइबक्स्योस् । यति बिन्ती गरी राजाको आज्ञालाई आनन्दसंग आफ्नो कोठामा बस्नु भयो ।

अनि भिक्षुहरू हो ! चतुर्महाराज, इन्द्र सुयाम तुषित आदि अनेक देवताहरू एकै ठाउँमा बसो परस्परमा यस्तो सल्लाह गर्न थाले – हामीहरूलाई सदुपदेश दिनु हुने श्वेतकेतु बोधिसत्वलाई एक्लै जम्वूद्वीपमा पठायौं भने हामी कृतघ्न हुनेछौं । त्यसकारण वहाँले गर्भमा प्रवेश गरी बुद्ध भई परिनिर्वाण नभएसम्म हामीहरूले वहाँ उपर प्रेमपूवक हितचित्त, मैत्रीचित्तले सेवा गर्नु पर्छ । देवताहरू हो ! बोधिसत्वको पछि लाग्न तस्सनु होस् । वहाँको पछि लाग्यो भने हामी सबै गुणले परिपूर्ण हुनेछौं । देवताहरूको यस्तो बचन सुनी धेरै देवताहरूले यसो भन्न थाले – हामीले स्वर्गको मुखलाई त्यागी ध्यानको सुख लाभ गर्न बोधिसत्वको पछि लाग्नेछौं, बोधिसत्वलाई हामी संधै पुष्प वर्षा गरी आनन्दित र हर्षित पार्नेछौं, हामीले वहाँ बोधिसत्वलाई कहिल्यै एक्लै छोड्ने छैनौं ।

भिक्षुहरू हो ! अनि स्वर्गमा बस्ने देवकन्याहरूको मनमा पनि श्वेतकेतु बोधिसत्वलाई गर्भमा धारणा गर्ने कन्या कस्ती होला भन्ने कौतुहल भयो । कपिलबस्तुमा राजा शुद्धोदन महाराजको धृतराष्ट्र महाप्रासादमा आरामसंग पल्टी रहेकी मायादेवीलाई ती देवकन्याहरूले औंलाले औंल्याउँदै आकाशमै बसी परस्परमा गाथाद्वारा यसो भने – हामीले मायादेवीलाई हात जोडी दर्शन गर्नु पर्छ; वहाँ असाधारण महारानी होइवक्सिन्छ । वहाँको सौन्दर्य तथा शील स्वभावको प्रशंसा गरेर साध्य छैन । यसरी प्रशंसा गरिरहेकै बेला देवताहरूले बोधिसत्व श्वेतकेतुलाई

हजूरको च्यूति हुने समय भएको भए जगतसत्वलाई हित गर्न हजूर च्यूति हुनुहोस् भनी विन्ती गरे ।

अनि बोधिसत्व आफ्नो सिंहासनबाट उठ्नु भई देव, नाग, यक्ष आदि पछि पछि लगाई तुषित भुवनबाट प्रस्थान हुनु भयो । त्यस बेला वहाँको शरीरबाट ठूलो तेजपुंज निस्कन थाल्यो । जुन तेजपुंजले सूर्यले पनि उज्यालो पार्न नसकिने लोक धातुहरूलाई समेत उज्ज्वल पारिदिए । पृथ्वी पनि ६ प्रकारले कम्पमान भयो, १८ प्रकारको शुभ निमित्त, शुभ शकुनहरू निस्कन थाले । प्राणीहरूको मनमा राग द्वेष, मोह, ईर्ष्या, मात्सर्य, मान म्रक्ष (अर्काको गुण छोप्ने प्रवृत्ति) मद, क्रोध, व्यापाद आदि सबै शान्त हुन थाले । त्यसै वखत तूर्य आदि विभिन्न प्रकारका बाजाहरूले मधुर मनोहर शब्दहरू पनि निस्कन थाले । धेरै देवताहरूले हात, काँध र शिरले बोधिसत्वको महाविमानलाई बोकिरहेका थिए । हजारौं अप्सराहरूले आ-आफ्नो संगीतको स्वरद्वारा यसरी स्तुति गर्न थाले – हजूरले पहिले गरेको पुण्यको प्रभावले आज जगतले हजूरको पूजा गरिरहेको छ । हजूरले आफ्ना छोरा छोरी दान दिएको पुण्यले, आफ्नू मासु बाज, बाघ आदिलाई ख्वाएको पुण्यले प्रेत लोकका प्रेतहरूलाई हजूरले उद्धार गर्नु भएको छ । शील, क्षान्ति, बीर्य, ध्यान, प्रज्ञा आदि षडपारमिताको प्रभावले हजूर धर्म मार्ग दशक हुनु भएको छ, उद्धार गर्न योग्य प्राणीहरूलाई उद्धार गर्न हजूर दास जस्तो पनि हुनु भएको छ इत्यादि भनी धेरै स्तुति गरे ।

गर्भावक्रान्तिपरिवर्तः षष्ठः

यति आज्ञा भई सकेपछि भगवान्ले फेरि यस्तो आज्ञा भयो – भिक्षुहरू हो ! शिशिर ऋतु सकिए पछि बैशाख महिनाको विशाखा नक्षेत्रले युक्त भएको पूर्णिमाको दिन उपोषध ब्रत धारणा गरेकी मायादेवीको गर्भमा तुषित भुवनबाट च्यवन भई बोधिसत्वले प्रवेश गरे । त्यस वेला मायादेवीले अद्भुतको सपना

देख्यो । त्यो सपना मायादेवीले न त कहिले देखेको न त कहिले सुनेकै थियो । किन्तु यो स्वप्ना देख्दा बहाँलाई प्रथम ध्यान लाभ गर्दा हुने सुखको अनुभव भएको थियो । त्यस पछि आफ्नू विछ्यौनाबाट उठी बिहानी पख आफ्ना सुसारेहरूको साथमा अशोक वनिका नाम गरेको उद्यानमा गई आनन्दसग बस्नु भयो । अनि आफ्नो सुसारेलाई महाराज शुद्धोधन कहाँ खबर पठायो — "अनुग्रह राखी यस अशोक वनिकामा हज़ूर सवारी होइवक्से वढिया होला ।" रानीको यस्तो सूचना सुनी महाराज शुद्धोधन आफ्नू आसनवाट उठी अशोक वनिका तिर जान लाग्नु भयो । तर राजालाई त्यहाँ जान डरलागेको जस्तो मनमा ठूलो शंका उठ्न थाल्यो । त्यसै बेला शुद्धावासिक देवपुत्रहरूले आफ्नू आधा शरीर देखाएर राजालाई यस्तो आज्ञा भयो – हे महाराज ! तुषित भुवनबाट च्यूंति भई श्वेतकेतु बोधिसत्व मायादेवीको गर्भमा प्रवेश हुनु भएको छ । यस्तो वचन सुन्दै राजा देवी कहां पुगे । अनि महारानीले यस्तो विन्ती गरे – हे महाराज ! आज राती मैले हिउँ, चाँदी जस्तो सेतो सफा गोडा भएको, ६ वटा दन्त भएको अत्यन्त राम्रो हात्ती मेरो पेटमा पसेको स्वप्ना देखेकी छु । यो स्वप्ना शुभ, अशुभ परीक्षा गर्न ब्राम्हणहरूलाई वोलाउन पठाई वक्स्योंस् भनी विन्ती गरिन् । राजाले पनि ब्राम्हणहरूलाई बोलाई सबै वृतान्त सुने ।

यस्तो सपना देख्नु असल हो; हजूरको कूलमा चक्रवर्ती राजा जन्म लिन आउनु भएको छ, यदि बहाँ राज्य चलाउन चाहनु हुन्न भने सबै लोकलाई हित गर्न बुद्ध हुनु हुनेछ भनी ब्राम्हणहरूले विन्ती गरेको सुनी राजा शुद्धोदन प्रसन्न हुनु भयो । अनि मायादेबीलाई सुविस्तासंग बस्नु हुने एउटा घर प्रासाद बनाउने विचार गर्नु भयो । वहाँको यस्तो विचार थाहा पाई चतुर्महाराज इन्द्र सुयाम तुषित सुनिर्मित, परनिर्मित, वशवर्ती आदि बिभिन्न 'देवपुत्रहरू' आएर यो प्रासाद हामी बनाइदिन्छौं भनी राजा शुद्धोदनको समक्ष विन्ती गरे । अनि गर्भमा रहेको

बोधिसत्वले महाव्यूह नामको समाधिद्वारा देबताहरूले बेग्ला बेग्लै बनाएका घरहरूमा र राजा स्वयंले बनाउन लगाएका घरमा एकै साथ प्रवेश गरेको अनुभव देबताहरूलाई भयो । यसरी आ-आफूले बनाएको घरमा मायादेबी पाल्नु भएकोले सबै खुशी भएका थिए ।

अनि देव देवताहरूको मनमा यस्तो शंका भयो– त्यस्तो पवित्र तुषित भुबनमा वस्नु भएको बोधिसत्व दुर्गन्धपूर्ण मनुष्यको गर्भमा कसरी दश महिना सम्म बस्ने होला भन्ने चर्चा हुन थाल्यो । यही शंका आनन्दको मनमा पनि हुन थाल्यो । अनि आनन्दले भगबान्लाई विन्ती गरे- हे भगवन् ! स्त्रीहरूलाई हजूर संधै घीनलाग्दो भनी भन्नु हुन्छ । तर हजुरले कसरी मनुष्यको गर्भमा बस्नु भयो ?

यति भनेको सुनी भगवान्ले आज्ञा भयो– "हे आनन्द ! बोधिसत्वको परिभोगरत्नव्यूह हेर्न चाहन्छौ ?" यति आज्ञा भई सहापति ब्रह्मालाई संझनु भयो र तुरन्तै ब्रम्हलोकबाट सहापति ब्रम्ह भगबान्को सामु उपस्थित हुनु भयो । अनि,भगवान्ले वहाँलाई सोध्नु भयो– बोधिसत्वले उपभोग गरेको रत्नव्यूह अहिले कहाँ छ ? यदि ब्रम्हलोकमा छ भने सबैलाई देखाउन ल्याऊ भनी आज्ञा भयो । अनि ब्रम्हाले त्रार्यत्रिंशत भुबनदेखि ब्रस्हलोक सम्मका सवै देवताहरूलाई बोधिसत्वले गर्भमा उपभोग गरेको रत्नव्यूह मथागत कहाँ लग्न लागेको छु हेर्न इच्छा हुनेहरू आए हुन्छ भन्ने घोषणा गरी रत्नव्यूहलाई बोकेर तथागत कहाँ ल्याए ।

त्यो रत्नब्यूह ठूलो गजूर भएको कूटागार थियो । त्यो कूटागार भित्र अर्को कूटागार, अनि त्यसभित्र पनि फेरि अर्को कूटागार रहेको थियो । यसको सौन्दर्य अवर्णनीय थियो । यही कूटागार भित्र बोधिसत्वले आमाको गर्भमा दश महिना बिताएको थियो ।

अनि सोही बेला महापृथ्वीलाई छिचोली ठूलो पद्म कमल एउटा उत्पत्ति भयो। सो कमलको केशरहरूमा महको विन्दूहरू जम्मा भएका थिए। ती मधुओज ब्रम्हाले टिपी बोधिसत्वलाई रोजिन्दः चढाउंथ्यो। यो कुरा सारथी नरोत्तम र महाब्रम्हालाई सिवाय अरू कसैलाई थाहा थिएन। त्यो कूटागार भित्र बोधिसत्वले उपभोग गर्ने अत्यन्त नरम र सुन्दर दोशाल पनि उत्पत्ति भएको थियो। सो कूटागारमा बोधिसत्व पाल्नु हुंदा अरू प्राणीको जस्तो कलल, अर्बुद आदि विकशित भई गर्भ पूर्ण भएको थिएन। किन्तु सर्वाङ्गपूर्ण शरीर एकै चोटी उत्पन्न भएको थियो।

जुन बेला मायादेवीको गर्भमा बोधिसत्व रत्नव्यूह कूटागारमा बसिरहनु भएको थियो त्यस बेला त्यहाँ यक्ष बज्रपाणी, उत्खली, समुत्खली, ध्वजवती नामकी परिचारिका देवताहरू पनि वहाँको सुरक्षा गर्न नित्य उपस्थित हुन्थे। बखत बखतमा बोधिसत्वको शरीरबाट ठूलो तेज पुंज निस्कन्थ्यो। त्यस पछि यक्षहरू, देवताहरू, ब्रम्हाहरू पनि उपस्थित हुन्थे र धर्महरू उपदेश सुनी बिदा हुन्थे। यसै गरी अरू लोक धातुका हजारौं बोधिसत्वहरू पनि धर्म श्रवण गर्न आउंदथे। यो कुरा देवताहरूले मात्र देखेका थिएनन्। मायादेवीले पनि जब आफ्नू गर्भमा मन लगाई हेर्दथे त्यस बेला वहाँले पनि रत्नगर्भ कूटागारलाई तथा बोधिसत्वलाई देखेको अनुभव गर्थे।

जुन बेला बोधिसत्व गर्भमा थिए त्यस वेला महारानीको दर्शन गर्न आएका असंख्य नरनारीहरूको सबै प्रकारका रोगहरू स्वतः शान्त भएर नीको हुन्थे। महारानी मायादेवीले साधारण घाँस मात्र उखेलेर दिंदा पनि रोगीहरूको रोग निको हुन्थ्यो। यी सबै बोधिसत्वको पूर्वजन्मको दानादि पुण्यको प्रभावले भएको थियो।

हे आनन्द! अब तिमीहरूलाई यही रत्नव्यूह देखाउंछु भनी त्यहाँ उपस्थित सबै देव मनुष्यहरूलाई रत्नव्यूहको दर्शन दिए।

त्यस पछि भगवान्को अनुमति लिई ब्रम्हाले त्यो रत्नव्यूह कूटागार ब्रम्हलोकमै लगे ।

अनि भगवान्ले सबै भिक्षुहरूलाई सम्बोधन गरी यस्तो आज्ञा भयो– हे भिक्षुहरू हो ! दश महिनासम्म मायादेवीको कोखमा वस्दा पनि बोधिसत्वले हजारौं हजार देव मनुष्यलाई तीनै यानद्वारा उद्धार गरिरहे अर्थात् बोधिसत्वहरूलाई महायानद्वारा, श्रावकहरूलाई श्रावक यानद्वारा तथा कसैलाई प्रत्येक यानद्वारा उपदेश दिई उद्धार गर्नु भएको थियो । यति मात्र होइन शुद्धोदनको दरवारमा सात दिन सात रात रत्न बर्षा भएको थियो । यी सबै रत्नहरू दु:खी, दरिद्रहरूलाई दान दिएका थिए । त्यस बेला कोही पनि दरिद्र र दु:खी थिएन । राजा शुद्धोदनले पनि ब्रम्हचर्यमा बसी तपोवनमा बसेको जस्तो भई उपोषध व्रत धारणा गरी दश महिना बिताएको थियो ।

जन्मपरिवर्तः सप्तमः

श्री भगवान् बुद्धले अनि यस्तो आज्ञा भयो– हे भिक्षुहरू हो ! बोधिसत्व गर्भमा प्रवेश गरेको दश महीना पूर्ण भए पछि महाराज शुद्धोदनको घर र उद्यानमा बत्तीस प्रकारका शुभलक्षणहरू देखिन थाले । अनि मायादेवीले बोधिसत्वको प्रभावले रातको प्रथम याममा महाराज शुद्धोदन कहाँ गई यस्तो बिन्ती गरिन् मलाई आज उद्यान क्रीडा गर्ने इच्छा भयो हजूरले आज्ञा भए जाँदैछु ।

यस्तो बिन्ती गरेको सुनी सबै परिवारलाई आज्ञा दिई सुरक्षाको प्रवन्ध गरी उद्यान भूमिमा जान सबै बन्दोबस्त महाराज शुद्धोदनले मिलाई दिए ।

अनि हे भिक्षुहरू हो ! मायादेवी आफ्नो रथमा राज भई शाक्य कन्याहरूको साथमा लुम्बिनी वनमा सवारी भयो । त्यहाँ यता उति वनको सौन्दर्य हेरी घुम्दा घुम्दै अत्यन्त सुन्दर पाखरी (प्लक्ष) को रूखमुनि पुग्नु भयो । त्यस बेला बोधिसत्वको

प्रभावले प्लक्ष (पाखरी) नुहेर प्रणाम गरेको थियो । अनि मायादेवीले पनि पाखरीको हाँगा हातले यसो समाती हाई गर्न लागिन् । त्यस बेला देव देवता तथा इन्द्र, सहापति, ब्रम्हाहरू पनि मायादेवीको सेवा गर्न उपस्थित भएका थिए ।

त्यसबेला श्वेतकेतु वोधिसत्व आमाको दायाँ कोखबाट स्मृति संप्रजन्यले युक्त भएर गर्भ मलले रहित भई जन्मनु भयो । त्यसबेला सहापति ब्रम्हाले वोधिसत्वलाई गौरवपूर्वक दिव्य काशीक बस्त्र चढाई ग्रहण गर्नु भएको थियो । अनि जुन कूटागारमा बोधिसत्व राज भएको थियो त्यो कूटागार सहापति ब्रम्हाले ब्रम्हलोकमा लगी पूजा गर्ने अरू देवपुत्रहरूलाई अह्राउनु भयो ।

बोधिसत्व जन्मनु हुँदा कसैले वहाँलाई हातले समातेको थिएन आफै पृथ्वीमा टेक्नु भएको थियो । अनि जहाँ बोधिसत्वले टेक्नु भयो त्यहाँ त्यहाँ ठूलो कमल उत्पन्न भएको थियो । त्यस पछि वहाँलाई नन्द उपनन्द नाम दुई नागराजाल सूक्ष्म जलधारा बर्षा गरी स्नान गराइदिएको थियो । त्यसबेला वोधिसत्वले पूर्वपट्टि सात पाइला सार्नु भई “पूर्वङ्गमो भविष्यामि सर्वेषां कुशल मूलानां धर्माणाम्” अर्थात् सबै कुशलमूल हुने मध्ये पहिलो हुनेछुं भन्ने प्रथम वचन बोल्नु भयो । अनि दक्षिणतिर फर्की सात पाइला हिंड्नु भयो र “दक्षिणीयो भबिष्यामि देवमनुष्यानाम्” अर्थात् देवता र मनुष्यहरूले दक्षिणा दिन योग्य हुने छु भनी दोस्रो बचन बोल्नु भयो । अनि फेरि पश्चिमतिर फर्की सात पाइला सार्नुभयो र “अहं लोके जेष्ठः श्रेष्ठः इयम् मे पश्चिमाजाति, करिष्यामि जाति जरामरणस्यान्तम्” अर्थात् म लोकमा जेठो र श्रेष्ठ हुं, यो मेरो पछिल्लो जन्म हो; म जाति, जरामरण दुःखलाई अन्त गर्ने छुँ भनी तेस्रो बचन बोल्नु भयो । त्यस पछि उत्तरतिर फर्की सात पाइला हिंड्नु भयो र त्यसबेला “अनुत्तरो भविष्यामि सर्वसत्वानाम्” अर्थात् सबै प्राणीहरू भन्दा

म उत्तम हुनेछु भनी चौथो बचन बोल्नु भयो । अनि तलतिर हेर्नु भई सात पाइला सार्नुभयो र "निहनिष्यामि मारं च मारसेनां च, सर्वे नेरबिकानाम् च निर्याग्निप्रतिघाताय सह धर्ममेघ वृष्टिं वर्षविष्यामि। येनते सुखसमर्पिता भविष्यत्ति।" अर्थात् मार र मारसेनालाई म हटाउने छु" र नरकमा परेका व्यक्तिहरूको दुःखलाई हटाउन धर्ममेघले बर्षा गर्नें छु, जसद्वारा उनीहरू सुखी होउन् । अनि माथि हेरी सातपाइला सार्नु भयो र "उल्लोकनियो भविष्यामि सर्वसत्वानाम" अर्थात् सबै प्राणीहरूले उत्साहपूर्वक हेर्न योग्य बन्नेछु भनी छैठौं बचन बोल्नु भयो । यी सात प्रणिधानात्मक वाक्य पृथ्बीमा मात्र होइन त्रिसाहस्र महासाहस्र लोक धातुमा समेत व्याप्त भयो । त्यसबेला अनेक प्रकारको शुभ लक्षणहरू उत्पन्न भए । रोगीहरूको रोग शान्त भयो । भोकाएकाहरूको भोक एवं प्यास शान्त भयो ।

अनि भगबान्को यस्तो बचन सुनेर त्यहाँ उपस्थित सबै बोधिसत्व तथा श्राबकहरू आफ्नो आसनबाट उठी भगवान् बुद्धको सामु दण्डवत प्रणाम गरे। अनि आनन्दले पनि हजूरको यो अमृतमय वचन सुन्न पाउँदा हामी धन्य छौं । हजूरको कोटान् कोटी शरणमा परेको छुं भनी बिन्ती गरे ।

अनि भगबान्ले आनन्दलाई यस्तो आज्ञा भयो– हे आनन्द ! भविष्यमा मैले भनेका यी कुराहरू विश्वास नगर्ने धेरै ब्यक्तिहरू हुनेछन् । बोधिसत्व गर्भमा रहंदा पबित्र रत्नव्यूह कूटागारमा बस्नु भएको थियो भन्दा कसैले पनि विश्वास गर्ने छैन । यति भनेको सुनेर आनन्दले बिन्ती गरे – हामी साधारण मानिसले हजूरको बिषयमा चिन्तना गर्न सक्दैनौं तर पनि हामी हजूरको आज्ञालाई श्रद्धा गर्छौं हजूरको आज्ञा बमोजिम नै हामी रहने छौं ।

त्यसपछि भगबान् बुद्धले बोधिसत्वको जन्म पछिको सबै घटनाहरू यसरी आज्ञा भयो – बोधिसत्वको जन्म भएपछि

आकाशवाट अनेक देवताहरूले पुष्प वर्षा गर्दै दर्शन गर्न आएका थिए । त्यतिमात्र होइन वोधिसत्व जन्मेको दिन अरू पनि धेरै प्राणीहरू जन्मेका थिए – अर्थात् हजारौं कन्याहरूमध्ये यशोवती, दासहरूमा छन्दक, घोडाहरूमा कन्यक, हात्तीहरूमा पिङ्ग आदि जन्मेका थिए । ठाउँ ठाउँमा खानीहरू उत्पत्ति भएका थिए । यसरी सबैतिर अर्थसिद्ध भएको देखेर शुद्धोदन महाराजले आफ्नो छोरालाई सर्वार्थसिद्ध भन्ने नाम राखे । सात दिनसम्म लुम्बिनी वनमा ठूलो उत्सव मनाई दान आदि पुण्य गरे । यसरी सात दिन बिते पछि मायादेवी परलोक भइन् र त्रार्यत्रिशत देवलोकमा उत्पन्न भइन् । मायादेवीको यसरी परलोक भइसके पछि चारैतिर मङ्गलमय घण्टाहरू बजाई ध्वजापताकाहरूले सिगारिएका बाटाहरूमा राजकुमारलाई रथमा राखी कपिलवस्तु नगरमा ल्याइयो । त्यसबेला शाक्यकुलका बुढापाकाहरूको सल्लाह अनुसार सिद्धार्थकुमारलाई भरणपोषण गर्न महाप्रजापति गौतमीकै हातमा सुम्पिदिए । अनि एक दिन शुद्धोदन महाराजले सबै शाक्यहरू जम्मा गरी यो राजकुमार चक्रवर्ती हुनेछ कि प्रवजित हुनेछ भन्ने चर्चा गरिरहेका थिए । त्यसै वेला आफ्नो भानिज नरदत्तसंग हिमालय पर्वतमा बसिरहेको असीत नामको ऋषिले आकाशमा देवपुत्रहरूले बुद्ध बुद्ध भनिरहेको शब्द सुनेछ र आश्चर्य मानी दिव्य चक्षुले हेर्दा शुद्धोदन राजाको दरवारमा वोधिसत्वले जन्म लिएको कुरा थाहा पाई भानिज नरदत्तको साथै तुरन्त त्यहाँ दरवारमा आइ पुगे । अनि राजाको अनुमति लिई राजकुमारको दर्शन गर्दै रून लाग्नु भयो । यो घटना देखेर राजा शुद्धोदनले केही अमङ्गल पो भयो कि भनी विन्ती गर्दा असीत ऋषिले भन्नुभयो – यो वालकको शरीर बत्तीस लक्षणले परिपूर्ण छ; अस्सी अनुव्यजनले युक्त छ; यो राजकुमार अवश्य बुद्ध हुनेछ; वहाँ बुद्ध हुंदा म बुढो जीवित रहने छैन । तसर्थ म रोएको हु । यति भनी सिद्धार्थ कुमारको पाउमा वन्दना गरी आफ्नै आश्रममा फर्कनु भयो । अनि नरदत्तलाई असीत ऋषिले यस्तो आज्ञा भयो – लोकमा बुद्ध उत्पन्न भयो भन्ने जव तिमीले सुनेछौ तव

तिमी बुध्द कहाँ गएर बुध्द शासनमा प्रवज्या ग्रहण गर्न जाऊ, तिमीलाई भलो हुनेछ ।

यति आज्ञा भई सकेपछि भगवान्ले फेरि भन्नुभयो – वोधिसत्व जन्मेपछि भेला भई बसिरहेका सबै शुध्दावासकायिक देवताहरूलाई महेश्वर देवपुत्रले हामी सबै बोधिसत्वको दर्शन गर्न जाउँ भनी शुध्दोदन कहाँ गएर राजालाई पूजा सत्कार गरी यसो भने – हे राजा ! सिध्दार्थकुमारले असख्य कल्पसम्म दान, शील, क्षान्ति, वीर्य, ध्यान प्रज्ञा, आदि पारमितापूर्ण गरी महामैत्री, महाकरुणा, महामुदिता भावनाले पूर्ण भई लोकहित गर्न यहाँ उत्पन्न भएको हो । वहाँले धर्मदेशना गरी जगत सत्वको दु:ख हरण गर्नु हुनेछ । यति भनी देवताहरू त्यहाँबाट विदा भए ।

देवकुलोपनयन परिवर्तोऽष्टमः

अनि भगवान्ले भिक्षुहरूलाई सम्वोधन गरी यस्तो आज्ञा भयो – हे भिक्षुहरू हो ! बोधिसत्व जन्मेपछि धेरै शाक्यहरूले आपना छोराहरू सिध्दार्थ कुमारको सेवा गर्न अर्पण गछौं भनेर राजा शुध्दोदन कहाँ आएर विन्ती गरेका थिए । अव हाम्रो कुलको नियम अनुसार राजकुमारलाई देव मन्दिरमा दर्शन गर्न लग्नु पर्छ भनेर पनि ती शाक्यहरुले विन्ती गरे । शाक्यहरूको यस्तो वचन सुनी राजाले शहरमा ध्वजापताकाद्वारा सिंगारी, दाँया बाँया मङ्गल ध्वनि बजाउने बाजाहरू राखी, अमङ्गल वस्तुहरू हटाउन लगाई ब्राम्हणहरूलाई वेद पढाई राजकुमारलाई देवकुलमा लैजाने आज्ञा भयो । अनि प्रजापति गौतमीले सिध्दार्थकुमारलाई सिंगारी सुन्दरवस्त्र लगाई देवमन्दिर लग्नु भयो त्यसै बेला सिध्दार्थ कुमारले प्रसन्न भई आमालाई भन्नुभयो – म जन्मेको दिनमा इन्द्र, ब्रम्हा, असुर तथा कुवेर आदिले नमस्कार गरेको थियो भने अव मैले कुनै देवतालाई नमस्कार गर्नु पर्ने देख्दिन । तर पनि राजकुमारलाई देवमन्दिरमा विविध मङ्गल बाजा बजाई चमरले हम्की, सेतो छाता ओढाई शिव,

कुमार, नारायण, कुवेर, चन्द्र, सूर्य, इन्द्र, ब्रम्हा, लोकपाल आदि देवताहरूको मन्दिरमा लगिएको थियो। तर ती मन्दिरहरूमा पुग्दा ती देवताको प्रतिमाहरू आ–आफ्नो आसनबाट उठी वोधिसत्व सिध्दार्थ कुमारलाई नै प्रणाम गर्न थाले। यस्तो अद्भुत घटनाले सबै आश्चर्य चकित भएका थिए। ती सबै देवताका प्रतिमाहरूले यसरी गाथाद्वारा पनि विन्ती गरे – गिरि राज सुमेरू पर्वतले सर्स्यूको गेडालाई कहिल्यै नमस्कार गर्दैन; नागराजाहरूको वासस्थान भएको समुद्रले पानी जमेको खाल्टोलाई नमस्कार गर्नें छैन, यस्तै गरी हाम्रा पूज्य वोधिसत्वल अरूलाई वन्दना गर्ने छैन।

अनि भगवान्ले फेरि भन्नुभयो – भिक्षुहरू हो! देवमन्दिरमा सिध्दार्थकुमारले प्रवेश गर्दा वत्तीस हजार देवपुत्रहरूले ह्मीले पनि बुध्द हुन पाए हुन्थ्यो भनी वोधिचित्त उत्पन्न गरे। त्यसकारण बुध्दत्व लाभ गर्नु महत्वपूर्ण कुरा हो।

आवर्णपरिवर्तो नवमः

अनि भगवान्ले यस्तो आज्ञा भयो – भिक्षुहरू हो! शुध्दोदन महाराजको पुरोहित उदायिको पिता उदयन नामको ब्राम्हणले शुद्धोदन महाराज कहाँ आई हाम्रो कुलको नियम अनुसार चित्रानक्षत्रको दिन राजकुमारलाई नयाँ गहना लगाइदिनु पर्छ भनेर विन्ती गरे। अनि राजाले पनि गहना बनाउने शाक्यहरूलाई हात, गोडा, आदि अङ्ग प्रत्यङ्गमा लगाउने नाना प्रकारका गहना वनाउन लगाए। अनि महाप्रजापति गौतमले बोधिसत्वलाई आफ्नो काखमा राखी गहनाहरूले सिगार्नु भयो। त्यसबेला विमला नामकी उद्यान देवताले सिद्धार्थ कुमारलाई गाथाद्वारा वर्णन गर्दै यसो भन्नुभयो – हे महाराज! यो सिद्धार्थ कुमारलाई गहनाको आवश्यक छैन, वहाँको पुण्यको प्रभावले स्वयं अलंकृत हुनुहुन्छ, वहाँको तेजको सामु चन्द्र सूर्य पनि धमिलो हुन्छ; त्यसकारण यो गहनाहरू फुकालो नोकर चाकरलाई दान

दिनु होस् । अनि ती विमला देवताले दिव्य पुष्पद्वारा राजकुमारलाई सिंगारी त्यहाँबाट अन्तरध्यान भइन् ।

लिपिशाला संदर्शनपरिवर्तो दशमः

भगवान् बूद्धले भिक्षुहरूलाई सम्वोधन गरी फेरि आज्ञा भयो – हे भिक्षुहरू हो ! जव सिद्धार्थकुमार पढ्न योग्यको हुनु भयो त्यसबेला अरू धेरै साथीहरूको साथमा सिद्धार्थकुमारलाई लिपिशालामा लगेको थियो । उक्त लिपिशालामा विश्वामित्र नामको दारकाचार्य रहनु हुन्थ्यो । सिध्दार्थकुमारलाई त्यहाँ लग्दा कुमारको तेजले दारकाचार्यले निहुरेर शिर नै उठाउन सकेन । त्यसवेला सुभाङ्ग नाम गरेको तुषित भुवनको देवपुत्रले वहाँलाई आफ्नो हातले उठाई राजा प्रजा सबैले सुन्ने गरी गाथाद्वारा यस्तो भन्नुभयो – हे महाराज ! मनुष्य लोकमा जति पनि शास्त्रहरू छन् ती सबै सिध्दार्थकुमारले धेरै कल्प अघि नै जानिसक्नु भएको छ । वहाँ त सबै जनतालाई शिक्षा दिन मात्र यहाँ उत्पन्न हुनु भएको हो । इत्यादि प्रशंसा गरी दिव्य पुष्पद्वारा पूजा गरेर देवता आकाशमै अन्तर्ध्यान भयो ।

अनि श्रीखण्डको खरीपाटी लिएको सिद्धार्थकुमारले गुरु विश्वामित्र दारकाचार्यलाई हे गुरु ! ब्राम्ही, खरोष्ट्री आदि चौंसाठ्ठी लिपिहरूमध्ये हजूरले मलाई कुन लिपि सिकाउनु हुन्छ भनी प्रश्न गरे । यस्तो प्रश्न सुनी विश्वामित्र दारकाचार्य आश्चर्य तथा प्रसन्न भई गाथाद्वारा यस्तो उत्तर दिनु भयो – जुन लिपिहरूको मैले नामै सुनेको छैन त्यस्तो सबै कुरा जान्ने हाम्रो कुमार लिपिशालामा पाल्नु भएको छ, हजूरलाई म कसरी सिकाउन सकूंला ?

हे भिक्षुहरू हो ! ती सबै पढ्ने विद्यार्थीहरूसंगै कुमारले पनि केही सिकेका थिए । त्यसबेला वहाँले अः भनी बोल्दा संस्कारद्वारा वनेका सबै वस्तुहरू अनित्य हुन्छन्, आ भन्दा आत्मपरहित गर्नु पर्छ भन्ने आदि उपदेश सबै अक्षरहरूबाट व्याख्यान

गर्नु भएको थियो । यसरी बोधिसत्वको अनुभवले अरू केटा-केटीहरूले पनि धर्म मुखनाम गरेको शयौंउपदेशहरू जाने । त्यस बेला पढ्ने सबै विद्यार्थीहरूले बोधिचित्त उत्पन्न गरेका थिए । यसरी सबै कुरा जान्ने कुमारले पनि लिपिशालामा गएर पढ्न गएको थियो ।

कृषिग्रामपरिवर्त एकादशः

अनि भिक्षुहरू हो ! जब सिद्धार्थ कुमार अलि ठूलो भयो तब अमात्यका छोराहरूको साथमा कृषिग्राम हेर्न गएको थियो । त्यस बेला खेती गरिरहेका किसानहरू देखी वहाँ बोधिसत्वलाई दिक्क लाग्यो र अलिपर जमुनाको रूखमुनि छाँयामा बसी एकचित्त गरी वस्नु भयो । त्यतिखेर अकुशलरहित विषय सुखरहित एकाग्र चित्तबाट उत्पन्न भएको प्रीति सुख अनुभव गर्दै राजप्रथम ध्यान लाभ गर्नु भयो । यसै गरी क्रमशः द्वितीय, तृतीय, चतुर्थ ध्यान सम्म लाभ गरी आनन्दसंग वसी रहनु भयो । त्यस बेला दक्षिण दिशाबाट उत्तरतिर पाँच जना ऋषिहरू आपनो ऋध्दिको बलले आकाशमा आइरहेका थिए । तर कुमार निर पुग्दा उनीहरूको गति अवरोध हुंदा एकदम चिन्तित भए । यस्तो कुरा देखी त्यही ठाउंमा बस्ने वनदेवताले गाथाद्वारा ऋषिहरूलाई यस्तो आज्ञा भयो–शाक्यकुलको बालसूर्य जस्तो जेष्ठ बोधिसत्व यहीं ध्यानमा वस्नु भएको छ । यसकारण तपाईहरूले यहाँबाट पार हुन नसकेको हो । यस्तो कुरा सुनीतले हेर्दा उज्ज्वल अनुहार भएको सिद्धार्थ कुमारलाई देखी प्रसन्न भएर यो अवश्य पनि बुद्ध हुनेछ; जगतलाई हित गर्ने छ आदि भनी प्रशंसा गरी ती ऋषिहरूले कुमारलाई प्रदक्षिणा गरी प्रस्थान गरे । यतिकैमा शुद्धोदन महाराजले सिद्धार्थ कुमारलाई नदेखेर मन्त्रीहरूलाई यता उति खोज्न पठाए । जामुनाको छाँयामुनि पलेटी मारी ध्यान गरिरहेको राजकुमारलाई उनीहरूले देखे । त्यस बेला अरू वृक्षहरूको छाँया पूर्वतिर लागिसकेको थियो । परन्तु सिद्धार्थकुमार बसेको जामुनाको छाँया भने उत्तरतिर लागे-

को थियो । यस्तो अद्भुत दृश्य देखेर सो कुरा राजालाई विन्ती गरी राजालाई समेत देखाए । यस्तो अद्भूत घटना देखेर शुद्धोदन महाराजले आफ्नो छोरालाई वन्दना गरी मेरो छोरा साँचिकै बुद्ध हुनेछ क्यारे भन्ने चिन्ता लिई वसिरहेको बेलामा ध्यानवाट व्युंझी आफ्नो पिता शुद्धोदनलाई राजकुमारले यस्तो भन्नु भयो– हे महाराज ! हाम्रो राज्यमा सुन आवश्यक हुनेलाई सुन दिइवक्स्योस्, म असर्फी वर्षाउने छु; कपडा चाहिनेलाई कपडा, अन्न चाहिनेलाई अन्न दिनु होस् ती सवै कुरा म पूर्ण गर्नेछु भनी निवेदन गरे ।

शिल्पसंदर्शन परिवर्तः

अनि हे भिक्षुहरू हो ! राजकुमार जवान भएको देखेर शुद्धोदन महाराजले शाक्य गणलाई आफ्नो संस्थागारमा (सभागृहमा) वोलाई यस्तो आज्ञा भयो– सिद्धार्थ कुमारको बारे तिमीहरूले केही सोचेका छौ भने त्यो कुरा मलाई भन । अनि बुढा पाकाहरूले शुद्धोदन महाराजलाई यस्तो विन्ती गरे– हे महाराज ! ज्योतिषहरू तथा ब्राह्मणहरूले सिद्धार्थ कुमारले गृहत्याग गरे भने बुद्ध हुनेछ; दरवारमै राज भयो भने सप्तरतनले पूर्ण चक्रवर्ती राजा हुनेछ भनी भविष्यवाणो गरेका छन् । त्यसकारण राम्रो दरवार बनाई स्त्रीहरूले सेवा सुश्रुषा गराइ वक्स्योस् । यसो गर्दा वहाँलाई महाअभिनिष्क्रमण गर्ने इच्छा हुँदैन; हाम्रो चक्रवर्ती कुल पनि स्थिर हुनेछ । यति भनेको सुनी कुमारलाई योग्य कन्या खोज भनी महाराजले आज्ञा भयो । अनि धेरै शाक्यहरूले आ-आपना छोराहरू सुशील छिन्, सुन्दर छिन् भन्दै कुमारलाई प्रसन्न गर्लिन् भनी विन्ती गर्न आए । तर महाराज शुद्धोदनले एक दिन राजकुमारलाई वोलाई सवै कुरा सुनाई तिमीलाई कस्ती कन्या मन पर्छ ? त्यो कन्या विवाह गरि दिन्छु भनी आज्ञा भयो । अनि कुमारले सात दिन पछि हजूरलाई जवाफ दिनेछु भनी उत्तर दिएतापनि उनको मनमा यस्तो बिचार आयो– "कामाशक्त हुनुमा धेरै दोष छ भन्ने मलाई थाहा छ; कामाशक्त हुनु नै शोक र दुःखको मूल कारण हो भन्ने पनि मलाई

थाहा छ । ममा काम, राग तथा छन्द राग पनि छैन; स्त्रीहरूले घेराएर घरमा बस्ने मन छैन । बरू एकान्त वनमा गई ध्यान सुखमा समय विताउन चाहन्छु । " यस्तो विचार गर्दा गर्दै वोधिसत्वको मनमा महाकरूणा उत्पन्न भयो ।

अनि सवैलाई रक्षा गर्नुको निमित्त, उद्धार गर्नुको निमित्त मंले विवाह गर्नै पर्छ भन्ने अठोट गरी सवैलाई बोलाई यस्तो उत्तर दिए– मलाई साधारण दुलहीको आवश्यकता छैन । सत्य वोल्छिन् भने नराम्री कन्या भए पनि म मन पराउंछु । मेरो निमित्त रूप, कुल, गोत्र आदि शुध्द नभए पनि हुन्छ, मेरो विचार संग अनुकूल भइरहने केटी भए म विवाह गर्न तयार छु ।

हे भिक्षुहरू हो ! यो सिद्धार्थ कुमारको वचन सुनी शुध्दोदन महाराजले मन्त्रीहरूलाई उपर्युक्त गुणले युक्त भएकी ब्राम्हण, वैश्य, क्षेत्री शुद्र मध्ये जो कन्या भए पनि खोज भन्ने आज्ञा गर्नु भयो । अनि एक दिन पुरोहितहरू कपिलवस्तु महानगरमा कन्याहरू खोज्दै गइरहेको बेला दण्डपाणी शाक्यको घरमा पुग्दा ब्राम्हणहरूलाई सम्वोधन गर्दै दण्डपाणी शाक्यकी छोरी गोपाले यस्तो विन्ती गरिन्– हजूरहरूले मलाई किन यसरी नियालेर हेर्नु भएको ? मैले हजूरहरूको के सेवा गर्नु पर्‍यो ?

अनि पुरोहितहरूले सिद्धार्थकुमारको विचार र इच्छाहरू सवै बताए । सो कुरा सुनी गोपा शाक्य कन्याले यी सवै गुणहरू ममा छ, वहाँको चित्तलाई कसरी प्रसन्न राख्ने सो गुण पनि ममा छ भनी उत्तर दिइन् । अनि पुरोहितहरूले सो कुरा शुद्धोदन महाराजलाई विन्ती गरे । शुद्धोदन महाराजले पनि सुन, चाँदीको अशोक भाण्डहरू बनाउन लगाई आजको सातौं दिनमा सिद्धार्थ कुमारले अशोक भाण्डहरू केटीहरूलाई दिनेछ, त्यसकारण सवै कन्याहरू सभागृहमा उपस्थित हुनु होस् भनी शहरमा घण्टा घोषणा गराए । अनि सो दिन सिद्धार्थकुमारले संस्थागारको भद्राशनमा बसी कन्याहरूलाई अशोक भाण्ड वितरण गर्न थाले । त्यस बेला केटीले पनि कुमारको मुख सम्म हेर्ने समर्थ भएन

तथा राजकुमारलाई पाउने आशा गर्न सकेन परन्तु सबभन्दा पछि आएको दण्डपाणीकी छोरी शोपा शाक्य कन्याले भने कुमारलाई निहालेर हेरिरहिन् । त्यस बेला सिध्दार्थ कुमारले सबै अशोक भाण्डरू बितरण गरिसकेको थियो । गोपालाई केही दिन नपांउंदा कुमारले हातको औंठी फुकालेर दिनु भयो । अनि गोपा शाक्य कन्याले हजूर कहाँ प्रशोक भाण्ड मात्र लिन आएकी हू । हजूरको औंलाको शोभा बढाउने औंठी लिन आएकी होइन, हजूरलाई त हामीले जसरी हुन्छ सिंगार्नु पर्छ यति भनी त्यहाँबाट र्फकिन् ।

अनि राजपुरूषहरूले सिद्धार्थ कुमार गोपा कन्यासंग आशक्त भएको कुरा शुद्धोदनलाई निवेदन गरे । राजाले पनि पुरोहितहरूलाई दण्डपाणी कहाँ कन्या माग्न पठाए । तर दण्डपाणीले शिल्प, धनु आदि कला नजान्ने राजकुमारलाई मेरी छोरी दिन्न भनो जवाफ दिए । यो कुरा सिद्धार्थ कुमारले थाहा पाई आफ्नो पिता कहाँ गई यसरी बिन्ती गरे– महाराज ! मैले जाने जति कला बिद्या अरूले जानेका हुँदैनन्, म मेरो कलाको प्रदशंन गर्न चाहन्छु । त्यसकारण आजको सातौं दिनमा कुमारले आफ्नो शिल्प कला प्रदर्शन गर्नें छ, शिल्प कला जान्नेहरू सबै उपस्थित हुनुहोस्, बिजयी व्यक्तिलाई दण्डपाणीकी छोरी गोपा कन्या विजय पताका (पुरस्कार) को रूपमा दिइने छ भनी शहरमा घोषणा गराइबक्स्योस् ।

अनि सातौं दिनमा देवदत्त कुमार आफ्नो शिल्प प्रदर्शन गर्न शहरमा निस्कंदा राजकुमारको निमित्त ल्याइएको एउटा सेतो ठूलो हाँत्ती देखी बहाँलाई अत्यन्त ईर्ष्या लाग्यो । अनि हाँत्तीको सूंड बाँया हातले समाती दाँया हातले एक मुक्का दिई मारिदियो । त्यस पछि सुन्दर नन्द कुमार पनि शिल्प देखाउन निस्के । वहाँले शहर भित्र भित्र हात्तो मरेको देखेर पुच्छर समाती तानेर लगी शहरको ढोकासम्म पुऱ्याइदियो । त्यस वेला सिद्धार्थ कुमार पनि रथमा चढी शिल्प देखाउन पाल्नु भयो । शहरको ढोकानिर हाँत्ती

मरिरहेको देखी कुहेपछि शहरै दुर्गन्धित हुनेछ भन्दै गोडाको औंलाले हात्तीको पुच्छर च्यापी सात तह पर्खाल र सात तह परिखा नाघ्ने गरी फ्याँकी दिनु भयो। जुन ठाउँमा त्यो हाँत्ती खस्यो त्यहाँ खाडल बनेको थियो। त्यो खाडल अद्यापि हस्तीगर्त भनेर प्रसिद्ध छ।

सो दिन त्यहाँ अरू पाँच सय शाक्य कुमारहरू पनि शिल्प देखाउन उपस्थित भए। महाराज शुध्दोदन र अरू बुढापाकाहरू पनि त्यो ठाउंमा उपस्थित भए। सब भन्दा पहिले लिपिज्ञानको विषयमा परीक्षा गर्न विश्वामित्र दारकाचार्य उपस्थित थिए। संख्या गणनालाई परीक्षा गर्न अर्जुन नामको गणक महामात्र नियुक्त थिए। अनि क्रमशः मल्ल युध्द धनुर्विद्या, दोडाई, तैरनु र हाँत्ती, घोडा, रथ आदि हाँक्नुमा तथा मर्मभेद, शब्दवेद, आदि र वीणा वाद्य, नृत्य, पठित, आख्यान, हास्य, लास्य, नाट्य आदि अनेकौं कलाहरूको परीक्षा भए। ती सम्पूर्ण कलाहरूमा कुमार सिध्दार्थ नै उत्कृष्ट थहरियो। यति भए पछि दण्डपाणी शाक्यले आफ्नी छोरी गोपा कन्या बोधिसत्वलाई प्रदान गरे। त्यस बेला गोपाकन्या अरू दुलहीहरू जस्तो सासु ससुराहरूको सामु घुम्दो ओढी बस्दैन थिन्। गोपाको यस्तो प्रकृति देखेर अरूले गिजाउँथे। तर गोपाले उनीहरूलाई गाथाद्वारा यसरी उत्तर दिइन् - उज्ज्वल मणिलाई छोपेर शोभा बढ्दैन, त्यसलाई त ध्वजाको अग्र भागमा राखेर शोभा बढाउनु पर्छ। त्यसकारण गुणवान तथा धार्मिक व्यक्तिहरूले घुम्टो हाली बस्नु आवश्यक छैन। त्यस्तै हृदयमा लज्जा छ, सत्यवादी छ भने पनि मुख छोप्नु आवश्यक छैन।

गोपा कन्याको यस्तो प्रतिभा सुनी शुध्दोदन महाराज प्रसन्न भई अमूल्य दोशाल ओढाई, मोतिको माला, माणिक्य जडेको सुनको मालाले गोपालाई सिंगारी दिनु भयो र यस्तो आज्ञा भयो– जसरी मेरो छोरा गुणले भूषित छ त्यस्तै यी कन्या पनि मिसाए जस्तै यी दुईको जोडी मिलेको छ।

अनि त्यहाँ उपस्थित भएका सबै व्यक्तिहरू आ–आपनो टाउंमा गए ।

संचोदनपरिवर्त त्रयोदश:

श्री भगवान् बुध्दले भिक्षुहरूलाई सम्वोधन गरी यस्तो आज्ञा भयो–गोपा कन्यालाई वरण गरी प्रासाद भित्र ल्याइसके पछि धेरै देवताहरूले वोधसत्वलाई दर्शन गर्न आएका थिए । राजकुमार सधैं अन्तपुरमै वसी आनन्द मनाई रहनु भएको छ । यसो भयो भने जगत उध्दारको काम ढीलो हुन्छ भन्ने विचार पनि ती देवताहरूले गर्न थाले । त्यस पछि ती देवताहरूले कुमारको सामु यस्तो विन्ती गरे– हजूरले अरू गृहत्याग गरी मारलाई विजय गरी सम्यक् सम्बुध्द भएर त्रिपरिवर्त द्वादशाकार धर्मचक्र प्रवर्तन गर्ने समय आएको छ । हजूर कालज्ञ हुनु हुन्छ आफ्नो प्रणिधान संझेर लोकलाई उध्दार गर्ने बेला आएको छ, सुन्दर प्रासादमा राज भई आनन्द मात्र मनाउने बेला यो होइन ।

यति मात्र होइन दश दिग्मा राजहुनु भएका बुध्दहरूको अधिष्ठानको वलले तूर्य वाजा वजे पनि त्यो शव्दले पनि सिध्दार्थ कुमारलाई यस्तो भने जस्तो अनुभव हुन्थ्यो– "हे राजकुमार ! तपाईले जगतसत्व उध्दार गर्न म बुध्द हुनेछु भनी प्रतिज्ञा गरेको बिर्सनु हुन्न । बुध्दत्व प्राप्त गर्न दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञापारमितापूर्ण गरी मैत्री, करूणा, मुदिता, उपेक्षा भावना गरेर जगतसत्व हित गर्न प्रतिज्ञा गरेको कुरा संझनु परेको छ । काम रागमा धेरै दोष हुन्छ भन्ने कुरो हामीले हजूरलाई भन्नु पर्ने होइन । हेतु प्रत्ययवाट बनेका सबै वस्तुहरू शून्य हुन्छन् भन्ने कुरा बाल जनहरूले बुझ्दैनन् भनी प्रतीत्य समुत्पादको रहस्यलाई बुझाएर सम्पूर्ण लोकलाई उध्दार गर्ने समय आएको छ ।"

यो उपर्युक्त नाना प्रकारका शब्दहरू सुनी वोधिसत्व सिध्दार्थ कुमारले अन्तपुरमा वसेर सध्दर्मको चर्चा गर्न थाले । अरूलाई पनि धर्ममा प्रेरणा दिन थाले ।

अनि भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्दै आज्ञा भयो– हे भिक्षुहरू हो ! अन्तिम देहधारी बोधिसत्व सिद्धार्थ कुमारलाई तूर्य आदि नाना प्रकारका बाजाहरूद्वारा पनि प्रेरणा दिएका थिए । गाना बजानाबाट पनि धर्मका कुराहरू निस्केका थिए । यही प्रेरणाले सिद्धार्थ कुमारले अन्तपुरमा रहेका धेरै स्त्रीहरूलाई तथा दर्शन गर्न आउने देवताहरूलाई पनि बोधिचित्त उत्पन्न गराउनु भएको थियो ।

अनि भगवान्ले भिक्षुहरूलाई यस्तो पनि आज्ञा भयो – हे भिक्षुहरू हो! त्यस बेला ह्रीदेव नामको तुषित भुवनको देवपुत्र आई आकाशमै बसी सिद्धार्थकुमारलाई यस्तो विन्ती गरे – लोकलाई हित गर्नुको निमित्त हजूरले च्युति भएर पनि देखाउनु भयो, जन्म लिएर पनि देखाउनु भयो । अन्तपुरमा बसी उत्सव मनाएर पनि देखाउनु भयो । अब हामीहरू हजूरलाई बुद्ध हुनु भएको देख्न चाहन्छौ । हजूरले दीपंकरको व्याकरणलाई अवश्य पनि बिर्सनु भएको छैन होला । यसरी ह्रीदेवताले भन्नु भएको सबै कुरा भगवान्ले भिक्षुहरूलाई बताउनु भयो ।

स्वप्नपरिवर्तः चतुर्थः

हे भिक्षुहरू हो! जुन दिन तूर्य बाजाको शब्दबाट सिद्धार्थकुमारलाई गृहत्याग गर्न प्रेरणा दिएको थियो त्यही दिन शुद्धोदन महाराजले रातमा यस्तो स्वप्ना देख्नु भयो – सिद्धार्थकुमार देवताहरूको साथमा निस्की प्रव्रजित भएर काषाय वस्त्र धारणा गऱ्यो । स्वप्नाबाट ब्युँझे पछि राजाको मनमा ठूलो पीर पऱ्यो र साँच्चै गृहत्याग गऱ्यो कि भन्ने शंका गरेर कुमारलाई हेर्न पठायो। गृहत्याग गरेर नगएको भए पनि गृहत्याग गरेर जाला भन्ने शंका झन झन बढ्न थाल्यो । त्यसकारण ग्रीष्मऋतुको निमित्त एक दरबार, हेमन्त ऋतुको निमित्त र बर्षाऋतुको निमित्त पनि एक एक दरबार बनाउन लगायो। ती दरबारहरूमा विलासका विभिन्न सामानहरूले पूर्ण गरी गाना बजाना गर्नेहरू र नर्तकीहरूलाई

पनि नियुक्त गरिदिएका थिए । यसरी पञ्चकाम गुणले सिद्धार्थ-कुमारलाई आकर्षण गरी राख्न ठूलो प्रयत्न गरेका थिए । एक दिन कुमारले उद्यानको शोभा हेर्न जान रथ तयार गर्न आज्ञा गर्नु भयो । अनि सारथिले पनि महाराज शुद्धोदन कहाँ निवेदन गरी अनुमति पाए पछि रथ तयार गरी कुमारलाई निवेदन गरे। त्यसबेला राजाले नगरमा सफा सुग्घर गर्न र मनमा वैराग्य उत्पन्न हुने अमङ्गल वस्तुहरू कुनै पनि नराख भन्ने घोषणा गरेको थियो । उद्यानमा पनि सफा सुग्घर गरेको थियो । अनि कुमार रथमा बसी उद्यानतिर जान लागेको थाहा पाएर शुद्धावास कायिक देवपुत्रहरूले दुब्लो दाँत झरेको, चाउरी परेको, कपाल फूलेको, कुप्रेको वृद्ध व्यक्तिको रूप लिई लठ्ठी टेक्दै काँप्दै घाँटीबाट घ्यार घ्यार आवाज निकाल्दै हिँडिरहेको थियो । त्यस्तो अवस्थाको मानिसलाई देख्ने वित्तिकै सिद्धाथ कुमारले यो व्यक्ति किन कुप्रेको होला ? यसको कपाल किन फूलेको होला ? भनी विभिन्न प्रश्न गरे । अनि सारथिले भने – राजकुमार यसलाई बुढ्याँइले ग्रस्त पारेको छ । त्यसकारण यो व्यक्ति यसरी हिँडिरहेको हो । हामी पनि बुढा भए पछि यस्तै हुनेछौं । यो कुरा सुनी भइगो आज वगैंचामा दुलन जान्न फर्क, यदि हामी सबै यसरी नै बुढो हुनु पर्छ भने हामीले लहड गरी डुलन गएर के फायदा ? भनी फर्कनु भयो ।

फेरि केही दिन पछि उद्यानमा जाने इच्छा गर्नु भयो र रथमा बसी आइरहेको बेलामा दुब्लो पेट फूलेको दम आइरहेको आफ्नै मलमूत्रमा लडिरहेको व्यक्तिलाई देखेर सिध्दार्थ कुमारले सारथिलाई सोध्नु भयो । अनि सारथिले पनि यो व्यक्ति विरामी छ । यसलाई मरणान्त कष्ट भइरहेको छ, रोगले हिंडडुल गर्न सक्दैन भनी जवाफ दियो । सारथिको यस्तो वचन सुनी त्यो दिन पनि उद्यानमा जाने विचार छोड्नु भयो । सबै व्यक्तिले रोगको दुःख भोग्नु पर्छ भन्ने देख्दा देख्दै हामीले मात्र भोग विलास गरी बस्नु ठीक छैन भन्दै कुमार फेरि दरवारमै फर्कनु भयो ।

केही दिन पछि फेरि उद्यानमा जाने इच्छाले रथमा बसी कुमार आइरहनु भएको बेलामा माथि चंदुवा भएको खटमा मरेको मानिस राखी आफन्तहरू रूंदै कराउँदै आइरहनु भएको पनि कुमारले देखे । अनि सारथिलाई यी मानिसहरू किन रूंदै कराउंदै आइरहेको होला भनी सोध्दा सारथिले विन्ती गरे– हे राजकुमार ! यिनीहरू मरेको व्यक्तिलाई बोक्दै आइरहेका छन् । मरेको व्यक्तिलाई आमा बाबुहरूले कहिल्यै देख्न पाउंदैन, मरेको व्यक्तिले पनि आफ्नो परिबारलाई छाडेर परलोक जाने हुन्छन् । यस्तो कुरा सुनी सिध्दार्थ कुमारले हाम्रो जीबनलाई धिक्कार छ । जवान व्यक्तिले पनि एक दिन वृध्द हुनुपर्छ, रोगल आकुल व्याकुल हुनु पर्छ, मर्नु पर्छ भन्ने कुरा देख्दा देख्दै पनि मोजमज्जामा फंस्नु धिक्कार छ । यसरी दिक्क मानेर कुमार त्यो दिन पनि उद्यानमा नगइकन आफ्नै दरवारमा फर्कनु भयो ।

धेरै दिन पछि फेरि उद्यानमा डुल्न जाने इच्छा गरी रथमा बसेर आइरहनु भएको थियो । त्यस बेला वहाँले यता उता कतै नहेरी बाटोमा मात्रै हेरी प्रसन्न चित्तले आइरहनु भएको एउटा शान्त अनुहार भएको भिक्षुलाई देख्नु भयो । अनि सारथिलाई यो को हो भनी सोध्नु हुंदा सारथिले राजकुमार ! यो व्यक्ति भिक्षु हो, यसले आपनो सम्पूर्ण सुख त्याग गरी प्रवजित भई राग द्वेष मोहबाट मुक्त हुन ब्रम्हचर्य पालन गरी भिक्षा माग्न आइरहेको छ । सारथिको यस्तो कुरा सुनी कुमारले भन्नु भयो । यो व्यक्तिलाई मेरो धेरै साधुवाद छ। मलाई यसको चर्या साह्रै मन पर्‍यो । आफूलाई पनि अरूलाई पनि हित हुने चर्या यही हो । यही चर्याले सुमधुर अमृत फल पाउने हुन्छ । यति विचार गरी यो दिन पनि उद्यानमा नगई आफ्नै प्रासादमा फर्कनु भयो ।

यसरी सिध्दार्थको काम राग हटेको गृहत्याग गरी ब्रम्हचर्या पालन गर्ने इच्छा गरेको कुरा थाहा पाई शुध्दोदन महाराज

अत्यन्त चिन्तित हुनु भयो र शहरका सबै पर्खालहरू अग्लो पार्न लगाए, विभिन्न ठाउँका ढोकाहरू मजवुत बनाउन लगाउनुको साथै पालो पहरा राख्ने आज्ञा पनि दिए। अनि जसरी हुन्छ सिद्धार्थलाई गृहत्याग गर्न नदिन नाचगान गर्ने नर्तकीहरुलाई विशेष आकर्षण गर्न अह्राएका थिए।

एक दिन आधारातमा गोपाले भूकम्प भयो, पहाड भाँसियो, रूखहरू ढले, चन्द्र सूर्य आकाशवाट खसे, आफूले लगाइराखेको मुकूट खस्यो, मोतिको माला चुड्यो आदि विभिन्न सपनाहरू देखिन्। अनि सबै कुरा सिद्धार्थ कुमारलाई विन्ती गरिन्। सिद्धार्थ कुमारले भन्नु भयो–हे गोपे! तिमी सबै पुण्य गर्छौ, पाप कर्ममा तिम्रो चित्त कहिल्यै लागेको छैन त्यसकारण तिमीलाई यी स्वप्नाले केही हुदैन। यी सबै स्वप्नाको घटनाले वरु तिमीलाई भलो नै हुन्छ भनी आश्वासन दिनु भयो।

कुमारको यस्तो आज्ञा सुनी देवताहरू अब सिद्धार्थ कुनारले निश्चय पनि गृहत्याग गर्नु हुनेछ भनी प्रसन्न भए।

अभिनिष्क्रमणपरिवर्तः पञ्चदशः

भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधन गरी आज्ञा भयो- हे भिक्षुहरू हो! सिद्धार्थकुमारले मेरो पिता शुद्धोदनको इच्छा तथा अनुमति विना मैले गृहत्याग गर्नु उचित छैन भन्ने विचार गर्नु भयो। त्यसकारण अनुमति लिन वहाँ शुद्धोदनको प्रासादमा जानु भयो र आफ्नो इच्छा व्यक्त गर्नु भयो। अनि महाराजले वाबु तिमीले गृहत्याग नगर तिमीले जे इच्छा गऱ्यो त्यो वरदान म तिमीलाई दिन्छु भनी आज्ञा भयो। बुवाको यस्तो कुरा सुनी कुमारले भन्नु भयो– त्यसो भए हजूरले मलाई म कहिल्यै बुढा नहुने बिरामी नहुने, कहिल्यै नमर्ने, कहिल्यै मलाई आपत विपत नआउने यी चार वटा वरदान दिनु होस्। यस्तो चार वटा वरदान मागेको सुनी राजा परम दुःखी हुनु भयो र हे कुमार! यी बरदान दिने मेरो समर्थ छैन भनी आज्ञा

भयो । त्यसो भए महाराज ! म मरे पछि अर्थात् च्युति भइसके पछि फेरि जन्म लिन नपरोस् भनी कुमारले फेरि अर्को वरदान मागे । यो वरदान सुन्ना साथ महाराजको पुत्र स्नेह छुट्यो, तृष्णा पनि घट्न थाल्यो र तिम्रो अभिप्राय पूर्ण होस् भनी आज्ञा भयो । यति विन्ती गरी राजकुमार आपनू दरवारमा जानु भयो । यो घटना दरवारका अरू कुनै मानिसलाई थाहा थिएन । भोलिपल्ट महाराजले सबै शाक्य गणलाई भेला गरी कुमारले अभिनिष्क्रमण गर्ने इच्छा गरिरहेको छ उनलाई रक्षा गर्नु पर्छ भनेर आज्ञा भयो । राजाको यस्तो आज्ञा सुनी कुमारलाई हामी रक्षा गर्छौं भनी सशस्त्र शाक्यहरू पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै ढोकामा पहरा वस्न थाले । यता गौतमीले पनि आफ्ना परिवारहरूलाई वोलाई वत्ती नबालिकन नबस् राजकुमार घरबाट वाहिर जान नपावस्, यदि राजकुमारले गृहत्याग गरे भने हाम्रो राजवश नै उच्छिन्न हुनेछ भनी आज्ञा भयो ।

त्यसबेला सात्त्विक यक्ष सेनापतिहरू, हारतीका पाँच शय पुत्रहरू, इन्द्र, शान्तिमति, ललितव्यूह र व्यूहमति आदि देवपुत्रहरूले आज सिद्धार्थ वोधिसत्वलाई हामीले सहयोग गर्नु पर्छ, पूजा गर्नु पर्छ भनेर तयार भएर वसे । त्यस्तै ऐरावत हाँत्ती र धर्मचारी, संचोदक आदि देवपुत्रहरू पनि वहाँलाई सहयोग गर्न तत्पर भए । अनि रातको समयमा धर्मचारी नामको देवपुत्रले आफ्नू ऋद्धिबलद्वारा साह्रा कपिलवस्तु नगरलाई सुन्ने र श्मशान जस्तो घीन लाग्दा वनाइदियो । अनि त्यो दिन राती सिद्धार्थ कुमारले आफ्नो दरवारमा नाच गर्ने नर्तकीहरू, नाचगान छोडी कोही मुख वाई सुतिरहेको, कोही र्‍याल चुहाउँदै निद्रामा घुरिरहेको देखे । अनि कुमारको मनमा ठूलो विरक्ति उत्पन्न भयो । यी बाल जनहरू अशुचिपूर्ण शरीरमा आशक्त भई व्यर्थमा आफ्नू जीबन नष्ट गरिरहेका छन् भन्ने महाकरुणापूर्ण विचार पनि उत्पन्न भयो । यिनीहरूलाई सच्चा ज्ञान दिएर तृष्णा हटाउनु पर्छ भनी आफ्नो शरीरमा पनि वत्तीस प्रकारको

अशुभ भावना गर्दै यो शरीर अशुचिबाट उत्पन्न भएको हो भन्ने विचार गरेर नित्य अशुचि बगिरहने आफ्नो शरीरलाई हेरी कायानुस्मृति भावना गर्नु भयो । अनि वैराग्यले व्याकुल भई गृहत्याग गर्ने निश्चय गरो छन्दकलाई घोडा तयार गर्न आज्ञा गर्नु भयो । अनि छन्दकले यस्तो रातमा बाहिर जानु उचित छैन, गृहत्याग गरेर जानु त झन् उचित छैन, हजूर अहिले तरुनो नै हुनुहुन्छ बुढो भएपछि मात्र हामीहरूले गृहत्याग गर्नु उचित छ भनी बिन्ती गरे ।

यस्तो कुरा सुनी सिद्धार्थले छन्दकलाई यस्तो आज्ञा भयो– सुख भोग भनेको अनित्य छ, सुख पनि दुःखमा परिवर्तन हुँदै जान्छ । सुख भनेको विजुली जस्तै अस्थिर हुन्छ । त्यसकारण यो अस्थिर काम रागको सुखमा भुल्नु ठीक छैन ।

अनि आँखाभरी आँसु पारी छन्दकले गृहत्याग नगरोस् भनी विन्ती गरेतापनि कन्थक घोडा मगाई अब यहाँबाट गएपछि सम्यक् सम्वोधि लाभ नगरिकन यस कपिलवस्तुमा फर्कने छैन भन्ने निश्चय गरी घोडा चढी वाहिर निस्कन तयार भए । त्यसबेला चतुर्महाराजहरू र इन्द्र आदि देवताहरूले शहरका सबै प्राणीहरूलाई मस्त निदाउने बनाइदिए, केही शब्द पनि नसुनिने बनाइदिए । यसरी प्रत्येक देवताहरूले आ–आफ्नो ऋद्धिबलद्वारा कुमारलाई सहयोग गर्नु भयो । अनि छन्दकले कन्थकलाई सजाएर ल्याए पछि घोडा चढी कुमार प्रस्थान गर्नु भयो । जाँदा जाँदा शाक्य, क्रोध र मल्लहरूको देश नाघेर मैनेयहरूको अनुवैनेय भन्ने निगममा पुग्दा कपिलवस्तुदेखि ६ योजना पर पुग्नु भएको थियो । त्यति बेला झिसमिसे उज्यालो मात्र भएको थियो। अनि कन्थक घोडाबाट ओर्ली सवै देवदेवताहरूलाई विदा दिई आफ्नू गहना र घोडा कन्थक पनि छन्दकलाई सुम्पी यस्तो आज्ञा भयो – हे छन्दक ! अब तिमी यहाँबाट फर्क । छन्दकलाई यसरी फर्काएर पठाएको ठाउँ अद्यापि छन्दक निवर्तन चैत्य भनी प्रसिद्ध छ । अनि कुमारले कपाल शिखा धारणा गरेर प्रव्रज्यामा

रहनु ठीक छैन भन्ने संझी कपाल तथा शिखा काटी आकाशमा फाल्नु भयो । त्यसवेला त्यो चुडालाई त्रार्यत्रिंशत भुवनका देवताहरूले टिप्नु भयो र स्वर्गमा लगेर चुडामह नामको ठूलो उत्सव मनाए । सो ठाउँ जहाँ भगवानले चुडा काटे अहिले पनि चुडाप्रतिग्रहण चैत्य नामले प्रसिद्ध छ । अनि बोधिसत्वले प्रवजित भइसके पछि मैले यो काशीमा बनेको रेश्मी बस्त्र लगाउनु उचित छैन भनी विचार गर्नु भयो । त्यसैवेला शुद्धावासकायिक देवपुत्रले व्याधाको रूप लिई धनुवाण धारणा गरेर काषाय वस्त्र लगाई सोही ठाउँमा आइपुगे । उनलाई देख्ना साथ बोधिसत्वले हे भाई! यो काषाय बस्त्र मलाई दिनु होस् मेरो यो कौशिक वस्त्र तपाईलाई लिनु होस् भनी अनुरोध गरे । सो देवपुत्रले पनि काषाय बस्त्र दिई कौशिक वस्त्र लिनु भयो । देवपुत्रले पनि यो वस्त्र दुबै हातले थापी शिरमा राखी देवलोकमा लगे । सो ठाउँ अद्यापि काषाय ग्रहण चैत्य भन्ने नामले प्रसिद्ध छ ।

यसरी बोधिसत्वले मुण्डन गरी काषाय वस्त्र धारणा गर्नु भएको देखेर सम्पूर्ण देवपुत्रहरू अत्यन्त हर्षित भए किनभने अब बोधिसत्वले सम्यक् सम्बोधि लाभ गरी धर्मचक्र प्रवर्तन गर्नेछ भन्ने उनीहरूको ठूलो विश्वास थियो ।

यता राजदरवारमा सिद्धार्थ कुमारलाई कुनै प्रासादमा पनि नदेखी राजा लगायत सबै व्यक्तिहरू शोकले विह्वल भए । राजकुमारलाई यत्र तत्र खोज्न पठाए । खोज्न गएको मानिसहरूले कौशिक बस्त्र शिरमा राखी आइरहेको देवपुत्रलाई देखेर यो व्यक्तिले राजकुमारको कौशिक वस्त्र खोसेर लिन कुमारलाई माग्यो होला भन्ने शंका गरेका थिए । त्यत्तिकैमा कन्थकलाई लिएर आइरहेको छन्दक पनि उनीहरूको अगाडि आइपुगे । अनि छन्दकले आफूले देखेका सबै कुरा उनीहरूलाई वतायो । त्यसपछि छन्दकले सो घोडा र सिद्धार्थ कुमारको गहना महाराजलाई बुझाइदियो । छन्दकको कुरा सुन्दा सिद्धार्थकुमारलाई फर्काएर ल्याउन सक्ने संभव कसैले देखेन अनि सबै परिवारहरू शोकले

विह्वल भए प्रजापति गौतमी र गोपा पनि त्यो गहना लिई विलाप गर्न थाले । त्यसबेला ती सबै गहनाहरू प्रजापति गौतमीले एउटा ठूलो पोखरीमा फालिदिइन् । सो पोखरी अद्यापि आवरण पुष्करिणी नामले प्रख्यात छ ।

यसरी समस्त परिवारहरू शोकले विह्वल भई विलाप गर्न लागेको देखेर छन्दकले राजा तथा प्रजापति गोतमी र गोपालाई शान्त्वना दिंदै फेरि यस्तो बिन्ती गरे – जव सिद्धार्थकुमारले गृहत्याग गर्ने निर्णय गर्नु भयो त्यति खेर स्वयं इन्द्र आदि देवताले शहरको ढोकाहरू खोलिदिए, चतुर्महाराजहरूले कन्थकको चारै खुट्टा समाती आकाश मार्गबाट उडेर गए । यसरी देवताहरूले सहयोग गरेको देख्दा हामीले रोक्ने तथा सूचना दिने समर्थ भएन। त्यसकारण अपशोच गरेर केही लाभ हुँदैन । देवताहरूले पनि कुमारलाई यस्तो सम्मान गर्नु हामीहरुको निमित्त पनि ठूलो गौरवको कुरा हो ।

बिम्बसारोपसंक्रमण परिवर्तः शोडषः

अनि हे भिक्षुहरू हो ! बोधिसत्वको प्रभावले छन्दकको यी कुरा सुनी शुद्धोदन र गोपा शाक्य कन्याको शोक शान्त भयो ।

अनि उता बोधिसत्व पनि काषाय वस्त्र धारणा गरी शाक्या नामकी ब्राम्हणीको तथा पद्मा नामकी, रैवत नामको ब्रम्हर्षि र राजक नामको दात्रिमाण्डिकहरूको आश्रममा क्रमशः जानु भई केही दिन बिताउनु भयो । यस्तै क्रमशः वैशाली महानगरमा पुग्नु भयो र आराड कालम कहाँ गई आँकिंचायतन समापत्तिको ज्ञान हासिल गरीं थोरै समय आँकिंचायतन समाधि लाभ गरेर अझ यो भन्दा माथिको ज्ञान पनि हजूरसंग छ कि भनी आराड फालामसंग सोध्नु भयो । तर त्यो भन्दा अरू मैले जानेको छैन भन्ने वहाँको जवाफ सुनी त्यहाँबाट प्रस्थान गरी राजगृह नगरमा पुग्नु भयो र त्यहाँको पाण्डवपर्वतमा बस्नु भयो । त्यहाँ भिक्षाचार गर्न राजगृह नमरमा जानु हुँदा वहाँको

शान्त तथा प्रसन्न मुद्रालाई देखी सबै मगध जनताहरू आश्चर्य मान्दथे । यही कुरा राजा विम्वसारलाई सुनाउंदा महाराज पनि उक्त पाण्डव पर्वतमा गई बोधिसत्वको दर्शन गर्न जानु भयो। त्यसबेला वहाँको उज्ज्वल मुख देखी राजा अति प्रभावित हुनु भयो र हजूरले यस्तो तरूणो उमेरमै गृहत्याग गर्नु भए छ यदि हाम्रो राज्यमा राज हुन्छ भने हजूरलाई चाहिएका सबै कुरा उपस्थित गराइदिनेछु । हजूर को हुनुहुन्छ? कहाँवाट पाल्नु भएको हो ? हजूरको वुबा मुमाहरूको शुभ नाम तथा वर्ण जान्न पाए हुन्छ भनी राजाले विन्ती गर्दा बोधिसत्वले आज्ञा भयो – कपिलवस्तु महानगरको महाराज शुद्धोदन शाक्य मेरो पिताजी हुनुहुन्छ । यति आज्ञा भए पछि राजाले हजूरको दर्शन पाएर हामी लाभान्वित भएका छौं । हजूरलाई चाँडै नै बोधिलाभ होस् । यति भनी राजा विम्वसार परिवार सहित राजगृह नगरमा फर्के पछि बोधिसत्व निरंजना नदीको तीरमा गएर वस्नु भयो ।

दुष्करचर्या परिवर्तः सप्तदशः

भगवान्ले आज्ञा भयो – हे भिक्षुहरू हो ! त्यसबेला रूद्रक रामपुत्र राजगृह महानगरमा साढे सात शय शिष्यहरूलाई नैवसंज्ञानासंज्ञायतन समापत्तिको उपदेश दिइरहनु भएको थियो । यो कुरा थाहा पाई बोधिसत्व पनि रूद्रक रामपुत्र कहाँ गई हजूरले लाभ गर्नु भएको ज्ञान हामीलाई पनि आज्ञा हुनु होस् भनी अनुरोध गरे । रूद्रक रामपुत्रले पनि आफूले लाभ गरेको ज्ञान वताउनु भयो ।

बोधिसत्वले अनि एकान्तमा गई पलेटी मारी ढाड सोझो राखी ध्यान गर्न लागे । यसो गर्दा गर्दै वहाँले चाँडै नै नैवसंज्ञानासंज्ञायतन समापत्ति साक्षात्कार गर्नु भयो र रूद्रक रामपुत्र कहाँ गई यो भन्दा पछि लाभ गर्नु पर्ने केही अरू मार्ग छ कि भनी प्रश्न गर्नु भयो । अनि रूद्रक रामपुत्रले यहाँ भन्दा अर्को राग हटाउने उपाय छैन भनेको सुनी यतिले मात्र निर्वाण साक्षा-

त्कार हुँदैन भन्ने विचार गरी वहाँबाट बिदा मागी फर्कनु भयो। त्यस बेला पंच भद्रवर्गीयहरू पनि रूद्रक रामपुत्र कहाँ नै बस्नु हुन्थ्यो । बोधिसत्व फर्केको देखेर उनीहरू पनि वहाँकै पछि लागे। त्यस बेला राजगृह र गयाको बीचमा केही गणहरूले उत्सव मनाइरहेका थिए । उनीहरूले पंचभद्रवर्गीय सहित बोधिसत्वलाई पनि त्यहाँ भोजन गर्न र केही दिन बस्न निमन्त्रणा गरेको थियो। सो गयाशीर्ष पर्वतमा बसिरहेको बेला बोधिसत्वलाई पहिले कहिल्यै नसुनेको तीन वटा बिचार सुझ्न थाल्यो – सबै श्रमण ब्राम्हणहरू कामराग हटाउन चाहन्छन्, काम राग हटाउन शरीरले अत्यन्त कष्ट गरी तपस्या गर्छन् तर यसो गर्नाले मात्र निर्वाण लाभ हुंदैन किनभने कुनै मानिसले आगो बाल्नुको निमित्त काँचो काठ पानीमा भिजाएर आगो निकाल्न अरणि मठ्यो भने आगो निकाल्न सक्दैन । त्यस्तै दुःख मात्र गरेर काम राग शान्त पार्न सक्दैन भन्ने पहिलो विचार उत्पन्न भयो ।

काँचो अरणिले मात्र आगो ननिस्के जस्तै काम राग शान्त गर्न श्रवण ब्राम्हणहरूले कष्ट गरेर मात्र हुँदैन भन्ने दोस्रो बिचार पनि उत्पन्न भयो ।

काम राग शान्त गर्छु भन्ने बिचार लिई उचित मात्रामा शरीरलाई हेरचाह गरी कोशिश गरेमा काम, राग, शान्त हुन्छ । सुकेको अरणि लिएर मठ्दा जसरी आगो निस्कने हुन्छ त्यस्तै उचित रूपले कोशिश गर्दा निर्वाण लाभ हुन्छ भन्ने तेस्रो बिचार उत्पन्न भयो ।

अनि गयाशीर्षबाट फर्की निरंजना नदीको सफा, पानी सफा ठाउँमा बसेर आपनो क्लेश प्रहाण गर्ने विचार गर्नु भयो ।

हे भिक्षुहरू हो ! त्यस वेला निर्वाण लाभ गर्न कोही मन्त्र जप्ने गर्थे कोही गोव्रत, मृगव्रत, कुक्कुर व्रत आदि गर्थे, कोही ॐकार, बषट् कार स्वधा, स्वहा आदि साधना गर्थे कोही इन्द्र, ब्रह्मा आदिको पूजा गर्थे । परन्तु बोधिसत्व सिद्धार्थ

कुमारले यिनीहरूको मार्गमा नलागी ६ बर्ष सम्म दुष्कर चर्या पालन गरी बस्नु भयो । त्यसवेला वहाँले आकाश जस्तो व्यापक आस्थानक नामको ध्यान गर्नु भएको थियो । सम्पूर्ण लोकलाई आश्चर्य गराउने, अरू धर्मावलम्वीहरूको अभिज्ञान हटाउने, देवताहरूलाई पनि बुद्ध धर्ममा आकर्षण गर्ने उच्छेदवादी र शाश्वतवादीहरूलाई निग्रह गर्ने यो आस्थानक ध्यान समाधि वहाँले गर्नु भएको थियो । यस्तो समाधि गर्दा हेमन्त ऋतुमा पनि वहाँको काखीबाट पसिना निस्कन्थ्यो र कहिले काहीं बेहोस् भएर लड्नु हुन्थ्यो । यसरी कष्ट सही गरिरहेको ध्यान देखेर देवताहरूले सिद्धार्थकुमारको मरण भयो भन्ने संझन्थे । जगतहित गर्ने बुद्ध बन्छु भन्ने पूर्ण नहुँदै सिद्धार्थ कुमारको च्युति भयो भनी दुःख मनाउँथे । देवताहरूको मुखबाट कुमारको यस्तो हालत भइरहेको सुनेर मायादेबी अति दुःखी भई बोधिसत्व कहाँ आइन् । अनि बोधिसत्वले पनि आमा मायादेवीलाई दीपंकर तथागतले गर्नु भएको व्याकरण (भबिष्यवाणी) खेरो जाने छैन भनी आश्वासन दिनु भयो ।

अनि अरू श्रबण ब्राम्हणहरूको अल्पहार गरी तपस्या गर्दा शुद्ध हुन्छ भन्ने विचारलाई ठीक छैन भन्ने व्यक्त गर्न वहाँले दिनको एउटा बयर जत्रो मात्र अन्न खाई धेरै दिन ध्यान गर्न लागे । यसो गर्दा गर्दै वहाँ ज्यादै दुब्लाउनु भयो र हलचल गर्न नै नसक्ने भयो । रौंहरू पनि शरीरबाट झर्न थाले शरीर कालो देखिन थाल्यो । यसरी विरूप हुँदै गएको बोधिसत्वलाई देखेर त्यहाँ आउने गोठालाहरू पांशुपिशाच आयो भनी डराउन थाले र धुलोले डल्न थाले । यही रितले ६ बर्ष बिताइसके पछि वहाँको घोर तपस्या देखेर देव नाग तथा मनुष्यहरूले वहाँलाई ठूलो आदर गर्न थाले । यो आस्थानक ध्यान देब मनुष्य आदि सम्पूर्णको हितको निमित्त गर्नु भएको हो भन्ने कुरा वहाँहरूलाई थाहा थियो ।

नैरञ्जना परिवर्तः अष्टदशः

श्री भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्दै फेरि यस्तो आज्ञा भयो – जब बोधिसत्वले ६ वर्षसम्म दुष्कर चर्या गरिरहनु भएको थियो त्यस बेला मौका पाए तपस्या भंग गरूं भन्ने विचारले पापी मार बोधिसत्वलाई हेरिरहेको थियो। ६ बर्षको लामो अवधिमा पनि तपस्या भंग गर्ने मौका नपाएपछि पश्चात्ताप गरी आफ्नो रूप बदली बोधिसत्वको सामु गई यसरी बिन्ती गरे – यो निरंज नदी अति स्वच्छ र शीतल पानीले सुन्दर छ, वरीपरी हरियो वन जङ्गलले शोभायमान छ। तर यस्तो ठाउँमा जीवनको वास्ता नगरी किन तपाईंले यस्तो कठोर दुःख गरिरहनु भएको हो ? जीवन छ भने विभिन्न पुण्यकर्म गरी अरूलाई उद्धार गर्न सकिन्छ। अहिले हजूरको शरीर दुब्लाएर मरणान्त अवस्थामा पुगि सकेको छ। हजारमा एक खण्ड पनि तपाईंको जीवनको आशा छैन। हजूरले अब बोधि लाभ गर्ने विचार त्याग्नु पर्छ। मारको यस्तो वचन सुनेर बोधिसत्वले आज्ञा भयो – हे मार ! मलाई मरणको भय छन। मेरो शरीरको रगत, मासु सुकेर जाऊन् परन्तु मेरो चित्त प्रसन्न नै रहने छ। मेरो छन्द (उद्देश्यपूर्ण गर्ने इच्छा) वीर्य (उत्साह र जाँगर) समाधि (एक चित्त) स्थिर भएर नै रहनेछ। मरेर जानु असल नै हो। मारदेखि पराजित भएर बस्न म चाहन्न। काम (सुख भोग गर्ने इच्छा) अरति (नरमाइलो लाग्नु) क्षुत्पिपासा तथा तीव्र तृष्णा, आलस्य, निद्रा, शंका, क्रोध, अक्ष (अर्काको गुण छोप्ने प्रवृति) लोभ आफ्नो प्रशंसा चाहनु, यश कीर्ति चाहनु आदि तिम्रै सेनाहरू होइनन् र ? हे नमुचिमार तिम्रो सेनाले मलाई छुन सक्दैन। मैले हरदम स्मृतिसंप्रजन्य अर्थात् मन र शरीरको अवस्थालाई विचार गरिरहेको हुन्छु ! हे दुर्बुद्धिमार मलाई तिम्रो उपदेश चाहिंदैन। यति भन्ने वित्तिकै मार अन्तर्धान भयो।

धेरै दिन सम्म यसरी भोकै वस्न थाले भने मैले निर्वाण साक्षात्कार गर्न सक्दैन, यो बोधिलाभ गर्ने बाटो पनि होइन। पिताजीको उद्यानमा जम्बूवृक्षको छाँयामा बसेर प्रथम ध्यानदेखि चतुर्थ ध्यान सम्म लाभ गरेको थिए। सो ध्यानको मार्ग नै असल छ। सो ध्यान गर्न दुर्बल मानिसले सक्दैन। त्यसकारण केही हलुका खाना खानु पर्‍यो भनी विचार गरिरहंदा भोकै वसी तपस्या गरेको मन पराउने देबताहरूले बोधिसत्वको मनको कुरा जानी वहाँको अगाडि आई हजूरले खाना नखानु होस् हामी हजूरको रोमकूपमा ओज भरिदिने छौं र हजूरलाई ध्यान गर्दा बल मिल्ने छ भनो ओज भर्न थाले। अनि भगवान् बोधिसत्वको मनमा यस्तो विचार उत्पन्न भयो –यदि देवताहरूले रोमकूपमा भरिदिएको ओजले मैले जीविका चलाए भने म मृषावादी ठहरिने छ। बरू मैले अन्न खानु नै असल छ भन्ने निर्णय गरी मुगको रस केराउको रस र जाउलो खान थाल्नु भयो। यसरी खान थालेको कुरा पचभद्रवर्गीयहरूले देखेर यो बोधिसत्वको तपोभंग भयो, यसले मिठो मिठो खान थाल्यो भन्ने मनमनै विचार गरी वहाँलाई छोडी बाराणशी ऋषिपतन मृगदावमा गए।

बोधिसत्वले यसरी दुष्करचर्या गरिरहनु हुंदा दश जना गाउँका केटीहरू बराबर दर्शन गर्न आउथे र भगवान्लाई वयर तिल, चामल, आदि दान दिने गर्थे। बला, बलगुप्ता, सुप्रिया विजयसेना, अतिमुक्तकमला, सुन्दरी, कुम्भकारी, उलुविल्लिका जटिलिका आदि यी केटीहरूको दानले प्राप्त भएको अन्न खाएर नै बोधिसत्वले ६ बर्ष जीबिका गर्नु भएको थियो। त्यसबेला बोधिसत्वको काषाय बस्त्र जीर्ण शीर्ण भई सकेको थियो। त्यसैबेला सुजाता नामकी कन्याको एउटा राधा नामकी दासी परलोक भइन्। ती राधा दासीको मृत शरीरलाई छोपेर लगेको सनको कपडा श्मशानमा फालिराखेको थियो। बोधिसत्वले त्यहीं पांशुकुलीक कपडा लिनु भयो र धोएर लगाउने विचार गर्नु भयो। बोधिसत्वको यस्तो विचार थाहा पाई देवताहरूले हामी वस्त्र दिन्छौं भन्दा

मेरो लागि यी पांशुकलिक लुगा नै उत्तमछ बरू धुनलाई पानी भए हुन्थ्यो भनी जवाफ दियो । अनि देवताहरूले भूंइमा हातले हानेर पानी निकाली दिनुभयो । सो ठाउं अद्यापि पाणीहत्तापुष्करिणी भन्ने तलाउको रूपमा प्रसिद्ध छ । त्यस पछि पानी त पाइयो यो लुगा पछारन एउटा ढुङ्गा भए हुन्थ्यो भन्ने विचार स्वयं इन्द्रले ढुङ्गा बोकेर ल्याइदियो म लुगा ढोइदिन्छु भनी विन्ती गरे । तर बोधिसत्वले प्रवज्या भनेको स्वयंकारिता हो, म मेरो लुगा आफै धुन्छु भनी आफैले धुनु भयो । त्यसबेला त्यो पोखरीको चारैतिर मारले यति माटो थुपारिदियो कि बोधिसत्वलाई त्यहाँबाट माथि आउन अत्यन्त कठिन भएको थियो ।

अनि बोधिसत्वले देवताहरूलाई भन्नु भनो - हे देवता हो ! माथि आउन चाहन्छु, यो ककुभ बृक्षको हांगा नुहाई दिनुहोस्; त्यो समात्ती म माथि आउने छु । यति भन्नासाथ हाँगा नुहाइदियो र माथि आएर त्यही ककुभ बृक्षको मुनि बसेर संघाटी सिउनु भयो । सो ठाउँलाई अद्यापि पांशुकुलसिवन क्षेत्र भनिन्छ ।

त्यसवेला विमल प्रभ नामको शुद्धावासकायिक देवपुत्रले श्रमणहरूलाई योग्य चीवर काषाय वस्त्र बोधिसत्वलाई दान दिए । त्यस पछि बोधिसत्व सो चिवर लगाई संघाटी बढी भिक्षाको निमित्त गाउतिर लाग्नु भयो । सो दिन उरुविल्व सेनापति नामको गाउमा नन्दीक भन्नेकी छोरी सुजाताले धेरै ब्राह्मणहरूलाईभोजन गराइरहेकी थिइन् । सोहि दिन बोधिसत्व पनि सो ठाउंमा पुग्दा सुजाताले स्वागत गरी सुनको थालमा क्षीर भोजन राखेर दान दिइन् । अनि बोधिसत्व त्यो पात्र लिएर निरंजना नदीको तीरमा पिण्ड पात्र चीवर राखी नदीमा नुहाउनु भयो । यसरी नुहाइरहनु हुंदा नागकन्याहरूले भद्रासन-ल्याइदिए । सोही भद्रासनमा बसी बोधिसत्वले सुजाताले दिएको क्षीर भोजन गर्नु भयो । भोजन पछि त्यो सुनको पात्र निरंजना नदीमा फालि दिनु भयो । सो सुनको पात्र सागर नामको नाग राजाले आफ्नो

नाग भवनमा लगी पूजा गरी राख्नु भयो । यो कुरा इन्द्रले थाहा पाई गरुडको रुप लिई सागर नाग राजाको भवनमा गई त्यो पात्र लुट्न जानु भयो । तर लुट्न असमर्थ भएपछि हात जोडी त्यो पात्र माग्नु भयो र त्यो पात्र इन्द्रले स्वर्गमा लगेर पात्र महोत्सव मनाए । बोधिसत्व बसेको भद्रासन भन्ने नाग कन्याहरूले नाग लोकमै लगी अद्यापि पूजा गरिराखेको छ ।

यसरी उत्तम आहार भोजन गरे पछि बोधिसत्वको शरीरमा पहिले जस्तै बल तथा बत्तीस लक्षण, अशीति अनुव्यंजन र व्याम प्रभाले युक्त हुन थाले । आपनो शरीर यसरी सबल भएको अनुभव गरेर वहाँ बोधिवृक्ष तिर प्रस्थान गर्नु भयो ।

बोधिमण्डल गमन परिवर्त एकोनविंशः

श्री भगवान् बुद्धले आज्ञा भयो - हे भिक्षुहरू हो ! नदीमा स्नान गरेर भोजन गरिसके पछि शान्त तथा संयमपूर्वक विस्तारै हिंडेर बोधिमण्डपको सामु उपस्थित हुनु भयो । बोधिमण्डप र निरंजना नदीको बीचमा वातवलाहक देवपुत्रहरूले बाटोमा धुलो नउड्ने गरी सुगन्धपुष्पसहित वर्षा गरेका थिए । त्यस बेला सारा देवताहरू तथा प्राणीहरूले पनि बोधिवृक्षतिर झुकी प्रणाम गरेका थिए । देवताहरूले बाटाभरि सुन्दर टाडका वृक्षहरू र ध्वजा पताकाहरूले सजाएका थिए । चारैतिर तूर्यवाजाहरू र दुन्दुभिहरू बजिरहेको थियो । सुगा आदि विभिन्न जातका पंक्षीहरूले मंगलध्वनि निकालिरहेका थिए । जुन दिन बोधिसत्वले बुध्दत्व लाभ गर्न प्रस्थान गर्नु भयो त्यहो दिन वशवर्ती नामको देवताले सबै ब्रह्माहरूलाई आमन्त्रणा गरी यस्तो भनेको थियो—आज बोधिसत्व बुद्धत्व लाभ गर्न बोधिवृक्षको सामु गइरहनु भएको छ । वहाँलाई हामीले सक्दो सेवा गर्न पछि पर्नु हुंदैन अनि महाब्रम्हाहरूले पनि सो ठाउमा विघ्न नहोस् जमीनहरू सम्म होऊन् भनी अधिष्ठान गरेका थिए ।

वोधिसत्वलाई हेरचाह गर्ने उत्खलि आदि सोह्रजना देवपुत्रहरूले पनि चारैतिरबाट वोधिसत्वलाई रक्षा गर्दै पूजा गर्न तत्पर भइरहेका थिए । वोधिवृक्षमा रहने वेणु, वल्गु, सुमन, ओज स्पति नाम गरेका वृक्षदेवताहरूले बोधिवृक्षलाई झिगारी नयाँ पालुवा तथा पातहरू निर्माण गरी रमाइलो वनाएको थियो । त्यसवेला वोधिसत्वको शरीरको प्रभावले दुर्गतिमा दुःख पाइरहेका सवै प्राणीहरूले सुखको अनुभव गर्न थाले । रोगी तथा इन्द्रिय विफल भएका व्यक्तिहरूले पनि स्वास्थ्य लाभ गर्न थाले । परस्परमा दाजु भाई आमा बुवाहरूको जस्तो मैत्री चित्त हित चित्त उत्पन्न हुन थाल्यो । बोधिसत्वको तेजले नागलोक उज्ज्वल भएको देखेर कालिक नागराजाले गाथाद्वारा यस्तो कुरा व्यक्त गरे – ककुच्छन्द, कनकमुनि, काश्यप आदि तथागतहरू उत्पन्न हुंदा पनि यो नागलोक यस्तै उज्यालो भएको थियो । चन्द्र सूर्यको तेजले उज्यालो पार्न नसक्ने यो लोक उज्यालो हुनुको मतलब अवश्य पनि कोही महापुरूष बोधिवृक्ष तिर गएको हुनु पर्छ । आज वहाँलाई हामीले पूजा गर्नु पर्छ भनी नाग राजाका अग्रमहिषी सुवर्णप्रभा सहित सबै परिवारका साथ स्तुति गर्दै बोधिसत्वलाई पूजा गर्न प्रस्थान गरे ।

त्यसबेला बोधिसत्वको मनमा पहिलेका बुद्धहरूले कुन आसनमा बसेर बुद्धत्व लाभ गरे होला भन्ने विचार आयो । अनि दिव्य दृष्टिले हेर्दा घाँस वछ्याएर वस्नु भएको देख्नु भयो र दाँयातिरको खेतमा घाँस काटिरहेको स्वस्तिक नामको व्यक्ति कहाँ गई मधुर वचनले घाँस मागी ल्याउनु भयो । अनि बोधिवृक्षमुनि सो घाँस वछ्याएर बस्नु भयो । त्यस बेला अरू बोधिवृक्षमुनि पनि देवताहरूले आसन सजाई राखेका थिए । अतः ती देवताहरूको हित सुख होस् भन्ने भावले ललितव्यूह नामको समाधि द्वारा देबताहरूले सजाएका ती सवै बोधिवृक्षमुनि बसेको जस्तो पारेर सवै देवताहरूलाई प्रसन्न पार्नु भयो । अनि त्यस पछि आफूले विछ्याएको घाँस माथि पलेटी मारेर बस्नु भयो र शरीर सोझो पारी स्मृतिसंप्रजन्य भई यस्तो उदान गाउनु भयो –

इहासने शुष्यतु मे शरीरम्
त्वगस्थिमांसं प्रलयं च यातु ।
अप्राप्य बोधिं बहुकल्पदुर्लभां
नैवासनात्कायमतश्चलिष्यते ।।

अर्थात् यो आसनमा बस्दा वस्दै मेरो शरीर सुकेर जावस् छाला, हाड, मासु गलेर जावस् तर परम दुर्लभ बोधिज्ञानलाई प्राप्त नगरिकन म यो आसनबाट उठ्ने छैन ।

बोधिमण्डव्यूह परिवर्तो विंशतितम

श्री भगवान् बुद्धले भिक्षुहरूलाई आज्ञा भयो - हे भिक्षुहरू हो ! बोधिसत्व बोधिवृक्षको मुनि पूर्वतिर फर्केर जव वस्नु भयो त्यसवेला ६ जना कामावचर देवताहरू पनि त्यहाँ आएर वहाँको हेरचाह गर्न बसेका थिए । त्यस पछि बोधिसत्वले ध्यानमा बसेर बोधिसत्व सचोदनी नामको रश्मि निकाल्नु भयो । त्यो रश्मि दशै दिशामा फिंजियो र सवै बुद्धक्षेत्रलाई उज्ज्वल वनाइदियो । त्यस बेला पूर्वदिशामा रहेको विमला लोक धातुका विमलप्रभास तथागतको बुद्धक्षेत्रबाट ललितव्यूह नामको बोधिसत्व वहाँलाई पूजा सत्कार गर्न पाल्नु भयो । त्यसै गरी दक्षिण दिशाको रत्नव्यूहवाट रत्न छत्र कूटसंदर्शन बोधिसत्व, पश्चिम दिशाबाट रत्न जाल बोधिसत्व, उत्तर दिशावाट व्यूहराजवोधिसत्व, पूर्वदक्षिणदिशाबाट गुणमति बोधिसत्व, दक्षिणपश्चिमदिशाबाट रत्नसंभव बोधिसत्व, पश्चिमोत्तर दिशाबाट मेघालकृत बोधिसत्व, पृथ्वीतलवाट रत्नगर्भ वोधिसत्व, माथिवाट गगनगंजबोधिसत्व आदि पाल्नु भयो र मन्दार पुष्प, धूप, गन्ध माला, विलेपन, चीवर वस्त्र अलंकार, छत्र ध्वजा पताका आदि पूजा सामग्रीद्वारा पूजा गरी स्तुति गर्नु भएको थियो ।

त्यस बेला बोधिमण्डप वरिपरि देवता तथा बोधिसत्वहरूको रमणीय उत्सव भएको थियो ।

मार धर्षण परिवर्तः

श्री भगवान् बुद्धले आज्ञा भयो – हे भिक्षुहरू हो! वोधिसत्वले आफ्नो प्रभावले वोधिवृक्षमुनि बुद्धलाई पूजा गर्न देव देवताहरूले सजाएको वोधिमण्डपको सुन्दरता र दशौं दिशाका बुद्धहरूको वोधिमण्डप पनि सबैले देखिने बनाइदिनु भयो। अनि त्यसपछि कामधातुमा बस्ने मारहरूलाई थाहा नदिइकन मैले बोधिलाभ गर्नु ठीक छैन भन्ने विचार गरी मारहरूलाई थाहा दिने उद्देश्यले आँखी भौ वीचको उर्णाकोशबाट सर्वमारमण्डल विध्वंसनकारी नामको रश्मि निकाल्नु भयो र सो रश्मिले मार भवनहरू सबै उज्ज्वल पारी यस्तो शब्द निकाल्यो – धेरै कल्प देखि बोधिचर्या पालन गर्दै आइरहनु भएको वोधिसत्वले आज बोधिवृक्षमुनि बुद्धत्व लाभ गर्न वस्नु भएको छ। वहाँले समस्त प्राणीलाई भवसागरबाट पार लगाई दिनु हुनेछ। हे मार! वहाँको अगाडि तिमीहरूको बल निष्कृय हुनेछ।

रश्मिबाट निस्केको यस्तो शब्द सुनेर दिन राती मारले बत्तीस प्रकारको स्वप्ना देख्यो। अनि यस्तो अपशकुनको स्वप्ना देखेर हडवडाई आफ्ना सेनापति तथा छोराहरूलाई भेला गरी स्वप्नाका सबै कुरा बताए। त्यस वेला सार्थबाह नाम गरेको मारपुत्रले आफ्नो पिता नमुचिकृष्णबन्धुलाई यसो विन्ती गरे – हजूरले आज देख्नु भएको सपनाले आज हजूरको पराजित हुने लक्षण देखिन्छ। त्यसकारण संग्रामको विषयमा उपेक्षा गर्नु नै श्रेय छ।

परन्तु सार्थबाहको कुरालाई वास्तै नगरी आफ्नो मार सैन्यहरू तयार गरे। ती सैन्यहरू कोही स्यालको जस्तो टाउका भएका कोही बाघको जस्तो कोही सर्पको जस्तो तथा घीन लाग्दा र भयंकर डरलाग्दा अनुहारका थिए। यस्ता सैन्य द्वारा तर्साउंछु र भगाउंछु भन्ने मारको विचार थियो।

यस्य भवेत अहं ति ममेति
भाव समुच्छ्रयि तत्वनिविष्टा: ।
सो विभियाद्बुध्दे स्थितु ग्राहे
आत्मनि संभ्रमि गच्छ निरीक्ष्य ।।

शाक्य सुतस्तु स्वभावमभावं
धर्मं प्रतीत्य समुत्थित बुद्धा ।
गगनोपमचित्तु सुयुक्तो
न भ्रमते सवलं शठं दृष्ट्वा ।।

अर्थात् जसको म मेरो भन्ने विचार प्रवल हुन्छ त्यस्तो भावग्राही व्यक्ति डराउने हुन्छ किनभने उसले आफूलाई भ्रममा पारी राखेको हुन्छ । परन्तु बोधिसत्वले सवै वस्तुलाई सच्चारुपले न देखिने हुनाले जति देखिका वस्तुहरू छन् ती जम्मै भ्रम हुन् अभाव स्वभावका हुन्, दुइ वस्तु मिलेर बनेका सवै वस्तु भ्रमात्मक हुन्छन् भनी भावना गर्ने हुन्छ । अत: वहाँ बोधिसत्वको चित्त आकाश झैं निर्लिप्त हुन्छ र यस्ता माया रुपका मारहरूलाई देखेर बोधिसत्व कहिल्यै भ्रममा पर्दैन ।

हे भिक्षुहरू हो ! त्यसबेला नमुचिमारको हजार वटा छोराहरू थिए कुनै असल विचारका र कुनै खराब विचारका थिए । त्यसमध्ये दाँयातिर असल स्वभावका सार्थब्राह, मधुर घोष, सुनेत्रप्रसाद, एकाग्रमति, पुण्यालंकार, धर्मकाय, सिद्धार्थ, धर्मरति, अम्वलमति, सिंहमति, सिंहनाडी, सुचिन्तिनार्थ आदि थिए । बाँयातिर खराब विचारका बसेका थिए । ती मध्ये दुर्मति, सतबाहु, उग्रतेज दीर्घवाहु भयंकर अवतारप्रेक्षी, अनर्वाति, अनुपशान्त, रतिमेल, वातजव ब्रम्हमति, सर्वचन्दाल दुश्चिन्तितार्थ आदि थिए । तिनीहरू मध्ये असल विचार भएकाहरूले बुद्धको पक्ष लिई युक्तिपूर्वक लड्न जानु हुंदैन भन्ने सल्लाह दिएका थिए । खराव विचारकाले त्यस्ता श्रवणलाई हामी एक चुट्कीले खतम गर्छु भनी सल्लाह दिन्थे ।

अनि भद्रसेन नामको सेनापतिले पनि युक्तिपूर्वक बुद्धको प्रशंसा गरी नलड्ने विचार व्यक्त गरेका थिए। तर खरात्र विचारका छोराहरू अत्यन्त उत्तेजित भई विभिन्न हात हतियारहरू लिई बुद्धको सामु पुगे। त्यस बेला बुद्धले मुख बाउनु भयो यसरी मुख बाउनासाथ मारहरूले आफ्ना सबै फौज बोधिसत्वले निलको जस्तो अनुभव भयो र डरले भागाभाग भए। अनि कोही सेनापतिहरूले नडराइकन सर्व हतियार ढुङ्गा मुढा आदिले बोधिसत्वलाई हानेका थिए तर ती सबै हातहतियारहरू फूलको कंदुवा झैं भएर आकाशमै अडिरह्यो।

अनि बोधिसत्वले आफ्नो दाँया हातले शिरमा विस्तारै मुसार्नु भयो। यस्तो गर्दा बोधिसत्वले हातमा खड्ग लिएको संझी डराएर भागे। त्यसपछि अनि अग्नि वर्षा, धुलो वर्षा र हुरी चलाई अनेक दुःख दिंदा पनि बोधिसत्व आसनबाट विचलित नभएकोले अन्तमा बोधिसत्वको नगीचै गएर मारले यसो भने– हे राजकुमार ! तपाईले यस्तो कष्ट किन गर्नु हुन्छ ? आफ्नो राज्यमा गएर चक्रवर्ती राजा भई सुख भोग गर्नु होस्। मोक्ष प्राप्ति गरेर केही फायदा छैन।

अनि बोधिसत्वले भन्नु भयो– हे मार ! तिमीले एक चोटी निरलगल यज्ञ गरेर कामेश्वर बन्यौ; मैले यस्ता निरलगल यज्ञ कैयौं पटक गरेको छु परन्तु यी यज्ञ मैले सुख भोगको निमित्त होइन, बरू दुःख पाइरहेका प्राणीहरूलाई उद्धार गर्न र मोक्ष दिलाउन नै गरेको हुं। अनि वहाँको यस्तो वचन सुनी मारले भने मैले एक चोटि निरलगल यज्ञ गरेकोमा तपाई साक्षी हुनु हुन्छ, तर तपाईले हजारौं पटक निरलगल यज्ञ गरें भन्नुमा को साक्षी छ ? मारको यस्तो वचन सुनी बोधिसत्वले निरभिक भई यो मेरो यज्ञको साक्षी पृथ्वी हो भनी पृथ्वीमा छुनु भयो।

त्यस बेला पृथ्वीदेवताले पृथ्वीबाट आधा शरीर निकाली हे भगवन् ! हजूरले अनेक पल्ट यज्ञ गरेको मैले देखेको छुं।

भन्न् भयो र अन्तरध्यान भइन् । अनि लाजले दुःखी भई मार आफ्नो घरमा फर्क्यो र आफ्ना छोरीहरूलाई बोधिमण्डपमा गई वोधिसत्व कति रागले युक्त छ अथवा वीतराग र प्रज्ञावान् छ वा दुर्वुद्धियुक्त छ परीक्षा गर भनी अह्रायो ।

अनि मार कन्याहरू आफ्नो बाबु मारको आज्ञानुसार नाना प्रकारका गहनाहरूले सिंगारी हाउ भाउ गरी बोधिसत्वलाई आकर्षण गर्न अगाडि गएर गाथाद्वारा यसो भन्न थाले–बोधिलाभ गर्न यस्तो दुर्लभ आफ्नो जवानीमा पनि सुख भोग नगर्नु उचित छैन । मनोहर यो जंगलमा हजूरको सेवामा नाचगान गरी बिलास गर्ने हाम्रो इच्छा छ ।

मार पुत्रीहरूको यस्तो रति र तृष्णा युक्त कुरा सुनी वोधिसत्वले भन्नु भयो– काम भोगको तृष्णाबाट प्राणीले अत्यन्त दुःख भोगिरहेका छन् । यही दुःखबाट मुक्त गर्न यो दुर्लभ वोधिलाभ गर्न मैले कल्प कल्प बिताइसकेको छु । तसर्थ म कुनै कुरामा आसक्त छैन ।

यसरी वोधिसत्व आफूहरू प्रति अनासक्त भएकोले उनीहरू आफ्नो बाबु कहाँ फर्केर यस्तो विन्ती गरे– हामीसंग बोधिसत्वले मधुर वचनले बोल्नु भए तापनि हामीप्रति आसक्त हुनु भएन । त्यसकारण अवश्य पनि वहाँले बोधिज्ञान लाभ गर्नु हुन्छ होला ।

त्यस बेला हे भिक्षुहरू हो ! वोधिवृक्षमा वस्ने श्री वृद्धि तपा, श्रेयसी, बिदुः ओजीवल, सत्यवादिनी, समङ्गिनी आदि आठ जना बोधिसत्वहरूले सोह्र प्रकारले वोधिसत्वको श्री सौभाग्य वृद्धि गर्दै स्तुति गरेका थिए भने शुद्धावास कायिक देवपुत्रहरूले सौह्र प्रकारले मारको शक्ति दुर्वल पार्न प्रयत्न गरिरहेका थिए ।

श्री भगवानले फेरि आज्ञा भयो– हे भिक्षुहरू हो ! यसरी देवताहरूले मारलाई हटाउन प्रयत्न गरेतापनि मार फर्कनन् । किन्तु मार, काट यसको जीवन ध्वस्त पार, यसलाई मोक्ष हुन

नदेऊ भनेर आफ्ना सेनाहरूलाई उत्तेजित गरिरहेको थियो । त्यस बेला बोधिसत्व पनि निश्चल भई आफ्नो धैर्य प्रदर्शन गर्दै बसिरहनु भएको थियो । अनि भगवान्ले ती मार सेनाहरूलाई उनीहरूले रूख उखेलेर हानेको ढुङ्गा मुढाले हानेको, विष भएको सर्पले हानेको मार पुत्रीहरूले हाउ भाउ गरी आकर्षण गर्न आएको आदि केही पनि देख्दिन, यो जगत संसार पनि देख्दिन भन्नु भयो । यसरी देखिएका बाहिरका कुराहरू पानीमा देखिएको चन्द्रको प्रतिविम्ब जस्तै भ्रम हो भन्ने म संझन्छु । मेरो आँखा, कान, जीव्रो, शरीर, स्त्री पुरूष भन्ने व्यवहार पनि म सच्चा सझन्न । यसरी बहिर्धा शून्य, अध्यात्म शून्य भावना गर्ने मेरो निमित्त कुनै कारक, आत्मा वा सुख दु:ख अनुभव गर्ने वेदक पनि देख्दिन । यही सत्य वाक्यद्वारा यो जगत सवै म शून्य देख्दछुं । त्यसकारण मेरो प्रज्ञा (विपश्यना) को बलद्वारा यी तिम्रा कृया-कलापमा म आसक्त छैन ।

यस्तो कुरा सुनी कस्तो अपमान भोग्नु पर्‍यो भनी मार अत्यन्त दु:खी भयो । त्यस बेला देवताहरूले मारलाई यसो भने–

भयं च दुखं व्यसनं च दैन्यं
धिक्कारशब्दं वधबन्धनं च
दोषाननेकान् लभते ह्यविद्वान्
निरापराधेष्वपि राध्यते यः ।।

अर्थात् निरपराध व्यक्तिहरूलाई भय उत्पन्न गरिदिनु कष्टमा पारिदिनु, धिक्कार भनेर निन्दा गर्नु, मार्नु, कुट्नु, बाँध्नु आदि गर्ने व्यक्तिलाई आफैंलाई नै यस्ता दु:ख आइलाग्ने हुन्छ भनी मारलाई हप्काएर बुद्धलाई प्रशंसा गरे ।

त्यस बेला त्यहाँ उपस्थित छत्तीस कोटी तथा अनन्त देवताहरूले जगतहित गर्न बुद्ध बन्न सकूं भनी प्रणिधान गरे ।

अभिसंबोधन परिवर्तः

श्री भगवान् बुद्धले भिक्षुहरूलाई सम्वोधन गरौ आज्ञा भयो– हे भिक्षु हो ! बोधिसत्वले मारलाई हटाई विजय लाभ गरिसके पछि रागले रहित भएको प्रथम ध्यान, वितर्क बिचारले रहित भएको द्वितीय ध्यान उपेक्षाले युक्त भएको तृतीय ध्यान, उपेक्षा स्मृतिले परिशुद्ध चतुर्थ ध्यान लाभ गरी शान्त भएर वस्नु भयो । त्यस बेला बोधिसत्वको शान्त शुध्द मनमा दिव्य चक्षु लाभ गर्ने चित्त उत्पन्न भयो ।

अनि त्यस पछि वहाँले आफ्ना दिव्य चक्षुद्वारा च्युति (मरिरहेको) जन्मिरहेको, आफ्ना कर्मले सुवर्ण, दुरवर्ण सुगत, दुर्गत, हीन प्रणित प्राणीहरूलाई देख्नु भयो । अहो ! यी प्राणीहरूले कायदुश्चरित, वाक्दुश्चरित गरेको हुनाले मरण पछि दुर्गति तथा नरकमा उत्पन्न भइरहेका छन् फेरि कोही प्राणीहरू कायसुचरित, वाङ्मन सुचरितले युक्त भएको हुंदा मरण पछि सुगति तथा स्वर्गलोकमा उत्पन्न भइरहेका छन् । इत्यादि कुरा रातको पहिलो याममा साक्षात्कार गर्नु भयो । त्यस पछि वहाँको अन्धकार हट्यो आलोक उत्पन्न भयो ।

अनि फेरि वोधिसत्वको शुध्द चित्तले पूर्वनिवासानुस्मृति (पहिलो जन्मको कुरा सझने) कोशिश गर्नु भयो । त्यस बेला पहिलो एक जन्म दुइ जन्म गर्दै हजारौं हज़ार कल्प पहिलेका कुराहरू पनि संझन थाले । यस कल्पमा म यहाँ जन्मेको थिएँ । त्यस बेला मेरा यो गोत्र, यो जाति यो नाउं भन्ने सबै कुराको स्मृति हुन थाल्यो । यसरी मध्ययाममा बोधिसत्वलाई दोस्रो विद्या साक्षात्कार भयो । अन्धकार हटी आलोक उत्पन्न भयो ।

अनि बोधिसत्वको शान्त परिशुद्ध क्लेश उपक्लेश रहित चित्तमा रातको पहिलो याममा अर्थात् अरूणोदय हुने बेलामा ‘‘मेरो आस्रव क्षय भयो वा भएन भन्ने विचार मनमा उत्पन्न भयो ।’’ त्यस बेला वहाँले यी जनताहरू दु:खले जन्मिरहेका छन्,

दु:खले मरिरहेका छन् । यी प्राणीहरू दु:ख स्कन्धवाट कहिल्यै मुक्त हुन सकेन । अहो ! यो दु:ख स्कन्धको अन्त गर्ने, विनाश गर्ने उपाय के होला भन्ने विचार उत्पन्न भयो ।

अनि त्यस वेला बोधिसत्वको मनमा यस्तो विचार पनि उत्पन्न भयो– प्राणीहरू बुढा भएर किन मर्दछन् ? बुढा हुनु र मर्नुको कारण के हो ? यस्तो विचार गर्दा वहाँको मनमा जन्म नभएको भए मरण हुने थिएन, जरामरणको मूल कारण जाति (जन्म) नै हो भन्ने विचार उत्पन्न भयो ।

त्यस पछि जन्म किन भयो ? जन्मको कारण के हो भन्ने विचार उत्पन्न भयो ? अनि यसको उत्तरमा वहाँको मनमा यस्तो विचार उत्पन्न भयो– कर्म भव र उपपत्ति भव नभएको भए जन्म हुने थिएन । यसकारण जन्म हुनुको कारण उपपत्ति भव र कर्म भव नै हुन् अर्थात् पूर्वजन्मको कर्मले काम भव, रूप भव, अरूण भव, संज्ञा भव, असंज्ञा भव, नैवसंज्ञानासंज्ञा भव, एक अवकार भव, चतु: अवकार भव, पञ्च अवकार भव आदि उपपत्ति भव उत्पन्न हुन्छन् । त्यसकारण कर्म भव र उपपत्ति भवलाई एउटै मान्यो भने जन्मनुको कारण भव नै ठहरिन्छ ।

अनि बोधिसत्वको मनमा भवको उत्पत्ति किन भयो होला भन्ने विचार उठ्यो । यसरी विचार गर्दा भवको कारण उपादान आसक्ति नै हो भन्ने निर्णय भयो । त्यसो भए यो उपादान (आशक्ति) को उत्पत्ति कसरी भयो होला भनी वहाँले विचार गर्नु हुंदा काम तृष्णा अर्थात् सुख भोग गर्ने प्रबल कामनाले नै आसक्ति (उपादान) उत्पन्न हुन्छ । त्यसकारण उपादानको मुख्य कारण तृष्णा हो भन्ने विचार उत्पन्न भयो ।

त्यस पछि बोधिसत्वले तृष्णा किन उत्पत्ति हुन्छ भन्ने विचार गर्न थाले । यसरी विचार गर्दा सुख वेदना, दु:ख वेदना,

---

१. अर्थात् काम उपादान, दृष्टि उपादान, शील व्रत उपादान, आत्मावाद उपादान यी चार उपादान नै भवको कारण हो ।

न सुख न दुःख वेदनाले नै तृष्णा उत्पन्न हुन्छ त्यसकारण तृष्णाको मूल कारण वेदना नै हो भन्ने निर्णय भयो ।

अनि फेरि यो वेदना कसरी उत्पन्न भयो भनी विचार गर्नु हुँदा आँखा, देख्ने वस्तु, कान, सुन्ने शब्द, नाक, सुँघ्ने गंध जीव्रो, चाख्ने वस्तु, छाला, छुने वस्तु, यिनीहरूको संघर्ष अर्थात् स्पर्शले नै वेदना उत्पन्न हुने त्यसकारण स्पर्श नै वेदनाको कारण हो भन्ने विचार उठ्यो ।

अनि फेरि यो स्पर्शको कारण के हो भन्ने विचार वहाँको मनमा उठ्यो । यसरी बिचार गर्दा नाक, कान आदि षडायतनको कारणले स्पर्श उत्पन्न भयो । त्यसकारण स्पर्शको कारण षडायतनको हो भन्ने विचार उत्पन्न भयो ।

त्यसपछि यो नाक, कान आदि षडायतनको कारण के हो भन्ने विचार उठ्यो र यसका कारण नामरूप अर्थात् पंचस्कन्ध नै हो भन्ने निर्णय भयो । विना पंचस्कन्धले षडायतन कान आदि इन्द्रिय उत्पन्न हुँदैन । त्यसकारण षडायतनको मूल कारण नाम रूप (पञ्चस्कन्ध) नै हो । अर्थात् "आलम्वने नमतोति नाम" भन्ने निरूक्ति अनुसार विषयमा झुक्ने स्वभाव भएको वेदना, संज्ञा संस्कार, विज्ञान यी चार कुरालाई नाम भनिन्छ । अनि "रूप्यतीति रूप" अर्थात् दुःख दिने स्वभावका वस्तु चतुर्महाभूतलाई नै रूप भनिन्छ ।

अनि त्यसपछि फेरि नामरूपको कारण के होला भन्ने विचार मनमा उठ्यो र वहाँलाई नामरूपको मूल कारण विज्ञान (मन) नै हो भन्ने निश्चय भयो ।

त्यसो भए विज्ञान (मन) को कारण के होला ? यस्तो विचार गर्दा पुण्य, अपुण्य, आनेञ्ज तथा काय, वाक् चित्त सस्कार भनिन्छ ती संस्कारहरू नै विज्ञानको मूल कारण हो भन्ने विचार बोधिसत्वको मनमा उठ्यो ।

त्यसो भए यो संस्कारको कारण के होला ? भन्ने विचार बोधिसत्वले गर्नु भयो । यसरी विचार गर्दा अबिद्या नै संस्कारको मूल कारण हो भन्ने निश्चय भयो । नभएको कुरालाई साँचो जान्नु भएको कुरालाई न जान्नु तथा थाहा नपाउनुलाई अबिद्या भनिन्छ अर्थात् दुःख सत्य आदि चतुःआर्यसत्य न बुझ्नु नै अविद्या हो यही अविद्याले संस्कार उत्पन्न हुन्छ भन्ने दृढ निश्चय वहाँलाई भयो ।

यसरी विचार गर्दा अविद्याको कारणले संस्कार, संस्कारबाट विज्ञान, विज्ञानबाट नामरूप, नापरूपबाट षडायतन, षडायतनबाट वेदना, वेदनाबाट तृष्णा, तृष्णाबाट उपादान, उपादानबाट भव, भवबाट जाति, जातिबाट जरामरण आदि उत्पन्न हुन्छ । यसरी यो जीवन रूपी दुःखस्कन्धको उदय हुन्छ भन्ने पहिले कहिल्यै नसुनेको ज्ञान विद्या बोधिसत्व सिद्धार्थ कुमारलाई लाभ भयो । अर्थात् आलोक उत्पन्न भयो ।

अनि फेरि कुन कारणलाई हटाउन वा नाश गर्न सके जरामरण दुःख नहोला भन्ने कुरा स्पष्ट भयो । यसरी द्वादशाङ्ग प्रतीत्यसमुत्पादको ज्ञान उत्पन्न भयो । बुद्धले लाभ गर्नु भएको यो तेस्रो ज्ञान हो । यही ज्ञानद्वारा वहाँले यो दुःख हो, यो दुःखको कारण हो, यो दुखको निरोध हो, यो दुःख निरोध गर्ने उपाय हो भन्ने ज्ञान पनि लाभ गर्नु भयो। अनि बोधिसत्व सिद्धार्थकुमारलाई मैले बुद्धत्वलाभ गरें मलाई त्रिविज्ञा प्राप्त भयो भन्ने दृढ विश्वास भयो ।

त्यस वेला पहिलेका अरू बुद्धहरूलाई देखेका देवताहरूले सिद्धार्थ कुमारले बुद्धत्व लाभ गर्नु भयो भनी पुष्प वृष्टि गरे। कसैले पहिलेका बुद्धहरूले बुद्ध भएपछि आफ्नो बुद्धत्वको लक्षण देखाउनु हुन्थ्यो वहाँले देखाउनु भएको छैन भनी शंका व्यक्त गरे । सो कुरा थाहा पाई वहाँले सप्त ताल जति माथि आकाशमा उडेर जानु भई यस्तो आज्ञा भयो – यो मेरो अन्तिम जन्म

हो, अब ममा कुनै आस्रवहरू छैनन्, मेरो दुःखहरू अन्त भयो । यति भनी वहाँले उदान गाउनु भयो र सात दिनसम्म सोहि बोधिवृक्षमुनि बसी आफ्नो ध्यानमा मग्न भएर बसिरहनु भयो । वहाँले यसरी बुद्धत्व प्राप्त गर्दा सम्पूर्ण देव देवताहरू तथा मनुष्यहरूले अपार आनन्द तथा हर्षको अनुभव गरेर बद्धको स्तुति गरे । त्यसबेला दुःखी भएर घनुले भूंइमा कोरेर दिक्क-मानी बसिरहेको केवल नमुचिमार मात्र थियो । देवताहरू त भगवान् बुद्धले त्यसबेला देखाएका विभिन्न ऋद्धिहरू हेरेर हर्षित र आनन्दित भइरहेका थिए ।

संस्तवपरिवर्तः

अनि शुद्धावास कायिक देवपुत्रहरू तथा आभास्वर, ब्रम्ह कायिक, शुक्लपाक्षिक मारपुत्र परनिर्मितवशवर्ति, सुनिर्मित तुषित, सुयाम, इन्द्र, चतुर्महाराज, अन्तरीक्षदेव, भूमिदेव आदि असंख्य देवताहरूले आ-आफ्नो समूहमा मिलेर आई नाना प्राकरले तथागत भगवान् बुध्दको स्तुति गरे, विविध प्रकारले पूजा गरे ।

त्रपुष भल्लिकपरिवर्तश्चतुर्विंशः

श्री भगवान् बुध्दले भिक्षुहरूलाई संबोधन गरेर फेरि यस्तो आज्ञा भयो– हे भिक्षुहरू हो ! सम्यक् सम्बुध्द तथागतलाई देवताहरूले यसरी प्रशंसा गरिरहंदा पलेटी मारी आँखा झिमिक्कै नगरी बोधिवृक्षलाई हेरिरहनु भएको थियो । यसरी सात दिन सात रात ध्यानको प्रीति सुखमा वहाँले विताउनु भयो । सात दिन पछि कामावचर देवपुत्रहरू पाल्नु भई सुगन्ध जलले जमीनमा सेवन गरी भगवान् बुध्दलाई सुगन्ध जलले स्नान गराए । त्यस वेला बुध्दको महान् प्रभावलाई देखेर त्यहाँ उपस्थित भएका सवै देवताहरूले म पनि जगतहित गर्न बुध्द हुन सकूं भनी प्रार्थना गरेका थिए ।

त्यस बेला समन्तकुसुम नामको देवपुत्रले भगवान्को पाउमा वन्दना गरी हजूरले सात दिन सात रातसम्म समाधिमा वस्नु भएको हो भनी विन्ती गरे । उनको यस्तो बचन सुनी तथागतले भन्नुभयो–हे देवपुत्र ! प्रीत्याहारव्यूह नामको समाधिमा मैले सात दिन सात रात बिताएको हुँ । हे देवपुत्र ! राज्याभिषेक गर्दा राजाहरूले पनि आफ्ना ज्ञाति वन्धुहरूलाई वरिपरि राखेर सात दिन सम्म साहो ठाउँमा वसिरहने हुन्छन् । यो राजाको नियम हो । त्यस्तै वोधिसत्वले बुद्धत्व लाभ गरिसके पछि सात दिन सम्म सोही ठाउमा ध्यान गरी वस्ने हुन्छ । यसरी ध्यानमा वसिरहंदा वहाँले मेरा सवै क्लेशहरू शान्त भयो, भएन, तृष्णा आदि शान्त भयो भएन म, मेरो भन्न आत्मा दृष्टि ज्ञान शस्त्रले छिन्न भिन्न भयो, भएन बुद्धत्व लाभ गरिसके पछि हुनु पर्ने सवै गुणहरू उत्पन्न भयो भएन आदि विचार गरिरहेको हुन्छ । जब आफ्नो सवै आस्रवहरू क्षीण भएको देख्छ अनि मात्र अव म बुद्ध भएँ भनी आफ्नो आसनबाट उठ्छ । भगवान् बुद्धको यस्तो वचन सुनी देवपुत्र समन्तकुसुमले गाथाद्वारा तथागतको घेरै प्रशंसा गरी वन्दना गरे ।

त्यस पछि सात दिन सम्म चंक्रमण गरी त्रिसास्रमहासाहस्र लोकधातुमा घुम्नु भएको थियो । अनि तेस्रो हप्ता आँखा झिम नगरो बोधिक्षृक्षलाई हेरिररेको थियो । अनि चौथो हप्ता पूर्व समुद्रवाट पश्चिम समुद्र सम्म विस्तारै चंक्रमण गरिरहेको थियो ।

त्यस वेला मार पापी तथागतको सामुन्ने आएर यस्तो विन्ती गरे– हे भगवन् ! हजूरले बुध्दत्व लाभ गर्नु भयो, हजूरको इच्छा पूर्ण भएको छ । अब हज़ूरले परिनिर्वाण पनि हुनु भए हुन्छ । मारको यस्तो वचन सुनेर भगवान्ले आशा भयो– हे पापी मार म परिनिर्वाण हुने वेला भएको छैन । मेरा स्थविर भिक्षुहरू जब सम्म विनीत हुँदैन, तथा बहुश्रुत हुँदैनन् आफूले जानेका कुरा आफ्ना शिष्यहरूलाई सिकाउन सक्ने हुँदैनन् एवं अरू धर्मका

व्यक्तिले सोधेका प्रश्नहरूको यथार्थ रूपमा जव उनीहरूले उत्तर दिन सक्दैनन् तव सम्म म निर्वाण हुने छैन । भगवान्को यस्तो वचन सुनी मार दुःखी भई त्यहाँबाट फर्के ।

अनि पाँचौ हप्ता भगवान् बुद्धले मुचलिन्द नाग राजाको भवनमा विहाएको थियो । त्यस बेला अत्यन्त हुरी वर्षा आइरहेको हुनाले भगवान्को शरीरलाई वचाउन नागराजाले भगवान्लाई चारै तिर बेरेर वसेको थियो । अनि वर्षा थामे पछि नागराजाले तथागतलाई वन्दना गरी आफ्नो भवनमा जानु भएको थियो । अनि छैठौं हप्ता अजपाल नाम गरेको वरको रूखमुनि जानु भयो । मुचलिन्द नागराजाको भवन र अजपाल न्यग्रोध वृक्षको वीचमा निरंजना नदीको तीरमा पुग्दा चरक, परिव्राजक आदि घेरै अरू मतावलम्वीहरूले तथागतलाई देखेर यस्तो विन्ती गरे– हजूरले वितेका सात दिन कहाँ विताउनु भयो ? हजूरलाई केही तकलीफ त भएन ? उनीहरूको यस्तो प्रश्न सुनी तथागतले यस्तो उदान गाउनु भयो–

सुखो विवेकतुष्टस्य श्रुतधर्मस्य पश्यतः ।
अव्यावन्ध्यं सुख लोके प्राणिभूतेषु संयतः ।।
सुखा विरागता लोके पापानां समतिक्रम ।
अस्मिन् मनुष्यविषये एतद्वै परमं सुखम् ।।

अर्थात् सन्तोषि व्यक्तिको निमित्त एकान्त सुख हो । धर्म जान्ने, धर्म देख्नेको लागि कुनै वाधा नभएको संयम सुख हो । तथा रागलाई छोडेर पापवाट उम्कनसक्नु मनुष्य लोकमा परम सुख हो ।

अनि सातौं हप्ता तारायण वृक्षको मूलमा तथागत विहार गर्नु भएको थियो । त्यस बेला उत्तरापन्थतिर गइरहेको त्रपुष भल्लिक नाम गरेका दुई दाजु भाइ विभिन्न प्रकारका बेच्ने सामग्रीहरू लिएर आइरहेका थिए । उनीहरूको गाढा तान्ने गोरूहरूमा अति वलियो तथा भय उत्पन्न हुने बाटोमा नहिंड्ने दुइ गोरू

पनि ल्याएका थिए । त्यहाँ पुग्दा सबै गोरूहरू वनदेवताको अधिष्ठानले ती गोरूहरूले हिंड्न छाडयो । यसरी नहिंडेको देखेर यहाँ अवश्य हिंस्रक वन्यजन्तु हुनु पर्छ भन्ने विचार गरी आफ्ना दुइ जना दूतहरूलाई बाटो परीक्षा गर्न पठाए । तर त्यहाँ कुनै वन्यजन्तु पनि देखेनन् । परन्तु गोरूहरूले सबै सामानहरू तान्दै भगवान् बस्नु भएका ठाउँतिर लगेको देखे । यस्तो घटना देखेर ती त्रपुष भल्लिकहरूलाई अत्यन्त आश्चय लाग्यो । उनीहरूले भगवान्लाई मह, सात्तु र ताछेको उखु तथागतलाई चढाए । त्यस बेला भगवान्लाई यी मह र सात्तु केमा थापेर लिने भन्ने विचार उत्पन्न भयो तथा पहिलेका बुद्धहरूले कसरी लिनु भयो होला भनी विचार गर्दा ढुङ्गाको पात्रमा लिएको हुनु पर्छ भन्ने विचार गर्नु भयो । त्यत्तिकमा वैश्रवण आदि चतुर्महाराजाहरूले वहाँलाई चारवटा ढुङ्गाको पात्र चढाए । भगवानले पनि पात्र चढाउनुको धेरै पुण्य छ भनी अनुमोदना गरेर सोही पात्रमा त्रपुष भल्लिकले दान दिनु भएको मह र सात्तु ग्रहण गर्नु भयो । त्यस बेला त्रपुष भल्लिकका शिखण्डी नामको ब्राम्हण परलोक भएर ब्रम्हलोकमा उत्पन्न भएको थियो । सोही बनिया ब्राम्हणको रूप लिएर त्यहाँ आई त्रपुष भल्लिकलाई यस्तो भने– हे बनियाहरू हो ! वहाँ बोधिज्ञान लाभ गर्नु भएको तथागत हुनु हुन्छ; वहाँलाई भोजन दान पनि दिनु पर्छ । अनि भोजन गरिसके पछि वहाँले धर्मचक्रप्रबर्तन गर्नु हुनेछ । यसो गरे भने तिमीहरूलाई ठूलो पुण्य र मंगल हुनेछ । यति भनी सो ब्यक्ति अन्तर्धान भयो ।

यस्तो सुनी त्रपुष भल्लिकहरूको मनमा अपार श्रद्धा लाग्यो । अनि भगवान्ले आज्ञा भयो– यो तिम्रो दानको पुण्यले चारै दिशाका नक्षत्रहरूले बत्तीस जना देवकन्याले तथा आठ ब्राम्हण, आठ श्रवण, आठ इन्द्रादि देवताहरूले तिमीहरूको रक्षा गर्नेछ, सबै मंगल हुनेछ यति मात्र होइन भविष्यमा तिमीहरू पनि मधुसंभव नामका बुद्ध हुनेछौं । यस्तो भविष्यबाणी सुनी ती दुइ दाजु भाइ त्रपुष भल्लिक बुद्ध धर्मको शरणमा परे ।

अध्यैषणापरिवर्तः पञ्चविंशति

अनि भगबाम् बुद्धले भिक्षुहरूलाई सम्वोधन गर्दै भन्नु भयो– हे भिक्षुहरू हो ! तथागत बोधि लाभ गरेर तारायण वृक्षको फेदमा बसी रहँदा वहाँको मनमा यस्ता विचार उत्पन्न भया– मैले जानिनसकिने अद्भूत ज्ञान लाभ गरें । यो शान्त प्रणीत ज्ञान केवल तर्कवितर्कले बुझन सकिने होइन । केवल आर्य पण्डितले मात्र जान्न सकिने धर्म हो । यो धर्ममा कुनै आसक्ति छैन षडविषयसग यसको सम्वन्ध छैन, यो धर्म तृष्णा क्षय हो, विराग हो, निरोध हो, निर्वाण हो । यही ज्ञान अनुपलम्भ हो, शून्यता हो । यो धर्मदेशना गर्दा अरू व्यक्तिले बुझेन भने मलाई धेरै दुःख हुनेछ । त्यसकारण कसैलाई पनि नबताइकन चूप लाग्नु नै बेस होला भनी यस्तो गाथाद्वारा आज्ञा भयो– यो धर्म शब्द एवं अक्षरबाट बुझाउन सकिने होइन । केवल पहिलेका बुद्धहरूको व्याकरण पाएका व्यक्तिले मात्र श्रद्धापूर्वक सुन्दा बुझने यो धर्म हो । निर्वाण भनेको, शून्यता भनेको छ भनेको पनि होइन छैन भनेको पनि होइन । किनभने हेतु क्रियाको परम्परा जान्ने व्यक्तिको मनमा छ छैन भन्ने विचार उत्पन्न हुँदैन इत्यादि कुरा भगबान्ले गुनी रहनु भयो । त्यसबेला तथागतको उर्णाकोषबाट सुन जस्तो रातो पहेंलो रश्मि निस्केको थियो । सो रश्मि त्रिसाहस्रमहासाहस्र लोकधातु सम्म फिंजेको थियो । अनि शिखी नामको महाब्रह्माले सो रश्मिदेखि बुद्धानुभावले भगवान् बुद्धले चिताएको कुरा बुझनु भयो र अरू ब्रम्हकायिक देवताहरूलाई बोलाएर भन्नु भयो – तथागतले सम्यक् सम्बोधिलाभ गर्नु भएको छ तर धर्मचक्रप्रवर्तन गर्ने उत्सुकता वहाँमा छैन । यसो भयो भने हाम्रो भारी नोक्सान हुनेछ । तसर्थ हामीं दुवै गएर धर्मचक्र प्रवर्तन गर्नु होस् भनी अध्यैषणा गर्न जाउं । यति निर्णय गरी ब्रम्हलोकका सम्पूर्ण देवपुत्र सहित भगवान् आई धर्मचक्रप्रवर्तन गर्नु होस्, धर्म दुन्दुभि बजाउनु होस्, धर्म शंख फुक्नु होस् । धर्मदीप बाल्नु होस्, धर्म ध्वजा फहराउनु होस्, क्लेश रूपी व्याधीले दुःख पाएकाहरूलाई धर्म जल प्रदान गरी हित सुख दिनु

होस्, भनी गाथाद्वारा विन्ती गरे । शिखी ब्रम्हाले यसरी विन्ती गर्दा तुष्णीभाव (नबोलिकन) नै स्वीकार गर्नु भएको बुझी तथागतको पूजा बन्दना गरी त्यहाँबाट अन्तर्धान भए ।

अनि तथागतले धर्मालोकको आदर गौरवको निमित्त, कुशल मूलवृद्धि गर्नुको निमित्त यो गम्भीर धर्म सितिमिती प्रकाश गर्नु उचित छैन भन्ने विचार गरी फेरि चूप लाग्नु भयो । अनि शिखी ब्रम्हाले इन्द्रादि देवतालाई प्रेरणा दिई फेरि धर्मचक्रप्रवर्तन गर्नु होस् भनी विन्ती गर्न आए । यसरी ब्रम्हा, शिखी, इन्द्र आदिले तीन पल्ट सम्म विन्ती गरे पछि भगवान् तथागतले धर्मदेशना गर्ने इच्छा व्यक्त गर्नु भयो । धर्मदेशना गर्न लाग्यो भन्ने कुरा भूमि देवताले आकाश देवताहरूलाई सुनाए, आकाश देवताहरूले चतुर्महाराजिकहरूलाई सुनाए । यसरी सो धर्मदेशना गर्ने कुरा ब्रम्हकायिक देवताहरू सम्म फैलियो । अनि धर्मरुचि नाम गरेका चार जना बोधिवृक्ष देवताहरूले तथागतको पाउमा वन्दना गरी धर्मचक्रप्रवर्तन गर्ने ठाउँ सोध्नु भयो। त्यसवेला तथागतले बाराणसीको ऋषिपतन मृगदाव भन्ने स्थानमा धर्मचक्रप्रवर्तन गर्नेछु भनेर आज्ञा भयो । किनभने त्यो ठाउँमा धेरै ऋषिदेवताहरूको वासस्थान हो, अरू पहिलेका बुद्धहरूले पनि त्यहाँ नै धर्मदेशना गर्नु हुन्थ्यो ।

धर्मचक्रप्रवर्तन षड्विंश

अनि भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधन गरेर आज्ञा भयो– हे भिक्षुहरू हो ! त्यस बेला तथागत कृत कृत्य हुनु भएको थियो । वहाँले दश बल चतुर्वैशारद्य आदि बुद्धमा हुनु पर्ने सबै प्राप्त गरिसकेको थियो । त्यसकारण वहाँले सर्वप्रथम मैले कसलाई धर्मदेशना गर्नु पर्ला भनेर सोच्नु भयो । त्यस बेला वहाँले रूद्रकरामपुत्रलाई संझनु भयो । वहाँको चित्त शुद्ध छ, रागद्वेष, मोहको मात्रा पनि वहाँमा कमछ। अतः वहाँले मेरो धर्म बुझने छ वहाँ अहिले कहाँ होला भनी दिव्य दृष्टिले हेर्नु हुंदा सात दिन अगाडि

नै परलोक भइसकेको देख्नु भयो । त्यस पछि आराडकालाप पनि रागद्वेष मन्द भएको व्यक्ति हो । वहाँले पनि मेरो धर्म वुझने छ वहाँ अहिले कहाँ होला भनी दिव्य दृष्टिले हेर्नु हुँदा वहाँ पनि परलोक भएको....दिन भैसकेको रहेछ । अव कसलाई मैले धर्म देशना गर्नें भनी विचार गर्नु हुंदा पहिले आफ सगै बसेका पंच भद्रवर्गीयहरूलाई संझनु भयो । उनीहरू अहिले कहाँ बसिरहेका होलान् भनी दिव्य दृष्टिले हेर्नु हुंदा वनारसको ऋषिपतन मृगदावमा बसिरहेको देख्नु भयो । अनि यिनीहरूले मेरो धर्म बुझने छ भन्ने विचार गरो तथागत बोधिमण्डपबाट उठी मगध देशमा भिक्षाचार गर्दै काशी जनपदतिर लाग्नु भयो । त्यस वेला बोधिमण्डप र गयाको बीचमा एउटा आजीवकले तथागतलाई टाढैबाट आइरहनु भएको देखेर यो व्यक्तिको मुख अत्यन्त उज्ज्वल तथा प्रसन्न देखिन्छ, यो व्यक्ति संग भेटवाट गर्नु उचित छ भनी अगाडि गएर तथागतलाई यस्तो प्रश्न गरे– तपाइले को गुरूबाट ब्रम्हचर्य पालना गर्नु भएको हो ?

अनि भगवान्‌ले यस्तो आज्ञा भयो–

आचार्यो नहि मे कश्चित्सदृशो मे न विद्यते ।
एकोऽहमस्मि संबुद्धः शीतीभूतो निरास्रवः।।

अर्थात् मेरो कोही गुरू आचार्य छेन, म समान दुनियामा अरू कोही् छैन; आस्रव नभएको म सम्यक् सम्बुध्द हुं । यस्तो कुरा सुनो गौतमले म अर्हत हुँ भनेर भन्नु हुंदो रहेछ भन्यो । उनका यस्तो कुरा सुनी तथागतले देव मनुष्यलाई उपदेश दिने म शास्ता हुँ म समानको व्यक्ति यो संसारमा छैन । म अहिल काशीमा गएर धर्मचक्रप्रवर्तन गर्न जान लागेको हुँ भनी आफ्नो इच्छा व्यक्त गर्नु भयो । त्यस पछि आजीवक दक्षिण तिर लाग्यो तथागत उत्तर तिर लागे । यसरी ठाउँ ठाउँमा भिक्षाचार गर्दै क्रमशः काशी पुग्नु भयो । अनि भगवान् ऋषिपतन मृगदावमा पुग्दा टाढैबाट पञ्च भद्रवर्गीयहरूले देखेर परस्पर-

मा यस्तो विचार व्यक्त गरे– हेर तपो भ्रष्ट भएको गौतम आइरहेको छ । दुष्कर चर्या गर्न नसकेर निर्वाण साक्षात्कार पनि यसले गर्न सकेन । मीठो मीठो खाई सुखभोग गर्न इच्छा गर्न यसलाई हामीले उठेर सत्कार गर्नु तथा पात्र चीवर लिई हात गोडा धोइ दिनु पनि आवश्यक छैन । उनीहरूले यस्तो सल्लाह गरे तापनि जव तथागत नजीकै आइपुग्नु भयो तथागतको प्रभावले उनीहरू सत्कार नगरिकन बसिरहन सकेन । उठेर स्वागत गरी पात्र चीवर लिई हात गोडा धुन लगाएर आयुष्मान गौतम आसनमा बस्नु होस् भनी सन्मान गरे । अनि तथागतले ती पञ्च भद्रवर्गीयहरूलाई आज्ञा भयो– हे पंच भद्रवर्गीयहरू तपाईहरूले तथागतलाई आयुष्मान गौतम भनी सम्बोधन गर्नु सुहाउदैन । यसो गऱ्यो भने तपाईहरूको हित सुख हुँदैन । मैले निर्वाण साक्षात्कार गरेको छु । निर्वाण साक्षात्कार गर्ने मार्ग (उपाय) पनि मैले जानेको छु । म बुध्द हुँ; सर्वज्ञ हुँ म तिमीहरूलाई धर्मदेशना गर्न चाहन्छु । मैले चेतोविमुक्ति र प्रज्ञाविमुक्तिलाई साक्षात्कार गरेको छु । मैले अब फेरि जन्मनु पर्दैन । मेरो ब्रम्हचर्य अब यहाँ अरू मैले जान्नु पर्ने केही बाँकी छैन । तिमीहरूले संझे जस्तो तपो भ्रष्ट सुखमा लाग्ने म होइन । यसो भन्ने वित्तिकै ती पाँच जनाको शरीरवाट अरू तीर्थीकहरूको चिह्नहरू स्वत: अन्तर्धान भए । त्रिचीवर पात्र उत्पन्न भयो । सय वर्ष सम्म उपसंपदा गरेका भिक्षुहरूको जस्तो उनीहरूको स्वभाव उत्पन्न भयो । कपाल पनि खौरेको जस्तो मुण्डन भयो । अनि तिनीहरूले तथागतको पाउमा शिरले वन्दना गरी हामीले भूल गऱ्यौं । यो भूललाई माफ गर्नु होस् भनी पापदेशना गर्नु भयो । यसरी उनीहरूको हृदयमा तथागत प्रति ठूलो श्रध्दा र गौरव उत्पन्न भयो । अनि तथागत उनीहरूको सामु पंलेटी मारी बस्नु भयो ।

त्यस बेला तथागतको शरीरबाट उज्ज्वल रश्मिहरू निस्कन थाल्यो । सो रश्मि सर्वत्र फिजिदै गयो । सबै लोकमा प्रसन्नता आनन्द उत्पन्न भयो । राग, द्वेष, मोह इर्ष्या, मान,

म्रक्ष मद कोध व्यापाद आदि मनका मयलहरू शान्त भए । परस्परमा मैत्री चित्त उत्पन्न भयो । अनि सो रश्मिबाट सबै लोकमा व्याप्त हुने गरेर यस्तो शब्द निस्क्यो– हे देव मनुष्यहरू हो ! तुषित भूवनना च्युति भई आमाको कोखमा बसेर लुम्बिनीमा जन्मनु भएका सर्वार्थसिद्धले वुध्द भई धर्मचक्रप्रवर्तन गर्न लाग्नु भएको छ ।” यी शब्द सुन्ना साथ सबै दिशाबाट देवताहरू, बोधिसत्वहरू धर्मचक्रप्रवर्तन सुन्न मृगदावमा आइपुगे । अनि तथागतलाई धर्मचक्रप्रवर्तन गर्नु होस् भनी विन्ती गरी पूजा भाव गरी एक छेउमा शान्तपूर्वक बसे । त्यस वेला सहचित्तोत्पाद धर्मचक्र प्रवर्ती नामको बोधिसत्वले तथागतलाई दिव्यचक्र चढाउन आउनु भयो र गाथाद्वारा यसरी स्तुति गर्नु भयो –दीपंकरले व्याकरण (भविष्यवाणी) गर्नु भएको हजूरले आज बुध्दत्त्वपूर्ण गर्नु भयो । हजूरले लाभ गर्नु भएको ज्ञानले सबै देव मनुष्यहरूलाई उध्दार गर्नु होस् ।

यति बेला रातको प्रथम याम वितिसकेको थियो । मध्यम याममा परस्परमा रमाइलो कुरा गरिरहनु भएको थियो । अनि पछिल्लो याममा तथागतले पंचभद्रवर्गीयहरूलाई आमन्त्रण गरी यस्तो आज्ञा भयो– हे भिक्षुहरू हो ! प्रवजित भएका व्यक्तिहरूले दुई अन्त (कुरा) छोड्नु पर्छ । अत्यन्त सुख भोग गर्ने इच्छा र अत्यन्त अनर्थको कष्ट हुने तपोव्रत आदि यी दुइ कुरा छोड्नु पर्छ । यो दुई कुराले नत निर्वेद उत्पन्न हुन्छ, न वीतराग उत्पन्न हुन्छ, नत निर्वेद उत्पन्न हुन्छ नत अभिज्ञा नै लाभ हुन्छ । यी दुइवटै कुरा मध्यम मार्ग होइनन् । यी दुई कुरालाई छोडेर मध्यम मार्गलाई नै तथागतले उपदेश दिनु हुन्छ । अर्थात् अष्टाङ्ग मार्ग नै मध्यम मार्ग हो । मैले पहिले कहिल्यै नसुनेको चार आर्य सत्यलाई तीन किसिमले ज्ञान गर्दा त्रिपरिवर्त द्वादशाकार ज्ञान लाभ भयो । यसैलाई मैले द्वादशाकार धर्मचक्रपरिवर्तन भन्दछु अर्थात् दु:ख, दु:ख समुदय, दु:ख निरोध, दु:खनिरोधगामिन प्रतिपद, यी चार सत्यको ज्ञान मलाई प्राप्त भयो । जन्मनु दु:ख

हो, बुढा हुनु दुःख हो, व्याधि दुःख हो, मर्नु पनि दुःख हो । अप्रिय संग संयोग हुनु तथा प्रियसंग वियोग हुनु पनि दुःख हो । संक्षेपमा भनूं भने हाम्रो जीवनमा रूप वेदना, संज्ञा, संस्कार, विज्ञान यी पाँच कुरालाई म मेरो भनी ग्रहण गरेर राखेको हुँदा यी पंच उपादान स्कन्ध नै दुःख हो । दुःख समुदय अर्थात् दुःखको कारण जुन सुकै योनिमा जन्मेका किरा फटेङ्ग्रा देखि लिएर मानिस सम्म आफ्नो जीवनलाई अत्यन्त मन पराउने हुन्छ । नन्दी राग युक्त पुनर्जन्म गराउन सक्ने तृष्णा (प्रवलइच्छा) नै दुःखको समुदय (कारण)हो । अनि सो पुनर्जन्म गराउने जुनसुकै जन्ममा पनि आफ्नो जीवनलाई मन पराउने तृष्णालाई पूर्ण रूपले रहित पार्नु नै दुःख निरोध हो । दुःख निरोध गर्नतिर उन्मुख भएको प्रतिपद (मार्ग) अर्थात् उपाय, सम्यक् दृष्टि आदि नै अष्टाङ्ग मार्ग हो ।

यसरी यी चार सत्य मध्ये पहिलो जीवन दुःख हो भन्ने कहिल्यै नसुनेको ज्ञान लाभ भयो, आँखा उत्पन्न भयो । अनि फरि माथि वताएको दुःखको समुदय तृष्णा नै हो भन्ने ज्ञान उत्पन्न भयो ।

अनि दुःख निरोध नै निर्वाण हो भन्ने ज्ञान उत्पन्न भयो अनि दुःख निरोधगामिनी प्रतिपद नै निर्वाण लाभ गर्ने उपाय हो भन्ने ज्ञान चक्षु उत्पन्न भयो । अनि फेरि दुःखलाई चिन्नु पर्छ भन्ने ज्ञान उत्पन्न भयो आदि ।

दुःख समुदय(तृष्णा) लाई प्रहाण गर्नु पर्छ, निःशेष हुने गरी नाश गर्नु पर्छ भन्ने कुराको ज्ञान उत्पन्न भयो । दुःख निरोधलाई साक्षात्कार गर्नु पर्छ भन्ने ज्ञान उत्पन्न भयो, चक्षु उत्पन्न भयो ।

अनि दुःखलाई चिनें, दुःखसमुदयलाई प्रहाण गरिसकें दुःख निरोधलाई साक्षात्कार गरिसकें, दुःख निरोधगामिनी प्रतिपदलाई भावना गरिसकें भन्ने ज्ञान, चक्षु भूरी विद्या, मेधा

प्रज्ञा आलोक उत्पन्न भयो । यसरी चतुः आर्यसत्यलाई तीन पल्ट दार्‍याउँदा बाह्र प्रकारको ज्ञान दर्शन उत्पन्न भएपछि मात्र मैले सम्यक् सम्बोधि लाभ गरें, म बुद्ध भनी घोषणा गरेको हुं । हे पचभद्रवर्गीय भिक्षुहरू हो ! मैले चेतोविमुक्ति, प्रज्ञा विमुक्ति पनि लाभ गरिसकें । अब मेरो राग, द्वेष, मोह फेरि बल्जने छैन, उत्पन्न हुने छैन । अब मैले अर्को जन्म लिनु पर्ने छैन । मेरो ब्रम्हचर्यपूर्ण भयो, मैले गर्नु पर्ने सबै गरिसकें । अब मेरो कुनै भव छैन । यही कुरा भगवान्ल गाथाद्वारा पनि आज्ञा भयो । अर्थात् आँखा, कान, नाक, जीब्रो शरीर तथा मन यी पच उपादान स्कन्धको प्रतिनिधिहरू नित्य छैनन् । हाम्रा अधीनमा छैनन् । त्यसकारण यी पंच उपादान स्कन्ध दुःखमय हो । अनात्म हो, म भन्ने व्यक्ति पनि शून्य हो । यी पंच उपादान स्कन्ध झारपात जस्तै जड स्वभावका हुन्छन् । यिनीहरूले केही पनि इच्छा गर्न सक्दैन किनभने यिनीहरू क्षण क्षणमा परिवर्तन हुन्छ । यसकारण म भन्ने कुनै जीव वा प्राणी यो ससारमा छैन । हेतु प्रत्ययबाट उत्पन्न भएका सबै वस्तुहरू आकाश समान कारक (कर्ता) वेदक (सुख दुःख अनुभव गर्ने) कोही छैन । यी पंच उपादान स्कन्ध पनि स्वतन्त्र छैनन् । अतः यो जीवन दुःख नै हो । यसरी द्वादशाङ्ग प्रतीत्यसमुत्पाद सबै हेतुप्रत्ययबाटै उत्पन्न हुन्छन् । यसरी हेतुप्रत्ययबाट उत्पन्न भएका कुराहरू आपेक्षिक र शून्य हुन्छन् ।

अनि तथागतले कौण्डिन्यलाई द्वादशाकार धर्मचक्रप्रवर्तन राम्ररी बुझ्यो भनी सोध्दा उनले बुझें भगवान् भनी जवाफ दिए पछि बुध्द, धर्म, संघ यी तीन वटा रत्न त्रय भन्ने नामले प्रसिध्द भयो । त्यस पछि अरू चार जनाले पनि बुध्दको ज्ञान लाभ गरे तथा ८४,००० देवमनुष्यहरूले पनि धर्म बोध गरे ।

त्यस वेला मैत्रेय बोधिसत्व पनि त्यहाँ उपस्थित थियो । वहाँले पनि तथागतलाई हे भगवन् ! हजूरले प्रवर्तन गर्नु भएको धर्मचक्रको वर्णन सुन्न चाहन्छु भनी विन्ती गरे । यस्तो वचन सुनी भगवान्ले आज्ञा भयो– हे मैत्रेय ! मेरो भनेर ग्रहण गर्ने

वस्तु नभएको हुनाले धर्मचक्र अति गम्भीर छ । त्यस्तै म, मेरो भन्ने पनि नहुनाले यो चक्र देख्न नसकिने छ । मन लगाउने ठाउँ नै नभएको हुनाले झन बुझ्न गाह्रो छ । इत्यादि कुरा गरेर भगवान्ले धर्मचक्रको प्रशंसा गर्नु भयो। अनि फेरि मैत्रेयलाई सम्बोधन गरेर यस्तो आज्ञा भयो–हे मैत्रेय ! यस्तो गम्भीर धर्मचक्र प्रवर्तन गरेको हुनाले नै तथागत सम्यक् सम्बुद्ध, स्वयम्भू, धर्मस्वामी आदि अनेकौं नामले बुद्धलाई प्रशंसा गरिएको हो । तथागत र धर्मचक्रको बारेमा जति वर्णन गरे पनि थोरै हुनेछ भन्ने आज्ञा भई भगवान्ले यी गाथाद्वारा यस्तो आज्ञा भयो–

गम्भीरं दुर्दृशं सूक्ष्मं धर्मचक्रं प्रवर्तितम् ।
यत्र मारा न गाहन्ते सर्वे च परतीर्थिका: ।।
अनालयं निष्प्रपञ्च मनुत्पादमसभवम् ।
विविक्तं प्रकृतीशून्यं धर्मचक्रं प्रवर्तितम् ।।

अर्थात् यो धर्मचक्र गम्भीर देख्न नसकिने, सूक्ष्म छ। मारहरू र अरूका मतमा लागेकाहरूले यसलाई बुझ्न सक्दैनन् । यो धर्मचक्र पंच उपादान स्कन्धले रहित तेरो मेरो, म मेरो आदि प्रपंचले रहित अनुत्पाद स्वभावको संधै नै उपस्थित, हेतु प्रत्यय रहित तथा प्रकृतिले नै शून्य छ । यसरी व्याख्या गरेर भगवान्ले बुध्दधर्मको तथा धर्मचक्रको गम्भीर उपदेश दिनु भयो ।

निगम परिवर्त सप्तविंशति

यो ललित विस्तर धर्मपर्याय व्याख्यान गर्नु हुंदा उपस्थित भएका महेश्वर आदि शुध्दावासकायिक हजारौं देवपुत्रहरूलाई भगवान्ले यस्तो आज्ञा भयो– हे मार्ष ! ललितविस्तर नामको धर्मपर्याय बुध्दको जीवनी सम्बन्धी रमाइलो घटनाहरू हुन् । यसलाई तिमीहरूले ग्रहण गर, धारणा गर, पढ्ने गर । यसो गरेमा यो धर्मनेत्री विस्तार हुनेछ। बोधिसत्व यानमा लागेका व्यक्तिहरूले यो धर्मपर्यायलाई सुनेर ठूलो उत्साह उत्पन्न गर्नेछन् ।

अनुत्तर सम्यक् सम्वन्धी लाभ गर्न दृढनिश्चय गर्ने छन् । अनि मार पक्षले छोड्न सक्दैन । यस्तो भएमा सवैको हित हुनेछ, महा फल लाभ हुनेछ ।

कोही व्यक्तिले यो धर्म पर्यायलाई ग्रहण गरेको छ भने उसलाई आठ वटा उत्कृष्ट गुण लाभ हुनेछ । उनको रूप, वल, परिवार, प्रतिभा, नैष्क्रम्य, चित्तपरिशुद्धि समाधि, प्रज्ञावभास आदि उत्कृष्ट होला ।

यो धर्म पर्यायलाई व्याख्यान गर्न चाहने धर्मभानकलाई यदि कसैले धर्मासनहरू विछ्याई दिन्छ भने उनलाई यी आठ गुण लाभ हुनेछ । अर्थात् त्यो व्यक्ति जहाँ गए पनि श्रेष्ठासन टहपत्यासन, चक्रवर्त्यासन, लोकपालसन, शक्रासन, वशवर्त्यासन, ब्रम्हासन र सिंहासन लाभ हुनेछ ।

यो ललितविस्तर धर्मपर्यायलाई श्रद्धापूर्वक प्रशंसा गर्ने व्यक्तिलाई आठ वटा वचन परिशुद्धि लाभ हुन्छ । यथावादि तथाकारिताद्वारा सत्यवचन लाभ हुन्छ । सभा आदिहरूमा बोल्दा उनको कुरा सबैले मान्ने हुन्छ । श्लक्षण मधुर वचन उत्पन्न हुनेछ । काय र चित्तलाई प्रसन्न गर्ने फलपिंक नामको पंक्षिको स्वर झैं त्यो व्यक्तिको वचनमा मधुरता उत्पन्न हुनेछ । उनको वोधिलाई सबैले ग्रहण गर्नेछ । व्रम्हस्वरता लाभ हुनेछ ।

फेरि यो धमपर्यायलाई लेखेर सत्कारपूर्वक पूजा गरी सवैलाई पढ्न दिने र आफूले पनि पढ्ने गरेमा सो व्यक्तिले स्मृति, मति, गति, धारणी, प्रतिभा, धर्म, वोधिचित्त आदि उत्पन्न गर्नेछ र बुद्ध धर्ममा अनुट्पत्तिक धर्म क्षान्ति लाभ गर्ने हुन्छ । यो ललितविस्तरलाई राम्ररी पढ्नेहरूलाई दान संभार, शील संभार, श्रुतसंभार, शमथ संभार, विपश्यना संभार, पुण्य संभार, ज्ञानसंभार, महाकरूणा संभार आदि उत्पन्न हुनेछ ।

यो धर्म पर्याय प्रचार गर्ने मानिस चक्रवर्ती चतुरमहाराज शक्र, सुयाम, तुषित, सुनिर्मित, वशवर्ती, ब्रम्हा ईत्यादि क्षेत्रमा उत्पन्न हुनेछ । अन्त्यमा सम्यक् सम्वुद्धत्व पनि लाभ हुन्छ ।

यो धर्म पर्यायलाई सावधानपूर्वक सुन्ने व्यक्तिलाई आठवटा गुण लाभ हुन्छ । मैत्री, करूणा, मुदिता र चार ध्यान चार आरूप्य समापत्ति, पंचाभिज्ञ लाभ हुन्छ र सम्पूर्ण वासना क्षय हुन्छ । हे देवपुत्र ! यो ललितबिस्तरलाई गाउं, नगर, निगम जनपदमा प्रचार गऱ्यो भने त्यो ठाउँमा भय आदि नाश हुन्छ । राज भय, चौर भय, व्यादि भय, दुर्भिक्ष भय, कलिकलह, विवाद विग्रह भय, देव, नाग भय र यक्ष भय आदि सर्व उपद्रव नाश हुन्छ ।

यो धर्म पर्याय कल्प कल्प सम्म स्थिर होस् भनी रात दिन अधिष्ठान गर्ने व्यक्तिको शील, समाधि प्रज्ञा, विमुक्ति ज्ञान दर्शन आदि लाभ हुन्छ। यति आज्ञा भई श्री भगवान् बुद्धले महाकाश्यप, आनन्द, मैत्रेय बोधिसत्व आदिलाई सम्बोधन गर्दै यस्तो आज्ञा भयो–असङ्ख्येय कल्पसम्म पारमितापूर्ण गरेर प्राप्त गरेको सम्यक् सम्बोधि मैले तिमीहरूको हातमा सुम्पेकोछु। तिमीहरूले श्रद्धापूर्वक यो धर्मलाई सम्यक् सम्बोधि नै संझेर ग्रहण गर अरूलाई पनि विस्तारपूर्वक व्याख्या गर । यति आज्ञा भएर भगवान्ले फेरि गाथाद्वारा यस्तो आज्ञा भयो– अर्हत प्रत्येक बुद्ध र सवै प्राणीहरूलाई पूजा भाव गरी दान धर्म गरेर लाभ हुने पुण्य तथागतलाई प्रसन्न चित्तले प्रणाम मात्र गर्दा पनि सो भन्दा वढ्ता पुण्य लाभ हुनेछ । त्यस्तै अरू पुण्य गर्नु भन्दा अहोरात्र यो धर्म लोप नहोस् भनेर पूजा गर्दा अझ बढ्ता फल लाभ हुन्छ । यसकारण यो ललितविस्तर धर्म पर्यायलाई जोगाएर राख । भगवान्को यस्तो वचन सुनेर महेश्वर आदि देवपुत्रहरू र मैत्रेय आदि बोधिसत्वहरू र महाकाश्यप आदि महाश्रावकहरू तथा अरू देवासुर गन्धर्वहरू सवै प्रसन्न भए ।

सुवर्णप्रभासोत्तमसूत्रेन्द्रराजः

ॐ नमः श्रीसर्वबुद्धबोधिसत्वेभ्यः

निदान परिवर्तः

ग्रन्थसंग्रह गर्ने संगीतिकारले जुन सुकै सूत्रग्रन्थमा पनि यस्तो मैले सुनेको छु भन्ने वाक्यबाट सूत्रारम्भ गरेको हुन्छ ।

यस्तो मैले सुनेको छु–बोधिसत्वसमुच्चया नामकी महाकुलदेवता, सरस्वती तथा श्री नामकी महादेवता, दृढा नामकी पृथ्वी देवता, हारती नामकी महादेवता आदि धेरै देवताहरू र गन्धर्व, मनुष्य आदि सबैका साथ श्री भगवान् बुद्ध गृद्धकूट पर्वतमा राज भएको थियो । अनि आयुष्मान् आनन्दले भगवान् बुद्धलाई यस्तो विन्ती गऱ्यो– यी सरस्वती आदि देवताहरूको धर्म विनय के होला ? यस्तो वचन सुनी भगवान् बुद्धले यस्तो आज्ञा भयो – उचित तरिकाले नसोधिएका समाधि धर्मसारको भावना प्रतिष्ठित हुंदैन । रजोगुण नभएका बोधिसत्वहरूमा वर्णन गर्न योग्य सुवर्णप्रभासोत्तमसूत्र वर्णन गर्छु सुन–यसलाई वर्णन गर्दा पूर्वमा अक्षोभ्य, दक्षिणमा रत्नकेतु, पश्चिममा अमिताभ, उत्तरमा दुन्दुभिश्वर तथागतहरूले अधिष्ठान गरेका हुन्छन् । यसरी अधिष्ठान गरेर धर्मदेशना गर्दा मंगल हुन्छ । सबै पापहरू पनि शान्त हुन्छ, सबैतिर सुख वृद्धि हुन्छ । दुःख शान्त हुन्छ । यो सूत्र सुन्दा नुहाई धुबाई गरेर पवित्र भएर सुन्नु पर्छ । यो सूत्र सुन्दा लोकपाल सरस्वती महादेवी, हारती आदि देवीहरूले पनि रक्षा गर्ने हुन्छ । यो पाठ गर्दा मैत्री चित्त उत्पन्न गरी पाठ गर्नु राम्रो हुन्छ । यसरी यो ग्रन्थ-

लाई पाठ गर्दा सुन्न चाहने व्यक्तिहरूलाई पूर्वजन्ममा पुण्य गरेका रहेछन् भनेर जान्नु पर्छ भन्ने आज्ञा हुदै श्री भगवान् बुद्धले सुवर्णप्रभासोत्तमसूत्र निदान परिवर्त आज्ञा भयो ।

तथागत आयुः प्रमाणनिर्देश परिवर्तः

त्यस बेला राजगृहमा रूचिरकेतु नामको वोधिसत्व बस्नु हुन्थ्यो । वहाँ धेरै जन्मदेखि बुद्धहरूको सेवा गर्दै आउनु भएको व्यक्ति हुनुहुन्थ्यो । एकदिन वहाँको मनमा शाक्यमुनिको आयु अस्सी मात्र किन भयो होला भन्ने वितर्क उत्पन्न भयो । साथै भगवान् बुद्धले दीर्घायु हुन अहिंसाब्रत र खानेकुरा दान गर्नु पर्छ भनी वताउनु भएको पनि संझन थाल्यो । अनि शाक्यमुनिले असंख्य कल्प सम्म अहिंसाब्रत पालन गर्नु भएको र भोजन दान मात्र होइन आफ्नू शरीरको मासु पनि दान दिनु भएको थियो । त्यसो हुंदा हुंदै पनि वहाँको आयु किन छोटो भयो होला ? यसरी बुद्धानुस्मृति गर्दा गर्दै आफू वसिरहेको कोठा अत्यन्त विशाल भएको अनुभव वहाँलाई भयो । एकछिन पछि चारै दिशामा रत्नमय दिव्य आसनहरू पनि उत्पन्न भए । ती आसनहरूको पद्महरूमा विराजमान भएका तथागतहरू पनि प्रादुर्भाव भए । तिनीहरू मध्ये पूर्वतिर अक्षोभ्य तथागत, दक्षिणमा रत्नकेतु, पश्चिममा अमितायु, उत्तरमा दुन्दुभिश्वर तथागत राज भएका थिए । यसरी तथागतहरू उत्पन्न हुने वित्तिकै राजगृह नै वहाँहरूको तेजले उज्ज्वल भएको अनुभूति भएको थियो । साथै पुष्प वर्षा, दिव्यतूर्य बाजाको शव्द पनि सुनिन थाले । त्यस बेला जात्यन्ध व्यक्तिले पनि रूप देख्न थाल्यो बहिराले पनि शव्दहरू सुन्न थाल्यो । बहुलाहरूले पनि स्मृति लाभ गरी शान्त भए । भोका, नाङ्गा कोही भएन । अनि रूचिरकेतु बोधिसत्व यी तथागतहरूको दर्शन पाएर आश्चर्य मान्दै हर्षले गदगद भई तथागतहरूलाई वन्दना गरी शाक्यमुनिको आयु विचार गरेर बसी रह्यो ।

त्यस बेला ती चारै दिशामा रहेका बुद्धहरूले क्रमश: रूचिरकेतुलाई सम्बोधन गरेर यस्तो आज्ञा भयो– हे कुलपुत्र ! शाक्यमुनिको आयुलाई थोरै नसम्झ । वहाँको जस्तो अनन्त आयु यो संसारमा कसैको पनि छैन । चारवटै तथागतहरूले यस्तो आज्ञा हुंदा बुद्धको अनुभावले कामावचर, अरूपावचर आदि धेरै देवताहरू रूचिकेतुको घरमा आएका थिए । अनि गाथाद्वारा ती देवादिपर्षदलाई सम्वोधन गर्दै तथागतहरूले यस्तो आज्ञा भयो– समुद्रको पानी गन्न सकिन्छ, सुमेरूको परमाणु गन्न सकिन्छ, परन्तु शाक्यमुनिको आयु गन्न सकिंदैन । किन भने वहाँले धेरै कल्पदेखि हिंसा गर्न छोडिसक्नु भएको छ, खाने कुरा पनि धेरै दान गरिसक्नु भएको छ । जसले यी दुई कुराहरू गर्छन् उनको आयु बढ्ने हुन्छ ।

त्यस बेला त्यहाँ कौण्डिण्य नामको ब्राम्हण पनि शाक्यमुनिको पूजा गर्न आएको थियो । अनि शाक्यमुनिको परिनिर्वाण हुने कुरा सुनेर उनले यस्तो विन्ती गरे– हजुरले सकल प्राणीलाई आफ्नो छोरा समान संझनु हुन्छ त्यसकारण हजूरले मलाई एउटा वरदान दिनुहोस् । तर भगवान्ले केहि पनि बोल्नु भएन अनि बुद्धानुभावले त्यहाँ उपस्थित भएको प्रियदर्शन नामको लिच्छवी कुमारले कौण्डिण्यलाई यस्तो जवाफ दिए– भगवान् संग माग्न चाहेको वर मसंग माग्नुस् म तपाईलाई वर दिन्छु । ब्राम्हणले भन्यो– हे लिच्छवी कुमार ! सर्स्यूं जत्रो भगवान्को अस्थिधातुलाई पूजा गर्दा पनि अर्को जन्ममा त्यसको फलले इन्द्र बन्न पाइन्छ भन्ने कुरो मैले सुनेको छुं । भगवान् बुद्धको उपदेश सुवर्णप्रभासोत्तमसूत्र बुझ्न गाह्रो छ त्यसकारण पनि म बुद्धको अस्थिधातु करण्डक (वट्टा) मा राखी पूजा गर्न चाहन्छुं । यही वर म माग्दछुं ।

उनको यस्तो वचन सुनी प्रियदर्शन लिच्छवी कुमारले गाथाद्वारा यस्तो आज्ञा भयो– गंगा नदीमा कुमुद फूल्ला काग रातो होला, कोइली शंख जस्तो सेतो होला परन्तु भगवान्-

को अस्थिधातु पाउनु परम दुर्लभ छ । यति मात्र होइन संसारमा जे जस्तो दुर्लभ वस्तु उपलब्ध भएपनि तथागतको अस्थि पाउनु असंभव छ ।

यस्तो कुरा सुनी लिच्छवी कुमारलाई कौण्डिन्य ब्राम्हणले गाथाद्वारा फेरी यस्तो भन्नु भयो– हे कुमार ! तपांइलाई धेरै साधुवाद छ । तपाई उपाय कुशल हुनुहुन्छ, तपाईले भन्नु भएको कुरा म पनि बुझदछु । परन्तु लोकले पनि यो कुरा बुझोस् भन्ने उद्देश्यले मैले वर मागेको हु । भगवान् बुद्ध कृत्रिम होइन, त्यसकारण वहाँ उत्पन्न हुनु भएको पनि होइन । परन्तु वहाँले निर्माण काय मात्र देखाउनु हुन्छ । अतः वहाँको रस, रक्त, मांस, मेद, अस्थि आदि धातु हुंदैन । सम्यक् संबुद्धको शरीर धर्मकाय हुन्छ । धर्मकायमा अस्थि आदि धातु हुदैन ।

यस्तो कुरा सुनेर त्यहाँ उपस्थित धेरै देवताहरूले तथागतको आयुप्रमाण सम्बन्धो ज्ञान हासिल गरी बोधिचित्त उत्पन्न गरे । साथै एकै स्वरले यस्तो गाथा पढे–

न बुद्धः परिनिर्वाति न धर्मः परिहीयते ।
सत्वानां परिपाकाय परिनिर्वाणं निदर्शयेत् ।।३०।।
अचिन्त्यो भगवान् बुद्धो नित्यकायस्तथागतः ।
देशेति विविधान्व्यूहान्सत्त्वानां हितकारणात् ।।३१।।

अर्थात् बुद्ध निर्वाण हुने पनि होइन, धर्मलोप हुने पनि होइन । केवल प्राणीहरूलाई उद्धार गर्न मात्र बुद्धहरूले निर्वाण भई देखाउने हुन्छ । भगवान् अचिन्त्य हुनुहुन्छ, वहाँको काय नित्यकाय हो परन्तु प्राणीहरूको हित गर्न विभिन्न प्रकारको रूप देखाउने हुन्छ ।

देवताहरूको यस्तो वचन सुनी रूचिरकेतु बोधिसत्व बुद्धहरूको विषयमा यी दुई सत्पुरुषहरूको तर्क ठीक छ भन्ने बिचार गरी शाक्यमुनीको आयुमा निशंक भई हर्षले प्रमुदित हुनु भयो ।

यो परिवर्त वर्णन हुंदा धेरै प्राणीहरूले बोधिचित्त उत्पन्न गरे । त्यसपछि ती तथागतहरू सहित सबै प्राणीहरू त्यहाँबाट अन्तर्धान भए ।

स्वप्नपरिवर्तः

अनि एक दिन रूचिरकेतु बोधिसत्व आफ्नो विहारमा निदाइरहेको थियो । त्यस वेला स्वप्नामा वहाँले अति राम्रो सुनको उज्ज्वल नगडा देख्नु भयो । त्यो नगडाको तेजले चारै दिशा प्रकाशमान भयो । अनि असंख्य बुद्धहरू आ-आपनो रत्न सिहासनमा वस्नु भई आफ्नो परिषदहरूलाई धर्मदेशना गरिरहनु भएको पनि देख्नु भयो । अनि यत्तिकैमा एउटा ब्राम्हण त्यहाँ आयो र त्यो सुनको नगडा बजायो । त्यस वेला त्यो नगडाबाट गाथाहरू निस्केको सुनियो । अनि रूचिरकेतु व्युझनु भयो । व्युँझदा पनि नगडाबाट निस्केका गाथाहरू वहाँले सझिरहनु भएको थियो । यसरी आफूले देखेको सपनालाई संझदा संझदै रात वित्यो । अनि त्यस पछि राजगृहवाट निस्की गृद्धकूट पर्वतमा गई भगवान् बुध्दको पाउमा शिरले वन्दना गरी एक छेउमा बसेर शाक्यमुनि भगवान्लाई हात जोडी स्वप्नामा सुनेको नगडावाट निस्केको धर्मदेशना गाथा पढेर सुनाउने इच्छा व्यक्त गरे ।

देशना परिवर्तः

हे भगवन् ! मैले स्वप्नामा अति उज्ज्वल सुनको एउटा राम्रो नगडा देखे । जसको तेज सूर्यको जस्तो देदिप्यमान थियो । अनि त्यो तेजले चारै दिशा उज्यालो भयो र अनन्त बुध्दहरूले आ–आफ्नो धर्मदेशना गरिरहेको पनि देखियो । अनि त्यसवेला एउटा ब्राम्हण आएर सो नगडा वजाउन थाल्यो र त्यो नगडाबाट यस्तो धर्मदेशना निस्क्यो– यो सुवर्ण प्रभास उत्तम दुन्दुभि (सुनको नगडा) वाट निस्केको आवाजले तीनै लोकका प्राणीहरूको दुःख शान्त होस् । अपाय दुःख, यम लोकको दुःख दारिद्रय दुःख पनि शान्त होस्, सवै दुःख आपतहरू शान्त होस्, सम्पूर्ण प्राणीहरू सवै गुणले युक्त होउन्, नरकमा वसेका प्राणीहरूले पनि नमो बुध्दाय भनी बुध्दको स्मरण गरी बुध्दत्व लाभ गर्न

सकूँन् । त्रिकालका बुध्दहरूको शरणमा आइरहेको छु, मलाई बुध्दहरूको सुदृष्टि होस्, मैले गरेका सबै पापहरू हजूरको सामुन्ने बताइरहेको छु । ऐश्वर्यको मदले कुल, रूप, जवानीको मदले मैले आमा वावु बुध्द वोधिसत्वहरूलाई हेला गरेका अथवा पाप गरेको हुला । ती सबै अकुशलहरू हजूरको अगाडि वर्णन गर्दछु । छलकपट गरी दारिद्रय दोषले मैले कुनै अकुशल कर्म गरेको हुला अथवा काम क्रोधको वशले भोक प्यासको हेतुले खान पिउन तथा स्त्री लाभ गर्ने हेतुले पनि धेरै अकुशल कर्म गरेका हुंला । ती सबै दश अकुशल कर्महरू हजूरको सामु वताइरहेको छु । बुध्द धर्म संग तथा प्रत्येक बुध्द, वोधिसत्वहरूलाई गौरव नगरी अपमान गरेको हुंला । त्यो पनि हजूरको सामुन्ने प्रकट गरिरहेको छु दशै दिशाका अनन्त बुध्दहरूलाई पूजा गरेर लाभ भएको पुण्यले सवै दु:खीहरूलाई मैले उध्दार गर्न सकूं । एउटा व्यक्तिलाई मात्र मुक्त गराउन पनि मैले कल्पान् कल्प कोटी सम्म प्रयत्न गर्न परे पनि गर्न सकूं । यसरी प्रणिधान गर्नु पर्छ अनि त्यसको इच्छा सुवर्णप्रभासोत्तमदुन्दुभिस्वरले पूर्ण गरिदिनेछ । सवै बुध्दहरूको गुण सागरवाट पार हुनेछ समाधि, धारणी श्रद्धा आदि इन्द्रीय तथा वल वोध्यङ्गहरूले पूर्ण हुनेछ । ती बुद्धहरूको सुदृष्टि ममा परोस् मैले पहिले गरेको सवै पापहरूवाट म त्रस्त छु । पाप कर्म गर्न म डराउंछु । मेरो जिन्दगीमा मंगल कुरो केही गर्न सकिन । अब मैले बुद्ध बोधिसत्वहरूको करूणारूपी पवित्र जलले स्नान गरेको जस्तो होस् मैले अब फेरि कहिल्यै पाप गर्ने छैन । शरीर, बचन, मनवाट हुने सबै पाप देशना गरिसकेको छु । काय, वाक्, चित्तवाट गरिने दश कुशल कर्महरू संधै गरेर दश भूमिमा बसी दशबल देख्न सकूं । सवै बुद्ध, वोधिसत्वहरूले गर्नु भएको कुशल कर्महरूलाई संझेर म संवै प्रसन्न रहन सकूं । निरन्तर बुध्दहरूको गुणसम्झेर सबै जन्ममा बुद्धहरूको शरण जान सकूं । वत्तीस लक्षण, असीति अनुव्यंजनले युक्त भएका बुध्दहरूको दर्शन सधै पाइ रहूं । पृथ्वीका परमाणु समान अनन्त समुद्रको पानी समान

अप्रमाण गुण भएका बुद्ध, वोधिसत्वहरूको दर्शन पाइरहन सकूं । समस्त प्राणीहरू पनि यस्तै गुण भएका बुद्ध बन्न सकून् । मैले गरेका कुशल कर्मको पुण्यले जगत हित सुख गर्न तथा मारलाई जिती बुद्ध बनेर धर्मचक्रप्रवर्तन गर्न सकूं । मैले गरेका कुशल कर्मको प्रभावले संधै बुध्दहरूलाई भेट्न सकूं, सवै प्राणीहरूको रोग व्याधी हटाउन सकूं । राज, चोर आदि भय शान्त गर्न सकूं । अन्धोहरूलाई देख्ने शक्ति, बहिरालाई सुन्ने शक्ति दिन सकूं । नाङ्गोलाई लुगा, गरीवलाई धन धान्य दिई सुखी पार्न सकूं । कसैले दु:ख वेदना अनुभव नगरून् । सवै प्राणीहरूले शान्त चित्त भएर बुध्द वोधिसत्वहरूको पूजा गर्न सकूं । अन्तमा स्त्रीहरूले पनि पुरुष भएर वोधिज्ञान लाभ गर्न सकून् । पारमिता पूर्ण गर्न सकून्, सद्धर्म प्रकाश गर्न सकून् । यी माथि गरेर आएका त्रिरत्न शरण, पुण्यानुमोदना, पापदेशना आदि पुण्यले मेरो प्रणिधान सफल होस्, वोधिज्ञान लाभ होस् भनी यहाँ वताएका गाथाद्वारा स्त्री पुरुष, ब्राम्हण क्षेत्री सवैले बुद्धको अगाडि विन्ती गरी प्रार्थना गरेमा उनीहरूको सवै गुण परिपूर्ण हुनेछ । सवैले उनीहरूलाई सम्मान गर्नेछ ।

अनि अन्तमा यो देशना गर्ने मानिस असाधारण पुण्य गरेर आएको मानिस हो भन्ने भावका गाथाहरू पढी श्री भगवान् बुद्धको सामुन्ने आफ्नो स्वप्नको सबै वृतान्त विन्ती गरे ।

कमलाकरसर्वतथागतस्तव परिवर्तः

अनि भगवान् बुध्दले त्यही परिषदमा उपस्थित भइरहेकी बोधिसत्व समुच्चया नामकी कुलदेवतालाई सम्बोधन गर्दै यस्तो आज्ञा भयो–हे कुलदेवता ! धेरै समय पहिले सुवर्ण भूजगेन्द्र नामको राजा हुनुहुन्थ्यो । सो राजाले कमलाकरसर्वतथागतस्तव नामको स्तुतिद्वारा भूत, भविष्यत, वर्तमान तीनै कालका बुध्दहरूलाई यसरी स्तुति गरेका थिए– दशै दिशामा रहनु भएका बुध्द र वहाँका संघहरूलाई म वन्दना गर्छु । सुवर्ण वर्ण भएको, ब्रम्ह-

स्वरले धर्मदेशना गर्ने, भमरा जस्तो कालो केश, शंख जस्तो सफा दाँत र ठूल ठूला आँखा भएको विशाल जिब्रो भएको बुध्दहरूलाई म प्रणाम गर्छु ।

यसरी वत्तीस लक्षणले युक्त हुनु भएको बुध्दलाई प्रणाम भन्ने गाथाद्वारा स्तुति गरेर भगवान् बुध्दलाई यसरी विन्ती गरे– हे भगवन् ! यो कमलाकरसर्वतथागतस्तव नामको स्तोत्र मैले सपनामा सुनको नगडाबाट निस्केका आवाज सुनेर पढ्न जानेको हो । यो स्तोत्र पढ्का पुण्यले सत्व प्राणीहरूले दुःखको समुद्रबाट पार लाग्न सकून् । सबै प्राणीहरूले षट्पारमितापूर्ण गरी बोधि लाभ गर्न समर्थ होउन् । यो नगडा बजेको सुन्न पाएको प्रभावले शाक्यमुनिको पालामा मैले व्याकरण लाभ गर्न सकूं तथा कनकेन्द्र र कनकप्रभास्वर नामका मेरा दुई छोराहरूल पनि बोधिज्ञान लाभ गर्न सकून् । सबै प्राणीहरू उपर दया उपकार गरी यो सुवर्णप्रभासोत्तमदुन्दुभिको धर्मदेशना गर्न सकूं । कर्म क्लेशलाई विशुध्द गरी पुण्य संभार र ज्ञानसंभारलाई पूर्ण गरेर जगत सत्त्व उध्दार गर्न सकूं । यति भनेर सुवर्ण भूजगेन्द्र नामको राजाले कसरी सुनको नगडाबाट निस्केको कमलाकर स्तोत्र पाठ गरेको थियो भन्ने कुरा भगवान् बुध्दले वर्णन गर्नु भयो ।

शून्यता परिवर्तः

अनि भगबान्ले त्यसवेला सबै परिषदहरूलाई संबोधन गरी संक्षेपमा गाथाद्वारा यस्तो आज्ञा भयो– अरू सूत्रहरूमा शून्यताको देशना विस्तारपूर्वक गरेको छ । यहाँ तिमीहरूको निमित्त संक्षेपमा शून्यताको देशना गर्छु । स्वल्प बुध्दि भएका व्यक्तिले शून्यतालाई बुझन गाह्रो हुन्छ । तैपनि यहाँ सरल उपायद्वारा प्राणीहरूको कल्याणको निमित्त म शून्यताको धर्मदेशना गर्छु– हाम्रो शरीर मानिस नभएको ६ वटा शून्य र खाली गाउँ जस्तै हो । शरीर रूपी यो गाउँमा चोर रूपी इन्द्रीयहरू बस्छन् । ती चोरहरू एकले अर्कोलाई परस्परमा चिन्दैनन् । चक्षु इन्द्रिय (आँखा) रूपमा दौडी रहन्छ, श्रोतइन्द्रिय (कान) शब्दमा दौडी

रहन्छ, घ्राण इन्द्रिय (नाक) विचित्र गन्धमा र जिह्वाइन्द्रिय (जिब्रो) स्वादमा सधैं दौडिरहन्छ। काय इन्द्रिय स्पर्शमा र मन इन्द्रिय धर्मको विचारमा डुलिरहेको हुन्छ। यसरी आ-आफ्नो विषयमा दौडिरहेका इन्द्रियहरू परस्परमा चिना जानी हुँदैन। यो शरीरमा जादुबाट बनेका जस्तो चचलचित्त (आलय विज्ञान) ले ६ वटै इन्द्रियको विषयलाई विचार गरिरहने हुन्छ। यसरी सुनसान गाउँमा ६ वटा चौरहरू मात्र रहेको जस्तो यो हाम्रो शरीर हो। पिंजराको चरा जस्तै चंचलचित्त (आलय विज्ञान) ६ इन्द्रियको विषयमा बाँधिएको हुन्छ। तर यो कुरा न इन्द्रियलाई थाहा छ न चित्तलाई थाहा छ। काय तथा इन्द्रिय र चित्तहरू प्रतीत्यसमुत्पन्न अर्थात् दुई तीन वटा वस्तु मिलेर बनेको वस्तु हुन्। यसरी दुई तीन वटा वस्तु मिलेर बनेको वस्तुहरू र शरीरको चेष्टा एवं व्यापार शून्य हुन्छ। यस्तो वस्तुलाई अभूत विकल्प समुस्थित वस्तु भनिन्छ। अर्थात् वास्तवमा नभएको केवल कल्पनाद्वारा मात्र भएको जस्तो देखिने हुन्छ। यो शरीर पृथ्वी, अप, तेज, बायु मिली बनेको हो। यसमा चित्त र षडविज्ञान पनि मिलेको हुन्छ। यी रूप र चित्त विज्ञान आदि विच्छेद भए पछि यो शरीर काठ जस्तै निष्क्रिय हुन्छ। यी महाभूतहरू र विज्ञानहरू पनि स्वभावले नहुने हुँदा अर्थात् अविद्यमान वस्तुबाट कल्पना गरी बनेको जस्तो र भएको जस्तो देखिन हुन्छ यसलाई अविद्या भनिन्छ। अतः यो शरीरलाई अविद्याबाट उत्पन्न भएको भनिन्छ। यो अविद्याबाट क्रमशः सस्कार, विज्ञान, नाम रूप, खडायतन, स्पर्श वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण आदि उत्पन्न हुन्छ। त्यसकारण द्वादषाङ्गप्रतीत्यसमुत्पादलाई अभूतविकल्प संभूत अर्थात् अविद्यमान वस्तुबाट कल्पना गरेर बनेको जस्तो देखिने भनिन्छ। यो ज्ञान रूपी तलवारद्वारा रागादि क्लेशको जाललाई काटेर स्कन्धादि आलयलाई शून्य थान्ने गर, शून्य देख्ने गर, शून्य छुने गर, शून्य सुन्ने गर यसो गरेमा निर्बाणको द्वार खुल्ने छ।

यस तथ्यलाई बुझेर धर्म भेरि बजाऊ तथा धर्म शंख फुक। धर्मको चिराग बाल, धर्मको ध्वजा फहराऊ। धन, सम्पत्ति, प्रिय वस्तु त्याग गरेर बुद्धले लाभ गरेको ज्ञान यही हो। यसको गुण कल्प कल्प सम्म वर्णन गरे पनि सकिंदैन भनी भगवान्‌ले यसरी आज्ञा भयो।

चतुर्महाराज परिवर्तः

अनि बुद्धको धर्मसभामा उपस्थित भएका वैश्रवण, धृतराष्ट्र, विरूधक, विरूपाक्ष यी चतुर्महाराजहरू आपनो आसनवाट उठी घुंडा टेकेर भगवान्‌लाई यस्तो विन्ती गरे– हे भगवन्! हजूरले आज्ञा भएको तथागतहरूको सम्मतिले युक्त भएको वोधिसत्वहरूले सत्कार गरिएका, सर्व भय हटाउने. दुर्भिक्ष रोग, व्याधि शान्त गर्ने यो पवित्र सुवर्णप्रभासोत्तमसूत्रलाई हामी चतुर्महाराजहरूले प्रचार गर्न प्रयत्न गर्नेछौं।

यो जम्बूद्वीपमा जति पनि दुर्भिक्ष, व्याधि परचक्र भय आदि उपद्रवहरू छन् यी सवैलाई शान्त गर्न सुवर्णप्रभाससूत्रको देशना गर भनी हामी प्रेरणा दिनेछौं तथा राजामहाराजाहरूलाई पनि यो सुवर्णप्रभासोत्तमसूत्र पाठ गराउनु होस् यसो गर्नाले तिम्रो राज्य स्थिर हुनेछ, रोग, व्याधि शान्त हुनेछ तथा हामी चतुर्महाराजहरूले हजूरको देशमा रक्षा गर्नेछौं भनी प्रेरणा दिनेछौं।

चतुर्महाराजहरूको यस्तो वचन सुनी श्री भगवान् बुद्धले यसो आज्ञा भयो– हे चतुर्महाराज! तपाईहरूलाई धेरै साधुवाद छ। यसरी धर्म गर्ने र धर्म गर्न प्रेरणा दिने व्यक्तिको सँधै हित नै हुन्छ।

भगवान्‌को यस्तो आज्ञा सुनी चतुर्महाराजहरूले फेरि विन्ती गरे– अहिले मात्र होइन भविष्यमा पनि जुन सुकै ग्राम, नगर, राजधानीहरूमा यो सुवर्णप्रभाससूत्रको वर्णन हुन्छ त्यो ठाउँमा देवेन्द्रसमय नामको राजज्ञास्त्र अनुसार राज्य चलाएको

हुन्छ । त्यो ठाउँमा सुवर्णप्रभासोत्तमसूत्रलाई सुन्ने तथा सुनाउने व्यक्तिलाई हामी प्रशंसा गर्छौं साथै उसको आयु आरोग्य, श्री-सम्पत्तिले सम्पन्न गराई दिनेछौं । सर्वत्र भय हटाई रक्षा गरेर शान्ति स्वस्ति गरिदिनेछौ ।

जन राजाले सुवर्णप्रभासोत्तमसूत्रलाई सुनी श्रद्धापूर्वक सम्मान गर्छ त्यो राजाको चारैतिर रहेका शत्रुहरू शान्त हुन्छ । उसलाई कसैले आक्रमण गर्ने चित्त उत्पन्न गर्ने छैन ।

चतुर्महाराजहरूको यस्तो वचन सुनी भगवान् बुद्धले वहाँहरूलाई धेरै साधुवाद दिनु भयो । यसरी सुवर्णप्रभासोत्तम सूत्रको सद्धर्मलाई सुन्ने व्यक्तिहरूलाई रक्षा गर्नु, शान्ति स्वस्ति गरिदिनु कम पुण्यको कुरा होइन । यति मात्र होइन यो जम्बुद्वीपमा चौरासी हजार नगर तथा मुलुकहरू छन् । त्यहाँका जनताहरू परस्परमा हित चित्त, मैत्री चित्त, सुख चित्त उत्पन्न गरी झैझगडा शान्त गरी पुण्यले आफ्नो देशलाई सुभिक्ष बनाउन पनि सक्ने छन् । समयमा वर्षा हुनु निरोगी हुनु आदि शुभलक्षणहरू उत्पन्न हुनेछन् । दश अकुशल कर्म परित्याग गरी अन्त्यमा सबै व्यक्तिहरू देव भुवनमा उत्पन्न हुनेछ ।

जो राजाले सुवर्णप्रभासोत्तमसूत्रलाई सन्मानपूर्वक पूजा गरी यो सूत्रको धर्मदेशना गर्ने भिक्षु भिक्षुणी, उपासक उपासिकाहरूलाई सन्मान गर्ला सो राजालाई चतुर्महाराजहरूले रक्षा गर्ने छन् । आयु आरोग्य प्रदान गर्नेछन् । यसो गर्नु चतुर्महाराजहरूको निमित्त पनि धेरै उत्तम छ ।

भगवान्को यस्तो वचन सुनी चतुर्महाराजहरूले विन्ती गरे– हे भगवन् ! कोही राजाले नुहाई, सुगन्ध वस्त्र लगाई धर्म देशना गर्ने व्यक्तिलाई उच्च आसनमा राखी शान्तपूर्वक मान अभिमान छोडी सुवर्णप्रभासोत्तमसूत्र सुन्छ र सो धर्मदेशना गर्ने भिक्षुलाई शास्ता संझी आफ्ना राजमहिषी राज पुत्र, राजपुत्री-

हरूलाई पनि धर्म श्रवण गर्न साथमा राख्छ भने सो राजाको सर्व मङ्गल हुन्छ ।

यसरी धर्मभानक तथा धर्म श्रोताहरूलाई सदा सर्वदारक्षा गर्ने इच्छा गरी चतुर्महाराजहरूले हात जोडी भगवान् बुद्धलाई गाथाद्वारा स्तुति गरी नमस्कार गरे । अनि भगवान् बुद्धले पनि सुवर्णप्रभाससूत्रको महिमा गाई यसलाई रक्षा गर्नु लोकपालहरूको परम कर्तव्य हो तथा धर्म व्याख्यान गर्न लगाउने राजा तथा प्रजाहरूको पनि हित, सुख नै हुन्छ भनी आज्ञा भयो । यस्ता वचन सुनी चतुर्महाराजहरू हर्षले गदगद भई हजूरले आज्ञा भएको कुरा हामो पालना गर्छौं, धर्मभानक भिक्षुलाई पनि हामी रक्षा गर्नेछौं भनी विन्ती गरे ।

सरस्वतीदेवी परिवर्तः

अनि सोही सभामा उपस्थित हुनु भएकी सरस्वती महादेवीले पनि भगवान् बुद्धलाई प्रणाम गरी यस्तो आज्ञा भइन्–हे भगवन ! मैले पनि धर्मभानक भिक्षुलाई धर्मदेशना गर्दा विशुद्ध रूपमा दिन सक्ने वाक् सिध्दि दिने छु । तथा निरूक्ति ज्ञान र प्रतिभा पनि दिनेछु । मेरो प्रभावले सुवर्णप्रभासोत्तमसूत्रको एक अक्षर पनि छुट्ने छैन; अक्षरस सबै स्मरण हुनेछ । यतिमात्र होइन । सो धर्मभानकलाई स्मृति बढ्ने धारणी पनि दिनेछु । जसको प्रभावले सकल शास्त्रमा कुशल हुनेछ ।

अनि स्नान गर्दा सबै कष्ट, ग्रहपीडा शान्त हुने औषधिको पनि वर्णन गर्छु भनी फेरि आज्ञा भइन्– बीझो, गोरोचन आदि जडीबुटी चूर्ण गरी मन्त्र पढी स्नान गर्नू, त्यस पछि गोवर लीपी स्नान गर्नू । यसरी नाना प्रकारको बुटी र मन्त्रद्वारा स्नान गर्दा सम्पूर्ण भय शान्त हुन्छ, स्मृति लाभ हुन्छ । यो कुरामा धर्म भानकले ध्यान दिनु पर्छ ।

अनि त्यहाँ उपस्थित भएका कौण्डिन्य ब्राह्मणले सरस्वतीको मन्त्र पढ्नु भयो र वहाँको स्पुति गाथाद्वारा गर्नु भयो ।

श्री महादेवो परिवर्तः

अनि श्री (लक्ष्मी) महादेवीले भगवान् बुद्धलाई प्रणाम गरी यस्तो विन्ती गरिन्– हे भगवन् ! मैले पनि घर्मभानक भिक्षुलाई उत्साह बढाउनको निमित्त चीवर, पिण्ड पात्र आदि सबै कुरा सपन्न गराइदिनेछु; उनको चित्त संधै शान्त र सुखी बनाई दिनेछु। जसको प्रभावले सुवर्णप्रभासोत्तमसूत्रलाई वर्णन गर्ने उत्साह बढ्ने छ। र यो सूत्र कहिल्यै लोप हुन पाउंदैन। हे भगवन् ? मैले रक्त कुसुमगुणसागरबैदुर्यकणकगिरी सुवर्णकाँन्चनप्रभास श्री नामको तथागतको सामुन्ने मैले वोधिचित्त उत्पन्न गरेको थिएं। त्यही पुण्यले म जुन दिशामा हेर्छु तथा जहाँ जान्छु त्यहाँका सबै प्राणीहरू सुखी हुन्छन्। अन्न, पान, घन, धान्य, सुवर्ण आदि सबै सम्पत्तिले परिपूर्ण हुन्छ। त्यसकारण मैले सेवा गरेर आएको तथागतलाई पुष्प, धूप, आदिद्वारा पूजा गर्नु पर्छ। मेरो नाम पनि तीन पटक उच्चारण गर्नु पर्छ। यसो गरेमा घन, धान्य, लाभ हुन्छ फलफूल आदि प्रशस्त फल्ने हुन्छ। अनि सुवर्णप्रभासोत्तमसूत्र पनि पाठ गरेमा त्यसलाई ठूलो सम्पत्ति पनि लाभ हुन्छ।

यति मात्र होइन अलकावती राजधानीमा पुण्यकुसुमप्रभानामको उद्यानमा सुवर्णवर्णध्वज नामको सप्त रत्नको भवनमा श्री महादेवी (म) बस्नु हुन्छ। वहाँलाई सेतो वस्त्र लगाई सुगन्ध, पुष्प, धुप आदिद्वारा पूजा गरी अघिको तथागतको नाम तीन पटक उच्चारण गरी धारणी पाठ गर्नु पर्छ तथा मूर्धाभिषेक धर्मता नामको मन्त्रपदहरू यहाँ बताइए जस्तै पूजा भाव गरी पाठ गरेमा नगर, निगम, बिहार, ग्राम, गृह आदि धन, धान्य सुवर्ण आदिले परिपूर्ण भई सुखी हुनेछ। पुण्यकर्म गरी सबै प्राणीमा करूणा राखी यावत् जीवन पर्यन्त दान गरी पुण्य आर्जन गर्न सक्ने हुन्छ। यस्तो विन्ती गरी भगवान्को सामु उहाँ श्री महादेवीले सर्वबुद्धसम्वोधिसत्वनामसंधारणीको पनि वर्णन गरिन्।

सर्वबुद्धसंबोधिनाम धारणी परिवर्तः

रत्न शिखि आदि तथागतहरुको र रुचिरकेतु आदि बोधिसत्वहरूको नाम उल्लेख भएको यो धारणी पाठ गरेमा तथा पाठ गराएमा बोधिसत्वहरूको जातिस्मरण हुन्छ, भनी श्री महादेवीले भगवान् बुद्धको सामु आज्ञा भइन् ।

दृढा पृथ्वी देवता परिवर्तः

अनि दृढा पृथ्वी देवताले पनि भगवान् बुद्धलाई वन्दना गरी यस्तो विन्ती गरिन्– तीनै कालमा यो सुवर्णप्रभासोत्तमसूत्रलाई गाउं, नगर अथवा राजकुलमा राखिएको छ र सो सूत्रलाई ब्याख्यान गराइन्छ भने त्यो प्रदेशमा म उपस्थित हुनेछु। धर्मभानकको देशनालाई आदर गौरवपूर्वक पूजा सत्कार गर्नें छुं त्यो प्रदेशलाई धन, धान्य र फलफूलले परिपूर्ण गरिदिने छुं । तो अन्न फलफूल उपभोग गर्ने प्राणीहरूले आयु आरोग्य पनि लाभ गर्नेछु ।

त्यसकारण सकल जम्बूद्वीपमा यो सूत्रको देशना भएमा सर्वत्र मंगल हुनेछ । यो धर्म आफूले पनि श्रवण गरी अरूलाई पनि श्रवण गर्न प्रेरणा दिई धर्म श्रवण गराउनु अति उत्तम छ । यो श्रवण गर्नाले सवै प्राणीहरूमा दान चित्त उत्पन्न हुन्छ; त्रिरत्नमा श्रद्धा वढ्ने हुन्छ । दृढा पृथ्वी देवताको यस्तो वचन सुनी भगवान् बुद्धले यस्तो आज्ञा भयो– यो पृथ्वी तलमा सुवर्णप्रभासोत्तमसूत्रको एक पाउ मात्र धर्म यदि कुनै व्यक्तिले श्रवण गरेर च्यूति भएको छ भने सो व्यक्ति त्रार्यत्रिशत देवलोकमा नै उत्पन्न हुनेछ । यो सूत्रलाई ध्वजापताका आदिले पूजा गरी सन्मान गरेमा कामावचर देवलोकमा उत्पन्न हुनेछ ।

भगवान्को यस्तो बचन सुनी पृथ्वी देवताले फेरि विन्ती गरिन् – हे भगवन् ! मैले पनि धर्मभानक भिक्षुलाई संधै सध्दर्म प्रचार गर्न प्रेरणा दिनेछुं । यो सूत्रलाई कहिल्यै लोप हुन दिने

छैन । यो ग्रन्थ श्रवण गर्ने व्यक्तिले तथागतको दर्शन पाउने छ र नरक, तिर्यग, योनि, यमलोक आदिको दुःखवाट मुक्त हुनेछ ।

संज्ञेयसेनापति परिवर्तः

अनि संज्ञेय महायक्ष सेनापति आफ्नो आश्रमबाट उठी घुंडा टेकी भगवान् बुद्धलाई वन्दना गरी यस्तो विन्ती गरे–हे भगवन् ! यो सुवर्णप्रभासोत्तमसूत्रको धर्म व्याख्यान हुने ग्राम, नगर, जन, पद, राजकुलहरूमा हामी यक्षहरू पनि सुन्न जानेछौं । अदृश्य रूपले सो धर्मभानक भिक्षुको रक्षा गर्नेछौं । शान्ति, स्वस्ति गरिदिनेछौं । धर्मदेशना सुन्न आएका स्त्री, पुरुष; वाल, वृद्ध सवैलाई रक्षा गर्नेछु ।

यो सूत्र सुन्नेले सवै धर्म सुनेको सरह हुनेछ । सवै धर्म बुझेको सरह हुनेछ । मैले यो सुने पछि अचिन्त्य ज्ञानावभास-ज्ञानालोक प्राप्त गरेको हुँ । यसकारण मलाई सवै यक्षहरूले संज्ञेय भनी भन्दछन् । यो धर्मदेशना गर्ने धर्मभानक भिक्षुलाई मैले ओज वढाइदिनेछु, बुद्धि, स्मृति, उत्साह वृद्धि गरिदिनेछु । जसको प्रभाववाट धर्मभानकलाई थकाई लाग्दैन नयाँ नयाँ धर्मदेशना गर्ने शक्ति उत्पन्न हुन्छ । साथै यो सूत्रलाई म कहिल्यै लोप हुन दिने छैन । सवै प्राणीहरूलाई हित सुख वृद्धि गरिदिनेछु । यति भनी सज्ञय महायक्षसेनापतिले भगवान्को सामु विन्ती गर्नु भयो ।

देवेन्द्रसमय राजशास्त्र परिवर्तः

रत्न कुसुमसागरवैदुर्यकनकगिरी सुवर्णकाञ्चनप्रभासश्रियस्तथागतलाई नमस्कार गरी वलेन्द्रकेतु राजाले धेरै वर्ष पहिले आफ्नो छोरा रूचिरकेतुलाई युवराजाभिषेक दिई देवेन्द्रसमय नामको राज शास्त्र उपदेश दिनु भयो । यो देवेन्द्रसमय राज शास्त्रको आधारमा बीस हजार वर्ष राज्य गर्दा पनि एक क्षण मेरो मनमा अधर्म चित उत्पन्न भएन भनेर बलेन्द्रकेतु राजाले

भन्नु भयो भनी बोधिसत्वसमुच्चया नामकी कुलदेवतालाई सम्बोधन गरेर श्री भगवान् बुद्धले आज्ञा भयो । त्यही राजशास्त्र यहाँ म सर्वसत्व हित गर्नुको निमित्त बताउँछु । एक चित्त गरेर प्रसन्न भई सुन ! परापूर्वकालमा देवराज इन्द्र र लोकपालहरूले ब्रम्हालाई सोध्नु भयो– हे ब्रम्हा ! तपाई देवताहरूको पनि ईश्वर हुनु हुन्छ। अत: हाम्रो शंका निवारण गर्नु होस् राजा मनुष्य भए प न देवता भनेर किन भनियो ? राजाहरू मनुष्य लोकमै उत्पन्न भएका हुन् तापनि देव मनुष्यको शासन गर्ने हुन्छन् भनी इन्द्र आदिले प्रश्न गर्दा ब्रम्हाजीले आज्ञा भयो– मनुष्यलोकमा उत्पन्न भएतापनि राजा इन्द्रको अधिष्ठानले आमाको कोखमा प्रवेश गर्ने हुन्छ । तथा सर्व देवताहरूले गभमा अधिष्ठान गरेका हुन्छ । त्यसकारण राजालाई मनुष्यलोकमा जन्मे पनि देवपुत्र, देव भनी सम्बोधन गरिन्छ । इन्द्रले राजालाई अधर्म नाश गर्न, पाप हटाउन नै सृष्टि गरेको हो । यतिमात्र होइन दुष्ट राक्षस चांडालहरू र पापीहरूलाई हटाउन आमा बावु तथा राजा र सद्धर्म गर्नेहरूलाई पुण्यको फल दिलाउन नै देवताहरूले राजाहरूलाई अधिष्ठान गरेका हुन्छन् । पापको फल नराम्रो र पुण्यको राम्रो फल यही जुनीमा दिन लगाउन पनि इन्द्रले राजालाई अधिष्ठान गरेको हुन्छ। यदि राजाले पाप गर्नेलाई दण्ड दिदैन उपेक्षा गर्छ भने अधर्म बढ्न थाल्छ, ठगी कलह बढ्ने हुन्छ यसरी अपुण्यवाट सबै लोकमा नराम्रो स्थिति उत्पन्न हुने हुन्छ । अधर्मलाई उपेक्षा गर्ने राष्ट्रमा परचक्रको भय उत्पन्न हुन थाल्छ तथा राज्य शत्रुको हातमा पर्ने हुन्छ। समय समयमा बृष्टि हुन छोड्छ । अनि दुर्भिक्ष हुन्छ । यसरी अधर्मलाई उपेक्षा गऱ्यो, सध्दर्मलाई प्रेरणा दिइएन भने त्यो राष्ट्रमा इष्ट वियोग, प्रियवियोग, दुर्विक्ष आदि नाना प्रकारका कष्ट उत्पन्न हुने हुन्छ । रोग आदि भय पनि उत्पन्न हुन्छ, जनताहरू दुर्बल हुन थाल्छन् । त्यसकारण राजाले कुनै पक्षलाई अंगाली पापलाई उपेक्षा नगरोस् भनी देवराज इन्द्रले अधिष्ठान गरेको हुन्छ । त्यसकारण राजाको मुख्य कर्म सध्दर्म-

लाई प्रेरणा दिनु पापलाई उपेक्षा नगर्नु हो । त्यसकारण दोषानुरूप पापीहरूलाई दण्ड दिनु नै धर्मपूर्वक राज्य गरेको ठहरिन्छ । त्यसकारण अधर्म नगर्नु यो देवेन्द्रसमय राज शास्त्रको मुख्य उद्देश्य हो । यसरी राज्य गर्दा देवेन्द्र आदि देवताहरू संधै प्रसन्न हुन्छन् र त्यो राजाको राज्यमा सधैं शुभिक्ष हुन्छ, सबै आफूले चिताएको कुरा पुग्ने हुन्छ ।

> धर्मेण पालयेत राष्ट्रं धर्मेसमनुशासयेत् ।
> सुकृते स्थापयेत् सत्वान्दुष्कृतिं च निवारयेत् ।।६५।।

अर्थात् राष्ट्रलाई धर्मले रक्षा गर्नु पर्छ, पालन गर्नुपर्छ, धर्मकै कुरा सिकाउनु पर्छ, धर्ममै जनतालाई राख्नु पर्छ, पाप गर्नुबाट रोक्नु पर्छ । यस्तो गरेमा सो राजाको प्रताप बढ्ने हुन्छ भनी बलेन्द्रकेतुराजाले रूचिरकेतु युवराजलाई शिक्षा दिएको राजशास्त्र भगवान् शाक्यमुनिले बोधिसत्वसमुच्चया कुलदेवतालाई आज्ञा भयो ।

सुसंभव परिवर्त:

अचिन्त्य धेरै कल्पहरू भन्दा पहिले रत्नशिखि नामको तथागत उत्पन्न भएको थियो । त्यस बेला बुध्द कार्य सुसम्पन्न तथागत निर्वाण भइसके पछि सुसंभव नामको चक्रवर्ती राजा उत्पन्न हुनु भयो । वहाँको राजधानीको नाउँ जितेन्द्रघोष थियो । एक दिन सुसंभव महाराजले स्वप्ना देख्नु भयो– बुध्दको प्रशसा युक्त सध्दर्म कथा व्याख्यान भइरहेको थिया । अनि राजाले यो धर्मभानकको नाम के होला ? भनी बुझ्दा रत्नोचय नामको भिक्षु हो भन्ने थाहा पाउनु भयो । यत्तिकैमा राजा ब्युँझनु भयो । यसरी सपनाबाट ब्यूँझेपछि राजालाई ठूलो आनन्द भयो, शरीर पनि आनन्दले पुलकित भयो । अनि आश्चर्य मान्दै रत्नाचय नामको धर्मभानक अवश्य पनि हुँदो हो, वहाँलाई कुनै आर्यसंघमा भेटाउन सकिएला भन्ने विचार गरी एउटा कुनै

बिहारमा गई सोद्धनु भयो । यसरी सोद्धा रत्नोचय भिक्षु एउटा गुफामा वसी सुवर्णप्रभाससूत्रको अध्ययन गरिरहनु भएको छ भन्ने कुरो थाहा पाउनु भयो र सोहीं गुफामा गई रत्नोचय भिक्षुलाई वन्दना गरी सुसंभव राजाले आफ्नू घरमा आएर सुवर्णप्रभासोत्तम सूत्रको धर्म सुनाउनु होम् भनी प्रार्थना गर्नु भयो । भिक्षुले पनि राजदरवारमा गई धर्मदेशना गर्न स्वीकार गर्नु भयो । राजाले पनि धर्मदेशना गर्ने ठाउँमा राम्रो मण्डप बनाई ध्वजापताकाले सिंगारी वहाँलाई निमन्त्रणा गर्नु भयो । रत्नोचय धर्मभानक ठीक समयमा आफ्नो आसनमा वस्नु भयो र हात जोडी दशै दिशामा रहेका तथागतहरूलाई वन्दना गर्नु भयो । त्यस बेला देवताहरूले आकाशवाट मन्दारपुष्प वर्षा गर्नु भयो । सबै प्राणीहरू उपर करूणाचित्त राखी सुसंभव राजाको सामुन्ने सुवर्णप्रभासोत्तम सूत्र व्याख्या गर्नु भयो । त्यस बेला सुसंभव चक्रवर्ती राजाले यो सद्धर्मलाई पूजा गरी चिन्तामणि रत्न हातमा लिई जगतसत्वको हित गर्नुको निमित्त यस्तो प्रार्थना गर्नु भयो– आज यो सूत्रको पूजा गरेर लाभ भएको पुण्यको प्रभावले जम्बूद्वीपमा हीरा, मोति आदि सप्तरत्न र नाना प्रकारका सुनका गहनाहरू तथा अन्नहरू राम्रा लुगाहरूको वर्षा होस् । जुन वर्षाले गर्दा कोही पनि दु:खी नहोउन् सबै धनाढ्य होस् । खान, लाउन, पावस् भनी प्रणिधान गर्नु भयो । यति प्रणिधान गर्ने वित्तिकै नाना प्रकारका गहनाहरू र अन्नहरू, रत्नहरू, जम्बूद्वीपमा वर्षा हुन थाले । यस पछि राजाले आफ्नो दरवार भित्र वर्षेका रत्नहरू, गहनाहरू, सबै रत्न शिखि तथागतलाई बुद्ध शासन स्थिर होस् भनी दान गर्नु भयो । यसरी श्री भगवान् बुद्धले कुलदेवताहरूलाई सुवर्णप्रभाससूत्रको महिमा सुनाई यस्तो आज्ञा भयो– हे कुलदेवता ! अहिले म शाक्यमुनि तथागत हुँ । परन्तु त्यस बेला म सुसंभव राजा थिएं । जुन सुसंभव राजाले रत्न वर्षा गरेको थियो । आफ्नो श्रीसम्पत्ति दान दिएको थियो । आफूलाई मन परेका कुराहरू पनि दान गर्थें । यसरी दान गर्दा

जगतहित गर्ने बुद्ध बन्न सकूं भनी प्रार्थना गर्थे । त्यस बेलाको रत्नोचय भिक्षु हाल अक्षोभ्य तथागत हुनु हुन्छ । जुन रत्नोचय भिक्षुले राजा सुसंभवलाई सुवर्णप्रभास सूत्र सुनाउन भयो । त्यो एकाग्र गरी काय वाक् चित्तले अनुमोदना गरेको पुण्यले मैले सधैं यस्तो राम्रो शरीर पाएको हुं । धेरै पटक चक्रवर्ती राजा पनि भएको थिएं । ब्रम्हलोकमा पनि धेरै पटक उत्पन्न भएं । यसकारण यो सूत्रको देशना सुन्नु, अनुमोदन गर्नुद्वारा मैले आज बुद्ध भई धर्म काय लाभ गरेको छुं भनी भगवान्‌ले आज्ञा भयो ।

यक्षाश्रयरक्षा परिवर्त :

श्री भगवान् बुद्धले श्री महादेवीलाई सम्बोधन गर्दै यस्तो आज्ञा भयो– हे महादेवी ! कुनै श्रद्धालु कुलपुत्र वा कुलपुत्रीले भूत, भविष्यत्, वर्तमान तीनै कालका बुद्धहरूलाई अचिन्त्य, विपुल पूजा गर्ने इच्छा गर्छ तथा बुध्दहरूको गम्भीर विषयलाई जान्ने इच्छा गर्छ भने विहारमा अरण्यमा वा कुनै एकान्त ठाउँमा सुवर्णप्रभासोत्तमसूत्रको व्याख्यान गर्न लगाउनु तथा श्रद्धापूर्वक सुन्न उचित छ । यो पाठ सुन्नाले लाभ हुने पुण्यस्कन्धलाई पृथ्वीको रजकण, सागरको जलविन्दू उपमा दिए पनि पुग्दैन । साँचै भनूं भने यो पुण्य स्कन्धलाई धर्मधातुमा प्रवेश गरेर धर्मको स्तूप भित्र राख्नु पर्छ । यसरी लाभ भएको पुण्य स्कन्धको प्रभावले उसलाई कुनै प्रकारको दु:ख ग्रह पीडा भूत, प्रेत आदिको पीडा दु:स्वप्न भय आदि हुने छैन । नागराजाले सपनामा यो सूत्रलाई पाठ गर्ने लेख्ने, लेखाउने, जुन विधि बताएको छ त्यही विधिले पूजा भाव गरेमा उनले बुद्ध बोधिसत्व समन्तभद्र, मंजुश्री, मैत्रेय आदिको दर्शन बीच बीचमा पाउने हुन्छ । उसलाई संग्राम भय पनि हुँदैन सर्वत्र जय हुने हुन्छ । यो पाठ गर्ने तथा सुन्ने व्यक्तिलाई इन्द्रादि देवता बज्रपाणी आदि सबैले रक्षा गर्ने हुन्छ । सबै देवताहरू प्रसन्न हुनेछ । श्री देवता तथा वैश्रवण आदि सयौं देव देवताले यक्ष यक्षणीहरूले प्रसन्न भई धर्म व्याख्यान गर्नेलाई र

धर्मश्रवण गर्नेहरूलाई रक्षा गर्ने हुन्छ । यो सूत्र जुन देशमा छ 'सो देशमा सवै प्रकारको फलफूल अन्न आदिले भरपूर हुन्छ । राष्ट्रमा कुनै प्रकारको भय हुने छैन भनी भगवान् शाक्यमुनिले आज्ञा भयो ।

दशदेवपुत्रसहस्रव्याकरण परिवर्त :

श्री भगवान् बुद्धले यस्तो आज्ञा भएको कुरा सुनी वोधिसत्व समुच्चया नामकी कुलदेवताले भगवान् बुद्धसंग यस्तो प्रश्न गर्नु भयो– कुन पुण्य गरेको प्रभावले, के कारणले ज्वलनान्तर तेजोराज आदि दश हजार देवपुत्रहरू अहिले भर्खर त्रायत्रिंशत देवभवनबाट आई हजूरको वचनामृत सुन्न आउनु भएको हो ? रूचिरकेतु वोधिसत्व भविष्यमा सुवर्णरत्नाकरछत्रकूट नामको बुध्द हुनेछ; सो वुध्दको शासन अन्तर्धान भए पछि रूप्यकेतु वोधिसत्व सुवर्ण जम्बूध्वजकाँच नामको तथागत हुनेछ । वहाँको पनि बुद्धशासन क्षिण भइसके पछि रूप्यप्रभ नाम गरेको वोधिसत्व सुवर्णशतरश्मिप्रभासगर्भ नामको तथागत हुनेछ । यी तीनै जनालाई हजूरले अहिले सम्यक् सम्वोधि लाभ हुनेछ भनी व्याकरण गर्नु भयो । तर यी तीन सत्पुरूषहरूले र यी दशहजार देवपुत्रहरूले नत षटपारमिता पूर्ण गरेको देखिन्छ नत अङ्ग प्रत्येङ्ग दान गरेको नै सुनिन्छ । यिनीहरू कसरी बुध्द हुन्छ भनेर हजूरले आज्ञा हुनु भएको हो ? यी कुरा जान्न हामी अत्यन्त उत्सुक छौं ।

वोधिसत्व समुच्चया कुल देवताको यस्तो वचन सुनी श्री भगवान् बुध्दले फेरि आज्ञा भयो– हे कुलदेवता ! ज्वलन्तरतेजोराज प्रमुख दश हजार देवपुत्रहरू त्रायत्रिंशत भुवनबाट धर्म सुन्न आएको कुरा र यी तीन व्यक्तिले बुध्दत्व लाभ गर्ने कुरा सुने पछि सुवर्णप्रभासोत्तमसूत्रप्रति ठूलो आदर, गौरव बढ्ने हुन्छ । यसरी चित्त प्रसन्न भए पछि दश हजार देवपुत्रहरूले कसरी बुध्दत्व लाभ गरे भन्ने कुरा पनि बुझ्ने छौं । यो अब म वर्णन गर्छु ।

व्याधि प्रसमन परिवर्त :

हे वोधिसत्वसमुच्चया कुलदेवता ! परापूर्वकालमा रत्न शिखी नाम तथागत उत्पन्न हुनु भयो । वहाँले बुध्दकार्य गरी निर्वाण भइसके पछि क्रमश: वहाँको सध्दर्म पनि विलीन हुन थाले । त्यस वेला सुरेश्वरप्रभ नामको राजा हुनु भयो । वहाँले धर्मपूर्वक राज्य गर्नु भएको थियो । त्यस वेला सुरेश्वरप्रभको राज्यमा जतिन्धर नामको श्रेष्ठी हुनु हुन्थ्यो वहाँ अष्टाङ्ग आयुर्वेदमा कुशल चिकित्सक हुनु हुन्थ्यो । वहाँको जलवाहन नामको सुन्दर, हृष्ट पुष्ट सवै विद्या एवं शिल्पमा निपुण छोरा थियो । सुरेश्वरप्रभ राजाको राज्यमा त्यस बेला हजारौं हजार मानिसहरू रोगको तीव्र वेदना अनुभव गरिरहेका थिए । ती रोगीहरूको दु:ख देखेर श्रेष्ठी पुत्र जलवाहनको हृदयमा ठूलो करूणाचित्त उत्पन्न भयो र आफ्नू बाबु कुशल वैद्य जातेन्धर कहाँ गएर अनुरोध गर्‍यो– हे पिताज्यू! हजूर वृद्ध हुनु भयो । गाउँ शहर यताउति गएर तपाईले चिकित्सा गर्न जानु हुँदा तपाईलाई तकलीफ हुन्छ । त्यसकारण आयुर्वेदको शिक्षा मलाई पनि दिनु होस् । मैले पनि रोगीहरूको सेवा गर्नेछु । यसरी आफनो छोरा जलवाहनको इच्छा सुनेर उनलाई आयुर्वेदको शिक्षा दिने विचारले उनलाई यस्तो उपदेश दिए– तीन महीना वर्षा, तीन महीना शरद, तीन महीना हेमन्त, तीन महीना ग्रीष्म ऋतु हुन्छ अथवा दुई दुई महीनाको एक ऋतुको हिसावले ६ ऋतुको वर्ष दिन हुन्छ । यसरी ऋतु परिवर्तन हुंदा शरीरमा रहेको रसयुक्त आदि धातुहरू र इन्द्रियहरूमा परिवर्तन आउने हुन्छ । यही परिवर्तनले गर्दा रोग लाग्ने हुन्छ । वर्षा ऋतुमा वात सम्वन्धी शरद ऋतुमा वात सम्बन्धी शरद ऋतुमा पित्त सम्बन्धी रोग तथा हेमन्त ऋतुमा सन्निपात रोग ग्रीष्ममा कफ सम्वन्धी रोग लाग्ने हुन्छ । वर्षा ऋतुमा स्निग्ध, उष्णलवण, अम्ल, रस सेवन गर्नु उचित हुन्छ । शरद ऋतुमा स्निग्ध मधुर शीत वस्तु सेवन गर्नु हित

हुन्छ । हेमन्त ऋतुमा मधुर अम्ल स्निग्ध सेवन गर्नु र ग्रीष्म ऋतुमा रूक्ष, उष्ण, कटुक रस सेवन गर्नु हित हुन्छ । खाने वित्तिकै कफ कुपित हुने, पचन लाग्दा पित्त कुपित हुने, पचि सकेपछि वात कुपित हुने हुन्छ । यी नियमहरू पनि जान्नु पर्छ वायु बृध्दि भएमा वृम्हण गर्नु, पित्त वृध्दि भएमा विरेचन गर्नु कफ वृध्दि भएमा प्रशमन गर्नु, सन्निपातमा तीनै विधि क्रमशः गर्नु उचित हुन्छ । यी महत्वपूर्ण शरीरको सिद्धान्तलाई बुझेर रोग अनुसारको औषधि तथा अन्नपात पथपहरेज गरेमा रोग निको हुन्छ । यो मूल सूत्र सहित आयुर्वेदका सबै विद्या जान्ने भएर जलवाहनले विस्तारै औषधि गर्न थाले । उनले यसरी औषधि गरी आश्वासन दिदा सबै रोगीहरूले प्रसन्न भई स्वास्थ्य लाभ गरे । हे कुलदेवता ! त्यसबेला जलवाहनले धेरै रोगीहरूलाई निको पारेका थिए ।

जलबाहनस्य मत्स्यवैनेय परिवर्त :

हे कुलदेवता ! सुरेश्वरप्रभको राज्यमा जलवाहनले चिकित्सा गरी धेरै मानिसहरू निरोगी भए पछि ती रोगीहरूले दान पुण्य आदि कुशल कर्म गर्दथे । सो जलवाहनको जलाम्वुज गर्भा नामकी भार्या र जलाम्वर र जलगर्भ नामका दुई छोराहरू पनि थिए । ती दुई छोराहरूले पनि क्रमशः ठूला भए पछि बाजे बराजुको काममा लागे । एक दिन जलबाहन जङ्गलको वाटो गरी जानु पर्ने गाउंमा गइरहेको थियो । त्यो जङ्गलमा एउटा कमलको पोखरी थियो । त्यो पोखरीतिर स्याल काग आदि मांस भक्षी प्राणीहरू गइरहेको देखेर त्यहाँ के रहेछ भन्ने जिज्ञासाले त्यो पोखरीमा जाँदा त्यहाँ पानी सुकेकोले दश हजार माछाहरू छटपटिरहेको देख्यो । अनि यत्तिकैमा त्यो पोखरीबाट आधा शरीर निकालेर पुष्करणी देवताले जलवाहनलाई यस्तो आज्ञा भयो– तपाईलाई धेरै साधुवाद छ तपाईको करूणाले यी

माछाहरू बाँच्न सक्छन् । यिनीहरूलाई पानी ल्याई नसुक्ने पारी दिनु भयो भने तपाईको नाम जलबाहन भन्ने सार्थक हुनेछ । यस्तो वचन सुनी करूणा उत्पन्न गरेर पानीको मुहान हेर्न जाँदा उनले त्यो पोखरीको पानी एउटा मार पापीले माछा मार्नको लागि रोकिराखेको थाहा पाए । अनि एक्लैले पानी ल्याउन नसक्ने देखी त्यहाँ रहेका रूखको हाँगाहरू भाँच्दै पोखरीमा छाडिदिए । त्यति गर्दा पनि माछाहरूलाई निक्कै शीतल भयो । अनि जलबाहन त्यहाँबाट शहरमा फर्की सुरेश्वरप्रभ राजाको हजूरमा गई निगाहा भए पानी सुकेर मर्न लागेको माछाहरूलाई बचाउन बीस बटा हात्ती र छालाका सयौं थैलाहरू पाउँ भनी विन्ती गरे । अनि आफ्ना दुई छोराहरू जलाम्वर र जलगर्भलाई पनि साथमा लगी नदीको पानी ती सग्रौं थैलीहरूमा भरी हात्तीलाई बोकाई पोखरीमा खन्याउन लगे । यसरी पानी ल्याएर धेरै माछाहरूको उद्धार गरे ती माछाहरू भने जलवाहन जता गयो उतै आउन थाले । अनि जलवाहनले यिनीहरू अवश्य भोकाएका होलान् भनी माछालाई खुवाउने खाना जलाम्वरलाई आफ्नो घरमा लिन पठाएर माछालाई खुवाए । त्यस वेला जलाम्वरको मनमा यस्तो बिचार आएको थियो–धेरै वर्ष पहिले मलाई एउटा महायानी भिक्षुले आदेश दिएको छ–"रत्न शिखि नाम तथागतको नाम मर्ने वेलामा सुने भने स्वर्ग लोकमा उत्पत्ति हुन्छ । तथा प्रतीत्यसमुत्पादको व्याख्या सुने भने सबै पापबाट मुक्त हुन्छ ।" यसरी यी उपदेश सक्ने वित्तिकै जलाम्बर माछाहरूको अगाडि गई रत्न शिखि तथागतलाई नमस्कार भनी सबैले सुन्ने गरी कराउन थाल्यो ।

अनि जलबाहन श्रेष्ठी पनि घुंडा सम्म पानी आउने पोखरीमा पसी घुँडा सम्म पानी आउने ठाउँमा गई प्रतीत्यसमुत्पादको व्याख्यान सुनायो र आफ्ना छोराहरू सहित घर फर्के । त्यो दिन राती ठूलो शुभनिमित्त प्रादुर्भाव भयो । ती माछाहरू सबै मरेर देवता भई स्वर्गमा उत्पन्न भए । यसरी स्वर्गमा उत्पन्न

भएको देखेर ती दश हजार देवताहरूले हामी कुन पुण्यले देवता भई स्वर्गमा जन्मन पाएको होला भनी विचार गर्दा जलवाहन श्रेष्ठीले प्रतीत्यसमुत्पादधर्म र रत्न शिखि तथागतको नाम सुनाएकोले हो भन्ने थाहा पाए । अनि त्यस पछि ती सबै देवताहरू स्वर्गमा अन्तर्धान भई जलवाहनको घरमा उपस्थित भए । त्यसवेला जलबाहन सुतिरहेको थियो । त्यसकारण ती दश हजार देवपुत्रहरूले दशै हजार मोतिका मालाहरू जलबाहनको शिरमा, दाँया, बाँया हातमा तथा पाउमा पहिराई दिए । तथा आकाशवाट शहर भरी मन्दार पुष्प वर्षा गरी दिव्य दुन्दुभि बजाए । त्यही दुन्दुभिको आवाजले जलवाहन श्रेष्ठी व्यूँझे । अनि आकाशबाट मन्दार पुष्प वर्षेको दिव्य बाझा घन्किरहेको शुभ निमित्त देखेर सारा नगरवासीहरू तथा राजाले आश्चर्य मानेका थिए ।

अनि सुरेश्वरप्रभ राजाले मन्त्रीहरू र भारदारहरूलाई यो शुभ निमित्तको कारण के होला भनी सोद्धा यो शुभनिमित्तको कारण जलबाहन श्रेष्ठी नै हो उनको घरमा चालिस हजार मोतिका मालाहरू वर्षेका छन् भनी विन्ती गरे । अनि जलवाहनलाई बोलाई यो शुभ निमित्त देखिनुको कारण के हो भनी सोध्नु भयो । अनि जलबाहनले यस्तो विन्ती गरे– हे महाराज ! ती दश हजार माछाहरू मरेको हुनु पर्छ । हेर्न पठाइबक्स्योस् । अनि पोखरीमा हेर्न पठाउदा दश हजार माछाहरू सबै मरिसकेका थिए । अनि जलबाहनले राजालाई विन्ती गरे–ती दश हजार माछाहरू मरेर देबलोकमा उत्पन्न भएको हुनु पर्छ र ती देवताहरूले नै यी मोतिका माला र मन्दरा पुष्प वर्षाए होलान् । यस्तो वचन सुनी राजा अत्यन्त प्रसन्न भए ।

अनि श्री भगवान् वुद्धले बोधिसत्व समुच्चया कुलदेवतालाई यस्तो आज्ञा भयो– हे कुलदेवता ! त्यस वेलाका सुरेश्वरप्रभ राजा हालका दण्डपाणी शाक्य हुनु हुन्छ । त्यस वेलाका जटिन्धर शुद्धोदन महाराज हुनु हुन्छ । जलबाहन श्रेष्ठी म हुं । अनि

जलवाहनकी धर्मपत्नी जलाम्बूजगर्भा हालको गोपा शाक्य कन्या नै हुन् त्यस बेलाका जलाम्वर हालको राहुल भद्र नै हुन् अनि जलगर्भ आनन्द नै हुन् । अनि म कहाँ दर्शन गर्न आएका यी दश हजार ज्वलनान्तरतेजो राज नाम गरेका देवपुत्रहरू त्यस वेलाका माछाहरू नै हुन् जसलाई मैले पानी ल्याई खाना खुवाई रत्न शिखि तथागतको नाम र प्रतीत्यसमुत्पादनको धर्म सुनाएको थिएँ । यही कारणले यी देवताहरू म कहाँ आएका हुन् र मैले पनि यिनीहरूलाई भविष्यमा बुद्ध हुनेछौ भनी व्याकरण (भविष्यवाणी) गरेको हो । हे कुलदेवता ! त्यस बेला तिमी वृक्ष देवता थियौ । जुनवृक्षको हाँगा काटेर मैले पोखरीमा फिजाई माछाहरूलाई शीतल पारेको थिएँ । मैले एत्र रितले धेरै प्राणीको उपकार गर्दै आएको छुं ।

व्याघ्रो परिवर्तः

हे बोधिसत्व समुच्चया कुलदेवता परहित गर्न जीवन त्याग गरेको उदाहरणहरू धेरै पाइन्छन् । म वोधिसत्व छँदा पनि मैले धेरै परोपकार गरेको छुं । ती कुरा बताउंछु सुन– एकदिन भिक्षुहरू संग पाँचाल देशमा जनपद चारिका (यात्रा) गरिरहेको बेला एउटा वनमा पुगेको थिएँ । त्यहाँ मैले आनन्दलाई बोलाएर हे आनन्द ! यो ठाउँ अत्यन्त रमाइलो छ, यो ठाउँको केही कुरा म बताउन चाहन्छु यहाँ विछ्यौना लगाऊ भनी हामो सवै त्यहाँ बसें । अनि मैले भिक्षुहरूलाई बोलाएर हे भिक्षुहरू हो ! तिमीहरू बोधिसत्वको शरीर हेर्न चाहन्छौ भनी सोद्धा सवैले हामी चाहन्छौं भनी जवाफ दिए । यिनीहरूको यस्तो प्रार्थना सुनी भगवान्ले भूइँमा हातले थाप मार्नु भयो र त्यस बेला त्यो ठाउँमा एउटा स्तूप उत्पन्न भयो र भगवान्ले यो स्तूप भट्काउ भनी आज्ञा भयो । अनि आनन्दले त्यो स्तूप भट्काउंदा सात वटा सुनको वट्टा भेटायो अनि भगवान्‌को आज्ञा अनुसार त्यो वट्टा खोल्दा वट्टा भित्र सेता हाडका टुक्राहरू देखिए । ती टुक्राहरू भगवान्ले लिनु भयो र भन्नु भयो– यो हाड अति उत्साहवान्

धैर्ययुक्त वोधिसत्वको अस्थि हो । यसलाई दर्शन गर्नु परम दुर्लभ छ भन्दै भगवान्ले त्यो अस्थिलाई नमस्कार गर्नु भयो । अनि आनन्दले भगवान्लाई सोधे– हजूरलाई सबैले नमस्कार गरेको हामीले देखेका छौ तर भगवान्ले कसैलाई वन्दना गरेको हामीले देखेका छैनौं । हजूरले यो अस्थिलाई किन वन्दना गर्नु भयो ।

यसको उत्तरमा भगवान्ले भन्नु भयो– हे आनन्द ! परापूर्व कालमा महारथ नामको राजा हुनु हुन्थ्यो । वहाँको अत्यन्त सुन्दर देवपुत्र जस्ता महाप्रणाद, महादेव र महासत्व नाम गरेका तीन वटा छोराहरू थिए । ती राजकुमारहरू आफ्नो बाबु महारथ राजासग वनमा डुल्न गए । डुल्दाडुल्दा ती कुमारहरू घोर वनमा पुगे त्यहाँ वन्य जन्तुहरूको आवाज आउन थाले । त्यस बेला महादेवले यो ठाउं डरलाग्दो छ, अवश्य पनि यहाँ वाघ भालु हुनुपर्छ भनेर सवैलाई सतर्क पारे । तर ती राजकुमारहरू घुम्दा घुम्दै जाँदा हलचलै गर्न नसक्ने पाँच वटा डमरूहरूले घेरिएकी बघिनीको अगाडि पुगे । अनि त्यो बघिनीको यस्तो अवस्थादेखि अवश्य केही खान नपाएर यिनी यसरी कमजोड भएको होला भनेर आ–आफ्नो विचार व्यक्त गरे । केही गरी यिनीले खान पाएन भने आफ्नो वच्चा पनि खानेछिन् भनी महाप्रणादले भनेको सुनेर महासत्वले मेरो मासु खुवाएर भए पनि बचाउनु पर्छ भनी ठूलो करूणा उत्पन्न गर्‍यो र आफ्नू शरीर त्याग गरी परोपकार गर्ने सितिमिति पाउँदैन यी दाजुहरूलाई छली यो शरीर दान गरेर बुद्धत्व लाभ गर्नै पर्छ भनेर दृढ निश्चय गर्‍यो । अनि महासत्वले आफ्नो दाजुहरूलाई अन्तै छली बघिनीको अगाडि गई जगत हित गर्न यो शरीर तिमीलाई दान गर्दैछु यो पुण्यले जगतहित गर्न म बुद्ध बन्न सकूं भनी प्रार्थना गरे । तर बघिनी ज्यादै दुर्बल भएको हुनाले महासत्वलाई उनीले झम्टन सकेन । शस्त्र खोज्दा शस्त्र पनि नपाएकोले पुरानो वाँसको टुक्राले आफ्नो मासु काटी बघिनीलाई खुवायो । त्यस

वेला पृथ्वी कम्पमान भयो । सूर्य पनि धमिलीन थाले । आकाशबाट सुगन्ध मिश्रित पुष्प वर्षा पनि हुन थाले । देवताहरूले आकाशबाट बोधिसत्वको प्रशंसा गरी ठूलो स्तुति गरे ।

अनि वघिनीले क्रमशः बोधिसत्वको शरीरलाई हेर्दा हेर्दै हाड मात्र बाँकी भएको पारिदियो । त्यस बेलाको भूकम्पलाई देखेर महाप्रणाद र महादेवले यो भूकम्प अति महत्वपूर्णको हुनु पर्छ शायद हाम्रा अति दयालु भाई महासत्वले आफ्नो शरीर बघिनीलाई दान गरेको हुनु पर्छ । यति बिचार गरी आकुल व्याकुल भई खोज्दै जाँदा बाघको नजीकै बाँसको टुक्रा र रगतले मुछिएका लुगा र हाडहरू यत्रतत्र छरिएको पाए । अनि हाम्रा भाई अवश्य परलोक भयो भनी शोक विह्वल भए । त्यसबेला यता दरवारमा महासत्वको मुमा निदाउनु हुँदा आफ्नू दुइवटा स्तन काटियो, दाँत झर्‍यो, तीन वटा परेवाको बच्चाहरूलाई बाझले लखेटेर लग्यो भन्ने सपना देखिन् । यस्तो सपना देखेर ब्युँझदा अवश्य नराम्रो सपना हो मैले के दुःख भोग्नु पर्ने हो भनी रूँदै कराउँदै राजालाई विन्ती गरिन् । राजाले पनि रानीलाई आश्वासन दिई राजकुमारहरू खोज्न पठाए । त्यस वेला राजाले महाप्रणाद र महादेवलाई त्यतैतिर आइरहेको देख्नु भयो । परन्तु महासत्वलाई नदेख्दा राजाको मनमा पनि दुःख हुन थाल्यो । अनि छोराहरूलाई सोद्धा भाइसित वियोग भएको कुरा व्यक्त गर्न नसकी केवल रोइरहे । पछि महासत्वको सवै वृतान्त सुनेर सबै राजपरिवारहरू महासत्वको महाकरूणा चित्तलाई सम्झदै रूदै कराउँदै वहाँको हाड भएको ठाउंमा पुगे । राजा र महारानीले धेरै विलाप गरे । यसरी बिलाप गरी सके पछि आफ्नो छोराको अस्थिलाई पूजा गरी चैत्य वनाई सुनको वट्टामा चैत्य स्थापना गरेका थिए ।

यति आज्ञा भई सकेपछि भगवान् बुद्धले आनन्द आदि सबैलाई सम्बोधन गर्दै फेरि यस्तो आज्ञा भयो–हे आनन्द ! महासत्व राजकुमार अरू होइन मै हुँ । एउटा प्राणीको निमित्त पनि धेरै कल्प सम्म जीवन बिताएंको कुरा स्मरण गर्दै गाथाद्वारा

पनि यही कुरा दोहऱ्याउनु भयो । त्यस बेलाको महारथ राजा शुद्धोदन महाराज नै थिए । महारानी मायादेवी नै थिइन्, महाप्रणाद मत्रय बोधिसत्व थियो । महादेव मञ्जुश्री बोधिसत्व, बाघिनो महाप्रजापति र यी पाँचवटा बघिनीका डमरूहरू यी पच भद्रवर्गीय भिक्षुहरू नै थिए । अगाडिको यो स्तूप त्यही स्तूप हो भनी भगवान् बुद्धले आफ्नो पूर्वजन्मका कुराहरू आज्ञा हुनु भयो र त्यस पछि त्यो स्तूप सोही ठाउँमा अन्तर्धान भयो ।

सर्व तथागत स्तव परिवर्तः

अनि त्यो सभामा उपस्थित भएका अनेकौं बोधिसत्वहरू सुवर्णरत्नाकर छत्रकूट तथागत कहाँ गई पाउमा वन्दना गरी गाथाद्वारा स्तुति गर्दै विन्ती गरे– हजूर सुवर्ण वर्णको हुनु हुन्छ, मुलक्षण भूषित हुनु हुन्छ, अनेक व्यंजनले शोभायमान हुनु हुन्छ, ब्रह्म स्वरले बोल्नु हुन्छ, हजूरका तेजले समस्त प्राणीहरूलाई हित सुख दिनु हुन्छ, मैत्रीको बलले सबैलाई कल्याण गर्नु हुन्छ ।

अनि रूचिरकेतु बोधिसत्वले पनि आसनबाट उठेर घूंडा टेको विन्ती गर्दै गाथाद्वारा यस्तो स्तुति गरे– हजूरको शरीरमा जुन शुभलक्षणहरू विद्यमान छन् ती सबै हजूरका पुण्यको प्रभावले नै उत्पन्न भएका हुन् । हजूरको शोभाको वर्णन न त मणिरत्न संग दाज्न सकिन्छ न त चन्द्र सूर्यको उपमा दिन सकिन्छ, हजूरको वर्ण अपूर्वको छ । हजूरलाई देख्दा सवैको हृदय आनन्दले आह्लादित हुन्छ । हजूरको शरीरमा रहेका सबै कुराहरू अत्यन्त सौन्दर्यपूर्ण छन् । हजूरको दाँतको शोभा आकाशमा उडेर आएका राजहंसको पंक्ति जस्तै सुन्दर छन् ।

निगम परिवर्तः

अनि बोधिसत्वसमुच्चया नामको कुलदेववाले पनि प्रसन्न भई गाथाद्वारा भगवान् शाक्यमुनि तथागतको स्तुति गर्नु भयो– विशुद्ध बोधि भएको, विशुद्ध धर्मको प्रतिभा भएको, सद्धर्मले

बुद्धि शोभायमान भएको, भवाग्र सम्म शून्यता भावना गर्ने बुद्धलाई मेरो नमस्कार हजूरको उत्पत्ति उदम्वर पुष्प जस्तै दुर्लभ छ, हजुरको करूणाले शाक्यकुललाई उज्ज्वल पार्नु भएका छ । हजूरले यो सुवर्णप्रभासोत्तमसूत्रको वर्णन गरी जगतसत्व प्राणीलाई हित गर्नु भएको छ । यसरी हजूर शाक्यकुलमा उत्पन्न हुनु भए तापनि हजूर शून्य हुनु हुन्छ । स्वभावैले सवै वस्तुहरू र प्राणीहरू पनि शून्य नै छन् । त्यसो भए तापनि म बुद्धलाई नित्य सम्झन्छु । दर्शन पाउनुको निमित्त आकुल हुन्छु, नित्य दर्शन पाउन सकूं भनी प्रणिधान गर्छु । हज़ूरलाई दर्शन गर्ने मेरो ठूलो तृष्णा छ किनभने म संधै शोकाग्निले डढेको छुं । हजुरको दर्शन रूपी शीतल पानीले ठण्डा हुन चाहन्छुं । हजूरको करूणा रूपी पानीले आनन्दित हुन चाहन्छुं मलाई दया गरी सधै दर्शन दिनु हुन्छ । हुनत हजूरको शरीर शून्य होला किनभने हजूरले सबै वस्तु तथः आफू समेतलाई आकाश समान, माया (इन्द्रजाल) समान, मृग तृष्णाको पानी समान, पानीमा देखिएको प्रतिविम्ब समान तथा स्वप्ना समान शून्य छ भनी आज्ञा हुनु भएको छ ।

अनि भगवान् शाक्यमुनि आसनवाट उठनु भई ब्रम्ह स्वरले बोधिसत्व समुच्चया कुलदेवतालाई साधु साधु भनी धन्यवाद दिनु भयो । भगवान् बुद्धको यस्तो धर्मदेशना सुनेर अत्यन्त प्रसन्न भएका वोधिसत्व समुच्चया कुलदेवता, सरस्वती, महादेवी आदि सवै देवमनुष्यहरू भगवान्को वचनलाई गौरव मानी आनन्द मनाए ।

–समाप्त–

नारायणी अञ्चल, जिल्ला पर्साको वीरगञ्जमा भिक्षुवाको थुम्कोमा स्थापित

(हसना मैयाँको स्मृतिमा)

शिलापत्रको प्रतिलिपि

"नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

श्रीमती हसना मैयाँ श्रेष्ठ वि. सं. २०४४ साल आश्विन ९ गते तृतीयाको दिन दिवंगत हुनुभएकोले उहाँका श्रीमान् भक्तिदास श्रेष्ठ र समस्त परिवारको धर्मचित्त उत्पन्न भई उहाँका पुण्य स्मृतिमा ना० अ० वीरगञ्जको भिस्वाको अशोक चैत्यमा पूर्वाभिमुखी भूस्पर्श मुद्राको अक्षोभ्य तथागतको ७ फिट अग्लो प्रस्तर मूर्ति २०४६ साल ज्येष्ठ ७ गते वैशाख पूर्णिमाको दिन विधिपूर्वक स्थापना गरिएको हो । उहाँलाई जन्म र मृत्युको जञ्जालबाट यथाशीघ्र मुक्ति मिलोस् भनी कामना गर्ने उहाँका परिवारका सदस्यहरू–

श्री भक्तिदास श्रेष्ठ, छोराहरू किरणदास श्रेष्ठ, दीपक दास श्रेष्ठ, प्रदीप दास श्रेष्ठ, छोरीहरू श्रीमती सजनी श्रेष्ठ, श्रीमती रोहिणी श्रेष्ठ, श्रीमती सलोनी श्रेष्ठ, श्रीमती चाँदनी श्रेष्ठ ।

दिवंगत श्रीमती हसना मैयाँप्रति हार्दिक श्रद्धाञ्जलि चढाउने सम्पूर्ण नाति नातिनीहरू– (१) सुबोध दास मास्के (२) सुहृद्दास श्रेष्ठ (३) सुमेघ दास श्रेष्ठ (४) प्रज्ञारश्मि श्रेष्ठ (५) शोभनदास श्रेष्ठ (६) जीना श्रेष्ठ (७) रोहित मास्के (८) निरज मास्के (९) पिन्की मास्के (१०) उज्ज्वल दास श्रेष्ठ (११) उद्दीप दास श्रेष्ठ (१२) अनीशा श्रेष्ठ (१३) अनोमा श्रेष्ठ ।

नेपाल संवत् ११०९ ईस्वी सन् १९८९

शुद्धिपत्र

प्रस्तुत पुस्तक अनेक कारणवश मुद्राराक्षसको पञ्जाबाट मुक्त हुन सकेन । यसका लागि पुस्तकका विद्वान प्रणेतासंग हामी क्षमा याचना गर्दछौं, साथै सहृदय विज्ञ पाठकवर्गसंग पनि पुस्तक सच्याएर पढिदिनुहुनका लागि सविनय अनुरोध गर्दछौं । – बोधि प्रकाशन केन्द्र

(१) अकार, आकार, चन्द्रविन्दु, शिरविन्दु, इकार, उकार, रेफ, चिन्हहरू पुस्तक छाप्दाछाप्दै उछिट्टिन पुगेकोले ठाउँ ठाउँमा अस्पष्ट हुन गएको छ, जस्तो –

पृष्ठ	भैरहेको	हुनुपर्ने	पृष्ठ	भैरहेको	हुनुपर्ने
१.	अष्टसहस्त्रिका	अष्टसाहस्त्रिका	१६.	गन छं	गर्नुपर्छ
३४.	कम लाई	कर्मलाई	५६.	हुछ	हुन्छ
७१.	निविकल्प	निर्विकल्प			इत्यादि०

(२) दन्त्य 'स' र तालव्य 'श' मा उल्टो हुन गएको छ, जस्तो –

पृष्ठ	भैरहेको	हुनुपर्ने	पृष्ठ	भैरहेको	हुनुपर्ने
२.	आशक्त	आसक्त	६.	अनाशक्त	अनासक्त
३६.	आशक्ति	आसक्ति	७८.	अनुशरण	अनुसरण
८२.	आशन	आसन	२३१.	असिती	अशीति
					इत्यादि०

(३) ह्रस्व र दीर्घ फरक पर्न गएको छ, जस्तो –

पृष्ठ	भैरहेको	हुनुपर्ने	पृष्ठ	भैरहेको	हुनुपर्ने
३.	गृहित	गृहीत	५३.	मैत्रिचित्त	मैत्रीचित्त
६१.	अग्नीदाह	अग्निदाह	८९.	तिमीर	तिमिर
१०२.	प्रिती	प्रीति			इत्यादि०

(४) अन्य शुद्धाशुद्धिको विवरण यस प्रकार छ –

पृष्ठ	भैरहेको	हुनुपर्ने	पृष्ठ	भैरहेको	हुनुपर्ने
१.	भन्न	भन्ने	२.	अववादान-	अववादानु-
२.	न त आस्थित	न त स्थित		शासन	शासन
६.	सत्य	सत्व	६.	तिर्विकल्प	निर्विकल्प
७.	मैत्रायणीप्रपुत्रहो	मैत्रायणीपुत्रले	७.	गर्न	गर्ने नै
७.	रूपादितथमा	रूपादितथता	७.	सर्वज्ञता	सर्वज्ञता-
७.	अनिश्चत	अनिश्चित		निश्चित	निश्चित

पृष्ठ	भैरहेको	हुनुपर्ने	पृष्ठ	भैरहेको	हुनुपर्ने
१६.	गन छं	गर्नु पर्छ	१६.	अगवान्	भगवान
२०.	परित्राभ	परित्ताभ	२४.	दढी	बढी
२५.	बोधिसत्व-	बोधिसत्व-	३०.	आवद्ध	अवद्ध
	थानमा	यानमा	३६.	हुन्छ	हुनु हुन्छ
३७.	मुक्ता	मुक्त	३७.	अससतिक्रान्त	असमतिक्रान्त
३७.	भिन्नी	भिन्नै	४२.	लेक्नु	लेखनु
४४.	उन्मिश्रृत	उन्मिञ्जित	४६.	निवारण	शंका निवारण
४७	काठा	काठ	५०.	अनपलम्भ	अनुपलम्भ
५०.	गएको	नगएको	५०.	तथ	तथता
५१.	फर्कन	फर्कन सकेन	५२.	वस्तु	वस्तुबाट
५४.	देवदैन	देख्दैन	५४.	कौद्धत्य	कौकृत्य
५८.	सस्वान	संस्काम	५९.	भनिष्यमा	भविष्यमा
६४.	तीक्षा	तीक्षण	६९.	दीशील्य	दौशील्य
६९.	कौसिध	कौसिध्य	"	शन्तर्भाव	अन्तर्भाव
७०.	चित्रले	चित्तले	७०.	चित्रले	चित्तले
७६.	निश्रेष्टा	निश्चिष्टा	८०.	आऊ	जाऊ
८०.	प्रानालोक	ज्ञानालोक	८१.	धर्मभाजकको	धर्मभाणकको
८२.	सदाप्रदितले	सदाप्ररुदितले	८२.	भित्र	मित्र
"	भन्तर्धान	अन्तर्धान	"	यति	यदि
८५.	हुने	हुनु	८५.	मन्दाख	मन्दारव
८६.	उनी	उति	८७.	मन्दाख	मन्दारव
८७.	भन्यो	भयो	९२.	ससख्य	असंख्य
९२.	सतन्तभद्र	समन्तभद्र	९३.	धर्नधातुको	धर्मधातुको
९५.	महारूणाले	महाकरूणाले	९७.	चीताराको	चौताराको
१००.	गरेको	गर्नुको	१०२.	लंकाथप	लंकापथ
१०४.	पका	परेका	१०४.	जति न	जति पनि
"	अमोघविक्रम-	अमोघविक्रम-	१०६.	पर्ने	पार्ने
	पर्यवषाढा	पर्यवसान	१०७.	सभाधिको	समाधिको
१०७.	बधिमण्डपमा	बोधिमण्डपमा	१०८.	लणक्षरूचिर	लक्षणरूचिर
११५.	घार	धार	११९.	सर्वधर्मधान-	सर्वधर्मज्ञान-
१२१.	मनकोशसंभव-	मनकोशसंभव-		शिलपाभिज्ञा	शिल्पाभिज्ञा
	पुण्य	विमोक्ष	१२१	लोभ	लाभ

पृष्ठ	भैरहेको	हुनुपर्ने	पृष्ठ	भैरहेको	हुनुपर्ने
१२३.	अतुलरूपले	अटूटरूपले	१२३.	प्रविधान	प्रणिधान
१२४.	छरा	छुरा	१२५.	व्यवहान्	व्यवहार
१२६.	सुप्रभ	सुप्रभनगरको	१२७.	सद्धमगंज	सद्धर्मगंज
१२७.	गनाउंछ	बनाउंछ	१२८.	अचल	अचला
१२९.	तेनोद्धता	तेनोद्‌गता		उपासिका	उपासिका
"	सवज्ञता	सर्वज्ञता	१३१	परमाण	परमाणु
१३१.	दुर्योधज्ञानगर्भ	दुर्योधज्ञानगर्भ	१३२.	समन्तमुखव्यभ	समन्तमुखव्यूह
	बोधिसत्वको	बोधिसत्ववि		चारणालोक	चारणालोक
		मोक्षमुखको	१३४.	भन्न	भन्ने
१३४.	क्लश	क्लेश	"	बर	बैर
१३५.	जान्छु	जान्दछु	१३७.	गरिनेछ	गरिदिनेछ
१३८.	प्रमोधन	प्रमोदन	१३८.	स्वचित्रकोपावर्त	स्वचित्तकोपार्वत
"	पूजमिघद्वारा	पूजामेघद्वारा	१४१.	बन्दना गरे	बन्दना गरी स-
१४२.	पर्वंतकोश्चिम-	पर्वतको पश्चिम			द्धर्मचर्या सुन्न
	तिर	तिर			पाउँ भनी बिन्ति
"	पोटकल	पोतलक			गरे
१४३.	अनन्यबोधिसत्व	अनन्यगामी-	१४४.	वीयवान्	वीर्यवान्
		बोधिसत्व	१४५.	उद्धार	उद्धार गर्न
१४५.	उषयोगी	उपयोगी	"	कीरण	कीरन्
१४६.	परमाण	परमाणु	१४७.	अष्टाई	अस्ताई
१४७.	बुद्धिक	बुद्धिका	१४८.	मत्रा	मैत्री
१४८.	कुलपुत्र	अकुशल	'	आत्मालाई	अनात्मालाई
१४९.	सुविशुद्ध-	सुविशुद्ध-	१५२.	आतप	अतप
	चन्द्रामा	चन्द्राभा	१५३.	अष्टाई	अस्ताई
१५५.	बर्ष	गर्न	१५७.	वोधिसत्व	बोधिचित्त
१५८.	अपुलप्रीति-	अविपुलप्रीति-	१५८.	पर्छ ?	भयो ?
	वेगसंभवचि-	वेगसंभवचित्त-	१६१.	मोज्ञरूतगम्भीर	मनोज्ञरूतगम्भीर
	त्तक्षणब्यूह	क्षणब्यूह	१६२.	यरी	यसरी
१६३.	समन्तादाभि-	समन्तदिग-	१६४.	अविष्यमा	भबिष्यमा
	मुखद्वारध्वज-	भिमुखद्वार-	१६६.	अविवर्त्य	अविनिवर्त्य
	ब्यूह	ध्वजब्यूह	१७०.	बुम्बिनिवनमा	लुम्बिनीवनमा
१७१.	समालि	समाधि	१७२.	भाग	भाव
१७८.	ध्वजग्रवती	ध्वजाग्रवती	१७८.	विमलध्वजले	बिमलध्वज

पृष्ठ	भैरहेको	हुनुपर्ने	पृष्ठ	भैरहेको	हुनुपर्ने
१८४.	चित्र	चित्त	१८५.	उद्धार	उदान
१८५.	सुनेता	शून्यता	"	उडाउनु	उदाउनु
१९१.	पूजाहरू समान	पूजाहरू गर्नुभयो सोही समान	१९३	प्रणिधान	प्रणिधान गरी
			१९६.	पाउने	पाउंन्
			१९७.	उत्तम	उत्पन्न
१९७.	जान्न	जान्ने	२०१.	देला	बेला
२०२.	उद्धार	उदार	२०६.	शास्त्र	शस्त्र
२०७.	लाभ	लोम	२०९.	वज्रसत्वहरूलाई	बोधिसत्वहरूलाई
२१२	बुद्धले गरेको	बुद्धले प्रशंसा गरेको	२१३.	पाप्प	पापा
२१४.	पुम्य	पुण्य	२१४.	धम	धर्म
२१६.	कृया	क्रिया	२२१.	वर्षदमा	परिषदमा
२२३.	प्रतिमान	प्रतिभान	२२५.	उर्वाकोशवाट	उर्णाकोशवाट
२२६.	गरे	गरेको	२२८.	दाग	नाग
२२८.	अनुमानले	अनुभावले	२३१.	कष्ठ	कण्ठ
२३१.	बढेको	गरेको	२३२.	आउने	आउने गरे
२४०.	यदि भयो	यदि झगडा भयो	२४१.	ज्ञान्ति	क्षान्ति
२४२.	रहित	सहित	२४३.	अनितथावादी	अवितथवादी
२४६.	यस	सय	२४७.	समाधिपरिवर्त	समाधिमुखपरिवर्त
२४७.	अकष्मष	अकलमष	२५२.	पंचशील	पंचशिख
२५६.	अपृश्य	अस्पृश्य	२५७.	नय प्रहाण गर्नेहुन्छ	नय हुन्छ
२५९.	तीन रातमा	रातमा	२६१.	दशानुशंसा	क्षान्तिदशानुशसा
२६२.	प्रज्ञापारमिता	प्रज्ञापारमितामा	२६७	चाहले	चाहनेले
२६९.	सश्चार	सच्चा	२६९.	वनाउन	बजाउन
२७०.	उद्धार	उदार	२७०.	पुण्य	पुष्प
२७१.	पऱ्यो	पाऱ्यो	२७२.	सून्नर्मिद	सूत्रर्मिद
२७३.	ज्यादै	ज्यानै	२७५.	पसपरेण	परस्परेण
२७५.	बहुश्रुतल	बहुश्रुतता	२७८.	उपोबध	उपोषध
२८१.	माखड	मारव	२८२.	सप्तभिशद्	सप्तत्रिशद्
२८४.	आवेणिश	आवेणिक	२८४.	यस	यसो
२८४.	तिथ्यादृष्टि	मिथ्यादृष्टि	२८७.	बुद्धहरू	बुद्धहरूले
२८८.	व्यूंझने	व्यूंझेको	२८८.	रावणला	रावणलाई फेरि
"	आफ्न	आफ्नै	२९२.	परमाणले	परमाणुले

पृष्ठ	भैरहेको	हुनुपर्ने	पृष्ठ	भैरहेको	हुनुपर्ने
२९२.	सुतभूम्यनु-	सुतभूम्यनु-	२९३.	निर्माण	निर्वाण
	मनगोचर	क्रमणगोचर	२९४.	चर्दुविज्ञान	चक्षुर्दिज्ञान
२९६.	चित्त	चित्र	२९ .	चित्त	चित्र
"	स्वनिध्रा	स्वप्रणिधा	२९९.	आरूण्य	आरूप्य
२९९.	वर्गहरूको	वर्णहरूको	३०३.	स्वप्नत्यत्मार्य	स्वप्रत्यात्मार्य
३०४.	स्वप्नमा	स्वप्नको र	३०८.	ऊकार	हकार
		आलात	३०८.	अध्याकृत	अव्याकृत
३१०.	इति द्वितीय	अनित्यतर	३१३.	बुझमा	बुझेमा
	परिवर्त:	परिवर्त:	३१३.	अपचव	अपचय
३१८.	भूत्रे	सूत्रे	३१८.	अकृत	कृतक
३१९.	स्रहालोक	सहालोक	३१९.	परिणाय	परिणायक
३२०.	अनन्यथा	अन्यथा	३२१.	विनबृत्तलाई	विनिवृत्तिलाई
३२१.	सकला	संकला	३२१.	नेविलभ्यते	नैवलभ्यते
"	बोध	लाभ	३२२.	लक्षमा	क्षणमा
३२६	परिशुभ	परिशुद्ध	३२८.	श्रोतवज्ञान	श्रोतविज्ञान
३२९.	भन्न	भन्ने	३२९.	नर्माणिक	नैर्माविक
३३३.	(आलय-	(आलय-	३३६.	तथातां	तथतां
	विचार)	विज्ञान)	३३९.	पाँचवशलाई	पाँचवस्तुलाई
३३९.	विमति	विमति-	३४०.	अनुपाविशेप	अनुपाधिशेष
	समुद्धाति	समुद्धाटी	३४१.	शुष्कतर्फवाट	शुष्कतर्कबाट
३४४.	भयो	भयौं	३४५.	वदाई	चढाई
३४५.	भएका	भएको यो	३५३.	समासमा	सम समा:
३५३.	याकरण	व्याकरण	३६३.	चित्र	चित्त
३६६.	आशा	आज्ञा	३६७.	सक्नु	सत्व
३६८.	ता	ती	३७२.	सवेयम्	भवेयम्
३७३.	चित्त्	क्षेत्र	३७९.	अस्वस्थ	अश्वरथ
३८०.	भिक्षणा	भिक्षुणी	३८१.	पट	पल्ट
३८५.	महाद्वीप	महादीप	३९२.	विकुर्पन	विकुर्वन
३९२.	शुभव्यूहरा-	शुभव्यूंहरा-	३९३.	शुभयूह	शुभव्यूह
	जपूर्वयाग	पूर्वयोग	३९५.	सिंहनाथ	सिंहनाद
३९५.	शालिन्द्र	शालेन्द्र	३९६.	चान	चारँ
३९७.	समन्तभद्रले	समन्तभद्र-	३९९.	भंग	भग
		लाई	४०३.	चक्र रत्न	चक्र, नवशुक महा-
४०४.	सर्वविवरण	सर्वनिवरण			वज्रं, रत्न

पृष्ठ	भैरहेको	हुनुपर्ने	पृष्ठ	भैरहेको	हुनुपर्ने
४०५.	हुने	छुने	४०९.	तय	नय
४११.	चित्ताख्य	चित्ताख्यं	४११.	क्षेयँ	क्षेत्रँ
४१५.	द्वादशपतन	द्वादशायतन	४२१.	तिमी हुनेछौ	तिमी बुद्ध हुनेछौ
४२२.	राजगुहमा	राजगृहमा	४२२.	मृगदान	मृगदाव
४२३.	बोधिसत्वले	वोधिसत्वको	४२५.	उपोषद	उपोषध
४२५.	आज्ञालाई	आज्ञाले	”	तस्सनु	तम्सनु
”	मुखलाई	सुखलाई	४३२.	नेरविकानाम्	नैरभिकानाम्
४३२.	वर्षविष्यामि	वर्षयिष्यामि	४३२.	कन्यक	कन्थक
४३३.	अमित	असित	४३३.	आवर्णपरित्रर्तो	आभरणपरिवर्तो
४३६.	राजप्रथम	राजकुमारले	४३८.	छोराहरू	छोरीहरू
		प्रथम	४४०.	शोपा	गोषा
४४०.	स्थमा	रथमा	४४१.	शब्दवेद	शब्दवेध
४४१.	पनि मिसाए	पनि गुणले भू-	४४२.	अरू	वरू
		षित छिन् अतः	४४७.	सात्विक	पाञ्चिक
		घ्यूमा घ्यू मिसाए	४४८.	क्रोध	कोड्य
४४६.	चुठ्ठालाई	चूडालाई	४४९.	मृम्डन	मुण्डन
”	माग्यो	मान्यो	४५०.	आवरण	आभरण
४५०.	समय	समयमा	”	फालामसंग	कालामसंग
४५३.	आस्थानक	आस्फानक	४५३.	अभिज्ञान	अज्ञान
”	”	”	४५४.	सेनाल	सेनाले
४५४.	छ	छु	”	सुजातल	सुजाताले
४५७.	भन्न	भने	४५९.	पुष्य	पुण्य
४६२.	कंदुवा	चंदुवा	४६५.	निरापराधेस्वपि	निरापराधेष्बप
४६६.	अरूण	अरूप	४६९.	बद्धको	बुद्धको
४६९.	सेवन	सेचन	४७०.	आशा	आज्ञा
४७१.	विहाएको	विहार गरेको	४७१.	अव्यावन्ध्यं	अव्यावाधं
४७२.	गारूहरूले	गोरूहरूले	४७३.	भगवान् आई	भगवान् कहाँ आई
४८०.	या	यो	४८१.	फलपिंक	कलविंक
४८९.	ससय	समय	४८९.	सकूं	सकून्
४९४.	स्पुति	स्तुति	४९४.	शुभिक्ष	सुभिक्ष
५००.	होम्	होस्	५०३.	रसयुक्त	रसरक्त
५०६.	मन्दरा	मन्दार	५१०.	मत्रय	मैत्रेय

"Wherever the Buddha's teachings have been received, either in cities or countrysides, people would gain inconceivable benefits. The land and people would be enveloped in peace. The sun and moon will shine clear and bright. Wind and rain would appear accordingly, and there will be no disasters. Nations would be prosperous and there would be no use for soldiers or weapons. People would abide by morality and accord with laws. They would be courteous and humble, and everyone would be content without injustices. There would be no thefts or violence. The strong would not dominate the weak and everyone would be settled at their proper place in society."

☸ *The Sutra of Amitabha's Purity, Equality, and Understanding*

With bad advisors forever left behind,
From paths of evil he departs for eternity,
Soon to see the Buddha of Limitless Light
And perfect Samantabhadra's Supreme Vows.

The supreme and endless blessings
of Samantabhadra's deeds,
I now universally transfer.
May every living being, drowning and adrift,
Soon return to the Land of
Limitless Light!

The Vows of Samantabhadra

I vow that when my life approaches its end,
All obstructions will be swept away;
I will see Amitabha Buddha,
And be born in his Land of Ultimate Bliss and Peace.

When reborn in the Western Land,
I will perfect and completely fulfill
Without exception these Great Vows,
To delight and benefit all beings.

The Vows of Samantabhadra
Avatamsaka Sutra

DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn the Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

NAMO AMITABHA

南無阿彌陀佛

《尼泊爾文：大乘九經概要》

Reprinted and donated for free distribution by
The Corporate Body of the Buddha Educational Foundation
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org.tw
This book is for free distribution, not to be sold.
Printed in Taiwan
1999 August, 5000 copies
NE003-1507

《尼泊爾文: 大乘九經概要》

-मुद्रण तथा दातृसंस्था-

द करपोरेट बदि अफ द बुद्ध एजुकेशन फाउण्डेशन
११ औं तल्ला ५५, हाङ चाउ एस, रोड सेक्सन १,
ताइपेइ, ताइवान आर. ओ. सी.

यो पुस्तक निःशुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन

ताइवानमा मुद्रित
१९९९ अगष्ट, ५००० प्रति
NE003-1507